

AMAZING FACTS
PO BOX 909
ROSEVILLE CA 95678-0909

तपाईले विश्वास गर्न सक्ने केही कुरा बाँकि छ?

# तपाईले विश्वास गर्न सक्ने केही कुरा बाँकि छ?



# तपाईंले विश्वास गर्न सक्ने केहि कुरा बाँकि छ?

अनुवादक : उमेशकुमार पोखरेल
कपिल बानिया

## प्रकाशक

उमेशकुमार पोखेल
umsan@wlink.com.np
एल्डर भजुराम श्रेष्ठ
bhajupurna@gmail.com

## सम्पादन मण्डली

सेभेन्थ डे एभभेन्टिस्ट चर्च गट्टाघर, काठमाडौं
पो. बक्स नं. २०००२
काठमाडौं, नेपाल
प्रथम संस्करण ५००
दोस्रो संस्करण ५००
तेस्रो संस्करण १००० (२०६८, ई. स. २०११)

## प्रकाशन सहयोगी

सुरेश श्रेष्ठ
अमर पाते
संदिपकुमार साह

## कम्प्यूटर लेआउट तथा आवरण चित्र

सुजीत कुमार साह

## भाषा शुद्धिकरण

हरि रेग्मी (लिट्टिल एन्जेल्स स्कूल)

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | तपाईंले विश्वास गर्न सक्ने... | १ |
| २. | के परमेश्वरले सैतानलाई सृष्टि गर्नुभयो? | १६ |
| ३. | माथिबाट उद्दार | ३२ |
| ४. | अन्तरिक्षमा विशाल शहर | ४४ |
| ५. | एक सुखी वैवाहिक जीवनको साँचो | ५८ |
| ६. | ढुङ्गामा लेखिएको | ७३ |
| ७. | इतिहासबाट हराएको दिन | ८९ |
| ८. | अन्तिम उद्धार | १०१ |
| ९. | शुद्धता र शक्ति | ११८ |
| १०. | मृतकहरु के ... | १३० |
| ११. | के सैतान नर्कको ... | १४० |
| १२. | एक हजार वर्षको शान्ति | १५३ |
| १३. | हाम्रो निम्ति परमेश्वरको ... | १६८ |
| १४. | के आज्ञापालन विधिलाइ | १८५ |
| १५. | ख्रीष्ट विरोधि को हो ? | १९८ |
| १६. | स्वर्गदूतको समाचार ... | २१४ |
| १७. | परमेश्वरले योजना बनाउनुभयो | २३१ |
| १८. | ठीक समयमा | २४२ |
| १९. | मुद्दाको फौसला हुन्छ | २५८ |
| २०. | पाश्विक सैतानको छाप | २७४ |
| २१. | बाइबलिय भविष्यवाणीमा ... | २९३ |
| २२. | अर्की स्त्री | ३११ |
| २३. | ख्रीष्टको दुलही | ३२९ |
| २४. | के परमेश्वरले ... | ३४५ |
| २५. | विश्वव्यापी रकम | ३६३ |
| २६. | प्रेम जसले ... | ३७७ |
| २७. | पछाडि फर्किने छैन् | ३९७ |

# १ तपाईँले विश्वास गर्न सक्ने केही कुरा वाँकी छ ?

नैतिक दृष्टिकोणले चुनौतीपूर्ण अहिलेको समयमा जब संगठित जालसाभ्कीद्वारा ठगिन्छन्, जब भ्कुठा आत्मिक नेताहरू भ्कूठा सावित हुन्छन्, जब  राजनिती अनियमित भएको देखिन्छ, जब तपाई आफू आश्रित व्यक्तिवाट गहिरो चोट पाउनुहुन्छ, त्यसबेला के तपाईले विश्वास गर्न सक्ने केही कुरा वाँकी रहन्छ ? अवश्य । त्यसबेला तपाईले पूर्णरूपमा बाइबललाई विश्वास गर्न सक्नुहुन्छ । किन ? केही प्रमाणहरूलाई दृष्टिगत गर्नु होस् ...

१. बाइबलले आफ्नो सम्वनधमा के दाबी गर्दछ

> बाइबल कुनै मानिसहरूको धारणलाई समावेश गरिएको पुस्तक होइन । यसका लेखकहरू पवित्र आत्माद्वारा चलाइएका थिए

"बाइबलले भन्दछ, "सवै पवित्र शास्त्र परमेश्वरको प्रेरणावाट दिइएको छ ।" २ तिमोथी ३:१६ । "पुरानो समयमा भविष्यवाणीहरू मानिसको इच्छाबाट आएनन्, तर परमेश्वरका पवित्र जनले ती बोलेका थिए किनकि उनीहरू पवित्रआत्माद्वारा चलाइएका थिए ।" २ पत्रुस १:२१ । "शास्त्र भङ्ग हुन सक्दैन ।" युहन्ना १०:३५ ।

उत्तर :  यसले, प्रेरित भएको दावी गर्दछ । यो मानिसहरूद्वारा लेखियो जो पवित्र आत्माद्वारा निर्देशित थिए । यसलाई भङ्ग गर्न वा भ्कूठो सावित गर्न सकिँदैन ।

२. येशूले धर्मशास्त्रमा कसरी आफ्नो विश्वास र भरोसा प्रदर्शन गर्नुभयो ?

> बाइबलका वचनहरू यशूले बोल्नुभयो र यो सत्य छ भनी भन्नभयो ।

"येशूले भन्नुभयो, 'लेखिएको छ, मानिस रोटीले मात्र वाँच्दैन ।' "यसरी पनि लेखिएको छ, "तैंले परमप्रभु आफ्नो परमेश्वरको परीक्षा नगर्नू ।" "लेखिएको छ, "तैंले परमप्रभु आफ्नो परमेश्वरको मात्र दण्डवत् गर्नु र उहाँको मात्र सेवा गर्नु ।" मत्ती ४:४,७,१० । "तपाईँका वचन सत्य छन् ।" युहन्ना १७:१७

> साइरस जन्मनुभन्दा पहिले नै परमेश्वरका भविष्यवाणीले उनलाई यस्तो शासक घोषणा गरिदियो जसले बेबिलोनलाई जरादेखि नै उखलेर फाल्नेछ ।

उत्तर :येशूले धर्मशास्त्रलाई तब उद्दरण गर्नु भयो जब उहाँ सैतानको परीक्षामा परिरहनुभएको थियो । उहाँले, बाइबल सत्य छ पनि भन्नुभयो (युहन्ना १७:१७०) । येशूले सधैं धर्मशास्त्रलाई सत्यताको प्रमाणको रूपमा पेश गर्नुभयो ।

३. के बाइबलका अगमवाणीहरूले यसको प्रेरणालाई पुष्टि गर्दछ ?

उत्तर : बाइबलले भन्दछ, "म परमप्रभु हुँ । नयाँ कुराहरू म बताउँछु । ति हुनु अघि नै म तिमीहरूलाई तिनको विषयमा बताउँछु ।" यशैया ४२:८,९ । "अहिले सम्म पनि हुन नआएका आदि देखि अन्त सम्मका कुराहरूको वारेमा वताउने म परमप्रभु हुँ ।" यशैया ४६:९,१० ।

उत्तर : भविष्यमा हुन आउने कुराहरूको बाइबलीय अगमवाणीले धर्मशास्त्रको प्रेरणाको पुष्टि गर्दछ किनकि तिनीहरू पुरा हुनेछन् । पुरा भएका बाइबलका भविष्यवाणीका केही उदाहरणहरूलाई ध्यान दिनुहोस्

क. उदय हुनुपर्ने चार साम्राज्यहरू : बेबिलोन, मिड पर्सिया, ग्रीस र रोम । (दानियलको पुस्तक २, ७, ८)

ख. मिड पर्सियाका सम्राट साइरस, बेबिलोनलाई कब्जा गर्ने योद्धा हुनुपर्ने । (यशैया ४५:१-३)

ग. आफ्नो विनाश पछि बेबिलोनमा फेरी कहिल्यै मानिसहरू बसोबास गर्ने छैनन् । (यशैया १३:१९,२०, यर्मिया ५१:३७)

घ. अरू राष्ट्रहरूलाई हाँक्ने स्थान मिश्रले फेरी कहिल्यै पाउने छैन । (इजकिएल २९:१४,१५, ३०:१२,१३)

ङ. भुँइचालोको प्रकोप र अन्त्यको समयको डर त्रास । (लूका २१:२५,२६)

च. अन्तिम दिनहरूका नैतिक पतन र आत्मीयकतामा ह्रास । (२ तिमोथी ३:१-५)

> नैतिकतासम्बन्धी परमेश्वरको प्राचीन व्यवस्था पालन गरिएको भए आज एड्स यस्तो भयानक महामारी हुने थिएन ।

४. के बाइबलले प्रस्तुत गरेका वैज्ञानिक कथनहरू यर्थाथ छन भनेर अपेक्षा गर्न सक्छौं ?

"बाइबलले भन्छ, "तपाईंका सम्पूर्ण बचनहरू सत्यछन् ।" भजनसंग्रह ११९:१६० । "सत्यका आत्माले तिनीहरू सवैलाई सत्यतामा डोऱ्याउने छन् । (युहन्ना १६:१३)

उत्तर : हो, बाइबल सत्य छ । पवित्र आत्मा जसले बाइबलका लेखकहरूलाई प्रेरित गर्नुहुन्छ, उहाँले सधैं सत्य बोल्नुहुन्छ । तल केही बाइबलका वाक्यहरू उल्लेखित छन् जसलाई विज्ञानले पुष्टि गरेको छ ।

क. "उहाँले ... शुन्यतामा पृथ्वीलाई झुण्ड्याउनुहुन्छ ।" अययुब २६:७ यो बैज्ञानिक तथ्य अय्युबको पुस्तकबाट लिएको हो, जुन बाइबलको सबभन्दा पुरानो हो ।

ख. "उहाँ पृथ्वीको परिधि माथि बस्नुहुन्छ ।" यशैया ४०:२२ । मानिसले पत्ता लगाउनु भन्दा शताब्दियौं पूर्व पृथ्वी गोलो छ भनी बाइबलले भनेको थियो ।

ग. "हावालाई जोख्नु ।" अययुब २८:२६"बैज्ञानिकहरूले भन्नु भन्दा

कयौँ समय अगाडी परमेश्वरले भन्नुभयो, हावाको तौल हुन्छ ।

घ. "उहाँ (येशू) द्वारा सवथोक बाँधिएका छन् ।" कल्लसी १:१७
यहाँ "बाँधिनु" शब्दको शाब्दिक अर्थ "एकत्रित रहनु" वा "संगै रहनु" हो । धेरै बाइबलका अनुवादहरूमा यसलाई "एकत्रित राख्नु" भनेर राख्छन् । अणुको सवन्धमा आणविक भौतिक शास्त्रीहरूका चिन्ताजनक प्रश्नको जवाफ हो यो । परमाणुको वास्तविक रहस्यले, कसैलाई शक्तिहीन बनाउन सक्ने यसको शक्तिलाई आत्मसात् गर्दैन, तर यसको साटो, "यो किन एकआर्कासँग छुट्टिएर हावामा उठ्दैन ।" बैज्ञानिक ज्ञान अनुसार यसो हुनु पर्ने थियो तर यसो हुँदैन । केही बैज्ञानिकहरूले अड्कल गर्दछन्, कस्तो रहस्यमय, र पूर्णरूपमा अन्जान शक्तिले तिनीहरूलाई एकअर्कासँग जोडेर राख्दछ । त्यो रहस्यमय शक्तिलाई सृजना गर्ने परमप्रभु स्वयम् नै हुन् भनी बाइबलले भन्दछ ।

५. के बाइबलका स्वस्थ्य सिद्धान्तहरू एकाइसौँ शताब्दिका दिमागसँग मेल खाएका छन् ?

> मद्यपान त्याग्न इन्कार गरेर असङ्ख्य मानिसहरूले आफुमाथि अधोषित पीडाहरू ल्याएका छन् ।

उत्तर : क. शरीरबाट निस्कने अनावश्यक बस्तुहरूलाई फोहोरले छोप । (व्यवस्था २३:१२,१३) । शरीरबाट निस्कने अनावश्यक बस्तुहरूलाई खाल्डोमा पुर्नु पर्ने बाइबलको प्रावधान मोशाका दिनहरूमा आजभन्दा ३५०० वर्ष अगाडी दिइएको थियो र यसले असंख्य यहूदीहरूको ज्यान बचाएको थियो । सरसफाइमा ध्यान नदिनाले आज पनि मुख्य समस्याहरू उत्पन्न हुने गर्दछन् ।

ख. "व्यभिचारमा कहिल्यै नफसौँ" (१ कोरिन्थी १०:८)
"व्यभिचार" शब्दले सवै प्रकारका अनैतिक यौन सम्वन्धलाई बोध गर्दछ । बाइबलको सदा स्पष्ट निर्देशनहरू पालन गरिएका भए एड्सको यति धेरै महामारी हुने थिएन, न गर्भपतन एक अन्तराष्ट्रिय रूपमा बदनामको कार्य हुने थियो, जस्तो कि आज छ ।

ग. "सवै प्रकारका मद्यपानवाट टाढा रहौँ ।" हितोपदेश २३:२९-३२)
यदि बाइबलका यी प्रभावकारी समाधानका उपायहरू प्रयोगमा रहको भए भए के हुने थियो होला सोच्नुस् त :

१. लाखौ जँडयाँहाहरू सभ्य र सम्मानजनक नागरिक हुन्थे ।
२. लाखौँ परिवारहरू पुनः एकत्रित हुन्थे ।
३. लाखौँ बिग्रेका घरहरू पुनः सुध्रिन्थे ।
४. हजारौँको पारिवारीक जीवन संतुलित प्रेरणाद्वारा वँच्थे ।

५. हजारौँ सरकारी, व्यावसायिक र पेशागत नेताहरूले स्पष्ट निर्णय लिन सक्थे ।

६. खरबौं रूपैयाँ मानविय प्रयोगका लागि उपलब्ध हुनसक्थ्यो ।

नोट : आजको समयमा रहेका चिन्ताजनक समस्याहरूबाट कसरी आनन्दसाथ सफलता पाउने कुरा मात्र परमेश्वरले हामीलाई भन्नुहुन्न तर त्यसो गर्न अद्भूत शक्ति पनि दिनुहुन्छ (१ कोरिन्थी १५:५७, फिलिप्पी ४:१३, रामी १:१६) । बाइबलका स्वस्थ्य सिद्धान्तहरू महत्वपूर्ण र अत्यावश्यक छन्, तर थोरैले मात्र यसमा ध्यान दिएका छन् । (स्वास्थ्य सम्वन्धी थप जान्नको लागि अध्ययन निर्देशिका १३ अध्ययन गर्नुहोस्) ।

६. के बाइबलका ऐतिहासिक धारणाहरू सत्य छन्?

बाइबलले भन्छ, बोल्छु, सत्य के हो म सो भन्छु ।" यशैया ४५:१९

> मद्यपान त्यागन इन्कार गरेर असङ्ख्य मानिसहरूले आफुमाथि अधोषित पीडाहरू ल्याएका छन् ।

उत्तर :हो, बाइबलका ऐतिहासिक धारणाहरू सत्य छन् । परमेश्वरले आफ्नो पुस्तकमा जे भन्नुहुन्छ ती सत्य हुन । कुनैबेला, अस्थायी रूपमा, बाइबलका तथ्यहरूसँग मेल खाने प्रमाणहरू नभेट्टिएलान्, तर कुनै समयमा ती प्रमाणहरू स्पष्ट हुन्छन् । तल उल्लिखित कुराहरू हेर्नुहोस् :

क. वर्षौंसम्म अविश्वासीहरूले बाइबल वा नास्तिकहरूले बाइबल अविश्वसनीय छ भनी भने किनकि यसले हित्ती राज्य (व्यवस्था ७:१०) र निनवे (योना १:१,२), सदोम (उत्पति १९:१०) जस्ता शहरहरूका बारेमा उल्लेख गरेको थियो, जसलाई तिनीहरूले कुनै समयमा अस्तित्वमा थिए भन्ने कुरालाई इन्कार गरेका थिए । तर आजको आधुनिक पुरातन विज्ञानले ती तिनै शहरहरू कुनै समयमा अस्तित्वमा रहेको कुरालाई पुष्टि गरेका थिए ।

ख. राजा बेलशेजर (दानियल ५:१), सोरगोन (यशैया २०:१) को अस्तित्वलाई बाइबलमा उल्लेखे गरेको कुरामा आलोचकले आलोचना गरे । तर पुन: एकपटक, उनीहरू कुनै समयमा अस्तित्वमा रहेको कुरा पुष्टि भयो ।

ग. अविश्वासीहरूले बाइबलमा मोशाको वारेमा रहेका रेकर्डहरू अविश्वसनीय छन् भनेर पनि भने, किनकि यसमा उनको लेखमा (प्रस्थान २४:४) पाङ्ग्रा सवारी भएको (प्रस्थान १४:२५)को वारेमा उल्लेख गरिएको छ, त्यस समयमा तिनीहरू

अस्तित्वमा थिएनन् । तर तिनीहरूलाई आज यो सत्य सावित भएको स्वीकार गर्दछन् ।

घ. प्राचीन इजरायल र यहूदाका राज्यको विभाजन हुँदा २९ राजाहरूले शासन गरेको कुरा बाइबलले ऐतिहासिक प्रमाणको रूपमा प्रस्तुत गरेको छ । जब पुरातत्वविद्हरूले ती राजाहरूको वारेमा उल्लेख गरिएको लिपीमा भेट्टाए, एक पटक फेरि बाइबलका रेकर्डहरू सत्य सावित भए । जसै जसै नयाँ अनुसन्धानहरूले बाइबलका मानिस, स्थान र घटनाहरूलाई सत्य सावित गरे आलोचककरू निरन्तर रूपमा गलत सावित हुँदै गए । सधैँ नै यस्तै हुनेछ ।

७. बाइबलका आर्श्चर्यहरू मध्ये, एक महान् आश्चर्य यसको एकता हो । कृपया उल्लिखित तथ्यहरूलाई विचार गर्नुहोस् ।

> येशूलाई स्विकार गर्नाले र धर्मशास्त्रहरूको पालना गर्नाले, जँड्याहालाई अमर अधर्मी पापीलाई माया गर्ने, शान्त, शुद्ध इसाई बनाएको छ । धर्म बिरोधी मानिसहरूले यी तथ्यहरूलाई व्याख्या गर्न सक्दैनन् ।

क. बाइबलका ६६ वटा पुस्तकहरू :

१. तिन महादेशहरूमा लेखिएका थिए ।
२. ती तिन भाषाहरूमा लेखिएका थिए ।
३. ४० विभिन्न प्रकारका मानिसहरू (राजाहरू, गोठालाहरू, बैज्ञानिकहरू, सेनापतिहरू, वकिलहरू, माझीहरू, पुजाारीहरू, वैद्यहरू) द्वारा लेखिएका थिए ।
४. १५०० वर्षहरूको अवधिमा लेखिएका थिए ।
५. सवैभन्दा बिवादास्पद विषयहरूका वारेमा लेखिएका थिए ।
६. ती मानिसहरूद्वारा लेखिएका थिए, जो एकअर्कासँग प्राय कहिल्यै भेटेका थिएनन् ।
७. त्यस्ता लेखकहरूद्वारा, जसको शिक्षा र पृष्ठभूमी पूर्ण रूपमा फरक थिए ।

ख. यद्यपि यो पूर्णरूपमा कल्पना गर्न नसकिने खालको देखिन्छ,

१. ६६ वटै पुस्तकहरू एकअर्कासँग मेल खाएका छन् ।
२. प्रत्येक पटक नयाँ धारणाहरू आउँछन्, तर यी धारणाहरूले त्यही विषयमा अरू लेखकले लेखेका धारणाहरूलाई झूठा बनाउँदैनन् ।

ग. विस्मयकारी कुराहरूको वारेमा कुरा गरौँ ।

कुनै प्रकारको घटना देखेका मानिसहरूसँग त्यहाँ भएका क्रियाकलापहरूको वारेमा विवरण माग्नुहोस् । उनीहरूका विवरण एकआर्का भन्दा औधि फरक हुन्छ र सम्भवत: कुनै कुनै कुराहरूमा एकअर्कासँग वाझ्छन् पनि । यद्यपि, १५०० वर्षको अवधिमा ४० वटा लेखकद्वारा लेखिएको बाइबल, एउटै ज्ञानले प्रेरित भएर लेखेका थिए । र वास्तवमा यस्तै भएको हो: "परमेश्वरका पवित्र जनले ती कुराहरू भने किनकि उनीहरू

पवित्र आत्माद्वारा चलाइएका थिए ।" २ पत्रुस १:२१ । पवित्र आत्माले उनीहरू सवैलाई "चलाउनुभएको थियो" । उहाँ नै बाइबलको वास्तविक लेखक हुनुहुन्छ । कुनैबेला सुसमाचारका चारवटा पुस्तकहरूले एउटै घटनालाई फरक तरिकाले उल्लेख गरेको हुन्छन् तर पनि तिनीहरू एक आर्काका पूरक हुन्छन्

८. बाइबलको प्रेरणाका कस्ता प्रमाणहरू मानिसको जीवनमा पाइन्छन् ?

बाइबलले भन्छ, "त्यसकारण यदि कोही मानिस

खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो, पुराना कुराहरू वितिगए, हेर सवै कुराहरू

नयाँ भएका छन् ।" २ कोरिन्थी ५:१७

उत्तर : खीष्टलाई पछ्याउने र धर्मशास्त्रलाई मान्ने मानिसहरूको परिवर्तित जीवन नै बाइबलको प्रेरणाका जीवन्त उदाहरण हुन । जँड्याहाहरू सभ्य हुन्छन् । अनैतिकहरू शुद्ध हुन्छन्, दुर्व्यसनीहरू त्यसवाट मुक्त हुन्छन् । अपवित्रहरू पवित्र हुन्छन् । डरपोकहरू आँटिला बन्छन्, अभद्रहरू दयावान बन्छन् ।

एक अमेरिकी अविश्वासी, एक पटक एउटा टापुमा भ्रमण गरिरहेको थियो । जहाँका मानिसहरू पहिलेका मनुष्यभक्षी थिए । जब उनले एकजना वृद्ध मानिसलाई बाइबल पढिरहेको देखे, उनले तिनलाई भने "दन्त्यकथाहरूले भरिएको पुस्तक जसको पर्दाफास भइसकेको छ ।" भनी उनको खिस्सी उडाए । ती स्थानिय वासिन्दा उनी तर्फ मुस्कुराए र भने, "प्रिय मित्र, हामीले यो पुस्तकलाई विश्वास गरेकोमा आभारी हुनुहोस् । नभए तपाईं हाम्रो भोजको पात्र भइसक्नुहुन्थ्यो । बाइबलले साँचै मानिसहरूलाई परिवर्तन गर्दछ, र यही आश्चर्यपूर्ण तथ्यले यसको प्रेरणालाई पुष्टि गर्दछ ।

९. प्रभु येशूको आगमनको वारेमा पुरानो नियममा भएको भविष्यवाणी र नयाँ नियममा येशूको जीवनमा घटेको घटनालाई दाँज्दा बाइबलका प्रेरणाको वारेमा के प्रमाणहरू दिन सकिन्छ ?

बाइबल भन्दछ "तब मोशा र सवै अगमवक्ताहरूवाट सुरू गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनु भयो । " (लूका २४:२७) । "किनकि तिनले धर्मशास्त्रका वचनद्वारा येशू नै खीष्ट हुनुहुन्छ भन्ने कुरा देखाईकन यहूदीहरूलाई सवैका सामुन्ने विल्कुल निरूत्तर तुल्याइदिए ।" प्रेरित १८:२८ ।

उत्तर :मसीहको आगमनको वारेमा पुरानो नियममा भएका भविष्यवाणी विशेष प्रकारको थियो जुन नासरतका येशू र प्रेरितहरूले ती भविष्यवाणीहरूको प्रयोग गरी यहूदीहरूलाई येशू नै मुक्तिदाता हुनुहुन्छ भनी प्रमाणित गरे । करीब १२५ वटा भन्दा वढि भविष्यवाणीहरू भएका छन् । ती मध्ये १२ वटालाई एकपटक नियाँलौ ।

| भविष्यवाणी | पुरानो नियममा | नयाँ नियममा |
|---|---|---|
| १. बेथलेहेममा जन्म | मीका ५:२ | मत्ती २:१ |
| २. कुमारीवाट जन्म | यशैया ७:१४ | मत्ती १:१८-२३ |
| ३. दाउदको वंशवाट | यर्मिया ३१:१५ | प्रकाश २२:१६ |
| ४. हेरोदद्वारा मार्ने प्रयास | यर्मिया ३१:१५ | मत्ती २:१६-१८ |
| ५. मित्रद्वारा छल गरिने | भजनसंग्रह ४१:९ | युहन्ना १३:१८,१९,२६ |
| ६. ३० वटा चाँदिको सिक्कामा विक्री | जकारिया ११:१२ | मत्ती २६:१४-१६ |
| ७. क्रुसमा झुण्ड्याइनु | जकारिया १२:१० | युहन्ना १९:१६-१८,३७ |
| ८. पोशाको निम्ति चिट्ठा | भजनसंग्रह २२:१८ | मत्ती २७:३५ |
| ९. हड्डीहरू भाँचिदैनन् | भजन २२:२० प्रस्थान १२:४६ | युहन्ना १९:३१-३६ |
| १०. धनी मानिसको चिहानमा गाडिनु | यशैया ५३ | मत्ती २७:५७-६० |
| ११. उहाँको मृत्युको वर्ष, दिन र घडी | दानियल ९:२६, प्रस्थान १२:६ | मत्ती २७:४५-५० |
| १२. तेस्रो दिनमा वौरी उठ्नु | होशे ६:२ | प्ररित १०:३८-४० |

डा. पिटर स्टोनर, पेसाडेना कलेज (क्यालिफोर्निया)का गणीत, खगोलशास्त्र र इन्जीनियरशास्त्र संकायका पूर्व अध्यक्ष ६०० विद्यार्थीहरूसँग, मसीहको आगमनको अगमवाणी गर्न "सम्भाव्यको सिद्धान्त" लगाएर धेरै वर्षसम्म काम गरे । उनीहरूले आठवटा मात्र भविष्यवाणी प्रयोग गरे र ती आठ भविष्यवाणी कुनै एउटै मानिसको जीवनमा पुरा हुने सम्भावना १,००,००,००,००,००,००,००,००,००,००,००,००,००,००,००० थियो । विचार गर्नुहोस्, करीब १२५ वटा भविष्यवाणीहरू मुक्तिदाताको वारेमा गरिएको थियो, त्यो एउटा मानिसको जीवनमा पुरा हुन कतिको सम्भव थियो ।

१०. बाइबललाई परमेश्वरद्वारा प्रेरित जचनका रूपमा स्वीकार गर्ने मानिसहरूले कस्ता महान लाभ पाएकाछन् ?

> सम्पूर्ण पृथ्वी छ अक्षरस दिनहरूमा सृष्टि गरिएको कुरा बाइबलले सिकाउँदछ ।

बाइबलले भन्छ, "धर्मगुरूहरूको भन्दा मेरो विवेक अझ वढि छ, किनकि म तपाईंका आदेशहरू पालन गर्छु ।" भजनसंग्रह ११९:१०० ।

"तिनले मेरा शत्रुहरू भन्दा मलाई वढि वुद्धिमान तुल्याउँछन्।" भजनसंग्रह ११९:९८ । "जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै मेरा चाल तिनीहरूको भन्दा र मेरा विचार तिमीहरूका भन्दा अग्ला छन् ।" यशैया ५५:९ ।

उत्तर : परमेश्वरको वचनलाई जसले स्वीकार्छन् तिनीहरूले छिटै नै कठीन चुनौतीका उत्तरहरू पाउनेछन् । जसलाई धर्मनिरपेक्ष ज्ञानका शास्त्रीहरूले कहिल्यै पनि चित्रण गर्न सक्नेछैनन् । उदाहारणका लागि, बाइबलले यस्तो सिकाउँछ :

> बाइबलमा लेखिएको जलप्रलयले धेरै प्रश्नहरूका उत्तर दिन्छ जसको खोज आज धेरै धर्मनिरपेक्ष शिक्षणहरूमा खोजिएका छन् ।

क. परमेश्वरले पृथ्वी र यसमा भएका सबै जीवहरूलाई ६ दिन, अर्थात् २४ घण्टाका दिनहरूमा सृष्टि गर्नुभयो (प्रस्थान २०:११, भजनसंग्रह ३३:६,९) ।

ख. एक विश्वव्यापी वाढीले समुद्रभित्र रहेका जीवन र नोआको जहाजभित्र रहेका जीवहरू वाहेक सवैलाई नष्ट गरे । (उत्पनि ६,७,८) ।

ग. संसारका विभिन्न भाषाको सुरूवात वावेलको धरहरावाट भयो ( उत्पति ११:१-९) । परमेश्वर जो सर्वव्यापि हुनुहुन्छ, उहाँले माथि उल्लेखित तथ्यहरू हाम्रो माझमा बाँड्नुहुन्छ, हामी आफ्नो क्षमताले तिनलाई कहिल्यै पत्ता लगाउन सक्दैनौ भन्ने कुरा उहाँलाई थाहा छ "हाम्रो ज्ञान अपूर्ण छ ।" १ कोरिन्थी १३:९ । परमेश्वरको ज्ञान कति गहिरो ।" रोमी ११:१३ । विकासवादीहरूले पृथ्वीको उमेर कहिल्यै थाहा पाउनेछैनन् किनभने यसको सृष्टि आदि कालमा भयो, र त्यसरी नै सृष्टि गरिए आदम र हव्वा । त्यो जोडी आफ्नो जीवनको दोस्रो दिनमा मात्र एक दिनको थिएन तर हुर्किसकेका थिए । मानिसको नापयन्त्रसँग यो उमेर नाप्ने क्षमता छैन । यस्तो समयमा ती नापहरू भरोसा योग्यका हुँदैनन । बाइबलमा विश्वास गर्नुहोस् र तपाईं यी भौतिक अन्दाजीपन र सांसारिकभन्दा निकै माथि रहनुहुनेछ ।

११. संसारका विभिन्न घटनाक्रमले बाइबललाई कसरी केन्द्रविन्दु बनायो ?

उत्तर : जीवन विकाशक्रमको सिद्धान्तका कमीकमजोरी र साम्यवाद्का पतनले बाइबललाई केन्द्रित गरायो ।

> जब साम्यवादको अन्त्य भयो, यसका समर्थकहरू बाइबललाई आशाको एक मात्र आधार मानी यसतिर फर्के ।

नोट : पूर्व सोभियत संघमा साम्यवाद्, नास्तिकतावाद् र विकासक्रमका

> साँचो बिज्ञान जहिले पनि बाइबलका भनाईहरू सँग मिल्दछन् किनकि दुवैका लेखक परमेश्वर नै हुनुहुन्छ ।

सिद्धान्तहरूलाई पछ्याउने कामगऱ्यो तर ती कुनै सफल भएनन् । फलस्वरूप, त्यसपछि त्यहाँवाट आएका प्रजातन्त्रवादीहरूल एउटै कुराले मात्र काम गर्न सक्ने भनेर निष्कर्ष निकाले, त्यो थियो खीष्ट केन्द्रित सिद्धान्त । त्यस समयमा सवैको एउटै आवाज थियो । "हामी कहाँ बाइबल ल्याओ, यसका शिक्षाहरू प्रचार गर, सिकाओ । अब हामीले खीष्टियन विश्वास र प्रार्थनाको जग बसाल्नुपर्छ । यसलाई अन्य कुनै कुरासँग दाँज्न मिल्दैन । जीवनका महत्वपूर्ण जिज्ञासाका उत्तर कुनै पनि कुराहरूले दिन सक्दैन र मानिसको हृदयमा शान्ति ल्याउन सक्दैन । कृपया हामीलाई धैर्य गराई नराख । हामी कुनै पनि हालतमा बाइबल चाहन्छौँ । हामी इसाई हुन चाहन्छौ ।" फेरि परमेश्वरको वचनले विजय प्राप्त गरेको देखेका छौँ ।

साम्यवाद् जस्ता विकासक्रमले आफ्ना पकड गुमाइरहेका छन् । यो एक बेबुनियाद र अस्थिर सिद्धान्त वाहेक अरू केही पनि होइन भनेर हामीले याद राख्नुपर्दछ । हामी यहाँ तीव वटा कुराहरूलाई मात्र उल्लेख गर्ने छौँ :

१. रोवर्ट जेन्ट्रिको पुस्तक "सृष्टिका सुक्ष्म रहस्य" ले आफ्ना मिथ्या, यथासमयको सृष्टिको प्रमाणद्वारा धेरै विकासवाद्का सिद्वान्तहरूान खलबलि ल्याएको छ ।
२. एक कोष, अति जटिल सँरचनाको हुन्छ र यसले नाटकिय रूपमा एक कोषवाट एउटा जीवनको सृजना गर्न सक्छ भन्ने कुरा अणु सम्वन्धित जीवविज्ञानको नयाँ प्रस्तुति हो, जुन गणीतिज्ञ शास्त्र अनुसार आधार रहित देखिन्छ ।
३. अहिलेको वैज्ञानिक परिक्षणले महा खाडलका तहहरूवाट पाएका अथाह भिन्नता भएका युगहरू सम्वन्धित प्रमाणहरू यस भन्दा पहिलेका वैज्ञानिक परिक्षणहरूको ठीक उल्टा थिए, र यस कुराले विगत्का खोजहरूलाई वेवुनियादी र गैरजिम्मेवार ठहर गर्दछ । मानिसहरू र वाँदर जातिहरू एउटै पुर्खावाट आएको भन्ने नास्तिकहरूका सिद्धान्तहरूले, मानिसहरू परमेश्वरको स्वरूपमा रहेको कुरालाई विरोध गरेको छ । यसले परमेश्वरको उपस्थितीलाई अस्वीकार गर्दछ, येशूलाई मुक्तिदातको भनी पूर्णरूमा नकार्छन्, बाइबललाई वेवास्ता गर्छन, र स्वर्गीय राज्यको अनन्तको वासस्थानको खिस्सी उडाउँछन् । सैतानले विकासवाद्का सिद्धान्तहरूलाई प्रेम गर्छन किनकि यसले मुक्तिको वाटोलाई नष्ट गर्दछ । यस सम्वन्धमा साम्यवादिहरूले जन्दैनन् । के हामीले नसिक्ने ?

१२. बाइबलले किन यस्तो विश्वाव्यापी अपिल गर्दछ ?

> बाइबलको विश्वव्यापी अपिल भईरहेको छ किनकि यसले जीवनका जटिल प्रश्नहरूको उत्तर दिन्छ ।

बाइबलले भन्दछ, "तपाईंका वचन मेरो गोडाका निम्ति वत्ति हुन ।" भजनसंग्रह ११९:१०५ । "मैले यी कुराहरू तिमीहरूलाई भनेको छु ... ताकि तिमीहरूका आनन्द भरिपूर्ण होस् ।" युहन्ना १५:११ । "उहाँले मानिसहरूलाई आफ्नै स्वरूपमा बनाउनुभयो ।" उत्पति १:२७ । "त्यसरी नै तिम्रो ज्योति चम्कोस र तिनीहरूले तिम्रो सुकर्म देखुन र स्वर्गमा हुनुहुने तिम्रा पिताको महिमा गाउन् ।" मत्ती ५:१६ । "म फेरि आउने छु र तिमीहरूलाई मकहाँ लैजाने छु र जहाँ म छु, त्यहाँ तिमीहरू पनि रहनेछौ । " युहन्ना १४:३ ।

उत्तर : किनकि यसले जीवनमा प्राय सवै प्रश्नहरूको उत्तर दिन्छ :

क. म कहाँवाट आएको हुँ ? परमेश्वरले हामीलाई आफ्नै स्वरूपमा बनाउनुभयो । हामी कुनै अचानकको रीतीले उब्जेका होइनौ, जसरी कुनै पुरानो चिल्लो पदार्थवाट अनावश्यक थोपाहरू चुहिन्छन् । हामी परमेश्वरका छोरा छोरी हौं, महान् परमेश्वरको ( गलाती ३:२६) । हामी परमेश्वरका निम्ति यति मुल्यवान् थियौं कि, आदम र हव्वाले पाप गरेपछि हामी पापवाट मुक्त होऔं भनेर उहाँले हाम्रो पापको सजाय भोग्न र हाम्रो पापको साटो मर्नका निम्ति आफ्नो पुत्रलाई पठाउनुभयो । उहाँले हामीलाई आफ्नो स्वरूपमा फिर्ता ल्याउन चाहनुहुन्छ, र हामीलाई त्यस घरको आँगनमा लैजान चाहनुहुन्छ, जसलाई आदम र हव्वाले गुमाएका थिए ।

ख. म यहाँ किन छु ? आजको हाम्रो जीवनका निम्ति उद्देश्य भनेको बाइबलवाट जीवनमा रहेका भ्रमपूर्ण समस्याको नयाँ उत्तरहरूलाई पत्ता लगाउनु र येशूलाई आफ्नो स्वरूपमा हामीलाई फिर्ता लिनको लागि स्वीकार गर्नु हो ।

ग. मेरा निम्ति कस्तो भविष्य निर्धारण गरिएको छ ? भविष्य अनुमानित होइन । येशू अति सिघ्र रूपमा आफ्ना मानिसहरूका निम्ति स्वर्गमा तयार गर्नु भएको सम्मानित घरमा उनीहरूलाई लैजान आउनुहुनेछ । मानिसहरू त्यहाँ सम्पुर्ण आनन्द र खुसी सदाका निम्ति रहनेछन् (युहन्ना १४:१-३, प्रकाश २१:३,४) ।

**१३. जीवनका धेरै जटिल प्रश्नको परमेश्वरवाट आउने उत्तरहरूको निम्ति के तपाई उहाँ प्रति कृतज्ञ हुनुहुन्छ ?**

उत्तरः.......................................................................
.........................................................................
..........

## तपाईको विचारमा रहेका प्रश्नहरूका उत्तर

१. बाइबलका केहि चरित्रहरूको जीवनलाई देखाउँदा, पापको केही विरक्तिकर चरित्रहरू सचित्र रूपमा देखाउँदा ममा प्रतिरोधको भाव जाग्छ ? के यो वास्तवमै आवश्यक छ ?

उत्तर : हो । यो एक महान् सत्य हो जसको श्रेय बाइबललाई जान्छ । प्रायः व्यक्तिको जीवनमा उसको खराब पक्षलाई प्रकाशमा ल्याउँदैनन वा त्यसलाई दबाउँछन् र उसको राम्रो पक्षलाई जोडतोडका साथ प्रकाशमा ल्याइन्छ । यसो भन्नाले, बाइबलमा केही कुरा लुकाइएका छैनन् र यसमा विश्वास गर्न सकिन्छ भन्ने कुरामा मानिसहरू ढुक्क हुन्छन् । तर, सैतानको नीति भने मनिसहरूलाई तिनीहरू अति ठूला पापी छन् र परमेश्वरले उनीहरूलाई वचाउन सक्नुहुन्न वा उद्धार गर्नुहुन्न भनेर विश्वस्त गराउनु हो । कति ठूलो आनन्दको वहार ती मानिसहरूमा आउँछ जब तिनीहरूलाई बाइबलका ती घटनाहरूका वारेमा भनिन्छ जसमा उनीहरू जस्तै (वा उनीहरू भन्दा पनि ठूला) पापीहरूलाई पापवाट छुटकारा दिइयो र उनीहरूको न्याय भयो ( रोमी १५:४) ।

२. के बाइबलका सवै अंशहरू प्रेरणादायी छन् । धेरै मानिसहरूले यसका केही अंशहरूमा मात्र विश्वास गर्छन् ?

उत्तर : बाइबलसँग यसको उत्तर छ : “धर्मशास्त्र सम्पूर्ण रूपमा परमेश्वरद्वारा दिइएको हो, र सिद्धान्तहरू, पुष्टि, सुधार, धार्मिक भावना तर्फको निर्देशनको निम्ति यो लाभदायक छ ।” २ तिमोथी ३:१६। बाइबलमा मात्र परमेश्वरका वचनहरू समेटिएका छैनन् । तर यो त स्वयम् परमेश्वरको वचन । बाइबल एक व्यक्तिको जीवनका निम्ति एक सूचना तथा संचालन निर्देशिका हो । यदि तपाईं यसको अति सुक्ष्म कुरालाई पनि अवहेलन गर्नुहुन्छ भने तपाईंले अनावश्यक कठिनाई र समस्याहरूलाई भोग्नु पर्ने हुन्छ ।

३. बाइबल एक पौराणिक शब्दहरू र धारणाहरू भएको पुरानो पुस्तक हो । हाम्रा आधुनिक समयवाट हटाइएका बाइबलका केही कुराहरूमा विश्वास गर्नु असुरक्षित होला भनेर के तपाईंलाई लाग्दैन ?

उत्तर : होइन । यसको युग यसको पक्षमा छ । यो समय सापेक्ष छ मतलब, वास्तवमा यसको प्रेरणाका धेरै प्रमाणहरू मध्येको एक । बाइबलले

भन्दछ "परमेश्वरको वचन सदासर्वदा रहिरहनेछ ।" बाइबल चट्टानको रूपमा खडा हुन्छ । यो परमेश्वरको पुस्तक हो - उहाँको वचन । यसलाई नष्ट गर्न सकिँदैन । कति मानिसहरू र कति राष्ट्रहरूले बाइबललाई निषेध गरेका थिए, जलाएका थिए र यसलाई बदनाम गर्न र नष्ट गर्न खोज्यो तर यसको सट्टा उनीहरू आफै वदनाम भए । तिनीहरू मरेर गए र बाइबलमाथि तिनीहरूको आक्रमण र दमनलाई पनि मानिसहरूले विर्से । यद्यपि बाइबल एक सवैभन्दा धेरै वेचिने पुस्तक हो, यो निरन्तर माग हुने पुस्तक हो । आवश्यक परेमा लाखौं मानिसहरू यसका निम्ति मर्छन । यसका संदेशहरू परमेश्वरद्वारा दिइएका छन् र शतप्रतिशत अत्याधुनिक छ । यसलाई अध्ययन गर्नुपूर्व, परमेश्वरसँग यसलाई पढ्दा, तपाईंको हृदय खोलिदिन प्रार्थना गर्नुहोस् ।

४. संसारका कतिपय धुरन्धर विद्वानहरू, जसले बाइबललाई ध्यानपूर्वक अध्ययन गरेका छन्, उनीहरूले यो पुस्तक बुझ्नका निम्ति अति कठिन छ भनी दावी गर्दछन् । यदि बाइबल वास्तवमै परमेश्वरको पुस्तक हो भने, के सवैले यसलाई वुझ्न सक्नुपर्ने होइन ?

उत्तर :धुरन्धर विद्वान व्यक्तिहरू जो कुनै कुरा वुझ्न सक्छन् र सम्भवतः त्यसकुरालाई विश्लेषण गर्न सक्छन्, तिनीहरू प्राय बाइबल पढ्दा आफ्नो पथमा रोकिन्छन् । कारण, आत्मिक कुराहरू, "आत्मिक रूपमा फरक हुन्छन्" १ कोरिन्थी २:१३, १४ । वचनका गहिरा कुराहरू जस्तो सुकै तीक्ष्ण वुद्धि भएको धर्मनिरपेक्षले बुझ्न सक्दैनन् चाहे त्यो जति सुकै वुद्धिमान् होस् । जबसम्म कुनै मानिसले परमेश्वरसँग इमानदारी पूर्वक उहाँको अनुभवको खोज गर्दैन, तबसम्म उसले परमेश्वरका वचनहरू वुझ्न सक्दैनन् । पवित्र आत्मा जसले बाइबललाई व्याख्या गर्नुहुन्छ (युहन्ना १६:१३, १४:२६), उहाँलाई कुनै पनि सांसारिक दिमागले पनि वुझ्न सक्दैन । अर्को तर्फ, एक इमानदार, अनपढ इसाई जसले बाइबल अध्ययन गर्छ, उसले उच्चतम् रूपमा पवित्रआत्माद्वारा बाइबललाई बुझ्दछ (मत्ती ११:२५, १ कोरिन्थी २:९,१०) ।

५. बाइबल त्रुटीहरूले भरिपूर्ण छ । यो प्रेरित छ भनी तपाईंले कसरी विश्वास गर्न सक्नुहुन्छ ?

उत्तर : त्रुटी भनाउँदा, बाइबलका त्यस्ता कुराहरू साधारण रूपमा त्यसता मानिसहरूको वुझाइको त्रुटी वा वुझाईको कमी हो जो यससँग सहमत हुन्छन् । ती त्रुटी होइनन तर अबुझपना मात्र हो । प्रेरित्र बाइबलले :

१. सधैँ सत्य बोल्दछ ।

२. कहिल्यै तपाईँलाई गलत वाटोमा डोऱ्याउँदैन ।

३. सम्पूर्ण रूपमा विश्वास गर्न सकिन्छ ।

४. यो आत्मिक रूपमा मात्र नभई यसले सम्वोधन गर्ने इतिहास र विज्ञान लगायत सम्पूर्ण कुरामा विश्वासयोग्य र आधिकारिक छ ।

सैतानले सधैँ धर्मशास्त्रमा केही काल्पनिक त्रुटी निकाल्न खोज्छ, जुन कुरामा अचम्म मान्नु पर्दैन । उसले त परमेश्वर र स्वर्गमा पनि खोट पायो । कुनै पक्षहरूमा अरू भाषामा अनुवाद गर्नेहरूले छाप्ने बेलामा केही त्रुटि गरेका छन् होलान्, तर यसले वा अन्य कुनै काल्पनिक त्रुटिले परमेश्वरको वचनमा केही प्रभाव पार्दैन । कुनै पनि सिद्धान्त बाइबलका हरफहरूका आधारमा बनेका हुँदैनन तर परमेश्वरको टिप्पणीको आधारमा बनेका हुन्छ । धर्मशास्त्रमा उल्लेखित सत्यताहरूलाई प्रभावित गर्ने कुनै पनि काल्पनिक कुराहरू हामीलाई थाहा छैन । धर्मशास्त्रका केही कुराहरूलाई एकत्रित गर्न अझै केही कठिन छ । शंका गर्न चाहने मानिसहरूका लागि सधैँ शंकाको द्वार खुल्ला रहन्छ । व्याख्या नगरिएका काल्पनिक त्रुटिहरूको एक दिन ( पहिले झैँ) एक दिन खुलासा हुनेछ । मानिसहरूले यसलाई जति दबाउन मेहनत गर्छन, त्यति नै यसको ज्योति चम्किलो हुँदै जान्छ ।

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पाना सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढ्नुहोस् । तल दिइएको प्रश्नहरुको उत्तरहरु यस अध्ययन पुस्तिकामा पाउन सक्दछौँ । ठीक उत्तर भएको वक्समा ठीक लगाउनुहोस । कोष्ठकमा दिइएको अंकहरुले प्रश्नको पूर्णाङ्क बुझाउँछ ।

१. पुरा भएको कुन भविष्वाणीले बाइबल प्रेरित भएको कुरालाई पुष्टि गर्दछ ? (४)

- ❑ मादो फरिसीका साइरसले बेविलोनलाई कब्जा गर्नेछ ।
- ❑ जर्ज बुस संयुक्त राज्यको राष्ट्रपति हुनेछन् ।
- ❑ मिश्र फेरि कहिल्यै प्रतिनिधित्व गर्ने राष्ट्र हुनेछैन ।
- ❑ अन्तिम दिनमा नैतिकता पतन हुनेछ ।
- ❑ जर्मनमा २० वर्षको सुख्खा पर्नेछ ।
- ❑ एक पटक नष्ट भइसकेको बेबिलोन फेरि कहिल्यै उठ्नेछैन ।

२. येशूले बाइबलको प्रेरणामा आफ्नो विश्वास कसरी देखाउनुभयो ? (१)

- ❑ कुनै विषयमा जोडले कराउनु भएर ।
- ❑ आफूले सिकाउने वेला बाइबलका वचनहरू भन्नुभएर ।

- ❑ शंका गर्नेहरू माथि आगो बर्साएर ।
- ❑ मन्दिरका अगाडि उभिएर घोषणा गर्नु भएर ।

३. तल उल्लिखित मध्ये कुन वैज्ञानिक सत्यहरूलाई बाइबलले उल्लेख गर्दछ ? (३)

- ❑ पृथ्वी गोलो छ ।
- ❑ हावाको तौल हुन्छ ।
- ❑ परमेश्वरले परमाणुहरूलाई एक अर्कावाट छुट्टै हावामा राख्नुहुन्छ ।
- ❑ पानीको रासायनिक सूत्र $H_2O$

४. तल दिइएका मध्ये कुन स्वास्थ्य नियमहरू बाइबलमा देखा पर्दछ ? (२)

- ❑ दैनिक १५ लिटर पानी खानुपर्छ ।
- ❑ मादक पदार्थहरूवाट टाढै रहनुपर्छ ।
- ❑ प्रत्येक विहान र बेलुका दौडनुपदर्छ ।
- ❑ अनैतिक यौन सम्वन्धलाई त्याग गर्नुपर्छ ।

५. तल दिइएका मध्ये बाइबलका वाक्यहरू कुन सत्य हुन् ? (३)

- ❑ करिब ४० जना मानिसहरूले बाइबल लेख्न मद्दत गरे ।
- ❑ बाइबल १०,००० वर्षको अवधिमा लेखिएको थियो ।
- ❑ बाइबलको केही अंशहरू मात्र प्रेरित छन् ।
- ❑ बाइबलको वास्तविक लेखक पवित्र आत्मा हुनुहुन्छ ।
- ❑ बाइबल एक उत्कृष्टरूपमा बेचिने पुस्तक हो ।

६. येशू मसीहको जीवनको वारेमा तल उल्लिखित कुन कुराहरूलाई बाइबलले भविष्यवाणी गरेको थियो ? (३)

- ❑ नासरथमा जन्मनुहुनेछ ।
- ❑ बेलाबेलामा स्वर्गमा जानुहुनेछ ।
- ❑ ३० वटा चाँदीका सिक्कामा बेचिनुहुनेछ ।
- ❑ हेरोदले उहाँलाई मार्न खोज्नेछ ।
- ❑ क्रुसमा टाँगिनुहुनेछ ।
- ❑ सात दिनपछि उठ्नुहुनेछ ।

७. मान्ने हो भने, तलका कुन बाइबलीय नियमले एड्सको रोकथाम गर्नसक्नेछ?(१)

- ❑ यौन सम्वन्धमा अनैतिक नहुनु ।
- ❑ कुँदिएर बनाइएका मुर्तिहरूलाई पूजा नगर्नु ।
- ❑ सधैं खाना खानुपर्छ ।

८. विकासक्रम वा विकासवादको सम्वन्धमा तलका कुन वाक्य सत्य हुन् ? (३)

- ❑ यो एक अपुष्ट सिद्धान्त हो ।
- ❑ यसले इसाईत्वलाई चुनौती दिन्छ ।
- ❑ यो पुष्ट भइसकेको तथ्य हो ।
- ❑ मानिस र बाँदरको पुर्खा एउटै हो भनी यसले भन्दछ ।
- ❑ यो साम्यवादको एउटा दह्रिलो विश्वास हो ।

९. तल दिइएका मध्ये कुन वाक्यले बाइबलको प्रेरणालाई पुष्टि गर्न मद्दत गर्दछ?(५)

- ❑ यसका जीवनीहरूमा राम्रा र नराम्रा दुवै पक्षलाई समेटिएका छन् ।
- ❑ यसले, आफूलाई पालन गर्ने मानिसहरूको जीवनलाई परिवर्तन गर्दछ ।
- ❑ मसीहको वारेमा पुरानो नियमले गरेको भविष्यवाणीलाई येशूले पुरा गर्नु भयो ।
- ❑ यसले चार साँसारिक राज्यको उदयका वारेमा भविष्यवाणी गरेको थियो ।
- ❑ यसको एकता ।
- ❑ यसले येशूको दोस्रो आगमनको दिन र घण्टाका वारेमा भन्दछ ।

१०. परमेश्वरले २४ घण्टे अक्षरस दिनहरूमा पृथ्वीको सृष्टि गर्नुभयो । (१)

- ❑ सत्य
- ❑ असत्य

११. नोआको दिनको विश्वव्यपी जलप्रलयले समुद्रमा रहेका र जहाजभित्र रहेका कुराहरूवाहेक सवै कुराको विनाश गऱ्यो । (१)

- ❑ सत्य
- ❑ असत्य

१२. संसारका विभिन्न भाषाहरू बाबेलको धरहरावाट सुरू भयो । (१)

- ❑ सत्य
- ❑ असत्य

१३. मेरा भ्रमपूर्ण प्रश्नहरूको सकारात्मक उत्तर दिनुभएकोमा म परमेश्वर प्रति आभारी छु ।

- ❑ सत्य
- ❑ असत्य

# २ के परमेश्वरले सैतानलाई सृष्टि गर्नु भयो

संसारका धेरै मानिसहरू खराब (पाप) स्वभावका प्रवृतिले ठगिएका छन् । यसको श्रेय चतुर सैतान वा दुष्ट भनेर चिनिने शक्तिलाई जान्छ । तर अन्धकारको यो राजकुमार तपाईँहरूको सोँचको भन्दा धेरै प्रभावशाली छ । धेरैले भन्छन्, "ऊ त दोषले भरिपूर्ण एक पौराणिक पात्र मात्र हो । उसले धेरै परिवारहरूमा, मण्डलीहरूमा र राष्ट्रहरूमा दु:ख दिई झुक्याईरहेको छ । बाइबलमा उल्लेख गरिएका यी आश्चर्यजनक तथ्यहरूले यस अन्धकारको राजकुमार र यसको अस्तित्वका वारेमा जानकारी दिन्छ ।

पापको सुरुवात सैतानबाट भयो जसलाई दियाबलस पनि भनिन्छ ।

१. पापको उत्पति कससँग भयो ?

*"किनभने दियाबलस त सुरूदेखि नै पाप गर्दै आइरहेको छ । १ युहन्ना ३:८ । "त्यो प्राचिन सर्प जो दियाबलस वा सैतान हो ।" प्रकाश १२:९ ।*

उत्तर : सैतान जसलाई दियाबलस पनि भनिन्छ । ऊ नै पापको उत्पन्नकर्ता हो । धर्मशास्त्र विना पापको उत्पतिका वारेमा भन्न सकिँदैन ।

पाप गर्ने समयमा सैतान स्वर्गमै बस्दथ्यो त्यसको नाउँ लुशिफर थियो जसको अर्थ "चम्किलो तारा" हो ।

२. सैतानले पाप गर्नुभन्दा अगाडी उसको नाम के थियो ?त्यो समयमा उसको वासस्थान कहाँ थियो?

*"ए विहानको तारा, प्रभातको पुत्र, तँ स्वर्गवाट कसरी खसेको छस् ।" (यसैया १४:१२) । येशूले भन्नुभयो, "मैले सैतानलाई स्वर्गवाट विजुली झैं खसिरहेको देखेँ ।" ( लूका १०:१८) । "परमेश्वरको पवित्र पर्वतमा तँ थिइस् ।" (इजिकिएल २८:१४) ।*

उत्तर : उसको नाउँ लुशिफर थियो र ऊ स्वर्गमा वस्थ्यो । यशैया १४ मा लुशिफरलाई बेबिलोनको राजासँग र इजकिएल २८ मा टाइरसको राजाद्वारा चित्रण गरिएको छ ।

लुशिफर परमेश्वरद्वारा नै सृजित एक स्वर्गीय दुत थियो । ऊ ज्ञान र सुन्दरताले पूर्ण थियो र परमेश्वरको सिंहासनसामु बस्दथ्यो ।

३. लुशिफरको उत्पति कस्तो किसिमको थियो ? ऊ कस्तो किसिमको जिम्मेवारीपूर्ण पदमा थिया? बाइबलले उसको चित्रण कसरी गर्दछ ?

*"तँ सृजिएको थिइस ।" इजकिएल २८:१३,१५) "अभिभावक करूब हुनलाई तँ अभिषेक गरिएको थिइस ।" (इजकिएल २८:१४) । "तँ त*

*सिद्धताको एक नमूना थिइस् र बुद्धिले पूर्ण सर्वाङ्ग सुन्दर, हरेक मूल्यवान पत्थरले तँ सिँगारिएको थिइस् । तँ सृजिएको दिन देखि तँमा अधर्म फेला नपरेको दिनसम्म तेरो चालढङ्गमा तँ दोषरहित थिइस् ।" (इजकिएल २८:१२-१५) ।*

उत्तर : लुशिफर परमेश्वरद्वारा सृष्टि गरिएको थियो जसरी अरू स्वर्गका दूतहरू सृष्टि गरिएका थिए । (एफिसी ३:९) । लुशिफर अभिषित करूब वा स्वर्गदूत थियो । परमेश्वरको दाहिने र देब्रे पट्टि एक महान् स्वर्गदूत उभिन्थे (भजनसंग्रह ९९:१) । लुशिफर त्यही महान् स्वर्गदूतहरू मध्येको एक थियो । ऊ सर्वाङ्ग सुन्दर थियो । ऊ वुद्धिले पूर्ण थियो । उसको चमक भयानक किसिमले झल्कन्थ्यो । (इजकिएल २८:१३) । उसको गला पनि, उसलाई स्वर्गको एक असाधारण सङ्गीतकार बनाउनका लागि भएको झैं देखिन्थ्यो । केही मानिस विचार गर्छन, ऊ त स्वर्गको गीती समूहको अगुवाई गर्ने गर्थे ।

४. लुशिफरको जीवनमा यस्तो के भयो जसले उसलाई पाप तर्फ डोऱ्यायो ? कस्तो निन्दनीय पापमा उसले आफूलाई संलग्न गरायो ?

> सैतान मानिसले आफ्नो आराधना गरुन् भनी चाहन्छ । त्यसले यशूलाई पनि आराधना गर्न कर गऱ्यो ।

*"तेरो सुन्दरताले गर्दा, तेरो हृदय घमण्डले फुल्यो, तैँले आफ्नो गौरवको कारण आफ्नो वुद्धिलाई भ्रष्ट पारिस् ।" (इजकिएल २८:१७) । "तैँले आफ्नो हृदयमा भनिस् म स्वर्गमा उक्लनेछु । परमेश्वरका ताराहरू भन्दा माथि म मेरो सिँहासनलाई उच्च पार्नेछु । म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु ।" (यशैया १४:१३,१४) ।*

उत्तर : घमण्ड, इर्ष्या, असन्तोष र आत्मगौरव, महत्वाकांक्षा उसको जीवनमा उदय
भयो । उसले आफूलाई परमेश्वर समान वनाउने निश्चय गऱ्यो र सवैले उसको प्रशंसा गर्नु पर्ने अवस्था आयो । यो नै उसको पतनको कारण भयो ।

टिप्पणी: किन उपासना यति ठूलो कुरा हो ? परमेश्वर र सैतानका वीचमा चलिरहेको संग्रामको प्रमुख कारक नै उपासना हो । मानिसहरू पूर्ण रूपमा खुसी हुन सृष्टि गरिए र यो तब मात्र पुरा हुन्छ जब सवै मानिसले परमेश्वरको मात्र उपासना गर्ने छन् । स्वर्गवाट खसालिएका स्वर्गदूतहरूको उपासना गर्नुहुन्न । (प्रकाश २२:८,९) । सुरूमा सैतानले अफ्नो उपासनाको माग गऱ्यो, शताब्दियौं पछि, जब उसले येशूलाई उजाड स्थानमा परीक्षा लियो , त्यहाँ पनि उपासना नै मुख्य विषय थियो । (मत्ती ४:८-११)। अन्त्यका दिनहरूमा परमेश्वरले आफ्ना जनहरूलाई उहाँको उपासना गर्न डाक्दै हुनुहुन्छ। (प्रकाश १४:६,७) ।

यो रिस उठ्ने कुरा हो कि सैतानले मानिसहरूलाई आफ्नो उपासना गर्न दवाव दिन्छ यदि गरेन भने तिनीहरूलाई मार्दछ । (प्रकाश १३:१५) । सवै मानिसहरूले कसैलाई वा केही कुरालाई पुज्छ जस्तै : शक्ति, मान, खानेकुरा, खुसी, अधिकार, आफ्नै धारणा आदि हुन । परमेश्वर भन्नुहुन्छ, "म वाहेक अरू कुनै परमेश्वर छैन ।" प्रस्थान २०:३ । जबसम्म हामी, उहाँको मात्र उपासना गर्दैनौ, तबसम्म हामी उहाँको विरूद्धमा छौं भनी उहाँले ठान्नुहुन्छ । (मत्ती १२:३०) । हाम्रो निम्ति यो कुरा आश्चर्यपूर्ण हुन सक्छ, तर यो सत्य हो । यदि परमेश्वर वाहेक मैले कुनै वस्तु वा कसैलाई मैले मेरा जीवनमा पहिलो स्थान दिएको छु भने सायद अन्जानमा सैतानको प्रोत्साहन र उपासना गरिरहेको हुन्छु । के परमेश्वर मेरो जीवनको पहिलो स्थानमा हुनुहुन्छ वा मैले नचाहिँदो तरिकाले शैतानलाई उच्च स्थान दिएको छु ? यो एक गम्भीर प्रश्न हो, होइन र ?

> कुनै पनि कुरा वा कोही पनि (परमेश्वर बाहेक) होस् जसको स्थान मेरो जीवनमा पहिलो छ, म त्यसको अराधना गर्दछु ।

५. लुशिफरको विद्रोहको परिणाम स्वरूप स्वर्गमा के भयो ?

*"अनि स्वर्गमा लडाइँ भयो । मिखायल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे । अजिङ्गर र तिनका दूतले पनि युद्ध गरे । तर यिनीहरू हारे र यिनीहरूका निम्ति स्वर्गमा कुनै स्थान रहेन । त्यो ठूलो अजिङ्गर तल फ्याँकियो - त्यो प्राचिन सर्प जो सारा संसारलाई वहकाउने दियाबलस वा सैतान हो । त्यो पृथ्वीमा फ्याँकियो र त्यका साथसाथै त्यसका दूतहरू पनि फालिए ।" प्रकाश १२:७-९ ।*

उत्तर :लुशिफर स्वर्गको एक तिहाई स्वर्गदूतहरूलाई आफ्नो पक्षमा राख्न सफल भयो (प्रकाश १२:३,४) र स्वर्गमा विद्रोह भयो । लुशिफर र उसका दूतहरूलाई खतम पार्नु वाहेक परमेश्वरसँग अरू केही विकल्प थिएन । अहिले सम्म लडिएका लडाइँहरू मध्ये यो नै सवैभन्दा भीषण युद्ध थियो । लुशिफरको उद्देश्य भनेको परमेश्वरको सिंहासन माथि कब्जा गर्नु थियो चाहे त्यसले मृत्युको वाटो तर्फ किन नडोऱ्याओस् । (युहन्ना ८:४४) । स्वर्गवाट तल खसालिएपछि लुशिफरलाई सैतान र दैत्य भनियो भने उसका दूतहरूलाई दुष्ट आत्मा भनियो ।

६. हाल सैतानको मुख्य कार्यालय कहाँ छ ? मानिसहरू प्रति उसका दृष्टिकोण कस्तो छ?

"परमेश्वरले सैतानलाई सोध्नुभयो, "तँ कहाँवाट आइस् ?" त्यसले भन्यो, "पृथ्वीमा चारै तिर घुमफिर गर्दै आएको हुँ ।" (अयुब १२:२) ।

> लुशिफरको असन्तोषले परमेश्वर विरुद्धको विद्रोहको रूप लियो । रमेश्वरलाई स्वर्गबाट हटाउने प्रयास कार्यमा स्वर्गको एक तिहाइ स्वर्गदूतले उसलाई साथ दिए । परिणामस्वरुप लुशिफर र त्यसका सहयोगीहरूलाई स्वर्गबाट तल खसालियो ।

*"हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ । तर पृथ्वी र समुद्रलाई धिक्कार छ । किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधका साथ तिमीहरूकहाँ तल आएको छ ।" (प्रकाश १२:१२) । "सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिँह झैँ खोजिहिँड्छ । (१ पत्रुस ५:८) ।*

उत्तर : लोकाचार अनुसार सैतानको घर भनेको नरक हो भनिन्छ, तर होइन उसको वासस्थान भनेको पृथ्वी हो । परमेश्वरले आदम र हव्वालाई पृथ्वी माथि अधिकार गरून भनेर जिम्मा दिनुभयो । जब तिनीहरूले पाप गरे, त्यो अधिकार गुमाउन पुगे र सैतानलाई दिन पुगे (रोमी ६:१६) जो पछि पृथ्वीका शासक बन्न पुगे । (युहन्ना १२:३१) । सैतानले मानिसहरूलाई घृणा गर्दछ किनकि परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो । उसले परमेश्वरलाई केही गर्न सक्दैन, त्यसैले परमेश्वरका छोराछोरी (मानिसहरू) लाई हानी पुऱ्याउन चाहन्छ । तपाई हामीलाई खतम पारी परमेश्वरलाई दु:खित तुल्याउनु त्यो घृणित, हत्याराको मुख्य लक्ष्य हो ।

७. जब परमेश्वरले आदम र हव्वाको सृष्टि गर्नुभयो, कुन एक कुरा तिनीहरूलाई गर्नवाट निषेध गर्नुभयो ? त्यस आज्ञा उल्लंघनको जरिवाना के हुन सक्थ्यो ?

> सैतानको प्रमूख कार्यालय पृथ्वी हो । त्यसले मानिसहरूलाई घृणा गर्दछ र तपाइँलाई नष्ट गरेर त्यसले परमेश्वरलाई चोट पऱ्याउने लक्ष्य राखेको छ ।

*"तर अशल र खराबको ज्ञान दिने रूखको फल चाहिँ नखानू किनभने जुन दिन तैँले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् ।" (उत्पति २:१७) ।*

उत्तर :तिनीहरूले असल र खराब ज्ञान दिने रूखको फल नखानु पर्ने थियो । उक्त फल खाएकोमा जरिवाना मृत्यु थियो ।

८. सैतानले हव्वालाई वहकाउन कुन माध्यमको प्रयोग गऱ्यो ? उनको दिमागमा कस्तो प्रकारको झूठ सैतानले भऱ्यो ?

> असल र अराबको ज्ञान दिने रूखको फल खान आदम र हब्बालाई निषेध गरिएको थियो । यसको परिणाम उनीहरूको मृत्यु पनि हुन सक्थ्यो ।

*"परमेश्वरले बनाउनुभएको बन पशुहरू मध्ये, सर्प सबैभन्दा धुर्त थियो । त्यसले स्त्रीलाई भन्यो, "के परमेश्वरले तिमीहरूलाई वगैँचाको कुनै पनि फल नखानू भनि भन्नुभएको छ ?" सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ । किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरूले त्यो फल खानेछौ, त्यही दिन तिमीहरूले असल र खराबको ज्ञान पाउनेछौ र परमेश्वर जस्तै हुनेछौ ।" (उत्पति ३:१, ४, ५)*

उत्तर : उसले हव्वालाई वहकाउन सर्पको प्रयोग गऱ्यो किनभने परमेश्वरले बनाउनुभएको वन्य पशुहरू मध्ये सर्प सवैभन्दा वुद्धिमानी र धुर्त थियो । केहीले भन्छन्, "सर्पका पखेटा भएकोले उड्न सक्थ्यो । (

यशैया १४:१९, ३०:६) । ध्यान दिनुहोस्, परमेश्वरले सर्पलाई श्राप दिनुभन्दा अघि सर्प घस्रदैंनथ्यो । (उत्पति ३:१४) । शैतानका झूठहरू निम्न लिखित छन् ।

१. तिमीहरू कदापी मर्दैनौ ।

२. त्यो फल खाएपछि तिमीहरू वुद्धिमान् हुनेछौ ।

सैतान जसले झूठलाई उत्पन्न गऱ्यो, उसले असत्यलाई सत्यसँग मिसाएर हव्वालाई बताइदियो । असत्य जब सत्यसँग मिश्रित हुन्छ, त्यो अति प्रभावकारी हुन्छ । पाप गरिसकेपछि उनीहरूले सैतानलाई चिनेको कुरा चाहिँ सत्य हो । प्रेमको साटोमा उनीहरूले मृत्यु, दुःख, पिडाको ज्ञान अंगाल्नु पऱ्यो । उनीहरूलाई सैतानले गर्दैगरेको दुष्ट कुराको ज्ञान रोचक लाग्यो । सैतानले परमेश्वरको चरित्रलाई गलत सावित गर्न झूठ बोल्यो किनकि उसलाई थाहा थियो, जबसम्म परमेश्वरको चरित्रका वारेमा मानिसहरूमा गलत धारणा ल्याइँदैन, तबसम्म मानिसहरू तिनीहरूका प्रेमी परमेश्वरवाट तर्कदैँनन् ।

९. फलको एक टुक्रा खानु के त्यति नराम्रो कुरो थियो ? आदम र हव्वा किन वगैँचावाट निकालिए ?

सैतानले बोल्न सक्ने सर्पको रूप धारण गऱ्यो र हब्बालाई निषेधित फल खाएको अभियोग लगायो ।

*"यसकारण जसले असल जानेर पनि गर्दैन, त्यसले पाप गर्दछ ।" याकूब ४:१७ । "पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ । पाप नै व्यवस्था भङ्ग हो ।" (१ युहन्ना ३:४) । "जसले पाप गर्दछ, त्यसले व्यवस्था भङ्ग गर्दछ ।" (१ युहन्ना ३:८) । "तब परमेश्वरले भन्नुभयो, "मानिसहरू हामी जस्तै असल र खराबको ज्ञान जान्ने भएका छन् । अब त्यसले जीवनको रूखको फल पनि टिपेर खान नपाओस् नत्र भने त्यो सधैँ भरि जीवित रहनेछ । त्यसैले उहाँले तिनीहरूलाई अदनको वगैँचावाट निकालिदिनु भयो र जीवनको रूख तर्फ जाने वाटोमा पहरा लगाइदिनुभयो । उहाँले अदनको वगैँचाको पूर्वपट्टि स्वर्गदूत र चारै तिर घुमिरहने ज्वालामय तरवार राखिदिनुभयो ।" (उत्पति ३:२२,२४) ।*

उत्तर : हो, फल खानु नै पाप थियो किनकि यो परमेश्वरको ज्ञानको ठाडो उलङ्घन थियो । परमेश्वरको व्यवस्था र अधिकारको खुल्ला विरोध थियो । परमेश्वरको एउटा आज्ञाको उलङ्घन गरी आदम र हव्वाले आफूलाई सैतानमा समाहित गरे र परमेश्वरको दुश्मन ठहरिए र यसरी तिनीहरूले आफूलाई परमेश्वर देखि अलग गराए (यशैया ५९:२) । उनीहरूले पाप गर्नेछन् र जीवनको फल खाएर अविनासी पापी हुनेछन् भनी सैतानले आशा

निषेधित फल खानाले आदम र हब्बाालाई सैतानसँग सम्बन्ध स्थापित गरायो जो परमेश्वरको सबैभन्दा ठलो शत्र हो ।

गरेको थियो । तर परमेश्वरलेतिनीहरूलाई अदनको वगैँचावाट नै निकालिदिनुभयो र ठूलो विनाश हुनवाट रोक्नुभयो ।

१०. सैतानले मानिसहरूलाई विनास गर्न, दु:ख दिन, वहकाउन र हतोत्साहित गर्न रच्ने उपायहरूको वारेमा बाइबल के भन्दछ?

उत्तर : सैतानले कल्पना योग्य तरिकाले
मानिसहरूलाई वहकाउन र पतन गर्न खोज्दछ । उसका दासहरूले धार्मिक मानिसहरू झैँ भेष धारण गर्दछन् । सैतानले पनि ज्योतिर्मय स्वर्गदूतहरूको भेष धारण गरी आकाशवाट पृथ्वीमा आगो झार्नेजस्ता आश्चर्यमय र अद्‌भुत कामहरू गर्दछन् । येशूको रूप लिन पनि ऊ पछि पर्दैन । तर तपाईँहरूलाई अघि नै चेतावनी दिई सकिएको छ, त्यसैले तपाईँ पतन नहुनुहोस् । जब येशू आउनुहुनेछ, सवै आँखाहरूले उहाँलाई देख्नेछन् (प्रकाश १:७) । उहाँले पृथ्वीको धरातललाई छुनुहुनेछैन र वादल मै रहनुहुनेछ । (१ थेसलोनिकी ४:१७) ।

| | |
|---|---|
| धेकेबाज, आतङ्ककारी, सताउने ।(प्रकाश १२:९,१३) | बाइबललाई उल्टाई-पल्टाई उद्धय गलएर्छ ( मत्ती ४:५,६) |
| झुठा आरोप लगाउने, हत्यारा (प्रकाश १२:१०, यूहन्ना ८४४) | मनिसलाई पासोमा पार्ने, छकाउने । (२ तिमोथी २:२६, १ पत्रुस ५:८) |
| परमेश्वरका जनहरुसँग लडाँई छेडने । ( प्रकाश १२:१७) | अन्तरघात गर्ने, झुकाएर मानिसलाई आफ्नो बशमा पार्ने (लूका २२:३-५, १ थेस्लोनोकी २:१८) |
| अच्चमका चमतकारहरु गर्ने, जाली, फटहा । (प्रकाश १६:१३,१४, यूहन्ना ८:४४) | स्वर्गदूतहरुका ज्योतिको रुपधारण गरेर मानिसलार्य प्रत्सोहित पार्ने । (२ कोरिन्थी ११:१३-१५) |
| अनेक किसिमका रोग ब्याधी ल्याउने । ( अयूब २:७) | उसका दूतहरु मण्डलीका पास्टर तथा धार्मीक अगुवाको रुप धारण गरेर मानिसलाई आकर्षण गर्ने । (२ कोरिन्थी ११:१३-१५) |

११. सैतानका निती र परीक्षाहरू कति
शक्तिशाली र प्रभावकारी छन् ?

*“उसले स्वर्गका एक तिहाई*
*स्वर्गदूतहरूलाई (प्रकाश १२:३-९), आदम र हव्वालाई (उत्पति ३), नोआका दिनका आठ जना वाहेक सवैलाई (१ पत्रुस ३:२०) वहकाउन सफल रहयो । उसले हराएकाहरूलाई सुरक्षित भएको अनुभुति गराउनेछ । (मत्ती ७:२१-२३) । प्राय: सम्पूर्ण संसारले उसलाई पछ्याउनेछ (प्रकाश १३:३) । केही मानिसहरू मात्र वचाइने छन् (मत्ती ७:१४, २२:१४) ।*

उत्तर : सैतानको सफलता यति उच्चतम दरमा छ जसलाई हामीले पत्याउन गाह्रो पर्छ । उसले स्वर्गका एक तिहाई स्वर्गदूतलाई

वहकायो । नोआको दिनमा आठ जना वाहेक सवै मानिसहरू वहकिए । सैतान स्वर्गदूतको देवदूत वन्न सक्छ, खीष्टको रूप धारण गर्न सक्छ । उसको छलपूर्ण शक्ति यति महान् देखिन्छ कि आफूलाई सुरक्षित राख्नलाई उसलाई हेर्न जान नै हाम्रो कल्याण हुन्छ । तर यदि तपाईंले उसलाई पूर्ण रूपमा हेर्न र सन्नवाट अलग राख्न चाहनुहुन्छ भने खीष्टले तपाईंलाई जोगाउनुहुन्छ (युहन्ना १०:२९) ( येशूको दोस्रो आगमनको वारेमा विस्तृत जान्नको लागि अध्ययन निर्देशिका ८ पढ्नुहोस् ।

> संसारको अन्त्यको समयमा सैतानलाई अग्निकुण्डमा फालिनेछ, अनि त्यो जलेर खरानी बन्नेछ र त्यसको अस्तित्व सदाका लागि समाप्त हुनेछ ।

१२. शैतानले कहाँ र कहिले आफ्नो सजाय पाउने छ ?त्यो सजाय कस्तो हुनेछ ?

*"युगको अन्त्यमा पनि त्यस्तै हुनेछ । मानिसको पुत्रले आफ्ना दूतहरू पठाउनेछन् र पाप गर्न लगाउने प्रत्येक थोक र दुष्ट काम गर्नेहरू सवैलाई तिनीहरूले उसको राज्यवाट वटुल्नेछन् र उनीहरूलाई आगोको भट्टीमा फालिदिनेछन् ।" (मत्ती १३:४०-४२) । "तिनीहरूलाई वहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो ।" (प्रकाश २०:१०) । "श्रापित मानिस हो म बाट दूर होओ र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ ।" (मत्ती २५:४१) । "यसैले गर्दा, मैले तँवाटै एउटा आगो निकालिदिएँ र त्यसले नै तँलाई भष्म पाऱ्यो । तँलाई नियालेर हेर्नेहरू सवैको दृष्टिमा मैले तँलाई जमीनमा खरानी तुल्याईदिएँ । तँ एक डरलाग्दो अन्त्यमा पुगेको छस् र तेरो अस्तित्व फेरि कहिल्यै हुने छैन ।" (इजकिएल २८:१८-१९) ।*

उत्तर : संसारको अन्त्यमा सैतान आगोको भट्टीमा फालिनेछ । त्यो आगोले सैतानलाई नष्ट गर्नेछ, खरानी बनाएर भष्म गर्नेछ र अनन्त समयसम्मका लागि उसको अस्तित्व खतम पारिनेछ । त्यो आगोले सम्पूर्ण पापीहरूलाई नष्ट गर्नेछ । अन्तिम समयको उक्त लडाईंमा परमेश्वरको पक्षको एकजना मानिस पनि मर्नेछैन भने सैतान तर्फको एक जना मानिस पनि वाँच्ने छैन ।

टिप्पणी: सैतानको अन्त्य हुँदा पिता र पुत्रमा पर्न जाने चोट र दुःख अवर्णनीय छ किनकी व्यक्तिगत रूपमा उहाँहरू त्यसको धेरै नजिक हुनुहुन्थ्यो । सैतानको पिता र पुत्रसँग वहेक अरू कोहीसँग पनि यति नजिकको सम्वन्ध थिएन । सैतान र उसलाई पछ्याउने लाखौंलाई खतम गर्दा पिता र पुत्रलाई यति पीडा हुन्छ कि यस्तो पीडा सैतान

र अरूलाई आगोले नष्ट गर्दा पनि भएको हुँदैन । (नरकका वारेमा थप जान्नका लागि अध्ययन निर्देशिका ११ हेर्नुहोस् ।)

१३. पापको डरलाग्दो समस्याको समाधान कसरी हुन्छ ? के फेरि पनि पापको उदय हुनेछ?

संसारको अन्त्यको समयमा सैतानलाई अग्निकुण्डमा फालिनेछ, अनि त्यो जलेर खरानी बन्नेछ र त्यसको अस्तित्व सदाका लागि समाप्त हुनेछ ।

*"परमप्रभु भन्नुहुन्छ,*

*"जस्तो म जीवित छु, प्रत्येकको घुँडा मेरो सामुन्ने टेकिनेछ र हरेक जिब्रोले परमेश्वरको प्रशंसा गर्नेछ ।" (रोमी १४:११, फिलिप्पी २:१०,११, यशैया ४५:२३) । दुःख दोस्रो पटक आउने छैन ।" नहूम १:९ ।*

उत्तर : दुईवटा निर्णायक घटनाक्रमले पापको समस्या सामधान गर्दछ । पहिलो, स्वर्ग र पृथ्वीका सारा प्राणीहरू, सैतान र उसका स्वर्गदूतहरू समेतले आफ्नै इच्छाले स्वतन्त्रतापूर्वक सवैका सामू परमेश्वर नै धार्मिक, निश्पक्ष र सत्य हुनुहुन्छ भनी स्वीकार्दछन् । उत्तरका निम्ति कुनै पनि प्रश्न वाँकी रहनेछैन । परमेश्वरको प्रेम र मुक्तिलाई स्वीकार नगरेको कारणले आज उनीहरू हराएका छन् भनी सवै पापीहरूले खुल्ला रूपमा स्वीकार गर्नेछन् । आफू मारिनुपर्ने न्यायको माग स्वयम् तिनीहरूले गर्नेछन् । आफू निश्चय नै अनन्त मृत्युको भागिदार रहेको कुरा सवैले स्वीकार गर्नेछन् । दोस्रो, पाप, पापीहरू, सैतान र उसका दूतहरूको पूर्ण तथा अन्तिम विनाशद्वारा पाप सम्पूर्ण जगत्वाटै निकालिनेछ । यस कुरामा परमेश्वर सकारात्मक हुनुहुन्छ : परमेश्वरको राज्यमा दखल दिन पापको उदय फेरी कहिल्यै हुनेछैन ।

१४. सारा जगत्वाट पापको अन्तिम तथा पूर्ण सखाप गर्ने कार्यक निर्णय कसले गर्दछ ?

पापको नष्टतालाई येशूले सम्भव बनाउनुभयो ।

*"दियाबलसका कामहरू नष्ट पार्नलाई नै परमेश्वरको पुत्र प्रकट हुनुभएको हो ।" (१ युहन्ना ३:८) । "किनकी छोराछोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यहि स्वभाव लिनुभयो ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकालाई अर्थात दियाबलसलाई उहाँले नष्ट गरून ।" (हिब्रू २:१४) ।*

उत्तर : आफ्नो जीवन, मृत्यु र पुनरूत्थानको माध्यमद्वारा येशूले पापलाई सदाका लगि हटाउनुभयो ।

१५. पिता परमेश्वरले मानिसहरूका वारेमा कस्तो धारणा राख्नुहुन्छ?

परमेश्वर हाम्रा पिताले हामीलाई संसारको कुनै पिताले आफ्नो सन्तानलाई प्रेम गर्नुहुन्छ । उहाँले हामीलाई स्वर्गमा लैजाने कुराका निम्ति धेरै समयको प्रतिक्षा गर्न सक्नहन्न ।

*"पिता आफैले तिमीहरूलाई प्रेम गर्नुभयो ।"(युहन्ना १६:२७) (युहन्ना ३:१६,१७:२२,२३ पनि हेर्नुहोस्)*

उत्तर : पुत्रले जस्तै पिताले पनि मानिहरूलाई प्रेम गर्नुहुन्छ । येशूको मुख्य लक्ष्य भनेकै आफ्नो जीवनवाट पिताको चरित्र देखाउनु थियो ताकि मानिसहरूले पिता कत्तिको स्नेह र हेरचाह गर्नुहुन्छ भनी जान्नेछन् । (यूहन्ना ५:१९) ।

सैतानले पितालाई गलत रूपमा प्रस्तुत गर्दछ

सैतानले पितालाई गलत रूपमा प्रस्तुत गर्दछ जस्तै कि भावना नभएको, साहनुभूति नभएको, अनुचित माग गर्ने, अनुशासन वा अधिनमा जोड दिने र सम्वन्ध राख्न नसकिने वा कोही पनि उहाँका नजिक आओस् भन्न नचाहने । आफू जस्तो छ त्यस्तै परमेश्वर पनि कठोर हुनुहुन्छ भनेर उहाँको विरूद्धमा आरोप लगाउन सैतान पछि पर्दैन । मानव जीवनले व्यहोर्नु पर्ने सवै दुर्घटना वा क्षतिलाई "दैवी प्रकोप" वा "परमेश्वरको हात" भनेर जनमानसमा सैतानले परमेश्वर प्रति त्रास फैलाउन पनि ऊ पछि पर्दैन । पिताको नाउँमा रहेका गलत हल्लालाई प्रमाणित गरी एउटा आमाले आफ्नो वच्चालाई भन्दा वढि प्रेम गर्ने पिताले हामीलाई प्रेम गर्नुहुन्छ भनी देखाउन येशू आउनुभयो । (यशैया ४९:१५)। येशूको प्रिय विषय नै परमेश्वरको सहनशिलता, नम्रता र अधिक दयाको प्रदर्शन थियो । परमेश्वर प्रतिक्षा गर्न सक्नुहुन्न ।

मानिसहरूलाई सदाका लागि खुसी पार्न स्वर्गीय पिताले अनन्त घर तयार गर्नुभएको छ । उहाँले हाम्रा लागि घर तयार गरिरहनुभएको कुरा यहाँ बुझ्न सम्भव छैन । उहाँ निश्चय नै धेरै समय पर्खनसक्नुहुन्न । उहाँले तयार गर्नुभएको घरमा आफ्ना जनहरूलाई स्वागत गर्न तत्पर हुनुहुन्छ । यो संसारलाई यो सूचना दिऊँ र तयार रहौं । संसारको दिनको गन्ती सुरू भइसकेको छ ।

**१६. परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा एक असल समाचार हो भनी के तपाईं अनुभव गर्नहुन्छ ?**

उत्तरः.............................................................................................
.....................................

## तपाईंका विचारमा रहेका प्रश्नहरूका उत्तर

१. आदम र हव्वाले खाएको त्यो फल के स्याउ थियो ?

उत्तर : हामीलाई थाहा छैन । बाइबलले यस वारे केही भन्दैन ।

२. सैतान भन्ने वित्तिकै, रक्ताम्य, अर्ध मानिस वा पुच्छर र सिङ्ग सहितको अर्ध पशुको प्रतिरूप वनाउने धारणा कहाँवाट सुरू भयो ?

उत्तर : वास्तवमा यो इसाई धर्म वाहिरको इतिहासवाट आएको हो जसले सैतानलाई खुसी तुल्याउँदछ । राक्षस भनेको एक दन्त्यकथाको पात्र मात्र हो भनि इन्कार गर्ने मानिसहरूले उसको अस्तित्वलाई स्वीकार गर्नेछैनन् भनी उसलाई थाहा छ । जसले सैतान माथि विश्वास गर्दैन, ऊ नै उसको जालमा सवैभन्दा पहिले पर्नेछ ।

३. परमेश्वरले आदम र हव्वालाई भन्नुभयो, "जुन दिन तिमीहरूले त्यो फल खानेछौ, त्यस दिन तिमीहरू निश्चय नै मर्नेछौ ।" (उत्पति २:१७) । तब तिनीहरू त्यसै दिन किन मरेनन् ?

उत्तर : बाइबलले दुई किसिमवाट मृत्युको वारेमा वर्णन गर्दछ ।

१. पहिलो मृत्यु - एक दिन सवै मर्नेछन् । (हिब्रु ९:२७) ।

२. दोस्रो मृत्यु - अन्त्यको दिनको मृत्यु जहाँ अधर्मीहरू अग्निकुण्डमा मर्नेछन् । (प्रकाश २१:१८)

फरक यति मात्र छ, दोस्रो मृत्युपछि पुनरूत्थान सम्भव हुँदैन । त्यो अनन्तको मृत्यु हो ।

सारा मानिसको दोस्रो मृत्युको लागि येशू मर्नुभयो ।

जब आदम र हव्वाले पाप गरे, तिनीहरू तुरून्त मर्न सक्थे यदि हरेक व्यक्तिको लागि कलवारीमा येशूले आफ्नो प्राण नदिनु भएको भए । उहाँको महान् वलिदानले हामी वाँच्न पायौं (हिब्रु २:९)

जब आदमले पाप गऱ्यो उसको अमर चरित्र मरणशिल चरित्रको रूपमा परिणत भयो ।

पहिलो मृत्युको वारेमा विचार गर्दा, उत्पति २:१७ मा उल्लेख गरिएको मृत्युलाई बाइबलका धेरै ठाउँहरूमा उल्लेख गरिएको पाइन्छ । यस अर्थमा आदम र हव्वा मरणशिल प्रक्रियामा होमिदै थिए । पाप गर्नु अघि उनीहरूको चरित्र पापरहित थियो, अमर थियो । यदि उनीहरूले जीवनको रूखको फल खाएको भए उनीहरू अमर हुन सक्थे । पाप गरेर उनीहरूले आफ्ना अमरत्व गुमाए तसर्थ उनीहरूलाई जीवनको रूखको फल खानवाट परमेश्वरले रोक्नुभयो । यही कुरालाई मध्यनजर गरी उहाँले भन्नुभयो, "माटो वाट निस्किएको तँ माटै होस् र माटैमा फर्किनेछस ।" उत्पति ३:१८ ।

४. परमेश्वरले लुशिफरको सृष्टि गर्नुभएको होइन र ? त्यसोभए पापको जिम्मेवार पनि उहाँ हुनुभएन र?

उत्तर : अवश्य होइन । परमेश्वरले लुशिफरलाई पूर्ण रूपमा पापरहित स्वर्गदूतको रूपमा सृष्टि गर्नुभएको थियो । लुशिफर आफैले आफूलाई सैतान बनायो । स्वतन्त्र रूपमा रोज्नु परमेश्वरको राज्यको

मूलभूत सिद्धान्त हो । परमेश्वरले लुशिफरको सृष्टि गर्नुहुँदा यसले पाप गर्नेछ भनी उहाँलाई थाहा थियो । यदि त्यस समय उहाँले त्यसको सृष्टि नगर्नुभएको भए, स्वतन्त्रताको सिद्धान्त जुन उहाँको राज्यमा थियो, त्यसको कुनै पनि अर्थ रहने थिएन ।

“रोज्ने स्वतन्त्रता” परमेश्वरको सिद्धान्त हो

लुशिफरले के गर्नेछ भनी पूर्ण रूपमा जान्दा जान्दै पनि परमेश्वरले लुशिफरको सृष्टि गर्नुभयो । यहि तथ्य आदम र हव्वामा पनि लागू हुन्छ । हामी जन्मनु पूर्व हाम्रो वारेमा उहाँलाई सम्पूर्ण कुरो थाहा हुन्छ तै पनि उहाँले हामीलाई स्वतन्त्र रूपमा बाँच्न दिनुहुन्छ चाहे हामी उहाँलाई रोज्छौ वा सैतानलाई रोज्छौ । परमेश्वर आफूलाई गलत रूपमा प्रस्तुत गरिन, आरोपित हुन र हरेक युगमा आलोचित हुन तयार हुनुहुन्छ र सवै व्यक्तिलाई स्वतन्त्रतापूर्वक आत्मनिर्णय गर्ने अधिकार पनि दिनुहुन्छ ।

“स्नेही परमेश्वर पूर्ण रूपमा स्वतन्त्रता दिएर जोखिम उठाउन राजी हुनुहुन्छ”

स्वतन्त्रताको यो महान् उपहार स्नेही परमेश्वरवाट मात्र पाउन सकिन्छ । साँच्चै यति स्नेही परमेश्वर वा भनौ मित्रको सेवा गर्न पाउनु हाम्रो निम्ति खुसी र आदरणीय कुरा हो ।

“परमेश्वरको सेवा गर्न रोज्नुहोस्”

पापको समस्या छिटै नै समाप्त हुनेछ । आदिमा सवै कुराहरू असल थिए (उत्पति १:३१) तर अहिले सारा संसार दुष्टको अधीनमा छ । (१ युहन्ना ५:१९) । सारा संसारका मानिसहरूले परमेश्वर र सैतान मध्ये एक जनालाई रोजेकाछन् । तपाईंलाई परमेश्वरले दिनुभएको गजबको स्वतन्त्रता परमेश्वरको सेवा गर्न प्रयोग गर्नुहोस् ।

५. लुशिफरले पाप गर्ने वेलामा नै किन परमेश्वरले उसको विनाश गर्नु भएन र पापको समस्याको अन्त्य गर्नुभएन ?

उत्तर : परमेश्वरको जगतका निम्ति पाप अति नै नौलो कुरा थियो र कसैले पनि यसलाई बुझेनन् । सम्भवत: लुशिफरले आफैले पनि यो कुरालाई आत्मसात गर्न सकेन । लुशिफर एकदमै बुद्धिमानी, तेज र सम्मानित स्वर्गदूतहरूका अगुवा थिए । स्वर्ग र स्वर्गदूतहरूका लागि उसको पहुँच निसन्देह पूर्ण थियो । सम्भवत: यस्तो होला : “स्वर्ग अति नै सुन्दर छ र केही स्वर्गदूतहरू थपेर यसलाई सुधार्न आवश्यक छ । पिता र पुत्रसँग अख्तियार भएता पनि प्रतिपक्ष नभएको स्वर्गले अगुवाहरूलाई अन्धो बनाउँछ । यसले वास्तविक

जीवनसँग सामना गर्न सक्दैन । स्वर्गदूतहरूले अरू कसैको हुकुम मान्न जरूरी छैन । तर उनीहरू हाम्रो मातहतमा हुनुपर्दछ । परमेश्वरलाई थाहा छ मेरा सुझावहरू उचित छन् तर उहाँको राज्य शक्तिलाई मैले चुनौती दिएको छु, भनेर सोच्नु हुन्छ । हाम्रा आदर्श अगुवाहरूवाट स्वर्गको अस्तित्वलाई खलल् पुऱ्याउन दिनु हुन्न । उनीहरू हामीवाट टाढा भएपनि यो सन्देश पाउनु पर्छ । यदि हामी एकजुट भई हिँड्यौं भने अरू जगत्का अगुवाहरूले हाम्रो कुरामा ध्यान दिनेछन् । हामी कमजोर हुनुहुँदैन तर अत्याधिक कृयाशील हुनुपर्दछ । नत्र त हामीलाई सराहना गर्ने राज्यशक्तिले हामीलाई नष्ट गर्नेछ ।"

एक तिहाई स्वर्गदूतहरूले लुशिफरलाई साथ दिए । लुशिफरको आरोपलाई धेरै स्वर्गदूतहरूले समर्थन गरे र एक तिहाईले साथ दिए । यदि परमेश्वरले लुशिफरलाई नष्ट गर्नुभएको भए जुन स्वर्गदूतले परमेश्वरलाई पूर्ण रूपमा बुझेका थिएनन् तिनीहरूले डर र त्रासका कारण परमेश्वरको उपासना गर्नुपर्थ्यो र भन्थे, "लुशिफर तिमी ठीकै थियौ तर होसियार बस यदि तिमीले परमेश्वरसँग फरक विचार राख्यौ भने तिमीहरू खतम पारिने छौ ।" तसर्थ त्यसबेला केही भएन वरू समस्या वढ्दै गयो ।

परमेश्वर स्नेही र निस्वार्थ प्रेम स्वीकार्नुहुन्छ ।

परमेश्वर उदार चित्त, प्रेमिलो र स्वस्फूर्त सेवालाई स्वीकार्नु हुन्छ । अन्यकारणको आज्ञाकारिता स्वीकार्य हुँदैन ।

आफ्ना चरित्र देखाउन सैतानलाई परमेश्वरले समय दिइरहनु भएको छ ।

सारा जगत्को संरचानाका लागि आफूसँग राम्रो योजना रहेको सैतानको दावी छ । उसका सिद्धान्तहरू देखाउन परमेश्वरले समय दिइरहनुभएको छ । परमेश्वर तब पापलाई सदाका लागि खतम पार्नुहुनेछ जब संसारका हरेक व्यक्तिले परमेश्वर र सैतानमा फरक भेट्टाउनेछन् र सवैले बुझ्नेछन् कि सैतानको राज्य झूठो, घिनलाग्दो, धाँधलीपूर्ण र विनाशकारी छ ।

सारा जगत्ले यस संसारलाई नियालिरहेको छ , बाइबल भन्दछ, "जगत्संसार, स्वर्गदूतहरू र मानिसहरूका निम्ति हामी तमासा भएका छौं ।" १ कोरिन्थी ४:९ । सारा जगत्ले परमेश्वर र सैतानको द्वन्दमा हाम्रो भूमिकालाई नियालिरहेको छ । जब महान् द्वन्दको अन्त्य हुन्छ, हरेक व्यक्तिले दुवै राज्यका सिद्धान्त, बुझ्नेछन् र कसलाई पछ्याउने हो भनी निर्णय गर्नेछन् । जसले सैतानलाई

पछ्याउने छ ऊ सैतानसँगै नष्ट गरिनेछ र परमेश्वरका जनहरू अनन्तको राज्यका लागि सुरक्षित घर तर्फ लाग्नेछन् ।

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पाना सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढ्नुहोस । तल दिइएका प्रश्नहरुको उत्तरहरु अध्ययन पुस्तिकामा पाउन सक्दछौं । ठीक उत्तर भएको वक्समा ठीक चिन्ह लगाउनुहोस । प्रश्न पछाडीको संख्याले पूर्णाङ्क बुझाउँछ ।

१. पापको उत्पति कोसँग भयो ? (१)

- ❑ मिखायल
- ❑ लुशिफर
- ❑ गव्रियल

२. लुशिफर कहाँ वसिरहेको थियो जब उसले पहिलो पटक पाप गऱ्यो ? (१)

- ❑ पृथ्वीमा
- ❑ स्वर्गमा
- ❑ उत्तर तारामा

३. लुशिफरको वारेमा वताउने कुराहरूलाई निम्न लिखित वर्णनहरूवाट छान्नुहोस् ? (६)

- ❑ सृष्टि गरिएको स्वर्गदूत
- ❑ बुद्धिमान
- ❑ स्वर्गीय सेतो घोडामा सवार हुन्थ्यो
- ❑ असाधारण सङ्गीतकार
- ❑ आफ्नो वाटोमा सिद्ध थियो
- ❑ स्वर्गको द्वारपाल थियो
- ❑ आफ्नो सुन्दरतामा सिद्ध थियो
- ❑ घुम्टो हाल्ने स्वर्गदूत

४. लुशिफरको विद्रोहको वारेमा सत्य रहेका कुराहरूमा चिन्ह लगाउनुहोस् । (५)

- ❑ ऊ स्वर्गवाट खसालियो
- ❑ उसले पश्चात्ताप गऱ्यो र स्वर्गमै वस्यो
- ❑ ऊ दरवारमा लुक्यो

❑ उसको नाउँ सैतान भयो
❑ ऊ पहिलो पापी थियो
❑ ऊ निष्कासित भइरहको कुरा येशूले देख्नुभयो
❑ ऊ संगै स्वर्गका एक तिहाई दूतहरू पनि खसालिए

५. लुशिफरले के चाहेको थियो ? (२)

❑ आफ्नो उपासना
❑ परमेश्वरलाई विस्थापित गर्न र उहाँको सिँहासन कब्जा गर्न
❑ सम्पूर्ण जगत् वरिपरि उड्न

६. पाप, सैतानको वारेमा वताउने कुराहरूलाई निम्न उल्लिखित वर्णनहरूवाट छान्नुहोस् ? (४)

❑ ऊ सिङ्ग र खुरहरू भएको व्यक्ति हो ।
❑ उसको घर नर्कमा छ
❑ उसले मानिसहरूलाई प्रेम गर्दछ ।
❑ ऊ स्वर्गदूत झैँ देखापर्न सक्छ
❑ ऊ आश्चर्यको कामहरू गर्नसक्दैन
❑ ऊ झूठा र हत्यारा हो
❑ उसले आकाशवाट आगो ल्याउन सक्छ
❑ धेरै मानिसहरू उसको पछि लाग्नेछन् र हराउने छन्

७. आदम र हव्वाको पतनको सम्वन्धमा निम्नलिखित कुन कुराहरू सत्य छन् ? (३)

❑ सैतानले एक स्वर्गदूतको भेष लिएको थियो
❑ सैतानले परमेश्वरलाई झूठा भन्यो
❑ हामीलाई थाहा छ सैतानले तिनीहरूलाई स्याऊ दियो
❑ सैतान पहिले आदम कहाँ आयो
❑ उनीहरू अमर पापी हुनेछन् भनी सैतानले आश गऱ्यो
❑ उनीहरूलाई परीक्षामा पार्दा सैतान झूठ र सत्यलाई मिसाउँछ

८. सैतानको अन्तिम सजायका सम्वन्धमा निम्नलिखित कुन कुराहरू सत्य छन् ? (४)

❑ ऊ आगोमा खरानीको रूपमा परिणत हुनेछ
❑ उसका दूतहरू भाग्नेछन् ।
❑ अग्निकुण्ड स्वर्गमा बल्नेछ ।
❑ आफूले गल्ती गरेको कुरा सैतान र उसका दूतहरूले स्वीकार गर्नेछन्

- ❑ आगोले पाप र पापीहरूलाई पनि नष्ट गर्नेछन्
- ❑ सैतानले परमेश्वरको न्यायलाई स्वीकार्नेछ

९. परमेश्वरले सैतानलाई तब नै किन मार्नु भएन जब उसले पाप गऱ्यो ? (४)

- ❑ अन्य स्वर्गदूतहरूले यो कुरालाई गलत धारणाले हेर्न सक्थे ।
- ❑ केही दूतहरू परमेश्वर देखि त्रसित हुन सक्थे ।
- ❑ परमेश्वरको निर्णयका निम्ति लुशिफर अति वलियो थियो
- ❑ असल स्वर्गदूतहरूले उहाँको साथ छाड्ने थिएनन् ।
- ❑ लुशिफरको योजना प्रसारण गर्ने समय आइसकेको थियो ।
- ❑ परमेश्वर सत्य, न्यायी र असल छ भनी देखाउन समयको आवश्यकता भएकाले ।

१०. परमेश्वरको राज्यलाई अन्तिममा के कुराले सफल बनाउने छ ? (१)

- ❑ परमेश्वरले केही आश्चर्यको काम गर्नुहुनेछ ।
- ❑ परमेश्वरको प्रेम र न्यायको सामू संसारका सवैका घुँडाहरू पाप स्वीकार गर्दै टेकिनेछन्
- ❑ स्वर्गका दूतहरूले सवैलाई परमेश्वरको सेवा गर्न आह्वान गर्नेछन्

११. पापको सम्वन्धमा निम्न लिखित वुँदाहरू मध्ये कुन-कुन सत्य छन् । (५)

- ❑ येशूले पापको विनाशलाई निश्चय गरिसक्नुभएको छ
- ❑ पापले परमेश्वरको व्यवस्थालाई भङ्ग गरेको छ
- ❑ पापले हामीलाई परमेश्वरवाट छुट्याएको छ ।
- ❑ पापलाई परास्त गर्न सजिलो छ
- ❑ सैतानले झूठ वोल्ने पापको सुरूवात गऱ्यो
- ❑ एक पटक नष्ट भइसकेपछि पाप फेरी कहिल्यै उठ्नेछैन

१२. तल उल्लिखित वुँदाहरू मध्ये कुन-कुन सत्य हुन् । (५)

- ❑ सैतान आफ्नो पापको दोष परमेश्वर माथि थुपार्छ
- ❑ परमेश्वर हामीलाई हाम्रो आमाबुवाले गरे भन्दा वढि प्रेम गर्नुहुन्छ
- ❑ सैतानका कार्यहरूलाई "दैवी प्रकोप" वा "परमेश्वरको इच्छा" मानिनेछ
- ❑ येशूको जीवनले परमेश्वरको चरित्रलाई झल्काउँदछ
- ❑ परमेश्वर पिता अति कठोर हुनुहुन्छ

❑ धेरै मानिसहरूले परमेश्वरलाई गलत सोचे

१३. परमेश्वर पिताले मलाई येशूले झैँ प्रेम गर्नुहुन्छ भनी थाहा पाउँदा म अति प्रसन्न छु। (१)

❑ हो

❑ होइन

# ३ माथिबाट उद्धार

सागरमा अलपत्र पर्दा भोकाएको डरलाग्दो शार्कसँगको जम्काभेट भएको कुरालाई कल्पना गर्नुहोस् । सोच्नुहोस् कति अनन्दमयी त्यो क्षण हुन्छ जब तपाईँ सुरक्षासाथ त्यहाँवाट उद्धार गरिनुहुन्छ । सत्य के हो भने संसारका हरेक मानिसहरू आज सागरमा खतरापूर्ण तरिकाले हराइरहेका छन् । हामीलाई अविलम्ब उद्धारको खाँचो छ तर कुनै डुङ्गा वा हेलिकप्टरद्वारा होइन तर मात्र हाम्रो स्वर्गीय परमेश्वरद्वारा । परमेश्वरले तपाईँलाई अति नै प्रेम गर्नुहुन्छ त्यसैले त उहाँले तपाईँलाई बचाउनका निम्ति आफ्नो पुत्रलाई पठाउनु भयो । तपाईँले अवश्य नै अघि यस वारेमा सुन्नुभएको होला तर यसको वारेमा के साँच्चै बुझ्न चाहनुहुन्छ ? यसले तपाईसँग बास्तवमा के सरोकार राख्दछ र यसले तपाईँको जीवन वास्तवमै के परिवर्तन गर्न सक्छ । पढ्नुहोस् र पत्ता लगाउनुहोस् ।

परमेश्वरले व्यक्तिगतरूपमा तपाईँको ख्याल राख्नुहुन्छ ।आनन्द मनाउने कति राम्रो कारण ।

१. के परमेश्वरले साँच्चिकै मेरो ख्याल राख्नुहुन्छ ?

*"त्यसैले त उहाँ भन्नुहुन्छ, "तिम्रो मेरो दृष्टिमा वहुमुल्य र आदरणीय भएकाले र मैले तिमीलाई प्रेम गरेका कारणले ।" यशैया ४३:४ । सधैं भरी रहने प्रेमले मैले तिमीलाई प्रेम गरेको छु ।" यर्मिया ३१:३ ।*

उत्तर : परमेश्वरको अनन्तको प्रेम तपाईँको र मेरा लागि हाम्रो समझशक्तिभन्दा वाहिर छ । तपाँई मात्र एउटा हराएको मानिस झै उहाँले तपाईँलाई प्रेम गर्नुहुन्छ । अरू कुनै पापी नै नरहेको भए पनि उहाँले तपाईँका लागि आफ्नो जीवन दिनुहुन्थ्यो । यो तथ्यलाई विर्सने प्रयास कहिल्यै पनि नगर्नुहोस्। उहाँको नजरमा तपाईँ अति नै वहुमुल्य हुनुहुन्छ । उहाँले तपाईँलाई प्रेम गर्नुहुन्छ ।

क्रुसमा देखाईएको जस्तो प्रेम अहिलेसम्म कुनै देखाईएको छैन

२. उहाँले गर्नुभएको प्रेम उहाँले हामीलाई कसरी देखाउनुभयो ?

*"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्र दिनुभयो तकि उहाँमाथि हामी विश्वास गर्न सकौं र नाश नहोऔं तर अनन्त जीवन पाऔं ।" युहन्ना ३:१६ । "परमेश्वरको प्रेम हाम्रो माझमा यसरी प्रकट भयो कि उहाँले आफ्नो एक मात्र पुत्र*

*संसारमा पठाउनुभयो ताकि पुत्रद्वारा हामी जिउन सकौं । प्रेम यसैमा छ कि हामीले उहाँलाई प्रेम गरेनौ तर उहाँले हामीलाई प्रेम गर्नुभयो र हाम्रो पापको प्रायश्चित गराउन उहाँले आफ्नो पुत्रलाई पठाउनुभयो ।" १ युहन्ना ४:९,१०*

उत्तर : हामीलाई अनन्ततावाट गुमाउनुभन्दा आफ्नो पुत्रले दुःख पाई मरेको, परमेश्वर हेर्न तयार हुनुभयो किनकि उहाँले हामीलाई अति नै प्रेम गर्नुहुन्थ्यो । हामी यो कुरा बुझ्न असमर्थ छौं तर उहाँले मात्र तपाईं र मेरा लागि यसो गर्नुभयो ।

येशूले प्रेम नगर्नुभएको मानिस अहिलेसम्म कोही पनि जन्मेको छैन ।

३. म जस्तो व्यक्तिलाई कसरी उहाँले प्रेम गर्नुहुन्छ ?

*"तर परमेश्वरले हाम्रा निम्ति प्रेम यसैमा देखाउनुहुन्छ हामी पापी छदैं खीष्ट हाम्रा निम्ति मर्नुभयो ।" रोमी ५:८*

उत्तर : निश्चय नै म यसका लागि योग्य भएर वा आर्जन गरेकोले यस्तो भएको होइन । हामीमध्ये कसैले पनि पापको ज्याला स्वरूपको मृत्यु (रोमी ६:२३) वाहेक केही कमाएका छैनौ । तर परमेश्वरको प्रेम शर्तविनाको छ । उहाँले चोरहरू, व्यभिचारीहरू र हत्याराहरूलाई पनि प्रेम गर्नुहुन्छ । साथै उहाँले स्वार्थीहरू, पाखण्डीहरू र इश्वरनिन्दकहरूलाई पनि प्रेम गर्नुहुन्छ । त्यो भन्दा पनि ठूलो कुरा त उहाँले मलाई प्रेम गर्नुहुन्छ र किनभने उहाँले मेरा पापहरू जान्नुहुन्छ जसले मलाई अन्धकार र मृत्यु तर्फ डोऱ्याउँछ, उहाँले मलाई मेरा पापहरूवाट जोगाउन चाहनुहुन्छ । त्यसैकारण उहाँ मर्नुभयो ।

तपाईंले गर्न सक्ने सबैभन्दा ठूलो पापको सजाय येशूको मृत्यु थियो । जब तपाईं उहाँको महिमामय भेटीलाई स्वीकार गर्नुहुन्छ, तब तपाईं येशूको व्यक्तिगत परिवारको एक सदस्य हुनुहुनेछ ।

४. उहाँको मृत्युले मेरा निम्ति के भयो ?

*"हेर पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, हामी परमेश्वरका सन्तान भनी कहलाईएकाहरू हौं र साँच्चै हौं पनि ।" १ युहन्ना ३:१ । "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँ माथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो ।" युहन्ना १:१२ ।*

उत्तर : मैले भोग्नु पर्ने मृत्यु खीष्टले स्वयम् भोग्नुभयो । उहाँ मानव रूप लिई आउनुभयो ताकि मैले पाउनु पर्ने मृत्युको दुःख उहाँले भोग्न सक्नुभएको होस् । त्यसपछि उहाँ आफूले गर्नुभएको कामको श्रेय मलाई दिनुभयो । अर्को शब्दमा भन्नुपर्ने हो भने, उहाँले पापरहितको जीवन मेरो खातामा राखिदिनुभयो ताकि म धर्मी व्यक्तिको रूपमा

गनिन सकूँ । उहाँले मृत्यु पनि स्वीकार्नुभयो । र उहाँको कार्यहरूलाई उपहारस्वरूप स्वीकार्दा म परमेश्वरको परिवारमा सामेल हुन पाउँछु ।

**यी साधारण तथ्यहरूलाई एकचोटी विचार गर्नुहोस्**

- मेरो पापको कारण म मृत्युतर्फ पुगेँ ।
- मेरो अनन्त जीवनलाई नगुमाएसम्म मेरो मृत्युको जरीवानालाई तिर्न सकिँदैन किनकि यदि मेरो पापका खातिर म मरेँ भने म आफै पुनरूत्थान हुन सक्तिन । म सदाका लागि मर्नेछु ।
- म केही कुराको ऋणी भएँ जसलाई म तिर्न सक्तिन । तर परममित्रको रूपमा येशू आउनुभयो र भन्नुभयो, "म तिरिदिन्छु । म यसको सट्टामा मर्छु र यसको श्रेय तिमीलाई दिन्छु । तिम्रो पापका खातिर तिमी मर्न जरूरी छैन ।
- यो अवसर मैले स्वीकार्नै पर्दछ । उहाँ मेरो पापका खातिर मर्नुभयो भनी म जब हृदय देखि स्वीकार गर्दछु तब म परमेश्वरको सन्तान हुँन्छु ।

> तपाईंले तिर्न नसक्ने ऋणलाई चुकाउन येशूले आफ्नो प्राण दिनुभयो ।

५. म मृत्युवाट जीवन तर्फ जान म कसरी उहाँलाई स्वीकारौँ ?

**मात्र यी तिन कुराहरूलाई स्वीकार गर्नुहोस् ।**

१. म एउटा पापी हुँ । "सवैले पाप गरेका छन् ।" रोमी ३:२३ ।
२. म मृत्युको भागी छु । "पापको ज्याला मृत्यु हो ।" रोमी ६:२३ ।
३. म आफैले आफूलाई वचाउन सक्तिनँ । "मबिना तिमीहरूले केही गर्न सक्दैनौ ।" युहन्ना १५:५

**त्यसपछि तिन कुराहरूलाई विश्वास गर्नुहोस् ।**

१. उहाँ मेरा निम्ति मर्नुभयो । "हरेक मानिसहरूका निम्ति उहाँले मृत्युको स्वाद चाख्नुभयो" हिब्रु २:९ ।
२. उहाँले मलाई क्षमादान गर्नुहुन्छ । "यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौँ भने उहाँले हाम्रा पापहरूलाई क्षमा गर्नुहुन्छ ।" १ युहन्ना १:९ ।
३. उहाँले मलाई वचाउनुहुन्छ । "त्यो जसले ममाथि विश्वास राख्छ, त्यसले अनन्त जीवन पाउँछ।" युहन्ना ६:४७

उत्तर : उहाँसँग मागेर, विश्वास गरेर र हाम्रो परमेश्वर येशू ख्रीष्टको महान् उपहारलाई स्वीकार गरेर हामी मृत्युवाट जीवनतर्फ जान सक्छौँ ।

६ मुक्तिको उपहार पाउनका लागि मैले के गर्नुपर्छ ?

> के तपाइँ पापमा डुबिरहनुभएको छ ? तपाईंले बिन्ती गर्ने बित्तिकै येशूले तपाइँलाई उद्धार गर्नहुनेछ ।

*"परमेश्वरको अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारवाट तिनीहरू सित्तैमा धर्मी ठहरिन्छन्।" रोमी ३:२४ । "यसैकारण व्यवस्थाका कर्महरूको पालनबिना विश्वासद्वारा नै मानिस धर्मी ठहरिन्छन् भनी हामी ठान्छौं ।" रोमी ३:२८ ।*

उत्तर : मैले गर्न सक्ने एक काम भनेको शुद्ध उपहारका रूपमा यसलाई स्वीकार्नु हो । मेरो आज्ञाकारिता र धर्मकर्मले पापवाट सफाई पाएको अनुभवलाई एक कदम पनि अगाडि रहन मद्दत पुऱ्याउँदैन । विश्वासद्वारा मुक्ति आशा गर्ने सवैले मुक्ति पाउँनेछन् । असल काम गर्ने नैतिकवान् र खराब काम गर्ने पापी दुवै एकै आधारमा स्वीकार गरिन्छन् । विगतका कुराहरूले कुनै महत्व राख्दैनन् । याद राख्नुहोस् परमेश्वरले सवैलाई एक समान प्रेम गर्नुहुन्छ । क्षमा, मागेर पाईन्छ । "किनभने अनुग्रहवाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ र त्यो तिमीहरू आफैवाट होइन, यो त परमेश्वरको वरदान हो । कर्महरूद्वारा होइन नत्रता मानिसले घमण्ड गर्नेछन् ।" एफिसी २:८,९ ।

७. जब म विश्वासद्वारा परमेश्वरको परिवारमा सहभागी हुन्छु तब येशूले मेरो जीवनमा कस्तो खालका परिवर्तन गर्नुहुन्छ ?

> येशूको परिवर्तन गर्न सक्ने शक्तिले टाढा हट्ने पापीलाई एक उदार सन्त बनाउन सक्दछ ।

*"त्यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँसृष्टि हो । पुरानो वितिगएको छ, हेर नयाँ आएको छ।" २ कोरिन्थी ५:१७ ।*

उत्तर : जब म येशूलाई मेरो हृदयमा राख्छु तब उहाँले मेरो विगतका पापपूर्ण जीवनलाई नष्ट गर्नुहुन्छ र नयाँ आत्मिकी सृष्टिमा परिवर्तन गर्नुहुन्छ । पुरानो पापपूर्ण जीवन अब घिनलाग्दो र खेदपूर्ण हुन्छ । म खुसी र उमङ्गको अनुभव गर्न थाल्दछु र पहिलो पटक दोष र दण्डवाट महिमित स्वतन्त्रता पाएको अनुभव गर्न थाल्दछु । ख्रीष्टबिना यो जीवन कति खाली छ भनी म हेर्न थाल्दछु । टेबुलको मुन्तिर रहेको च्याँख्ला खानुको सट्टा अहिले म राजाको रात्रिभोजमा खानपिन गर्दछु । जीवनभर सैतानको सेवावाट पाउने खुसी भन्दा एक मिनेटको परमेश्वरको सेवावाट पाइने खुसी अमूल्य हुन्छ । कस्तो उत्साहपूर्ण आदानप्रदान ! यो स्वीकार गर्नका निम्ति किन मैले यति धेरै प्रतिक्षा गरें ।

> कुनै अभिभावकले आफ्नो सन्तानलाई दिनसक्ने सबैभन्दा बहुमूल्य उपहार भनेको उनलाई इसाई हुन दिनु हो ।

८. के पुरानो जीवनको आनन्दभन्दा परिवर्तित जीवनको आनन्द खुसीपूर्ण हुन्छ ?

*"येशूले भन्नुभयो, "मेरो आनन्द तिमीहरूमा होस् र तिमीहरूको आनन्द भरिपूर्ण होस् ।" युहन्ना १५:११ । "यसैकारण पुत्रले तिमीहरूलाई स्वतन्त्र गरायो भने तिमीहरू निश्चय स्वतन्त्र हुनेछौ ।" युहन्ना ८:३६ । "म त तिनीहरूले जीवन पाउन र त्यो प्रसस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ ।" युहन्ना १०:१०*

उत्तर : आत्मसयंम् र निषेधहरूका कारण इसाई जीवन रमाइलो हुँदैन भनेर धेरैले सोच्छन् । वास्तविक कुरा यसको ठीक उल्टो छ । जब तपाईं येशूको प्रेमलाई स्वीकार्नुहुन्छ तब विलक्षण समृद्धि ओर्लेर आउँदछ । पत्याउनै नसकिने शान्ति र उमङ्गले जीवनमा बहार ल्याउँछ । तपाईंको उत्साहको कुरै नगरौं, विगतमा स्वार्थी र हारेको जीवनसँग दाँज्नै सकिँदैन । एउटा पुरानो सपनाझैं, एउटा पुरानो घाउ हराएझैं तपाईंको जीवनको अनुभव वढि रमाइलो हुन थाल्छ, जसको वारेमा परमेश्वरले सोच्नुभएको थियो ।

> इसाईको घरमा रहेको खुसी र आनन्दको तुलना संसारको कुनै पनि खुसी र आनन्दसँग तुलना गर्न सकिँदैन ।

९. तर के एक इसाईले गर्नु पर्ने सम्पूर्ण काम म आफूलाई गर्न लगाउन सक्छु

*"म ख्रीष्टसँगै क्रुसमा टाँगिएको छु, अबउप्रान्त जिउने म होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ ।" गलाती २:२० । "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सवथोक गर्न सक्छु ।" फिलिपी ४:१३ ।*

उत्तर : यही नै हो, जहाँ इसाई जीवनको सवैभन्दा आश्चर्यपूर्ण कार्य प्रकाशित हुन्छ । तपाईं आफूलाई राम्रो बनाउनका लागि कसैले पनि दवाव दिँदैन । इसाईको रूपमा तपाईंले जे गर्नुहुन्छ त्यो काम तपाईंको जीवनमा रहेको कोही अर्कै व्यक्तिले गरिरहेको हुन्छ । तपाईंको जीवनको स्वभाविक प्रतिक्रिया नै आज्ञाकारिता हो । यदि तपाईं परमेश्वरको सृष्टिमा नयाँ हुनुहुन्छ भने तपाईं परमेश्वरको आज्ञा पालन गर्न तत्पर रहनुहुन्छ । आफूले प्रेम गरेको कसैलाई पनि खुसी पार्नु वोझ हुँदैन, त्यो त चाहना हो । "हे मेरा परमेश्वर तपाईंको इच्छा वमोजिम गर्न म चाहन्छु, तपाईंको व्यवस्था मेरो हृदयभित्र छ ।" भजनसंग्रह ४०:८) ।

> जब येशू तपाईंको जीवनमा प्रवेश गर्नुहुन्छ, उहाँको चमत्कारपूर्ण शक्तिले आज्ञापालनलाई एक बोझबाट सर्वोच्च आनन्दको अनुभूतिमा परिवर्तन गर्दछ।

१०. तपाईंको भनाईको मतलब, के दस आज्ञाहरूको पनि पालना गर्न गाह्रो हुँदैन ?

*"तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ । (युहन्ना १४:१५) । "परमेश्वरको प्रेम यहि हो, हामी उहाँका आज्ञाहरू पालन गर्दछौं र उहाँका आज्ञाहरू भारपूर्ण छैनन् । (१ युहन्ना ५:३) । "तर जसले उहाँको वचन पालना गर्छ, त्यसमा परमेश्वरप्रतिको प्रेम साँच्चै नै सिद्ध भएको हुन्छ ।" १ युहन्ना २:५ ।*

उत्तर : बाइबलले सधैं आज्ञाकारितालाई प्रेम सम्बन्धसँग बाँध्ने काम गर्दछ। पुनः जन्म लिएका इसाईलाई दस आज्ञाको पालना गर्न कुनै पनि जटिल संघर्ष गर्नु पर्दैन । वितेका सवै पापहरू उहाँको मृत्युले मेटिएका छन् र मेरो वर्तमान र भविष्यका आज्ञाकारिता ममा रहेका उहाँका विजयपूर्ण जीवनमा गाडिएका छन् । तथापि, किनकि मैले मेरो जीवन परिवर्तन गरेकोमा म उहाँलाई गहिरो प्रेम गर्दछु । म दस आज्ञाका आवश्यकताभन्दा माथि गएर यसको पालना गर्छु । उहाँको इच्छा वुझ्न दैनिक रूपमा म बाइबलका पाना पल्टाउँछु । उहाँको प्रेम प्रस्तुत गर्ने उपायहरू थोरै थोरै भएपनि धेरै गर्न खोज्छु । "हामी जे माग्छौं उहाँवाट पाउँछौं किनभने हामी उहाँको आज्ञा पालन गर्छौं र उहाँलाई मन पर्ने कामहरू गर्छौं ।" १ युहन्ना ३:२२ ।

> तपाईंले साँचो प्रेम गर्ने मानिसलाई खुसी पार्न कठिन छैन

११. बाइबलमा उल्लेख गरिएको परमेश्वरका मानिसले दस आज्ञा पालन गर्नु कामद्वारा मुक्ति पाउने विधि होइन भनी म कसरी निश्चिन्त हुन सक्छु ?

*"परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशू माथि विश्वास गर्ने सन्तहरूको धैर्यधारण यसमा छ ।" प्रकाश १४:१२ । "यिनीहरूले थुमाको रगत र आफ्नो गवाहीको वचनको कारण त्यसलाई जितेका छन् र तिनीहरूले मृत्युसम्मै आफ्नो ज्यानको माया राखेनन् ।" प्रकाश १२:११ ।*

उत्तर : आज्ञाकारितालाई कामद्वारा मुक्ति पाउने भन्ने भ्रममा पर्नुहुँदैन । असल काम गरेर मुक्ति कमाउनु नै कर्मको फल हुन जान्छ । बाइबलमा सन्तका चारवटा चरित्रहरूलाई चित्रण गरिएको हामी पाउँछौ । १ आज्ञा पालन गर्ने । २. थुमाको रगतमा विश्वास गर्ने, ३. आफ्नो विश्वास अरूसँग वाँड्ने ४. पाप गर्नुभन्दा मर्न तयार हुने ।

खीष्टलाई प्रेम गर्ने र उहाँलाई जीवनभर पछ्याउने ढृडता व्यक्त गर्ने व्यक्तिको सही पहिचान यहि हो ।

दस आज्ञालाई मुक्ति पाउनका निम्ति मात्र पालन गर्नुको परिणाम दुख र पीडा मात्र हुनेछ । तर, मुक्तिको सौगातलाई अनुभव गरेका मानिस परमेश्वरको व्यवस्था पालनको पथमा हिँड्नका निम्ति रमाउँछ ।

१२. कुन चाहिँ कार्यले खीष्टसँग प्रेमको सम्वन्ध जोड्छ र त्यसले केको संकेत गर्दछ ?

*"यसकारण वप्तिस्माद्वारा मृत्युमा हामी उहाँसँगै गाडियौँ ताकि जसरी पिताको महिमाद्वारा खीष्ट मरेकाहरूवाट जीवित पारिनुभयो त्यसरी नै हामी पनि जीवनको मार्गमा हिँडौँ । ताकि हाम्रो पापमय शरीर नष्ट होस् ।" रोमी ६:४,६ । "ईश्वरीय डाहले म तिमीहरू प्रति ईर्ष्यालु बनेको छु । एउटै पतिकी पवित्र दुलहीको रूपमा तिमीहरूलाई प्रस्तुत गर्ने मैले खीष्टसँग मगनी गरिदिएँ ।" २ कोरिन्थी ११:२ ।*

उत्तर : एउटा साँचो विश्वासीको जीवनमा वप्तिस्माले तिनवटा अर्थयुक्त घटनाहरूको संकेत गर्दछ । १ पापको मृत्यु । २ खीष्टमा नयाँ जीवन ३. अनन्तका लागि खीष्टसँग विवाह । यो आत्मिकी एकता समय संगै वलियो र राम्रो हुँदै जान्छ जबसम्म प्रेम वढदै जान्छ । कुनै पनि विवाहमा प्रेम गुम्नाले, स्वर्गजस्तो जीवन पनि नरक वन्न जान्छ । जब प्रेम हराउँछ तब विवाहको वन्धनले मात्र घर वाँधिन पुग्दछ । त्यसैगरी इसाईहरूले पनि जब खीष्टको प्रेमलाई आत्मसात् गर्दैनन तब उनीहरूको धर्म पनि धर्मकर्मका नियमहरूको थुप्रोको रूपमा मात्र रहन पुग्दछ ।

१३. खीष्टसँगको मेरो प्रेम र विश्वासको विवाह निरन्तर रूपमा वढ्दै जानेछ
भनी कसरी म निश्चिन्त हुन सक्छु ?

*"धर्मशास्त्रमा खोज ।" युहन्ना ५:२९ । "निरन्तर प्रार्थना गरिरहो ।" १ थेसलोनिकी ५:१७ । "यसकारण जसरी तिमीहरूले खीष्टलाई ग्रहण गऱ्यौ, त्यसरी नै उहाँमा जीवन विताओ ।" कलस्सी २:६ । "प्रति दिन म मर्दछु ।" १ कोरिन्थी १५:३१ ।*

उत्तर : कुनै पनि प्रेम आपसी सम्वाद बिना फस्टाउन सक्दैन । यो सम्वन्धलाई वढाउन चाहने हो भने प्रार्थना र दैनिक धर्मशास्त्र अध्ययन गर्नु आवश्यक छ । मेरो आत्मिक जीवनलाई फलदायक बनाउन उहाँको वचन जो उहाँको प्रेम पत्र हो, यसको अध्ययन गर्नुपर्दछ । प्रार्थनामा उहाँसँगको सम्वादले म प्रतिको उहाँसँगको लगाव प्रष्ट हुन्छ जब ममा ज्ञानको वृद्धि भएको अनुभव म गर्दछु ।

मेरो खुसीको लागि उहाँका विभिन्न उपायहरू दैनिक रूपमा उहाँ पाउँदा म अच्चमित हुन्छु ।

परमेश्वरले हाम्रो आत्मिक विवाहलाई दृढ गर्नुहुन्छ

अनन्त समय सम्मका लागि हाम्रो आत्मिक विवाहलाई दृढ गर्न उहाँले मलाई कहिल्यै नत्यागने शपथ खानुभएको छ । (भजनसंग्रह ५५:२२, मत्ती २८:२०, हिब्रु १३:५) मेरो कमीकमजोरी वा स्वास्थमा ध्यान दिनुहुन्छ (भजनसंग्रह ४१:३, यशैया ४१:१०) र मेरो जीवनको विकास गर्ने हरेक आवश्यकतालाई पुरा गर्नुहुन्छ (मत्ती ६:२५-३४) । जब मैले उहाँलाई विश्वासमा ग्रहण गरेँ र उहाँका हरेक वाचाहरू पुरा भएको पाएँ तब मेरो भविष्यको हरेक आवश्यकताका लागि उहाँमा विश्वास राख्न थालेँ र उहाँले मलाई कहिल्यै त्याग्नु भएन ।

१४. के तपाईं आफ्नो जीवनमा येशूलाई निमन्त्रणा गरेर नयाँ जीवनको अनुभव गर्न चाहनुहुन्छ ?

| खीष्टप्रतिको मेरो प्रेम तब गहिरिन्छ, जब म यसलाई अरूसँग बाँड्छु । |
|---|

उत्तरः..............................................................

..............................................................

## तपाईंको विचारमा रहेका प्रश्नहरूका उत्तर

१. कसरी एकजनाको मृत्युले सारा मानिसको पाप मेट्न सक्छ ? मैले पापको कहालिलाग्दो जीवन जिएको छु । परमेश्वरले कसैको पापलाई मेट्नका निम्ति केही विशेष गाह्रो काम गर्नुपर्छ भन्ने मलाई लाग्दछ ।

उत्तर : रोमी ३:२३ ले हामीलाई भन्दछ, “सवैले पाप गरेका छन् ।” । किनकि “पापको ज्याला मृत्यु हो” रोमी ६:२३ र “किनकि सवैले पाप गरेका छन्,” त्यसकारण जन्मने हरेक कोहीका लागि “केही विशेष” गरिनुपर्छ । एक व्यक्ति मात्र सम्पूर्ण जातिका निम्ति मर्न सक्छ जसको जीवन सम्पूर्ण मानिसको जीवन बराबर छ । किनकि येशू सम्पूर्ण जीवनको सृजनकर्ता हुनुहुन्छ र तिनका लेखक हुनुहुन्छ, उहाँले जिउनु भएको जीवन अहिले सम्म जिइएका सम्पूर्ण मानव जीवनहरूको भन्दा भिन्न छ । सारा सृष्टिका लागि उद्धार गर्न सक्ने मात्र होइन तर जो मुक्ति दिन मर्नुभयो, उहाँ मृत्युवाट बौरी पनि उठ्नु पर्दथ्यो । किन ? किनकि विश्वासद्वारा मुक्ति ग्रहण गर्नेले त्यसको फईदा लिन सकोस् । जसको “फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न

सक्नुहुन्छ। किनकि तिनीहरूका निम्ति मध्यस्तताको प्रार्थना चढाउन उहाँ सदैव जीवित रहनुहुन्छ ।" हिब्रु ७:५ ।

२. यदि मैले ख्रीष्ट र उहाँको क्षमालाई ग्रहण गरैं र फेरी पाप गरैं भने के उहाँले फेरि क्षमा गर्नुहुन्छ ?

उत्तर : हामीलाई क्षमा गरिरहनुहुने परमेश्वरको रूपमा हामी विश्वास गर्न सक्छौं यदि हामीले हाम्रो पाप स्वीकार गरी क्षमा माग्यौं भने । "यदि हामीले आफ्ना पाप स्वीकार गर्‍यौं भने उहाँले हाम्रो पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मवाट हामीलाई शुद्ध गर्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।" १ युहन्ना १:९ ।

३. मेरो पापपूर्ण स्थितिमा म कसरी परमेश्वरसँग सम्वन्ध राख्न सक्छु ? के यसका निम्ति कुनै पुजारी वा मण्डलीले मेरा निम्ति प्रार्थना गरिदिनु राम्रो कुरो हुँदैन ?

उत्तर : येशू हामी झैं मानव जीवन व्यतित् गर्नुहुँदा उहाँ पनि परीक्षामा पर्नुभयो । (हिब्रु ४:१५) । हाम्रो कुरा बुझ्ने र हामीसँग सहानुभूति राख्न चाहना गर्ने परमेश्वर हाम्रो साथमा हुनुहुन्छ । हिब्रु ४:१६ ले भन्छ, हामी साहससँग अनुग्रहको सिँहासन नजीक आऔं र कृपा र अनुग्रह प्राप्त गरौं । हामी येशूद्वारा परमेश्वरसँग सिधा सम्पर्क गर्न सक्दछौं । यसका लागि अरू कसैको मध्यस्तता आवश्यक पर्दैन र उहाँको कृपा विश्वास गरी साहससँग येशूको नाउँमा उहाँ कहाँ आउन सक्छौं ।(युहन्ना १४:१५) । १ तिमोथी २:५ ले भन्दछ, "किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसको वीचमा मध्यस्तकर्ता पनि एउटै हुनुहुन्छ- ख्रीष्ट येशू ।"

४. परमेश्वरले मलाई वचाउनका निम्ति गर्नुहुने कार्यमा म केही गर्न सक्छु ?

उत्तर : सक्दैन । उहाँको योजना पूर्ण रूपमा अनुग्रहको हो । (रोमी ३:२४, ४:५) । यो त परमेश्वरको वरदान हो । (एफिसी २:८) । यो सत्य हो कि विश्वासद्वारा उहाँले अनुग्रह दिनुभएको छ र उहाँमा आज्ञाकारी रहन उहाँले चाहना र शक्ति दुवै प्रदान गर्नुहुन्छ । यसैको नतिजास्वरूप हामी उहाँको व्यवस्था पालन गर्दछौं । तसर्थ यो आज्ञाकारिता पनि परमेश्वरको सित्तैको वरदान हो । आज्ञाकारिता र सेवा र प्रेमको सम्वन्ध नै चेलापनको साँचो परीक्षा र ख्रीष्टमा विश्वासको फल हो ।

५. यदि परमेश्वरले मेरो पाप क्षमा गर्नुभयो र र उहाँको परिवारमा मलाई सम्मिलित गर्नुभयो भने के त्यसले मेरो पापको परिणामस्वरूप पाउने भविष्यको सजाय हटाउन वा अझ केही मैले गर्नुपर्दछ ?

उत्तर : धर्मशास्त्रले वताउँछ, "यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन ।" रोमी ८:१ । हाम्रो सारा पापको खातिर येशूले प्राण दिनुभयो । तसर्थ उहाँलाई विश्वासमा ग्रहण गर्नेले अपराध मेट्न कुनै कार्य गर्न जरुरी छैन किनकि थुमाको रगतले सवै धोइपखाली गरेको छ । यशैया ४३:२५ ले क्षमाको सुन्दर बाचा हामीलाई दिएको छ । "म उही हुँ जसले तिम्रो अपराधहरू मेरो अफ्नै खातिर मेटिदिन्छु र तिम्रा पापहरूलाई म सम्झँन्न ।" मीका ७:१८,१९ मा परमेश्वरले आफ्ना जनहरूप्रति राख्ने दृष्टिकोणहरूलाई प्रस्तुत गर्दछ । "तपाईं जस्तो परमेश्वर को छ र जसले पाप क्षमा गर्नुहुन्छ र आफ्नो उत्तराधिकारीका बाँकी रहेका अपराधलाई माफ गरिदिनुहुन्छ ? तपाईं सधैंभरि रिस गरिरहनुहुन्न तर कृपा गर्नमा खुसी हुनुहुन्छ । हामीलाई तपाईं फेरि टिठ्याउनुहुन्छ । तपाईंले हाम्रा पापहरूलाई खुट्टाले कुल्चनुहुनेछ र हाम्रा सारा अधर्मलाई समुद्रको गहिराईमा फलिदिनुहुनेछ ।"

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पाना सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढ्नुहोस । तल दिइएको प्रश्नहरुको उत्तरहरु अध्ययन पुस्तिका पाउन सक्नुहुन्छ । ठीक उत्तर भएको वक्समा ठीक चिन्ह लगाउनुहोस । प्रश्न पछाडिको संख्याले पुर्णाङ्क बुझाउँछ ।

१. परमेश्वरले स्वर्गबाट के कस्तो उपहारमा मानिसलाई खन्याउनुभयो ? (१)

- ❑ बाइबल
- ❑ मण्डली
- ❑ येशू ख्रीष्ट
- ❑ व्यवस्था

२. संसारले अहिले सम्म नदेखेको प्रेमको प्रस्तुति के थियो ? । (१)

- ❑ रोटी र माछा
- ❑ क्रुसमा येशूको मृत्यु
- ❑ पेन्तिकोष्ट
- ❑ पत्रुसको दोष स्वीकार

३. क्रुसमा येशूको वलिदान कसका लागि थियो ? । (१)

- ❑ सबैका लागि
- ❑ धर्मीहरूका लागि मात्र
- ❑ पापीहरूका लागि मात्र
- ❑ जसलाई मुक्तिको खाँचो थियो

४. परमेश्वरले कस्ता खालका मानिसहरूलाई अति प्रेम गर्नुहुन्छ ? (१)

- ❑ मण्डलीका सदस्यहरू
- ❑ वेश्या र चोरहरू
- ❑ सबैलाई समान
- ❑ इसाई
- ❑ इसाई भएर पूर्नजन्म भएका

५. खीष्ट मानव परिवारमा केका निम्ति जन्मनुभएको थियो । (१)

- ❑ पापको जरिवाना तिर्न
- ❑ हाम्रो कमजोरी थाहा पाउन
- ❑ एक सिपालु सिकर्मी बन्न

६. मुक्ति पाउनका निम्ति एक व्यक्तिले के गर्नुपर्दछ ? (१)

- ❑ बाइबल अध्ययन गर्नुपर्छ
- ❑ मण्डलीको सदस्य हुनपर्छ
- ❑ अन्यभाषा बोल्नु पर्छ
- ❑ यसलाई उपहारको रूपमा ग्रहण गर्नुपर्छ

७ हामी के द्वारा मुक्ति पाउछौं ? (१)

- ❑ असल कर्म
- ❑ अनुग्रह
- ❑ चाहना

८. क्षमा र ग्रहणले हामीलाई कतातर्फ डोऱ्याउँदछ । (२)

- ❑ हामीले फेरि पाप गर्ने वाटो
- ❑ निषेधित आनन्दका निम्ति पश्चात्ताप
- ❑ आनन्द र शान्ति
- ❑ अनन्त जीवनको प्रत्याभुति

९. आज्ञाकारिता के मा आधारित हुनुपर्छ । (१)

- ❑ नरकको डर
- ❑ साथीहरूको स्वीकृतिको चाहना

- ❑ येशूको लागि प्रेम

१०. इसाईहरूको व्यवहार, वा आज्ञापालन (१)

- ❑ साँचो परिवर्तनको एक फल हो
- ❑ वैधता हो
- ❑ अनावश्यक कुरा हो

११. खीष्टसँगको विवाह के ले संकेत गर्दछ ?(१)

- ❑ सन्यासी दलमा सहभागी हुनु
- ❑ बप्तिस्मा
- ❑ दाहिने हातमा लगाइएको विवाह औँठी
- ❑ विवाह गर्ने प्रतिवद्धता

१२. खीष्टमा रहने दुई महान् उपायहरू के हुन ? (२)

- ❑ दैनिक बाइबल अध्ययन
- ❑ भेटी दान
- ❑ वङ्गुरको मासुको त्याग
- ❑ प्रार्थना

१३. के येशूलाई मेरो जीवनमा स्वीकार गरेर नयाँ जीवनको अनुभव गर्ने मेरो इच्छा छ ? (१)

- ❑ हो
- ❑ होइन
- ❑ मैले गरिसकेँ ।

# ४ अन्तरिक्षमा विशाल शहर

एक विशाल शहरको वारेमा कुरा गर्नुहोस् । यसको तुलनामा न्युयोर्क, टोकियो र लण्डन केही पनि होइनन् । केही क्षण पर्खनुहोस् तपाईँ अन्तरिक्ष आकाशमा हिँड्न सक्ने यस विशाल शहरको वारेमा रहेका आश्‍चर्यपूर्ण तथ्यलाई बुझ्न केही क्षण पर्खनुहोस् । यी सवै कुरा सत्य हुन, कुनै वैज्ञानिक कल्पना होइन । यस अध्ययन निर्देशिकामा रहेका जानकारीहरूले तपाईँको आत्मालाई रोमाञ्चित गर्नेछ साथै तपाईँको भविष्यका लागि केही आशा दिनेछ ।

पवित्र शहरको शिल्पकार र निर्माणकर्ता परमेश्‍वर हनुहन्छ ।

१. यस अन्तरिक्षीय शहरको योजनाकार र निर्माताको को हुन ?

*"यसैकारण परमेश्‍वर तिनीहरूका परमेश्‍वर भनी पुकारिन सर्माउनुहुन्‍न किनकि उहाँले तिनीहरूका निम्ति एउटा शहर तयार गरिदिनुभएको छ ।" हिब्रु ११:६*

उत्तर : परमेश्‍वरले आफ्ना मानिसहरूका निम्ति एउटा विशाल शहरको निर्माण गरिरहनुभएको छ भनी बाइबल घोषणा गर्दछ र यो शहर तपाईहरूले कसैले कहिल्यै देख्नुभएको भन्दा वास्तविक र सत्य छ ।

परमेश्‍वरको अद्‌भूत्‌शहर उहाँको बासस्थान स्वर्गमा अवस्थित छ ।

२. परमेश्‍वरले निर्माण गर्दै गर्नुभएको यो आश्‍चर्यपूर्ण शहर कहाँ छ ?

*"पवित्र शहर नयाँ जेरूशलेम स्वर्गवाट तलतिर झरिरहेको मैले देखेँ ।" (प्रकाश २१:२) । "हे परमेश्‍वर .... आफ्नो वासस्थान स्वर्गवाट सुन्नुहोस् ।" १ राजाहरू ८:२८-३०)*

उत्तर : निर्माणाधीन अवस्थामा रहेको शहर अहिले हामी भन्दा धेरै टाढा आकाशमा रहेको छ जसलाई स्वर्ग भनिन्छ।

विभिन्‍न राज्यहरुसंग पवित्र शहरको आकार तुलना गरिएको कुरामा बिचार गर्नुहोस् ।

३. यस आश्‍चर्यपूर्ण शहरका वारेमा धर्मशास्त्रले कसरी व्याख्या गर्दछ ?

उत्तर : **क. आकार**

त्यो शहर वर्गाकार थियो ।त्यसको चौडाई र लम्बाई वरावर थियो । तिनले त्यस धागोले नाप्दा त्यो शहर दुई हजार चारसय किलोमिटर थियो । (प्रकाश २१:१६) । त्यो शहर पूर्णरूपमा वर्गाकार छ । यसको परिधि दुई हजार चारसय किलोमिटर छ अर्थात १५०० माइल । यसको एक भाग ३७५ माइल लामो छ ।

**ख. नाम**

प्रकाश २१:२ मा यस शहरलाई "नयाँ जेरूसलेम" भनिएको छ ।

**ग. पर्खाल**

"स्वर्गदूतले त्यसको पर्खाल पनि नापे र मानिसले चलाएको

नाप अनुसार त्यो पैंसठ्ठी मिटर लामो थियो । त्यो पर्खाल विल्लौरले बनेको थियो र सफा काँच जस्तै त्यो देखिन्थ्यो ।" प्रकाश २१:१७,१८

**घ. ढोकाहरू**

"त्यसका वाह्र ढोकाहरू थिए । पूर्वमा तिन ढोकाहरू,

उत्तरमा तिन, दक्षिणमा तिन र पश्चिममा तिन ढोकाहरू थिए । ती वाह्र ढोकाहरू मोतीका थिए । प्रत्येक ढोका मोतीका थिए ।" प्रकाश २१:१२,१३,२१। त्यो शहरका वाह्र ढोकाहरू थिए र हरेक ती मोतीले बनेका थिए ।

**ङ. जग**

"शहरको पर्खालका वाह्र जग थिए । पर्खालका जगहरू अनेक किसिमका महुमुल्य रत्नहरूले जडिएका थिए । पहिलो जग विल्लौराको, दोस्रो नीर, तेस्रो हरित रत्न, चौथो पन्ना, पाँचौ अनिवस, छैठौ लालमणी, सातौं पितमणी, आठौ वेरूज, नौवौं पुष्पराज, दसौं लसुने, एघारौं लिलमणी र वाहौं कटेलाको थियो ।" प्रकाश २१:१४-२०

त्यस शहरका पूर्ण वाह्रवटा जग थिए । हरेक वहुमुल्य रत्नहरूले बनेका थिए । इन्द्रेणीहरूका हरेक रङ्गहरू प्रतिनिधित्व भएका थिए । त्यसकारण टाढावाट इन्द्रेणी आइबसेको भान हुन्थ्यो ।

**च. वाटोहरू**

"त्यस शहरको सडक चहकिलो शिशाजस्तो,निखुर सुनको जस्तो थियो । प्रकाश २१:२१

**छ. ढाँचा**

"दुलहाको निम्ति दुलही जस्तै गरी श्रृङ्गारिएर तयार पारिराखेकी त्यसमा परमेश्वरको महिमा थियो, त्यसको चमक वहुमुल्य रत्नहरू तथा बिल्लौर स्फटिकजस्तो चहकिलो थियो । त्यो वर्गाकार थियो । त्यसको लम्बाई, चौडाई र उचाई समान थियो । प्रकाश २१:२,११,१६ ।

बहुमुल्य रत्नहरू, सुन र टल्कने सौन्दर्यले सुसज्जित त्यस शहर परमेश्वरको महिमाको उज्यालो हुनेछ । परमेश्वरको आश्चर्यपूर्ण

चित्रण त्यस भित्र रहेकोले "दुलहाका निम्ति श्रृगारिएको दुलही" भनि तुलना गरिएको छ ।

विभिन्न रत्नहरूले बनेका पवित्र शहरका पर्खालहरू २० तला अग्ला छन ।

४. उक्त शहरको कुन अद्भुत लक्षणले हरेक व्यक्तिलाई अनन्त यौवन र जीवनको निश्चियता दिँन्छ ?

*"त्यस शहरको वीचवाट जीवनको पानीको नदी वगिरहेका थियो । त्यस नदीको किनारमा जीवनको वृक्ष थियो जसले हरेक महिना वाह्रै किसिमको फल दिन्थ्यो । त्यसका पातहरू जाति जातिलाई निको पार्नका निम्ति थिए । " प्रकाश २२:२ । "त्यसले जीवनको रूखको फल टिपेर खान नपाओस्, नत्रभने त्यो सधैँ भरी जीवित रहला ।" उत्पती ३:२२ ।*

उत्तर : जीवनको रूख जसले वाह्रै महिना फल फलाउँछ, त्यस शहरको मध्य भागमा छ । त्यसले अविनासी जीवन र यौवन ल्याउँछ । जसले त्यो खान्छ त्यसले यी सव पाउँदछ । साथै यसका पातहरूमा पनि विलक्षण गुणहरू छन् अतः यस रूखले हरेक महिना नयाँ फलहरू फलाउने गर्दछ ।

शहरका प्रत्येक द्वारहरू शुद्ध मोतीले बनेका छन् ।

५. त्यो विलक्षण शहर पृथ्वीमा ओर्लने कुरा सत्य हो ?

*"अनि मैले परमेश्वरवाट दुलहाको निम्ति दुलही जस्तै श्रृङ्गारिएर तयार पारिएकी अर्थात पवित्र शहर नयाँ जेरूसलेम स्वर्गवाट तलतिर झरिरहेकी देखैं ।" प्रकाश २१:२ । "धन्य नम्रहरू । तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन् ।" मत्ती ५:५ । "धर्मीहरूले पृथ्वीमा आफ्नो प्रतिफल पाउनेछन् ।" हितोपदेश ११:३१ ।*

उत्तर : अवश्य । उक्त वैभवशाली शहर पृथ्वीमा झर्नेछ र नयाँ पृथ्वीको राजधानी वन्ने छ । सवैधर्मी जनहरूको उक्त शहरमा वासस्थान हुनेछ ।

शहरका बाटाहरू शुद्ध सुनले बनेका हुनेछन् जसले स्वर्गको महिमालाई प्रतिविम्वित गर्नेछ ।

६. त्यसबेला पाप र पापीहरूको अवस्था के हुनेछ ?

*"सबै दुष्ट काम गर्नेहरू ठुटा जस्तै हुनेछन् र त्यो आउने दिनहरूले उनीहरूलाई आगोमा भष्म पार्नेछ ।" मलाकी ४:१ । "स्वर्गवाट आगो झरेर तिनीहरूलाई भष्म पाऱ्यो । (प्रकाश २०:९) । "तत्वहरू आगोको रापले पग्लिनेछन् र पृथ्वी र त्यसमा भएका सवैथोक भष्म हुनेछन् ।" २ पत्रुस ३:१० । "तिमीहरूले दुष्टलाई खुट्टाले कुल्चनेछौ । जुन दिन म त्यस्तो काम गर्छु त्यस दिन उनीहरू तिमीहरूका पैताला मुनि खरानी जस्तै हुनेछन् ।" मलाकी ४:३ । "उहाँको प्रतिज्ञा वमोजिम हामी नयाँ स्वर्ग*

*र नयाँ पृथ्वीको वाटो हेर्छौं जसमा धार्मिकताले वास गर्छ ।" २ पत्रुस ३:१३ ।*

उत्तर : परमेश्वरले आगोद्वारा पाप र पापीहरूलाई नष्ट गर्नुहुनेछ । उक्त आगोले पृथ्वीमा रहेका सवैलाई भष्म गर्नेछ र आगोमा परिणत गर्नेछ । त्यसपछि परमेश्वरले पुर्ण नयाँ पृथ्वी बनाउनुहुनेछ र उक्त शहर त्यसको राजधानी बन्नेछ । त्यहाँ धर्मीहरू उमङ्ग, शान्ति र पवित्रतामा अनन्तसम्म जीउनेछन् । पापको उदय फेरि कहिल्यै हुनेछैन भनी परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ (नहूम १:९) । (नरकको वारेमा थप जानकारीको लागि अध्ययन निर्देशिका ११ हेर्नुहोस् ।)

७. कस्तो ताजगी र सनसनीपूर्ण प्रतिज्ञा परमेश्वर आफ्नो राज्यमा पस्ने मानिसहरूसँग गर्नुहुन्छ ?

स्वर्गका रूखहरूको फल खानेको अनन्तको जीवन र जवानी ल्याउँछ ।

उत्तर : क. परमेश्वर मानिसहरूसँग रहनुहुनेछ । (प्रकाश २१:३)

ख. तिनीहरूलाई कहिल्यै पनि दिक्क लाग्नेछैन । त्याहाँ अनन्तको लागि खुसीयाली रहनेछ । भजनसंग्रह १६:११ ।

ग. त्यहाँ अब कुनै मृत्यु, पीडा, आँसु, दु:ख, रोग, उपचारको खाँचो, विछोड, समस्या, भोक वा तिर्खा हुनेछैन । प्रकाश २१:४, यशैया ३३:२४, प्रकाश २२:३, यशैया ६५:२३, प्रकाश ७:१६)

घ. उनीहरू थकित हुनेछैनन । (यशैया ४०:३१) ।

ङ. सवै वचाइएका मानिसहरू शारीरिक रूपमा पूर्ण हुनेछन् । वहिराहरूले सुन्नेछन्, अन्धाहरूले देख्नेछन्, लाटाहरूले गीत गाउनेछन् र लङ्गडाहरू कुद्न सक्नेछन् । (यशैया ३५:५,६, फिलिप्पी ३:२१) ।

च. डाह गर्नेहरू, डरपोकहरू, घृणितहरू, हत्याराहरू, व्यभिचारीहरू, जादुगरहरू, झूठाहरू, घृणित काम गर्नेहरू र मुर्तीपुजकहरू सधैंका लागि परमेश्वरको राज्यवाट निकालिनेछन् । (प्रकाश २१:८,२७, २२:१५) । मानिसलाई नराम्रो कुरा तर्फ डोर्याउने कुराहरूका लागि उनीहरूले चिन्ता गर्नु पर्नेछैन । स्नायुभङ्ग कहिल्यै हुनेछैनन् । समय अनन्तको हुनेछ र पृथ्वीका निम्ति दवावको रूपमा रहेको अन्तिम म्याद सदाका लागि समाप्त हुनेछ ।

८. नयाँ पृथ्वी अहिलेको हाम्रो पृथ्वी भन्दा कुन रूपमा फरक हुनेछ ?

पवित्र शहर पथ्वीमा आर्लनेछ र अनन्तको जीवन र जवानी ल्याउँछ ।

उत्तर : क. अहिले हामीले जानेका ठूल-ठूला समुद्रहरू हुनेछैनन् । (प्रकाश २१:१०)

अहिलेको पृथ्वीको ३/४ भाग पानी छ । परमेश्वरको नयाँ राज्यमा यसो हुनेछैन । सम्पूर्ण व्रम्हाण्ड एक विशाल वगैंचाको रूपमा रहनेछ जहाँ अद्धितीय सौन्दर्य हुनेछ र हिमाल, ताल र नदीहरू वीचमा राखिएका हुनेछन् ।

ख. मरूभुमिहरू वगैंचा बन्नेछन् (यशैया ३५:१,२)

ग. सबै जनावरहरू अहिंस्रक हुनेछन् । कसैले पनि एकआर्कालाई हानी पुऱ्याउने छैन र साना बालकहरूले पनि तिनीहरूलाई डोऱ्याउन सक्नेछन् । (यशैया ६५:२५, ११:६-९)

घ. त्यहाँ कहिल्यै पनि श्राप हुनेछैनन् । (प्रकाश २२:३)

ङ. त्यहाँ कुनै किसिमको हिंसा रहनेछैनन् । (यशैया ६०:१८) यसले अपराध, आँधीबेरी, वाढी, भुकम्प, घाऊ चोटपटक आदिलाई रोक्नेछ ।

च. अशुद्ध पार्ने कुनै किसिमको नयाँ कुरा पृथ्वीमा पाइनेछैन । - प्रकाश २१:२७) । त्यहाँ कुनै चुरोटका ठूटा र सुर्तीजन्य पदार्थ, जड्याँहा, अश्लिल चित्रहरू जस्ता अशुद्ध तुल्याउने केही कुरा रहनेछैनन् ।

पवित्र शहर पृथ्वीमा ओर्लनेछ र अनन्तको जीवन र जवानी ल्याउँछ ।

९. के परमेश्वरको राज्यमा बालकहरू हुनेछन् ? यदि हुनेछन् भने के तिनीहरू हुर्कनेछन् ?

*"शहरका गल्ली गल्ली चाहिँ खेल्ने केटाकेटीहरूले भरिएका हुनेछन् ।" जकरिया ८:५ । "गोठ छाडी निस्किएका वाछा जस्तै तिमीहरू चाहिँ वाहिर निस्कनेछौ ।" मलाकी ४:२*

उत्तर : हो, त्यस पवित्र शहरमा धेरै केटाकेटीहरू हुनेछन् (यशैया ४:६-९) र ती तन्नेरीहरू हुर्कनेछन् (मलाकी ४:२) । आदमको समय देखि नै हामी वुद्धिमा, कार्यक्षमतामा र शरीरको उचाईमा विग्रिदै आएका छौं तर ती सवै पुर्नस्थापित हुनेछन् । (प्रेरित ३:२०,२१) ।

आफ्नो नयाँ राज्यमा परमप्रभु मानिसहरूको बिचमा वास गर्नुहुनेछ ।

१०. स्वर्गमा जब आफ्ना प्रेमिजनहरू एकआपसमा मिल्नेछन्, के तिनीहरूले एकआर्कालाई चिन्नेछन् ?

*"त्यसबेला चाहिँ पुरै बुझ्नेछु जसरी म पनि पुर्ण रूपले चिनिएको छु ।" १ कोरिन्थी १३:१२*

उत्तर : परमेश्वरको राज्यमा धार्मिकताका साथ जीउनको लागि धार्मिकता मन पराउनेहरू उठाइनेछन् भनी बाइबलले स्पष्ट रूपमा भन्दछ । ( यशैया २६:१९, यर्मिया ३१:१५-१७, १ कोरिन्थी १५:५१-५५, १ थेसलोनिकी ४:१३-१८) । अहिले यस पृथ्वीमा एकअर्कालाई चिने झैं मानिसहरूले एकआर्कालाई स्वर्गमा पनि चिन्नेछन् भनी धर्मशास्त्र भन्दछ ।

११. के स्वर्गमा उनीहरू वास्तविक हाड र मासुले बनेका हुनेछन् ?

*"येशू तिनीहरूको बीचमा खडा हुनुभयो र भन्नुभयो, "तिमीहरूलाई शान्ति होस् ।" तिनीहरू तर्से र डरले आत्तिए र "हामीले त प्रेत देखिरहका छौं" भनी ठाने । तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन विचलित हुन्छौ र तिमीहरूका हृदयमा किन शंका उत्पन्न हुन्छ ? मेरा हात र पाऊ हेर म नै हुँ, मलाई छोएर हेर । किनकि प्रेतका हात र खुट्टा हुँदैनन् तर तिमीहरू देख्छौ मेरो हात छ।" तर खुसीले पत्यार गर्न नसकी तिनीहरू छक्क पर्दा उहाँले भन्नुभयो, "के तिमीहरू सँग केही खानेकुरा छ ?" तिनीहरूले पकाएको माछाको एक टुक्रा उहाँलाई दिए । अनि उहाँले त्यो माछा लिएर तिनीहरूका सामुन्ने खानुभयो । त्यसपछि उहाँले तिनीहरूलाई बेथानियासम्म लैजानुभयो र आफ्नो हात उठाएर तिनीहरूलाई आशिष दिनुभयो र आशिष दिँदै गर्नुहुदाँ उहाँ तिनीहरूबाट छुट्टिनुभयो र स्वर्गमा उचालिनुभयो ।" लूका २४:३६-३९, ४१-४३, ५०,५१ । "यहि येशू जो स्वर्गमा उचालिनुभयो अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ त्यसरी नै उहाँ फेरी आउनुहुनेछ ।" (प्रेरित १:११) । प्रभु येशूले हाम्रो हीन शरीरलाई आफ्नै महिमाको शरीर जस्तै हुनलाई परिवर्तन गरिदिनुहुनेछ । ( फिलिप्पी ३:२०,२१) ।*

> अहिलेको समयमा रहेका विशाल सागरहरू स्वर्गमा हुनेछैन ।

उत्तर : उहाँको पुनरूत्थान पछि येशूले आफूलाई छुन दिएर र खानेकुराहरू खानुभएर आफ्ना चेलाहरूको सामु आफ्नो हाड र मासुको शरीर रहेको कुरा प्रमाणित गर्नुभयो । यहि येशू जो हाड र मासुको शरीर लिई आफ्नो पिता कहाँ जानुभयो, फेरि यस पृथ्वीमा आउनुहुनेछ । धर्मीहरूलाई ख्रीष्टको झै शरीर दिइनेछ र उनीहरू वास्तविक हाड र मासुको शरीर भएको मानिस हुनेछन् । फरक यति मात्र कि स्वर्गीय शरीर कहिल्यै मर्नेछैन र नष्ट हुनेछैन । स्वर्गमा वचाइएकाहरू भूत झै बादलमा हिँड्नेछन् र अरू केही काम नगरी विणा मात्र बजाई हिँड्नेछन् भन्ने कुराको जुन शिक्षा दिइन्छ, धर्मशास्त्रमा त्यसको कुनै आधार भेट्टिदैंन । आफ्ना मानिसहरू जसले उहाँलाई इमानदारीपूर्वक पछ्याउँछ र उहाँका वाटोमा हिँड्छन्, तिनीहरूलाई येशूले यस्तै नचाहिँदो मुर्ख कुरा दिनलाई क्रुसमा टाँगिनुभएको होइन । धेरै मानिसहरूलाई यस्ता कुराहरूलाई मन पराउँदैनन् त्यसकारण उनीहरू परमेश्वरको राज्यमा जान कुनै रूची देखाउँदैनन् । यति मात्र सवै मानिसहरूले सवै ठाउँमा परमेश्वरको पवित्र शहर र नयाँ पृथ्वीको बारेमा थाहा पाए भने

> नवसृजना गरिएको पृथ्वीमा साना बालबालिकाहरू सिंहसँग खेल्नेछन् ।

लाखौँले उहाँको प्रेमका बारेमा बुझ्न सुरू गर्नेछन् र आफ्नो सारा हृदय उहाँतिर फर्काउनेछन् । जुन व्यक्तिले परमेश्वरको राज्य चुकाउनेछन्, त्यो उसको जीवनको सबैभन्दा ठूलो भूल हुनेछ ।

> नयाँ पृथ्वीमा कुनै पनि प्रकारको दैवी प्रकोप पर्नेछैन

१२. स्वर्गीय राज्यमा धर्मीजनहरूले कसरी आफ्ना समय व्यतित गर्नेछन् ?

*"तिनीहरूले त्यहाँ घर बनाएर तिनमा बस्नेछन् । तिनीहरूले दाखबारी लगाएर त्यसको फल खानेछन्। तिनीहरूले घर बनाएर तिनमा अरूहरू बस्ने र तिनीहरूले रोपेर अरूहरूले खाने कहिल्यै हुनेछैन । मेरा छानिएकाहरूले आफ्नो हातले गरेका काम धेरै दिनसम्मै भोग गर्नेछन् ।" यशैया ६५:२१,२२) ।*

उत्तर : धर्मीजनहरूले नयाँ पृथ्वीमा आफ्ना घर आफैले बनाउनेछन् । हरेकसँग ख्रीष्टले बनाउनुभएको शहरको भवन हुनेछ (युहन्ना १४:१-३) । तिनीहरूले दाखबारी लगाउनेछन् र त्यसको फल खानेछन् । बाइबल स्पष्ट छ । अर्थात मानिसले स्वर्गमा यथार्थ काम गर्दछन् र ति सबै आनन्ददायी हुन्छन् ।

> जेरुसलेममका बाटाहरू साना साना बच्चाहरूले भरिनेछ ।

१३. मुक्ति पाएकाहरू अन्य कस्ता रोचक कार्यहरूमा व्यस्त हुनेछन् ?

उत्तर : क. स्वर्गीय सङ्गीतमा गाउनेछन् र खेल्नेछन् (यशैया ३५:१०, ५१:११, भजनसंग्रह ८७:७, प्रकाश १४:२-३) ।

ख. हरेक विश्राम दिनमा परमेश्वरको सिँहासनअगाडि स्तुति गर्नेछन् ( यशैया ६६:२२,२३) ।

ग. कहिल्यै नसुक्ने फूलहरू र रूखहरूको आनन्द लिनेछन् ( इजिकिएल ४७:१२, यशैया ३५:१-२)

घ. धर्मगुरूहरू र अगमवक्ताहरूसँग यात्रा गर्नेछन् (मत्ती ८:११, प्रकाश ७:९-१७) ।

ङ. स्वर्गका जनावरहरूको अध्ययन गर्नेछन् (यशैया ११:६-९, ६५:२५)

च. कहिल्यै नथाक्ने गरी यात्रा र अनुसन्धान गर्नेछन् (यशैया ४०:३१) ।

छ. परमेश्वरको गीत सुन्नेछन् (सपन्याह ३:१७) ।

ज. मनोरथ पुरा भएको आभास गर्नेछन् (भजनसंग्रह ३७:३,४, यशैया ६५:२४) ।

झ. सबैभन्दा वढि खुसी र आनन्द प्राप्त गर्नेछन् । येशूसँगै यात्रा गर्नेछन् र उहाँसँग प्रत्यक्ष रहन पाउनेछन् । (प्रकाश १४:४,२२:४, २१:३, १ यूहन्ना ३:२) ।

१४.	के दुर्बल मानिसको भाषाले साँच्चै स्वर्गीय महिमाको वर्णन गर्न सक्नेछ ?

स्वर्गमा वास्तविक मानिसहरूले वास्तविक आनन्दको अनुभूति गर्नेछन् ।

*"आँखाले नदेखेका, कानले नसुनेका र मानिसले मनमा नसोचेका यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार गर्नुभएको छ ।" १ कोरिन्थी २:९ ।*

*उत्तर :* परमेश्वरको अनन्तको राज्यको वर्णन मानिसले आफ्नो सपनामा पनि नदेखेको र हृदयमा पनि नसोचेको झैँ हुनेछ । आदमले गुमाएका हरेक थोक पूनर्स्थापित हुनेछन् । (प्रेरित ३:२०,२१) ।

१५.	के यो राज्य व्यक्तिगत रूपमा मेरा लागि तयार गरिएको हो ?

मानिसको कुनैपनि शब्दले स्वर्गको महिमा र त्याहाँको विशुद्ध सीतको वर्णन गर्न सक्नेछैन ।

*"जसले इच्छा गर्छ, त्यसले जीवनको पानी सितैमा लिओस् ।" प्रकाश २२:१७ । "स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलाउने किसिमका छन् ।" १ पत्रुस १:४ । "म तिमीहरूका निम्ति ठाउँ तयार पार्न गएँ ।" युहन्ना १४:२ ।*

उत्तर : यो तपाईंका निम्ति व्यक्तिगत रूपमा तयार गरिएको हो । परमेश्वरद्वारा दिइएका निमन्त्रणा पनि तपाईंका निम्ति व्यक्तिगत हो यदि यसलाई इन्कार गरियो भने, मित्र यसको दोष अरू कसैलाई दिन पाइनेछैन ।

स्वर्गमा हामी बाइबलका विभिन्न नायक र भविष्यवक्ताहरूको मित्र बन्न सक्छौँ ।

१६.	म त्यो महान् र महिमामय राज्यमा स्थान पाउनका निम्ति कसरी निश्चिन्त हुन सक्दछु ?

स्वर्गको बगैँचाको उपभोग गर्न पाउनाले हामीमा अवर्णनीय आनन्द सन्तोष छाउनेछ ।

*"हेर म ढोकाहरूमा उभिएर ढक्ढक्याउँछु । कसैले मेरो स्वर सुनेर ढोका खोलिदियो भने म त्यसकहाँ पस्छु र त्यससँग भोजन गर्नेछु र त्यसले मसँग खानेछ । (प्रकाश ३:२०) । "जीवनको वृक्षको हक पाउन र शहरका ढोकाहरूवाट भित्र पस्न पाउँ भनी आफ्ना वस्त्र धुनेहरू धन्यका हुन ।" प्रकाश २२:१४) । "मलाई प्रभु-प्रभु भन्ने सबैले स्वर्गीय राज्यमा प्रवेश गर्न पाउने छैनन् । स्वर्गमा हुनुहुने मेरो पिताको इच्छा पालन गर्ने मानिसहरूले मात्र स्वर्गीय राज्यमा प्रवेश पाउनेछन् ।*

मत्ती७:२१ । तर जतिले उहाँलाई ग्रहण

हामीले कल्पना गर्न सक्ने सबैथोक भन्दा गरिमामय र असल हुनेछ –स्वर्ग

गरे र उहाँको नाउँमा विश्वास गरे उहाँले तिनीहरूलाई परमेश्वरको सन्तान हुने अधिकार दिनुभयो । प्रभु येशूको रगतले हामीलाई सबै पापहरूबाट शुद्ध गरेको छ ।"

उत्तर : बाइबलले यसलाई प्रष्ट गरेको छ । यो अति सरल छ । आफ्नो पाप पखाल्न तपाईँ आफ्नो जीवन येशूलाई दिनुहोस् । जब तपाईँ यसो गर्नुहुन्छ, उहाँले पनि तपाईँलाई आफ्नो शक्ति दिनुहुन्छ ताकि उहाँको आज्ञा पालन गरी उहाँकै इच्छा पालन गर्न सकियोस् । यसको मतलब तपाईँ पनि ख्रीष्ट झैं जीवन जीउन सुरू गर्नुहोस् र पाप माथि विजय प्राप्त गर्नुहोस् ।" "जसले विजय प्राप्त गर्छ, त्यसले त्यो अधिकार पाउँछ ।" प्रकाश २१:७ । छोटकरीमा भन्नुपर्दा जब तपाईँ आफ्नो हृदयमा स्वर्ग बनाउनुहुन्छ तब तपाईँ स्वर्गजान तयार रहनुहुन्छ ।

> येशू आफै तपाइँका निम्ति स्वर्ग तयार गर्दै हुनुहुन्छ । उहाँलाई तपाइँका ख्याल छ

१७. के तपाईँले स्वर्गीय राज्यमा ख्रीष्ट सँगै सधैँका लागि बस्न पाउने उहाँको महिमामय प्रस्तावलाई स्वीकार गर्ने निर्णय गर्नुभयो ?

> जब येशू हाम्रो हृदयमा बास गर्नुहुन्छ र हम्रो घरमा रहनुहुन्छ, उहाँको स्वर्गीय राज्यमा हाम्रो स्थान पक्का छ ।

उत्तर.......................................................................................

...........................................................................................

## तपाईँको विचारमा रहेका प्रश्नहरूको उत्तर

१. जब मोक्ष पाएकाहरूले आफ्ना स्नेही जनहरू गुमाउँछन् भने स्वर्ग कसरी रमाइलो स्थान बन्न सक्छ?

उत्तर : परमेश्वरले तिनीहरूका आँखाबाट पूर्णरूपमा आँसु पुछिदिनुहुनेछ भनी बाइबलले घोषणा गर्दछ (प्रकाश २१:४) । सौन्दर्य र खुसीले भरिपूर्ण पृथ्वीमा परमेश्वर द्वारा बचाइएका जनहरूले बिछोडको चोट र हृदयको बेदना बिर्सनेछन् । "अघिअघिका कुराहरूको सम्झना हुनेछैन न ती मनमा आउनेछन्।" यशैया ६५:१७ ।

२. बाइबलले भन्दछ, "मासु र रगत स्वर्गको हकदार हुन सक्दैन ।" १ कोरिन्थी १५:५० । त्यसोभए कसरी मुक्ति पाइएकाहरू रगत र मासुका हुनेछन् ?

उत्तर : बाइबलमा यहाँ मासु भन्ने शब्द परिवर्तन नभएका व्यक्तिहरूको ( पाप स्वभावको वसमा हुनेहरू) का लागि प्रगोग गरिएको हो । उस्तै विचार रोमी ८:८,९ मा पनि व्यक्त गरिएको छ । "पाप स्वभावको वसमा हुने मानिसहरूले परमेश्वरलाई प्रसन्न गर्न सक्दैनन् । यदि

साँचै परमेश्वरको आत्मा तिमीहरूमा वास गर्नुहुन्छ भने तिमीहरू पाप स्वभावका होइन तर पवित्र आत्मामा हुनेछौ ।" युहन्ना ३:६ ले यसो भन्छ, "शरीरवाट जन्मेका शरीर हो, र पवित्र आत्मावाट जन्मेको पवित्र आत्मा हो ।" फेरि यहाँ शरीर भन्नाले पाप स्वभावमा रहेका व्यक्ति बुझिन्छन् भने आत्मा भन्नले पुन: जन्मिएका वा परिवर्तन भएका व्यक्तिलाई संकेत गर्दछ । त्यसैले पवित्र शास्त्र यहाँ के प्रष्ट गर्न चाहन्छ भने, जबसम्म परिवर्तनले प्रथम स्थान पाउँदैन र शरीर आत्मामा परिवर्तन हुँदैन तबसम्म कोही पनि परमेश्वरको राज्यमा छिर्न पाउँदैन । पुनरूत्थान पछि येशूले घोषणा गर्नुभयो, "म साँचो रूपमा मासु र रगतमा छु ।" लूका २४:३९ । हामीसँग पनि उहाँको जस्तै शरीर हुनु आवश्यक छ जुन फिलिप्पी ३:२१ले वर्णन गरेको छ ।

३. के पवित्र शहरको मुख्यद्वारको मुख्य व्यक्ति पत्रुस प्रेरित हुन् ?

उत्तर : होइन । बाइबलले प्रकाश २१:२२ मा वताए अनुसार परमेश्वरको उक्त शहर नयाँ जेरूसलेममा १२ वटा ढोकाहरू हुनेछन् र हरेक ढोकामा स्वर्गदूतहरू रहनेछन् । ढोकाको मुख्य व्यक्ति पत्रुस रहनेछन् भनी बाइबलमा कहिँ पनि उल्लेख छैन ।

४. के वास्तवमै उक्त शहरमा हरेक उमेरका वचाइएका मानिसरू रहनका लागि ठाउँ पर्याप्त हुनेछ ?

उत्तर : यदि उक्त शहरमा धेरै मानिसहरू भए र वचाइएका हरेक मानिसहरूलाई १०० वर्ग फिट जमीनको सतह दिने हो भने त्यहाँ ३९ अर्व मानिसहरूलाई ठाउँ पुग्नेछ जुन अहिले संसारमा रहेका सारा मानिसहरू पनि वाँच्ने हो भने पनि त्यहाँ पर्याप्त ठाउँ हुनेछ । तर थोरै मानिसहरू मात्र वाँच्नेछन् भनी धर्मशास्त्रले स्पष्ट गर्दछ ( मती ७:१४) । त्यसैले उक्त शहरमा रहनका लागि पर्याप्त ठाउँ रहनेछ।

५. कहिलेकाहीँ म सोच्ने गर्छु, मैले पाउने इनाम भन्दा मेरो त्याग ठूलो देखिन्छ । सैतानले प्राय:जसो मलाई आफ्नो ललकारमा छोप्न खोज्छ ? के बाइबल यस सम्वन्धमा हामीलाई केही उत्साह प्रदान गर्छ ?

उत्तर : हो अवश्य गर्छ । पावल प्रेरितले तपाइँहरू झैं सोच्ने व्यक्तिहरूलाई मध्यनजर गरेर यसो लेखेका छन्, "हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन् ।" रोमी ८:१८ । अनन्त राज्यको एउटा झल्कोले मात्र सारा वाधाहरू तथा सवभन्दा खराब परीक्षाहरूको कारण पनि अर्थहीन हुन पुग्छन् र वचाइएकाहरू कराउन थाल्छन्, "हल्लेलुयाह, स्वर्ग सुलभ भयो ।"

६. के साना नानीहरू जो यहाँ मर्दछन्, तिनीहरू परमेश्वरको राज्यमा बचाइनेछन् ?

उत्तर : यस प्रश्नको उत्तर बाइबलमा स्पष्ट छैन् । तर धेरैले विश्वासका साथ यो भन्न रूचाउँछन् कि मत्ती २:१६-१८ को आधारमा तिनीहरू बचाइन्छन् । डराएका हेरोदले जेरूसलेमका दुईवर्ष भन्दा मुनीका हरेकलाई मार्ने आज्ञा दियो । पुरानो नियमले यस त्रसित र दु:खपूर्ण घटनाका वारेमा उल्लेख गरेको छ र परमेश्वरले ति आत्माहरूलाई रून वन्द गर्न आग्रह गर्दै भन्नुहुन्छ, "तिमीहरूका बच्चा तिमीहरूलाई एक दिन अवश्य फिर्ता गरिनेछ । रोदनको स्वर रोक तेरा छोराछोरी तिनीहरूको आफ्नै देशमा एक दिन फर्किआउनेछन् ।" यर्मिया ३१:१६,१७ । यो अवश्य नै त्यही पुनर्स्थापनाको आधार हो ।

७. के स्वर्ग मुक्ति पाएकाहरूको घर यस पृथ्वीमा नै हुनेछ भन्ने मैले सोचेको कुरा सत्य हो ?

उत्तर : हो सत्य हो । तथापी उक्त शहर अहिले परमेश्वरकहाँ छ । उहाँ त्यसलाई पृथ्वीमा सार्नुहुन्छ । पाप र पापीहरूको आगोद्वारा विनास गरिनेछ र पृथ्वी नयाँ स्वरूपको बनाइनेछ, अदनको महिमा र सौन्दर्य धर्मीहरूलाई दिइनेछ । पवित्र शहर उक्त नयाँ पृथ्वीको राजधानी हुनेछ र परमेश्वरले अफ्नो सिँहासन यहाँ राख्नुहुनेछ । ( प्रकाश २१:२,३, २२:१,३) र अनन्तकालसम्म धार्मिक भई यहाँ रहनुहुन्छ । जहाँ परमेश्वर बस्नुहुन्छ, त्यही स्वर्ग हो । आदमले गुमाएका कुराहरूलाई मानिसहरूमा पुनर्स्थापित गर्नु नै परमेश्वरको योजना हो : सिद्ध ग्रहमा सिद्ध जीवनको महिमा । सैतान र पापले परमेश्वरको योजनामा वाधा दिए तर योजना लागू गरिनेछन् । यी कुराहरू हामी नयाँ राज्यमा वाँड्न सक्ने छौ र वाँड्नुपर्छ । यदि गुमायौं भने भारी पर्नेछ । (यस विषयमा थप जाकारीको लागि अध्ययन निर्देशिका १२ हेर्नुहोस्) ।

८. ती उद्धार पाएकाहरूका घर भूतको वासस्थान कुहिरो जस्तोमा हुन्छ जो वादलमा तैरिन्छन् र अरू केही काम नगरी वीणा मात्र वजाउँछन् भन्ने कुरा धेरैले सिकाउँछन र विश्वास गर्छन । किन ?

उत्तर : यस्ता शिक्षा झूठका जन्मदाता सैतानवाट उब्जन्छन् (युहन्ना ८:४४) । ऊ परमेश्वरको स्नेही योजनालाई वंग्याउन सदा तत्पर रहन्छ र स्वर्गलाई अवास्तविक भूतहरूको घर भनी प्रस्तुत गर्दछ यसकारण मानिसहरूले स्वर्गीय राज्य प्रतिको रूची गुमाउनेछन् र परमेश्वरको वचनको खिल्ली उडाउनेछन् । मानिसहरूले जब वचाइएहरू स्वर्गीय राज्यको वारेमा बाइबलीय सत्यलाई थाहा पाउँछ तब सैतानको

शक्ति टुक्रनेछ किनकि उनीहरू त्यस राज्यमा पस्न प्रयास गर्नेछन् भन्ने कुरा सैतानलाई थाहा छ । त्यसकारण ऊ मिहिनेत साथ स्वर्गीय राज्यको वारेमा झूठा र अर्थहिन कुराहरू फैलाउँदै हिँड्छ ।

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पृष्ठ सक्नुभन्दा अगाडि, अध्ययन पुस्तिका पढ्नुहोस । तल दिइएका प्रश्नहरुको उत्तरहरु अध्ययन पुस्तिका पाउन सक्दछौं । ठीक उत्तर भएको वक्समा ठीक चिन्ह लगाउनुहोस् । प्रश्न पछाडिको संख्याले पूर्णाङ्क बुझाउँछ ।

१. अन्तरीक्षमा रहेको पवित्र शहर के हो ? (१)

- ❑ वास्तविक होइन तर कथा मात्र हो ।
- ❑ एक वास्तविक शहर हो जुन अहिले परमेश्वरको वासस्थानमा उहाँद्वारा तयार हुँदैछ ।
- ❑ केही मानिसहरूको सोचाईहरूमा वाहेक कहिँ छैन।

२. यो पवित्र शहरमा के गरिनेछ ? (१)

- ❑ आणविक शस्त्रहरूद्वारा नष्ट गरिनेछन् ।
- ❑ सैतान र उसका सहयोगीद्वारा कब्जा गरिनेछ ।
- ❑ स्वर्गवाट तल झर्नेछ र नयाँ पृथ्वीको राजधानी बन्नेछ ।

३. पवित्र शहरका वारेमा रहेका तथ्यहरूलाई तल उल्लिखित वाक्यहरूवाट छान्नुहोस् । (७)

- ❑ यसलाई नयाँ जेरूसलेम भनिन्छ ।
- ❑ यो लण्डन शहरको आकारको वरावर छ ।
- ❑ यसका भित्ताहरू स्टिलका हुनेछन् ।
- ❑ यो शहरका आफ्नो लम्बाई जतिको चौडाई भएको छ ।
- ❑ यसका वाटाहरू शुद्ध सुनका छन् ।
- ❑ यस शहरका १४ वटा जगहरू छन् ।
- ❑ यसको मूलढोकामा पत्रुस प्रेरित खडा हुन्छन् ।
- ❑ यसका प्रत्येक ढोकाहरू शुद्ध मोतीले बनेका छन् ।
- ❑ यसको परिधि १५०० माइलको छ ।
- ❑ यसका सम्पूर्ण जगहरू वहुमुल्य पत्थरले बनेका छन् ।
- ❑ त्यो शहर सिद्ध अनुपातमा रहनेछ ।

४. जीवनको रूख के हो ? (१)

- ❑ परमेश्वरका मानिसलाई जीवन र शक्ति दिने वास्तविक रूख हो ।
- ❑ परमेश्वरले आफ्ना मानिसहरूलाई शक्ति दिनुहुन्छ भन्ने कुराको भावनात्कम रूप मात्र हो ।
- ❑ सुरूमा अस्तित्वमा थियो तर नयाँ पृथ्वीमा रहनेछैन ।

५. परमेश्वरले आफ्ना मानिसरूसँग नयाँ पृथ्वीमा प्रतिज्ञा गर्नुभएको कुराहरूलाई तल उल्लिखित वाक्यहरूवाट छान्नुहोस् ।(५)

- ❑ परमेश्वरले हरेक दिन विवाह गराईदिनुहुनेछ ।
- ❑ जीवनको रूखले २० प्रकारका फलहरू दिनेछ ।
- ❑ परमेश्वर स्वयम् आफन्ा मानिसहरूसँग रहनुहुनेछ ।
- ❑ लाखौं वर्ष पछि सन्तहरूलाई दिक्क लाग्नेछ ।
- ❑ त्यहाँ अब कुनै मृत्यु र शोक रहनेछैन ।
- ❑ मानिसहरू कहिल्यै थकित हुनेछैनन् ।
- ❑ लङ्गडाहरू स्वर्गदूतद्वारा उठाइनेछन् ।
- ❑ स्वर्गदूतहरू स्वास्थ्यकर्मी हुनेछन् र शल्यक्रिया गर्नेछन् ।
- ❑ अन्धाहरूले दृष्टि पाउनेछन् ।
- ❑ डाह, डर, घृणा, झूठ, रीस, अशुद्धता आदि सदाका लागि लोप हुनेछन् ।
- ❑ बच्चाहरू हुर्कने छैनन् ।

६. नयाँ पृथ्वीको वारेमा रहेका तथ्यहरू तल उल्लिखित वाक्यहरूवाट छान्नुहोस् । (६)

- ❑ आज रहेका समुद्रहरु रहनेछैनन् ।
- ❑ मरूभूमीहरू ठूला हुनेछन् ।
- ❑ जनावरहरूलाई मायालु स्वर्गीय पिँजडामा राखिनेछन् ।
- ❑ आँधीबेरी, भुइचालो र बाढीहरू केही थाहा पाइने छैनन् ।
- ❑ फुल र रूखहरू कहिल्यै सुक्ने छैनन् ।
- ❑ स्वर्गदूतहरूद्वारा दैनिक रूपमा सडकहरूवाट फोहोर उठाइनेछन्
- ❑ पृथ्वीमा नै स्वर्ग हुनेछ ।
- ❑ पापको उदय फेरि हुनेछैन ।
- ❑ यसका महिमाहरूको वयान गर्न सकिँदैन ।

७. स्वर्गीय राज्यमा धर्मीहरू के गर्नेछन् ? (१)

- ❑ भूत प्रेत भएर जो वादलमा तैरिनेछन् र वीणा वजाउनेछन् ।
- ❑ त्यहाँ रहेका आफ्ना मायालु जनहरूलाई चिन्नेछैनन् ।
- ❑ हाड र मासु भएको वास्तविक शरीर पाउनेछन् र एकआर्कालाई चिन्नेछन् ।

८. हामीलाई थाहा छ स्वर्गमा मानिसहरू वास्तविक हुनेछन् र वास्तविक काम गर्नेछन किनकि (१)

- ❑ विज्ञानले यसलाई पुष्टि गरेको छ
- ❑ बाइबलले भन्छ, हामी ख्रीष्ट झैँ हुनेछौँ जो वास्तविक हुनुहुन्थ्यो (मासु र हाड भएको) र आफ्नो पुनरूत्थान पछि वास्तविक काम गर्नुभयो ।
- ❑ धेरै प्रचारहकहरूले यसो भन्दछन् ।

९. म त्यो स्वर्गीय राज्यका निम्ति निश्चिन्त हुन सक्छु यदि म (१)

- ❑ परमेश्वरलाई प्रेम गर्छु भनेर सधैँ भनिरहेँ भने ।
- ❑ नरक देखि अति डराएँ भने ।
- ❑ ख्रीष्टलाई स्वीकार गरेँ र उहाँको आज्ञाहरू पालन गरेँ भने ।

१०. बचाइएकाहरूले स्वर्गमा के गर्नेछन् ? तल उल्लिखित बाइबलका तथ्य वाक्यहरूवाट छान्नुहोस् । (५)

- ❑ घर बनाउनेछन र त्यहाँ बस्नेछन् ।
- ❑ दाखको वोट रोप्नेछन् ।
- ❑ जनावरहरूलाई मार्नेछन् र खानेछन् ।
- ❑ स्वर्गीय सङ्गीत बजाउनेछन् र परमेश्वरलाई महिमा दिन गीत गाउनेछन् ।
- ❑ नरकका माथि उड्नेछन् र हराएकाहरूलाई जिस्क्याउनेछन् ।
- ❑ जीवनका रूखका फल खानेछन् ।

११. के येशूले प्रदान गर्नुभएको स्वर्गीय राज्यमा उहाँसँगको वास स्वीकार गर्न म तयार छु । (१)

- ❑ हो
- ❑ होइन ।

# ८ एक सुखी वैवाहिक जीवनको साँचो

सायद तपाईंहरूले सुन्नुनै भएको छ होला, लगभग आधा जति वैवाहिक दम्पतिहरू पारपचुकेको चपेटामा परी अन्त्य हुनेगर्दछन् । यसले पति र पत्नी र यसका साथै बालबच्चाहरूमा पनि आतंकको वातावरण सृजना गर्दछ र जीवनलाई ब्याकुल बनाई अन्यौलमा पार्दछ । तपाईंहरू यसो हुन नदिनुहोस् । चाहे तपाईंको वैवाहिक जीवन कष्टपूर्ण अवस्थामा गुज्रिरहेको होस् वा तपाईंले तीतो अनुभव गरिरहनुभएको होस् वा तपाईं अहिलेसम्म अविवाहित नै किन नहोस् । तर यहाँ उल्लिखित सल्लाहलाई स्वीकार्नुहोस्, किनकि यो तपाईंका निम्ति सित्तैंमा दिइएको प्रमाणित सल्लाह हो जसले तपाईंको विवाहलाई दीर्घकालिन राख्दछ । यो सिधै त्यस परमेश्वरवाट आएको हो जसले हामीलाई सृष्टि गर्नुभयो र विवाहलाई व्यवस्थित बनाउनुभयो । यदि तपाईंको विग्रेको सम्वन्धलाई सुधार्न सबैथोक गरेर पनि असफल हुनुभएको छ भने एक पटक परमेश्वरलाई किन मौका दिनुहुन्न ? यस अध्ययन निर्देशिकामा दिइएका सुत्रहरूलाई पालन गर्नुहोस् र आफ्नो घरलाई सुरक्षित बनाउनुहोस् ।

सुखी विवाहको निम्ति परमेश्वरको पुस्तकवाट दिइएका सत्र नियमहरू

१. तपाईंको आफ्नो छुट्टै घर स्थापना गर्नुहोस् ।

"त्यसकारण मानिसले आफ्नो आमा बुवालाई छोड्छ र आफ्नी स्वास्नीसँग मिलिरहन्छ र तिनीहरू एउटै शरीर बन्छन् ।" उत्पति २:२४

टिप्पणी : *परमेश्वरको नियम स्पष्ट छ । विवाहित जोडीले आफ्नो आमाबुवालाई छोड्नुपर्दछ र आफ्नै घर स्थापना गर्नुपर्दछ । चाहे त्यसले आर्थिक स्थितिका कारण एउटै कोठामा वस्न किन नपरोस् । श्रीमान् श्रीमति दुवैले मिलेर यो निर्णय लिनुपर्दछ र आफ्नो नातेदारहरूलाई खबर गर्नुपर्दछ । अरूले विरोध गरे पनि आफू यस कुरामा अटल रहनुपर्दछ । यदि यो नियमलाई पालन गर्ने हो भने हजारौं पारपाचुकेहरू रोकिनेछन् ।*

२. आफ्नो शिष्टाचारलाई निरन्तरता दिनुहोस् ।

"सबैभन्दा वढि एकआर्का प्रति तिमीहरूको प्रेम अटुट रहोस् किनकि प्रेमले नै असंख्य पापहरूलाई ढाक्दछ ।" १ पत्रुस ४:८ । "तिनका पतिले पनि तिनका प्रशंसा गर्छन ।" हितोपदेश ३१:२८ ।

"विवाह भएकी चाहिँले कसरी आफ्नो श्रीमान्लाई खुसी राखौँ भनी संसारका कुराको फिक्रि गर्दछे ।" १ कोरिन्थी ७:३४ । "भातृप्रेमसँग एकआर्कालाई प्रेम गर । आफूलाई भन्दा अरूलाई आदर गर ।" रोमी १२:१० ।

टिप्पणी : *तपाईंको वैवाहिक जीवनमा शिष्टाचारलाई निरन्तरता दिनुहोस् । सफल वैवाहिक जीवन त्यतिकै हुँदैन, तिनीहरू विकसित हुँदै जानुपर्छ । आफ्नो वैवाहिक जीवनलाई भाग्यले पाएको भनी हलुका रूपमा नलिनुहोस् नता उराठलाग्दो किसिमले जीउनुहोस् जसले गर्दा त्यो जीवन नै समाप्त हुन्छ । प्रेमलाई निरन्तरता दिनुहोस् र एकआर्काको प्रेम अनुभव गरी अगाडि वढ्न दिनुहोस् नत्रभने प्रेम मर्नेछ र तपाईंहरू छुट्टिनुहुनेछ । प्रेम र खुसी आफ्ना लागी खोजेर पाईंदैन वरू अरूलाई दिएर प्राप्त गर्न सकिन्छ । त्यसकारण यी कुराहरू गर्नका लागि वढिभन्दा वढी समय विताउनुहोस् । हार्दिकतासाथ एकआर्कालाई अभिवादन गर्न सिक्नुहोस्, सँगै घुम्नुहोस्, किनमेल गर्नुहोस्, खाना खानुहोस्, दृष्यावलोक गर्न जानुहोस् आदि । थोरै हार्दिकता, प्रोत्साहन र दयालाई उपेक्षा नगर्नुहोस् । एकआर्कालाई स-साना उपहार वा सहयोगले अचम्म पार्नुहोस् । एकआर्कालाई सकेसम्म प्रेम गर्नुहोस्। जति तपाईं दिन सक्नुहुन्छ, त्योभन्दा वढि लिने काम नगर्नुहोस् । पारपाचुके आफै विवाहको विनाशक होइन तर यो प्रेमको अभावले मात्र हुन्छ । मौका दिएर हेर्नुहोस् प्रेमले सधैं जित्नेछ ।*

३. याद राख्नुहोस्, विवाहमा परमेश्वरले तपाईंहरूलाईसँगै बाँध्नेकाम गर्नुभयो ।

"यसैकारण मानिसले आफ्नो आमावुवालाई छोडी आफ्नी स्वास्नीसँग मिलिरहन्छ र ती दुईजना एउटै शरीर हुनेछन् । ती अब दुई होइन तर एउटै शरीर हुनेछन् । त्यसकारण परमेश्वरले जसलाई एकसाथ जोड्नुभयो, त्यसलाई कसैले नछुट्याओस् ।" मत्ती १९:४,५

टिप्पणी : *के तपाईंको घरवाट प्रेम लगभग हराइनै सकेको छ । सैतान (त्यो पापी घर भाँडुवा) यसका निम्ति जिम्मेवार हो । यो पक्कै पनि न विर्सनुहोस्, परमेश्वरले तपाईंहरू दुईजनालाई जोड्नुभएको छ र तपाईंहरूलाई एकआर्कासँग खुसीसाथ रहन प्रेरित गर्नुहुन्छ । यदि उहाँको सुनौलो आशालाई तपाईंले शिरोपर गर्नुभयो भने तपाईंको जीवनमा उहाँले खुसी र प्रेम ल्याउनुहुनेछ । "परमेश्वरसँग सवकुरा सम्भव छ ।" मत्ती १९:२६ । निराश नहुनुहोस् । परमेश्वर जसले*

*कुष्ठरोग लागेको र जङ्गली मानिसका लागि त प्रचारकको हृदयमा प्रेम हालिदिनुहुन्छ भने, एकआर्काका लागि अवश्य नै प्रेम दिनुहुन्छ ।*

४. आफ्नो सोचाईलाई नियन्त्रणमा राख्नुहोस्, तपाईंको भावनाले तपाईलाई पासोमा नपारोस् । *"त्यसको मन तिमीसित हुँदैन ।" हितोपदेश २३:७ ।*

"आफ्नो छिमेकीको कुनै थोकको लालच नगर्नु ।" प्रस्थान २०:१७ । "सबैभन्दा वढि आफ्नो हृदयलाई सुरक्षित राख किनभने त्यो सारा जीवनको मुल हो ।" हितोपदेश ४:२३ । "जे कुरा सत्य छ, आदरणीय छ, न्यायसंगत छ, शुद्ध छ, कृपामय छ, यदि केही श्रेष्ठता, प्रशंसा योग्य छ भने यीनै कुराको विचार गर ।" फिलिप्पी ४:८ ।

टिप्पणी : *गलत किसिमको विचारले तपाईंको वैवाहिक जीवनलाई टुक्रयाउँदछ । सैतानले यस्ता किसिमका विचारहरूद्वारा तपाईंलाई आफ्नो जालमा पार्दछ : "हाम्रो विवाह एक भूल थियो ।" "उनले मलाई वुझ्दिनन् ।" "यस्तो कुरा यस भन्दा वढि म सहन सक्तिन ।" "आवश्यक परेको वेलामा हामी जहिले पनि पारपाचुके गर्न सक्छौं ।" "म मेरो आमाको घरमा फर्केर जानेछु ।" "ऊ अर्की आइमाईलाई देखेर हाँस्यो ।" यस किसिमका विचारहरूलाई त्याग्नुहोस् नत्र भने तपाईंको विवाह टुक्रिनेछ किनकि यसबेला तपाईंलाई आफ्नो सोचाई र विचारले चलाउँदछ । तपाईंलाई अपवित्रता र अविश्वास तिर धकेल्ने जुनसुकै कुरा त्यससँग सम्वन्धित भन्न, पढ्न वा सुन्न त्याग्नुहोस् । अनियन्त्रित विचार भनेको डाँडामाथि न्युट्रलमा राखिएको गाडी जस्तै हो । जे पनि हुन सक्छ तर नतीजा जहिले पनि भयानक नै हुन्छ ।*

५. तपाईंको रिसलाई एकआर्का प्रति कायम रहन नदिनुहोस् ।

"घाम अस्ताउनुअघि नै तिमीहरूको रिस मरोस् ।" एफिसी ४:२६ । "यसकारण तिमीहरूले एउटाले अर्कोसँग पाप स्वीकार गर ।" एफिसी ४:१६ । "पछाडिका कुराहरू विर्सिदेऊ ।" फिलिप्पी ३:१३ । "जसरी परमेश्वरमा ख्रीष्टले तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कोलाई क्षमा गरेर तिमीहरू एकआर्का प्रति कोमल मन र दयालु होओ ।" एफिसी ४:३२ ।

टिप्पणी : *रिसलाई कायम राखी, चोट र कष्ट सही दुःखी हुनु घातक सिद्ध हुन सक्छ । जबसम्म यस समस्याको समाधान छिटो हुँदैन, स-साना समस्याहरू पनि दिमागमा रहीरन्छ जसले गर्दा तपाईंको सोचाई र दृष्टिकोणको कारण सम्पूर्ण जीवनलाई नै असर गर्दछ । त्यसैले त*

*परमेश्वरले रिस रात अगावै शान्त पार भन्नुभयो । क्षमा दिन सधैँ तयार रहनुहोस् र इमान्दारीका साथ सधैँ भन्न तयार रहनुहोस् "मलाई माफ गरिदिनुहोस् ।" आखिरमा कोही पनि सिद्ध छैन र तपाईँहरू दुवैजना एकै पक्षामा हुनुहुन्छ । त्यसकारण एक अनुशासित खेलाडी झैँ आफ्ना गल्तीहरूलाई आत्मसात् गर्ने गर्नुहोस् ।*

६. खीष्टलाई अफ्नो घरको केन्द्र बनाउनुहोस्

"परमेश्वरले नै घर नबनाउनु हुने हो भने त बनाउनेहरूले गरेको परिश्रम व्यर्थ हुन्छ ।" भजनसंग्रह १२७:१ । "आफ्ना सारा मार्गमा उहाँलाई सम्झी र उहाँले तिम्रा मार्गहरू सोझा तुल्याईदिनु हुनेछ ।" हितोपदेश ३:६ । "र समझले नै भ्याउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूको हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ ।" फिलिप्पी ४:७ ।

टिप्पणी : *यो महान् नियम हो । यसले अन्य सबै नियमहरूलाई समेट्दछ । खीष्टलाई पहिलो प्राथमिकता दिनुहोस् । घरमा साँच्चै सुखी जीवन यापन गर्ने रहस्य भनेको कुटनीती, कौशलता र समस्यालाई समाधान गर्न मरिमेट्ने प्रयास होइन तर खीष्टसँगको एकता हो । खीष्टको प्रेमले भरपुर भयो भने वैवाहिक जीवन कहिल्यै टुक्रिदैँन । घृणा, तीतोपना र नैराश्यताले भरिएको वैवाहिक जीवनको समाधान नै सुसमाचार हो । यसले हजारौँ पारपाचुकेहरू अचम्मका साथ प्रेम र खुसीलाई पुनर्स्थापित गर्दै रोक्ने गर्दछ । यदि तपाईँ चाहनुहुन्छ भने यसले तपाईँको वैवाहिक जीवनलाई पनि बचाउन सक्छ ।*

७. सँगै प्रार्थना गर्नुहोस्

"जागा रहो, प्रार्थना गर र परीक्षामा नपर । आत्मा त साँच्चै तयार छ तर शरीर दुर्बल छ ।" मत्ती २६:४१ । "एकआर्काका लागि प्रार्थना गर ।" याकूब ५:१६ । "यदि तिमीहरू मध्ये कसैलाई वुद्धिको अभाव छ भने उदार चित्तले नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस् र त्यसलाई त्यो दिइनेछ । याकूब १:५ ।

टिप्पणी : *एकआर्काका लागि ठूलो स्वरले प्रार्थना गर्नुहोस् । यो तपाईँको सपनालाई साकार गर्ने अनौठो नियम हो । परमेश्वरको सामु घुँडा टेक्नुहोस् र एकआर्काको साँचो प्रेमका लागि गुहार्नुहोस् । साथै क्षमा, शक्ति सामर्थ्य, बुद्धि, समस्या समाधानका लागि पनि उहाँ सामु गुहार गर्नुहोस् । उहाँले अवश्य उत्तर दिनुहुनेछ भनी उहाँले हामीलाई व्यक्तिगत रूपमा प्रत्याभुति दिनुभएको छ । आफ्ना गल्तीहरूका लागि प्रार्थना गर्ने व्यक्ति आफसेआफ समाधान हुन्छ भन्ने छैन तर*

*सही काम गर्ने हृदय प्रदान गर्दछ । परमेश्वरसँग सहयोगका लागि इमानदारीपूर्वक प्रार्थना गर्ने परिवार कहिल्यै टुट्दैन ।*

८. पारपाचुके समाधान होइन भनी स्वीकार गर्नुहोस् ।

त्यसकारण परमेश्वरले जसलाई एकसाथ जोड्नुभयो, त्यसलाई कसैले नछुट्याओस् ।" मत्ती १९:६। "जसले व्यभिचारको कारण वाहेक आफ्नी स्वास्नीलाई त्यागेर अर्कीसँग विवाह गर्छ, त्यसले व्यभिचार गर्छ र जसले त्यागिएकीलाई विवाह गर्छ, त्यसले पनि व्यभिचार गर्छ ।" मत्ती १९:९ । "एउटी विवाहित स्त्री उनको पति वाँचुन्जेलसम्म आफ्नो पतिसँग कानूनले वाँधिएकी हुन्छे ।" रोमी ७:२ ।

टिप्पणी : *बाइबल स्पष्ट छ । वैवाहिक वन्धनको अर्थ स्थायी र अविनाशी हुनु हो । व्यभिचारको कारण मात्र पारपाचुकेको अनुमति रहेको छ । तर पनि माग गरेर होइन, अनुमति मात्र प्रदान गरिएको हो । नैतिक पतनको कारणमा पनि पारपाचुके भन्दा क्षमादान नै उत्तम हो । विवाह जीवनका निम्ति हो । अदनमा पहिलो विवाहलाई सम्पन्न गर्न परमेश्वरले अभिषेक गर्नुभएको थियो । पारपाचुके नै समाधान हो भनी सोच्नेले कुनै पनि प्रकारको विवाहलाई नाश गर्दछ । । यसैकारण येशूले यसलाई वहिष्कार गर्नुभयो । पारपाचुके कुनै पनि समस्याको समाधान होइन तर यसले सधैँ विनाशको वाटो तिर डोऱ्याउँछ । बरू यसले झन समस्या उत्पन्न गराउँदछ, त्यसकारण यसलाई कहिल्यै पनि मान्यता दिनुहुन्न । निराश, दुखी, अशान्त जीवनले पारपाचुके तिर लैजान्छ र सफल जीवन पनि असफलता तिर धकेलिन्छ । परमेश्वरले वैवाहिक जीवनलाई स्थापित गर्नुभयो यस हेतु, कि मानिसको पवित्रता र सुखमय जीवनको रक्षा गर्न सकियोस् । विवाह गर्दा जुन शपथ खाइन्छ, मानव जीवनमा यी अति गम्भिर छन् र यसमा वाँधिनु पर्ने दायित्व हुन जान्छ जुन अरू कामहरू भन्दा महत्वपूर्ण मानिन्छ । यसलाई हलुका रूपमा लिँदा आफूलाई परमेश्वरको आशिष र निगाहबाट बञ्चित गराउनु हो ।*

९ परिवारलाई घनिष्ट सुत्रमा वाँध्नुहोस् "व्यभिचार नगर्नहोस् ।" प्रस्थान २०:१४ ।

"तिनका पतिले तिनी माथि पुरा भरोसा गर्छन । तिनले उनको जीवनकालभरी नै उनको भलो गर्छिन, कुभलो होइन ।" ( हितोपदेश ३१:११,१२) । "परमप्रभु तिमीहरू र तिमीहरूको जवानीपनकै स्वास्नीको वीचमा साक्षीका काम गर्दैहुनुहुन्छ किनिकी

तिमीहरूले उहाँसँगको विश्वास भङ्ग गऱ्यौ ।" मलाकी २:१४ । "जसले तिमीलाई अनैतिक स्त्री ... तिम्रो मनमा त्यसको सुन्दरताको कारण कुइच्छा नगर अथवा त्यसको आँखाले तिमीलाई नफसाओस् । आफ्नो लुगा नजलाइकन के कुनै ठूलो मानिसले आफ्नो काखमा आगो राख्न सक्छ । अर्काकी पत्नीसँग सुत्ने त्यस्तै नै हुन्छ, तिनलाई छुने कुनै पनि मानिस दण्ड नपाई उम्कन सक्दैन ।" हितोपदेश ६:२४-२९) ।

टिप्पणी : *पारिवारिक घनिष्टता कसैसँग पनि न बाँड्नु, आफ्नो आमाबुवासँग पनि होइन । परमेश्वरले दिनुभएको यस नियमलाई भङ्ग गर्नु एकदमै ठूलो पाप हो । कुनै तेस्रो व्यक्तिले तपाईंको गुनासो प्रति दुःख व्यक्त गर्नु वा सुन्नु नै श्रीमान् र श्रीमतिको हृदयको बीचमा फाटो ल्याउने सैतानको हतियार हो । आफ्ना घरेलु समस्याहरूलाई व्यक्तिगत रूपमा समाधान गर्नुहोस् । त्यसमा अरू कोही (तपाईंको अगुवा वा वैवाहिक सल्लाहकार वाहेक) लाई सामेल हुन नदिनुहोस् । एकअर्का प्रति सधैँ बफादार हुनुहोस् र एकआर्काका बीचमा कुनै रहस्यलाई नलुकाईराख्नुहोस् । आफ्नो सहयात्रीको भावनाको हाँसो नउडाउनुहोस् । एकआर्काको डटेर सुरक्षा गर्नुहोस् र अनावश्यक सबै गैर कुरालाई त्याग्नुहोस्  र व्यभिचारका निम्ति (केही बैवाहिक सल्लाहकारले भनेपनि), यसले सधैँ तपाईंलाई ठेस पुऱ्याउँछ र यसमा सामेल रहेका हरेकलाई पनि त्यसै गर्छ । परमेश्वर जसलाई तपाईंको मन, शरीर र भावनात्मक संरचना (र तपाईंलाई केले मद्दत गर्छ र केले चोट पुऱ्यउँछ जान्नुहुने) ले भन्नुहुन्छ, "तिमीले यसो नगर्नु ।" र जब उहाँले "नगर्नु" भन्नुहुन्छ हाम्रो निम्ति नगर्नु नै राम्रो हुन्छ । जसले उहाँको नियमलाई भङ्ग गर्दछ उसले भयानक दण्ड भोग्नपर्ने हुन्छ ।*

१०. परमेश्वरले प्रेमलाई यसरी परिभाषित गर्नुहुन्छ :
प्रेमलाई तपाईंको दैनिक लक्ष्य बनाउ र पुरा गर ।
"प्रेम सहनशिल र दयालु हुन्छ । प्रेमले डाह गर्दैन, न त सेखी नै गर्छ । प्रेम हठी हुँदैन न त ढिठ नै हुन्छ । प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब गर्दैन । प्रेम खराबीमा प्रसन्न हुँदैन तर ठीक कुरामा रमाउँछ । प्रेमले सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ ।" १ कोरिन्थी १३:४-७

टिप्पणी : *माथिको हरफलाई एकपटक पुनः ध्यान दिएर पढ्नुहोस् । यहि नै परमेश्वरको प्रेमको सही परिभाषा हो । यसको स्तरमा तपाईं कसरी जान्नुहुन्छ ? प्रेम कुनै भावनात्मक संवेग होइन तर पवित्र सिद्धान्त*

*हो जसले जीवनका प्रत्येक क्रियाकलाप र पद्धतिलाई सामेल गराउँदछ । साँचो प्रेमद्वारा तपाईंको विवाह टुक्रनेछैन र यस विना सफल पनि हुनेछैन ।*

११. याद राख्नुहोस्, आलोचना र कचकचले प्रेमलाई सखाप पार्दछ ।

"पति हो, आफ्ना पत्नीहरूलाई प्रेम गर र तिनीहरू प्रति कठोर नहोओ ।" कल्लसी ३:१९ । "झगडालु र रिसाहा पत्नीसँग बस्नुभन्दा त मरूभुमीमा वस्नु बेस हुन्छ ।" हितोपदेश २१:१९ । "झगडिया पत्नी वर्षामा एकहोरो तपतप चुहिने झरी जस्तै हो ।" हितोपदेश २७:१५ । "किन तिमीले आफ्नो भाईको आँखामा भएको धुलोको कण देख्छौ, तर तिम्रो आफ्नो आँखामा भएको मुठाचाहिँ थाहा पाउँदैनौ ।" मत्ती ७:३ । "प्रेम सहनशील र दयालु हुन्छ । प्रेमले डाह गर्दैन, न त सेखी नै गर्छ।" १ कोरिन्थी १३:३

टिप्पणी : *आलोचना गर्न, कचकच गर्न र गल्ती औंल्याउन बन्द गर्नुहोस् । तपाईंको श्रीमान् वा श्रीमतीमा धेरै कमिकमजोरीहरू हुन सक्छन तर कचकचले त्यसलाई हटाउन मद्दत गर्दैन । हरेक कुरामा सिद्धताको अपेक्षा नगर्नुहोस् नत्र भने त्यसले तीतोपनालाई निम्त्याउँछ । कमजोरीहरूलाई बिसर्नुहोस् र राम्रो कुराको खोजी गर्नुहोस् । तपाईंको जीवनसाथीलाई सुधार्न, उसलाई नियन्त्रणमा वा बन्देजमा राख्न नखोज्नुहोस् । परमेश्वरले मात्र मानिसलाई परिवर्तन गर्न सक्नुहुन्छ । रमाइलो कुरा गर्ने खुबी, दयालु हृदय, धैर्य र स्नेहले दुई तिहाई बैवाहिक समस्यालाई हटाउँछ । तपाईंकी श्रीमतीलाई राम्रो होइन खुसी पार्न खोज्नुहोस् अनि राम्रा कुराहरूले आफै त्यसको हेरचाह गर्नेछ । वैवाहिक जीवन सफल योग्य साथी पाउनाले होइन तर योग्य साथी बन्नाले हुने गर्दछ ।*

१२. कुनै पनि कुरामा आवश्यकताभन्दा वढी नगर्नुहोस् । संयमित हुनुहोस्

*"खेलमा भाग लिने खेलाडी सबैथोकमा आत्मसंयमी हुनुपर्छ । १ कोरिन्थी ९:२५ । "प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन ।" १ कोरिन्थी १३:५ । "यसकारण चाहे तिमीहरू खाओ वा पिओ वा जेसुकै गर, सबै परमेश्वरको महिमाका निम्ति गर ।" १ कोरिन्थी १०:३१ । "म आफ्नो शरीरलाई कठोरताको साथ सघाउँछु र यसलाई वसमा राख्दछु, नत्रभने अरूहरूलाई प्रचार गर्दा म आफै अयोग्य ठहरिन्छु । १ कोरिन्थी ९:२७ । "कसैले काम गर्दैन भने त्यसले नखाओस् ।" २ थेसलोनिकि ३:१० । "सबैका वीचमा विवाह चाहिँ आदरणीय होस्, वैवाहिक जीवन न विटुलियोस् ।" हिब्रु १३:४ ।*

*"यसकारण शरीरको अभिलाषा अनुसार चल्न नपरोस् भनेर तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ । आफ्ना शरीरका अङ्गहरूलाई दुष्टताको साधनको रूपमा पाप गर्नलाई समर्पण नगर ।" रोमी ६:१२,१३ ।*

टिप्पणी : आत्मसंयम नअपनाउनाले वैवाहिक जीवनलाई नष्ट गर्दछ । काम, प्रेम, शारीरिक व्यायाम, आराधना, भोजन र सामाजिक सम्बन्ध तपाईंको वैवाहिक जीवनमा सन्तुलित हुनु जरूरी छ नत्र भने यी कुराहरूले तपाईंको वैवाहिक जीवनलाई ढाक्दछ । वढि काम, आराम, खाना वा शारीरिक व्यायामले मानिसहरूलाई आलोचित वा सहन नसक्ने बनाउँदछ । निरन्तर रूपमा खाइरहनु ठूलो पाप हो । जसले तपाईंको शरीरको तन्दरूस्तीलाई कमजोर पार्दछ र सोचहरूलाई दुर्बल तुल्याउँदछ । शारीरिक व्यभिचारले पवित्र कुराप्रति रहेको प्रेमलाई समाप्त पार्दछ र मानिसको कार्यक्षमतालाई कमजोर पार्दछ । विवाहले शारीरिक उपद्रवलाई अनुमति दिँदैन । अनैतिक शारीरिक सम्वन्ध र खराब शारीरिक आचरणले प्रेमलाई समाप्त गर्दछ र एकअर्का प्रतिको सम्मानलाई पनि अन्त्य गर्दछ । बाइबलले संयम् यौन जीवनलाई सिफारिस गर्दछ । (१ कारिन्थी ७:३-७) । अरूसँग समाजिक सम्बन्ध स्थापित गर्नु अति आवश्यक छ । अलगिएर साँचो खुसी प्राप्त गर्न सकिँदैन । हामीले राम्रो समयमा हाँस्न र रमाउन सिक्नुपर्छ । अत्यधिक मात्रामा गम्भीर रहनु खतरापूर्ण हुन्छ । कुनै पनि काम आवश्यकता भन्दा वढि र कम गर्नाले हाम्रो मस्तिष्क, शरीर र चेतनाको साथै प्रेम गर्ने र अरूलाई आदर गर्ने क्षमतालाई कमजोर बनाउँदछ । असंयम्तालाई तपाईंको विवाह बिगार्न नदिनुहोस् ।

१३. एकआर्काको व्यक्तिगत अधिकार र गोप्यताको सम्मान गर्नुहोस्

"प्रेम सहनशील र दयालु हुन्छ । प्रेमले डाह गर्दैन, न त सेखी नै गर्छ । प्रेम हठी हुँदैन न त ढिठ नै हुन्छ । प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब गर्दैन । प्रेम खराबीमा प्रसन्न हुँदैन तर ठीक कुरामा रमाउँछ ।" (१ कोरिन्थी ४:७) "भातृप्रेमसँग एकआर्कालाई प्रेम गर । आफूलाई भन्दा अरूलाई आदर गर ।" रोमी १२:१० ।

टिप्पणी : *कुनै निश्चित कुराको जानकारी नदिई त्यसलाई गोप्यताको साथ राख्नु हरेक सहयात्रीको जन्म सिद्ध अधिकार हो । अनुमति बिना एकआर्काले व्यक्तिगत चिट्ठीपत्र, कागजात, वगली वा अन्य व्यक्तिगत कुरा हेर्ने नगर्नुहोस् । गोपनीयता राख्न पाउने अधिकारको सम्मान*

*गर्नुहोस् । एकआर्कालाई व्यक्तिगत रूपमा परिवर्तन हुन दवाव नदिनुहोस् । परमेश्वरले मात्र यसो गर्न सक्नुहुन्छ र यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं । एकअर्कामा पूर्ण विश्वास राखेर र एकअर्काको खोजीनिती नगरी खुसी हुनु अति आवश्यक छ । एकअर्काको कमजोरी पत्ता लगाउनुभन्दा उसलाई खुसी पार्न धेरै समय लगाउनुपर्छ । यसले नै जीवनलाई सिद्ध बनाउँछ ।*

१४. स्पष्ट,सभ्य,व्यवस्थित र जिम्मेवार हुनुहोस् ।

"कि स्त्रीहरूले सरल र भद्रतासँग सुहाउँदो बस्त्र पहिरिउन ।" १ थिमोथी २:९ । "तिनी ... आफना हातहरूले उत्सुकतासाथ काम गर्छिन ।" तिनी राती नै उठ्छिन र आफनो परिवारका लागि भोजनको व्यवस्था गर्छिन ।" "तिनी आफ्नो कारोवारको रेखदेख गर्छिन र आलस्यताको रोटी खाँदिनन् ।" हितोपदेश ३१:१३,१५,२७) । "आफैलाई शुद्ध पार ।" यशैया ५२:११ । "तर सबैकाम शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले हुनुपर्छ ।" १ कोरिन्थी १४:४० । "यदि कसैले आफन्तको विशेष गरी आफनै परिवारको पालनपोषण गर्दैन भनेता त्यसले विश्वासलाई इन्कार गर्छ र विश्वास नगर्नेभन्दा पनि खराब हुन्छ ।" १ तिमोथी ५:८ । "तिमीहरू सुस्त हुनेछैनौ ।" १ हिब्रु ६:१२ ।

टिप्पणी : *आलश्य, अव्यवस्था, घृणा र असभ्यता नै एक आर्काप्रतिको सम्मान र लगावलाई घटाउने सैतानको हतियार हुन जसले वैवाहिक सम्वन्धलाई नै ध्वस्त पार्दछ । सुन्दर व्यवस्थित पहिरन र सफा हुन राम्रोसँग हुर्किएको जीउडाल हुन दुवै श्रीमान श्रीमतीका लागि आवश्यक हुन्छ । खाजा स्वस्थकर, आर्कषक र समयमा उपलब्ध हुनुपर्छ । घर सफा र व्यवस्थित हुनु जरूरी छ किनकि यसैले शान्ति, संयम्ता, सन्तुष्टि सबैलाई ल्याउँदछ । आलश्य र पुर्पुरोमा हात लगाउनु श्रीमानको लागि श्राप हो र परमेश्वरको बेइज्जती । यी साना कुरामा ध्यान नदिँदा हजारौंको संख्यामा घरहरूको विनाश भइरहेको छ ।*

१५. नरम र दयालु भएर बोल्ने संकल्प लिनुहोस्

"नम्र जवाफले क्रोधलाई शान्त पार्दछ तर फोहोर बचनले रिस उठाउँछ । (हितोपदेश १५:१) । आफूले प्रेम गरेकी पत्नीसँग जीवनको सुख भोग गर । (उपदेशक ९:९) । जब म जवान भएँ तब बालकको चाल छोडिदिएँ ।"१ कोरिन्थी १३:११

टिप्पणी : *आफ्नो जीवन साथीसँग नम्र र दयालु बन्न आफैले आफूलाई दवाव दिनुहोस् । एक जना क्रोधित भएको अवस्थामा अर्को चुप रहनु नै उत्तम उपाय हो । रिसाएको बेला, थाकेको बेला वा हतोत्साह भएको बेलामा कुनै निर्णय लिनु छ भने पहिले रिसलाई शान्त पार्नुहोस् र आराम गर्नुहोस् । यदि तपाईं बोल्दै हुनुहुन्छ भने कृपया नरम र दयालु भएर बोल्नुहोस् । कडा शब्दहरूले तपाईंको जीवनसाथीलाई खुसी तुल्याउने चाहनालाई अर्थहिन बनाउँछ ।*

१६. पैसाको मामिलामा जवाफदेही हुनुहोस्

"प्रेम सहनशील र दयालु हुन्छ । प्रेमले डाह गर्दैन, न त सेखी नै गर्छ । प्रेम हठी हुँदैन न त ढिठ नै हुन्छ । प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब गर्दैन ।" १ कोरिन्थी १३:४,५ । "खुसीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ ।" २ कोरिन्थी ९:७

टिप्पणी : *कुनै पनि आम्दानी तथा कारोवार विवाहपछि "हाम्रो" हुन्छ, "तिम्रो" वा "मेरो" हुँदैन । श्रीमतीहरू जो वाहिर काम गर्दैनन् तिनीहरूलाई व्यक्तिगत प्रयोजनका लागि नियमित रूपमा खर्च दिन आवश्यक हुन्छ । यसरी दिँदा वाध्य नभएर उदार चित्तले दिनुपर्दछ । दुवैजनाले आवश्यक परेको वेलामा वरावर रूपमा खर्च गर्न पाउनुपर्दछ र यसको हिसाव माग्ने काम एकअर्काले गर्नुहुँदैन । एक खर्चालु श्रीमान्ले श्रीमतीलाई रिस उठाउँछ भने एक खर्चालु श्रीमतीले पनि श्रीमानलाई ठेस पुऱ्याउँछिन् । एकअर्काको व्यवस्थित कार्यसम्पादनमा विश्वस्त हुनुहोस् जसले एकअर्कालाई व्यवहारिक वनाउँदै लग्छ ।*

१७. कुनै प्रसंगमाथि छलफल गर्नुहोस् र स्वतन्त्र रूपमा एकत्रित भएर सल्लाह गर्नुहोस्

"प्रेम सहनशील र दयालु हुन्छ । प्रेमले डाह गर्दैन, न त सेखी नै गर्छ । प्रेम हठी हुँदैन न त ढिठ नै हुन्छ । प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन ।" १ कोरिन्थी १३:४,५ । "अनुशासनलाई वेवास्ता गर्नेले आफैलाई घृणा गर्छ ।" हितोपदेश १५:३२ । "आफ्नै नजरमा आफूलाई बुद्धिमान ठान्ने व्यक्ति देखेको छस् ? त्यसको भन्दा त मूर्खका लागि धेरै आशा हुन्छ ।" हितोपदेश २६:१२ ।

टिप्पणी : *महत्वपूर्ण निर्णय लिनुपर्दा एकअर्कासँग सल्लाह लिने गर्नुहोस् । यसले तपाईंको वैवाहिक जीवनलाई वलियो पार्छ । आफ्नो व्यापार परिवर्तन गर्न, घर किन्न, सरसामान आदि खरिद गर्दा (जसमा*

*पैसाको संलग्नता हुन्छ) सबैको सरसल्लाह लिनुहोस् र एकले अर्काको रायलाई सम्मान गर्नुहोस् । धेरै कुराको जानकारी आदान प्रदान गर्नाले वैवाहिक जीवनमा धेरै दुर्घटनाहरूवाट जोगिन सक्छौं । यदि धेरै प्रार्थना र विचार फरक भएमा श्रीमतीले श्रीमानलाई निर्णय गर्ने अधिकार प्रदान गर्नुपर्छ । धर्मशास्त्र यसमा स्पष्ट छ । (हेर्नुहोस् एफिसी ५:२२-२४) ।*

१८. तपाईंको घर स्वर्गदूतहरू वस्नका लागि लायक होस् भनी के तपाईं प्रार्थना गर्दै हुनुहुन्छ ?

उत्तरः.....................................................................................

.....................................................................................

## तपाईंका विचारमा रहेका प्रश्नहरूका उत्तर

१. वादविवाद पछि श्रीमान् श्रीमती मध्ये कसले पहिला दोष स्वीकार गर्नुपर्छ ?

उत्तर : त्यसले जो सत्यको पक्षमा हुन्छ ।

२. छुस्के सासूलाई सल्लाह दिन कुनै नियम दिन सक्नुहुन्छ ?

उत्तर : हो । चुप रहनुहोस् र आफ्नो काममा ध्यान दिनुहोस् । हेर्नुहोस् १ थेसलोनिकी ४:११ । वास्तवमा यो सबै सासूहरूमा लागू हुन्छ । पृथ्वीमा सानो स्वर्गको रूपमा चित्रण गर्न सकिने वैवाहिक सम्वन्धलाई यस्तै वैवाहिक सम्वन्धद्वारा लगाइने साइनोहरूले विगार्ने काम गर्दछ । यस्तो साइनो गाँसिएका मानिसहरूले नयाँ स्थापित घरलाई स्वतन्त्र छाडिदिनुपर्छ ।

३. मेरो श्रीमान् नास्तिक हुनुहुन्छ तर म इसाई बन्न खोज्दैछु । उहाँको प्रभाव भयानक छ । के म उहाँलाई त्यागिदिउँ ?

उत्तर : होइन । १ कोरिन्थी ७:१२-१४ र १ पत्रुस ३:१,२ ले यस वारे स्पष्ट जवाफ दिन्छ ।

४. जब मेरो श्रीमानले मलाई दुःखी पार्नुहुन्छ, म उहाँसँग सुत्दिन । उहाँले उल्टै म नै गलत छु भनेर भन्नुहुन्छ । के म गलत छु ?

उत्तर : हो । यस सम्वन्धमा परमेश्वरले १ कोरिन्थी ७:४,५ मा स्पष्ट जवाफ दिनुहुन्छ ।

५. मेरी श्रीमती अर्कै मानिससित भागिन् । अहिले पश्चात्ताप गरेर घर फर्कन चाहन्छिन् । मेरो पास्टरले उनलाई घर फिर्ता ल्याउन भन्नुहुन्छ तर परमेश्वरले यस कार्यलाई निषेध गर्नुभएको छ, होइन र ?

उत्तर : होइन । अवश्य होइन । परमेश्वरले व्यभिचारको कारण पारपाचुके दिन अनुमति दिनुभएको छ तर आज्ञा होइन । क्षमादान सधैँ उत्तम हो र व्यवहारिक पनि । हेर्नुहोस् मत्ती ६:१४,१५ । पारपाचुकेले घर र वच्चाहरूले अर्कै वाटो तर्फ लैजान्छ । एउटा अर्को मौका उसलाई दिनुहोस् । यदि तपाईंको श्रीमतीले आफ्नो जीवन ख्रीष्टमा समर्पण गरिन् भने उनले तपाईँहरूको वैवाहिक जीवनलाई खुसीमा परिणत गर्छिन । यसका लागि ढिला भएको छैन ।

६. म के गर्न सक्छु ? लोग्नेमानिसहरू जहिले पनि मसँग हिमचिम वढाउन खोजिरहेका हुन्छन् ।

उत्तर : तपाईँको व्यवहारमा सतर्क रहनुहोस् । परमेश्वर भन्नुहुन्छ, "सबै किसिमका खराबीहरूवाट टाढा रहो।" १ थेसलोनिकी ५:२२ । हुनसक्छ ती लोग्ने मानिसहरूको अगाडि तपाईंले गर्ने व्यवाहार जस्तै, सांकेतिक मुस्कान, उत्तेजक पहिरन वा सरल रूपमा उनीहरूका त्यस्ता व्यवहारलाई वढावा दिनु । इसाई दृष्टिकोण र सिद्धान्तले मानिसलाई आफ्नो स्थानमा राख्दछ । ख्रीष्टले भन्नुभयो, "तिमीहरूको ज्योति मानिसहरूको सामुन्ने चम्किरहोस् र तिनीहरूले तिम्रो सुकर्म देखून् र स्वर्गमा हुनुहुने तिम्रां पिताको महिमा गर्न सकून् ।" मत्ती ५:१६ । जब तपाईँको जीवनवाट वास्तवमै ख्रीष्ट चम्कनुहुन्छ तब दुष्ट मानिसहरू र तिनीहरूका दुष्टतावाट वच्न थोरै संघर्ष गर्नुपर्छ ।

७. के तपाईँले मलाई साधारण र यथार्थ रूपमा बताउन सक्नुहुन्छ कि आफूले गल्ती गरेर पश्चात्ताप गर्न चाहनेहरूका लागि परमेश्वरको मार्गदर्शन कस्तो रहन्छ ?

उत्तर : व्यभिचारमा परेका तर वास्तवमै पश्चात्ताप गर्न चाहनेहरूका लागि धेरै समय अघि नै ख्रीष्टले उपायहरू बताइदिनुभएको छ । उहाँले भन्नुभयो, "जाऊ र अब पाप नगर ।" युहन्ना ८:११ । उहाँको सुझाव अहिले पनि लागू हुन्छ ।

८. के पारपाचुकेमा निर्दोष पक्ष पनि केही हदसम्म दोषी ठहरिन्छ ?

उत्तर : निश्चय नै । कहिले काहीँ निर्दोष पक्ष पनि प्रेमको कमीले गैरजिम्मेवारिताले, स्वार्थले सामिप्यताको दुष्ट विचारलाई वढावा दिन्छ । कहिलेकाहीँ निर्दोष पक्ष पनि परमेश्वरको सामु दोषको वरावर हकदार हुन पुग्छ । हाम्रो उद्देश्यलाई नै हेरेर परमेश्वरले हाम्रो न्याय गर्नुहुन्छ । "परमप्रभुले मानिसले झैँ गर्नुहुन्न । मानिसले रूप हेरेर विचार गर्छ तर परमेश्वरले हृदय भित्र हेरेर विचार गर्नुहुन्छ ।" १ शामुएल १६:७ ।

९. शारीरिक रूपमा दुर्व्यवहार गर्ने जीवनसाथीसँग म रहेको कुरा के परमेश्वरले स्वीकार गर्नुहुन्छ ?

उत्तर : शारीरिक रूपमा दुर्व्यवहारमा फस्नु जिन्दगीको डरलाग्दो पक्ष हो । यो अति चिन्ताजनक समस्या भएकाले सावधानी अपनाउनु जरूरी छ । श्रीमती वा परिवारका अन्य सदस्य जो शारीरिक रूपमा दुर्व्यवहार गर्छन्, तिनीहरूका लागि सुरक्षित वातावरणको जरूरी छ । दुवैजनाले एक योग्य इसाई विवाह सल्लाहकारलाई खोजी व्यवसायिक सल्लाह लिनुपर्छ ।

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पाना सक्नुभन्दा अगाडि, यस अध्ययन पुस्तिका पढ्नुहोस । तल दिइएको प्रश्नहरुको उत्तरहरु अध्ययन पुस्तिका पाउन सक्नुहुन्छ । ठीक उत्तर भएको वक्समा ठीक चिन्ह लगाउनुहोस् । प्रश्न पछाडिको संख्याले पूर्णाङ्क बुझाउँछ ।

१. विवाह के हो ? (१)

- ☐ परमेश्वरद्वारा महिला र पुरूषलाई जीवनभरका लागि वाँध्नुभएको छ ।
- ☐ दुई मानिसहरू मिल्न सक्छन् कि भनेर हेर्न गरिने एक अस्थायी प्रयोग हो ।
- ☐ जरूरी पनि छैन् । मानिहरू यो नगरी पनि स्वतन्त्र रूपमा सँगै वस्न सक्छन् ।

२. परमेश्वरले पारपाचुकेलाई प्रयोगमा ल्याउनुको एक मात्र कारण के छ ? (१)

- ☐ मिलनको अभाव
- ☐ एक दिक्कदार जीवन साथी
- ☐ व्यभिचार
- ☐ वैवाहिक साथीको ईश्वर निन्दक विचार

३. विवाहको नम्रता (१)

- ☐ विवाहित जीवनमा निरन्तर रहिरहनुपर्छ ।
- ☐ विवाह पछि तुरून्त छाड्नुपर्छ
- ☐ अनावश्यक कुरा हो ।

४. विवाहको सफलताको उत्तर निश्चिन्तता (१)

- ☐ घर र हृदयमा ख्रीष्ट हुनु
- ☐ पतिले पत्नीलाई दवाउनु

- ❑ पारपाचुकेको धम्की दिई आफ्नो श्रीमतीलाई आफ्नो वशमा राख्नु ।

५. झै-झगडावाट सुरक्षित रहन, निम्न उल्लिखित काम गर्नुहोस् (३)
- ❑ एकआर्कासँग विस्तार पूर्वक र शान्तिसँग वातचित गर्नुहोस्
- ❑ आफ्नो जीवनसाथीलाई गल्ती बुझाउनु
- ❑ कुरा मिलाउनु छिमेकीलाई बोलाउन
- ❑ चुप लाग्न आफ्नो पत्नीलाई दवाव दिनु
- ❑ सँगै प्रार्थना गर्नुहोस्
- ❑ रात हुनु अघि नै आफ्नो रिसलाई शान्त गर्नुहोस्

६. तल दिइएकावाट सफल वैवाहिक जीवनका सुत्र छान्नुहोस् (२)
- ❑ तेस्रो पक्षलाई आफ्नो परिवारको नजिक बनाउनुहोस् ।
- ❑ आफ्नो जीवनसाथीको घरमा बस्नु
- ❑ जब रिस उठ्छ आफ्नो आमाको घरमा जानु
- ❑ आफ्नै छुट्टै घरको व्यवस्था गर्नु
- ❑ आफ्नो पहिलो प्रेमी/प्रेमिकासँग सल्लाह लिनुहोस्
- ❑ वादविवाद पछि आफूले क्षमा माग्नु

७. जीवन साथीलाई सुधार्ने असल तरिका .......... हो । (२)
- ❑ आफूले चाहेको अनुसार चलेन भने छोड्छु भनी धम्की दिनु ।
- ❑ आलोचना र गाली गर्नु
- ❑ येशू ख्रीष्टसँगको सम्वन्ध सुधार्नु
- ❑ आफ्नो साथीलाई एक्लै सुताउनु
- ❑ स्नेही र क्षमा दिने र जस दिने हुनु ।
- ❑ साथीलाई परिवर्तन हुन दवाव दिनु

८. विवाहलाई विगार्ने तत्व के के हुन ? (६)
- ❑ आलोचना
- ❑ किचकिचे श्रीमान् , खर्चालु श्रीमती
- ❑ इसाई घर
- ❑ सँगै प्रार्थना
- ❑ अव्यवस्थित घर
- ❑ क्षमा दिने प्रवृति
- ❑ डाह

९. ठूलो निर्णयको सफलताका लागि के गर्नु पर्छ ? (२)

- ❑ श्रीमान् र श्रीमती मिलेर सल्लाह गर्नुपर्छ
- ❑ आफ्नो इच्छामा श्रीमतीलाई हिँड्न सल्लाह दिनु
- ❑ प्रार्थनामा ईश्वरलाई खोज्नु
- ❑ आफ्नो इच्छामा हिँड्ने वानी

१०. सासू ससुराले पालन गर्नुपर्ने असल नियम.......... हो । (१)

- ❑ आफ्नो कामसँग मतलब राख्ने र नवविवाहितलाई एक्लै छाडिदिने
- ❑ नवविवाहितलाई आफूसँगै रहन जिद्दी गर्नु
- ❑ उनीहरूले आफूलाई चाहन्छन् कि चाहँदैनन् भनेर नवविवाहितसँग सल्लाह गर्ने निर्णय गर्नु

११. आफ्नो जीवनसाथी प्रति अविश्वास भएको अवस्थामा गर्नु पर्ने सबैभन्दा असल काम के हो ? (१)

- ❑ तत्कालै छाडिदिने र कहिल्यै फिर्ता नआउने
- ❑ तपाईंको सहयात्री कति सम्म "गिरेको रहेछ" भनेर सबैलाई भन्नु
- ❑ हरेक सम्भव प्रयास गरेर क्षमा दिनु र आफ्नो घरलाई जोगाउनु

१२. विचारहरूलाई नियन्त्रणमा राखिनुपर्छ किनकि (२)

- ❑ अशुद्ध विचारहरूले अशुद्ध कार्य तर्फ लैजान्छ
- ❑ तपाईंको जीवनसाथीले तपाईंको विचारलाई पढ्न सक्छन् ।
- ❑ गलत विचारहरूले तपाईंका विवाहलाई नष्ट गर्न सक्छ

१३. म मेरो घरलाई यस्तो बनाउन चाहन्छु जसमा स्वर्गदूतहरू आएर घुम्न मन पराउन् (१)

- ❑ हो
- ❑ होइन

# ६ ढुङ्गामा लेखिएको

शताब्दीऔं पहिले परमेश्वरले आफ्ना व्यवस्थाहरु ढुङ्गामा लेख्नुभयो र आज पनि तपाईंले तिनलाई पालन गर्नु पर्ने हो । परमेश्वरको व्यवस्थाको कुनै पनि अंशलाई भङ्ग गर्नाले सधैंनै नकारात्मक परिणाम ल्याउँछ भन्ने कुरा सर्वसत्य हो । जब हाम्रो सहरमा अपराधहरू वढछन्, हामीले परमेश्वरको व्यवस्थालाई पालन गर्नुपर्छ भनेर के हाम्रो समझले भन्दैन ? अवश्य, यहि सिद्धान्त परमेश्वरको व्यवस्थासँग पनि लागू हुन्छ - हाम्रो जीवनमा पनि दस आज्ञाहरू लागू हुनुपर्छ । तिनीहरूलाई कुनै दस सुझावहरू, दस सिफारिसहरू वा दस महान् उपायहरू भनिदैन । परमेश्वरका आज्ञाहरूलाई पन्छ्याउनु भनेको आफ्नो जीवनलाई धेरै खतरामा पार्नु हो, त्यसकारण यसलाई मध्यनजर गर्दै केही समय तपाईंको दायित्वलाई गम्भिरतापूर्वक ध्यान दिनुहोस् भनी अनुरोध गर्दछौं ।

१. के परमेश्वरले दस आज्ञाहरू साँच्चै आफै लेख्नु भयो ?

“उहाँका आफ्ना हातका औंलाले लेखिएका दुई शिला पाटीहरू उहाँले मोशालाई दिनुभयो ।” “ती शिलापाटीहरू परमेश्वरका काम थिए र त्यहाँ कुँदिएर लेखिएका लेखहरू परमेश्वरका लेख थिए ।” - प्रस्थान ३१:१८,३१:१६

उत्तर : हो, स्वर्गका महान् परमेश्वरले दस आज्ञाहरू शिलापाटीमा आफ्ना औंलाले लेख्नु भयो ।

२. परमेश्वरका अनुसार पापको परिभाषा के हो “पाप व्यवस्थाको भङ्ग हो ।” १ युहन्ना ३:४

उत्तर : पाप भनेको परमेश्वरको व्यवस्था भङ्ग गर्नु हो । किनकि परमेश्वरको व्यवस्था सिद्ध छ (भजनसंग्रह १९:७), यसले सवै नचिताएका पापहरूलाई समेटदछ । परमेश्वरका दस आज्ञाहरू मध्ये कम्तिमा एक आज्ञाले दोषी नठह्र्याउने पाप हुँदैन । आज्ञाहरूले “मानिसको समस्त जिम्मेवारीहरू लाई समेटदछ” उपदेशक १२:१३ । केही कुरा पनि छुटेको छैन ।

३. परमेश्वरले हामीलाई किन दस आज्ञाहरू दिनुभयो ?

“त्यो मानिस धन्य हो जसले व्यवस्थालाई पालन गर्दछ” हितोपदेश २९:१८। “मेरा व्यवस्थाहरूलाई नभुल, तर तिनलाई

आफ्ना हृदयमा लुकाई राख । किनभने तिनले तँलाई दीर्घायु दिनेछन् ।"     हितोपदेश ३:१,२ ।

उत्तर : क. **प्रसस्तताको जीवनका निम्ति चाहिने एक निर्देशिकाको रूपमा ।**

हाम्रो हृदयले चाहना गरेका खुसी, शान्ति, उमंग, दीर्घजीवन, संतुष्टि र अन्य महत्वपूर्ण आशिषहरू प्राप्त गर्नका निम्ति परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो । परमेश्वरको व्यवस्था एक मार्गदर्शक हो जसले उहाँलाई पछ्याउने वाटो हामीलाई देखाउँदछ त्यसकारण हामीले यसलाई पालन गर्दा सत्य र, सर्वोच्च आनन्दको प्रत्याभूति पाउँछौ ।

" त्यसैकारण व्यवस्थाको कमीले कोही पनि परमेश्वरको नजरमा धर्मी ठहरिने छैन । किनभने व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ ।" रोमी ३:२० । "यदि व्यवस्था नभए मैले पाप थाहा पाउने थिइन किनकि 'लोभ नगर' भनी व्यवस्थाले नभनेको भए, लोभ गर्नु के हो सो थाहा पाउने थिइँन ।" रोमी ७:७

ख. **असल र खराबको वीचमा भिन्नता देखाउनका निम्ति :**

परमेश्वरको व्यवस्था ऐना जस्तो छ (याकूब १:२३-२५)। जसरी ऐनाले हाम्रो अनुहारमा लागेको फोहरलाई देखाउँदछ त्यसरी नै यसले हाम्रा अधर्महरूलाई प्रकट गर्दछ । एक व्यक्तिले आफूले पाप गरिरहेको छु वा छैन भन्ने कुराको जाँच गर्न परमेश्वरको व्यवस्थाको ऐनामा आफूलाई ध्यानपूर्वक हेरेर थाहा पाउन सक्छ । वहकिएका, डुविरहेका सन्ततिका निम्ति परमेश्वरको दस आज्ञामा मात्र आशा पाइन्छ । सीमा कहाँ निर्धारण गर्ने हो भनी यसले हामीलाई भन्दछ ।

"परमप्रभुले नै हामीलाई यी विधि पालन गर्ने र परमेश्वरको भय मान्ने आदेश दिनुभएको छ ताकि हाम्रो निरन्तर हित होस्" व्यवस्था ६:२४ । "मलाई थाम्नुहोस् र म वाँच्नेछु, तपाईंका विधिहरूलाई म निरन्तर पालन गर्नेछु । तपाईंका विधिहरूबाट वरालिनेहरूलाई तपाईंले इन्कार गर्नुहुनेछ किनकि तिनीहरूको छल व्यर्थ ठहर्छ । (भजनसंग्रह ११९:११७,११८) ।

ग. **मलाई खतरा र दु:खबाट वचाउनका निम्ति :**

परमेश्वरको व्यवस्था चिडियाघरको वलियो पिँजडा जस्तो छ, जसले हामीलाई हिंस्रक जनावरको आक्रमणवाट जोगाउँदछ । यसले हामीलाई अशुद्धता, झूठ, हत्या, मुर्तीपुजा, चोरी र यस्ता अरू पापहरूवाट वचाउँदछ जसले जीवन, शान्ति र खुसीको विनाश गर्दछ । सवै असल व्यवस्थाहरूले वचाव गर्दछ र परमेश्वरको व्यवस्था अपवाद होइन ।

विशेष टिप्पणी : परमेश्वरको व्यवस्थाका अनन्त सिद्धान्तहरू हरेक मानिसको स्वभावको भित्री स्थानमा हामीलाई सृष्टि गर्नुहुने परमेश्वरद्वारा लेखिएका हुन् । ती लेखहरू धमिला र फिक्का हुन सक्छन् तर पनि ती यथावत छन्, यसको मतलब अवश्य नै, तपाईं साँच्चो शान्ति तबसम्म पाउन सक्नुहुन्न जबसम्म तपाईं आफ्ना स्वभावसँग मिलाप गरी आफ्नो जीवन व्यतीत गर्न चाहनुहुन्न, जसमाथि परमेश्वर यी सिद्धान्तहरू लेख्नुभयो । तिनीहरूसँग मेल गरेर वस्नका निम्ति हामी सृजिएका हौं । यदि हामीले तिनीहरूलाई वहिस्कार गर्‍यौं भने, यसको परिणाम सधैं तनाव, अस्थीरता र विछोड हुन्छ जसरी हामी सुरक्षित यात्राका नियमहरूलाई बेवास्ता गरेर दुर्घटनामा पर्छौं त्यसरी नै हाम्रो जीवनलाई दुर्घटनामा पार्दछौं ।

४. परमेश्वरको व्यवस्था किन मेरा निम्ति व्यक्तिगत रूपमा आवश्यकता भन्दा वढि महत्वपूर्ण छ ?

"यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्था वमोजिम न्याय पाउनेहरूको जस्तै होस् ।" याकूब २:१२

उत्तर : किनकी दस आज्ञाहरू मापदण्ड हुन् जसको आधारमा स्वर्गीय न्यायमा परमेश्वरले आफ्ना मानिसहरूको जाँच गर्नुहुनेछ । तपाईंको जीवन कुन मापदण्डमा चलिरहेको छ ? यो जीवन वा मृत्युको मामिला हो ।

५. के परमेश्वरका व्यवस्था -दस आज्ञाहरू) लाई परिवर्तन वा खारेज गर्न सकिन्छ ?

"तर व्यवस्थावाट एक मात्र मेटिन भन्दा स्वर्ग र पृथ्वी टलिजान सजिलो हुन्छ ।" लूका १६:१७ । "मेरा करारहरू भङ्ग गर्नेछैन वा मेरो मुखवाट निस्केका वचन वदल्नेछैन ।" भजनसंग्रह ८९:३४ । "उहाँका सवै आदेशहरू विश्वशनीय हुन्छन्, ती सदाका लागि अटल हुन्छन् । विश्वासयोग्यता र सत्यकाम गरिएका छन् ।" भजनसंग्रह १११:७,८ ।

उत्तर : अवश्य पनि सकिँदैन । यस सम्वन्धमा बाइबल अति स्पष्ट छ । यदि ती व्यवस्थाहरू परिवर्तन गर्न सक्ने खालको भए, परमेश्वरले आफ्नो प्रिय पुत्रलाई आदम र हव्वाको व्यवस्था भङ्गको पापका निम्ति मर्न पठाउनको साटो, तिनीहरूले पाप गरेको क्षणमै ति व्यवस्थाहरूलाई परिवर्तन गर्न सक्नुहुन्थ्यो । तर यो असम्भव थियो, किनकि ती आज्ञाहरू कुनै नियम वा कानुनको दृष्टिकोणमा राखिएका थिएनन् जसलाई लागु गरिएका थिए । तिनीहरू परमेश्वरका पवित्र चरित्रका

जाज्वल्यमान सिद्धान्त हुन, जो तब सम्म सत्य रहनेछन् जबसम्म परमेश्वर अस्तित्वमा रहनुहुनेछ ।

| | परमेश्वर | व्यवस्था |
|---|---|---|
| असल | लूका १८:१९ | १ तिमोथी १:८ |
| पवित्र | यशैया ५:१६ | रोमी ७:१२ |
| सिद्ध | मत्ती ५:४८ | भजन १९:७ |
| शुद्ध | १ युहन्ना ३:२,३ | भजन १९:८ |
| न्याय | व्यवस्था ३२:४ | रोमी ७:१२ |
| सत्य | युहन्ना ३:३३ | भजन १९:९ |
| आत्मिक | १ कोरन्थी १०:४ | रोमी ७:१४ |
| धार्मिकता | यर्मिया २३:६ | भजन ११९:११२ |
| विश्वासी | १ कोरन्थी १:९ | भजन ११९:८६ |
| प्रेम | १ युहन्ना ४:८ | रोमी १३:१० |
| परिवर्तनरहित | याकूब १:१७ | मत्ती ५:१८ |
| अनन्त | उत्पति २१:३३ | भजन १११:७,८ |

माथिको लेखाचित्र हेर्नुहोस्, यहाँ परमेश्वर र उहाँका व्यवस्था एकै हुन भनी देखाइएको छ । के तपाईंलाई थाहा छ यसको के अर्थ हुन्छ ? दश आज्ञाहरू परमेश्वरका चरित्रको लिखित स्वरूप हो, यी लेखिएका छन् ताकि हामी यिनलाई बुझ्न सकौं । जसरी परमेश्वरलाई स्वर्गवाट निकाल्न र परिवर्तन गर्न सकिँदैन त्यसरी नै उहाँको व्यवस्था परिवर्तन गर्नु सम्भव छैन । मानव स्वरूपमा बनाइएपछि व्यवस्थाहरू (जुन पवित्र जीवनको ढाँचा हो) कस्ता देखिन्छन् भन्ने कुरा देखाउन येशू आउनुभयो । परमेश्वरको चरित्र कहिल्यै परिवर्तन गर्न सकिँदैन । नत उहाँका व्यवस्थाहरू नै, किनकी यी, मानव भाषामा उहाँका चरित्र हुन् ।

६. यस पृथ्वीमा हुँदा के येशूले परमेश्वरको व्यवस्थालाई खारेज गर्नुभयो ?

"म यहाँ व्यवस्था भङ्ग गर्न आएको भनी नसोच..., म यसलाई भङ्ग गर्न होइन तर यसलाई पूर्ण गर्न आएको हुँ । जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसमम सवै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्र वा एउटा विन्दु टल्ने छैन ।" मत्ती ५:१७,१८

उत्तर : अवश्य पनि होइन । आफू यहाँ व्यवस्था भङ्ग गर्न होइन तर यसलाई पुरा गर्न (पालन गर्न) आएको हुँ भनी येशूले विशेष रूपमा जोड दिनुभयो । व्यवस्था भन्दा टाढा रहेर केही गर्नुको सट्टा उहाँले

यसलाई असल जीवनको सिद्ध निर्देशिकाको रूपमा स्पष्ट बनाउनुभयो (यशैया ४२:२१)। उदाहरणको लागि, येशूले "तिमीले हत्या नगर्नु" भन्दा "विना कारण" को क्रोधलाई (मत्ती ५:२१,२२) र घृणालाई (१ युहन्ना ३:१५) निन्दा गर्नुभयो र अभिलाषा भनेको व्यभिचार हो (मत्ती ५:२७,२८) भनी भन्नुभयो । उहाँ भन्नुहुन्छ, "यदि तिमी मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरूलाई पालन गर ।" युहन्ना १४:१५

७. जानी जानी निरन्तर रूपमा परमेश्वरको एउटा मात्र पनि आज्ञा भङ्ग गर्ने मानिसले के उद्धार पाउनेछ ?

"पापको ज्याला मृत्यु हो ।" रोमी ६:२३ । "उहाँले पापीहरूलाई नष्ट गर्नुहुनेछ ।" यशैया १३:९ । "यदि कसैले सम्पूर्ण व्यवस्थाको पालन गर्छ तर एउटालाई पालन गर्न चुक्छ भने, ऊ सम्पूर्ण व्यवस्था भङ्गको अपराधी हुन्छ ।" याकूब २:१० ।

उत्तर : पाउँदैन । तिनीहरू नष्ट गरिनेछन् । दश आज्ञाहरू एक निर्देशिका हो जुन हामीले परमेश्वर र पवित्र जीवन तर्फ ल्याउने वाटोको खोजको निम्ति प्रयोग गर्नुपर्छ । यदि मैले दश आज्ञाहरू मध्येको एक आज्ञालाई पनि इन्कार गरेँ भने म पवित्र आर्दशलाई त्याग गरिरहेको हुन्छु । यदि एउटा सिक्रीको एक मात्र पनि जोड टुट्यो भने त्यो सिक्री बेकम्मा हुन्छ । बाइबलले भन्दछ, यदि हामी जाना जान परमेश्वरको कुनै पनि व्यवस्थालाई भङ्ग गर्छौं भने हामीले पाप गरिरहेका हुन्छौं (याकूब ४:१७), किनकी हामीले उहाँको हाम्रो प्रतिको इच्छालाई नकारेका हुन्छौं । त्यसले मात्र स्वर्गमा प्रवेश पाउने छ जसले उहाँको इच्छा बमोजीम गरेका हुन्छ । पापीहरू नष्ट गरिनेछन् ।

८. व्यवस्था पालन गर्ने जो कोहीले पनि उद्धार पाउन सक्छ?

"यसकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिने छैन ।" रोमी ३:२० "अनुग्रहवाट विश्वासद्वारा तिमीहरूले उद्दार पाएका छौ र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो, कर्महरूद्वारा होइन, नत्र मानिसहरूले घमण्ड गर्नेछन् ।" एफिसी २:८,९

उत्तर : होइन । उत्तर अति स्पष्ट छ । आज्ञा पालन गरेर मात्र कोही पनि वचाइन सक्दैन । मुक्ति, येशूको उपहार स्वरूप अनुग्रहद्वारा मात्र आउँदछ र हामीले यो उपहार विश्वासद्वारा प्राप्त गर्दछौ नकि कर्मद्वारा । व्यवस्थाले त मात्र हाम्रो जीवनमा रहेका पापहरूलाई ऐनाले झै देखाउने काम गर्छ । त्यस पापवाट शुद्धता र क्षमा मात्र ख्रीष्टवाट आउँछ ।

९. त्यसो भए इसाई चरित्रलाई सिद्ध बनाउन व्यवस्था किन यति आवश्यक छ ?

"परमेश्वरको भय मान र उहाँका व्यवस्थाहरू पालन गर, किनकि यो नै मानिसले गर्नु पर्ने सम्पूर्ण कर्तब्य हो ।" उपदेशक १२:१३ "व्यवस्थाद्वारा नै पापको ज्ञान हुन्छ ।" रोमी ३:२० ।

उत्तर : किनकि इशाई जीवनका लागि आवश्यक पूर्ण आदर्श वा "सम्पूर्ण कर्तब्य" परमेश्वरको व्यवस्थामा छ । जसरी एक ६ वर्षे बालकले आफ्नै नाम यन्त्र बनायो र आफू १२ फिटको छु भनी आफ्नी आमालाई

भन्यो, हाम्रो आफ्नै मापदण्ड सुरक्षित छैन । आफू पापी छु भनेर म तबसम्म जान्न सक्तिन जबसम्म म आफूलाई एक सिद्ध मापदण्ड-परमेश्वरको व्यवस्थाको ऐनामा आफूलाई ध्यानपूर्वक हेर्दिन । येशूको नाउँमा भूत भगाउने, भविष्य वताउने र धेरै आश्चर्यपूर्ण काम गर्ने लाखौं मानिसहरू नष्ट गरिने छन् (मत्ती ७:२१-२३) किनकि तिनीहरूले यस महान व्यवस्थाको ढाँचामा आफ्नो जीवनलाई ढाल्न कष्ट गरेनन् । यसरी आफू धर्मी हौं र बचाइने छौं भनी तिनीहरूले सोच्नेछन् तर यसको सट्टा उनीहरू पापले भरिपूर्ण हुन्छन् र नष्ट हुनेछन् । "यदि हामीले व्यवस्था पालन गर्छौं भने, हामी आफूलाई जान्दछौं भनेर हामीले यहाँ थाहा पाउन सक्छौ ।" १ युहन्ना २:३

१०. साँचो रूपमा परिवर्तन भएको एक इशाईलाई परमेश्वरको व्यवस्थाको ढाँचालाई पालन गर्न केले सक्षम बनाउँदछ ?

"म मेरो व्यवस्था तिनीहरूको दिमागमा राखिदिनेछु, र तिनीहरूका हृदयमा लेखिदिनेछु ।" हिब्रु ८:१० "ख्रीष्टद्वारा म सवथोक गर्न सक्छु ।" फिलिपी ४:१३ "उहाँले आफ्नो पुत्रलाई पठाउनु भयो यस हेतु कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस् ।" रोमी ८:३,४

उत्तर : एक पश्चातापी पापीलाई मात्र क्षमा गर्नु हुन्न तर त्यसलाई परमेश्वरको स्वरूपमा सृजना गर्नुहुन्छ । आफ्नो स्थायी उपस्थितिको शक्तिद्वारा उहाँले तिनीहरूलाई आफ्नो व्यवस्थासँग मेल गराउनुहुन्छ । "तिमीहरूले नगर्नु" भोको मान्दा इशाइले चोरी गर्दैन, झुठ बोल्दैन हत्या गर्दैन आदि जुन कुराउस्को निम्ति शपथ हुन्छ, किनकि उसभित्र येशू वस्नुहुन्छ र उसलाई नियन्त्रण गर्नुहुन्छ । परमेश्वरले उहाँको व्यवस्था परिवर्तन गर्न सक्नुहुन्थ्यो, तर पापीहरूलाई परिवर्तन गर्न उहाँले येशूद्वारा एक आशिषित प्रावधान बनाउनुभयो ताकि उसलाई व्यवस्थाले नाप्न सकियोस् ।

११. के विश्वास भएको र अनुग्रहद्वारा बाँचिरहेको इशाईलाई व्यवस्था पालन गरिरहन बोझ लाग्दैन ?

"पाप तिमीहरू माथि राज्य गर्ने छैन किनकि तिमीहरू व्यवस्थाका मुनि छैनौ तर अनुग्रहको अधिनमा छौ । तब के ? के हामीले पाप गर्ने किनकि हामी व्यवस्थाको होइन तर अनुग्रहको । अधिनमा छौ ? परमेश्वरले निषेध गर्नुहुन्छ ।" रोमी ६:१४,१५ । "तब के हामीले विश्वासद्वारा व्यवस्थालाई रद्द गर्ने ? परमेश्वरले निषेध गर्नुहुन्छ, हामीले व्यवस्थालाई पालन पो गर्नुपर्छ ।" रोमी ३:३१ ।

उत्तर : कदाचित होइन । शास्त्रले हामीलाई यसको ठीक उल्टो कुरा सिकाउँछ । अनुग्रह भनेको त, एक कैदीलाई कुनै अधिकारीले क्षमा दिए सरह हो । यसले उसलाई क्षमा दिन्छ, तर यसले उसलाई कानुनमा लेखिएको एउटा पनि नियमलाई तोड्न स्वतन्त्रता दिँदैन । अनुग्रहमा रहेको क्षमा पाएका मानिसले दुईवटा परिधिमा रहेर नियमको पालना गर्नुपर्ने हुन्छ । एक व्यक्ति जो आफू अनुग्रहमा रहेको भनेर परमेश्वरको व्यवस्थालाई इन्कार गर्छ भने उसले गल्ती गरिरहेको हुन्छ । ऊ अनुग्रहमा बाँचेको हुँदैन ।

१२. के परमेश्वरका दश आज्ञाहरू नयाँ नियममा दोहोऱ्याइएका छन् ?

उत्तर : अवश्य र निकै स्पष्ट रूपमा । यहाँ उल्लेखित कुराहरूलाई ध्यानपूर्वक हेर्नुहोस् ।

नयाँ नियममा रहेका परमेश्वरको व्यवस्था

१. "तिमीले परमप्रभु आफ्नो परमेश्वरलाई दण्डवत् प्रणाम गर्नु र उहाँको मात्र सेवा गर्नु ।" मत्ती ४:१०

२. "साना बालकहरू आफू आफूलाई मुर्तीहरूबाट जोगाएर बस ।" १ युहन्ना ५:२१ "तब हामी परमेश्वरका सन्तान भएको हुनाले, परमेश्वर सुन, चाँदी वा पत्थर जस्तै हो भनी हामीले ठान्नु हुँदैन - यिनी मानिसका कला र कल्पनाका स्वरूप मात्र हुन ।" प्रेरित १७:२९ ।

३. "परमेश्वरको नाउँ र हाम्रो शिक्षाको वदनामी नहोस् ।" १ तिमोथी ६:१

४. "किनकि उहाँले अरू ठाउँमा सातौ दिनको विषयमा यस किसिमले भन्नुभएको छ, 'परमेश्वरले सबै कार्यहरूबाट सातौँ दिनमा विश्राम लिनुभयो । यसकारण परमेश्वरका जनहरूका निम्ति शवाथको विश्राम बाँकी नै छ । किनकि परमेश्वरको विश्राममा प्रवेश गर्ने जोसुकैले पनि आफ्नो परिश्रम देखि

विश्राम गर्छ,जसरी परमेश्वरले आफ्नो परिश्रम देखि विश्राम लिनुभयो ।'" हिब्रु ४:४,९,१० ।

५. "आफ्ना आमाबुवाको आदर गर्नु ।" मत्ती १९:१९
६. "हत्या नगर्नु ।" रोमी १३:९
७. "तैँले व्यभिचार नगर्नु ।" मत्ती १९:१८
८. "तैँले चोरी नगर ।" रोमी १३:९
९. "आफ्नो छिमेकीको विरूद्ध झूठो गवाही नदिनु ।" रोमी १३:९
१०. "तैँले लोभ नगर ।" रोमी ७:७

<u>पुरानो नियममा रहेका परमेश्वरको व्यवस्था</u>

१. "म वाहेक अरू कुनै देवी देवताहरू नमान्नु ।" प्रस्थान २०:३
२. "आफ्ना निम्ति खोपेर कुनै मूर्ति नबनाउनु, माथि आकाश तल पृथ्वी वा तल पानीमा भएका कुनै कुराको आकारको मुर्ति नबनाउनु । तिनीहरूका सामु ननिहुरिनु, तिनीहरूको पुजा नगर्नु, किनकि म परमप्रमु परमेश्वर तिमीहरूका डाह गर्ने परमेश्वर हुँ । मेरो अवहेलना गर्ने पिता पुर्खाको अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु, तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौँ पुस्ता माथि म कृपा गर्नेछु ।" प्रस्थान २०:४-६ ।
३. "परमप्रभु तिमीहरूका परमेश्वरको नाउँ व्यर्थमा नलिनु किनकि उहाँको नाउँ व्यर्थमा लिनेहरूलाई परमप्रभुले निरपराध ठहऱ्याउनु हुनेछैन ।" प्रस्थान २०:७
४. "शवाथ दिन पवित्र मान्नुपर्छ भनी याद राख्नु । ६ दिनसम्म परिश्रम गरेर आफ्ना सवै काम गर्नु तर सातौँ दिन चाहिँ तिमीहरू परमप्रभु आफ्नो परमेश्वरका निम्ति शवाथ दिन हो । त्यसमा तिमीहरूले केही काम नगर्नु, नता आफ्नो छोरा, नता छोरी, नता कमारा कमारीले नत गाईबस्तुले न मुल ढोका भित्र भएको परदेशीले केही काम गरोस् । किनकि ६ दिनमा परमेश्वरले आकाश पृथ्वी समुद्र र तिनमा रहेका सवैथोक बनाउनु भयो । तर सातौँ दिनमा चाहिँ विश्राम गर्नुभयो । त्यसकारण परमेश्वरले शवाथ दिनलाई आशिष दिनुभयो र त्यसलाई पवित्र गर्नुभयो ।" - प्रस्थान २०:८-११
५. "आफ्ना आमा र बुवालाई आदर गर , कि जुन देश तिमीहरूलाई परमप्रभु आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ तिमीहरूको आयु लामो होस् ।" प्रस्थान २०:१२
६. "तिमीले हत्या नगर्नु ।" प्रस्थान २०:१३

७. “तिमीले व्यभिचार नगर्नु ।” प्रस्थान २०:१४ ।
८. “तिमीले चोरी नगर्नु ।” प्रस्थान २०:१५
९. “तिमीले तेरो छिमेकीको विरूद्ध झुठा गवाही नदिनु ।” प्रस्थान २०:१५
१०. “तिमीले तेरो छिमेकीको घरको लालच नगर्नु, तैंले तेरो छिमेकीको श्रीमतिको लालच नगर्नु, नत उसको कमारा, नतकमारीको, नत उसको गोरूको, नत उसको गधाको, त्यसतो कुनै कुराको लालच नगर्नु जुन तिम्रो छिमेकीको हो ।” प्रस्थान २०:१७

१३. के मोशाको व्यवस्था र परमेश्वरको व्यवस्था एउटै हो ?

उत्तर : होइन । तिनीहरू एउटै होइनन् । तल उल्लेखित टिप्पणीहरू र दुवै वीच गरिएका तुलनाहरूलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस् ।

टिप्पणी : मोशाको व्यवस्था पुरानो नियमको अस्थायी, सर्वमान्य व्यवस्था थियो । यसले पुजाहारीको काम, वलिदान, रितीरिवाज आदि लागायत तिनीहरू सवै कार्यलाई संचालन गर्ने गरेको थियो जसले क्रुसको चेतावनी दिएको थियो । “बिऊ नउम्रिन्जेलसम्मका लगि त्यो व्यवस्था थपिएको थियो र त्यो विऊ येशू ख्रीष्ट हुनुहुन्थ्यो ( गलाती ३:१६,१९) । मोशाको व्यवस्थाको रिती र उत्सवहरूले ख्रीष्टको वलिदानलाई वोध गरेको थियो । जब उहाँ मर्नुभयो तब यो व्यवस्थाको अन्त्य भयो तर परमेश्वरको व्यवस्था (दश आज्ञा) “सदा सदाका लागि स्थीर रहन्छ ।” (भजनसंग्रह १११:८) । यी दुई व्यवस्थाहरूलाई दानियल ९:१०,११ मा अति स्पष्ट बनाइएको छ ।

विशेष टिप्पणी : ध्यान दिनुहोस्, परमेश्वरको व्यवस्था तब देखि अस्तित्वमा थियो जब देखि पाप अस्तित्वमा थियो । बाइबलले भन्छ, “जहाँ व्यवस्था छैन, त्यहाँ पाप रहँदैन ।” रोमी ४:१५ अत: परमेश्वको व्यवस्था सुरूवात देखि नै अस्तित्वमा छ । मानिसहरूले तिनलाई भङ्ग गरे (पाप गरे - १ युहन्ना ३:४) । पापको कारण (वा परमेश्वरको व्यवस्था भङ्गको कारण) थियो मोशाको व्यवस्था दिइएको थियो (वा थपिएको थियो - गलाती ३:१६,१९) तब सम्मका लागि जबसम्म ख्रीष्ट आएर मर्नुपर्ने थियो । दुई छुट्टाछुट्टै व्यवस्थाहरू यसमा संलग्न थिए : परमेश्वरको व्यवस्था र मोशाको व्यवस्था ।

| मोशाको व्यवस्था | परमेश्वरको व्यवस्था |
|---|---|
| "मोशाको व्यवस्था" भनिन्छ (लूका २:२२) | "परमेश्वरको व्यवस्था" भनिन्छ (यशैया ५:२४) |
| "विधि विधानहरू भएको व्यवस्था" भनिन्छ (एफिसी २:१५) | "शाही व्यवस्था" भनिन्छ (याकूब २:८) |
| मोशाद्वारा पुस्तकमा लेखिएका थिए (२ कोरिन्थी ५:१२) | "परमेश्वरद्वारा ढुङ्गामा लेलिएको थियो (प्रस्थान ३१:१८, ३२:१२) |
| सन्दुकको छेउमा राखिएको थियो (व्यवस्था ३१:२६) | सन्दुक भित्र राखिएको थियो (प्रस्थान ४०:२०) |
| क्रुसमा यसको अन्त्य भयो (एफिसी २:१५) | सदा रहिरहनेछ (लूका १६:१७) |
| पापको कारण थपिएको थियो (गलाती ३:१९) | पापलाई देखाउँदछ (रोमी ७:७, ३:२०) |
| हाम्रो विरूद्धमा (कलस्सी २:१४) | हानिकारक छैन (१ युहन्ना ५:३) |
| कसैको न्याय गर्दैन (कलस्सी २:१४-१६) | सवैको न्याय गर्छ (याकूब २:१०-१२) |
| संसारिक हो (हिब्रु ७:१६) | आत्मिकी हो (रोमी ७:१४) |
| कुनै कुरालाई सिद्ध बनाएन (हिब्रु ७:१९) | सिद्ध छ (भजनसंग्रह १९:७) |

१४. आफ्नो जीवनलाई परमेश्वरको दश आज्ञाको स्वरूपमा ढाल्न चाहने मानिसहरूप्रति सैतानको दृष्टिकोण कस्तो छ ?

"र त्यो अजिङ्गर त्यस स्त्री (साँचो मण्डली) देखि क्रोधित भयो र तिनका वाँकी सन्तानहरूसँग युद्ध गर्न गयो जसले परमेश्वरका व्यवस्थाहरूलाई पालन गर्छन ।" प्रकाश १२:१७ । "यसैमा सन्तहरूको धैर्य छ : यहाँ उनीहरू परमेश्वरका आज्ञा पालन गरेका कुराहरू छन् ।" प्रकाश १४:१२

उत्तर : सैतानले ती मानिसहरूलाई घृणा गर्दछ जो परमेश्वरका व्यवस्थाहरूसँग खडा हुन्छन् किनकि यी व्यवस्थाहरू असल जीवनको आदर्श हुन । र यदि परमेश्वरको व्यवस्थामा चित्रण गरिएको आदर्शलाई तपाईँ पालन गर्नुहुन्छ भने एकै पटकमा सैतानले पुरा क्रोधले तपाईँ माथि आक्रमण गरेको महसुस गर्नुहुनेछ । परमेश्वरको व्यवस्थालाई पालन गर्ने हरेक मानिसलाई सैतानले घृणा गर्छ र कडा रूपमा उसको प्रतिकार गर्छ भन्ने कुरामा अचम्म मान्नु पर्ने कुरै छैन । तर परमेश्वरको दश आज्ञाको साटो मानिसले बनाएको रीतिलाई पालन गरी हिँड्ने धार्मिक अगुवाहरूले ति दश आज्ञालाई इन्कार गर्नु पक्कै पनि अचम्म लाग्दो कुरा हो । त्यसकारण येशूले यसो भन्नु कुनै अचम्मको कुरा होइन, "तिमीहरूले पनि किन आफ्ना परम्पराको खातिर परमप्रभुको आज्ञा भङ्ग गर्दछौ । तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन् तर तिनीहरूका शिक्षा मानिसले सिकाएका विधि मात्र हुन ।" (मत्ती १५:३,९) । र दाउदले भने, "हे परमप्रभु, तपाईंले अब कार्य गर्ने बेला आएको छ, तपाईँका व्यवस्था भङ्ग हुँदैछ ।" भजनसंग्रह ११९:१२६ । अब इशाईहरूलाई जाग्न आवश्यक छ र परमेश्वरको व्यवस्थालाई यथास्थितिमा पुनः स्थापना गर्नुछ । यो अनुशासन हीन पुस्ताका लागि परमेश्वरको व्यवस्था तोड्न साहस गर्नु मूर्खता मात्र हुनेछ ।

१५. इशाईहरूले दश आज्ञाहरूको पालना गर्नुपर्छ भनेर के तपाइँ विश्वास गर्नुहुन्छ ?

उत्तर :

.............................................................................................

.............................

## तपाइँको विचारमा रहेका प्रश्नहरूका उत्तर

१. व्यवस्था दोषपूर्ण थियो (वा छ) भनि के बाइबलले भन्दैन ?

उत्तर : भन्दैनन् । मानिसहरूमा दोषी थिए भनि बाइबल भन्दछ । परमप्रभुले "तिनीहरूमा दोष भेट्नु भयो।" हिब्रु ८:८ । र रोमी ८:३ मा बाइबल भन्दछ "व्यवस्था शरीरको कारण दुर्बल थियो ।" यो सधैँ उस्तै कहानी हो । व्यवस्था सिद्ध छ तर मानिसहरू दोष पूर्ण वा दुर्बल छन् । त्यसकारण परमेश्वरले मानिसहरूका माझमा आफ्नो पुत्रलाई पठाउनु भयो "ताकि खीष्टद्वारा व्यवस्थाको धार्मिकता हामीमा परिपूर्ण होस् ।" (रोमी ८:४)

२. गलाती ३:१३ भन्दछ हामीहरू व्यवस्थाको श्रापवाट मुक्त गरिएका छौँ । के तपाइँ ब्याख्या गर्न सक्नुहुन्छ ?

उत्तर : व्यवस्थाको श्राप मृत्यु हो (रोमी ६:२३) । खीष्टले "सवैको निम्ति मृत्युलाई" ग्रहण गर्नुभयो (हिब्रु २:९) । यसरी उहाँले सवैलाई व्यवस्थाको श्राप (मृत्यु) वाट मुक्ति छुटकारा दिनुभयो र यसको सट्टा अनन्तको जीवन दिनुभयो ।

३. परमेश्वरको व्यवस्थाको अन्त्य क्रुसमा भयो भनेर के कल्लसी २:१४-१७ र एफिसी २:१५ ले सिकाउँदैन ?

उत्तर : होइन, यी दुवै उनुच्छेदहरूले "साधारण रूपमा" रहेका व्यवस्था वा मोशाको व्यवस्थालाई बोध गर्दछन् जुन बलि प्रथा र पुरोहितलाई संचालन गर्ने एक वैधानिक व्यवस्था थियो । यी सवै विधि र रितीरिवाजहरूले क्रुसलाई दर्शाए र खीष्टको मृत्युसँगै समाप्त भए । मोशाको व्यवस्था तबसम्मको लागि मात्र थपिएका थिए जबसम्म "बीऊ उम्रदैन" र "त्यो बीऊ ... येशू हुनुहुन्छ ।" गलाती ३:१९,१६ । यहाँ परमेश्वरको व्यवस्थालाई संलग्न गराउन सकिँदैनथ्यो, किनकि पावलले यिनलाई पवित्र, न्यायपूर्ण र क्रुस पछिको वर्षैसम्म पनि असल रहनेछन् भनी भनेका छन् (रोमी ७:७,१२) ।

४. बाइबलले भन्दछ , "प्रेम गर्नु व्यवस्था पूर्ण गर्नु हो ।" रोमी १३:१० । मत्ती २२:३७-४० मा बाइबलले परमेश्वरलाई प्रेम गर्न र आफ्नो छिमेकीलाई प्रेम गर्न आज्ञा दिँदछ र "यी दुई आज्ञामा नै सम्पूर्ण

व्यवस्था र अगमवाणी पुराहुन्छ ।" भनेर यसको अन्त्य गर्दछ । के यी आज्ञाहरूले दश आज्ञालाई पुर्नस्थापित गर्दछ ?

उत्तर : होइन, दश आज्ञाहरू यी दुई आज्ञाहरूमा रहेका छन् जसरी हाम्रा दश औंलाहरू हाम्रा दुई हातमा रहेका छन् । यिनीहरूलाई छुट्याउन सकिँदैन । परमेश्वरलाई प्रेम गर्नाले पहिलो चार आज्ञाहरूको पालनालाई (जुन परमेश्वरसँग सम्वन्धि छ) हाम्रो छिमेकी प्रतिको प्रेमले अन्तिम ६ आज्ञाहरूको (छिमेकी सम्वन्धी) पालन गर्न आनन्द आउँछ । प्रेमले अरूची कार्यहरूलाई समाप्त गर्दछ । कडा परिश्रमलाई टाढा राखेर र व्यवस्था पालन गर्दा हाम्रो ध्यानलाई प्रसन्न राख्दछ ।(भजनसंग्रह ४०:८) । जब हामी कसैलाई साँच्चो रूपमा प्रेम गर्छौं, तब उसको आग्रहलाई सम्मान गर्दा एक आनन्द आउँछ । येशूले भन्नुभयो , "यदि तिमीहरू मलाई प्रेम गर्छौ भने मेरो आज्ञाहरूको गर ।" युहन्ना १४:१५ । परमेश्वरलाई प्रेम गर्नु तर उहाँको व्यवस्था पालन नगर्नु असम्भव छ किनकि बाइबलले भन्दछ, "व्यवस्था पालन गर्नु नै परमेश्वरलाई प्रेम गर्नु हो, र उहाँका आज्ञाहरू भरिपूर्ण छैनन् ।" १ युहन्ना ५:३ । "जसले उहाँलाई चिन्छु भन्छ तर उहाँका आज्ञाहरू पालन गर्दैनन् भने त्यो झूठा हो र त्यसमा सत्यता छैन ।" १ युहन्ना २:४ ।

५. ढुङ्गामा खोपिएका आज्ञाहरू "हराउँदै जानेछन्" भनि के २ कोरिन्थी ३:७ ले सिकाउँदैन ?

उत्तर : होइन, यी पदले मोशाको सेवकाईको महिमा हराउँदै गएको वताएको छ तर व्यवस्था होइन । २ कोरिन्थी ३:७-९ एकपटक फेरी ध्यानपूर्वक पढ्नु होस् । यसको विषय व्यवस्थाको लोप वा यसको स्थापनासँग मसँग सम्वन्धित छैन तर व्यवस्थालाई ढुङ्गाबाट हृदयमा स्थानान्तर गर्ने सम्वन्धमा छ । मोशाको सेवाकाईमा व्यवस्थामा ढुङ्गा थिए । ख्रीष्ट मार्फत हुने पवित्र आत्माको सेवाकाईमा व्यवस्था हृदयहरूमा लेखिएका थिए (हिब्रु ८:१०) । विद्यायलको सूचनापाटीमा टाँसिएको नियम तब मात्र प्रभावकारी हुन्छ जब त्यो नियम विद्यार्थीको हृदयमा प्रवेश गर्छ । व्यवस्था सम्वन्धि ख्रीष्टको सेवाकाई प्रभावकारी छ किनभने उहाँले ती व्यवस्थाहरूलाई येशू भक्तको हृदयमा स्थानान्तर गर्नुहुन्छ ।

६. रोमी १०:४ ले भन्दछ, "ख्रीष्ट व्यवस्थाको अन्त्य हुनुहुन्छ ।" त्यसकारण यसको अन्त्य भइसकेको छ, होइन र ?

उत्तर : यस पदमा "अन्त्य" को अर्थ उद्देश्य वा लक्ष्य हो त्यसरी नै जसरी याकूब ५:११ मा भनिएको छ । यसको अर्थ स्पष्ट छ ।

मानिसहरूलाई खीष्टमा डोऱ्याउन - जहाँ तिनीहरूले धार्मिकता पाउँछन्, त्यही नै व्यवस्थाको लक्ष्य, उद्देश्य वा अन्त्य हो ।

७. परमेश्वरको व्यवस्थालाई किन यति धेरै मानिसहरूले अस्विकार गर्दछन् ?

उत्तर : "किनभने पापमय शरीर तर्फ लागेका मन चाहिँ परमेश्वर प्रतिको शत्रुता हो किनभने परमेश्वरको व्यवस्थाको अधीनमा त्यो रहँदैन नता त्यो कहिल्यै हुन सक्छ । पाप स्वभावको अधिनमा हुनेले परमेश्वरलाई प्रसन्न पार्न सक्दैन ।" रोमी ८:७-९ ।

८. के पुरानो नियमका धर्मीहरू व्यवस्थाका कारण उद्धार पाएका थिए ?

उत्तर : व्यवस्थाद्वारा कोही पनि उद्धार पाएका छैनन् । सबै युगमा बाँचेका ती सबै अनुग्रहद्वारा उद्धार पाएका छन् । या "अनुग्रह ... संसारको सुरूवात हुनुपूर्व खीष्टद्वारा हामीलाई दिइएको थियो ।" २ तिमोथी १:९ । व्यवस्थाले पापको वोध मात्र गराउँछ । खीष्ट एक्लैले मुक्ति दिन सक्नुहुन्छ । नोआले "अनुग्रह पाए" -उत्पति ६:८, मोशाले अनुग्रह पाए - प्रस्थान ३३:१७, उजाड स्थानमा इजरायलीहरूले अनुग्रह पाए - यर्मिया ३१:२, हाबिल, एनोक, अब्राहम, इसहाक, याकूब, योसेफ र अन्य पुरानो नियमका व्यक्तित्वहरू, हिब्रुका अनुसार आफ्ना विश्वासका कारण वचाइएका थिए । उनीहरू आउनेवाला क्रुस तर्फ हेरर उद्धार पाए भने हामी फर्केर हेरको क्रुसका कारण वचाइयौँ । व्यवस्था अत्यावश्यक छ किनभने यसले हामीलाई ऐनाले झै हाम्रो जीवनमा लागेका दागहरूलाई प्रकट गरिदिने काम गर्छ । यस विना मानिसहरू पापी हुन्छन् तर यस प्रति सजग हुँदैनन् । तरपनि व्यवस्थामा वचाउने शक्ति छैन । यसले पापहरूलाई मात्र देखाउन सक्छ । येशू, र उहाँ एक्लैले मात्र मानिसहरूलाई पापबाट उद्धार गर्न सक्नुहुन्छ । पुरानो नियमको समयमा समेत यो सर्वदा सत्य रहिआएको छ,(प्रेरित ४:१०, १२, २ थिमोथी १:९) ।

९. व्यवस्थाको वारेमा किन चिन्ता गर्ने ? के अन्तरआत्मा नै एक सुरक्षित निर्देशिक होइन ?

उत्तर : होइन । हजारौँ पटक होइन । बाइबलले एक दुष्ट अन्तरात्मा, एक दुषित अन्तरआत्मा र वेवुनियाद अन्तरआत्माको वारेमा भन्दछ, यी मध्ये कुनै पनि सुरक्षित छैन । "कुनै वाटो मानिसको नजरमा ठीक देखिएला तर त्यसले अन्तिममा मृत्युमा पुऱ्याउने छ ।" हितोपदेश १४:१२ । "परमेश्वरले भन्नुभयो , "आफैमा भरोसा राख्ने व्यक्ति मूर्ख हो ।" हितोपदेश २८:२६ ।

# संक्षिप्त पृष्ठ

यो संक्षिप्त पृष्ठ पुरा गर्नुभन्दा अगाडी कृपया अध्ययन पुस्तिका पढ्नुहोस । तलका प्रश्नहरुको सबै उत्तरहरु पुस्तिका सहायक भित्र पाउन सक्नुहुन्छ । ठीक उत्तरमा चिनो लगाउनुहोस् । कोष्ठमा रहेको अंकले प्रश्नको पूर्णाङ्क बुझ्उँछ ।

१. दश आज्ञाहरू ..................द्वारा लेखिए । (१)

- ❑ परमेश्वर
- ❑ मोशा
- ❑ एक अन्जान व्यक्ति

२. बाइबल अनुसार पाप ......... हो । (१)

- ❑ व्यक्तित्वको कमजोरी
- ❑ परमेश्वरको व्यवस्था भङ्ग
- ❑ जे गलत देखिन्छ

३. परमेश्वरको व्यवस्थाको वारेमा सत्य कुरा भन्ने वाक्यलाई छान्नुहोस् । (४)

- ❑ यो असल जीवनको निम्ति यो एक सिद्ध निर्देशिका जस्तै हो ।
- ❑ यो एक ऐना जस्तै, यसले पापलाई देखाइदिन्छ ।
- ❑ यो कष्टकर र दमनकारी छ ।
- ❑ यसले मलाई पापबाट वचाउन सक्छ ।
- ❑ यसको चरित्र परमेश्वरको जस्तै छ ।
- ❑ यसलाई नयाँ नियममा रद्द गरियो ।
- ❑ यो एक श्राप हो ।

४. परमेश्वरको दश आज्ञाको व्यवस्था केका लागि थिए ? (१)

- ❑ पुरानो नियमको समयका लागि मात्र थियो ।
- ❑ येशूद्वारा क्रुसमा यसको अन्त्य भयो ।
- ❑ यो अपरिवर्तनशील छ ।

५. न्यायको दिनमा उद्धार पाउने छु जब मैले (१)

- ❑ असल कामहरूका रेकर्डलाई उत्कृष्ट कायम राखेँ भने ।
- ❑ परमेश्वरका दश आज्ञालाई पालन गरेपनि न गरे पनि मैले उहाँलाई प्रेम गरेँ भने ।
- ❑ येशूसँगको मेरो व्यक्तिगत प्रेम सम्वन्धले मलाई उहाँका आज्ञाहरू मान्न तर्फ डोऱ्यायो भने

❑ मानिसहरू ...... बचाइन्छन् । (१)

❑ व्यवस्थालाई पालन गरेर ।

❑ व्यवस्थालाई भङ्ग गरेर ।

❑ खीष्ट एक्लैद्वारा

७. साँचो रूपमा परिवतर्तित इशाई (१)

❑ खीष्टको शक्ति मार्फत व्यवस्थाको पालना गर्दछ ।

❑ व्यवस्थालाई पालन गर्न इन्कार गर्छ किनकि यसको अन्त्य भइसकेको छ ।

❑ व्यवस्था पालनलाई अनावश्यक मान्छन् ।

८. अनुग्रहमा बाँचेको मानिस (१)

❑ पाप नगरी दश आज्ञाहरूलाई भङ्ग गर्न सक्छन् ।

❑ व्यवस्था पालन गर्नवाट स्वतन्त्र छन् ।

❑ खुसीसाथ व्यवस्था पालन गर्ने छन् ।

९. प्रेमले व्यवस्थालाई पूर्ण गर्छ किनकि (१)

❑ प्रेमले व्यवस्थाको अन्त्य गर्छ ।

❑ परमेश्वर र मानिस तर्फको प्रेमले व्यवस्था पालना गर्दा आनन्दित बनाउँछ ।

❑ आज्ञा पालन भन्दा प्रेम महत्वपूर्ण छ ।

१०. मोशाको व्यवस्था (१)

❑ परमेश्वरको व्यवस्था जस्तै हो ।

❑ विधान र बलियो व्यवस्था मात्र थियो जसले खीष्ट तर्फ बोध गर्थ्यो कुसमा त्यो अन्त्य भयो ।

❑ आज पनि यथास्थीतिमै छ ।

११. दश आज्ञा मान्ने मानिसहरू (१)

❑ ऐनवादी हुन वा अतिवादी हुन

❑ शैतानको कडा प्रतिकारलाई सामना गर्नेछन् जसले परमेश्वर र उहाँको व्यवस्थालाई घृणा गर्छन ।

❑ उहाँको व्यवस्था पालन गरेर उद्धार पाउनेछन् ।

१२. खीष्ट र उहाँका व्यवस्थाका सम्वन्धमा सत्य रहेका वाक्यहरूलाई छान्नुहोस् । (४)

❑ येशूले व्यवस्था भङ्ग गर्नुभयो ।

❑ येशू, व्यवस्था पालन गर्ने सिद्ध मानिसको उदाहरण हुन् ।

❑ येशूले व्यवस्थाको अन्त्य गर्नुभयो ।

❑ येशूले भन्नुभयो, “यदि तिमीहरू मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर ।”

❑ येशूले व्यवस्थालाई स्पष्ट गर्नुभयो र यसले सम्पूर्ण पापलाई उदाङ्गो पार्दछ भनी देखाउनुभयो ।

❑ व्यवस्थालाई परिवर्तन गर्न सकिँदैन भनी येशूले भन्नु भयो ।

१३. म विश्वास गर्छु, एक इशाईले परमेश्वरका दश आज्ञालाई मान्नुपर्छ र ती कुराहरूलाई मेरो जीवनमा मेल गराई दिनहुन म येशूसँग सहायता माग्छु ।

❑ हो

❑ होइन ।

# ७ इतिहासबाट हराएको दिन

के तपाईले जान्नुभएको थियो, इतिहासमा एक अति महत्वपूर्ण दिन छ जसलाई प्राय सबै मानिसले बिर्सिसकेका छन् ? मानव इतिहासको यो एक अति महत्वपूर्ण दिन भएकाले थोरै मानिसहरू मात्र यस सम्वन्धमा सजग छन् भनी सुन्दा हामीलाई अचम्म लाग्छ । यो पूर्वको समय मात्र नभएर वर्तमान र भविष्यको पनि हो । अझ भन्नुपर्दा, यस अविचारणीय दिनमा घटेको घटनाले तपाईको जीवनमा गहिरो प्रभाव पार्छ । के तपाई हराएको यस दिनका वारेमा रहेका आश्चर्यजनक तथ्यहरू जान्न चाहनुहुन्छ ? त्यसो भए यो अध्ययन निर्देशिका ध्यानपूर्वक पढ्नुहोस् ।

१. येशू प्राथागत रूपमा कुन दिनमा आराधना गर्नुहुन्थ्यो ?

"र उहाँ नासरत आउनुभयो जहाँ उहाँ हुर्कीनुभएको थियो, र उहाँको आदत अनुसार उहाँ शबाथको दिनमा सभाघरमा जानुभयो र पढ्नलाई खडा हुनुभयो ।" लूका ४:१६

उत्तर : येशूको आदत, शबाथको दिनमा आराधना गर्ने थियो ।

२. तर हप्ताको कुन दिन शबाथ दिन हो ?

"सातौ दिन चाहिँ तिम्रो परमेश्वरको शबाथ दिन हो । प्रस्थान २०:१० "शबाथ-दिन वितेपछि मरियम र मग्दलिनी र याकूबकी आमा मरियम र सलोमीले सुगन्धित द्रब्य येशूको शरीरमा घस्नलाई किने । साताको पहिलो दिनमा घाम झुल्किँदा तिनीहरू चिहानमा गए ।" मर्कूस १६:१,२

उत्तर : धेरैले विश्वास गरे जस्तो शबाथ हप्ताको पहिलो दिन (आइतबार) होइन तर सातौँ दिन (शनिबार) हो । माथि उल्लेखित शास्त्रको लेखाईलाई विचार गर्नुहोस्, शबाथ हप्ताको पहिलो दिन भन्दा ठीक अगाडी आउँछ ।

३. शबाथ कहिले र कसले वनाएका हुन ?

"आदिमा परमेश्वरले स्वर्ग र पृथ्वीको सृष्टि गर्नुभयो ।"

"र सातौ दिनमा उहाँले सुरू गर्नुभएको काम समाप्त गर्नुभएर सबै कामबाट विश्राम लिनुभयो । सातौँ दिनलाई आशिष दिनुभयो र पवित्र तुल्याउनुभयो ।" उत्पति १:१,२:२,३

उत्तर : परमेश्वरले शबाथलाई संसार सृष्टि गर्नुभएको वेलामा वनाउनुभयो, जब उहाँले संसार वनाउनुभयो । उहाँले शबाथमा विश्राम लिनुभयो र यसलाई आशिषित तथा पवित्र तुल्याउनुभयो । (

आध्यात्मिक प्रयोगको लागि यसलाई छुट्टै हेर्नुहोस् )

४. शबाथ पालन गर्ने सम्वन्धमा परमेश्वरले आफ्नै हातले लेख्नुभएको दश आज्ञामा के भन्नुहुन्छ ?

*"शबाथ दिन पवित्र मान्नु पर्छ भनी याद राख्नु । छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नु । तर सातौँ दिन परमप्रभु तिमीहरूको परमेश्वरको लागि शबाथ दिन हो । त्यसमा तिमीहरूले केही काम नगर्नु, नता आफ्नो छोराले, न छोरीले, न कमारा कमारीले, न गाइवस्तुले, न मूल ढोका भित्र भएको परदेशीले केही काम गरोस् ।*

*किनकि छ दिनसम्म परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक वनाउनुभयो, तर सातौँ दिनमा चाहिँ विश्राम गर्नुभयो । त्यसकारण परमप्रभुले शबाथ दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र गर्नुभयो ।" प्रस्थान २०:८-११ । "र परमप्रभुले मलाई परमेश्वरको हातले लेखिएको दुईवटा शिला-पाटी सुम्पनुभयो ।"व्यवस्था ९:१०*

उत्तर : दश आज्ञाहरू मध्येको चौथो आज्ञामा परमप्रभुले हामीलाई सातौँ दिनको शबाथलाई पवित्र दिनको रूपमा पालन गर्न आज्ञा गर्नुहुन्छ । मानिसहरूले उहाँको शबाथलाई विर्सन्छन् भनी परमप्रभुलाई थाहा थियो त्यसैले उहाँले "याद राख" भन्ने शब्दवाट आफ्नो आज्ञाहरू सुरू गर्नुभयो । उहाँले हप्ताको अरू दिनलाई शबाथ पालन गर्न कसैलाई पनि आज्ञा गर्नुभएको छैन ।

५. तर के दश आज्ञाहरू वद्लिएका छैनन् ?

"येशू भन्नुहुन्छ : "तर व्यवस्थावाट एक मात्रा मेटिनु भन्दा स्वर्ग र पृथ्वी टलिजान सजिलो हुन्छ ।" लूका १६:१७ परमप्रभु भन्नुहुन्छ "म मेरो करार भङ्ग गर्नेछैन, अथवा मेरो मुखवाट निस्केको वचन परिवर्तन हुनेछैन । " भजनसंग्रह ८९:३४। "ध्यानदेओ, दश आज्ञाहरू उहाँको मुखवाट आएका हुन् ।" प्रस्थान २०:१ ले भन्छ "अनि परमप्रभुले यी सबै शब्दहरू वोल्नुभयो ...(दश आज्ञाहरू पद २-१७ सम्ममा छ ।)"

उत्तर : पटक्कै छैन । परमेश्वरको नैतिक व्यवस्थाहरू वद्लिन पूर्णतया असम्भव छ । सबै दश आज्ञाहरू आज एक अर्कामा वाँधिएका छन् ।

६. के प्रेरितहरूले शबाथ माने ?

*"पावल आफ्नो आदत अनुसार तिनीहरू साबाथसम्म कहाँ गए र तिन सातासम्म धर्मशास्त्रवाट तिनीहरूसंग वहस गरिरहे ।" प्रेरित १७:२ । "पावल र तिनका साथीहरू ...शबाथको दिनमा सभाघर भित्र पसे र वसे ।" प्रेरित १३:१३,१४ । "अब शबाथमा शहरको ढोकावाट वाहिर नदी किनारमा गयौँ किनकि त्यहाँ प्रार्थना गर्ने ठाउँ छ भनी हामीले अनुमान लगाएको थियौँ र हामी त्यहाँ*

*वस्यौँ र जम्मा भएका स्त्रीहरूसंग वातचीत गर्न लाग्यौ ।" प्रेरित १६:१३ । "हरेक शबाथमा पावलले वहस गर्थे र यहूदी र ग्रीकहरूलाई वुझाउने प्रयत्न गर्थे ।" प्रेरित १८:४*

उत्तर : हो, पावल र सुरूका मण्डलीहरूले शबाथ पालन गर्थे भनी प्रेरितको पुस्तकले स्पष्ट गर्दछ ।

७. के गैर यहूदीहरू पनि शबाथ-दिनमा आराधना गर्थे ?

*परमेश्वरले आज्ञा गर्नुभयो "धन्य को हो त्यो मानिस जसले शबाथ दिन विटुलो नपारी मान्छ ।" "परमेश्वर सामु आउने विदेशीका सन्तानहरू पनि, ...प्रत्येक तिन मेरो वाचाको भागिदार हुनेछन् जसले मेरा शाबाथलाई विटुलो नपारी मान्छ, उनीहरूलाई पनि म मेरो पवित्र पर्वतमा ल्याउने छु र मेरो प्रार्थनाको घरमा तिनीहरूलाई आनन्दित तुल्याउने छु किनकी मेरो भवन सबैको निम्ति प्रार्थनाको घर भनिनेछ ।" यशैया ५६:२,६,७*

*प्रेरितहरूले सिकाए : "जब यहूदीहरू सभागृह वाहिर जान्थे, तब गैर यहूदीहरू आउँदो शवाथमा पनि यी कुरा सुनाउनको लागि विन्ती गर्थे ।" " र आउँदो शबाथमा शहरका प्राय मानिसहरू परमेश्वरको वचन सुन्न आउँथे ।" प्रेरित १३,४२,४४ । "हरेक शबाथमा पावलले वहस गर्थे र यहूदी र ग्रीकहरूलाई वुझाउन प्रयत्न गर्थे ।" प्रेरित १८:४*

उत्तर : नयाँ करारको सुरूवातको समयका प्रेरितहरू परमेश्वरको शबाथको आज्ञा मात्र नमानी, परिवर्तित गैर यहूदीहरूलाई पनि शबाथमा आराधना गर्न सिकाउँथे । उनीहरूले एकचोटी पनि आइतबारलाई पवित्र दिन भनी सिफारिस गरेका छैनन् ।

८. तर के येशूको मृत्यु वा पुनरूत्थानको समयमा शबाथलाई आइतवारमा परिवर्तन गरिएको थिएन ?

उत्तर : होइन, येशूको मृत्यु वा पुनरूत्थानको समयमा शबाथ दिन परिवर्तन भएको अति सुक्ष्म संकेत पनि छैन । बाइबलले यसको ठीक विपरित कुरा सिकाउँदछ । कृपया यी प्रमाणहरूलाई पूनविचार गर्नुहोस् ।

क. परमप्रभुले शबाथ दिनलाई आशिषित गर्नुभयो : "परमप्रभुले शबाथ दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र पार्नुभयो ।" प्रस्थान २०:११" "अनि परमप्रभु परमेश्वरले शबाथ दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र पार्नुभयो।" उत्पति २:३

ख. सन् ७० मा जेरूशलेम नष्ट भएको वेलामा पनि उहाँको मानिसहरूले शबाथ मानुन भनी खीष्टले आशा गर्नुहुन्थ्यो : सन् ७० मा रोमद्वारा जेरूशलेमको विनास हुन्छ भनी पूर्ण जानकार भएको कारण उहाँले आफ्ना चेलाहरूलाई यसो भनेर चेतावनी दिनुभयो,

"तर हिँउदमा वा शबाथमा तिमीहरू भाग्न नपरोस् भनी प्रार्थना गर ।" मत्ती २४:१० । उहाँको पुनरूत्थानको ४० वर्ष पछि पनि शबाथ राखिनुपर्छ भनी भविष्य योजना वनाउनुभयो । बास्तवमा बाईबलमा येशू, उहाँका पिता, वा प्रेरितहरूले (कुनै समय र अवस्थामा) पवित्र दिनलाई सातौं दिन वाहेक अरू दिनमा परिवर्तन गरेको संकेत कहीँ पनि उल्लेखित छैन ।

ग. येशूको मृत शरीरमा तेल घस्न आउने स्त्रीहरूले शबाथ माने । "येशू शवाथ भन्दा अघिल्लो दिन मर्नुभयो" (मर्कूस १५:३७-४२), जसलाई आज "अशल शुक्रवार भनिन्छ" : स्त्रीहरूले येशूको शरीरमा घस्नलाई मलहम र अत्तर तयार पारे र "आज्ञा अनुसार शबाथ-दिनमा विश्राम गरे ।" लूका २३:५६ । "शबाथको समय सके पछि मात्र" मर्कूस १६:१, ती स्त्रीहरू हप्ताको पहिलो दिन आफ्नो दुःखपूर्ण कार्यलाई निरन्तरता दिन आए । "येशू हप्ताको पहिलो दिनमा सवेरै उठीसक्नु भएको थियो । (पद ९) । साधारणतया त्यसलाई ईस्तर आइतबार भनिन्छ । विचार गर्नुहोस् "आज्ञा अनुसार" शबाथ एस्तर आइतवारको अघिल्लो दिन हो, जसलाई हामी अहिले शनिवार भन्छौ ।

घ. येशूको चेलाहरूले बाइबलका दुईवटा अध्यायहरू लेखेकाछन्, लूका र प्रेरित : लूकाको किताबमा "सबै" येशूको शिक्षाहरूको वारेमा लेखिएको भनी उनले भन्छन्, (प्रेरित १:१-३) । तर उनले कहिल्यै पनि आइतवार पालन गर्ने वा शबाथमा परिवर्तन भएको वारेमा लेखेका छैनन् ।

९. परमेश्वरको नयाँ संसारमा शबाथ पालन गरिनेछ भनी केही मानिसहरूले विश्वास गर्दछन् । के यो सत्य हो ?

"जसरी नयाँ आकाश र नयाँ पृथ्वी जो म वनाउने छु, ती मेरै सामुन्ने रहिरन्छन ।" परमप्रभु भन्नुहुन्छ, त्यसरी नै तिमीहरूका नाउँ र सन्तान रहिरहेनछ । एक औंसी देखी अर्को औंसी सम्म र एक शबाथ देखि अर्को शबाथ सम्म, सबै मानिस आएर मेरै सामुन्ने निहुरिनेछन् ।" परमप्रभु भन्नुहुन्छ । यशैहा ६६:२२,२३ ।

उत्तर : हो बाइबलले भन्दछ, वचाइएकाहरू सबैले नयाँ पृथ्वीमा शाबथ पालन गर्नेछन् ।

१०. तर के आइतवार परमेश्वरको दिन होइन ?

"शबाथलाई आनन्द र परमेश्वरको पवित्र दिन मान । (यशैया १२:८)किनकी मानिसको पुत्र शबाथका प्रभु हो । " मत्ती १२:८

उत्तर: बाइबलले पकाशको १:१० मा परमेश्वरको दिनका वारेमा भन्दछ, त्यसैले परमेश्वरको एक विशेष दिन रहेको छ । तर शास्त्रको कुनै पनि पदले आइतवारलाई परमेश्वरको दिन भनी देखाएको छैन । बरू बाइबलले प्रष्ट रूपमा शबाथ दिनलाई परमेश्वरको दिन भनी परिचित गराएको छ । उहाँले पवित्र दिन दावी गर्नुभएको वा आशिषित गर्नुभएको दिन हप्ताको सातौं दिन शाबाथ हो ।

११. के मैले ख्रीष्टको पुनरूत्थानको सम्मानमा आइतबारलाई पालन गर्न हुँदैन ?

"के तिमीहरू जान्दैनौ हामी सबैले ख्रीष्ट येशूको नाउँमा बप्तिस्मा लियौं, उहाँ कै नाउँमै बप्तिस्मा लिएका थियौं?

*यस कारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं तकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूवाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँडौं । यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरूत्थानमा पनि निश्चय नै हामी उहाँसंगै एक हुनेछौं । हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसंग कुशमा टाँगियो तकि हाम्रो पापमय शरीर नाश होस् र अब त हामी पापको कमारा नहोऔं।" रोमी ६:३-६*

उत्तर : होइन । शुक्रबारलाई कुशको सम्मानमा भन्दा वढि मान्ने होइन । ख्रीष्टले वप्तिस्माको व्यवस्था उहाँको मृत्यु, स्मृतिलोप र पुनरूत्थानको सम्मानमा दिनुभयो । पुनरूत्थानको सम्मानमा आइतबारलाई पालन गर्न बाइबलले सल्लाह दिँदैन (अथवा यसको लागि अरू कुनै कारणहरू) । ख्रीष्टको सम्मान, हामी उहाँको आज्ञालाई मानेर गर्छौं । - युहन्ना १४:१५ नता मानवकृत आवश्यकताहरूलाई उहाँको स्थान दिएर हामी मान्दैनौं ।

१२. त्यसो भए, यदि आइतबार पालन गर्ने कुरा बाइबलमा छैन भने खास यो कसको योजना थियो ?

*"अनि त्यसले समय र व्यवस्था परिवर्तनको लागि सोच्नेछ ।" दानियल ७:२५ । "यसरी तिमीहरूले आफ्नो परम्पराको खातिर परमेश्वरको वचनलाई वेकम्मा गराएका छौ ।" "तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन् तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन ।" मत्ती १५:३,६ । "त्यसका पुजारीहरूले मेरो व्यवस्था भङ्ग गर्दछन् ।" "त्यसका अगमवक्ताहरूले असत्य दर्शन देखेर र झुठा जोखना देखेर ती कुकर्महरूलाई चुनले पोते झैं छोप्छन् । परमप्रभुले केही नभन्दा पनि "परमप्रभु त्यसो भन्नुहुन्छ" भनी तिनीहरू भन्दछन् ।" इजकिएल २२:२६,२८ ।*

उत्तर : धेरै वर्ष पहिले भ्रममा परेका मानिसहरूले परमेश्वरको पवित्र दिन शबाथ वाट आइतवारमा परिवर्तन गरको घोषणा गरे । परमप्रभु परमेश्वरले यसको अगमवाणी गर्नुभएको थियो र यसो भयो पनि । यो त्रुटीपूर्ण कुरा हामी अबुझ सन्ततिहरूलाई सुसमाचारको रूपमा हस्तान्तरण गरिएको थियो । आइतवार पालन गर्ने परम्परा मानिसलाई अप्रेरित गर्ने र परमेश्वरको शबाथ पालन गर्ने व्यवस्थालाई भङ्ग गर्ने कुरा हो । परमेश्वरले मात्र कुनै दिनलाई पवित्र वनाउन सक्नुहुन्छ । परमप्रभुले शबाथ दिनलाई आशिष दिनुभयो र जब परमप्रभुले आशिष दिनुहुन्छ कसैले यसलाई "उल्टाउन" सक्दैन । गन्तीहरू २३:२० ।

१३. तर के परमेश्वरको व्यवस्थामा हस्तक्षेप गर्नु खतरापूर्ण छैन ?

"मैले तिमीहरूलाई दिएका आज्ञाहरूमा केही घटवढ नगर्नु, तर मैले तिमीहरूलाई दिएको परमप्रभु परमेश्वरको आज्ञाहरूलाई पालन गर्नु ।" व्यवस्था ४:२ । परमेश्वरको हरेक वचन दोष रहित छ ...उहाँको वचना नथप नत उहाँले तँलाई हप्काउनुहुनेछ र झूठो प्रमाणित गर्नुहुनेछ । " हितोपदेश ३०:५,६ ।

उत्तर : परमेश्वरले सकारात्मक रूपमा र विषेश रूपमा मानिसहरूलाई उहाँको वचनमा थप-घट गरेर परिवर्तन गर्न मनाही गर्नुभएको छ । परमेश्वरको पवित्र आज्ञाहरूमा हस्तक्षेप गर्नु भनेको कुनै व्यक्तिले गर्ने एक अति डरलाग्दो र खतरापूर्ण कार्य हो ।

१४. परमेश्वरले वास्तवमा, शबाथ दिन किन वनाउनुभयो ?

क. सृष्टि निर्माणको चिन्ह : "शबाथ दिनलाई पवित्र राख्न याद राख्नु ।""छ दिनसम्म परमप्रभु परमेश्वरले आकाश र पृथ्वी, समुद्र र त्यसमा भएका सव थोक वनाउनुभयो र सातौँ दिनमा विश्राम लिनुभयो, र शबाथ दिनलाई आशिष दिनुभयो र त्यसलाई पवित्र वनाउनुभयो ।" प्रस्थान २०:८,११

ख. मुक्ति र पवित्रताको चिन्ह : "त्यसवाहेक तिनीहरूलाई पवित्र पार्ने म परमप्रभु परमेश्वर नै हुँ भन्ने कुरा तिनीहरूले जानून् भनेर तिनीहरू र मेरो वीचमा चिन्हको लागि मैले तिनीहरूलाई शबाथ दिनहरू ठहराइदिँए ।

उत्तर : परमेश्वरले शबाथलाई दुई रूपमा दिनुभयो १. उहाँले २४ घण्टे छ अक्षरस दिनहरूमा सृष्टी रच्नुभएको प्रमाण हो भनी यसले संकेत गर्दछ । २. परमेश्वरले मानिसलाई उद्धार गर्नुहुन्छ र पवित्र तुल्याउनुहुन्छ भन्ने चिन्हको रूपमा पनि यो रहेको छ । बास्तवमा प्रत्येक इशाईले शबाथलाई परमेश्वरको सृजना र उद्धारको चिन्हको रूपमा प्रेम गर्नेछन् । -प्रस्थान ३१:१३, इजकिएल, २०:१२,२०) ।

परमेश्वरको शबाथलाई कुल्चनु, परमेश्वरको निन्दा गर्नु हो । यशैया ५८:१३,१४, आशिषित हुने प्रत्येकले पहिले उहाँको शबाथवाट खुट्टा हटाउनु पर्नेछ ।

१५. शबाथ पालन गर्न कति महत्वपूर्ण छ ?

"...पाप नै व्यवस्था भङ्ग हो ।" १ युहन्ना ३:४ ।

"किनकी पापको ज्याला मृत्यु हो ..." रोमी ६:२३ । "जो कोहीले पनि सम्पूर्ण व्यवस्था पालन गर्छ तर एउटैमा चुक्छ भने, त्यो व्यवस्थाको सबै कुरामा दोषि ठहरिन्छ ।" याकूब २:१० । " हामी पनि उहाँको वाटोमा हिँडौ भन्ने उदाहारण दिएर हाम्रो निम्ति यातना ख्रीष्ट सहनुभयो ।" १ पत्रुस २:२१ । "उहाँको आज्ञा पालन गर्नेहरूको निम्ति उहाँ अनन्तको मुक्तिको स्रोत वन्नुभयो ।" हिब्रू ५:९ ।

उत्तर : यो जीवन र मृत्युको मामिला हो । शबाथ मान्ने आज्ञा परमेश्वरको व्यवस्थाको चौथो आज्ञामा जोडिएको छ । दश आज्ञाहरू मध्येको कुनै पनि आज्ञालाई जानाजान मिच्नु पाप हो । इशाईहरू खुसीसाथ येशूको शबाथको उदाहारणलाई पालन गर्नेछन् । हाम्रो निम्ति सुरक्षा भनेको मिहिनेतपूर्वक बाइबल अध्ययन मात्र हुनेछ, "सत्यको वचनलाई ठिक्क भाग लगाउनु ।" २ तिमोथी २:१५ ।

१६. शबाथलाई नकार्ने धार्मिक अगुवाहरूको वारेमा परमेश्वर के विचार गर्नुहहुन्छ, ?

"उनको पुजारीहरूले मेरो व्यवस्थालाई भङ्ग गरेका छन्, र मेरो पवित्र कुराहरूलाई अशुद्ध वनाएका छन्, उनीहरूले पवित्रता र अपवित्रतामा केही फरक छोडेका छैनन्... र मेरो शबाथ पालन गर्नवाट आँखा चिम्म गरेका छन् र म उनीहरूको वीचमा अपमानित छु ।" "त्यसकारण मैले मेरो क्रोध तिनीहरू माथि पोखें । इजकिएल २२:२६-३१ ।

उत्तर : परमप्रभु परमेश्वरको साँचो शबाथ पालन गर्नलाई आँखा चिम्म गरेर धार्मिक अगुवाहरूले स्वर्गको परमेश्वरलाई इन्कार गरेका छन् । परमेश्वरले त्यस्ता झूठा गोठालाहरूलाई दण्ड दिने वाचा गर्नुहुन्छ । यस मामिलामा दशौं लाख मानिसहरू भ्रममा पारिएका छन् । परमेश्वरले यसलाई सजिलै छाड्नुहुन्न । परमेश्वरलाई प्रेम गरेको वाहाना गर्ने र आफ्नै परम्परा अनुसार दश आज्ञाहरू मध्ये एउटा आज्ञालाई भङ्ग गर्ने फरिसीहरूको येशूले भर्त्सना गर्नुभयो । - मर्कूस ७:७-१३ ।

१७.	के शबाथ पालनले साँचै मलाई व्यक्तिगत रूपमा प्रभावित गर्छ ?

*"यदि तिमीहरू मलाई प्रेम गर्छौ भने मेरो आज्ञाहरूलाई पालन गर ।"-युहन्ना १४:१५ ।"यसैले हामी प्रत्येकले परमेश्वरलाई आफ्ना लेखा दिन सक्छौ ।- रोमी १४:६ । त्यसकारण जसले भलाई गर्न जानेर पनि गर्दैन, त्यसले पाप गर्छ ।" -याकूब ४:१७ । "आशिषित तिनीहरू हुन्छन् जसले उहाँको आज्ञाहरूलाई पालन गर्छन ताकि तिनीहरूले जीवनको वृक्षमा अधिकार पाओस् र पवित्र शहर भित्र ढोकावाट पस्न सकोस् ।" -प्रकाश २२:१४ । सन्तहरूको धैर्यधारण यहाँ छ: यहाँ उनीहरूले परमप्रभु परमेश्वरको आज्ञा पालन गर्दछन् ।" प्रकाश १४:१२*

उत्तर : हो । बिल्कुलै, शबाथ तपाईको हो । परमेश्वरले यो तपाईको निम्ति वनाउनुभयो । आज्ञा पालन विनाको प्रेम, प्रेम हुँदै होइन (१ युहन्ना २:४) । तपाईले एउटा निर्णय गर्नुपर्ने हुन्छ । तपाईले यसलाई नकार्न सक्नुहुन्न । यस महत्वपूर्ण मामलामा परमेश्वरको सामु तपाई आफैले जवाफ दिनुपर्ने हुन्छ । परमेश्वरले तपाईलाई अहिले नै उहाँलाई प्रेम गर्न र उहाँको आज्ञा पालन गर्न भन्नुहुन्छ ।

१८.	के तपाई येशूको आज्ञा र शबाथ पालनको उदाहारणलाई पछ्याउन चाहनुहुन्छ ?

उत्तर:..........................................................................

..........................................................................

## तपाईको विचारको प्रश्नका उत्तरहरू

१.	तर के शबाथ यहूदीहरूका लागि मात्र होइन ?

उत्तर : होइन । येशूले भन्नुभयो, "शबाथ मानिसका लागि वनाइएको थियो ।"- मर्कूस २:२७ । यो यहूदीहरूका लागि मात्र होइन तर मानवजातिका लागि हो, सम्पूर्ण नर र नारीहरूको लागि हो । शबाथ वनेको २५०० वर्ष पछि सम्म पनि यहूदीहरूको देश अस्तित्वमा थिएन ।

२.	चेलाहरूले आइतबारलाई पवित्र मानेको प्रमाण के प्रेरित २०:७-१२ मा होइनन् ?

उत्तर : बाइबल अनुसार, प्रत्येक दिन सूर्यास्तसंग सुरू हुन्छ र अर्को सूर्यास्तमा समाप्त हुन्छ -उत्पति १:५,८,१३,१९,२३,३१ लेवी २३:३२ र दिनको अँध्यारो भाग पहिले आउँछ । त्यसैले शबाथ शुक्रबार वेलुका सूर्यास्त पछि सुरू हुन्छ र शनिबार वेलुका सूर्यास्त पछि समाप्त हुन्छ । प्रेरितहरूको यो सम्मेलन आइतबार दिनको अध्याँरो भागमा भएको

थियो जसलाई हामी अहिले शनिवारको रात भन्छौ । *द न्यू इङ्गलिस बाइबल* प्रेरित २०:७ लाई यसरी सुरू गर्छ, “शनिवार राती हाम्रो सम्मेलनमा...” यो शनिवार रातको सम्मेलन थियो र आधारातसम्म चल्यो । पावल त्यसवखत विदा हुने समयमा थिए, किनकी उनको मृत्यु पूर्व उनले तिनीहरूलाई फेरी कहिले भेट्ने छैनन् भनी उनलाई थाहा थियो । (पद २५) । उसको त्यो लामो प्रचारमा अचम्म मान्नुपर्दैन । ( कुनै पनि निरन्तर साप्ताहिक कार्य रातभरी चलेको थिएन होला ।) । पावल “भोलीपल्ट विदा हुन तयार थियो ।” “रोटी भाँच्नुमा” “पवित्र दिन”को केही महत्व छैन । किनकी उनीहरू सधैं रोटी भाँच्दथे । - प्रेरित २:४६ । शास्त्रको यो अनुच्छेदमा, पहिलो दिन पवित्र भएको र पहिलेका इशाईहरूले यो पालन गरेको पनि कुनै संकेत छैन । तेस्रो तल्लाको झ्यालवाट खसेको युटिकसलाई मृत्यवाट जीवित पर्ने आश्चर्य कर्मको प्रसङ्गवश, यो भेलालाई शास्त्रमा उल्लेख गरिएको होला । इजकिएल ४६:१ मा परमेश्वरले आइतबारलाई काम गर्ने छ दिनहरूमा राख्नुभएको छ ।

३. के १ कोरिन्थी १६:१ ले हप्ताको पहिलो दिनको भेटीको वारेमा भन्दैन ?

उत्तर : होइन, यहाँ सर्वसाधारण भेलाको सन्दर्भ छैन । यो रकम घरको लागि व्यक्तिगत रूपमा छुट्टयाइनु पर्ने थियो । पावलले एसिया माइनरका मण्डलीहरूसंग जेरूशलेममा गरिवीको चपेटामा परेका सन्तहरूको मद्दतको लागि केही सहयोग पाउनको लागि लेखिरहेका थिए । (रोमी १५:२६-२८) । यी सबै इशाईहरूले शबाथलाई पवित्र राख्थे, त्यसैले खाँचो परेका उनीहरूको वन्धुका लागि आइतबार विहान (उनीहरूले रकम तिर्ने र लेखा मिलाउने समय) शबाथको समाप्ति पछि केही कुरा छुट्टयाई राख्न पावलले सल्लाह दिए त्यसकारण उनीहरू आएको वेलामा उनीहरूलाई दिन सकियोस् । यो व्यक्तिगत रूपमा गरिनुपर्थ्यो वा *ला शान्टा बिबिलिया* (स्पेनिस अनुवाद) ले भनेझैं, “घरमा” । विचार गर्नुहोस् यहाँ आइतबार पवित्र दिनभएको सन्दर्भमा केही पनि छैन । वास्तवमा बाइबलमा आइतवार पालन गर्न कहिँ पनि आदेश दिएको वा सल्लाह पनि दिएको छैन ।

४. तर के समय वितिसकेको छैन र खीष्ट पछिको समयमा हप्ताको दिनहरू वद्लिसकेका छैनन् ?

उत्तर : होइन । हाम्रो सातौं दिन त्यही हो जुन येशूले पवित्र राख्नुहुन्थ्यो भनी विश्वसनीय विश्वकोष र केही सान्दर्भिक पुस्तकहरूले प्रष्ट पार्दछन् । यस मामलामा अनुसन्धान गर्न सरल छ ।

५. तर के चेलाहरूले पुनरूत्थानको सम्मानमा आइतबार पालनालाई स्थापित गरेको रेकर्ड युहन्ना २०:१९ होइन ?

उत्तर : यसको विपरित, चेलाहरूलाई यस समयमा पुनरूत्थान भईसकेको भनेर विश्वास गरेनन् । मर्कूस् १६:१४ । उनीहरू त्यहाँ "यहूदीहरूको डर" को कारण भेला भइसकेका थिए र ढोका वन्द गरिरहेका थिए । जब येशू उनीहरूको वीचमा देखा पर्नुभयो, उहाँले तिनीहरूलाई हप्काउनुभयो, "किनकी उनीहरूले उहाँ उठी सक्नुभएको कुरा उनीहरूले विश्वास गरेनन् ।" उनीहरूले आइतबारलाई पवित्रको रूपमा गनेको कुरा यहाँ कहीँ पनि सिफारिस गरिएको छैन । नयाँ करारमा आठ वटा पदहरूले मात्र हप्ताको पहिलो दिनको वारेमा भनेको छ, उनीहरू मध्ये कुनैले पनि यसलाई पवित्र भनी देखाएको छैन ।

६. के कलस्सीहरू २:१४-१७ ले सातौँ दिनको शबाथ हटाइयो भनेका छैनन् ?

उत्तर : पटक्कै छैन । यसले ती शबाथहरूलाई मात्र देखाउँदछ, जो "कुनै वस्तुको आउनेवाला छाँया थियो" न कि सातौँ दिनको शबाथ थियो । प्राचिन इजरायलमा सात वर्षीय पवित्र दिन वा विश्राम दिन पनि थिए जसलाई शबाथ पनि भनिन्थ्यो । "यो परमेश्वरको शबाथ" वाहेकका वा थप कुराहरू थिए (लेवी २३:२८) वा सातौँ दिनको शबाथ । यी सबैले क्रूस तर्फ इशारा गर्थे र क्रूस मै गएर समाप्त भए । परमेश्वरको सातौ दिनको शबाथ पाप भित्रिनु भन्दा पहिले नै वनाइएको थियो, त्यसैले पापवाट मुक्तिको लागि अरू कुनै कुराले पूर्वसंकेत गर्न सक्दैन । त्यसैले कलस्सीहरू अध्याय २ अरू भन्दा फरक छ र शबाथलाई विशेषगरी "छाँया" भनी उल्लेख गरेको छ । लोप भइसकेको यो सात वर्षीय शबाथ लेवी २३ अध्यायमा रहेको छ ।

७. रोमी १४:५ अनुसार हामीले पालन गर्ने दिन हाम्रो व्यक्तिगत ममिला हो, होइन र ?

उत्तर : विचार गर्नुहोस्, सम्पूर्ण अध्यायहरूले एक अर्काको तुलना गरिरहेका छन् (पद ४,१०,१३) । यो सन्दर्भ सातौँ दिनको शबाथको होइन जुन महान व्यवस्थाको एक भाग हो, तर उत्सवको व्यवस्थाको वार्षिक भोज माथिको हो । यहूदी इशाईहरूले गैर यहूदी इशाईहरू शबाथ पालन गरेन भनेर विरोध गर्थे । पावलले साधारण तरिकाले भनेका छन्, "एकअर्काको न्याय नगर । उत्सवको व्यवस्था वाँधिएको छैन ।"

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पृष्ठ सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढ्नुहोस । तल दिइएको प्रश्नहरूको उत्तरहरू अध्ययन पुस्तिका पाउन सक्दछौ । ठीक उत्तर भएको वक्समा ठीक चिन्ह लगाउनुहोस । प्रश्न पछाडीको संख्याले पूर्णाङ्क जनाउँदछ ।

१. येशूले पालन गर्नुभयो (१)

- ❑ आइतबारलाई पवित्र दिनको रूपमा ।
- ❑ सातौँ दिनको शबाथलाई पवित्र दिनको रूपमा
- ❑ अरू सबै दिनलाई पवित्र दिनको रूपमा

२. परमेश्वरको दिन हो (१)

- ❑ आइतबार, हप्ताको पहिलो दिन ।
- ❑ शबाथ दिन, हप्ताको सातौँ दिन ।
- ❑ कुनै पनि दिन जुन हामी परमेश्वरको नाउँमा पवित्र राख्दछौँ ।

३. शबाथ वनाइयो (१)

- ❑ यहूदीहरूका लागि मात्र
- ❑ संसारको सृष्टि गर्नेवेला परमेश्वरले सबै स्थान र समयमा आइमाई र लोग्ने मानिसहरूको निम्ति वनाउनुभयो ।
- ❑ पुरानो करारको समयमा रहेका मानिसहरूका लागि मात्र ।

४. शबाथ शनिबारवाट आइतबारमा ............द्वारा परिवर्तन गरियो । -१)

- ❑ खीष्ट
- ❑ प्रेरितहरू
- ❑ भ्रममा परेको मानिसहरू

५. शबाथको आज्ञालाई समेट्ने परमेश्वरको व्यवस्था । (१)

- ❑ आजकल यसको कुनै प्रभाव छैन ।
- ❑ कहिले पनि वद्लन सक्दैन । यो अहिले पनि समेटिएको छ ।
- ❑ येशूको मृत्युको समयमा समाप्त भयो ।

६. नयाँ करारमा परिवर्तन भएका गैर यहूदीहरू र प्रेरितहरू (१)

- ❑ आइतबारलाई पवित्र दिनको रूपमा पालन गर्थे ।
- ❑ आफू इमान्दार भए कुनै पनि दिन पवित्र हुन लायकको छ भनी सिकाए ।
- ❑ शबाथ पालन गरे ।

७. शबाथ (१)

- ❑ क्रूसमा समाप्त भयो ।
- ❑ येशूको दोस्रो आगमनमा समाप्त हुनेछ ।
- ❑ सबै युगहरूमा उद्धार गरिएका मानिसहरूद्वारा, परमेश्वरको अनन्तको राज्यमा पालन गरिनेछ ।

८. शबाथ परमेश्वरको व्यवस्थाको अङ्ग भएको कारण यसलाई भङ्ग गर्नु (१)

- ❑ खीष्टको मृत्यु पछि विचार गर्न योग्यको केही पनि भएन ।
- ❑ एक डरलाग्दो पाप किनकि यसले परमेश्वरको पवित्र कुराहरूमा हस्तक्षेप गर्दछ ।
- ❑ आजकल कुनै महत्वको छैन ।

९. येशूलाई वास्तवमै प्रेम गर्ने र पछ्याउनेहरू (१)

- ❑ येशूले गर्नुभएझैं शबाथ पालन गर्नेछन् ।
- ❑ अरू सबै दिनहरूलाई पवित्र राख्नेछन् ।
- ❑ आइतबारलाई पवित्र दिनको रूपमा पालन गर्नेछन् ।

१०.. शबाथ (१)

- ❑ आइतबार, हप्ताको पहिलो दिन ।
- ❑ शबाथ दिन, हप्ताको सातौं दिन ।
- ❑ कुनै पनि दिन जुन हामी परमेश्वरको नाउँमा पवित्र राख्छौ ।

११. आइतबार पालन गर्नु (१)

- ❑ मानिसहरूको आविष्कार हो जुन बाइबलमा अगमवाणी गरिएको थियो ।
- ❑ आजको लागि परमेश्वरको योजना हो ।
- ❑ खीष्टको पुनरूत्थानको वेलामा सुरू भयो र पेन्तिकोस्तको समयमा सहमति भयो ।

१२. शबाथ पालन गर्नु (१)

- ❑ वैधानिकताको संकेत हो
- ❑ यहुदीहरूका लागि मात्र महत्वपूर्ण छ
- ❑ परमेश्वरको सृष्टि र उद्धारको दुई रूपी चिन्ह

१३. म येशूको शबाथ पालन गर्ने उदाहरणलाई मान्न इच्छुक छु । (१)

- ❑ हो
- ❑ होइन

# ८ अन्तिम उद्धार

यो कुनै काल्पनिक कथा होइन् । एकदिन तपाईंहरु दु:ख, भोकमरी, एक्लोपना, अपराध र लथालिङ्गको अवस्थाबाट मुक्त हुन सक्नुहुनेछ जसले हालको संसारलाई पिरोलिरहेको छ । के यो सुन्दा अचम्म लाग्दैन ? तर त्यो कुनै एक संसारिक अगुवा होइन जसले मुक्ति दिलाउँछ । उहाँ त यिनीहरु भन्दा पनि महान हुनुहुन्छ । येशू चाडै नै आउँदै हुनुहुन्छ । तर उहाँ कसरी आउँदै हुनुहुन्छ भन्ने सम्बन्धमा यहाँ धेरैको गलत धारणा रहेको छ । त्यसकारण येशूको दोस्रो आगमनको वारेमा बाइबलले के भन्छ, सो कुरा जान्नको निम्ति केही समय लिनुहोस् ताकि तपाईं पछि छुट्नुहुनेछैन ।

१. के येशू यस संसारमा दोस्रो पटक आउनुहुनेछ ? के हामी उहाँको आगमनमा सकारात्मक बन्न सक्छौं ?

*"खीष्ट ......... दोस्रो पल्ट देखा पर्नुहुनेछ । " हिब्रू ९:२८ "अनि गएर मैले तिमीहरुका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु" यूहन्ना १४:३*

उत्तर : हो येशू आउनुहुनेछ, किनकि मत्ती २६:६४ मा उहाँले यस संसारमा फेरी फर्किआउनु हुने कुराको प्रतिज्ञा गर्नुभएको छ । वचन कहिले पनि तोड्न सकिँदैन (यूहन्ना१०:३५) यो अटल छ । जसरी पढ्नुहुन्छ त्यसरी नै बिश्वास गर्नुहोस् । यो खीष्टको आफ्नो व्यक्तिगत प्रतिज्ञा हो ।

२. परमेश्वर दोस्रो पटक आउनुहुँदा कस्तो प्रकारले आउनुहुनेछ ?

*"उहाँले यो कुरा भन्नुभए पछि तिनीहरुले हेर्दाहेर्दै उहाँ उँभोउचालिनु भयो र बादलमा उहाँ तिनीहरुका दृष्टिबाट लोप हुनुभयो । जब तिनीहरुले उहाँ जाँदै गर्नुभएको एकपटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरुका नजिक खडा भए तिनीहरुले भने, "गालीलका मानिस हो, तिमीहरु किन आकाशतिर हेर्दै उभिरहेका छौं ? उही येशू जो तिमीहरुबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरुले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरी आउनुहुनेछ ।" प्रेरित १:९,१०,११*

उत्तर : जसरी येशू स्वर्ग जानुभएको थियो त्यसरी नै येशूको दोस्रो आगमन हुनेछ भनी वचनले प्रतिज्ञा गर्दछ । त्यही रूपमा जुन उहाँले स्वर्ग उक्लनुहुने बेलामा छाड्नुभएको थियो - देख्न सकिने, यथार्थ,

शारीरिक व्यक्तिगत रूपमै फर्कनुहुनेछ । मत्ती २४:३० ले भन्छ "तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ र पृथ्वीका सबै जातिहरु विलाप गर्नेछन् र तिनीहरुले मानिसको पुत्रलाई आकाशका बादलहरुमा शक्ति र ठूलो महिमा साथ आइरहेको देख्नेछन् " । उहाँ यर्थाथ रूपमा बादलमा आउनुहुनेछ, हाड र मासु भएको मनिसको रूपमा उहाँ आउनुहुनेछ । (लुका २४:३६,४३,५०,५१) र उहाँको आगमन पूर्ण रुपले देखिनेछ । वचन यस कुरामा स्पष्ट छ ।

३. के परमेश्वरको दोस्रो आगमनमा सबै व्यक्तिले उहाँलाई देख्न सक्नेछन् वा चुनिएका जनहरुले मात्र ?

*"हेर, उहाँ बादलहरु साथ आउँदै हुनुहुन्छ र हरेक आखाँले उहाँलाई देख्नेछ ।" प्रकाश १:७"किनकि जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ । " मती २४:२७*

उत्तर : संसारका सबै जीवित मानिस, स्त्री, बालबालिकाहरूले येशूलाई उहाँको दोस्रो आगमनमा देख्नेछन् । उहाँको आगमनको तिन गुणा आश्चर्यपूर्ण चमक एक क्षितिज देखि अर्को क्षितिजसम्म फैलिने छ बिजुली चम्केझैँ वायुमण्डल उहाँको तेजिलो महिमाले उत्साहित हुनेछ । कोही पनि लुक्न सक्नेछैन । प्रत्येक जीवित आत्मालाई खीष्टको सामना गर्न दबाब दिइने छ । शंका वा अबुझ कुराहरूको निम्ति कुनै पनि स्थान छाडिने छैन ।

नोट : प्राय जसो मानिसहरूले, गोप्य रूपमा मानिसहरू स्वर्ग जान्छन् भनी सिकाउँदछन्, यो बाइबलको शिक्षा होइन । यो मानवको वनावटी कुरा हो । नता परिवर्तनको समयमा हृदयमा आउने, खीष्टको दोस्रो आगमन आत्मिकी कुरा हो । यो न त मानिसको मृत्युको समयमा हुनेछ न त यसलाई चित्रण गर्न सकिन्छ जुन संसारको उपयुक्त अवस्थामा देखाउन सकिन्छ । दोस्रो आगमन येशूको व्यक्तिगत अक्षरश सबैले देख्ने, विश्वव्यापी रुपमा हुनेछ जसमा यो संसारको अन्त्य हुनेछ र धर्मीहरु पुरस्कृत तथा दुष्टहरु दण्डित गरिनेछन् ।

४. येशू सँग उहाँको दोस्रो आगमनमा अरु को-को आउनेछ र किन ?

*"जब मानिसको पुत्र सारा स्वर्गदतहरुसँग आउनेछ, तब उ आफ्नो महिमामय सिहासनमा बस्नेछ " मती २५:३१*

उत्तर : स्वर्गकासबै स्वर्गदूतहरु उहाँको दोस्रो आगमनमा उहाँसँग आउनेछन् । जब बादल पृथ्वीको नजिकमा जान्छ, येशूले आफ्ना स्वर्गदूतहरुलाई पठाउनुहेनेछ र तिनीहरुले तुरुन्त नै सबै

धर्मीजनहरुलाई स्वर्ग जाने तयारीको लागि भेला गराउने छन् । ( मत्ती २४:३१)

५ यस संसारमा येशुको आगमनको लक्ष्य(उदेश्य ) के हो ?

*"हेर म चाँडै आउँदैछु । हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ ।" प्रकाश २२:१२ "उहाँले तपाईहरुका निम्ति अघिबाटै नियुक्त गर्नुभएको खीष्ट, अर्थात येशूलाई पठाइदिनु हुन्छ । परमेश्वरले प्राचीन कालदेखि आफ्ना पवित्र अगमवक्ताहरुका मुखबाट बोल्नुभएका सबै थोकको पुनर्स्थापना हुने समय नआउन्जेल खीष्ट स्वर्गमा आवश्य रहनुपर्छ " प्रेरित ३:२०,२१*

उत्तर : येशूले आफ्नो मानिसहरुलाई आफूले तयार गर्नुभएको घरमा लैजानुहुने वाचा अनुरुप उहाँ त्यस बाचालाई पुरा गर्न आउँदै हुनुहुन्छ । उहाँले आफ्ना मानिसहरुलाई अदनका ती सम्पूर्ण आनन्द र महिमा फर्काउनुहुनेछ जुन आदम र हव्वाका पापको कारण गुमेका थिए । उहाँको दोस्रो आगमनले वर्तमानक पापपूर्ण युगको अन्त्य गर्नेछ ।

६. येशको दोस्रो आगमनमा धर्मीहरुको अवस्था कस्तो रहनेछ ?

*"किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीको स्वरसित स्वर्गबाट ओर्लनुहुनेछ र खीष्टमा मरेकाहरु चाहिं पहिले बौरि उठ्नेछन् तब हामी बाँचिरहेका र छोडिएकाहरु प्रभुलाई आकाशमा भेट्न तिनीहरुका साथसाथै बादलमा उठाई लगिने छौँ र यसरी हामी सधै प्रभुसँग रहनेछौ " १ थेसलोनिकी ४:१६,१७ "हामी सबैको परिवर्तन हुनेछ एकै क्षणमा आँखाको एक निमेषमा तुरहीको आखिरी आवाजमा किनभने तुरही बज्नेछन् । अनि हाम्रो चाहिं परिवर्तन हुनेछ किनकि यस विनाशी स्वभावले अविनाशी र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ " कोरिन्थी १५:५, १:५३ "उहाँले जन शक्तिद्वारा सबै कुरालाई उहाँको अधीनमा ल्याउन सक्नुहुन्छ , हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीरजस्तै हुनलाई परिवर्तन गरिदिनुहुनेछ " फिलिप्पी ३:२०,२१*

उत्तर : सबै धर्मी जनहरु आफ्ना चिहानवाट बौरी उठ्नेछन् र उनीहरुलाई खीष्ट झै सिद्ध र अमर शरीर दिइनेछ र उनीहरु परमेश्वरसँग भेट्न बादलमा उठाइनेछन् । जीवित धर्मीहरुलाई पनि बादलमा उठाईनेछ र नयाँ (येशूको जस्तै ) शरीर दिइनेछ । परमेश्वरले सबै धर्मीहरुलाई आफूसँगै स्वर्गमा लानुहुनेछ । विचार गर्नुहोस् उहाँको दोस्रो आगमनमा येशूले पृथ्वीलाई छुनहुने छैन । पुजारीहरुले उहाँलाई "हावामा भेट्नेछन् " परमेश्वर भारत, चीन अमेरिका र

इजरायलमा हुन्नुहुन्छ भनेर विश्वास गर्दैनन् । झूठा ख्रीष्टहरु पनि देखा पर्ने छन र धेरै चमत्कार देखाउने छन् (मत्ती २४:२३,३७) तर येशू उहाँको दोस्रो बादलमै रहनुहुनेछ ।

७. येशूको दोस्रो आगमनमा अधर्मीहरुको अवस्था कस्तो हुनेछ ?

"यशुले आफ्नो ओठको सासले दुष्टलाई नाश गर्नहुनेछ " *यशैया ११:४ "त्यस दिन परमप्रभुले मार्नुभएकाहरु सबै ठाँउमा पृथ्वीको एक कुनादेखि अर्को कुनासम्म हुनेछन् । उनीहरुका निम्ति कसैले विलाप गर्नेछैन, अथवा ती शवहरुलाई कसैले जम्मा गर्नछैन् नत गाडनेछ । तिनीहरु जमीनमा मलजस्तै हुनेछन्" यर्मिया २५:३३*

उत्तर : अधर्मीहरुको येशूद्धारा अन्त्य हुनेछ ।

८. ख्रीष्टको दोस्रो आगमनले संसार आफैलाई चाहिँ कसरी प्रभावित गर्नेछ ?

*"तब भयानक भूकम्प गयो यति भयानक भूकम्प कि पृथ्वी का मानिसहरुको उत्पति भएदेखि यसो कहिल्यै गएको थिएन । त्यो महानगरी तिन भागमा टुक्रा टुक्रा भयो र देश देशका शहरहरु ध्वसं - विध्वंस भए ।" प्रकाश १६:१, ८:१४"मैले हेरें, परमप्रभुको सामुन्ने उहाँको भयानक रिसको सामुन्ने फलदायक जमीन मरुभूमि भएथ्यो र त्यसका सबै नगरहरु ध्वस्त भएथे ।" यर्मिया ४:२६ "परमप्रभुले पृथ्वीलाई विनाश गर्नुहुनेछ पूरै पृथ्वी उजाड हुनेछ र पुर्ण रुपमा नाश गरिनेछ किनकि परमप्रभुले नै यो कुरा भन्नुभएको छ "यशैया २४:१३*

उत्तर : जब परमेश्वरको दोस्रो आगमन हुनेछ पृथ्वीमा भयानक भूकम्प आउनेछ । भुकम्प यति भयानक हुनेछ कि यसले संसारलाई पूर्ण विनासको अवस्थामा छाड्नेछ ।

९. ख्रीष्टको दोस्रो आगमनको समयको विषयमा के बाइबलले केही ठोस सूचना दिन्छ ?

उत्तर : हो बाइबलले यसको वारेमा पनि जानकारी दिँन्छ । र येशू आफै भन्नुभयो, "त्यसरी नै तिमीहरुले पनि जव यी सबै कुरा भएका देख्नेछौ, तब उहाँ नजीकै ढोकामै छ भनी जान ।" मती २४:३३ येशूको पृथ्वीबाट स्वर्ग जानुभएदेखि दोस्रो आगमन सम्मका घटनाहरुको विवरण तल दिइएको छ, धैर्यताका साथ अध्ययन गर्नुहोस् ।

क. जेरुशलेमको विनाश ।

भविष्यवाणी "तर उहाँले तिनीहरुलाई भन्नुभयो तिमीहरु यी सब देख्छौ होइन त , साच्चै म तिमीहरुलाई भन्छु एउटा ढुङ्गामाथि अर्को ढुङ्गा रहनेछैन प्रत्येक भत्काएर फालिनेछ तब यहुदियामा हुनेहरु पहाडतिर भागून् "

पूराभएको : जेरुशलेमको बिनास सन् ७० मा रोमी लडाकु तितस्द्वारा भएको थियो ।

ख. ठूलो सास्ती अथवा आपत् (दुःख )

भविष्यवाणी : किनकी त्यस बला यस्तो महासङ्कट हुनेछ जो जगतको शुरुदेखि अहिलेसम्म भएको छैन नत फेरि कहिल्यै हुनेछ ।" मत्ती २४:२१

पूराभएको : भविष्यवाणीले प्राथमिक रुपमा भयानक अन्धकार कालमा अथवा 'डार्क एजमा' भएको लामो पिडा कष्ट लाई बताउँछ जुन चाहि झूठो चर्च द्वारा गराईएको थियो । यो १००० वर्ष भन्दा लामो समयसम्म चलिरहयो । यस भयानक पिडाको अवधिमा ५ करोड भन्दा वढि इसाईहरु आफ्नो विश्वासका कारण मारिए । एउटा लेखले भन्दछ, "झूठा मण्डलीहरुले मानव समाजमा रहेको अन्य मण्डलीले गरे भन्दा वढि निर्दोषले रगत वगाएका थिए ।

ग. सूर्य अध्याँरोपनमा परिर्वतन भएको

भविष्यवाणी :"ती सङ्कष्टका दिनको तुरुन्तै पछि सूर्य अँध्यारो हुनेछ ।" मती २४:२१ पूराभएको : यो घटना मे १, १७८० मा गइसक्यो जसलाई अलौकिक अध्याँरो दिन भनेर भन्निछ । यो कुनै ग्रहण थिएन । तिमोथी डुईट्ले भन्छन् " मे १, १७८० एकदमै अचम्मको रात भएको दिन थियो । टुकी बत्ती धेरै जनाको घरमा वालिएको थियो " चराहरु चुपचाप थिए र उनीहरु आफ्ना वासस्थानमा लुके । एक साधारण विचार बन्यो कि न्यायको दिन आएको हो ।

घ. चन्द्र रगत जस्तै रातोमा भयो

भविष्यवाणी : परमप्रभुको त्यो महान् र भयङ्कर दिन आउनुभन्दा अघि सूर्य अँध्यारोमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन् ।" योएल २:३१ परिपूर्ण : त्यही अध्यारो दिनको रात चन्द्रमा रगत जस्तै रातो देखियो मे १, १७८० का दिन मिलो बोस्टीकले *स्टोनस् हिस्ट्री अभ् मेसेकसेट*मा भन्छन् "चन्द्रमा जसको सबैभाग देख्न सकिन्थ्यो पूर्णतया रातो थियो "

ङ. ताराहरु आकाशबाट खस्नेछन्

भविष्यवाणी : "ताराहरु आकाशबाट खस्ने छन् " मत्ती २४:२१

परिपूर्ण : नोभेम्बर १३, १८३३ को रातमा आकाशबाट ताराको ठूलो झरी पऱ्यो । यो यति चम्किलो थियो कि मानिसहरुलाई राति पनि बाटोमा बसेर अखबार पढ्न सक्थे । एक लेखक भन्छन. "झण्डै चार घण्टा सम्म राति आकाश उज्यालो देखिन्थ्यो " मान्छेहरु सोच्न थाले, "संसारको अब अन्त्यको दिन नजिक आएको छ, माथि हेर यो येशूको दोस्रो आगमनको संकेत हो ।"

च. येशू वादलमा आउनुहुनेछ

भविष्यवाणी "तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ र पृथ्वीका सब जातिहरु विलाप गर्नेछन् र तिनीहरुले मानिसले पुत्रलाई आकाशका बादलहरुमा शक्ति र ठूलो महिमा साथ आइरहेको देख्नेछन् " मत्ती २४:३०

परिपूर्ण : यो अर्को सबैभन्दा ठूलो घटना हुनेछ । के तपाईहरु तयार हुनुहुन्छ ?

१०. हामी पृथ्वीको इतिहासको अन्तिम सँघारमा पुगिसकेका छौँ भनेर हामी कति जनालाई थाहा हुनेछ ? के बाइबलले अन्तिम समयका मानिसहरु र संसारको बारेमा राम्रो सँग प्रस्ट गरेको छ ?

उत्तर : अवश्य । बाइबलले यस विषयका बारेमा राम्रोसँग बर्णन गरेको छ । अन्तिम दिनका संकेतहरुलाई निहालेर हेर्नुहोस्। तपाईलाई अचम्म लाग्नेछ । र यिनीहरु तिनीहरु मध्यका केही हुन् जसले अन्तिम दिनका संकेत दिदैछन् ।

अ. सम्पन्नवर्ग र श्रमिकहरु बीच तनाव

"जब खेतालाहरुले तिमीहरुका खेतका बाली बाँडेका छन्, तिमीहरुले धोखावादी गरेर नदिएको तिनीहरुको ज्याला नै कराउँछ, र ती बाली काट्नेहरुको पुकार सेनाहरुका परमप्रभुका कानसम्मै पुगेको छ र तिमीहरुले पनि धैर्य धारण गर आफ्ना हृदयलाई स्थिर गराओ किनकि प्रभुको आगमन नजीकै छ " याकूब ५:४,८ अन्तिम दिनहरुमा सम्पन्नवर्ग र श्रमिकहरु वीच समस्या उत्पन्न हुने भविष्यवाणी गरिएको छ । यो कसरी परिपूर्ण भएको भन्ने कुरा जान्नको निम्ति अखवारमा दिइने समाचारहरु भन्दा ठूलो प्रमाण अरु केही हुन सक्तैन ।

आ. युद्ध र आपसी झै झगडा

"तिमीहरुले जनयुद्धहरु र खैलाबैलाका कुराहरु सुन्नेछौ तब भयभीत नहोओ किनभने पहिले यी घटनाहरु हुनैपर्छ, तर अन्त्यचाहिँ तुरुन्तै हुनेछैन ।"युद्ध र लुटपाटले जनजीवनलाई हालको स्थितिमा अस्तव्यस्त बनाएको छ । येशूको दोस्रो आगमनले मात्र यी द्वन्दहरुवाट हुने पिडा र विनासलाई अन्त्य गर्नेछ ।

इ. लालच डर र उथलपुथल

"सूर्य चन्द्र र ताराहरुमा चिन्ह देखा पर्नेछन् र समुद्रको गर्जन र अन्औल पृथ्वीका राष्ट्रहरु सङ्कष्टमा परी व्याकुल हुनेछन् संसारमा हुन आउने घटनाहरुको आशङ्काले मानिसहरु मुर्छा पर्नेछन् किनकि आकाशका शक्तिहरु डगमगाउने छन् " लूका २१:२५,२६ यो सुन्दा अच्चम लाग्छ किनभने यो हालको पत्रिकामा छापिएको खवर जस्तै छ तर अहिलेको परिवेशमा यो पृथ्वीको दैनिक समाचार हो र त्यहाँ कारण छ । हामीहरु पृथ्वीको इतिहासको अन्तिम जातिहरु हौँ । संसारमा आज विद्यमान तनावग्रस्त वायुमण्डलले हामीलाई अचम्भित तुल्याउँदैन । खीष्टले हामीलाई पहिल्यै भन्नुभएको थियो । उहाँको आगमन नजीकै छ भनेर यसले संकेत गर्दछ ।

ई. ज्ञानविज्ञानको विकास

"अन्तको दिनमा धेरैजना ज्ञान बढाउनलाई यता र उता जानेछन् ।" दानिएल १२:४ । संचार सूचनाको यूगमा यस्तो हुनु स्वभाविक हो । जस्तै अवुझले पनि यी संकेतहरुलाई देखेर विश्वास गर्न वाध्य हुनुपर्छ । ज्ञान विज्ञान हरेक दिशामा बढ्दो क्रम जारी छ । हालैको अन्तिम दश वर्षमा संसारमा ८० प्रतिशतले ज्ञानको बृद्धि भएको छ र ९० प्रतिशत वैज्ञानिकहरु अहिलेको युगमा बाँचिरहेका छन् ।

उ. खिसी गर्नेहरु र धर्ममा अविश्वासीहरु

बाइबलको सत्यता देखि टाढा भाग्ने छन् "पछिल्ला दिनहरुमा गिल्ला गर्नेहरु गिल्ला गर्दै आउनेछन् " २ पत्रुस ३:३ "किनकि यस्तो समय आउँदैछ जव तिनीहरु ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेका कुरा मात्र सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरु थुपार्नेछन् र सत्य कुरा सुन्नदेखि तर्कि जानेछन् दन्त्यकथाहरुतिर बरालिनेछन्" २ तिमोथी ४:३,४

भविष्यवाणीलाई पूरा रुप दिन गिल्ला गर्नेहरुको अहिले कमी छैन । बाईबलका सत्य घटनाहरुलाई समेत धर्म गुरुहरुले इन्कार गर्छन् जस्तै सृष्टि येशूको महानतावादी येशूको दोस्रो आगमन र अरु घटनाहरु । चिकित्सा । झूठा गुरुहरुले वाइवललाई धेरै खण्डमा विभाजित गरेका छन् । कोही गुरु गिल्ली गर्न सिकाउँछन् र पृथ्वीको सृष्टिलाई मान्छेले निर्माण गरेको कार्यसँग मनोविज्ञान र नास्तिकको पुस्तकले बाइबलको ठाउँ लिइरहेका दाँज्छन् । २ प्रतिशत अमेरिकन विद्यार्यीहरुले मात्र येशूको दोस्रो आगमानमा विश्वास राख्छन् ।

ऊ. नैतिकतामा कमी आत्मिकी कमजोरी

"आखिरी दिनहरुमा मानिसहरु आफैलाई मात्र माया गर्ने रुपियाँ पैसाको मोह गर्ने, घमण्डी हठीहरुको बदनाम गर्ने आमा बाबुको आज्ञापालन नगर्ने, बैगुनी र अपवित्र स्वाभाविक प्रेमरहितका खुशी पार्न नसकिने अरुको बदख्वाई गर्ने, विश्वास घाती उत्ताउला अहङ्कारले फुलेको परमेश्वरलाई भन्दा सुख विलासलाई प्रेम गर्ने व्यक्ति को भेष लिने तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन्, यस्ता मानिसहरुबाट अलग्ग बस २ तिमोथी ३:१-५ । अमेरिका अहिले अत्यन्त सङ्कटको भुमरीमा छ । जीवनका विभिन्न परिवेशहरुवाट पार भइरसकेका मानिसहरुले यहि भन्छन् । न्यायलयमा दुइटा विवाहमा एउटा विवाह विच्छेद हुन्छन् । हालका अनैतिक पुस्ताको यौन र दुर्व्यवहार प्रतिको उत्तेजना, मण्डलीमा उनीहरुको वढ्दो सदस्यता तर घट्दो आत्मिकता परमप्रभुको वचनको सरल र सकारात्मक पूराभएको हुन् । वास्तविक अश्चर्यको निम्ति हेर्नुहोस् २ तिमोथी ३:१-५ । प्रत्येक पत्रिकामा यी कुराहरू समाचारले भरिएका हुन्छन् अन्तिम दिनका कति वटा पापहरुलाई वुँदा प्रस्तुत गरिएको छ । हाम्रा नराम्रा सोचविचार घृणित कार्यले येशूको आगमनलाई नजिक्याउँदै छ ।

ए. सुख विलास प्रतिको मोह

"अन्त्यका दिनहरुमा मानिसहरु परमेश्वरलाई भन्दा सुख विलासलाई प्रेम गर्ने हुन्छन् (२ तिमोथी ३:१४) । यस आराममा मान्छेहरु मोहित भएका छन् । हाम्रा ठूल्ठूला शहरहरूका थोरै प्रतिशत मानिसहरू मात्र नियमित रुपमा चर्च जाने गर्छन अरु बाँकी सुख आरामको लागि करोडौं

रुपियाँ खर्च गर्छन् तर परमेश्वरको लागि भने आधि पनि खर्च गर्दैन । ऐसले मात्तिएका अमेरिकीहरूले करोडौं घण्टा टि.भी हेरेर आफ्ना अमुल्य समय खेर फालिरहेको कुरा स्पष्ट रूपमा २ तिमोथी ३:४ को परिपुर्ति हो ।

ऐ. वढ्दो व्यवस्था भङ्ग, रक्तपात, अपराध र अशान्ति

"दुष्टता बढेको हुनाले धेरैको प्रेम सेलाएर जाने छ ।"मती २४:१२ " तर दुष्ट मानिसहरु र ठगाहाहरु ठगेर र ठगिएर झन् झन् दृष्ट हुँदैजानेछन् " २ तिमोथी ३:१३ "देश रक्तपातले भरिएको छ र शहर उपद्रवले भरिएका छन " इजिकिएल ७:२३ ।

यो स्वभाविक हो कि संकेतहरु पूरा हुँदैछन् । अपराध र हिंसा अचम्मले बढदै छ । प्राय शहरमा रहेका मान्छेहरु आफ्नो ढोकाको घण्टी राती वजेमा उत्तर दिदैनन । बाच्नको लागि आधार हालैको चिन्ताको विषय बनेको छ किनकि रक्तपातले सबैको मनमा भय उत्पन्न गराईदिएको छ ।

ओ. भयानक भूकम्प हुरी बतास र भोकभरी

"भयङ्कर भुकम्पहरु आउनेछ । विभिन्न ठाँउहरुमा अनिकाल र महामारी फैलिनेछ । भयङ्कर आतङ्क फैलिनेछ । अनि आकाशबाट ठूला ठूला चिन्हहरु देखिनेछन् ।" लूका २१:११

भूकम्प, बाढी, पहिरो र सुनामी तुफानहरुको बढदो क्रम जारी छ । विश्वको एक तिहाई जनसंख्या भोको छ र हजारौं मानिसहरु दिनहुँ भोकमरीको कारण मरिरहेका छन् । हामीहरु यस संसारको अन्तिम युगमा वाँचिरहेका छौं भन्ने कुराका थप प्रमाण यिनै हुन ।

औ. अन्तिम दिनहरुमा वाँचिरहेकाहरुलाई विशेष सुसमाचार

"अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरुका लागि गवाहीको निम्ति प्रचार गरिनेछ त्यस पछि अन्त्य आउनेछ ।" (मत्ती २४:१४) खीष्टको दोस्रो आगमनको सूसमाचार अहिले सम्म ९०० वटा भाषा र उपभाषाहरुमा प्रकाशित भइसकेको छ । पृथ्वीका ९५ प्रतिशत समुदायहरुले उहाँको वचन सुनिसकेका छन् येशूको दोस्रो आगमन हुनुभन्दा अगाडि हरेक जातिहरुलाई उहाँको आगमन बारे चेतावनी दिइनेछ । यदि मानिसहरु यो समाचारलाई इन्कार गर्छन् भने उनीहरुले आफ्ना अस्तित्व गुमाइरहेका छन् ।

अं. आत्मिकतामा फर्किनु

“तर दुष्ट मानिसहरु र ठगाहाहरु ठगेर र ठगिएर झन् दुष्ट हुँदैजानेछन् ” तिमोथी ३:१३ तिनीहरु चमत्कार देखाउने दृष्टहरु हुन ।” प्रकाश १६:१४

आज संसारका हरेक व्यात्तिहरु दृष्टआत्मा, तुनामुना, मरेको आत्मासँग संचार गरेको भनी दावी गर्नेहरू सल्लाह सुझावहरु माग्छन्, तुनामुना गर्ने आत्माहरुले हालैका मण्डलीहरुमा पनि आफ्नो कब्जा जमाइसकेका छन् । यिनीहरुले अमरणशील आत्माको बारेमा झूठो शिक्षा बाँड्दै हिँडिरहेका छन् तर मृतकहरुको मृत्यृ भइसक्यो भनेर बाइबलले सिकाउँछ । यस विषयमा थप जानकारी पाउनका लागि अध्ययन निर्देशिका १० हेर्नुहोस् ।

११. परमेश्वरको दोस्रो आगमनको घडी कति नजिक छ ?

*“तर अधिल्तिरको रुखबाट एउटा शिक्षा लेओ जब त्यसका हाँगा कलिला हुन्छन् र रुखले पालुवा फेर्छ तब गृष्म ऋतु आएछ भनी तिमीहरु थाहा पाउँछौ । त्यसरी नै तिमीहरुले पनि जब यी सबै कुरा भएका देख्नेछौ , तब उस नजीकै ढोकामै छ भनी जान । साँच्चै म तिमीहरुलाई भन्दछु कि यी सबै पूरा नहोउन्जेल यो पुस्ता वितिजानेछैना।” मत्ती २४:३२:३४*

उत्तर : बाईबल यस विषयमा एकदमै स्पष्ट छ । संकेतहरु प्राय: पूर्णरुपले पूरा भइसका छन् । खीष्टको पुर्नआगमनको निश्चित दिन र समय हामीले जान्न सक्नेछैनौ । मत्ती २४:३६ । तर खीष्टको दोस्रो आगमनलाई देख्न हामी जीवितै रहनेछौं भन्ने कुरामा हामी विश्वस्त हुन सक्छौं । परमेश्वर अब सम्पूर्ण कुराहरुलाई सिघ्र नै समाप्त गर्नुहुनेछ । रोमी ९:२८ । खीष्ट सिघ्र अति सिघ्र नै आफ्ना मानिसहरुका निम्ति आउँदै हुनुहुन्छ । के तपाईं तयार हुनुहुन्छ ?

१२. येशूको दोस्रो आगमनको बारेमा शैतानले धैरे टिका टिप्पणी र झूठ भन्दै आएको छ र आफ्नो शैतानि शक्तिले धैरै जातिहरुलाई भ्रममा पारेको छ । आफू पनि यो धोकामा फसिन्न भनेर मलाई कसरी थाहा हुन्छ ?

“तिनीहरु चमत्कार देखाउने दुष्टात्माहरु हुन् ।” प्रकाश १६:१४

*“किनकि झूटा खीष्टहरु झूटा अगमवक्ताहरु खडा हुनेछन् र हुन सके चुनिएकाहरुलाई पनि भड्काउनलाई ठूला ठूला चिन्हहरु र आश्चर्यका कार्यहरु देखाउनेछन् “मत्ती २४:२४ “व्यवस्था र*

*गवाहीकहाँ जाओ यदि तिनीहरु यस वचनअनुसार चलेनन् भने तिमीहरुसित विहानको मिर्मिरे उज्यालो पनि छैन "यशैया ८:२०*

उत्तर : येशूको दोस्रो आगमन सम्बन्धी शैतानले धेरै झूटा शिक्षाहरु प्रतिपादन गरेको छ र खीष्ट बाइबलमा उल्लेख नगरिएको कुनै तरिकावाट आइसक्नु भएको छ वा उहाँ आउँदै हुनुहुन्छ भनेर लाखौं मानिसहरुलाई भ्रममा राखेको छ । तर खीष्ट हामीहरु शैतानको छाया देखि टाढा रहन आदेश दिनुहुन्छ "होशियार हो । कसैले तिमीहरुलाई भ्रममा नपारोस् ।" मती २४:४ । उहाँले शैतानको झूठो शिक्षा र योजना बारे हामीहरुलाई स्पष्ट रुपमा सम्झाउनुहुन्छ ताकि हामी पहिले नै सचेत हुन सकौं र उहाँले भन्नुहुन्छ "याद राख मैले तिमीहरुलाई अघिबाटै भनिदिएको छु" मती २४:२५ । उदाहरणको लागि : येशूले स्पष्ट वचनले भन्नु भएको छ, उहाँ कुनै उजाडस्थान वा विशेष स्थानमा देखा पर्नुहुनेछैन (पद २६) । खीष्टको दोस्रो आगमनको वारेमा उहाँको शास्त्रवाट उहाँले भन्नु भएको कुरा जानेमा, भ्रममा पर्ने कुनै स्थान नै रहँदैन । कठीन परीक्षा त यो हो : बाइबलले यस सम्बन्धमा के भन्दछ ? ती मानिसहरु जो खीष्टको दोस्रो आगमनको वारेमा बाइबलले भनेका कुराहरु जान्दछन् तिनीहरु शैतानद्वारा वहकिँदैनन् । वाँकी सबै भ्रममा रहनेछन् ।

१३. येशूको दोस्रो आगमन बारेमा म कसरी विश्वस्त भएर तयार हुने ?

*"मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैन ।" यूहन्ना ६:३७ "तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो " यूहन्ना १:१२ "ती दिनपछि इजरायलको घटनासँग यो करार बाँध्नेछु तिनीहरुका मनमा मेरो व्यवस्था राखिदिनेछु " हिब्रु ८:१०"तर परमेश्वरलाई धन्यवाद होस् जसले हामीलाई हाम्रा प्रभु येशू खीष्टद्धारा विजय दिनुहुन्छ ।" कोरिन्थी १५:५७*

उत्तर : येशू भन्नुहुन्छ "हेर म ढोकामा (यो ढोका भनेको मानव हृदय हो) उभिएर ढकढक्याउँछु जसले यो ढोका खोलिदियो म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु र त्यसले मसँग खानेछ " प्रकाश ३:२० । पवित्र आत्मा र मेरो अंतस्करणद्वारा आत्माद्वारा येशूले मेरो हृदयको ढोका ढकढक्याउनु हुन्छ जसको कारण मेरो जिवन परिवर्तन हुनेछ । यदि मैले आफ्नो जीवन येशूमा सुम्पिदिए भने उहाँले मेरा विगतका सबै पापहरु मेटाईदिनुहुनेछ। (रोमी ३:२५) र मलाई आत्मिकी रुपमा बाच्ने शक्ति दिनुहुनेछ (यूहन्ना १:१२) । पुरस्कारको रुपमा उहाँले मलाई उहाँकै धर्मी चरित्र दिनुभएको छ जसकारण म पवित्र परमेश्वरको सामु नडराई खडा हुन सक्छु जब येशूद्वारा मेरो जीवन परिवर्तन हुनेछ । त्यसपछि उहाँका इच्छाहरु

पुरा गर्ने काम मेरो निम्ति आनन्दमय कार्य हुनेछन् । यो अति सरल हुनेछ, यति सरल कि मानिसहरुले यसको वास्तविकता माथि फेरि कहिल्यै शंका उपशंका गर्नेछैनन् । यो सत्य हो । मेरो काम भनेको मेरो जीवन खीष्टलाई सुम्पिनु हो र उहाँ मेरो हृदयमा बास गर्नुहोस् भन्ने अपेक्षा हो । उहाँको काम भनेको मेरो जीवनमा ठूला-ठूला चमत्कार देखाउने हो, जसले मेरो जीन्दगीमा बदलाव आओस् र म येशूको दोस्रो आगमनको लागि तयार हुन सकुँ । यो एक अमुल्य पुरस्कार हो । उहाँलाई स्वीकार गर्न मात्र बाँकी छ ।

१४. खीष्ट कस्ता खतराको वारेमा गम्भीर चेतावनी दिनुभएको छ ?

"यस कारण तिमीहरु पनि तयार रहो किनकि मानिसको पुत्र तिमीहरुले नचिताएको बेलामा आउने छ ।" मत्ती २४:४४ "तर तिमीहरु आफ्ना विषयमा होशियार रहो नता भोग विलास मतवालीपन संग जीवनको फिक्रीले तिमीहरुको मन दविएला र तिमीहरुमा ती एक्कासि त्यो दिन पासोझैँ आइपर्ला ।" लूका २१:३४ "मानिसको पुत्रको आगमन नोआको दिनहरुजस्तै हुनेछ " मती २४:३७

उत्तर : आफ्नो जीवनको फिक्रीमा मात्र हामीले आफूलाई व्यस्त राख्यौँ भने वा हामी मस्तीमै भुल्यौँ भने स्वर्ग जाने मौका गुमाउन सकिन्छ जसरी नोआको समयमा भएको थियो । त्यसबेला हामीलाई अचम्म लाग्न सक्छ यो हुनु स्वभाविक हो किनकि यो हाम्रो तयारीको कमीको परिणाम स्वरुप हो । यो करौडौ मानिसहरुले अनुभव गर्नुपर्नेछ। यस विषयमा तपाई कस्तो हुनुहुन्छ ? येशूको आगमन एकदमै निकट छ अहिलेको दिनहरुमा के तपाई तयार हुनुहुन्छ

१५ येशू आफ्नो जनहरुलाई लिन आउनुहुँदा के तपाई तयार हुन सोच्दै हुनुहुन्छ ?

उत्तर :..........................................................................................

## तपाईका विचारमा रहेका प्रश्नको उत्तर

१. के भयंकर दु:खको घडि अझै आउन बाँकी छ?

उत्तर : यो सत्य हो, येशूको आगमन हुनु अगाडि दु:ख कष्ट ले सारा पृथ्वीलाई ढाक्नेछ । दानियल वर्णन गर्छन "यस्तो सङ्कटको समय आउनेछ कि जातिहरु शुरु भएदेखि त्यस बेलासम्म त्यस्तो कहिल्यै भएको थिएन ।" दानिएल १२:१ मत्ती २४:२१ ले "महान् कष्टमय युग" परमेश्वरको जनलाई दिएका दु:खलाई बताउँछ । करोडौं व्यक्ति विश्वासका कारण मारिएका थिए ।

२. येशू "एक चोर झैँ राती आउदैहुनुहुन्छ " सबैलाई यस कुराको ज्ञान कसरी हुन्छ ?

उत्तर : यसको उत्तर १ थेसलोनीकी ५:२,३,४ पाइन्छ "किनकि तिमीहरु आफै राम्ररी जान्दछौ प्रभुको दिन त रातमा चोर आएझैँ आउनेछ । जव मानिसहरु "शन्ति र सुरक्षा" भनिरहेका हुन्छन् तब गर्भवती स्त्रीलाई ब्यथा लागेझै अचानक तिमीहरुमाथि विनाश आइलाग्छ र तिमीहरु अन्धकारमा छैनौ तसर्थ त्यस दिनले तिमीहरुलाई चोरले जस्तै चकित पार्ने छैन "ध्यान हुनुहोस् येशू आउनुहुने दिनमा उहाँ चोर झै तयारी नभएकाहरु कहाँ आउनुहुनेछ तर "बन्धु" भनाउँदाहरु कहाँ होइन ।" थेसलोनिकी ५:४ ।

३. पृथ्वीमा येशूले आफ्नो राज्यको स्थापना कहिले गर्नुहुनेछ ?

उत्तर : प्रकाशको पुस्तकको २० अध्यायमा उल्लेखि १००० वर्ष पछि । १००० वर्षको अवधि येशूको दोस्रो आगमनको समयवाट सुरु हुन्छ जब येशूले धर्मी मानिसहरुलाई पृथ्वीवाट स्वर्गमा लैजानुहुनेछ र आफैसंग राख्नुहुनेछ "एक हजार वर्षको समय" प्रकाश २०:४ । एक हजार वर्षको अन्त्यमा "पवित्र शहर नयाँ जेरुशलेम स्वर्गबाट तलतिर आफ्ना पुजारीहरु सहित ओर्लनेछ ।" जकरिया १४:१,४,५ र सयौ वर्षसम्म मरेका अधर्मीहरु लाई पनि जीवन दिइनेछ प्रकाश २०:५ । तिनीहरुले प्रिय शहरलाई कब्जा गर्नको निम्ति घेर्नेछन् (प्रकाश २०) र स्वर्गबाट आगो बर्सेर तिनीहरुलाई भस्म पार्नेछ । पृथ्वीमा रहेका तत्वहरु आगोले शुद्ध गरिनेछन् र त्यसमा रहेका सबै सानातिना पाप र पापीहरु भस्म हुनेछन् । २ पत्रुस ३:१४अन्तिममा आगो हराउनेछ" (यशैया ४७:१४) खरानी मात्र बाँकी राखेर । मलाकी ४:३ । तब परमेश्वरले नयाँ पृथ्वीको सृष्टि गर्नुहुनेछ र त्यो धर्मीजनहरुलाई दिनुहुनेछ २ पत्रुस ३:१३, यशैया ६५:१७, प्रकाश २१:११) र उहाँ तिनीहरुसँग वास गर्नुहुनेछ ,र तिनीहरु उहाँका प्रजा हुनेछन् र परमेश्वर आफै तिनीहरुका परमेश्वर भएर तिनीहरुसँग रहनु हुनेछ "प्रकाश २१:३१ । फेरि पृथ्वीमा, खुशीयाली र पवित्रताले वास गर्नेछ । यो घर फेरि पापरहित रहनेछ जसरी परमेश्वरले योजना गर्नुभएको थियो । एक मूर्ख व्याक्तिले मात्र यो मौका गुमाउने छ । परमेश्वरको सुन्दर नयाँ राज्यको जानकारी चाहिएकोमा सहयोगी पुस्तक ४ पढनुहोला । (१ हजार वर्षको निम्ति थप जानकारी पाउन अध्ययन निर्देशिका १२ हेर्नुहोस् ।)

४. येशूको दोस्रो आगमनको बारेमा किन आजभोलि धेरै सुसमाचार र शिक्षाहरु सुनिदैनन् ?

उत्तर : यसमा सैतानको ठूलो हात छ । येशूको दोस्रो आगमन सबै विश्वासीहरुका निम्ति आशाको केन्द्र विन्दु बनेको कुरा उसलाई थाहा छ ” तीतस २:१३। शैतानलाई यो कुरामा पनि थाहा छ कि एकपटक विश्वासी बने भने येशूको दोस्रो आगमनको बारेमा प्रचार गर्न हिड्नेछन् यो कुराले सैतानलाई रिस उठाउँछ त्यसैले उसले परमेश्वरका “भक्तहरुलाई सताउनेछ (२ तिमोथी ३:५) “तर तिमीहरुले उसको मार्ग शिक्षालाई त्यागदिनु” गिल्ला गर्नेहरुले भन्नेछन् । येशूको दोस्रो आगमन भएको खोई त ? तिमीहरुका पिता परमेश्वर निदाउनु भएको छ र सबै कुरा त्यस्तै हुनेछन् जस्तो पहिले देखि भइरहेको छ ।” २ पत्रुस३:३,४। जसले येशूको दोस्रो आगमनलाई लिएर अस्वीकार गर्छ, उपेक्षा गर्छ र अवहेलना गर्छ र खीष्टको दोस्रो आगमनलाई प्रकाशमा ल्याउँछ । तिनीहरु खास गरेर बाइबलको भविष्यवाणी लाई पूरा गर्दैछन् । र सैतानको ठूलो काम गरिरहेका छन् ।

५. लूका १७:२६ मा “एउटा लगिनेछ, अर्कोचाहिँ छोडिनेछ ।” भन्ने बेलामा के येशूले गोप्य रुपमा पुनरुत्थानको वारेमा भनिरहनु भएको थिएन ?

उत्तर : त्यसको बारेमा होइन, यो गोप्य हो भनेर त्यहाँ अलिकति पनि जानकारी दिइएको छैन । येशूले त नोआको समयको जलप्रलय सदोमको बिनाशलाई वर्णन गर्दै हुनुहुन्थ्यो । लूका १७:२६-३७ हेर्नुहोस् । उहाँले पूर्ण रुपले भन्नुभयो कि बाढी र आगोले “सबैलाई बिनाश गऱ्यो ।” पद २७,२९ धेरै भएको छ । परमप्रभुले कसरी नोआ र अरु विश्वासीहरुलाई जोगाउनु भयो र दुष्टहरुको विनास गर्नुभयो । उहाँले विशिष्ट रुपमा भन्नुहुन्छ, जलप्रलय र अग्निले “तिनीहरु सबैलाई नष्ट पारें (पद २७,२९) । स्पष्ट छ, ती प्रत्येक अवस्थाहरुमा थोरैलाई मात्र सुरक्षित राखियो र वाँकी सबैको विनास भयो । अनि उहाँले क्रमश जोड्नुहुन्छ “मानिसको पुत्र प्रकट हुने दिनमा यस्तै हुनेछ ।” पद ३० मा यसलाई व्याख्या गर्न येशूले लगातार भन्नुहुन्छ, “दुई जना मानिस खेतमा हुनेछन् एउटा लगिनेछ, अर्कोचाहिँ छोडिनेछ ।” (पद ३६) । यसको बारेमा यो पदमा कुनै गोप्य कुरा छैन । “हरेक आँखाले उहाँलाई देख्नेछ । प्रकाश १:७ । खीष्टको दोस्रो आगमनमा येशूले सार्वजनिक र खुला रुपमा धर्मीहरुलाई स्वर्ग लानुहुनेछ । (थेशलोनिकी ४:१६,१७) र दुष्टहरुको अन्त्य गर्नुहुनेछ ( यशैया ११:४,२ थेशलोनिकी २:८) त्यसैले लूका १७:३७ मा अधर्मीको शरीरबारे बोलिएको छ र गिद्धहरु उनीहरुका वरिपरि नाच्नेछन् भनेर भनिएको छ (प्रकाश १९:१७,१८ मा पनि उल्लेखित छ) खीष्टको

आगमनमा जो अधर्मीहरु छोडिनेछन् तिनीहरुको मृत्यु हुनेछ । (गुप्त रुपमा स्वर्गमा जाने विषयमा जानकारी पाउन हाम्रो पुस्तकको निम्ति पत्राचार गर्नुहोस् ।)

# संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पृष्ठ सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढ्नुहोस । तल दिइएको प्रश्नहरुको उत्तरहरु अध्ययन पुस्तिकामा पाउन सक्दछौ । ठीक उत्तर भएको वक्समा ठीक चिन्ह लगाउनुहोस । दिइएको संख्या प्रश्नको उत्तरहरुको संख्या हो ।

१. उहाँको दोस्रो आगमनमा (१)
- ❑ ख्रीष्ट गुप्त रुपमा आउनुहुनेछ र पृथ्वीका केही शहरहरु, भ्रमण गर्नुहुनेछ ।
- ❑ ख्रीष्ट मरुभूमीमा देखिनुहुनेछ ।
- ❑ ख्रीष्ट वादलमा वस्नुहुनेछ र उहाँको धर्मी मानिसहरुलाई त्यहीं भेट्न वोलाउनु हुनेछ ।

२. येशू जब यस पृथ्वीमा फर्कनुहुन्छ (१)
- ❑ धर्मीहरुले मात्र उहाँलाई देख्नेछन् ।
- ❑ सबैका आँखाले उहाँलाई देख्नेछन् ।
- ❑ जबसम्म टि.भी.ले घोषणा गर्दैन, मानिसहरुले थाहा पाउनेछैनन् ।

३. ख्रीष्टको दोस्रो आगमनमा धर्मी मानिसहरुलाई के हुनेछ ? (२)
- ❑ मृत धर्मीहरु जिउनेछन्, अमरत्व पाउनेछन्, बादलमा उठाइनेछन् र स्वर्गमा लगिनेछन् ।
- ❑ जीवित धर्मीहरुलाई अमरत्व दिइनेछ, बादलमा उठाइनेछ र स्वर्गमा लगिनेछ ।
- ❑ धर्मीहरु यहीँ वस्नेछन् र दुष्टहरुलाई परिवर्तन गर्नेछन् ।
- ❑ धर्मीहरु सुटुक्क लगिनेछन् ।

४. बाइबलीय संकेतको आधारमा, ख्रीष्टको आगमन (१)
- ❑ आति चाँडो हुनेछ ।
- ❑ आज पछिको सयौं वर्ष पछि ।
- ❑ मध्य २१ औं शताब्दीमा ।

५. जब येशू फर्कनुहुनेछ, जीवित दुष्टहरु (१)
- ❑ नर्कमा फलिनेछन्, जहाँ उनीहरु अनन्तसम्म जलिरहनेछन् ।

- ❑ उहाँको दोस्रो आगमनमा नष्ट हुनेछन् ।
- ❑ त्यसै छाडिनेछन् र अर्को मौका पाउनेछन् ।

६. तलका वाक्यहरु जाँच गर्नुहोस्, जसले ख्रीष्टको दोस्रो आगमनको बारेमा सत्य कुरा भन्दछ । (४)

- ❑ उहाँ गुप्त रुपमा आउनुहुनेछ ।
- ❑ दोस्रो आगमन परिवर्तनको अनुभव हो ।
- ❑ उहाँ वादलमा आउनुहुनेछ ।
- ❑ दुष्टहरुले उहाँलाई देख्नेछैनन् ।
- ❑ सम्पूर्ण स्वर्गदूत उहाँसंग हुनेछन् ।
- ❑ उहाँले पृथ्वीलाई वास्तविक रुपमा छुनुहुनेछैन ।
- ❑ उहाँको आगमनको दिन र घण्टा जान्न सम्भव छ ।
- ❑ लाखौँहरु अचम्भित हुनेछन् र हराउनेछन् ।

७. ख्रीष्टको दोस्रो आगमनमा (१)

- ❑ सम्पूर्ण संसार तयार भएर पर्खिरहनेछन् ।
- ❑ विनासकारी विश्वव्यापि भूकम्प आउने छ ।
- ❑ दुष्टहरु परिवर्तन हुनेछन् ।

८. पृथ्वीको अन्तिम दिनक सत्य चिन्हहरु सम्वन्धित सम्पूर्ण वाक्यहरुमा चिन्हलगाउनुहोस् । (७)

- ❑ संसार अझ राम्रो हुँदै जानेछ ।
- ❑ श्रमिकवर्ग र सम्पन्नवर्गहरूका वीचमा विवाद हुनेछ ।
- ❑ सामान्य भूकम्प र आँधिवेरी आउनेछ ।
- ❑ बाइबलको सत्यतावाट टाढिनेछन् ।
- ❑ पारपाचुकेको संख्या घट्ने छ ।
- ❑ मोजमज्जाको निम्ति पागलपन बढ्नेछ ।
- ❑ नैतिकतामा ह्रास आउनेछ ।
- ❑ अपराधको गतिमा ठूलो कमि आउनेछ छ ।
- ❑ ठूलो अनिकाल पर्नेछ ।
- ❑ ज्ञानको वृद्धि हुनेछ ।
- ❑ आराम विहिनता र व्यथा हुनेछ ।

९. स्वर्गका कुन संकेतहरु येशू पुनःआगमनका चिन्हहरु हुन् । (२)

- ❑ हेलीको लामपुच्छ्रे तारा
- ❑ १७८० को अँध्यारो दिन

- ❑ नोभेम्वर १८३३ मा झरेका ताराहरु
- ❑ पृथ्वीमा चन्द्रमा खस्नु ।

१०. येशू यस संसारमा छिटै फेरी फर्कदैहुनुहुन्छ भनेर हामीलाई कसरी थाहा हुन्छ ? (१)

- ❑ बाइबलले संकेतहरु र अन्तिम दिनहरुको सिद्ध विवरणहरू दिन्छ ।
- ❑ किनकि धेरै मानिसहरुले येशू छिटै आउँदै हुनुहन्छ भनेर विश्वास गर्दछन् ।
- ❑ केही भविश्यवक्ताहरुले यो प्रति ठोकुवा गरेकाछन् ।

११. खीष्टको दोस्रो आगमनको समय र व्यवहारलाई लिएर धेरैहरु झुक्याइनेछन् किनकि (१)

- ❑ सबै वाँचून भनेर परमेश्वर चाहनुहुन्न ।
- ❑ तिनीहरुले धेरै भेटीहरु दिँदैनन् ।
- ❑ उनीहरु आफ्ना बाइबल अध्ययन गरेर कुनै कुराको सत्यता खोज्दैनन् ।

१२. म खीष्टको आगमनको लागि तयार हुन सक्छु जब (१)

- ❑ येशू म भित्र रहनुहुन्छ ।
- ❑ म दैनिक पत्रिका पढ्छु ।
- ❑ मेरो अगुवाले भनेको काम गर्छु ।

१३. म तयार हुन योजना वनाउँदै छु जब येशू आउनुहुन्छ ।

- ❑ हो
- ❑ होइन

# ९ शुद्धता र शक्ति

के तपाईं आफ्नो प्रियजनहरुको हृदय दुखाएर र आफ्नो चेतनालाई चोट पुऱ्याएर थकित हुनुभएको छ ? के तपाईं आफ्ना पछिल्ला गल्तीहरुका लागि प्रयश्चित गरेर बस्नु भएको छ ? के तपाई कहिल्यै पानीमा नुहाएर बाहिरी र भित्री रुपमा सफा भएर आउने इच्छा गर्नुभएको छ ? त्यसो भए हामीसँग तपाईहरुको निम्ति एकदमै ठूलो समाचार छ ... तपाँई आत्मिक रूपमा स्वच्छ हुन सक्नुहुन्छ । के परमेश्वरसंग यस्तो योजना छ जसले तपाईलाई पूर्ण रुपमा परिवर्तन गरेर तपाईलाई धार्मिक वनाउन सक्छ, यो असम्भव देखिन्छ होइन त ? हामीहरु धर्मी भएर आफ्नो चरित्र शुद्ध होस् भन्ने परमेश्वरको योजना छ । ख्रीष्टले भन्नुहुन्छ "यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहासँगै गाडियौं ।" (रोमी ६:४) जब तपाईंले येशूलाई स्वीकार गर्नु हुन्छ तपाईंको अघिल्लो जीवनको मृत्यु हुन्छ र हाम्रो पाप भुल्नु हुन्छ भनेर परमेश्वरले बाचा गर्नुहुन्छ । त्यति मात्र नभएर परमेश्वरले हामीलाई सत्यको मार्गमा हिड्न पनि सहायता गर्नुहुन्छ । के तपाईंलाई थाहा छ 'क्रूस' बाइबलमा २८ पटक लेखिएको छ, तर 'बप्तिस्मा' भने ९७ पटक दोहोरिएको छ ? त्यसैले यो एकदमै महत्वपूर्ण हो, किनकी यसले नयाँ जीवनको महत्व दिन्छ, यस प्रतिक्रियाले गर्दा वितेका अधर्म र पापले पिछा गर्दैन र ती सबै गाडि दिन्छ र सदाको लागि विर्साउँछ । बाइबलमा भएका सत्य घटनाको अध्ययन गर्नुहोस् । ....... तपाईं आफ्नो जीवनमा कहिल्यै पनि एकनास रहन सक्नुहुने छैन ।

१. के बप्तिस्मा लिनु साँच्चै जरुरी छ ?

*"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछन । तर विश्वास नगर्ने दोषी ठहरिनेछ" । मर्कस १६:१६*

उत्तर हो, बप्तिस्मा लिनु जरुरी छ । यो भन्दा स्पष्ट अरू कुन भाषा होला ?

२. तर क्रूसमा टाँगिएको चोरले त वप्तिस्मा लिएको थिएन,त्यसैले मैले किन लिने ?

*"किनभने उहाँ जान्नुहुन्छ, हाम्रो सृष्टि कसरी भएको हो, हामी धूलो मात्र हौं भनी उहाँ सम्झनुहुन्छ," भजनसंग्रह १०३:१४*

उत्तर न त त्यस चोरले आफूले चोरेको केही समान फिर्ता दियो, जसरी परमेश्वरले इजिकिएल ३३:१५ मा भन्नु भएको थियो । परमेश्वरले हामीहरुलाई हाम्रो काम अनुसार न्याय गर्नुहुन्छ । उहाँले हाम्रो सोचाइ विचार जान्नुहुन्छ, उहाँले शारिरीक असक्तताले बप्तिस्मा

लिन सकेन भने यहाँले कर गर्नु हुन्न । यदि त्यो चोर क्रूसबाट ओर्लिएर आएको भए बप्तिस्मा लिन्थ्यो । यस नियमको निम्ति बाइबलको यो एउटै मात्र उदाहरण हो । कसैले पनि बप्तिस्मा लिन ईन्कार नगरोस् भनी परमेश्वर चाहानुहुन्छ ।

३. यहाँ बप्तिस्माका धेरै रीतिहरु छन्, के ति मध्ये असल गुणी

व्यक्तिका लागि एउटा कुनै यी मा मान्य भए हुँदैन ?

*"एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा एफिसी ४:५*

उत्तर हुँदैन, यहाँ एउटै मात्र सत्य, हो बप्तिस्मा । अरु सबै - जसलाई बप्तिस्मा नाम दिएको छ, तिनीहरू असत्य र झूठा छन् ।

टिप्पणी: *बप्तिस्माको लागि सैतानले मुल्य दिँदैन । उसले भन्छ, "बप्तिस्मा आफ्नै तरिकाले लेऊ । बप्तिस्मा लिने विधिले केही फरक पार्दैन । गणना गर्ने कुरा आत्मा मात्र हो ।" तर बाइबलले भन्दछ, "एक परमेश्वर, एक विश्वास, एक बप्तिस्मा ।" एफिसी ४:५ । यसले यसो पनि भन्दछ, "मैले भनेका कुराहरू गर । म परमेश्वर प्रभु भन्छु ।" यर्मिया ३८:२० ।*

४. येशूले कसरी बप्तिस्मा लिनुभएको थियो ?

*"येशूले युहन्नाबाट यर्दन नदीमा बप्तिस्मा लिनुभयो । पानीबाट उक्लि आउने वित्तिकै उहाँले स्वर्ग उघ्रिएको र पवित्र आत्मालाई ढुकुरको रुपमा आफूमाथि ओर्लिँदै गर्नु भएको देख्नुभयो ।" मर्कूस । १:१०*

उत्तर पानीमा डुविएर ! याद हुनुहोस् । बप्तिस्मा लिएपछि उहाँ पानीबाट बाहिर निस्कनुभयो" । येशू यर्दन नदीमा बप्तिस्मा लिनुभएको थियो तर किनारमा होइन, धेरै जसो व्यक्तिले सोच्छन् । यूहन्नाले बप्तिस्मा दिँदा पानी अधिक भएको ठाउँमा मात्रै बप्तिस्मा दिन्थे ( यूहन्ना ३:२३) । त्यसैले बप्तिस्मा दिने ठाउँ गहिरो हुनु जरुरी छ । येशूको उदाहरण पालन गर्न बाइबलले हामीहरुलाई आदेश गर्छ ( पत्रुस २:२१) । यदि कुनैपनि बप्तिस्मा पानीमा राम्रो सँग डुविएन भने भने यसले परमेश्वरको आज्ञालाई उलङ्घन गर्छ । "बप्तिस्मा" ग्रीक शब्द बाट आएको हो । "वप्टिजो" जसको अर्थ हो "डुब्नु" हो नयाँ करारमा आठ भिन्न ग्रिक शब्दहरुमा छन्, जसले तरल पदार्थको व्याख्या गरेको छ । त्यसमध्ये कुनै शब्दहरु - अर्थ हो छरकिनु, खन्याउनु, अथवा पानीमा डुब्नु - एउटै अर्थ "डुब्नु" ( वप्टिजो) बतिस्मा लाई व्याख्या गर्न प्रयोग गरिएको हो ।

५. तर के परमेश्वरका चेला अथवा प्रेरितहरूले वप्तिस्माको विधिलाई परिवर्तन गरेनन् ?

*"अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले र उनले तिनलाई बप्तिस्मा दिए । तर जब उनीहरु पानीबाट बाहिर उक्लिआए, तब प्रभुका आत्मा फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देखेनन, र ती रमाउँदै आफ्नो बाटो लागे ।" प्रेरित ८:३८,३९*

उत्तर गरेनन्, कृपया ख्याल गर्नुहोस् फिलिप, जो प्रारम्भिक चर्चका अगुवा थिए, तिनले नपुंसकलाई पानीमा डुवाएर बप्तिस्मा दिए जसरी युहन्नाले येशूलाई दिएका थिए । र प्रेरित पावलले भन्छन् "येशूले सिकाउनुभएको कुराहरूका विपरित यदि कसैले सिकाउँछ भने त्यो श्रापित होस् ।" गलाति १:८ कुनैपनि व्यक्ति चाहे त्यो धर्मी होस् वा चाहे त्योसँग प्रभुको वचन परिवर्तन गर्ने अधिकार छ, सबैलाई परमेश्वरको आज्ञा तोड्न मनाही छ ।

६. येशू र उहाँका चेलाहरुले पानीमा डुबेर बप्तिस्मा लिए,

पानीमा डुबाएर बप्तिस्मा दिने विधिबाहेक अरू सबै

तर आजकल प्रचलनमा रहेका अरू वप्तिस्माका विधिलाई कसले प्रचलनमा ल्यायो ?

*"तिनीहरु व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरुका शिक्षा मानिसहरुले सिकाएका विधि मात्र हुन् ।" मत्ती १५:९*

उत्तर परमेश्वरको वचनका ठीक विपरित पर्ने गरी वहकिएका मानिसहरूले वप्तिस्माका अरू विधिहरूलाई प्रचलनमा ल्याए । येशू भन्नुहुन्छ, "तिमीहरु पनि किन आफ्ना परम्पराको खातिर परमेश्वरको आज्ञा भङ्ग गर्दछौं ? यसरी तिमीहरुले आफ्नो परम्पराको खातिर परमेश्वरको वचनलाई वेकम्मा गराएका छौं ।" मति १५:३,६ स्तुति आराधनाले जसले व्यक्तिको शिक्षालाई पालना गर्छ भने त्यो "वेकार" हो । तपाँई विचार गर्नुहोस् ! वर्षौं सम्म जब असत्य र अधर्मीको यस संसारको चाप वढ्यो वप्तिस्माको अर्थ पनि समय अनुसार परिवर्तन भयो । त्यसैले सन्तहरुलाई सदाकालको निम्ति सुम्पिएको विश्वास रक्षा गर भन्ने निवेदन गर्न तिमीहरुलाई लेख्न मैले आवश्यक ठाने" यहूदा २ । बाइवलले यो कुरा भनेता पनि हामी यसको विरुद्ध काम गर्छौं ।

७. मानिसले वप्तिस्मा लिन के के तयारी गर्नुपर्छ ?

उत्तर क. <u>बचनमा लेखिएको आवश्यकतालाई पूरा गर्न सिक</u>

"यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ,

मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सँधै तिमीहरुका साथमा छु ।" मति २८:१९,२०

ख. <u>परमेश्वरको बचनमा बिश्वास राख</u>

"विश्वास गर्ने र बप्तिस्मा लिनेले उद्धार पाउनेछ विश्वास नगर्ने दोषी ठहरिनेछ ।" मर्कूस १६:१६

ग. <u>आफ्नो पापी जीवन बाट फर्किनुस र आफूमा परिवर्तन महसुस गर्नुहोस्</u> ।

पश्चाताप गर, र तिमीहरुका पाप क्षमा को निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौं । प्रेरित २:३८ "यस कारण पश्चाताप गर्नुहोस् र फर्कनुहोस् ताकि तपाँईहरुका पाप मेटिउन्, र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस् ।" प्रेरित ३:१९

८. बप्तिस्माको अर्थ के हो ? अथवा बप्तिस्मा भनेको के हो ?

*"यसकारण बप्तिस्माद्धारा हामी मृत्युमा उहाँसँग गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरुबाट जीवित परिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिडौं । यदि उहाँको पुनरूत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं । हामी जान्दछौं कि हामी पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरिर नाश होस् र अब उप्रान्त हामी पापका कमारा नहोऔं । " रोमी ६:४,५,६,*

उत्तर परमेश्वरका जनहरुले, उहाँको मृत्यु (चिहानमा दफन गाडिनु) र पुनरुत्थानमा विश्वास गर्ने कुरालाई यसले प्रस्तुत गरेको छ । यसको संकेत सिद्ध छ र अर्थ गहन छ । बप्तिस्माको समयमा आँखा बन्द हुन्छन् । वाँधिन्छ र सास मुत्युको समयमा झैँ रोकिन्छ । त्यसपछि पानीको चिहानमा गाडिन्छ अनि पानीबाट पुनरुत्थान हुन्छ जसले येशूमा नयाँ जीवन पाउनेछ । जब पानीबाट बौरी उठ्छ् उसका आखाँ खुल्छन्, उसले सास फेर्नेछ अनि फेरि आफ्नो मित्रहरुसंग भेट्नेछ । इसाई धर्म र अन्य धर्महरुमा पाइने ठूलो फरक भनकै मृत्यु, दफन र बप्तिस्मा हो । यी तिन कार्यहरु हामीमा परमेश्वरले चाहे अनुरुप निमार्ण भएका छन् । यो तिन कार्यलाई अमर राख्न परमेश्वरले यस संसारमा बप्तिस्मा गरिनुपर्ने भनेर उर्दी जारी गर्नुभयो । येशूको मृत्यु दफन र पुनरुत्थानलाई प्रतिकका रूपमा मान्न बप्तिस्मा बाहेक अरु कार्यबाट असम्भव छ । पानीमा डुब्नेले मात्र रोमी ६:५,६ को कुरालाई परिपुर्ति गर्दछ ।

९. कुनै व्यक्ति जबसम्म जान्ने र बुझ्ने हुदैन, के उ बप्तिस्मा लिनका लागि योग्य छ ?

*"किनभने दिने तत्परता छ भने मानिसको इच्छा अनुसारको दिएको दान नै ग्रहण योग्य हुन्छ, नभए अनुसारको होइन ।" २ कोरिन्थी ८:१२ ।*

उत्तर यो एउटा बच्चालाई "हिँड्न नदिनु" जस्तै हो जवसम्म ऊ आफैले हिड्न सक्षम बन्दैन । खिष्टियनहरु खीष्टमा भर्खर जन्मेका बच्चा जस्तै हुन् । त्यसैले परिवर्तनको अनुभूति भनेको "नयाँ जन्म" हो । खीष्टमा आएपछि पुरानो पापमय जीवनको अन्त्य हुन्छ । वप्तिस्माले पुरानो जीवनको दफनलाई संकेत गर्छ । फेरि हामीले खिष्टीय जीवन बच्चाबाट शुरुवात गर्छौं, जवान अथवा बुढा/बुढी बाट होइन । परमेश्वरले हामीलाई हाम्रो, सो, व्यवहार र मनोबृति देखेर न्याय गर्नुहुनेछ , तर एक अपरिपक्क खिष्टियनको नाताले हुने भुल गल्ती देखेर होइन ।

१०. एक परिवर्तित पापीले किन छिटो बप्तिस्मा लिनुपर्छ ?

*"तब किन पर्खनुहुन्छ ? उठ्नुहोस् र बप्तिस्मा लिनुहोस् । अनि उहाँको नाउँको पुकार गरेर आफ्ना पाप धुनुहोस्।" प्रेरित २२:१६*

उत्तर पापीलाई परमेश्वरले क्षमा गर्नुभयो र ऊ येशूद्वारा शुद्ध गरियो र उसको पापपूर्ण विगतको समय छुटिसकेको भनेर बप्तिस्मा एक सार्वजनिक गवाही हो। (यूहन्ना १:९) । आज संसारका मानिसहरु पाप र दोषको भारले दबिएका छन् । र यी मानिसहरु आफ्नो जीवनलाई मुक्ति दिलाउन जे गर्न पनि तयार हुन्छ । धेरै मानिसहरु दुष्ट-आत्मा खेलाउने टुनामुना झाँक्रि आदि कहाँ गएर जीवनमा ठूलो भूल गर्छन । मानिसले मानिसलाई आध्यात्मिक जीवन दिन खोज्छन् तर सत्य सहयोग उनीहरुलाई येशूकहाँ आएर मात्रै हुन्छ, उहाँले भन्नुहून्छ "म इच्छा गर्छु, तिमी निको भइजाऊ ।" (मत्ती ८:३) । उहाँले हामीलाई शुद्ध मात्रै पार्नुहुन्न तर हाम्रो पुरानो पापमय चरित्रलाई सदा सदाका लागि अन्त्य गरिदिनु हुन्छ । पानीमा दफन हुनु (अर्थात् जसलाई बप्तिस्मा भनिन्छ) भनेको हाम्रो पानी जीवनको दफन गर्नु हो । त्यसैले बप्तिस्मा लिनु हामी सबैले जरुरी छ, किनकि यो परमेश्वरको इच्छा र चाहना हा ।

११. बप्तिस्माको तयारी गर्नको लागि कति समय लाग्छ ?

उत्तर यो व्यक्ति-व्यक्तिमा भर पर्छ । कसैले अरुले भन्दा छिटो गर्छन । तर धेरै जसो उदाहरणमा तयारी छिटो अवधिमा लिएको देखिन्छ । यहाँ बाइबल सम्वन्धित केही उदाहरणहरु छन् :

क) इथियोपियाका कोषाध्यक्ष (प्रेरित ८:२६,३९) उनले जुन दिन परमेश्वरको वचन सुने त्यसै दिन बप्तिस्मा पनि लिए ।

ख) फिलिपियन जेलर (झ्यालखानाको हाकिम) र उनका परिवार ( प्रेरित १६:२३-३४० उनीहरुले सुनेकै राति बप्तिस्मा लिए ।

ग) टार्सस निबास शाऊल (प्रेरित ९:१,१८) - दमस्कस जाने दिनको तिन दिन पछि उनले बप्तिस्मा लिए ।

घ) कर्नेलियस (प्रेरित १०:१-४८ - प्रभुको बचन सुनेकै दिन उसले पनि बप्तिस्मा लियो ।

परिवर्तनको समयमा परमेश्वरले :

१. हाम्रो वितेको जीवनलाई भुलेर क्षमा गरिदिनुहुन्छ ।

२. एक नयाँ आत्मिकी जीवन दिनुहुन्छ ।

३. हामीहरुलाई आफ्ना छोरा छोरीको दर्जा दिनुहुन्छ । यदि साच्चैकै परिवर्तन भएको व्यक्तिले बप्तिस्मा लिनुबाट इन्कार गर्दैन, किनकि परमेश्वरको आशिष द्वारा उसको जीवनमा धेरै अद्भूतकामहरू भए ।

१२. येशूमा विश्वास गरेको परिवर्तित व्यक्तिले बप्तिस्मा लिँदा परमेश्वरलाई कस्तो अनुभव हुन्छ ?

उत्तर जब येशूको बप्तिस्मा भयो परमेश्वरले यो वचन भन्नुभएको थियो ,"यिनी मेरा प्रिय पुत्र हुन् यिनीसँग म अति प्रसन्न छु ।" मत्ती ३:१७ । त्यसैले आज परमेश्वर पनि प्रसन्न हुनुहुन्छ यदि कसैले उहाँको आदेश अनुसार बप्तिस्मा लियो भने । "हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं किनभने हामी उहाँका आज्ञा पालन गर्छौं र उहाँलाई मन पर्ने कामहरु गर्छौं । (यूहन्ना ३:२२,१ थेसलोनिकी ४:१) के तपाईंको बप्तिस्मा देखि परमेश्वर खुशी हुनुहुन्छ?

१३. मण्डलीको सदस्य नभई के कुनैपनि व्यक्ति साँचो बप्तिस्माको अनुभव गर्न सक्छ ?

उत्तर गर्न सक्दैन, परमेश्वरले प्रष्टसँग निम्न कुराहरु भन्नुभएको छ ।

क) सबैलाई एउटै शरिरमा बोलाइएका छन् ।

"तिमीहरु एउटै शरिरमा बोलाइएका थियौ ? कलस्सी ३:१५

ख) मण्डली त्यो शरीर हो

"उहाँ शरिर अर्थात् मण्डलीका शिर हुनुहन्छ । "कलस्सी १:१८

ग) हामी बप्तिस्माद्वारा त्यो शरिरमा पस्न सक्छौं ।

"किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरिरमा बप्तिस्मा पाएका छौं । " कोरिन्थी १२:१३

घ) परमेश्वर तर्फ आएका व्यक्तिहरु मण्डलीमा समावेश हुन्छन् ।

"उद्धार पाउनेहरुलाई प्रभुले दिनदिनै तिनीहरुको संख्यामा थपिदिनुहुन्थयो ।" प्रेरित २:४७

१४. ख्याल राख्नुहोस् चार वटा चीज बप्तिस्मा ले गर्दैन ।

पहिलो :

बप्तिस्मा आफैले मान्छेको ह्रदय परिवर्तन गरिदिँदैन, यो एउटा परिवर्तनको संकेत मात्र हो । मान्छे बिश्वासी नभई, परिवर्तन नभई र नयाँ हृदय नपाई पनि बप्तिस्मा लिन सक्छ । येशूको उदाहरण हेरेर ऊ पानीमा मात्र डुब्न खोज्छ तर ऊ पानीमा डुबेर भिजेको (रुझेको) पापी (विश्वास नभई, परिवर्तन नभइ र नयाँ हृदय नपाई) को रुपमा पनि निस्कन सक्छ । बप्तिस्माले नयाँ व्यक्ति बनाउदैनन् । नत यसले परिवर्तन अथवा पुनरुत्थान नै गर्न सक्छ । यो त पवित्र आत्माको सहायताले हृदयलाई परिवर्तन गराउने शक्ति हो । त्यसैले जो पनि पवित्र आत्मा र पानीद्वारा जन्मनु पर्छ ।

दोस्रो

बप्तिस्माले मान्छेमा आवश्यक रुपमा राम्रो अनुभव ल्याउने पनि होइन । न त मान्छेको अनुभवमा सुधार ल्याउँछ । केही व्यक्तिहरु निरास हुन्छन् किनकि बप्तिस्मा पश्चात् पनि उनीहरुलाई केही नौलो अनुभव हुदैन । मुक्ति भनेको रामाइलो अनुभव होइन तर विश्वास र आज्ञाकारिता हो ।

तेस्रो

बप्तिस्माले अभिलाषाहरुलाई समाप्त गर्दैन । बप्तिस्मा लिँदैमा सैतानको आक्रमणबाट जोगाउने पनि होइन । तर येशू त विश्वासीहरुको सहयोगी हुनुहुन्छ । तर येशू विश्वासीहरुलाई कुनै रीतिले छोड्नु हुने छैन, म तिमीहरुलाई त्याग्नेछैन । (हिबू १३:५ परमेश्वरले परीक्षाका साथसाथै उम्कने बाटो पनि बनाइदिनु हुनेछ । (कोरिन्थी १०:१३) यो धर्मशास्त्रको प्रतिज्ञा हो ।

चौथो

बप्तिस्माले मुक्ति दिन्छ भनेर केही आश्वासन पनि दिँदैन । यसले कुनै पनि आश्चर्यपूर्ण परिणामा ल्याउने पनि होइन । जब कसैले नयाँ जीवनको अनुभव गर्छ तब मात्र उसले अनन्त जीवन येशू ख्रीष्टको वरदानद्वारा पाउँछ र यदि परिवर्तनले बप्तिस्मालाई जन्म दिएन भने सो उत्सव अर्थहीन हुनेछ ।

१५. तपाइँको पाप मेटिएको प्रतिकको रुपमा येशूले तपाईलाई बप्तिस्मा लिनु भन्नुहुन्छ । तपाइँ यस पवित्र प्रावधानको लागि के तयार हुनुहुन्छ ?

उत्तर ..............................................................................................

## तपाईका सोचाइमा रहेका प्रश्नहरुको उत्तर

१. के एक पटक भन्दा वढि बप्तिस्मा लिनु उचित होला ?

उत्तर लिन मिल्छ, प्रेरित १९:१-५ ले बाइबलले पनि कहिलेकाही स्थितिलाई देखेर दोस्रो पटक पनि बप्तिस्मा लिन हुन्छ भनेर समर्थन गर्दछ ।

२. के बच्चाहरुलाई पनि बप्तिस्मा दिनुपर्छ ?

उत्तर दिन मिल्दैन, जब सम्म उसलाई यी कुराको ज्ञान हुदैन तबसम्म उसले लिन पाउँदैन १) परमेश्वरको सत्य २) परमेश्वरमा विश्वास ३) नयाँ हदय ४) परिवर्तन । कुनै पनि नाबालकलाई यी कुरा जानेका पक्कै पनि हुँदैन । यदि बप्तिस्मा दियौं भने पनि उसले परमेश्वरको आज्ञा विरुद्ध कदम चाल्न सक्छ । कुनै मण्डली सम्प्रदायहरूमा लागेर कोही नराम्रा व्यक्तिहरुले बप्तिस्मा नलिएको बच्चा हराउँछन् भनेर केही भ्रामक समाचार फैलाएका थिए । ( येशूको राज्यमा जानबाट बन्चित) हुन्छन् । तर यो धर्मशास्त्र अनुसार गलत हो । यसले परमेश्वरलाई एक निरकुंश शासक देखाउँदछ , जो निर्दोष भएतापनि मृत्यु भेल्नुपर्‍यो, किनकि एक अकुशल अभिभावकले आफ्नो बच्चालाई बप्तिस्मा दिलाउन सकेनन् । यस्तो शिक्षा एकदमै पिडादायक हो । बच्चामाथि पानी छर्केर त्यसलाई बप्तिस्मा भन्नु पाप हो । आफ्नो अभिभावकको कारण बच्चाहरुले अनन्त जीवन गुमाउनु पर्‍यो भन्ने सोच राख्नु बचन अनुसार अनुचित हो ।

३. बप्तिस्मा लिनु के आफ्नो व्यक्तिगत धारणा होइन र ?

उत्तर हो, तर नत त्यो तपाईंको सोचाईमा भर पर्छ नत मेरो । यो त खीष्टको सोचाईमा भर पर्छ । खीष्ट भन्नुहुन्छ बप्तिस्मा उसकोलागि महत्वपूर्ण छ । कोही पानी र आत्माद्वारा जन्मे भने परमेश्वरको राज्यमा पस्न सक्दैन ” (यूहन्ना३:५) बप्तिस्मा नलिनु भनेको परमेश्वरको आज्ञा तोड्नु हो । (लूका ७:२९,३०)

४. बप्तिस्मा लिनको लागि मानिसको उमेर कति हुनुपर्छ ?

उत्तर उमेर यति होस् कि उसले सत्य र असत्य छुट्याउन सकोस् र उसले बुद्धिमान योजना लिएर परमेश्वरमा भर परेर पछ्याउन सकोस् । धेरै बालकहरु ९ र १० वर्षको उमेरमा बप्तिस्मा लिन

तयार हुन्छन् कोही ७ अथवा ८ वर्षमै तयारी हुन्छन् तर कोही भने १२ अथवा १३ वर्षमा पनि तयार हुँदैनन । बाइबलमा बप्तिस्मा लिनको लागि कुनै उमेर तोकिएको छैन किनकि भिन्न बच्चाहरुको भिन्न अनुभव र सोच्ने, बुझ्ने क्षमता पनि भिन्नै हुन्छ । कोही अरुभन्दा बप्तिस्मा लिन अरुभन्दा अगाडि तयार हुन्छन ।

५. के बप्तिस्मा आफैले हामीलाई बचाउन सक्छ ?

उत्तर बचाउन सक्दैन ! तर बप्तिस्मा, अनन्त जीवन गुमाउनुको कारण बन्न सक्छ । किनकि यसले आज्ञाकारी नभएको झल्काउँछ ( देखाउँछ) अनन्त जीवन तिनीहरुको लागि जसले "परमेश्वरको आज्ञालाई स्वीकार गर्छ " (हिबू ५:९)

६. के पवित्र आत्माद्वारा मात्र बप्तिस्मा गरिए हुदैन ?

उत्तर मिल्दैन ! बाइबलले प्रेरित १०:४४,४८ मा पानीद्वारा बप्तिस्मा लिनु जरुरी छ भनेर देखाएको छ । जब कि पवित्र आत्माको बप्तिस्मा अघि आएता पनि पानीको बप्तिस्मा आवश्यक छ ।

७. येशूको नाममा बप्तिस्मा लिए मात्रै पुग्दैन ?

उत्तर मत्ती २८:१९ मा बप्तिस्मा येशूको नाम, परमेश्वरको नाम र पवित्र आत्मामा लिनु भनिएको छ । यी शब्दहरु येशूका हुन् र हामी यिनलाइ पवित्र ठान्छौं प्रेरितको पुस्तकमा हामीले पाउँछौ कि नयाँ बिश्वासीहरुले येशूको नाममा मात्रै बप्तिस्मा दिइन्थ्यो । यो सोचेर कि येशू ख्रीष्ट नै त्यो समयका सत्य मसीह हुन् । त्यसैले उनीहरुलाई येशूको नाममा मात्रै बप्तिस्मा लिनु निर्णायक बन्थ्यो । आज पनि हामीले यसलाई त्यति नै महत्व दिएका छौँ । मत्तीको पुस्तक र प्रेरितको पुस्तकमा लेखिएको बचनलाई एकसाथ लिईयो भने, हामीले बप्तिस्मा येशूको नाम परमेश्वरको नाम र पवित्र आत्मामा दिनुपर्छ । यसो गर्नाले हामीलाई बचन विरुद्ध जानबाट रोक्छ ।

८. कुनै पाप छ जो म परमेश्वरमा समर्पित गर्न चाहन्न के यस्तो अवस्थामा मैले बप्तिस्मा लिए हुन्छ ?

उत्तर हुँदैन । बप्तिस्माको पानीमा तपाँई डुब्न लायकको हुनुभएको छैनं । किनकि पुरानो पापमय जीवन मरेको छैन । यदि कोही नमरेको व्यक्तिलाई दफन गर्ने हाकिमले उसलाई दफन गरिदियो भने त्यसलाई अपराधको काण्ड लाग्नेछ, त्यसरी नै जसको आफ्नो पुरानो पापमय जीवन समाप्त भएको छैन भने त्यस व्यक्तिलाई बप्तिस्मा दिनु उचित हुदैन ।

९. के तपाईंले गलाती ३:२७ व्याख्या गरिदिनुहुन्छ ?

उत्तर यहाँ परमेश्वरले बप्तिस्मालाई विवाह सँग दाँज्नु भएको छ । जुन व्यक्तिले बप्तिस्मा लिन्छ, त्यसले सार्वजनिक रुपमा येशूलाई ग्रहण गरेको हुन्छ । र जसलाई ख्रिष्टियन नाम पनि दिइन्छ , जसरी उक विवाहित युवतीले आफ्नो पतिको नाम विवाहहरुको समयमा सार्वजनिक रुपले स्वीकार गर्छन । विवाह र बप्तिस्मामा धेरै नियम एकसाथ लागु हुन्छन् जस्तै :

क) यदि सत्य प्रेमले हृदयमा बास गर्दैन भने यी (बिवाह र बप्तिस्मा) समारोह अघि सर्न अनुचित रहन्छ ।

ख) यदि दुःख र सुखमा साथ दिन सक्दैन भने तिनीहरु यस कार्यक्रममा भाग लिन लायक छैनन् ।

ग) बुझेर जानेर र सिकेर मात्रै यी कुराहरुमा हात हाल्नुपर्छ ।

घ) र अन्तिममा बप्तिस्मा कार्यमा धेरै ढिलाई पनि गर्नुहुदैन ।

# संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पृष्ठ सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढ्नुहोस । तल दिइएको प्रश्नहरुको उत्तरहरु अध्ययन पुस्तिकामा पाउन सक्दछौं । ठीक उत्तर भएको वक्समा ठीक लगाउनुहोस । प्रश्नको पुछारमा दिइएको अङ्कले प्रश्नको पूर्णाङ्क बुझाउँछ ।

१. बाइबलले भन्छ, त्यहाँ एक परमेश्वर, एक विश्वास र ......... छन् । (१)

❑ ५ वप्तिस्मा

❑ १२ वप्तिस्मा

❑ एक वप्तिस्मा

२. के येशूले वप्तिस्माको आवश्यकताको वारेमा सिकाउनु भयो ? (१)

❑ भयो

❑ भएन

३. येशूलाई कसरी वप्तिस्मा दिइएको थियो ? (१)

❑ पानी खन्याएर

❑ पानी छर्केर

❑ डुबाएर

४. "वप्तिस्मा लिनु" शब्दको अर्थ के हो ? (१)

❑ खुसी हुनु

- ❑ पानी छर्कनु
- ❑ पानी खन्याउनु
- ❑ डुब्नु

५. आजको धेरै झूठा वप्तिस्माहरु हामीले ................वाट पाएका थिथौ । (१)

- ❑ खीष्ट
- ❑ धर्मप्रचारक
- ❑ भ्रममा पारिएका मानिसहरु

६. एक व्यक्तिले वप्तिस्मा लिन गर्नु पर्ने तयारीको कामहरुमा चिन्ह लगाउनुहोस् ? (४)

- ❑ पाँच पटक प्रष्टसंग बाइबल अध्ययन गर्नु ।
- ❑ सत्यतालाई विश्वास गर्नु ।
- ❑ परिवर्तनलाई अनुभव गर्नु ।
- ❑ सिधा दश दिनसम्म प्रार्थना गर्नु
- ❑ ४० दिन सम्म व्रत वस्नु ।
- ❑ परमेश्वरको आवश्यकताहरुको अध्ययन गर्नु
- ❑ पश्चाताप गर्नु र पापलाई त्याग्नु ।

७. वप्तिस्मा ........... को प्रतिक हो । (१)

- ❑ संसारको सृष्टि
- ❑ बाइबल
- ❑ स्वर्ग
- ❑ खीष्टको मृत्यु, वौरी उठाई र पुर्नरुत्थान ।
- ❑ स्वर्गदूतहरु

८. एक नयाँ वप्तिस्मा लिएको इशाई ............ हो । (१)

- ❑ आत्मिक वच्चा
- ❑ आत्मिक वयस्क

९. वप्तिस्मा तब मात्र देऊ जब प्रार्थना, इमान्दारिता र ................को बुझाईमा प्रवेश गर्छ । (१)

- ❑ सार्वजनिक रुपम परिवर्तनलाई स्वीकार गर्छ ।
- ❑ पानीमा रमाउनु भन्दा वढि केही पनि होइन।
- ❑ फेरी नसताइने भनी मासिलाई विश्वस्त गराउँछ ।

१०. के शिशु वप्तिस्मा धर्मशास्त्रमा उल्लेखित छ ? (१)

- ❑ छ

❑ छैन

११. केही बालकहरु अन्य मानिसभन्दा पहिले वप्तिस्मा लिन तयार छन् । (१)

❑ सत्य

❑ असत्य

१२. तलका पदहरु पढ्नुहोस्, र दिइएका वाक्यहरुसंग जोडा मिलाउनुहोस् । (६)

क. वप्तिस्मालाई विवाहसंग दाँजिएको ।

ख. पवित्रआत्माको वप्तिस्मा पर्याप्त नभएको ।

ग. पुनः वप्तिस्मा धर्मशास्त्रले स्वीकृत गरेको ।

घ. येशूको वप्तिस्मा प्रति परमेश्वरको विचार

ङ. परमेश्वरले मानिसको शिक्षालाई स्वीकार गर्नुहुन्न ।

च. वप्तिस्मा अनिवार्य छ ।

उदाहरण

| | |
|---|---|
| ग. मत्ती ३:१७ | ........प्रेरित १९:१-५ |
| ........ मर्कूस १६:१६ | ........प्रेरित १० :४४-४८ |
| ........गलातीहरु ३:२७ | ....... मत्ती १५:९ |

१३. के वप्तिस्माको तयारी गर्नको लागि धेरै हप्ता वा महिनाहरु लिनु आवश्यक छ ? (१)

❑ छ

❑ छैन

१४. एक मण्डलीको सदस्य नभई के एक व्यक्तिले साँचो वप्तिस्माको अनुभव गर्नसक्छ ? (१)

❑ सक्छ

❑ सक्दैन

१५. म सकेजति छिटो पानीमा डुबेर वप्तिस्मा लिन चाहन्छु । (१)

❑ चाहन्छु

❑ चाहँदैन

# १० मृतकहरु के साच्चै मरेका छन् ?

"मृत्यु" अहिलेको परिस्थितिमा एक भ्रामक विषय बनेको हुन सक्दछ । प्राय धेरै जनाको लागि यसले एक अद्भुत र डरलाग्दो विचार, अनिश्चितता, निराशाको जालो उत्पन्न गराईदिन्छ । अन्य व्यक्तिहरु आफ्ना मृतक प्रियजनहरुको देहान्तमा विश्वास गर्दैन तर यिनीहरु भन्छन्, "उनीहरु हामी सगैँ छन् ।" अझै केही मानिसहरू शरीर, आत्मा र प्राणका सम्बन्धमा भ्रममा छन् । तर के यसले तपाईंको विश्वासमा केही फरक पार्छ ? हो एकदमै फरक पार्छ । किनकि तपाईंले जे विश्वास गर्नुहुन्छ त्यसले अन्त्यको समय पनि त्यही विश्वासका आधारमा तपाँईंलाई न्याय गरिन्छ । सोच्ने समय छैन, त्यसैले यो सहयोगी सानो पुस्तक अध्ययन गर्नुहोस् किनकि यसमा यस विषयमा परमेश्वरका विचार लेखिएका छन् । आफ्ना वास्तविक आखाँ खोल्नको लागि तयार हुनुहोस् ।

१. हामी कसरी यहाँ शुरुमा आयौँ ?

*"तब परमप्रभु परमेश्वरले भुमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकि दिनु भयो र मानिस जीवित प्राणी भयो ।" उत्पति २:७*

उत्तर : परमेश्वरले हामीलाई शुरुमा धूलोबाट बनाउनु भयो ।

२. मानिसको मृत्यु पछि के हुन्छ ?

"जमीनबाट आएको धूलो जमीनमै फर्कन अघि तथा आत्मा दिनु हुने परमेश्वरकहाँ आत्मा जान अघि उहाँको नै सम्झना गर " उपदेशक १२:७

उत्तर : शरीर फेरि धुलोसँग मिश्रित हुन्छ र परमेश्वरकहाँ फर्कन्छ जसद्वारा यो दिइएको थियो । मृत्यृ पछि हरेक आत्मा परमेश्वरकहाँ फर्कन्छ चाहे त्यो मानिस धर्मी होस् वा पापी होस् ।

३. मृत्युको समयमा परमेश्वरमा फर्कने "आत्मा" भनेको के हो ?

"जसरी शरीर आत्मा देखि अलग हुँदा मरेको हुन्छ, त्यसै गरी विश्वास पनि कामहरुदेखि अलग हुँदा मरेको हुन्छ" (याकुब २:२६) "मेरो शरीरको प्राण रहुन्जेल, र परमेश्वरको सास मेरो नाकमा रहुन्जेल" अययूब २७:३

उत्तर : परमेश्वरमा फर्कने आत्मा, जीवनको सास हो । "आत्मा" को जीवनमा, विवेक अथवा अनुभव हुन्छ भनेर परमेश्वरको पुस्तकमा

कहीँ पनि लेखिएको छैन । यो "जीवनको सास" हो र अरु केही पनि होइन ।

४. "प्राण " भनेको के हो ?

" तब परमप्रभु परमेश्वरले भुमिको माटोबाट मानिस बनाउनुभयो र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो र मानिस जीवित प्राणी भयो ।" उत्पति २:७

उत्तर : प्राण जीवित वस्तु हो । प्राण सधैं दुई वटा वस्तुहरुको मिश्रण हो शरीर र सास । शरीर र सासको मिश्रण छैन भने प्राण जीवित हुँदैन । हामीहरु प्राण हौं भनेर परमेश्वरको वचनले सिकाउँदछ ।

५. के प्राणहरु मर्दछन् ?

"त्यो प्राण जसले पाप गर्छ त्यही मर्छ "
इजकिएल १८:२० । "सवै जीवित प्राणीहरु समुन्द्रमा मरे "
प्रकाश १६:३

उत्तर : परमेश्वरको वचन अनुसार प्राणको मुत्यु हुन्छ । हामीहरु प्राणी हौ र यसको मुत्यु हुन्छ । मानिस मरणशील प्राणी हो (अत्यूब ४:१७) । परमेश्वर मात्र अमर हुनुहुन्छ ( १ तियोथी ६:१५,१६) । नमर्ने र अमर आत्मा बाइबलको शिक्षा विरुद्ध हो, किनकि प्राण मृत्यूको लागि हो भनेर हामीलाई बाइबलले सिकाउँछ ।

६. के असल व्यक्ति मृत्यु पश्चात लगत्तै स्वर्ग जान्छन् ?

*"चिहानमा हुनेहरु सबैले उनको स्वर सुन्नेछन् , र बाहिर निस्किआउनेछन् : "सुकर्म गर्नेहरु जीवनको पुनरुत्थानको निम्ति" युहन्ना ५:२८,२९ ।"दाउदको विषयमा म तपाईँहरुलाई निश्चयसाथ भन्न सक्छु , कि उनी मरे र गाडिइए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ ...किनकि दाउद त स्वर्गमा चढेनन् , तर उनी आफै भन्दछन् " प्रेरित २:२१-३४ "यदि मैले आशा गरेको घर चिहान हो भने,"अयूब १७:१३*

उत्तर : जाँदैन, मानिसहरु मृत्यृ पश्चात् स्वर्ग अथवा नर्कमा जाँदैनन तर तिनीहरु चिहानमा जान्छन् र आफ्नो पुनरुत्थानको घडीलाई पर्खन्छन् ।

७. मृत्यु पश्चात कोहीले कति ज्ञान पाउँछ वा वुझ्दछ ?

*"किनभने हामीहरु मर्नेछौं भनी जीवितहरुले जान्दछन् तर मरेकाहरुले त केही थाहा पाउँदैनन् । तिनीहरुको सम्झना पनि लोप भएका हुन्छन् । सूर्यमुनि गरिएको कुनै काममा तिनीहरुको फेरि कहिल्यै माग हुँदैन । तिम्रो हातमा जे काम छ त्यो आफ्नो पूरा शक्तिले गर, किनभने चिहानमा जहाँ तिमी जान्छौ, त्यहाँ नता केही*

*गर्न सक्छ, न योजना गर्न, न ज्ञान, न बुद्धि नै हुन्छ ।" उपदेशक ९:५,६,१० "मृत लोकमा जानेहरुले उहाँको प्रंशसा गर्दैनन्" भजनसंग्रह ११५:१७ ।*

उत्तर : परमेश्वर भन्नुहुन्छ, "मृतकहरुलाई केही कुरोको जानकारी हुदैन ।"

८. तर के मृतकहरुले जीवितहरुसँग सम्पर्क राख्न सक्दैनन् र के मृतकलाई जीवित मानिसको कृयाकलापको वारेमा ज्ञान हुदैन ?

*"त्यसरी नै मरणशील मानिस ढल्छ, र कहिल्यै उठ्दैन, जवसम्म आकाशहरु मेटिंदैनन्, मानिसहरु ब्यूँझ्नेछैनन् अथवा आफ्ना निन्द्राबाट फेरी कहिल्यै उठनेछैनन् । त्यसका छोराहरु धन पाएर आदरणीय बनेतापनि, त्यसले चाँहि त्यो थाहा पाउनेछैन, तिनीहरु होच्याइए भने पनि त्यसलाई त्यो थाहा हुनेछैन । अयूब १४:१२,२१ "सूर्यमुनि गरिएको कुनै काममा तिनीहरुको फेरि कहिल्यै भाग हुँदैन" उपदेशक ९:६ ।*

उत्तर : हुँदैन । मृतकले जीवितहरु सँग सर्म्पक राख्न सक्दैन, नत तिनीहरुलाई जीवित मानिसको बारेमा जानकारी नै हुन्छ । उनीहरु त मरिसके । उनीहरुका विचार पनि बिलाए । (भजनसंग्रह १४६:४)

९. यूहन्ना ११:११,१४ मा येशूले मृत्युको अचेत अवस्थालाई "निन्द्रा" भन्नुभएको छ । तिनीहरु कहिले सम्म सुत्नेछन् ?

*"त्यसरी नै मरणशील मानिस ढल्छ र कहिल्यै उठ्दैन जबसम्म आकाशहरु मेटिंदैनन्" अययूव १४:१२ "तर प्रभुको दिन त चोर जस्तै गरी झट्टै आउनेछ आकाश र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्" २ पत्रुस ३:१०*

उत्तर: जबसम्म परमेश्वरको दोस्रो आगमनको महान् दिन आउँदैन तब सम्म मृतकहरु गहिरो निन्द्रामा सुतिरहनेछन् । मृत्युमा मानिसहरु बेहोशी अवस्थामा हुन्छन् र उनीहरुलाई केही कुराको ज्ञान हुँदैन ।

१०. परमेश्वरको दोस्रो आगमनमा मृतक धर्मीहरुको के अवस्था हुनेछ ?

*"हेर म चाँडै आउँदैछु । हरेक मानिसलाई उसले गरे अनुसार दिने प्रतिफल मसँग छ । "प्रकाश २२:१२ "किनकी प्रभु स्वयम् हुकुमको गर्जनसित आउनुहुनेछ, प्रधान स्वर्गदूतको गर्जनसित प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको स्वरसित स्वर्गबाट ओर्लनुहुनेछ , ... तिनीहरुका साथसाथै बादलमा उठाई लगिनेछन् र यसरी हामी सधैं प्रभुसँग रहनेछौं । १ थेसलोनिकी ४:१६,१७ "हेर म तिमीहरुलाई एउटा रहस्य भन्दछु । .. किनकी यस विनाशी स्वभावले अविनाशी र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ" १ कोरिन्थी १५:५१,५२,५३*

उत्तर : उनीहरु पुरस्कृत गरिनेछन् । उनीहरु बौरी उठ्नेछन्, अमरणशील शरीर दिइनेछ र तिनीहरुले परमेश्वरलाई हावामा भेट्नेछन् । यदि मृतकलाई स्वर्गमा लगियो भने पुनरूत्थानको केही पनि अर्थ रहँदैन ।

११. यस संसारमा शैतानको सबैभन्दा पहिलो झुठ के थियो ?

*"सर्पले स्त्रीलाई भन्यो, तिमीहरु मर्दैनौ" उत्पति ३:४ "त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियावलस वा शैतान हो" प्रकाश १२:९*

उत्तर: पापले मृत्यु ल्याउदैन भनेर शैतानले हावालाई भनेको थियो । "तिमीहरु मर्दैनौ" उसले भन्यो ।

१२. किन शैतानले हव्वासंग मृत्युको बारेमा झूठ वोल्यो ? के यो विषय धेरै मानिसले सोचे भन्दा धेरै महत्वपूर्ण हुनसक्थ्यो ?

उत्तर : यो शैतानको राज्यको एक महत्वपूर्ण कोसे ढुङ्गा हो ।शैतानले वर्षौं देखि अनौठा र चमत्कारी काम गर्दै आइरहेको छ जसले मृतकको आत्मावाट शक्ति पाउने कुराको दावी गर्दछन् (उदाहरणका लागि : मिश्र देशको जादुगर (प्रस्थान ७:११), एनदोरकी महिला (१ शमुएल २८:३-२५) जादूगर (दानियल २:२) कुनै कन्या (प्रेरित १६:१६-१८) एउटा गम्भीर चेतावनी अन्तको दिनमा शैतानले फेरि आफ्नो तन्त्रमन्त्र, तुनामुनाको प्रयोग गर्ने छ - जसरी उसले दानियलको दिनमा गरेको थियो । किनकी संसारलाई आफ्नो नियन्त्रणमा ल्याउनको लागि (प्रकाश १८:२३) बोक्सी - विद्या एक अलौकिक तत्व हो जसले अफ्नो शक्ति र वुद्धि मरेको मान्छेको आत्माबाट पाएको दाबी गर्दछन् । येशूको चेलाको रुपमा प्रस्तुत हुनु परमेश्वरको अनुग्रह पाएका मृतकहरु मृत्यु पछि धर्मशासकको रुपमा रहनेछन्, बाइबलका अगमवक्ता अथवा प्रेरित अथवा ख्रीष्टको चेलाको रुपमा (२ कोरिन्थी ११:१३), आएर सैतान र उसको दूर्तहरुले लाखौलाई ठग्नेछन् । मरेकाहरु अरू नै कुनै रुपमा जीवित छन् भनेर विश्वास गर्नेहरु झनै नराम्ररी ठगिन्छन् ।

१३. के दियाबलशले चमत्कारी काम गर्छ ?

*"तिनीहरु चमत्कार देखाउने दुष्टात्माहरु हुन् । प्रकाश १६:१४" किनकी झूठा ख्रीष्टहरु र झूठा अगमवक्ताहरु खडा हुनेछन् र हुन सके चुनिएकाहरुलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरु र आश्चर्यका कामहरु देखाउनेछन् । मत्ती २४:२४*

उत्तर : हो, अझ शैतानले हामीहरुलाई आफ्नो बसमा ल्याउन (झूठो जालमा फसाउन) ठल्ठूला चमत्कार गर्न सक्छ (उत्पति १३:१३,१४) शैतान र

उसका दूतहरु स्वर्गदूतका प्रकाश बनेर पनि उत्पन्न हुन सक्छन् (२ कोरिन्थी ११:१४) र सबैभन्दा अनौठो कुरा यो हो कि उनीहरु कहिलेकाहीँ येशू पनि बनेर हाम्रा सामू प्रकट हुन सक्छन् (मति २४:२३,२४) ख्रीष्ट र उहाँका स्वर्गदूतले संसारलाई एक अनौठो आत्मिकजागरणमा लैजाँदै हुनुहुन्छ भन्ने संसारिक सोचाई हुनेछ । यी सबै क्रियाकलापहरु यति आत्मिकी र अलौकिक हुने छन् कि परमेश्वरले चुनेका व्यक्तिहरु मात्रै यो झूठो शिक्षामा फस्नेछैनन् ।

१४. किन परमेश्वरका जनहरु ठगिनेछैनन ?

*"तिमीहरूले वचनलाई साँच्चो हृदय र दिमागले स्वीकार गर्‍यौ र ती कुराहरू साँच्चो छन् भनी दिनहुँ धर्मशास्त्रहरूबाट खोज गर्‍यौ ।" प्रेरित १७:११ "व्यवस्था र गवाही कहाँ जाओ । यदि तिनीहरु यस वचनअनुसार बोलेनन् भने तिनीहरुसित विहानको मिर्मिरे उज्यालो पनि छैन । यशैया ८:२०*

उत्तर : परमेश्वरका जनहरुले बाइवलको अध्ययनबाट मृतक मरिसकेका छन् तर जीवितै छैन्न् भनी जान्नेछन् । ती मृतकहरूका आत्मा जीवित छैनन्। त्यसैले परमेश्वरका जनहरुले झूठो शिक्षा, भुत, प्रेत दुष्ट आत्मा र मृतकको आत्मामा बिश्वास गर्दैनन् । त्यसरी नै धर्मी जनहरुले खतरनाक र झूठो शिक्षा जसले मृतकहरु जिउँदा छन् भनेर सिकाउँछ तिनीहरुको घोर प्रतिकार गर्छन ।

१५. मोशाको पालामा मृतकहरु जीवित छन् भन्ने बारेमा शिक्षा दिनेलाई के गर्न परमेश्वरले के आज्ञा दिनु भएको थियो?

*"तिमीहरु मध्ये कुनै पुरुष वा स्त्रीले झाँक्री, बोक्सी वा जादु मन्त्रको काम गर्‍यो भने त्यो मारिनैपर्छ । तिनीहरुलाई ढुङ्गाले हानेर मार्नु । तिनीहरुको अपराध तिनीहरुकै शिरमा परोस् ।" लेवी २०:२७*

उत्तर : जसले भुत, प्रेत दुष्ट आत्माको साथ खेल्छ तिनीहरुलाई ढुङ्गा हानेर मार्नु भनेर परमेश्वरले आदेश दिनुभएको छ । यसले झूठो शिक्षा विरुद्ध परमेश्वरको व्यवहार देखाउँछ ।

१६. के पुनरुत्थान पछि चिहानबाट निस्केका मानिसको फेरि मृत्यु हुनेछ ?

*"तर त्यस युगसम्म पुग्न योग्य ठहरिनेहरुले र मृतकबाट जीवित भई उठ्न योग्य हुनेहरुले न विवाह गर्छन न विवाह गरिदिन्छन् । लूका २०:३५ "उहाँले तिनीहरुका आँखाको आँशु पूर्ण रुपले पुछिदिनुहुनेछ र फेरि मृत्यु नै हुनेछैन र शोक र पीडा पनि हुनेछैन । किनकी पहिलेका कुराहरु वितिसकेका छन् । " प्रकाश २१:४*

उत्तर: होइन । मृत्यु , दुःख, पिडा र समस्या परमेश्वरको राज्यमा छिर्नेछैनन् ।

१७. पुनर्जन्ममा आस्था राख्नेको संख्या आज संसार भर फैलिँदैछ । के यो बाइबल सम्वन्धित शिक्षा हो ?

*"किनभने हामीहरु मर्नेछौं भनी जीवितहरुले जान्दछन् ... तिनीहरुको फेरी कहिल्यै भाग हुँदैन ।" उपदेशक ९:५,६*

उत्तर : संसारका आधी जनसङ्ख्याले पुनर्जन्ममा बिश्वास गर्छन - त्यो शिक्षा जसले आत्मा कहिले पनि मर्दैन भनेर सिकाउँछ । र अगाडि भन्छ मृतकको आत्माले अरु अन्य प्राणीमा पुनर्जन्म वा अवतार लिन्छ र यो प्रक्रिया जारी रहन्छ र यो एक युग देखि अर्को युग सम्म घुमिरहन्छ । तर यो शिक्षालाई बाइबलले प्रतिकार गर्छ ।

बाइबलले भन्छ मरेपछि मृतकको शरीर धूलोमा मिसिन्छ ( भजनसंग्रह १०९:२९) उसलाई केही थाहा हुदैन (उपदेशक ९:५) मानसिक शक्ति रहदैन (भजनसंग्रह १४६:४) संसार देखि उनीहरुको केही पनि सम्बन्ध रहँदैन (२ राजाहरु २०:१), चिहान पर्खिरहेका हुन्छन् (अयूव १७:१३) र उनीहरुले आफ्नो जीवनलाई निरन्तरता दिन सक्दैनन् । (ययूब १४:१२) सैतानको आविष्कार मृतकहरु जिवित रहन्छन् भनेर शैतानको आवाज हो । पुनर्जन्म, आत्मा सँगको सम्पर्क आत्माको पूजा र भुतहरू "अमर आत्मा" यी सबै शैतानको बनावटी आविष्कार हुन, एउटै लक्ष्य - मान्छेहरुलाई आकर्षित गर्न कि मान्छे मरेपछि सदाको लागि मर्दैन । जब मान्छेहरु विश्वास गर्छन, मृतक जीवित रहन्छन् तब "शैतान दुष्ट आत्मा" ले काम गर्न शुरु गर्छ र तिनीहरुले चमत्कारी काम गरेर देखाउँछन् (प्रकाश १६:१४) तर यो शैतानको चाल हो । हामीहरुलाई भ्रममा पारेर अधर्मी बनाउने शैतानको काम हो (मति २४:२४)

१८. के तपाईं बाइबल प्रति कृतज्ञ हुनुहुन्छ जसले मृत्यु जस्तो महत्वपूर्ण विषयमा जानकारी दिन्छ ?

तपाईंको उत्तर ...................................................................

## तपाईंका विचारमा रहेका प्रश्नहरुको उत्तर

१. के क्रुसमा रहेका चोर येशू सँगै आफू मरेको दिनमा स्वर्ग गएनन् ?

उत्तर : गएन, वास्तवमा आइतबारको बिहान येशूले मरियमलाई भन्नभयो "म अहिलेसम्म पिताकहाँ गएको छैन ।" (यूहन्ना २०:१७) । यो पदले येशूको मृत्यु भएलगतै स्वर्ग गइसक्नु भएको थिएन भनेर जानकारी दिन्छ । बाइबलमा भएको विराम चिन्हमा पनि ख्याल गर्नुपर्छ

किनकी यो मान्छेद्वारा लेखिएको हो । लूका २३:४३ कमा (,) अथवा अर्धविराम "आजको दिन" पछि प्रयोग गरिनु पर्ने थियो । त्यसैले पद यसरी पढिनु पर्छ "साँच्चै म तिमीलाई आजै भन्दछु , तिमी मसित स्वर्गलोकमा हुनेछौं " अथवा "म आज तिमीहरूलाई भन्दै छु, यदि म आफू एक अपराधीको रूपमा क्रुसमा भएकै कारणले कसैलाई पनि बचाउँन नसक्ने देखिएमा, म आज तिमीहरूलाई विश्वास दिलाउँछु, तिमीहरू मसँग स्वर्गमा हुनेछौ ।" ख्रीष्टको राज्य उहाँको दोस्रो आगमनमा बनेको छ । (मत्ती २५:३१) । र त्यस समय हरेक युगका धर्मीजनहरू यसमा प्रवेश गर्नेछन् (१ थेसलोनिकी ४:१५-१७) तर मृत्युको समयमा होइन ।

२. के बाइबलले अमरणशील प्राणको बारेमा केही भन्दैन ?

उत्तर : भन्दैन, बाइबलले कहीँ पनि अमरणशील प्राणको बारेमा उल्लेख गरेको छैन । शब्द "अमरणशील बाइबलमा एकपटक मात्रै पाइन्छ, यो पनि परमेश्वरलाई जनाउँछ । तिमोथी १:१७

३. मृत्यु पछि शरीर धूलोमा परिवर्तन हुन्छ र आत्मा (अथवा) जीवनको सास) परमेश्वरमा फर्किन्छ । तर प्राण कहाँ जान्छ ?

उत्तर : यो कहिँ पनि जाँदैन । यो त्यतिकै विलिन हुन्छ । प्राणको निर्माण हुनको लागि दुई चीजको मिश्रण हुनु जरुरी छ, ती हुन : शरीर र जीवनको सास । जब जीवनको सास छुट्टिन्छ प्राण हराउँछ किनकि यो दुई चीजको मिश्रण हो । जब तपाईंले बत्ती निभाउनुहुन्छ (अथवा विद्युत प्रवाह रोक्किन्छ) तब प्रकाश कहाँ जान्छ ? यो कहिँ पनि जाँदैन । यो आफु आफैमा हराउँछ । प्रकाश अथवा बत्ती हुन दुई चीजको आवश्यकता पर्छ बल्ब र करेन्ट । लाईटको मिश्रण बिना बत्ती बाल्न असम्भव छ । त्यसैले प्राणसँगै जबसम्म शरीर र जीवनको सास एकसाथ हुँदैन, त्यहाँ प्राण रहँदैन । शरीरबाट अलग रहेको प्राण कहिले पनि रहँदैन ।

४. तर शब्द "प्राणले" कहिले पनि जीवित प्राणी वाहेक अरु केही कुरा जनाउँछ ?

उत्तर : हो, प्राण भनेको १) जीवन अथवा २) दिमाग अथवा बुद्धिलाई पनि जनाउँदछ । यसले जे अर्थ लगाएता पनि प्राण भनेको अझै दुई बस्तुको मिश्रण हो (शरीर र जीवनको सास), र यो मृत्यु पछि हराउँछ ।

५. के तपाईंले मलाई यूहन्ना ११:२६ व्याख्या गरिदिनुहुन्छ जसले भन्छ "अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन ।"

उत्तर : यो पदले पहिलो मृत्युको बारेमा भनेको होइन, जो सबै मान्छेको मृत्यु हुन्छ (हिब्रु ९:२७) तर दोस्रो मृत्यु जसमा अधर्मी र पापी मात्रै मर्नेछन् पुनरुत्थान हुनेछैन (प्रकाश २:११,२१:८)

६. मत्ती १०:२८ ले भन्छ "तिनीहरुसँगै नडराओ जसले शरीरलाई मार्छन, तर आत्मालाई मार्न सक्दैनन् ।" तर के यो पदले आत्मा अमरणशील छ भनेर भन्दैन ?

उत्तर : होइन, यसले त त्यसको उल्टो अर्थ बताउँछ । यो पदको अन्तिम आधी भागले आत्माको मृत्यु हुन्छ भनेर जनाउँछ। यसले भन्छ " तर डराओ जसले नर्कमा आत्मा र शरीरको नाश गरिदिन सक्छ । शब्द "आत्मा" यहाँ भनेको जीवन हो र यसले अन्नत जीवनलाई तोक्छ, जुनचाहि उपहार हो (रोमी ६:२३) यो धर्मीहरुलाई अन्त्यको दिनमा दिइनेछ (यूहन्ना ६:५४) परमेश्वरले दिनुभएको अनन्त जीवन हामीबाट कसैले पनि खोस्न सक्दैन (लूका १२:४५)

७. तर के पत्रुस ४:६ भन्दैन "मृतकहरुलाई पनि सुसमाचार सुनाइयो ?"

उत्तर : होइन । यसले भन्छ सुसमाचार "सुनाइयो" जो "मरिसके" तिनीहरुको अहिले मृत्यु भइसक्यो तर सुसमाचार उनीहरुको जीवनकालमा उनीहरूलाई सुनाईएको थियो ।

८. त्यो आत्माको के हुन्छ जो वेदीमुन्तिर बाट कराउँछ (प्रकाश ६:९,१०) तर के यो पदले आत्मा अमरणशील भएको वताउँदैन ?

उत्तर : हो, यो चिच्याहट अलङ्कारिक थियो, जस्तै हाविलको मृत्युको थियो (उत्पति ४:१०) । शब्द "आत्मा" भनेको त्यो मान्छे (अथवा जीवित प्राणी) हो जसलाई आफ्नो बिश्वासका लागि मारिएको थियो । आत्मा मरेपछि बेदीको मुनि बस्छ भनेर कसैले पनि बिश्वास गर्दैनन् न त धर्मीहरुले परमेश्वरलाई प्रार्थना गरेर आफ्ना शत्रुलाई नाश गर भनेर भन्छन् । तर धर्मीहरुले आफ्ना शत्रुहरुलाई दया, माया देखाउन भनेर परमेश्वर सँगै विन्ती गर्छन, जसरी येशूले क्रुसमा गर्नुभएको थियो । (लूका २५:२४)

९. आफ्नो क्रूस र पुनरुत्थानको बारेमा के परमेश्वर नर्कमा गएर पापीहरुलाई सुसमाचार सुनाउनु भएको थिएन र के यो बाईबलले भन्दैन ?

उत्तर : होइन, बाइबलको पदको प्रश्न (१ पत्रुस ३:१८,२०) सुसमाचार फैलाउने काम आत्माहरुको थियो (पद १८) नोआको समयमा ती व्यक्तिका लागि जुन बाचेका थिए (पद १९,२०) "प्राणको कैदी" भनेर ती व्यक्तिहरुलाई जनाउँछ जसलाई शैतानले आफ्नो अधीनमा राखेको छ । (भजनसंग्रह १४२:७, यशैया ४२:६,७,६१:१, लूका ४:१८)

# संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पृष्ठ सक्नुभन्दा अगाडी, यस अध्ययन पुस्तिका पढ्नुहोस । तल दिइएको प्रश्नहरुको उत्तरहरु यस अध्ययन पुस्तिकामा पाउन सक्दछौं । ठीक उत्तर भएको वक्समा ठीक लगाउनुहोस । प्रश्नको पुछारमा दिइएको अङ्कले प्रश्नको पूर्णाङ्क बुझाउँछ ।

१. मृत्यु सम्वन्धमा बाइबले भन्छ यो ..... (१)

- ❑ एक निन्द्रा हो ।
- ❑ जीवनको विभिन्न स्वरुपमा परिवर्तन हुनु हो ।
- ❑ एक अवोध रहस्य ।

२. मृत्यु पछि परमेश्वर कहाँ फर्किने "आत्मा" के हो (१)

- ❑ एक व्यक्तिको साँचो अन्तस्करण हो ।
- ❑ प्राण हो ।
- ❑ जीवनको सास हो ।

३. कोही व्यक्ति, मृत्यु पछि ...............पुग्छ (१)

- ❑ स्वर्ग वा नर्कमा ।
- ☐ चिहानमा
- ☐ शुद्ध गरिने स्थानमा

४. एक आत्मा ........ हो । (१)

- ❑ एक व्यक्तिको अत्मिक स्वभाव
- ❑ मानिसको अमर भाग
- ❑ प्राणी

५. के आत्मा मर्छ ? (१)

- ❑ मर्छ
- ❑ मर्दैन

६. धर्मीहरु कहिले पुरस्कृत हुनेछन् ? (१)

- ❑ उसको जीवनमा
- ❑ मृत्युमा
- ❑ ख्रीष्टको दोस्रो आगमनमा

७. मृतकहरु मरेका छैनन् भनेर शैतानले मानिसहरुलाई किन झुक्याउन खोज्छ ? (१)

- ❑ ताकि उनीहरु उसको चमत्कारमा विश्वास गरून र ठगिउन् र नष्ट होऊन भनेर ।
- ❑ किनकि ऊ दु:खीत छ ।

८. व्यक्ति जो मरेकाहरुसंग “सम्पर्क” गर्छन्, ऊ वास्तवमा ..........संग कुरा गरिरहेका हुन्छन् । (१)

- ❑ अमर आत्माहरु
- ❑ पवित्र स्वर्गदूतहरु
- ❑ मृत्यु जस्तै दुष्ट आत्माहरु

९. मोशाको दिनमा मरेकाहरू जीउनेछन् भनी सिकाउनेलाई परमेश्वरले आज्ञा दिनुभएको छ । (१)

- ❑ पुजारी वनाइनेछन् ।
- ❑ उनीहरुको वुद्धिमत्ताका कारण सम्मानित हुनेछन् ।

मारिनेछन् ।

१०. कसरी एक व्यक्ति ऊ सुरक्षित र सही छ भनी कसरी निश्चित हुन सक्छ ? (१)

- ❑ परमेश्वरसंग स्वर्गवाट एक विशेष संकेत मागेर ।
- ❑ प्रचारक वा अगुवाले भनेको गरेर ।
- ❑ प्रार्थनासहित र ध्यानसित बाइबल अध्ययन गरेर र त्यसलाई पछ्याएर ।

११. जब एक व्यक्तिको मृत्यु हुन्छ अनि के हुन्छ (१)

- ❑ उसको आत्मा वा प्राण जीवितै रहन्छ ।
- ❑ ऊ जीउँदाहरुलाई देख्न सक्छ र उनीहरुसंग सम्पर्क गर्नसक्छन् ।
- ❑ ऊ हरेक पक्षवाट मर्छ, शरीर मर्छ, आत्माको अस्तित्व हराउँछ र जीउँदाहरुसंग सम्पर्क सम्भव हुँदैन ।

१२. कुनै कुरा परमेश्वरको हो भनी आश्चर्यकर्महरु प्रमाण हुन् ?

- ❑ हो । परमेश्वरले मात्र आश्चर्यको काम गर्न सक्नुहुन्छ ।
- ❑ होइन । सैतानले पनि ठूल्ठूला आश्चर्यकर्महरु गर्छन ।

१३. म बाइबल प्रति आभारी छु, जसले मलाई यो संवेदनशिल विषयको वारेमा सत्यता भन्दछ ? १ ।

- ❑ हो ।
- ❑ होइन ।

# ११ के सैतान नर्कको जिम्मावाल हो ?

ठिकै छ, के सैतान परमेश्वरको खतरामा छ ? आफ्नो न्यायमुनि राख्नुहुन्छ ? के त्यो नै नर्कको मुख्य मालिक हो जसले हराएकाहरुलाई दण्ड दिँन्छ ? झण्डै सारा संसारका मानिसहरु नर्क सम्बन्धि बाईबल बाहिर रहेर आ-आफ्ना तर्क राख्दछन् र तपाईलाई यो जान्न जरुरी हुन्छ कि बाईबलले यस सम्बन्धमा के भन्दछ । भ्रममा नपर्नुहोस, किनकि नर्कबारे तपाई जे सोच्नु हुन्छ त्यसले प्रत्यक्ष रुपमा परमेश्वरको चरित्रलाई देखाउँदछ । आजको समयमा जान्नै पर्ने केही आवश्यक कुराहरू जान्नको निम्ति केही समय छुट्याउनुहोस् ।

१. आज नर्कमा बहकिएका कति प्राणीहरुले सजाय पाउँदैछन् ? "यसरी भक्तलाई परिक्षाबाट बचाउन र भक्तिहीनहरुलाई न्यायको दिनसम्म दण्डमा जकडिराख्न प्रभु चाहनु हुन्छ।" २ पत्रुस २:९

**उत्तर :** एउटा पनि प्राणी नर्ककुण्डमा आज छैन । परमेश्वरले न्यायको दिनसम्मका लागि अर्धमीहरुलाई दण्डको लागि साँची राख्नुभएको छ भनी बाइबलले भन्दछ ।

२. अधर्मीहरु कहिले नर्ककुण्डमा फ्यालिन्छन् ?

*"युगको अन्त्यमा पनि त्यस्तै हुनेछ, मानिसको पुत्रले आफ्ना दूतहरु पठाउने छ, ती सबैलाई तिनको राज्यबाट बटुल्नेछन् र आगोको भट्टीमा फ्यालिदिनेछन् ।" मत्ती १३:४०-४२ "जो वचन मैले बोलेँ त्यसैले अन्त्यको दिनमा त्यसको न्याय गर्नेछ ।" युहन्ना १२:४८ जब मान्छे मर्छ तब होइन ।*

**उत्तर :** संसारको अन्तिम न्यायको दिनमा अधर्मीहरुलाई आगोको भट्टीमा फ्यालिनेछ तर तिनीहरू मरेपछि होइन । परमेश्वरले तब सम्म मान्छेलाई आगोको भट्टीमा फ्याल्नु हुन्न जबसम्म उसको मुद्दाको न्यायको दिनमा छिनो-फानो हुँदैन । परमेश्वरले ५००० वर्ष अघि मरेको हत्यारालाई पनि जलाउनुहुन्न । ५००० वर्ष अघिको हत्याराले र आजको हत्याराले एउटै दण्ड पाउँछ । आज होइन तर संसारको अन्तमा हरेक पापीलाई अग्निकुण्डमा हालिन्छ।

३. पापीहरु (मृत्यु भइसकेका) अहिले कहाँ छन् ?

*"किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरु सबैले*

*उहाँको स्वर सुन्ने छन् र बाहिर निस्किआउनेछन् । सुकर्म गर्नेहरु जिवनको पुनरुत्थानको निम्ति र कुकर्म गर्नेहरु चाहि दण्डाज्ञाको पुनरुत्थानका निम्ति" । युहन्ना- ५:२८:२९ "र क्रोधको दिन अघि नै त्यो सुरक्षित स्थानमा सारिन्छ, त्यो चिहानमा जलिन्छ, त्यसको चिहानमा पहरा राखिन्छ।" अयुब- ५:३०,३२*

**उत्तर :** मरेका धर्मी अनि अधर्मी दुबै चिहानमा पुनरुत्थानको दिन सम्मका लागि सुतिरहेका छन् भनी बाईबलले स्पष्ट गर्दछ ।

४. पापको अन्तिम परिणाम के हो ?

*"किनकी पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सितैको बरदान ख्रीष्ट येशु हाम्रा प्रभुमा अनन्त जीवन हो ।" रोमी ६:२३ । "अनि पाप पुरै बढेपछि त्यसले मृत्यु ल्याउँछ ।" याकुव १:१५ ।"परमेश्वरले आफ्ना एकमात्र पुत्र दिनुभयो ताकि उहाँ माथि विश्वास गर्ने कोही नास नहोस तर त्यसले अनन्त जीवन पाओस" युहन्ना ३:१६*

**उत्तर :** पापको ज्याला मृत्यु हो, अग्निकुण्डमा अनन्त जीवन होइन । पापी मर्नुपर्छ अथवा त्यसले दण्ड पाउँछ तर धर्मीले चाहीँ अनन्त जीवन प्राप्त गर्दछ ।

५. अग्निकुण्डमा पापीलाई के हुनेछ ?

*"तर डरपोकहरु, अविश्वासीहरु, घिनलाग्दा भएकाहरु, हत्याराहरु, व्यभिचारीहरु, जादुगरहरु, मूर्तिपुजकहरु र झुटा बोल्नेहरु, सबैको हिस्सा आगो र गन्धक दम्कने कुण्डमा हुनेछ । यो दोस्रो मृत्यु हो ।" प्रकाश २१:८*

**उत्तर :** पापीहरुको दोस्रो मृत्यु अग्निकुण्डमा हुन्छ । यदि पापीहरु सदाभर अग्निकुण्डमा दण्ड भोगी बस्ने हुन् भने त ती अमर हुने थिए । यो असम्भव हो किनभने बाईबलले भन्दछ " परमेश्वर मात्र अमर हुनुहुन्छ ।" तिमोथी-६:१६ "जब आदनको बगैंचाबाट आदम र हब्बालाई बाहिर निकालियो तब स्वर्गदूतहरुलाई त्यस बगैंचामा रहेको जीवनको रुखलाई पहरा गर्न खटाइएको थियो ताकि पापीले त्यस रुखको फल खाई अनन्त जीवन नबाँचोस्।" उत्पती ३:२२-२४ पापीहरु नर्कमा अमर हुन्छन भन्ने शिक्षा सैतानद्वारा उत्पन्न भएको हो र त्यो सरासर असत्य हो । परमेश्वरले जीवनको रूखलाई पहरा दिनुभएर त्यस कुरालाई रोक्नुभयो जब पृथ्वीमा पापको प्रवेश भयो । बाईबलले भन्दछ "अधर्मीहरु मर्छन्" रोमी ६:२३, । "ती नासिन्छन्" अयूव २१:२० "तीनको अन्त्य हुन्छ" भजनसंग्रह ३७:२०, "ती

जल्नेछन्" मलाकी ४:१, "ती सबै एकसाथ नासिन्छन्" भजनसंग्रह ३७:३८, "ती भष्म हुनेछन्" भजनसंग्रह ३७:२०,"ती त्यागिनेछन्" भजनसंग्रह ३७:९, "ती मारिनेछन्" भजनसंग्रह ६२:३, "परमेश्वरले तिनलाई नाश गर्नुहुनेछ" भजनसंग्रह १४५:२० र "आगोले तिनीहरूलाई जलाउने छ" भजन. २१:९ हेर्नुहोस् पापीहरू मर्नेछन् भनी यी सवै पदहरूले स्पष्ट गर्दछ । ती सदाका लागि तड्पेर बाँच्ने छैनन् ।

६. कहिले र कसरी यो अग्निकुण्ड प्रज्वलित हुनेछ ?

*"संसारको अन्तमा यस्तै हुनेछ, मानिसको पुत्रले तिनिहरुलाई आगोको अग्निकुण्डमा फ्यालिदिनुहुनेछ ।" मत्ती १३:४०-४२ "तिनिहरुले सारा पृथ्वी भरी गएर संतहरुका छाउनीको वरिपरि र प्रिय शहरलाई घेरे, तर स्वर्गबाट आगो बर्सेर तिनीहरुलाई भष्म पार्‍यो ।" प्रकाश २०:९ । "यदि धर्मीहरुले पृथ्वीमा आफ्नो प्रतिफल पाउछन भने, ईश्वरहीन र पापीहरुले झन कति बढि पाउलान् ?" हितोपदेश ११:३१*

**उत्तर :** संसारको अन्तमा परमेश्वर स्वयंले नर्ककुण्डलाई प्रज्वलित गर्नुहुनेछ । जब पवित्र शहर स्वर्गबाट ओर्लनेछ (प्रकाश २१:२) । तब अधर्मीहरु त्यस शहरलाई कब्जा गर्न भनी उठ्नेछन् र त्यतिनै बेला परमेश्वरले स्वर्गबाट आगो बर्षाउनु हुनेछ र ईश्वरहीनहरुलाई भष्म पारिनेछ । यहि नै बाइबलको अग्निकुण्ड हो ।

७. कति ठुलो र तातो हुनेछ त्यो अग्निकुण्ड ?

*"तर प्रभुको दिन चोर जस्तै गरी आउनेछ जसमा आकाश चाहिँ ठूलो शब्दले बितिजानेछ र पृथ्वी र त्यसमा भएका कामहरु चाहिँ स्वाहा हुनेछ ।" २ पत्रुस ३:१०*

**उत्तर :** त्यो अग्निकुण्ड यो पृथ्वी जत्रै हुनेछ किनकि यो पृथ्वी नै आगोले भरिएको हुनेछ । त्यो आगो यति तातो हुनेछ कि पृथ्वीमा भएका सबै कुरालाई पगालिदिनेछ । आकाश र ब्रम्हाण्ड ठुलो आवाजका साथ विष्फोट हुनेछ ।

८. कति समय सम्म पापीहरु आगोमा तड्पिरहनेछन् ?

*"हेर म चाँडै आउँछु, र हरेक मानिसलाई आफ्नो आफ्नो कामअनुसार दिने इनाम म सँग छ" । प्रकाश २२:१० । "र त्यसबेला उसले हरेक मनिसलाई त्यसको काम अनुसार प्रतिफल दिने छु ।" मत्ती १६:२७ । "आफ्नो मालिकको ईच्छा जानेर तयार रहने र*

*तिनको ईच्छा बमोजिम नरहने चाहिँ दासले ज्यादै पिटाई खानेछ । तर मालिकको ईच्छा नजानेर पिटाई खाने योग्यको काम गर्नेले थोरै पिटाई खानेछ ।" लुका १२:४७-४८*

**उत्तर :** लामो समय सम्म अधर्मीहरु मर्नु भन्दा अघि आगोमा तड्पिरहेनेछन् भनी बाइबलले तोकेको छैन । तर परमेश्वर भन्नु हुन्छ हरेकले आ-आफ्नो कामद्वारा ईनाम पाउँछ । यसको अर्थ केहीले आफ्नो कुकर्म अनुसार धेरै दण्ड पाउँछन् ।

९. के अन्तमा आगो आफै निभ्छ ?

*"निश्चय नै तिनिहरु ठुटा जस्तै छन् । आगोले तिनिहरुलाई जलाउनेछ । आगोका ज्वालाको शक्तिबाट तिनीहरु आफैलाई बचाउन सक्दैनन् । यहाँ कसैलाई आगो ताप्ने भुङ्ग्रो हुँदैन । न यहाँ बसेर ताप्नलाई आगो हुनेछ । "यशैया ४७:१४ "तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, वहाँले तिनीहरुका आँखाको आँसु पूर्ण रुपले पुछिदिनु हुनेछ र फेरी मृत्यु नै हुनेछैन, न शोक न पिडा किनकि पहिलेका कुराहरु बितिसकेका छन् ।" प्रकाश २१:१-४*

**उत्तर :** हो, साँच्चै त्यो आगो यसरी निभ्ने छ कि त्यहाँ न्यानो बनाइराख्ने कुनै पनि कोइला वाँकी रहनेछैन नता ताप्नको लागि कुनै आगो नै वाँकी रहनेछ भनी बाइबलले हामीलाई स्पष्ट रूपमा सिकाउँदछ । परमेश्वरको नयाँ राज्यमा पुराना सबैकुराहरु बितिजानेछन् र नर्ककुण्ड पनि पुरानो कुराहरु मध्ये एक हुनेछ भनेर पनि बाईबलले सिकाउँदछ । त्यसकारण नर्क कुण्डको पनि अन्त्य हुन्छ भनेर हामीलाई परमेश्वरको प्रतिज्ञा छ ।

**के परमेश्वर यातना दिने हुनुहुन्छ ?**

यदि परमेश्वरले आफ्ना विरोधीहरुलाई अनन्त आगोको भट्टीमा सदाको लागि राख्नु हुने थियो भने उहाँ पनि कुनै विशाल युद्ध गरेको निर्दयी मानिस जस्तो हुनुहुन्थ्यो । सदाका लागि तड्पाउने नर्ककुण्ड परमेश्वरको लागि पनि नर्क हुन्छ । उहाँले महा-अपराधीलाई पनि प्रेम गर्नु हुन्छ ।

१०. जब आगो निभ्छ, के बाँकी रहन्छ ?

*"हेर त्यो दिन आउँदैछ । त्यो भट्टि झै दन्कनेछ । सबै हठी र दुष्ट काम गर्नेहरु ठूटाझैँ हुनेछन्, र त्यो आउने दिनले उनीहरुलाई आगोमा भष्म गर्ने छ," सर्वशक्तिमान परमप्रभु भन्नु हुन्छ । त्यसले उनीहरुको एउटै हाँगा र एउटै जरा पनि छोड्ने*

*छैनन् । तब तिनीहरुले दुष्टहरुलाई खुट्टोले कुल्चनेछन् । जुन दिन म त्यो काम गर्छु, त्यस दिन उनीहरु तिमीहरुका पैताला मुनि खरानी जस्तै हुनेछन्" सर्वशक्तिमान परमप्रभु भन्नु हुन्छ । मलाकि ४:१-३*

**उत्तर :** हेर्नुहोस् । माथि उल्लेखित पदले हामीलाई यो भन्दैन कि पापीहरुलाई अग्निकुण्डमा आगोले नडढाई तड्पाँऊछ तर भनिएको छ काठको ठुटोझैं अधर्मीहरु डढ्नेछन्, खरानी हुनेछन् र तिनको धुवाँ मास्तिर जानेछ । भजनसंग्रह ३६:१०,२० । बाईबलले भन्दछ अधर्मीहरु पूर्ण जल्ने छन् र तिनको धुवाँमात्र माथि उड्ने छ ।

११. के दुष्टहरु नर्कमा जाँदा शारीरिक रूपमा जानेछन् र तिनीहरूका शरीर र आत्मा दुवै नष्ट हुनेछन् ?

*"तिम्रो सम्पूर्ण शरीर नर्कमा जानुभन्दा बरु तिम्रा अङ्गहरुमध्ये एउटा गुमाउनु तिम्रो निम्ति हितकारी हुन्छ ।" मत्ती ५:३० । आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ ।" मत्ती १०:२ "त्यो आत्मा (प्राण) जसले पाप गर्छ त्यही मर्छ ।" इजकिएल १४:२०*

**उत्तर :** हो । वास्तविक शरीरका साथ दुष्टहरु नर्कमा जान्छन् र दुवै आत्मा (प्राण) र शरीर मर्नेछ । स्वर्गबाट आगो दुष्टहरुमाथी वर्षनेछ र तिनीहरुलाई आफ्नो अस्तित्वबाट परमेश्वरले मेटाउनु हुनेछ ।

१२. के सैतान (दियावलस) नर्ककुण्डको आधिकारिक कार्यवाहक हुनेछ ?

*"तिनीहरुलाई बहकाउने त्यो दियावलस आगो र गंधकको कुण्डमा फालियो ।" प्रकाश २०:१० "तँलाई नियालेर हेर्नेहरु सबैका दृष्टिमा मैले तँलाई जमीनमा खरानी तुल्याईदिएँ र तँ फेरी कहिल्यै रहनेछैनस् ।" इजकिएल २०:१८-१९*

**उत्तर :** पक्कै होइन । दियावलसलाई आगोको नर्ककुण्डमा फ्यालिनेछ र त्यो डढेर खरानी हुनेछ ।

१३. के बाइबलमा प्रयोग गरिएको "नर्क" शब्दले सधै जल्ने ठाँउ वा सजाय पाउने ठाउँ भनी बुझाउँदछ?

**उत्तर :** होइन । नर्क शब्द ५४ पटक बाईबलमा प्रयोग गरिएको छ र जम्मा १२ वटा अवस्थामा मात्र यसले जलाउने ठाउँलाई जनाउँछ । नर्क शब्द विभिन्न शब्दहरुबाट अनुवाद गरी भिन्दा-भिन्दै अर्थमा प्रयोग गरिएको छ ।

**पुरानो नियममा**

३१ पटक "शिओल" भन्ने शब्दबाट- जसको अर्थ "चिहान" हो ।

**नयाँ नियममा**

१० पटक (हेड्स) भन्ने शब्दबाट- जसको अर्थ हो चिहान ।

१२ पटक (गेहेन्ना) भन्ने शब्दबाट- जसको अर्थ हो जलिरहने ठाँऊ ।

१ पटक (टरटरस्) भन्ने शब्द- जसको अर्थ हो अन्धकारमय ठाँऊ ।

माथि उल्लेखित ग्रिक शब्द "गेहेन्ना" भन्ने हिब्रु शब्द "गेहिन्नोम" बाट अनुवाद गरिएको हो । जसको अर्थ हो "हिन्नोमको उपत्यका" । यो उपत्यका जेरुसलेमको दक्षिण र पश्चिममा पर्दछ । जहाँ मरेको सिनु, फोहोर-मैला आदि फ्यालिन्थ्यो र त्यहाँ सधैं आगो बल्दथ्यो । जसरी आज फोहोर फाल्ने ठाउँमा आगो बालिन्छ बाईबलले, "भन्दछ गेहेन्ना उपत्यका चाहीँ दुष्टहरुको जसरी अन्तमा नाश हुन्छ", त्यो एउटा प्रतिकको रुपमा छ । गेहन्नाको उपत्यकाको आगो अनन्तको थिएन । नत्र आज पनि जेरुसलेममा आगो बल्ने थियो । त्यसैगरी नर्कको आगो पनि अनन्तको हुनेछैन ।

१४. नर्ककुण्ड प्रज्वलित गर्नुमा परमेश्वरको खास उद्देश्य के हो ?

*"श्रापित मानिस हो, म बाट दूर होओ र सैतान र त्यसका दूतहरुका लागि तयार गरिएको अनन्तको आगोमा जाओ ।" मत्ती २५:४१ । "जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेटिएन त्यो अग्निकुण्डमा फालियो ।" प्रकाश २०:१५ । "अलिकबेर पछि दुष्टहरु रहने छैनन् ।" भजनसंग्रह ३७:१० । परमप्रभुका शत्रुहरु चाहीँ चउरको हरियाली जस्तै छन् तिनीहरु लोप भइजानेछन्, धुवाँ जस्तै तिनीहरु लोप हुनेछन ।" भजनसंग्रह ३६:२० ।*

**उत्तर :** नर्कले पाप, पापीहरु सैतान सबैलाई सदाका लागि अन्त गरी संसारलाई सदाका लागि सुरक्षित बनाउँछ र यही नै परमेश्वरको वास्तविक उद्देश्य हो । यदि एउटै मात्र पापी बाँच्यो भने त्यो यस पृथ्वीको लागी भयानक भाइरस हुनेछ र त्यसले सारा ब्रम्हाण्डलाई फेरी त्रसित तुल्याउनेछ । तसर्थ सवै पाप र पापीलाई अन्त्य गरी सदाका लागि नयाँ सृष्टिको रचना गर्न परमेश्वर चाहनुहुन्छ ।

**अनन्तको नर्कले पापलाई अनन्तता दिन्छ**

अनन्तको पिडादायक नर्कले पापलाई निरन्तरता दिन्छ र यसले पापको अन्त्यलाई असम्भव बनाउँदछ । नर्कको अनन्तता परमेश्वरको महान योजना पटक्कै होइन । त्यस्तो घिनलाग्दो सिद्धान्त परमेश्वरको पवित्र नाम विरुद्ध हो । सैतान सृष्टिकर्ता र

स्नेही परमेश्वरलाई भयानक र डरलाग्दो देखाउन पाएकोमा ऊ रमाउँछ र त्यस्तो खालको झुठो शिक्षाबाट ऊ एक्लै लाभान्वित हुन्छ ।

**अनन्त नर्क मानिसद्वारा बनेको सिद्धान्त ।**

"अनन्त नर्कको दण्ड" को सिद्धान्त बाईबलबाट उत्पन्न भएको होइन तर बहकिएका मानिसहरु, जसलाई हुनसक्छ सैतानले अगुवाई गरेको हो र अचानक कोही पनि नर्कसँग डराउँदैमा स्वर्गमा जान सक्दैन । मानिस परमेश्वरलाई प्रेम गरेर र ख्रीष्टको आज्ञा पालन गरेर मात्र उद्धार पाउन सक्दछ ।

१५. के दुष्टहरुको नाश परमेश्वरको स्वभाव विपरीत होइन ?

*"जस्तो म जिवित छु, परमप्रभु भन्नुहुन्छ, दुष्टहरुको मृत्युमा म खुशी हुन्नँ, तर तिनीहरुले आफ्नो चाल त्यागेर बाँचून भनी म चाहन्छु, आफ्नो दुष्ट चाल त्याग, हे इस्राायलका घराना हो, तिमीहरु किन मर्छौ ।" ईजकिएल ३३:११। "किनभने मानिसको पुत्र मानिसलाई नाश गर्न होइन तर बचाउन आउनु भयो ।" लूका ९:५६ । परमप्रभु उठ्नुहुनेछ, गिबोनको बोसीमा उहाँ जाग्नु भएझैँ जाग्नुहुनेछ । आफ्नो काम, आफ्नो अनौठो काम गर्न र आफ्नो कार्य अर्थात् आफ्नो अनौठो कार्य पूरा गर्न ।" यशैया २८:२१*

**उत्तर :** हो परमेश्वरको काम सधैं बिनाश गर्नमा भन्दा बचाउनमा निहित हुन्छ । अग्निकुण्डमा दुष्टहरुको विनाश कार्य परमेश्वरको स्वभाव विपरीत हो र त्यस कार्यलाई बाइबलले परमेश्वरको "अनौठो कार्य" भन्दछ । जब दुष्टहरु नासिनेछन् परमेश्वरको महान् हृदय दुख्नेछ । ओहो ! कति मिहनेत पूर्वक उहाँ हरेक प्राणीलाई बचाउन काम गर्दै हुनुहुन्छ । तर यदि मनिसले परमेश्वरको महान् प्रेमको वेवास्ता गरी आफ्नो पापमा लागिरहन्छ, भने पापीलाई नष्ट गर्न बाहेक उहाँसँग अरु विकल्प रहने छैन, उहाँले अन्तमा पापको आगोद्वारा अन्त गर्नुहुनेछ ।

१६. नर्कको समाप्ति पछि मानिसहरू र संसार प्रति परमेश्वरको के योजना छ?

"उहाँले त्यो खतम पारिदिनु हुनेछ । दु:ख दोस्रो पटक आउँदैन ।" नहूम १:९ "हेर म नयाँ आकाश र नयाँ पृथ्वी सृष्टि गर्नेछु। अघिअघिका कुराहरुको सम्झना हुनेछैन् । नता ती मनमा आउनेछैन् ।" "हेर, परमेश्वरको बास मानिसहरुसँग भएको छ । उहाँ तिनीहरु सँग बास गर्नु हुनेछ र तिनीहरु उहाँका प्रजा हुनेछन्

र परमेश्वर आफै तिनीहरुका परमेश्वर भएर तिनीहरुसँग रहनुहुनेछ । उहाँले तिनीहरुका आँखाका आँसु पूर्ण रुपले पुछिदिनुहुनेछ र फेरी मृत्यु नै हुनेछैन् र शोक र पिडा पनि हुनेछैन् ।" प्रकाश २१:३,४

**उत्तर :** जब नर्ककुण्डको आगो निभ्छ तब परमेश्वरले नयाँ आकाश र नयाँ पृथ्वी सृष्टि गर्नुहुनेछ जुनचाहीँ पाप प्रवेश भन्दा अघि पुरानो आदनझै सुन्दर र महिमित बनाउनुहुनेछ । घिनलाग्दा पापहरु र विगतलाई बिर्सिनेछ । पिडा, मृत्यु, दु:ख, श्राप, आँशु, विमार, निराशा, कष्ट र सबै किसिमका पापहरु सदाका लागि अन्त हुनेछ ।

**पाप फेरी उठ्ने छैन् ।**

परमेश्वर प्रतिज्ञा गर्नुहुन्छ पाप फेरी उठ्नेछैन् । उहाँका सन्तानहरु पूर्ण शान्ति, प्रेम, आनन्द र खुशीमा सन्तुष्ट भई रहनेछन् । उनीहरुको आनन्दित र महिमित जीवनको वर्णन कुनै शब्दले गर्न सक्दैन् । नर्कको दुखदाईलाई स्वर्गले सदाका लागि टाढा राख्नेछ । कुनै व्यक्ति यदि यस स्वर्गीय आनन्दलाई गुमाउँछ भने त्यसले दु:खदाई निर्णय गरेको हुनेछ ।

१७. दुष्टहरुलाई परमेश्वरले सदाका लागि नर्कमा सजायँ दिनुहुन्न भन्ने कुरामा के तपाई परमेश्वर प्रति धन्यवादी हुनुहुन्छ?

उत्तर:..........................................................................

..........................................................................

## तपाईको मनमा लागेका प्रश्नहरुको उत्तर

१. के बाईबलले "अनन्त पिडा" बारे केहि बताउँदैन् ?

उत्तर : अँह ! "अनन्त पिडा" भन्ने शब्द नै बाईबलमा पाइँदैन् ।

२. त्यसो भए किन त बाईबलले दुष्टहरुलाई निभाउन नसक्ने आगोले नष्ट पार्नेछ भन्दछ त ?

उत्तर : निभाउन नसक्ने आगो भन्नाले त्यो आगो हो जसलाई निभाउन सकिँदैन तर त्यो आफै निभ्छ जब त्यसले सबै थोकलाई भष्म पारिसकेको हुन्छ । यर्मिया १७:२७ ले भन्दछ "जेरुसलेमलाई निभाउन नसक्ने आगोले नष्ट पार्नु पर्ने थियो ।" २ ईतिहास ३६:१९-२१ मा भनिएको छ, यो आगोले पुरा शहर नष्ट पाऱ्यो जुन यर्मियाको मुखबाट निस्केको कुरा पुरा हुन परेको थियो र शहर

उजाड पारिएको थियो र तापनि यो आगो निभेको हामी पाउँदछौं, किनकि जेरुसलेम आज जलिरहेको छैन ।

३. के मत्ती २५:४६ ले, दुष्टहरुले अनन्त सजाय पाउँछन् भनी भनेको छैन ?

उत्तर : शब्दलाई विचार गर्नुहोस्, त्यहाँ "सजाय" भनिएको छ, "सजाय दिइरहेको" होइन । सजाय दिइरहनु भनेको लगातार कार्य हो तर सजाय एउटा काम हो । दुष्टको सजाय मृत्यु हो र मृत्यु अनन्तको हुन्छ ।

४. मत्ती १०:२८ मा उल्लेखित, "त्यो संग नडराओ जसले शरीरलाई नाश गर्न सक्छ तर आत्मालाई सक्दैन ।" लाई के तपाई व्याख्या गरिदिन सक्नुहुन्छ ?

उत्तर : "आत्मा" शब्दको बाइबलमा तिनवटा अर्थहरु छन् । ती हुन १. जीवित प्राणी (उत्पती २:७) । २. दिमाग (वुद्धि) (भजनसंग्रह १३९:१४) र ३. जीवन (१ शमुएल १८:१) जसले यहाँ अनन्तको जीवनको वारेमा भन्दछ जसको वारेमा परमेश्वरको राज्यमा पुग्ने हरेकको लागी उहाँले करार गर्नुभएको छ । यसलाई अरु कसैले खोस्न सक्दैन । मत्ती १०:२८ को अन्तिम भागले भन्दछ नर्कमा शरीर र आत्मा दुवैको अन्त्य हुनेछ ।

५. मत्ती २५:४१ ले " दुष्टहरुका लागि अनन्तको आगो" को वारेमा भनेको छ । के यो निभ्छ ?

उत्तर : हो, बाइबल अनुसार यो निभ्छ । हामीले बाइबललाई यसको वारेमा आफै व्याख्या गर्न दिनुपर्छ । सदोम र गोमरा अनन्तको आगोमा नष्ट भएका थिए (यहुदा ७) र आगोले तिनीहरुलाई खरानी वनाएको थियो । "तिनीहरु पछि परमेश्वर माथि भय नराख्नेहरुका लागि यो एउटा चेतावनी थियो । "२ पत्रुस २:६ । यी शहरहरु आजसम्म वलिरहेका छैनन् । जव सवै कुरा जलेर गयो, आगो निभ्यो । त्यसरी नै सवै दुष्टहरुलाई नष्ट पारिसकेपछि अनन्तको आगो निभ्नेछ । ( मलाकी ४:३) । आगोको प्रभाव अनन्त सम्म हुनेछ र यसले आफैलाई जलाउँदैन ।

६. के लुका १६:१९-३१ को लाजरस र धनी मान्छेको कथाले अनन्तको पिडादायक नर्कको वारेमा सिकाउँदैन ?

उत्तर : अवश्य होइन । यो साधारणतया तल उल्लेखित वुँदाहरुलाई जोड दिने उखान मात्र हो ।

क. "मृतकको स्थल स्वर्ग होइन् । हिब्रु ११:८-१०,१६ ।

ख. नर्कमा भएका मानिसहरु स्वर्गमा भएका मानिसहरुका सम्पर्कमा आउन सक्दैनन् । यशैया ६५:१७ ।

ग. मरेकाहरु उनीहरुका चिहानमै छन् । अयुब १७:१३, युहन्ना ५:२८,२९ । धनी मानिस आफ्नो आँखा, जिभ्रो आदिको माध्यमवाट भोगी थियो यद्यपि हामीलाई थाहा छ कि मृत्यु पछि हाम्रो शरीर नर्कमा जाँदैन । बाइबलले भने अनुसार शरीर चिहानमा रहनु स्वभाविक हो ।

घ. मानिसहरु खीष्टको दोस्रो आगमनमा पुरस्कृत गरिनेछन्, मृत्युमा होइन । प्रकाश २२:११,१२ ।

ङ. हराएकाहरु संसारको अन्त्यमा नर्कमा दण्डित गरिनेछन् न कि उनीहरुको मृत्यु पश्चात । (मत्ती १३:४०-४२) । कथाको मुख्य कुरा लुका १६ अध्यायको ३१ पदमा पाउन सकिन्छ । कतिपय कथनहरु सैदान्तिकरुपमा लिन सकिन्न । यदि हामी यी कथनहरुलाई सैद्धान्तिक (वनावटी) भनी मान्छौं भने हामीले यो पनि विश्वास गर्नुपर्छ कि रुख विरुवाहरु पनि मानिस झै कुराकानी गर्छन । (यस कथनलाई न्यायकर्ताहरु ९:८-१५ मा हेर्नुहोस्)

७. तर बाइवलले, दुष्टहरु अनन्तको लागि दण्डित गरिने छ, भनी भन्छ, होइन त ?

उत्तर : "अनन्त" शब्दले बाइबलमा साधारण रुपमा एउटा तोकिएको वा अनन्तको समयको अवधिलाई वुझाउँदछ । बाइबलमा यो पहिले नै नष्ट भइसकोको वस्तुहरुसंग सम्वन्ध गाँसेर ५६ पटक प्रयोग भएको छ । यो "अग्लो" शब्द झैँ हो जसले मानिस, रुखविरुवा वा अग्ला हिमालहरुलाई छुट्टै तरिकाले वर्णन गर्दछ । योना २:६ मा "अनन्त" भन्नाले "तिन दिन र रातहरु" भनी वुझाउँदछ । (युहन्ना १:१७ पनि हेर्नुहोस्) । व्यवस्था २३:३ मा यसको अर्थ "दश पुस्ताहरु" हुन् । मानिसको विषयमा यसको अर्थ "उसको जीवनको अवधि वा ऊ नमरुन्जेलसम्मको समय" हो । (१ शमुएल १:२२,२८, प्रस्थान २१:६, भजनसंग्रह ४८:१४ हेर्नुहोस् ) । तसर्थ दुष्टहरु तब सम्म जलिरहनेछन् जब सम्म उनीहरुमा प्राण रहिरहन्छ वा उनीहरु मर्दैनन् । यो पापको लागि आगोद्वारा दिइने दण्ड प्रत्येक मानिसको पापको तह हेरेर दिइनेछ तर सजायपछि यो निभेर जानेछ । अनन्तको दण्ड (वीज) का वारेमा यो पाठले, पापवाट छुट्कारा पाइने अन्य आविष्कारहरु भन्दा प्रभावकारी रुपमा मानिसहरुलाई पापवाट छुट्कारा दिलाएको छ ।

# संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पृष्ठ सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढ्नुहोस । तल दिइएको प्रश्नहरुको उत्तरहरु अध्ययन पुस्तिकामा पाउन सक्दछौ । ठीक उत्तर भएको वक्समा ठीक चिनो लगाउनुहोस । प्रश्नको पुछारमा दिइएको अङ्कले पूर्णाङ्क जनाउँछ ।

१. पापीहरु नर्ककुण्डमा फलिनेछन् (१)

- ❑ जब उनीहरु मर्नेछन् ।
- ❑ संसारको अन्त्यमा
- ❑ सैतानद्वारा

२. नर्ककुण्डमा पापीहरु पाउने दण्ड .... हो । (१)

- ❑ मृत्यु
- ❑ अनन्तको पिडा
- ❑ मुख्य सैतानवाट सजाय पाउनु

३. नर्ककुण्ड (१)

- ❑ परमेश्वरले स्थापित गनुभएको सारा संसारबाट प्रज्वलित हुनेछ।
- ❑ अहिले वलिरहेको छ
- ❑ अनन्त समयसम्म वलिरहने छ ।

४. मरेका पापीहरु (१)

- ❑ प्रयश्चितमा छन्
- ❑ नर्ककुण्डमा छन्
- ❑ उनीहरुका चिहानमा छन्

५. नर्कको अहिलेको जनसंख्या ...... छ (१)

- ❑ ठीक शुन्य
- ❑ लाखौको संख्यामा
- ❑ भन्न सकिन्न

६. नर्ककुण्डले

- ❑ पापीको शरीरलाई मात्र नष्ट गर्नेछ ।
- ❑ अनन्तसम्म पापीको आत्मालाई सताउने छ ।
- ❑ पापीको शरीर र आत्मा दुवैलाई जलाएर खरानी वनाउने छ र निभ्ने छ ।

७. पिडाको एक अनन्त नर्क (१)

- ❑ परमेश्वरको योजनाको एक महत्वपूर्ण भाग हो ।
- ❑ सैतानको सिद्धान्त हो र परमेश्वरको पवित्र जनहरुमाथि खसालिने छ जसले अरुले दु:ख भोगेको हेर्न मनपराउँदैन ।
- ❑ सैतानलाई अनन्तसम्मको लागि काम दिन्छ ।

८. बाइबलमा "नर्क" (१)

- ❑ जलिरहेको ठाउँलाई मात्र जनाउँदछ ।
- ❑ "चिहान" लगायतका अरु धेरै अर्थहरु छन् ।
- ❑ सैतानको सताउने कोठालाई जनाउँछ ।

९. नर्कको उद्देश्य (१)

- ❑ फिर्ता गर्नु र परमेश्वरको शत्रुलाई सताउनु
- ❑ असल हुने मानिसहरुलाई डराउनु
- ❑ यस ब्रम्हाण्डवाट पापलाई पूर्णतया पखाल्नु र धर्मीहरुलाई अनन्त सुरक्षा दिनु ।

१०. नर्कमा मानिसहरुलाई नष्ट गर्नु (१)

- ❑ परमेश्वरको महान् स्वर्ग प्रति इच्छा जागृत हुन्छ ।
- ❑ सैतानको कामले परमेश्वरको योजनमा सहायता गर्नेछ ।
- ❑ परमेश्वरको "आश्चर्यपूर्ण कार्य" हो किनकी यो उहाँको स्वभाव भन्दा फरक छ

११. नर्ककुण्ड निभेपछि (१)

- ❑ परमेश्वरले सैतानलाई धेरै टाढा अन्तरिक्षमा लोप गराउनुहुनेछ
- ❑ एउटा नयाँ सिद्ध पृथ्वीको निर्माण गर्नुहुनेछ जहाँ पाप फेरी कहिले आउने छैन, र यो उहाँले आफ्ना मानिसहरूलाई दिनुहुनेछ ।
- ❑ फेरी उठ्ने पापको डरमा धर्मीहरु दविनेछन् ।

१२. धनी व्यक्ति र लाजरसको कथा (१)

- ❑ कथामात्र हो, र यसलाई सैद्धान्तिक रुपमा लिनुहुँदैन ।
- ❑ अनन्तको सतावटको वारेमा बाइवलको एक प्रमाणित शिक्षा हो
- ❑ नर्कमा रहेका आत्माले स्वर्गमा रहेका आत्माको सम्पर्कमा रहन सक्छ भन्ने प्रमाण हो ।

१३. मानव जीवनको परिप्रेक्षमध्यमा बाइबलमा प्रयोग भएको शब्द “अनन्त सम्म” को अर्थ हो (१)

❑ अन्त्य नभएको समय हो ।

❑ रहस्य छ र वुझ्न सकिँदैन ।

❑ प्राय “मानवको जीवन अवधि” वा “मृत्यु नभए सम्मको समय”

१४. परमेश्वरले नर्ककुण्डमा सदाको लागि दण्डित गर्नुहुन्न भनेर जान्दा म परमेश्वर प्रति आभारी छु ।(१) ।

❑ छु

❑ छैन

# १२ एक हजार वर्षको शान्ति

प्रभु येशूको दोस्रो आगमन पछि आश्चर्य एक हजार वर्ष हुने कुरामा तपाई निश्चिन्त हुन सक्नुहुन्छ । सैतानले चाहँदैन, उसको एकहजार वर्षको कैद तपाईंलाई थाहा होस् किनकि यसले उसको वास्तविक चरित्रलाई उजागर गर्दछ । वास्तवमा सैतानले तपाँइलाई बनावटी कुराले झुक्याएर हजार वर्षको झुठो सन्देश दिन चाहन्छ । यो एक दुःख लाग्दो अध्ययन हो जसले तपाईले पहिले कहिल्यै नजान्नु भएको कुरालाई भन्दछ । अव तपाईले आउँदो १००० वर्षको शासनको वारेमा बाइबलमा रहेर जान्नुहुनेछ ।

१. एक हजार वर्षको अवधिलाई शुरु गर्ने घटनाहरु के-के हुन् ?

*"तिनीहरु फेरी बाँचे र ख्रीष्टसँग एक हजार वर्ष राज्य गरे" प्रकाश २०:४ दोस्रो भाग (अरु जानकारीको लागि अध्ययन निर्देशिका १० हेर्नु होला ।*

उत्तर : एक पुर्नरुत्थानले १००० वर्षको समयलाई सुरु गर्दछ ।

२. यो पुनरुत्थानलाई के भनिन्छ ? यो पुनरुत्थानमा कसको उदय गराइने छ ?

*"यो पहिलो पुनरुत्थान हो । पहिलो पुनरुत्थानमा भाग लिनेहरु धन्यहुन ।" प्रकाश २०:५,६ ।*

उत्तर : यसलाई पहिलो पुनरूत्थान भनिन्छ । हरेक युगका सवै आशिषित धर्मीजनहरू र पवित्र जनहरूको यसमा उदय हुनेछ ।

३. बाइबल धर्मशास्त्रले पुनरुत्थान दुई पटक हुनेछ भन्दछ, दोस्रो पुनरुत्थान कहिले हुन्छ ? र यसमा कसको उदय हुनेछ ?

*"बाँकी मरेकाहरु चाँही त्यो एक हजार वर्ष नवितुन्जेल बाँचेनन (जो पापी दुष्ट थिए)" प्रकाश २०:५ "चिहानमा हुनेहरु सबैले उसको स्वर सुन्नेछन् । भलो गर्नेहरु जीवनको पुनरुत्थानको निम्ति र कुभलो गर्नेहरु चाहिँ इन्साफको पुनरुत्थानको निम्ति निस्किआउनेछन् ।" युहन्ना ५:२८,२९*

उत्तर : हजार वर्षको अन्तमा दोस्रो पुनरुत्थान हुनेछ । यो पुनरुत्थानमा दुष्ट पापीहरु बौरी उठ्नेछन् । यसलाई इन्साफको पुनरुत्थान भनिन्छ । कृपया ध्यान दिनुहोसः धर्मीहरुको पुनरुत्यानले हजार वर्षलाई सुरु

गर्दछ । दुष्ट पापीहरुको पुनरुत्थानले एक हजार वर्षलाई समाप्त गर्दछ ।

४. हजार वर्षको शुरुवातमा अरु के के घट्नाहरु घट्नेछन् ?

*"हेर ! उहाँ बादलमा आउनुहुन्छ र हरेक आँखाले उहालाई देख्ने छन्" प्रकाश १:७ । "परमप्रभु परमेश्वर आफै स्वर्गबाट तल आउनुहुनेछ र खीष्टमा मरेकाहरुको पहिलो पुनरुत्थान हुनेछ र हामी जो बाँचेकाहरु चाहीँ बादलमा प्रभुलाई भेट्ने छौं" (१ थेसस्लोनिकी ४:१६-१७) "पृथ्वीमा भयानक भुकम्प आयो यस्तो भुकम्प कहिले पनि आएको थिएन, टापुहरु लोप भए पहाडहरु पनि हराए र आकाशबाट ४० मनको असिना झरे । प्रकाश १६:१८,२०,२१ ( यर्मिया ४:२३-२६ यशैया २४:१,३,१९,२० यशैया २:२१ पनि हेर्नुहोस्)*

उत्तर : हजार वर्षको अवधि शुरु हुदाँ अरु घटनारु : धेरै ठूलो भुकम्प, ठूला ठूला असिना पर्छ । प्रभु येशूको आगमनमा सबै धर्मीजनहरु बादलमा येशु खीष्टलाई भेट्न जानेछन । (खीष्टको दोस्रो आगमनको वारेमा थप जान्नको निम्ति अध्ययन निर्देशिका ८ हेर्नुहोस् ।)

५. येशुको दोस्रो आगमनमा जिवित र मृतक दुष्टहरुलाई के हुन्छ ?

*"आफ्नो सासले दुष्टलाई नाश पार्नु हुनेछ ।" (यशैया ११:४) "उहाँको शक्तिशाली स्वर्गदुतको साथमा प्रभु येशु स्वर्गबाट बल्दो आगोमा प्रकाश भएर, परमेश्वरलाई नचिन्नेहरुलाई येशुको सु-समाचार नमान्नेहरुलाई बदला लिनु हुन्छ ।" (२ थेसलोनिकी १:७-८) "दुष्टहरु परमेश्वरको सामु नष्ट भईजाऊ ।" भजन ६८:२ "बाँकी मरेकाहरु चाहीँ एकहजार वर्ष नवितुन्जेल बाचेनन् ।" (प्रकाश २०:५)*

उत्तर : जीवित दुष्टहरुलाई प्रभु येशुको दोस्रो आगमनले नष्ट गर्नेछ । जब स्वर्गीय दूत येशुको चिहानमा देखापरे तब रोमी सिपाहीहरु बेहोस भए । (मती २८:२-४) । स्वर्गदूतहरु र परमेश्वर पिता र पुत्रको प्रकाशले दुष्टहरु नष्ट हुन्छन् । येशुको दोस्रो आगमनमा दुष्ट पापीहरु मरेका हुनेछन र एक हजार वर्ष नवितुन्जेल चिहानमा नै रहनेछन् ।

६. धेरै मान्छेहरु विश्वास गर्छन् एक हजार वर्षको अवधिमा नबाँचेकाहरुले पश्चताप गर्ने मौका पाउँछन । यसको विषयमा बाईबलले के बताउँछ ?

*"त्यस दिन परमप्रभुले मार्नु भएकाहरु पृथ्वीको एक कुनादेखि अर्को कुना सम्म हुनेछन् । तिनीहरुका निम्ति कसैले विलाप गर्ने छैन, न त ती लासहरुलाई जम्मा गर्नेछन् न त गाड्नेछन् ।*

*तिनीहरु जमिनमा मल हुनेछन्" यर्मिया २५:३३ "हेर त्यहाँ कोही मानिस हुनेछैन्" यर्मिया ४:२५*

उत्तर : एक हजार वर्षको अवधिमा यस पृथ्वीमा कोही जीवित मान्छे हुदैनन् त्यसकारण पश्चाताप गर्ने कुनै सम्भावना छैन । सवै धर्मीहरु स्वर्गमा हुनेछन् । सबै दुष्ट पापीहरु चिहानमा रहनेछन् । प्रकाश २२:११-१२ ले यो प्रष्ट पार्दछ, येशूको आगमन हुनुभन्दा पहिले नै सबैको मुद्दा बन्द भइसकेको हुनेछ । येशूलाई स्वीकार गर्न १००० वर्षको प्रतीक्षा गर्नेहरुले धेरै प्रतीक्षा गरिसकेका हुनेछन् ।

७. एक हजार वर्षको अवधि भर सैतानलाई अगाध खाडलमा यो पृथ्वी भग्नावशेष र अन्धकार अवस्थामा एक पींध नभएको बाँधिने छ भनी बाइबलले बताउँछ । यो अगाध खाँडल के हो ?

खाडल हुनेछ जहाँ सैतानलाई १००० वर्षको अवधिमा राखिनेछ।

*"अनि अगाध खाँदको साँचो र एउटा ठूलो साङ्लो हातमा लिएको एउटा दूत स्वर्गबाट ओर्लेर आएको मैले देखेँ । तिनले त्यस अजिङ्गर जस्तो जनावरले पुरानो सर्प जो दियावल र सैतान पनि हो, त्यसलाई पक्रेर १ हजार वर्ष सम्म बाँधे र हजार वर्ष भुक्तान नहुन्जेल त्यसले जाती- जातीलाई फेरी नठगोस भनेर तिनले त्यसलाई अगाध खाँदमा फ्याकिदिए ।" प्रकाश २०:१-३*

उत्तर : अगाध खाँद शब्द ग्रीक शब्द "अबुसोस" अथवा "अवेस"बाट ल्याइएको हो । यो शब्दलाई उत्पती १:३ मा ग्रीक संस्करणको पुरानो करारमा पृथ्वीको सृष्टीसँग जोडिएको छ । त्यहाँ "गहिरो" भन्ने उल्था गरिएको छ । "पृथ्वी विनाआकार र शून्य थियो । अथाह समुद्र माथि अन्धकार थियो" कति चाख लाग्दो कुरा ! "गहिरो" शब्द, "अगाध खाँद" यहाँ यहि कुरालाई जोड दिन्छ कि पृथ्वी पुरै अन्धकार थियो । उत्पति १:२ मा वर्णन भएको, यर्मियाले पनि वर्णन गरेका छन्, "आकार विनाको शून्य", "प्रकाश थिएन", "मान्छे थिएन" र एकदमै अन्धकार थियो । यर्मिया ४:२३,२५,२८ । अति अँध्यारो, कोही जिवित रहन नसक्ने लाई अगाध खाँद वा अवेस भनिन्छ । हजार वर्षका अवधि चाहि पृथ्वी सृष्टि अगाडि जस्तो अन्धकार थियो त्यस्तै हुनेछ ।

८. सैतानलाई बाँध्ने साङ्गलो के हो ? ऊ किन बाधिन्छ ?

*"अनि अगाध खाँदको साँचो र एउटा ठूलो साङ्गलो हातमा लिनेछन् । लिएको एउटा दूत स्वर्गबाट ओर्लेर अनि त्यो सैतानलाई बाँधेर एक हजार वर्षसम्म बाँधे, र हजार वर्ष नवितुन्जेल त्यसले*

*जाती- जातीलाई फेरी नठगोस भनेर त्यसलाई अगाध खाँदमा फालिदिओ । त्यसलाई बन्द गरेर त्यस माथि छाप लगाए । प्रकाश २०:१-३*

**उत्तरः** साङ्गलो चाहि लाक्षणिक संकेत हो, एक परिस्थितको साङ्गलो हो । एउटा आत्मा वास्तविक साङ्गलोमा बाँधिन सक्दैन । कोहिपनि मान्छेलाई सैतानले झुक्याउन सक्दैन, त्यसैले ऊ "बाँधिन्छ" । सबै धर्मीजनहरु स्वर्गमा हुनेछन् र दुष्ट पापीहरु सबै मरेका हुनेछन् । सैतानले संसारमा घुमेर कसैलाई नठगोस भनेर परमेश्वरले सैतानलाई बाँधिदिनु हुन्छ । एक हजार वर्षसम्म कसैलाई नठगोस भनेर यस पृथ्वीमा एक्लै दुःखदायी परिस्थितिमा रहन दिइन्छ ।

**एक हजार वर्षको अवधि शुरु हुदा घट्ने घट्नाहरुको पुनरावलोकनः-**

(क) भयंकर भुकम्प हुने र ठूला ठूला असिना पर्ने । प्रकाश १६:१८-२१,प्रकाश ६:१४-१७

(ख) परमेश्वरका चुनिएकाहरुलाई लिन प्रभु येशूको आगमन । मत्ती २४:३०-३१

(ग) मरेका धर्मी मानिसहरुको पुनरुत्थान। १ थेस्लोनिकी ४:१७-१७

(घ) धर्मीहरुलाई अमरत्व प्रदान गरिने । १ कोरन्थी १५:५१-५५

(ङ) धर्मीहरुलाई प्रभु येशूको जस्तो शरिर प्रदान गरिने। १ युहन्ना ३:२, फिलिप्पी ३:२१

(च) सबै धार्मिक मान्छेहरु बादलमा प्रभुलाई भेट्ने छन् । १ थेस्लोनिकी ४:१७-१७

(छ) परमेश्वरको मुखबाट निस्केको सासले दुष्टहरु मारिन्छन् । यशैया ११:४

(ज) हजार वर्ष नवितुन्जेल दुष्टहरु चिहानमा नै रहनेछन् । प्रकाश ११:४

(झ) प्रभु येशूले धर्मीजनहरुलाई स्वर्ग लानुहुनेछ । युहन्ना १३:३३,३६, १४:१-३

(ञ) सैतानलाई बाँधिने छ । प्रकाश २०:१-३

९. प्रकाश २०:४ अनुसार एक हजार वर्षको अवधिमा स्वर्गमा न्याय हुनेछ । केका लागि ? त्यहाँ कसको सहभागिता हुनेछ?

*"अनि मैले सिंहासनहरु र ती मथि बस्नेहरुलाई देखें र तिनीहरुलाई इन्साफ गर्ने अख्तियार दिइयो । येशूको साक्षीको निम्ति र परमेश्वरको बचनको निम्ति शिर काटिएकाहरु र त्यस जनावर र त्यसको मुर्तिलाई पूजा नगर्नेहरुलाई र त्यसको निशाना निधारमा नलिनेहरूका आत्मालाई देखें । तिनीहरु फेरी बाँचे र ख्रीष्टसँग एक*

*हजार वर्ष सम्म राज्य गरे" । प्रकाश २०:४ । "पवित्रजनहरुले नै संसारको इन्साफ गर्दछन् भन्ने कुरा तिमीहरुलाई थाहा छैन ? हामी स्वर्गदूतको इन्साफ (न्याय) गर्ने छौ भन्ने कुरा तिमीहरुलाई थाहा छैन" । १ कोरन्थी ६:२-३*

उत्तर : हजार वर्षको अवधिमा युगौं युग देखिका धर्मी मानिसहरुको त्यस न्यायमा सहभागिता हुनेछ (सम्भवत असल स्वर्गदूतहरु पनि हुन सक्छन) । सैतान र उसका दूत तथा नष्ट भएकाहरुको मुद्दालाई समावेश गरी त्यसको पुनरावलोकन गरिने छ । बाँचेका र मरेकाहरुको सम्बन्धमा यस न्यायले प्रष्ट देखाउन काम गर्नेछ । अन्त्यमा सवैले देख्नेछन्, स्वर्गबाट ती मानिसहरू मात्र निष्कासित हुनेछन् जो वास्तवमै येशू जस्तो हुन चाहेनन् वा उहाँसँग बस्न चाहेनन् ।

**एक हजार वर्षको अवधिमा हुने घट्ना तथा अवस्थाको पुनरावलोकन ।**

(क) भयंकर भुकम्प र ठूला ठूला असिनाले पृथ्वी एकदमै खराब अवस्थामा हुनेछ । प्रकाश १६:१८-२१, ६:१४-१७

(ख) पृथ्वीमा अन्धकार छाउनेछ । यर्मिया ४:२३,२८

(ग) सैतान र उसका दूतहरुलाई पृथ्वी बस्न बाध्य पारिनेछ । प्रकाश २०:१-३

(घ) धर्मीहरु स्वर्गमा न्यायको काममा सहभागी हुनेछन् । प्रकाश २०:४

(ङ) दुष्टहरु मरेका हुनेछन् । यर्मिया ४:२५ यशैया ११:४

एक हजार वर्षको अवधिमा पृथ्वीमा कुनै समयमा जीवित रहेको आत्मा यी दुई स्थानहरू मध्ये एकमा हुनेछन् ।

(१) पृथ्वीमा : मरेका वा हराइएका ।

(२) स्वर्गमा : न्यायको काममा सहभागी भएका ।

१०. एक हजार वर्षको अन्तमा पवित्र नगर नयाँ जेरुसलेम स्वर्गबाट पृथ्वीमा आउनेछ । यसमा को हुनेछन् ? यसलाई कहाँ स्थापित गरिने छ ?

*"मैले यो देखें, पवित्र शहर जेरुशलेम स्वर्गबाट पृथ्वीमा झरिरहेको थियो" र मैले स्वर्गबाट एउटा ठूलो आवाज सुनें, भनिरहेको थिएँ "हेर ! परमेश्वरको वास मान्छेहरुसँग भएको छ ।" प्रकाश २१:२-३*

*"हेर परमेश्वरको दिन आउँदैछ" । "त्यसदिन उहाँको खुट्टाले जेरुसलेमको सम्मुख पूर्वतिर भएको जैतुन पर्वतमा टेक्नेछ । जैतुन पर्वतको बिचमा धाँदो फाट्नेछ । अनि त्यस पछि मेरो परमेश्वर सबै पवित्र जनहरुसँग आउनुहुनेछ" । "गेवा देखि जेरुसलेमको दक्षिण रिम्मोन सम्म सबै देश अरावा जस्तै समथर भइजानेछन" । जकरिया १४,१,४,५,१०*

उत्तर : नयाँ जेरुसलेम जैतुन डाँडामा स्थापित गरिनेछ । जब नयाँ जेरुसलेम स्वर्गबाट पृथ्वीमा आउँछ, पहाडलाई समथल बनाइन्छ र त्यहाँ त्यो शहरलाई स्थापित गरिने छ । सबै यसका धार्मीक मान्छेहरु, ( जकरिया १४:५) स्वर्गीय दूतहरु, (मत्ती २५:३१ साथै परमेश्वर पिता (प्रकाश २१:२,३) र परमेश्वर पुत्र (मत्ती २५:३१) प्रभु येशूको तेस्रो आगमनमा पवित्र शहरको साथमा पृथ्वीमा आउनुहुनेछ । प्रभु येशूको दोस्रो आगमन धर्मी मान्छेहरुको लागि हो र तेस्रो आगमन चाहिँ उहाँका धर्मीजनहरु सँगै हुनेछ ।

**येशुको तिन आगमनहरु**

(क) पहिलो आगमन बेतलेहेमको गोठमा जन्म लिनुभयो ।

ख) दोस्रो आगमन बादलमा हुनेछ र एक हजार वर्षको शुरु हुनेछ । धर्मीजनहरुलाई स्वर्ग लानुहुनेछ ।

(ग) एक हजार वर्षको अन्तमा नयाँ जेरुसलेमको साथ येशूको तेस्रो आगमन हुनेछ ।

११. त्यस समयमा दुष्टहरुलाई के हुन्छ ? यसले सैतानलाई कसरी असर गर्नेछ ?

*"बाँकी मरेकाहरु चाहीँ त्यो एक हजार वर्ष नवितुन्जेल बाँचेनन्" । एक हजार वर्ष वितेपछि सैतानलाई उसको कैदबाट छोडिने छ र देश देशको मान्छेलाई ठग्न जानेछ । प्रकाश २०:५,६,८ ।*

उत्तर : जब एक हजार वर्ष वित्छ तब येशुको तेस्रो आगमन हुन्छ त्यस समयमा दुष्टहरुको पुनरुत्थान हुन्छ । सैतानलाई उसको कैदबाट मुक्त गरिन्छ, त्यसपछि पृथ्वी मानिसहरुले भरिन्छन र उनीहरुलाई सैतानले ठग्ने छ ।

१२. सैतानले त्यसपछि के गर्ने छ ?

*"सैतान, पृथ्वीको चारै दिशामा भएका देश देशका मानिसहरुलाई ठग्न अर्थात गोग मागोगलाई लडाईमा जम्मा गर्नलाई*

*निस्केर आउनेछ । तीनका संख्या समुद्रका वालुवा जतिकै हुनेछ । तिनीहरुले सारा पृथ्वी भरी पवित्र जनहरुका छाउनीका वरीपरी र प्रिय शहरलाई घेरे र स्वर्गबाट आगो बर्सेर तिनीहरुलाई भस्म पाऱ्यो । प्रकाश २०:७-९*

**उत्तरः** सैतान आफ्नो साँचो स्वभाव अनुसार तुरुन्त हरेक युगमा छोडिएका दुष्टहरुलाई झूठ कुरा गरेर ठग्न सुरु गर्नेछ । सैतानले यो दावि गर्दछ, त्यो नयाँ जेरुसलेम उसको हो र उसलाई अन्यायपूर्ण तरिकाले स्वर्गबाट निकालियो, परमेश्वर शक्तिको भोगी, असत्य, पृथ्वीबाट नै नष्ट पार्न भयानक आगो पठाउन तयारी गर्दैछ भनि मान्छेहरुलाई भ्रममा पार्ने छ । यदि हामीहरु एकतामा भयौं भने परमेश्वरले यस्तो मौका पाउने छैन । सम्पूर्ण विश्व एक "शहरको" विरुद्धमा देखिएमा विजय निश्चित छ । त्यसपछि सबै एकतामा जुट्ने छ र आफ्नो सबै लडाकुहरुले नया जेरुशलेमलाई घेर्नेछन्।

१३. पवित्र शहर नष्ट गर्ने सैतानको योजनालाई केले रोक्नेछ ?

*"स्वर्गबाट आगो खस्यो र तिनीहरुलाई नष्ट पाऱ्यो र सैतान जसले सबैलाई ठग्थ्यो उसलाई आगो र गन्धकमा फालियो । जुन चाँहि दोस्रो मृत्यु हो" । (प्रकाश २०:९,१०, २१:८०) ।"तिमीहरुले दुष्टहरुलाई कुल्चनेछौ, किनकी जुन दिन म यो काम गर्छु, त्यस दिन तिनीहरु तिमीहरुका पैतालामुनी खरानी जस्तै हुनेछन्" । (मलाकी ४:३)*

**उत्तर :** स्वर्गबाट एक्कासी आगो खस्ने छ (धेरै मान्छे माथिबाट होइन तल नरकबाट भन्ने विश्वास गर्दछन्) र तुरुन्त ती दुष्टहरु सैतान र त्यसका दूतहरु खरानीमा परिवर्तन हुनेछन् । (मत्ती २५:४१) । यो आगोले पाप र पापीलाई नष्ट पार्छ, यहि नै दोस्रो मृत्यु हो । यस्तो प्रकारको मृत्युको कुनै पुनरुत्थान हुने छैन् । यो नै अन्त्य हो । ध्यान दिनुहोस् साधारणतया विश्वास गरिएझैं सैतान यो आगो तिर जानेछैन । ऊ यसैमा हुनेछ, र यसले उसलाई उसको अस्तित्ववाट मेटाउने छ । (समय समयमा नर्कवाट आउने भनिएको आगोको वारेमा थप जान्नको लागि अध्ययन निर्देशिका १० हेर्नुहोस्)

१४. जब आगो बलेर जानेछ र निभेर जान्छ, कस्तो महिमित र आनन्दित अर्को घटना घट्ने छ ?

*"हेर ! म नयाँ स्वर्ग र पृथ्वी सृष्टि गर्ने छ" । यशैया ६५:१७ । "उहाँको प्रतिज्ञा बमोजिम हामी नयाँ स्वर्ग र पृथ्वीको बाटो हेर्छौं, जहाँ धमीर्कताले बास गर्छु" । २ पत्रुस ३:१३ ।"सिंहासनमा बस्नेले भन्नुभयो, हेर ! म सबै कुरा नयाँ तुल्याउने छु"*

*। प्रकाश २१:५ । “हेर ! परमेश्वरको बासस्थान मानिसहरुसँग भएको छ, उहाँ तिनीहरुसँग बास गर्नुहुनेछ र तिनीहरु उहाँका मानिस हुनेछन्, परमेश्वर आफै तिनीहरु सँग भएर तिनीहरुका परमेश्वर हुनुहुनेछ” । प्रकाश २१:३*

उत्तर : परमेश्वरले नयाँ स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुनेछ नयाँ जेरुसलेम सारा जगतको केन्द्र (राजधानी) हुनेछ र परमेश्वरले सबैलाई नयाँ तुल्याउनु हुनेछ । पाप सदाको लागि खतम हुनेछ । परमेश्वरले प्रतिज्ञा गर्नु भए बमोजिमको राज्य धर्मीजनहरुले प्राप्त गर्ने छन् । उनीहरुको सबै दुःख कष्ट हराएर आनन्द शान्ति र खुशी आउने छ । यशैया ३५:१० । परमेश्वरले तपाईका लागि ठाउँ तयार पार्नु भएको छ । युहन्ना १४:१-३ । यसमा प्रवेश गर्न योजना बनाउनुहोस, प्रभु येशू तपाईलाई पर्खिरहनु भएको छ । (पुरा जानकारीको लागि अध्ययन निर्देशिका ४ हेर्नुहोस्)

**एक हजार वर्षको अन्तमा हुने घट्नाहरुको पुनरावलोकनः**

(क) धर्मीजनहरुसँग प्रभु येुको तेस्रो आगमन । -जकरिया १४:५

(ख) जैतुन पहाडलाई सम्म पारिनेछ र पवित्र शहरलाई त्यसमाथि बसालिने छ । -जकरिया १४:४,१०

(ग) परमेश्वर पिता स्वर्गीय दूतहरु र धार्मिक मान्छेहरु येशू खीष्टका साथमा आउने छन् । -प्रकाश २१:१-३ मत्ती २५:३१ जकरिया १४:५

(घ) सैतानलाई कैद मुक्त गरिनेछ र दुष्टलाई उठाइनेछ । -प्रकाश २०:५,७

(ङ) सैतानले सबै देशलाई बहकाउने छ । -प्रकाश २०:८

(च) दुष्टहरुले पवित्र शहरलाई घेर्ने छन् । -प्रकाश २०:९

(छ) आगोद्वारा दुष्टहरुलाई नाश गरिने छ । -प्रकाश २०:९

(ज) नयाँ स्वर्ग र पृथ्वी सृष्टि गरिने छ । -यशैया ६५:१७, २ पत्रुस ३:१३, -प्रकाश २१:१

(झ) परमेश्वरका मानिसहरु खीष्टसँग अनन्त आनन्द मनाउने छन् । -प्रकाश २१:२-४

**प्रकाश २० अध्यायको एक हजार वर्षको समय ।**

हजार वर्षको अवधिमा हुने घट्नाहरु

१. पृथ्वी उजाड र अन्धकार स्थानमा परिवर्तन हुनेछ ।

२. सबै दुष्टहरु पृथ्वीमा मरेका हुनेछन् ।

३. सैतान पृथ्वीमा बाँधिने छ ।

४. धर्मीहरुले स्वर्गमा न्याय गर्नेछन्

## पहिलो पुनरुत्थान

एक हजार वर्षको शुरुमा घट्ने घट्नाहरु ।
(१) भयंकर भुकम्प हुनेछ र ठूला ठूला असिना पर्नेछ ।
(२) धर्मी मान्छेहरुको लागि प्रभु येशूको दोस्रो आगमन ।
(३) मरेका धर्मीजनहरु जीवनमा पुनरुत्थान हुनेछन् ।
(४) धर्मीहरुले अमरत्व धारण गर्नेछन् ।
(५) धर्मीहरुलाई प्रभु येशुको जस्तो शरीर दिइनेछ ।
(६) सबै धर्मीहरु बादलमा जानेछन् ।
(७) प्रभु येशुको उपस्थितिले दुष्टहरु मर्नेछन् ।
(८) जो दुष्टहरु पहिले चिहानमै थिए उनीहरु चिहानमा रहनेछन् ।
(९) प्रभु येशुले धर्मीजनहरुलाई स्वर्ग उठाउनु हुनेछ ।
(१०) सैतान बाँधिने छ ।

## दोस्रो पुनरुत्थान

एक हजार वर्षको अन्तमा हुने घट्नाहरु
(१) परमेश्वरका जनहरु सहित प्रभु येशूको तेस्रो आगमन ।
(२) पवित्र शहर जैतुनको डाँडामा स्थापित हुनेछ ।
(३) परमेश्वर पिता, स्वर्गदूतहरू येशूसँग आउनेछन् ।
(४) दुष्टहरुको पुनरुत्थान हुनेछ र सैतानलाई कैद मुक्त गरिनेछ ।
(५) सैतानले सबैलाई फेरी ठग्ने छ, जसले पवित्र शहरलाई घेर्नेछन्
(६) दुष्टहरु आगोद्वारा नष्ट पारिनेछ ।
(७) नयाँ स्वर्ग र पृथ्वीको सृष्टि गरिने छ ।
(८) परमेश्वरका मान्छेहरु प्रभु येशूसँग अनन्त आनन्द मनाइरहनेछन् ।

१५. येशू आफ्ना सन्तहरूका निम्ति कति शीघ्र आउँदै हुनुहुन्छ भनेर के हामीले थाहा पाउन सक्छौं ?

*"जब यी कुराहरु भएको देखौंला तब ढोकामै छ भन्ने थाहा पाउने छौं" । मत्ती २४:३३ "तर यी कुराहरु हुनेछन तब शिर उठाएर माथि हेर तिम्रो छुटकारा नजिकै आएको छ" । लुका २१:२८ । "किनभने परमप्रभुले समाप्त गरेर छोट्याउँदै पृथ्वीमा आफ्नो वचन पुरा गर्नुहुनेछ" । रोमी ९:२८ । "जब मानिसहरुले शान्ति र सुरक्षा गरिरहेका हुन्छन, तब सुत्केरी हुने स्त्रीलाई व्यथा लागेझैँ अचानकसँग तिनीहरुमाथि विनाश आइलाग्ने छ" । १ थेस्लोनिकी ५:३*

उत्तर : प्रभु येशूले भन्नु भएको आगमनको चिन्हहरु सिघ्र पुरा भएका छन भने त्यो दिन आएको हुनेछ, तब हामीहरु खुसीले आनन्दित हुनुपर्छ । उहाँको आगमन नजिक आएको छ, - हाम्रो ढोका मै छ । पावल प्रेरितले पनि भनेका छन् कि जब विश्वमा शान्ति र सुरक्षाको कुराहरु हुनेछन तब हामीले जान्नुपर्छ कि येशूको आगमन नजिकै छ । अन्तमा बाईबलले यो बताउँछ कि परमेश्वरले समाप्त गरेर छोट्याउँदा पृथ्वीमा आफ्नो वचन पुरा गर्नु हुनेछ । शंका गर्नु हुदैन हामी एकदम अन्तको समयमा बाँचिरहेका छौं । हामीले आशा नगरेको समयमा प्रभु आउनुहुन्छ, उहाँ आउने समय घडी कसैले थाहा पाउँदैन, मात्र परमेश्वर पिताले जान्नु हुन्छ । मत्ती २४:३६ प्रेरित १:७ हामी तयारी हुनु नै हाम्रो सुरक्षा हो।

१६. प्रभु येशु खीष्ट जसले तपाईलाई प्रेम गर्नु हुन्छ र उहाँले तपाईका लागि उहाँको अनन्त राज्यमा बस्नको लागि ठाउँ तयार गर्नु भएको छ । के तपाई त्यो महिमित घरमा वस्न योजना वनाई रहनुभएको छ जुन येशू स्वयम्वाट वनाइएको छ ?

उत्तर
तपाईको.........................................................................

## तपाईको विचारमा रहेका प्रश्नहरुका उत्तरहरु ।

१. पवित्र शहर तल झरेको देखि दुष्टहरुलाई नष्ट पारेको समय कति हुनेछ?

उत्तर : पवित्र शास्त्र बाइबल बताउँछ यो “छोटो समय” हुनेछ (प्रकाश २०:३) । सैतानलाई उसको योजनामा सफल बनाउन र लडाईंको अस्त्र शस्त्र तयार गर्न निकै समयको आवश्यकता पर्दछ । पवित्र शास्त्रमा यसको ठिक समयको वारेमा माथि प्रकाश पारिएका छैन ।

२. परमेश्वरको त्यो नयाँ राज्यमा मानिसहरुको शरीर कस्तो प्रकारको हुनेछ ?

उत्तर : उद्धार गरिएकाहरुको शरीर प्रभु येशूको शरीर जस्तै हुनेछ भनी पवित्र शास्त्रले भन्दछ । फिलिप्पि ३:२१ । प्रभु येशूको पुनरुत्थान पछि पनि येशूको शरीर हाड र मासुले बनेको वास्तविक शरीर नै थियो - लुका २४:३६-४३ । उद्धार भएकाहरु आत्मा मात्र हुनेछैनन् । आदम र हब्बा जस्ता थिए त्यस्तै हुनेछन् । बास्तविक शरिरमा हुनेछन् ।

३. प्रभु येशुको दोस्रो आगमनमा हराएकाहरुले कस्तो प्रतिकृया देखाउने बारेमा बाईबलले के बताउँछ ?

उत्तर : हो । बाईबलले यस प्रकारले बताउँछ, तिनीहरु कराएर भन्नेछन्, “हे पहाड, हे चट्टान हामी माथि खस र सिंहासनमा विराजमान हुनेको र थुमाको कोधबाट हामीलाई लुकाउ” “किनकि तिनीहरुको कोधको ठूलो दिन आएको छ र को खडा हुन सक्छ” । प्रकाश ६:१६-१७ (प्रकाश ६:१४-१५ पदहरु पनि पढ्नुहोला) । अर्का तर्फ धर्मी मान्छेहरुले यसो भन्नेछन् “हेर ! हाम्रो परमेश्वर हामीले उहाँको बाटो हेर्‍यौं र उहाँले दिनुभएको मुक्तिमा हामी खुसी हुने छौ र रमाउने छौं”।

४. जब पवित्र शहरलाई तल झारिन्छ, के दुष्टहरुले धार्मिक मान्छेहरुलाई पवित्र शहरभित्र हेर्न सक्नेछन् ? देख्नेछन् ?

उत्तर: बाईबलले बताउँछ, पवित्र शहर प्रष्टसँग देखिने छ । प्रकाश २१:११,१८ धार्मिक मान्छेहरुले दुष्टहरुलाई देख्नेछन् । भजन ३७:३४ । दुष्टहरुले पनि धार्मिक मान्छेहरुलाई देख्नेछन । लुका १३:२८ । यसको मतलब त्यहाँ केहि धेरै दुःखदायी घट्ना हुनेछ । बचाइएकाहरु पवित्र शहर भित्र हुन्छन भने, गुमेकाहरु शहरको बाहिर हुन्छन्, त्यो अवस्थाको बारेमा मान्छेहरुको शब्दले वर्णन गर्न कठिन छ ।

५. पवित्र शास्त्र बाइबलले बताउँछ, परमेश्वरले मानिसहरुको आँशु पुछिदिनुहुनेछ, त्यहाँ मृत्यु हुनेछैन, दुःख हुने छैन । यो कहिले हुनेछ ?

उत्तर: प्रकाश २१-१-४ र यशैया ६५:१७ भनिए अनुसार पाप र पापीहरुको नष्ट पारेपछि हुन्छ । जब आगोद्वारा अन्तिम न्याय गरिन्छ, तब परमेश्वरका मानिसहरु विभिन्न कारणले दुःखमा हुनेछन् । परमेश्वरका मान्छेहरुले आफ्ना सबै मान्छेहरुलाई गुमाएको, उनीहरु स्वर्गमा नभएको देखेर उनीहरुका आँखा आशुले भरिन्छन् उनीहरुको मन दुख्छ । आगो माथि गइसकेपछि परमेश्वरले तिनीहरुको आँशु पुछिदिनुहुनेछ । त्यसपछि परमेश्वरले आफ्ना मान्छेहरुको लागि नयाँ स्वर्ग र नयाँ पृथ्वी सृष्टि गर्नुहुनेछ जसले गर्दा उहाँका मान्छेहरुमा बताउन नसक्ने आनन्द पुरा भएको हुनेछ । त्यसपछि दुःख, कष्ट, निरास, रुवाई, पिडा र मन दुखाई सदाको लागि समाप्त हुनेछ ।

६. कसरी दुष्ट स्वर्गदूत र मानिसहरूको विनाशले पिता र पुत्रलाई असर पार्छ ?

उत्तर : स्पष्ट छ तिनीहरु कष्टबाट मुक्त भएका हुनेछन् र घिनलाग्दो पाप यस संसारबाट विनाश भएको हुनेछ । तिनीहरुलाई दुःखको गहिरो अनुभव हुनेछ, जसलाई उनीहरुले माया गर्थे र जसकालागि प्रभु येशु मर्नु भएको थियो। उनीहरुले पापलाई स्वीकार गरे र मुक्तिलाई इन्कार गरे । कुनै समयमा सैतान आफै पनि तिनीहरूको आत्मीय, व्यक्तिगत मित्र थिए र आगोमा पर्ने प्रायः मानिसहरू तिनीहरूका प्रिय थिए । यो अवस्था परमेश्वरको निम्ति आफ्नै पुत्रको मृत्यु हुने अवस्था झैँ हुनेछ । पाप आफ्नो उद्गम काल देखि नै पिता र पुत्रको निम्ति एक ठूलो बोझको रूपमा रहेको छ । पिता र पुत्रको मुख्य लक्ष्य भनेको नै मानिसहरूलाई प्रेम गर्नु र तिनीहरूलाई प्रेमपूर्वक मुक्ति तर्फ डोऱ्याउनु हो । उहाँको भावना होसे ११:८ मा प्रस्तुत गरिएको छ । NASB : "म तिमीहरूलाई कसरी त्याग्न सक्छु, ए एफ्राइम हो ? म तिमीलाई कसरी हराउन सक्छु हे इजरायल । ... मेरो हृदय म तर्फ नै फर्केको छ । मेरा सवै करूणा प्रज्वलित भएको छ ।"

७. प्रभु येशूको कस्तो प्रकारको शरीर छ ?

उत्तर : प्रभु येशुको हाड र मासुको शरीर छ । प्रभु येशुको पुनरुत्थान पछि चेलाहरु कहाँ देखापर्नु भयो । उहाँले प्रमाणित गर्नु भयो उहाँ हाड र मासुकै शरीरमा हुनहुन्छ । चेलाहरुले उहाँको शरीरलाई छोएर उहाँले मह र माँछा खानु भयो ।

<u>प्रभु येशु उचालिनु हुन्छ</u>

वेथानीसम्म उहाँहरु कुरागर्दै हिंड्नु भयो र उहाँ स्वर्ग उचालिनु भयो । लुका २४:४३-५१ । चेलाहरुको साथमा स्वर्गदूतहरु देखा परे र प्रभु येशु उचालिनु भएको व्याख्या गरे । यहि येशू जो तिमिहरु उहाँलाई स्वर्ग गइरहेको देखेका छौं त्यहि प्रकारले येशू फेरी आउनुहुने छ । प्रेरित १:११

<u>यहीँ येशु फेरी आउनुहुनेछ ।</u>

स्वर्गदूतहरुले ढाड्स दिदै भने हाड र मासुमा उही प्रभु येशू फेरी संसारमा आउनुहुनेछ । उहाँ वास्तविक शरीरमा आत्मा होइन, पुनरुत्थान भएका र परिवर्तन भएका धार्मिक जनहरूको शरीर उहाँको शरीर जस्तै हुनेछ । फिलिप्पि ३:२१, १ युहन्ना ३:२ धर्मीजनहरु स्वर्गीय शरीर र अमरत्व प्राप्त गर्नेछन् । १ कोरन्थी १५:५१-५५

# सारांश पत्र

कृपया यो सारांशपत्र पुरा गर्नुभन्दा पहिला राम्ररी अध्ययन गर्नुहोस । सबै प्रश्नहरु र उत्तरहरु यहि पुस्तकमा पाउनु हुनेछ । सहि उत्तरमा चिन्ह लगाउनु होस ।
संख्या बक्समा दिएको छ ।

१. प्रकाश २०अध्यायमा उल्लेख गरिएको हजारवर्षको अवधिको शुरुमा हुने १० घट्नाहरूमा चिन्ह लगाउनु होस्।(१०)

- ❑ येशुको दोस्रो आगमन हुनेछ ।
- ❑ भयंकर भुकम्प र ठूला ठूला असिना पर्नेछन् ।
- ❑ मरेका धर्मीजनहरु बौरि उठ्ने छन् ।
- ❑ सैतान बाँधिने छ ।
  जीवित दुष्टलाई मारिने छ ।
- ❑ धर्मीजनलाई अमरता दिइने छ ।
- ❑ पवित्र शहर तल झर्ने छ । धर्मीजनहरु स्वर्ग लगिने छ ।
- ❑ चिहानमा भएका दुष्टहरु मरि नै रहने छन् ।
- ❑ धर्मीजनहरुलाई येशूको जस्तो शरीर दिइने छ ।
- ❑ धर्मीजनहरु बादलमा भेट्न जानेछन् ।
- ❑ प्रभु येशू नयाँ जेरुसलेममा पस्नु हुनेछ ।

२. प्रभु येशुको दोस्रो आगमनलाई पृथ्वीमा रहेका हरेक जीवित मान्छेहरुलाई देख्ने छन् (१)

- ❑ सत्य
- ❑ असत्य

३. स्वर्गमा धर्मीजनहरुसँग आत्मा अथवा भूतको जस्तै शरीरमा हुनेछ ।

- ❑ सत्य
- ❑ असत्य

४. तल दिएका एक हजार वर्ष अवधि सम्बन्धि विवरणमा कुन चाहिँ सत्य छ ? (२)

- ❑ धेरै पापीहरु परिवर्तन हुनेछन् ।
- ❑ सैतान र उसका दूतहरु पृथ्वीमा रहन बाध्य पारिन्छ् ।
- ❑ हेर्नको निम्ति टेलिभिजन छैन भनेर सैतानलाई बाँधिन्छ ।
- ❑ एक हजार वर्षको अवधिमा पृथ्वी उज्यालो र घमाइलो हुन्छ ।

- ❑ सैतानले मरेका दुष्टहरुलाई जीवन दिएर उठाउँछ । उनीहरुलाई एकतामा राख्न ।
- ❑ स्वर्गमा धर्मीजनहरु न्याय गर्नमा सहभागी हुन्छन् ।

५. तल दिएका विवरणम एक हजार वर्षको अन्तिम अवधि सम्बन्धित कुन कुरा सत्य छ? (४)

- ❑ प्रभु येशू पाँचौ पटक आउनु हुनेछ ।
- ❑ पवित्र शहर वासिङटन डि.सी मा स्थापित हुन्छ ।
- ❑ परमेश्वर पिता र स्वर्ग दूत प्रभु येशूको साथमा आउनु हुन्छ ।
- ❑ दुष्टहरु बौरी उठ्ने छन् ।
- ❑ प्रभु येशू धर्मीजनसँग आउनुहुनेछ ।
- ❑ परमेश्वरले दुष्टहरुको पुनरुत्थान नगर्ने निर्णय गर्नुहुनेछ ।
- ❑ दुष्टहरुलाई क्रोधित दूतहरू द्वारा नाश पारिन्छ ।
- ❑ परमेश्वरले नयाँ स्वर्ग र पृथ्वी सृष्टि गर्नु हुन्छ ।
- ❑ परमेश्वरले सैतानलाई यस ब्रम्हाण्डबाट नै खतम पार्नु हुनेछ ।
- ❑ सैतानले नयाँ शहरलाई शक्तिशाली मिसायल द्वारा नाश पार्नेछ ।

६. साङ्गलोले बाँधेको सैतान हुनेछ । (३)

- ❑ सांकेतिक परिस्थितिको साङ्गलो ।
- ❑ पृथ्वीमा बस्न बाध्य पारिने छ ।
- ❑ धेरै कडा धातुले बनिएको ।
- ❑ चौविस घण्टामा सैतानले चुडाल्ने छ ।
- ❑ जो धर्मीजन स्वर्गमा हुन्छन्, उनीहरुलाई सुरक्षित गर्न ।

७. अगाध खाँद सम्बन्धमा तलदिएको विवरण कुन चाहिँ सत्य छ ?

- ❑ अत्यन्त गहिरो पृथ्वी भित्रको ठुलो (प्वाल)
- ❑ यसको मतलब "एवेश"
- ❑ यो भनेको पृथ्वी शून्य तथा अँध्यारो छ ।
- ❑ यो नरकको अर्को नाम हो ।

८. प्रभु येशूको पहिलो, दोस्रो र तेस्रो आगमनको बारेमा दिएको विवरणहरुमा कुन सत्य छ । (३)

- ❑ पहिलो आगमन वेतलेहम शहरमा पवित्र बादलको रुपमा
- ❑ पहिलो आगमन नोआको समयमा थियो ।
- ❑ दोस्रो आगमन मार्टिन लुथरको समयमा भएको थियो ।
- ❑ प्रभुयेशूको दोस्रो आगमन एक हजार वर्षको शुरुमा हुनेछ ।
- ❑ तेस्रो आगमन एक हजार वर्षको अन्तमा हुनेछ ।

❑ तेस्रो आगमन नयाँ स्वर्ग र पृथ्वी सृष्टि भएपछि हुनेछ ।

९. दुष्टहरुको आगोद्वारा नष्ट हुनु नै दोस्रो मृत्यु हो । (१)

❑ सत्य

❑ असत्य

१०. प्रभु येशुले तयार पार्नु भएको राज्यमा जान म साँच्चै तयारी हुने योजना बनाउँदै छु ।

❑ हो

❑ होइन

# १३ हाम्रा निम्ति परमेश्वरको स्वतन्त्र स्वास्थ्य योजना

उच्चकोटीको ! मेडिकल स्यहार अमुल्य छ - यो साँच्चै अचम्म लाग्दो हुन्थ्यो होला जब हामीलाई डाक्टरको आवश्यकता नै नभएको भए ? के तपाईहरुलाई थाहा छ, डाक्टरहरूको आवश्यकतालाई कम गर्ने एउटा प्रमाणित तरिका छ ? त्यो हो आफ्नो शरीरको राम्रो हेरचाह गर्नु, बैज्ञानिकले मानिसहरुलाई कोलेस्ट्रल, चिन्ता, मोटोपन, रक्सी र रगतमा बोसो जस्ता रोगहरु देखि होसियार होऊ भनेका छन्, त्यसैले किन आफ्नो भाग्यमा भर पर्ने ? अस्पताल र मनोविज्ञान केन्द्र मान्छेहरुले भरिएका छन जसले ती चेतावनीहरूलाई अस्वीकार गर्दछन् । के तपाइँहरु यस्ता व्यक्तिको विचारलाई स्वीकार गर्नुहुन्छ ? हामी कसरी हाम्रो शरीरलाई स्वस्थ्य राख्छौं, यसमा परमेश्वर चिन्तित रहनुहुन्छ र उहाँले हामीलाई स्वतन्त्र स्वास्थ्य योजना र एउटा सजिलो माध्यम दिनुभएको छ ...बाईबल !! आश्चर्यपूर्ण सत्यले हामीलाई स्वस्थ रहन र दीर्घायु जीवन व्यतित गर्न सिकाउँछ, यो अध्ययन निर्देशिका एकपटक निहालेर हेर्नुहोस् - तर तपाई कुनै निर्णयमा आउनु भन्दा अगाडि तपाईले निश्चित रुपमा यो पुस्तकलाई अध्ययन गर्नुपर्नेछ ।

१. के स्वास्थ्य सिद्धान्तहरु साँच्चै सत्य बाइबलको एक भाग हुन् ?

*"प्रिय मित्र ! म प्रार्थना गर्दछु, कि सबै कुरामा तिम्रो भलो होस् र तिम्रो स्वास्थ्य ठीक रहोस् ! तिम्रो आत्मिक जीवन ठीक होस् भन्ने म चाहन्छु" ३ युहन्ना २*

उत्तर: यो सत्य हो । यो भन्दा पनि अझ बाईबलले स्वास्थ्यको अधिकारलाई उच्च स्थान दिन्छ । मानिसको दिमाग, आत्मिक व्यवहार, र शरीर एक आपसमा सम्वन्धित र एक अर्कामा भर पर्दछन् । यदि एकलाई असर पर्‍यो भने अर्कोलाई पनि बाधा आउँछ । यदि हाम्रो शरीर नराम्रो तरिकाले प्रयोग गरियो भने, हाम्रो शरीर आत्मिकी व्यवहार परमेश्वरले चाहे र खोजे अनुसार हुन सक्दैन ।

२. किन परमेश्वरले स्वास्थ्य नियमहरु आफ्नो मानिसहरुलाई दिनुभयो ?

"परमप्रभुले नै हामीहरुलाई यी सबै विधि पालन गर्ने र परमप्रभु हाम्रा परमेश्वरको भय मान्ने आदेश दिनुभएको हो । त्यसो गर्दा हाम्रो निरन्तर हित हुनेछ, साथै आजको प्रर्यत्न झैं उहाँले हाम्रो जीवनको पनि रक्षा गर्नुहुनेछ" व्यवस्था ६:२४" तिमीहरुले परमप्रभु आफ्नो परमेश्वरको सेवा गर्नु, र उहाँले तिमीहरुका अन्न पानीमा

आशिष दिनुहुनेछ । म तिमीहरुका बीचबाट रोगहरु हटाई दिनेछु ” प्रस्थान २३:२५

उत्तर: परमेश्वरले हामीलाई स्वास्थ्यका नियमहरु दिनुभयो किनकी उहाँलाई हाम्रो शरीरको सबैभन्दा उत्तम चीजको जानकारी छ । सवारीसाधन उत्पादकलाई एउटा नयाँ कारमा राखिने सबै औजारको राम्रो जानकारी हुन्छ । कुन पुर्जा कहाँ राख्दा राम्रो हुन्छ यो सबैको राम्रो ज्ञान हुन्छ त्यसरी नै परमेश्वरले निर्माण गर्नुभएको यो हाम्रो शरीरको पनि “परिचालन निर्देशिका ” छ । यसलाई पवित्र बाईबल भनिन्छ, जसले परमेश्वको “परिचालन निर्देशिकालाई” इन्कार गर्छ त्यसलाई रोगहरुले सताउनेछ, नराम्रो सोच विचार उत्पन्न हुनेछ र जीवन नष्ट हुनेछ जसरी एउटा नयाँ कारको दुर्घटना हुन्छ (जब कारमा “परिचालन निर्देशिका” तलमाथि हुन्छ) परमेश्वरको आज्ञा पालन गर्नाले “स्वास्थ्यको उद्धार” (भजनसंग्रह ६७:२) र अझै धेरै जीवनको अवधि बढ्नेछ (यूहन्ना १०:१०) यी स्वास्थ्य सम्वन्धि नियमहरु ठूल्ठूला पर्खाल जस्तै हुन् जसले सैतानका रोगहरु देखि वचाउँछ । परमेश्वरले यी नियमहरु सैतानको पासोवाट वच्नको लागि दिनुभयो ।

३. के परमेश्वरको स्वास्थ्य नियमहरुले खानु र पिउनुको बारेमा केही भन्दछ ?

सुँगुरहरू अशुद्ध छन् ।

*“जे कुरो असल छ त्यही तिमीहरु खाओ” यशैया ५५:२ “यसकारण चाहे तिमीहरु जे खाओ अथवा पिओ अथवा तिमीहरु जेसुकै गर सबै परमेश्वरकै महिमाको निम्ति गर ।” कोरिन्थी १०:३१*

उत्तर: हो, एक इशाईले खानु र पिउनु फरक तरिकाले गर्नुपर्दछ - जुन परमेश्वरको महिमा हुन्छ त्यो मात्र प्रयोग गर्नुपर्छ “जुनचाहि राम्रो छ” । यदि परमेश्वरले कुनै चीज खान योग्य छैन भन्नुहुन्छ, भने उहाँसँग कुनै राम्रो कारण हुनसक्छ । परमेश्वर निरकुंश हुनुहुन्न तर उहाँ त दयालु पिता हुनुहुन्छ । उहाँको सबै सल्लाह, सुझावहरु हाम्रो दिगो भलाईका लागि हुन् । बाईबलले प्रतिज्ञा गर्दछ “परमेश्वरले अनुग्रह र गौरव दिनुहुनेछ । इमानदारीसँग हिड्नेहरुदेखि उहाँले कुनै असल कुरा इन्कार गर्नुहुन्न” (भजनसग्रह ८४:११) यदि परमेश्वरले हामीवाट केही कुरा खोस्नुहुन्छ भने त्यो कुनै नराम्रो वस्तु हुनसक्छ ।

टिप्पणी : कुनै पनि व्यक्तिले स्वर्गमा आफ्नो तरिकाले खाना खान पाउने छैनन् । स्वर्गदूतको खाना खाँदैमा मनिसहरु स्वर्गको भागेदार

हुनछैनन तर यदि येशू ख्रीष्टलाई परमेश्वर र उद्धारकर्ताको रुपमा स्वीकार गरे मात्र स्वर्गको ढोका हाम्रो लागि खोलिनेछ । परमेश्वरको स्वास्थ्य नियमहरुलाई अस्वीकार गर्नाले एक व्यक्तिले आफ्नो जीवन गुमाउन सक्छ किनकि त्यसो गर्नाले उहाँको न्याय विग्रन्छ र मानिसहरु पाप गर्न बाध्य हुन्छन् ।

४. परमेश्वरले मानवको सृष्टि गर्नु भएपछि र एक सिद्ध आहार दिनुभएर मानिसलाई के खान दिनुभयो ?

*"साथै परमेश्वरले भन्नुभयो हेर, मैले तिमीहरुलाई पृथ्वीका सबै बिऊ उमार्ने बोटहरु र फलमा नै बिऊ हुने सबै फलका रुखहरु दिएको छु । ती तिमीहरुलाई आहारको निम्ति हुनेछन्" । "साथै उहाँले मानिसलाई यो आज्ञा दिनुभयो बगैंचाका सबै रुखका फल तैंले संकोच नमानी खाए हुन्छ ।" (उत्पति १:२१, २:१६)*

उत्तर: शुरुमा परमेश्वरले मनुष्यलाई आहारको रुपमा फलफूल, अन्न, र सात ठोस फल दिनुभएको थियो, तरकारी आहारको रुपमा पछि थपिएको थियो । (उत्पति ३:१८)

५. कस्तो प्रकारका आहारलाई विशेष गरी परमेश्वरले फोहोर भएको भन्नुभएको छ र खान प्रतिवन्ध लगाउनुभएको छ ?

उत्तर: लेबीको ११ र व्यवस्थाको १४ मा परमेश्वरले निम्न वर्गमा पर्ने जन्तुलाई फोहोर भएको भन्नुभएको छ । यी दुबै पाठ राम्रो सँग अध्ययन गर्नुहोस् ।

क. पशुमध्ये दुइ भागमा खुर चिरिएका र उगाउनेलाई तिमीहरुले खानु हुन्छ । व्यवस्था १४:६

ख. सबै माछा र पानीमा बस्ने प्राणीहरु जसको कत्ला र पुच्छर हुँदैन ती अशुद्ध हुन् बाँकी प्राय सबै माछाहरु शुद्ध हुन् (व्यवस्था १४:१)

ग. सबै चराहरु जसले सडेकुहेको मासु र माछा खान्छन् । लेवी ११:१३-२०

घ. प्राय "घस्रेर हिड्ने जन्तु" (अथवा जसको ढाड हुदैन) हरु पनि अशुद्ध हुन् (लेवी ११:२१-४२)

टिप्पणी : यी पाठहरुले हामीलाई प्राय सबै जनावर चरा चुरुङ्गी र पानीमा बस्ने जन्तु जसलाई भोजनका रुप ग्रहण गरिन्छ तिनीहरु शुद्ध हुन भनी सुचित गराउँछ । तर पनि यहाँ केही ध्यान दिनु पर्ने अपवादहरु छन् । परमेश्वरको नियम अनुसार उल्लेखित जनावरहरु अशुद्ध छन् र तिनीहरुलाई खान मनाही छ : सुँगुर, लोखर्के, खरायो, क्याटफिस, चिङ्गती (शिप्प), ओइस्टर, ईल, गंगटो, भ्यागुता ईत्यादि ।

६. तर मलाई सुगुँरको मासु मन पर्छ, के यो खाएमा परमेश्वरले मलाई नष्ट ?

"हेर, परमप्रभु अग्निसाथ आउँदै हुनुहुन्छ र उहाँको रायहरु चाहिँ आँधीबेहरी झैँ छन् । आफ्नो रिस झोकसित र आफ्नो हप्काई आगोको ज्वालासित उहाँले ल्याउनुहुनेछ । किनकि आगो र तरवारद्वारा परमप्रभुले सबै मानिसको न्याय गर्नुहुनेछ, र परमप्रभुबाट मारिएकाहरु धेरै हुनेछन् । ती जसले आफूलाई पवित्र र शुद्ध पारेर बगैँचामा सुँगुर (बँदेल), मुसा तथा अन्य घिनलाग्दा कुरा खानेमध्ये कसैलाई पच्छ्याउँछन, तिनीहरु सबैको एकैसाथ अन्त्य हुनेछ" परमप्रभु भन्नुहुन्छ" (यशैया ६६:१५-१७) ।

उत्तर : यो सुन्दा आश्चर्य लाग्न सक्छ तर यो भनिनै पर्छ । बाईबलले पनि "सुगुरको मासु" "मूसा" र अन्य अशुद्ध "घृणित" चीजको लाई गह्रण गर्ने, सबैलाई आगोको ज्वालाले नष्ट गरिदिने कुरालाई सकरात्मक रुपमा प्रस्तुत गर्दछ । जब परमेश्वरले हामीलाई केही छोड्न भन्नुहुन्छ र त्यसलाई नखानु भन्नु हुन्छ भने हामीले जसरी भएपनि त्यसलाई छोड्नु पर्छ । पाप रहित आदम र हाव्वाले स्याउको एउटा सानो टुक्रा मात्र खानाले यस संसारमा पाप र मृत्युको प्रवेश भयो । परमेश्वरले असर गर्छ भनको कुरालाई के कसैले असर गर्दैन भनेर भन्न सक्छ ? परमेश्वर भन्नुहुन्छ मान्छेहरु नष्ट हुनेछन् किनकि " जे मेरो दृष्टिमा खराब थियो, तिनीहरुले त्यही गरे र जुन कुरा मलाई मन पर्दैन, त्यही तिनीहरुले चुने ।" (यशैया ६६:४)

७. तर के यी शुद्ध र अशुद्ध जनावरका बारेमा नियमहरु सीनैबाट उत्पन्न भएको होइन् ? के यो नियम यहुदीको लागि मात्र थिएन, र के यसको अन्त्य क्रुसमा भएको होइन ?

*"तब परमेश्वरले नोआलाई भन्नुभयो तिमी र तिम्रो सबै जहान जहाजभित्र जाओ । किनभने यस पुस्तामा मेरो सामु तिमीलाई मैले धर्मी देखेको छु । सबै जातका शुद्ध पशुहरुमध्येका सात जोडी, अर्थात भाले र पोथी र जुन-जुन शुद्ध छैनन् तिनिहरु मध्येका दुई, अर्थात् भाले र पोथी तिमीले ल्याउनु" (उत्पति ७:१,२)*

उत्तर : अवश्य होइन । बाइबलमा अझ धेरै उदाहरणहरु छन् जसलाई सृष्टिको सुरुवात सँगै शुद्ध र अशुद्ध जनावरको भिन्नता गरिएको थियो । नोआ अन्य यहुदी भन्दा धेरै वर्ष अगाडी अस्तित्वमा थिए र उसलाई शुद्धता र अशुद्धताको बारेमा ज्ञान थियो, किनकी उसले जहाजमा सात जोडी शुद्ध र दुई जोडी अशुद्ध जोडी लगेको थियो ।

उत्पति १८:२ ले परमेश्वरको दोस्रो आगमनको अगाडि केही पंक्षीहरु अशुद्ध भएको जानकारी गराउँदछ । येशूको मृत्युले स्वास्थ्य नियमहरुमा परमेश्वरको मृत्यको केही असर पर्दैन, किनकि आज्ञाको पालन नगर्नेहरु परमेश्वर आउनुहुँदा नष्ट हुनेछ भनी बाईवलमा मानिएको छ, (यशैया ६६:१५-१७ ) । यहुदीको पेट र पाचनक्रिया अरु जातिको मान्छेको भन्दा भिन्न छैन् । यी स्वास्थ्य नियमहरु सबै युगका मान्छेहरुको लागि लागू गरिएका छन् ।

८. के बाइबलले दाखमद्यको प्रयोगलाई निषेध गर्दछ ?

*"दाखमद्य उपहास गर्ने हो र मदिरा चाहि कचिङ्गल मच्चाउने हो, यी कुराहरुको लतमा रुमलिनेहरु वुद्धिमान हुँदैनन्।" ( हितोपदेश २०:१) " रातो दाखमद्यमा एकपेक लगाएर त हेर, जब त्यो कचौरामा राख्दा फीजँ उठ्छ, जब त्यो सहजै उँधो जान्छ । अन्त्यमा त्यसले सर्पझैँ डस्छ, र गोमनले झैँ विष हालिदिन्छ" ( हितोपदेश २२:३१,३२) । "अधर्मीहरु परमेश्वरका राज्यको हकदार हुँदैनन् भन्ने के तिमीहरुलाई थाहा छैन ? घोखा नखाओ - अनौतिकहरु मूर्तिकपूजकहरु व्यभिचारीहरु समलिङ्गीहरु, पुरुषगामीहरु, चोरहरु, लोभीहरु, मतवालाहरु निन्दा गर्नेहरु लुटाहाहरु परमेश्वरको राज्यको हकदार हुनेछैनन् " (१ कोरिन्थी ६:१-१०)*

उत्तर: हो बाईबलले स्पष्टरुपमा दाखमद्य वा मदिरा आदिको सेवनलाई निषेध गर्दछ ।

९. के बाईबलले सुर्ती सेवनलाई गर्न मनाही गर्दछ ?

उत्तर: हो, बाईवलले परमेश्वरलाई सूर्ती सेवन गरेको मननपर्ने ६ वटा कारणहरु दिन्छ ।

क. सुर्तीको प्रयोगले स्वास्थ्यलाई असर पुऱ्याउछ

"के तिमीहरुलाई थाहा छैन तिमीहरु परमेश्वरका मन्दिर हौ र परमेश्वरका पवित्र आत्मा तिनीहरुमा वास गर्नुहुन्छ ? ... किनकि परमेश्वरको मन्दिर पवित्र हुन्छ र त्यो मन्दिर तिमीहरु नै हौ " (१ कोरिन्थी ३:१६,१७)

ख. निकोटिन एक अधिकल्म वस्तु हो जसले मानिसलाई आफ्नो दास वनाउँछ । (रोमी ६:१६ ले भन्छ आज्ञाकारी कमाराको रुपमा आफैलाई जसलाई समर्पण गर्छौं जसको आज्ञा तिमी पालन गर्छौं त्यसको कमारा पनि हुन्छौ" सुर्ती सेवन गर्नेहरु निकोटिनका दासहरु हुन् भनेर परमेश्वरले भन्नुहुन्छ "तब यशूले भन्नुभयो, "तिमीले

परमप्रभु आफ्ना परमेवरलाई दण्डवत् गर्नु र उहाँको मात्र सेवा गर्नु (मती ४:१०)

ग. खैनी खानु नराम्रो बानी हो "यसकारण तिनीहरुका बीचबाट निस्केर आओ, र तिनीहरुबाट अलग होओ परमप्रभु भन्नुहुन्छ । अशुद्ध कुरा केही नछोओ र म तिमीहरुलाई ग्रहण गर्नेछु ।" २ कोरिन्थीहरु ६:१७ । कुनै पनि रुपमा सूर्तीको सेवन गरेर खीष्टको वारेमा सोच्नु साँचै वेवकुफी हो ।

घ. सुर्तीको प्रयोग गर्नाले पैसाको नाश हुन्छ "जे रोटी नै होइन, त्यसको निम्ति किन पैसा खर्च गर्छौ ? (यशैया ५५:२) "त्यसबाहेक यो आवश्यक छ, कि भण्डारहरु विश्वासयोग्य ठहरिनुपर्छ (१ कोरिन्थी ४:२ )

ङ. खैनीको प्रयोगले कसैलाई पनि परमेश्वरमा ल्याउँदैन । "प्रिय हो, म तिमीहरुलाई आग्रहपूर्वक विन्ती गर्दछु कि विदेशी र प्रवासीहरु हौ भनी जानेर तिमीहरुका आत्माको विरुद्धमा लडाई गर्ने शारीरिक अभिलाषाहरुबाट अलग होओ । (पत्रुस२:११) सुर्ती सेवन शारीरिक अभिलाषा हो ।

च. खैनीको प्रयोगले जीवन छोट्याई दिन्छ । सुर्ती सेवनले हाम्रो जीवनकाल छोट्याई दिने कुरा हालैको एक वैज्ञानिक अध्ययनले जनाएको थियो । यसले जीवनको एक तिहाई काल घटाईदिन्छ यसले परमेश्वरको मृत्यु विरुद्धको आज्ञालाई भङ्ग गर्दछ (प्रस्थान २०:१३) । यद्यपि यो विस्तार हत्या भए पनि यो एक किसिमको हत्या हो । आफ्नो जीवनकालको अवधि बढाउनको लागि सुर्ती सेवन गर्न छोड्नु ठीक हुन्छ ।

१०. कस्ता स्वास्थ्य नियमहरु बाईबलमा सामान्य तर एकदमै महत्वपूर्ण रुपमा पाईन्छन् ?

उत्तर : यहाँ बाईबलको ११ बटा स्वास्थ्य नियमहरु छन् ।

क. भोजन कुनै एक निश्चित समयमा खानुहोस् र भोजन गर्दा कुनै पशुको बोसो र रगतको प्रयोग नगर्नुहोस् । "भोजन ठीक समयमा खानुहोस् "(उपदेशक १०:१७) "तिमीहरुले बोसो र रगत नखाओ यो तिमीहरुका पुस्तौ पुस्ताका निम्ति तिमीहरु जहाँ बसेतापनि अनन्तको विधि होस् " (लेवी ३:१७)

सुचना : हालैको एउटा बैज्ञानिक अध्ययनले यो पुष्टि गर्छ, प्राय धेरै जसो मुटु सम्वन्धित रोगहरु रगतमा कोलेस्ट्रोल बढ्नाले हुने गर्दछ र यसको जिम्मेवार बोसो हो । यस्तो लाग्छ परमेश्वर सबै जान्नुहुन्छ ।

ख. अत्यधिक भोजन नगर्नुहोस् "यदि तेरो खन्चुवा बानी छ भने तेरो घाँटीमा चक्कू राख" (हितोप्रदेश २३:२) लुका २१:३४ मा परमेश्वरले अन्तिम दिनमा धेरै खाना खानेहरुलाई खबरदारी गर्नु भएको छ। अत्यधिक भोजन गर्नु भनेको विभिन्न रोग निम्त्याउनु हो।

ग. कसैमाथि रिस र अहंकारको दृष्टिले नहेर्नुहोस्। "शान्त हृदयले शरीरलाई जीवन दिन्छ तर डाहाले हड्डी मर्काउँछ " (हितोपदेश १४:३०) त्यसैले यदि हाम्रो कसैप्रति डाह वा रिस छ भने
त्यसलाई पहिले, त्यसलाई त्यागेर मेलमिलाप गर्नुपर्छ किनकि यो परमेश्वरको आज्ञा हो (मत्ती ५:२३,२४)

घ. सँधै आफ्नो हृदय हँसिलो र खुसी राख्नुहोस्। " प्रसन्न हृदय असल औषधि हो तर पेलिएको आत्मा हड्डीहरु सुकाउँछ (हितोपदेश १७:२२) अधिकांस रोगहरु आत्मिक अशान्तिको कारण उत्पन्न हुन्छ। हाँसो र खुसीले स्वस्थ्यको एक अभिन्न अंग हो र यसले हाम्रो जीवन काल लम्ब्याउँछ।

ङ.परमेश्वरमा पूरा भरोसा राख्नुहोस् "परमेश्वरको भयले जीवनतिर डोर्‍याउँछ तब मानिस ढुक्कसँग बस्नेछ, र दु:खले त्यसलाई छुँदैन" (हितोपदेश १९:२३) "हे मेरो छोरो ! मेरो कुरामा ध्यान दे मेरा बचनहरु राम्ररी सुन् ती तेरो हृदयभित्र राखिछोड् किनभने वचन पाउनेको निम्ति त्यो जीवन हो, र त्यसको सारा शरीरको निम्ति स्वास्थ्य हो" (हितोपदेश ४:२०-२३) त्यसैले स्वस्थ शरीर परमेश्वरको आज्ञा पालन गर्नाले र उहाँमा भरोसा राख्नाले हुन्छ।

च. काम र शारीरिक व्यायामलाई निद्रा र आरामले सन्तुलित गर्नुहोस्। "छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्न तर सातौंदिन परमप्रभु तिमीहरुका परमेश्वरको निम्ति सावथ दिन हो। त्यसमा तिमीहरुले केही काम नगर्नू " (प्रस्थान २०:९,१०) "परिश्रम गर्नेको निन्द्रा मीठो हुन्छ " (उपदेश ५:१२) "माटोमा नफर्कुन्जेल तेरो निधारको पसीनाले कमाएको भोजन तैंले खानेछस् " उत्पति ३:१९) "भोजनको निम्ति परिश्रम गर्नलाई बिहान सबेरै मेहनत र चिन्ता सहितको परिश्रमबाट मानिसले के पाउँछ र ? त्यसका सबै दिनका काम पीर र दु:खपूर्ण हुन्। राती पनि त्यसको मनले विश्राम पाउँदैन त्यो पनि व्यर्थ हो " (उपदेशक २:२२-२३)

छ. आफ्नो शरीरलाई स्वच्छ राख्नुहोस्। "आफूलाई शुद्ध राख" ( यशैया ५२:११)

ज. हरेक क्षेत्रमा सयंमता अपनाउनुहोस्। "खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंयमी हुनुपर्छ।"(१ कोरिन्थी ९:२५)

"तिमीहरुको सहनशीलता सबै मानिसहरुलाई थाहा होस् " (फिलिपी ४:५) । एक इशाईले हानी पुऱ्याउने सवै वस्तुको त्याग गर्छ र असल कुरालाई अपनाउँछ । स्वास्थ्यलाई  हानि पुऱ्याउने किसिमका बानीले परमेश्वरको आज्ञालाई उलङ्घन गर्छ । "तैंले कसैलाई मार्ने छैनस्" ।

झ. <u>शरीरलाई उत्तेजित गर्ने हानीकारक कुराहरुलाई त्याग्नुहोस्</u> ।
केही मानिसका लागि यहाँ एक अचम्मको कुरा छ । चिकित्सा विज्ञानले चिया, कफी र केही पिउने चिसो मा क्याफिन र अरु खतरनाक पदार्थको मिश्रण रहेको पुष्टि गरेको छ जसले स्वभाविक रुपमा हाम्रो शरीरलाई नष्ट पार्दछ । यस्ता कुनै पनि खानेकुरामा आकर्षित हुनु हुँदैन, र यदि चिनी र क्रिमहरु राखिएको छैन भने, स्वीकार गर्नुहोस् । तर हामीले अध्याधिक चिनीको प्रयोग गरिसकेका छौँ । शरीरलाई उत्तेजित पार्ने यी बस्तुहरुले एक वनावटी शक्तिको आभास दिन्छ । निकोटिन, क्याफिन आदिमा बनावटी शक्ति हुन्छ जसले शरीरलाई नकरात्मक असर पार्छ । यी चिसो बस्तुहरुले जस्तै कोका कोला , पेप्सी प्रख्यात हुनुको कारण त्यसमा मिसाईएको तत्व र विज्ञापन हुन । धेरै जसो अमेरिकन यस्ता लागु पदार्थका शिकार भएका छन् किनकि उनीहरु धेरै चिया, कफी र क्याफिन मिसाइएको बस्तु रुचाउँछन् । तर दु :खको कुरा यो छ, ती व्यक्तिहरु शान्ति र शक्ति खोज्छन् । तिनीहरुले नै यस्ता क्रियाकलाप गर्छन् जसले परमेश्वरको आज्ञा इन्कार गर्छन्, यसले सैतानलाई खुशी तुल्याउँछ भने हामी मानव जातिलाई धोका ।

ञ. <u>भोजनको समयमा प्रसन्न रहनुहोस्</u> "परमेश्वरको दान यही हो कि हरेक मानिसले खाओस् पिओस् र आफ्नो सारा परिश्रममा सन्तुष्ट रहोस् " (उपदेश ३:१३) खानाखाने समयमा अप्रसन्न अनुहारले प्राचनक्रियामा बाधा पुऱ्याउँछ त्यसैले त्यसो नगरौं ।

ट. खाँचो परेकाहरुलाई सहयोग गरौं "अन्यायको बन्धन फुकाल्न जुवाको डोरी फुकाल्न, र अत्याचारमा परेकाहरुलाई मुक्त गराउन, हरेक जुवा भाँचिदिन मैले चुनेको किसिमको उपवास यही होईन र आफ्नो भोजन भोकासित बाडँचूडँ गर्नु .............. तब तिमीहरुको ज्योति बिहानझैं फुटेर निस्कनेछ र तिमीहरु चाँडै निको हुनेछौ " ( यशैया ५८:६-८) दीन दुःखी गरीबलाई सहयोग गऱ्यौ भने हामी आफ्ना स्वास्थ्य स्थितीमा सुधार ल्याउन सक्छौं, यही यो पदको मुख्य बोल हो ।

११. परमेश्वरको व्यवस्था नकार्नेहरुलाई के अत्यावश्यक चेतावनी दिइएको छ ?

*"धोखामा नपर परमेश्वरले ठट्टा गर्नुहुँदैन किन भने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ "(गलाती ६:७)*

उत्तर : यसको उत्तर वुझ्नलाई अति सरल र साधारण छ । जसले परमेश्वरको नियमलाई मतलब गर्दैन त्यस व्यक्तिले यसको परिणाम झेल्नुपर्नेछ र ती व्यक्तिहरु कसैले परमेश्वरको मन्दिरलाई नष्ट गर्छ भने परमेश्वरले त्यसलाई नष्ट गर्नुहुनेछ । किनकी परमेश्वरको मन्दिर पवित्र हुन्छ, (कोरिन्थी ३:१६,१७) परमेश्वरको कानूनहरु प्राकृतिक संसारको नियम एक गुरुत्वाकर्षण जस्तै छ । यी नियमहरुको पालन नगर्नाले दुःख र कष्ट लाई नित्याउँछ बाईबलले भन्छ विनाकारणको श्राप पनि लाग्दैन" -हितोपदेश २६:२ । शारीरिक दुःख तब आउँछ जब हामीले परमेश्वरले दिएको स्वास्थ्य नियमलाई इन्कार गर्छौं ।

१२. हाम्रो छोराछोरी र नातीनातिनाहरुलाई कस्ता डरलाग्दा स्वास्थ्य सम्वन्धी सत्यताले समावेस गराउँछ ?

*"तिमीहरुले त्यो नखानु, र तिमीहरुले परमप्रभुको दुष्टिमा जे ठीक छ त्यो गरेकाले तिमीहरु र तिमीहरुका भावी सन्तानको भलो होस्"(व्यवस्था १२:२५)*

*"म परमप्रभु तिमीहरुका परमेश्वर डाह गर्ने परमेश्वर हुँ मेरो अवहेलना गर्ने पितापुर्खाका अधर्मको दण्ड उनीहरुका सन्तानहरुलाई उनीहरुका तेस्रो र चौथो पुस्तासम्म दिनेछु । प्रस्थान २०:५*

उत्तर : परमेश्वरको स्वस्थ्य नियमलाई अवहेलना गर्ने मुर्ख अभिवाभकहरुको पाप उनीहरुका छोराछोरी र नातीनातीनिहरुले वोक्नु पर्छ भनेर परमेश्वरले अति सरल भाषामा भन्नु भएको छ । छोरा छोरी र नातीनातीनिहरुले दुब्लो र बिरामी शरीरको भागेदार हुनुपर्नेछ जब उनका आमा बुबाले परमेश्वरलाई इन्कार गर्ने छन् । के तपाईहरुले आफ्नो छोरा छोरी नाती नातिनीलाई यस्तो दुःख दिन चाहनु हुन्छ ।

१३. कस्ता डरलाग्दा र अचम्मका सत्यहरु परमेश्वरको वचनले अझ धेरै कुरा बताउँदछ ?

*"तर थुमामा जीवनको पुस्तकमा नाउँ लेखिएकाहरुबाहेक कुनै अशुद्ध कुरा घृणित काम गर्ने र झुठ बोल्ने कुनै किसिमले पनि त्यसभित्र पस्नेछैन " (प्रकाश २१:२७) " तर आफ्ना घृणित प्रतिक्रियाहरु र घिनलाग्दा मूर्तिहरुलाई भक्ति गर्ने हृदय*

*भएकाहरुलाई चाँहि म  तिनीहरुका कामहरुको प्रतिफल तिनीहरुकै शिरमा खन्याइदिनेछु परमप्रभु परमेश्वर भन्नुहुन्छ ।" (इजकिएल ११:२१)*

उत्तरः केहीपनि अशुद्ध चीज परमेश्वरको राज्यमा प्रवेश हुनेछैन । सबै नराम्रा बानीहरुले मान्छेलाई अशुद्ध बनाउँछ । अशुद्ध भोजन ग्रहण गर्नाले मानिस अशुद्ध हुन्छ । (दानिसल १:१८) । यो सुन्दा अचम्म लाग्छ तर यो सत्य हो । जो परमेश्वरले देखाएको बाटोमा हिँड्दैन, त्यसलाई दुःख विपत् र आपत् आउनेछ किनकि परमेश्वरले भन्नुहुन्छ "जब, म बोल्दा कसैले ध्यानै दिएन । जे मेरो दृष्टिमा खराब थियो, तिनीहरुले त्यही गरे र जुन कुरा मलाई मन पर्दैन, त्यही तिनीहरुले चुने । " (यशैया ६६:३,४,१५-१७)

१४. हरेक आज्ञाकारी इशाईले जीवनमा एकपटक के गर्न प्रयत्न गनुपर्छ ? *"शरीर र आत्मालाई हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं र परमेश्वरको भयमा पवित्रतालाई सिद्धान्ततर्फ बढाउँदै जाऔं" (२ कोरिन्थी ७:१)"अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ ।" १ युहन्ना ३:३ " तिमीहरुले मलाई प्रेम गर्छौ) भने मेरा आज्ञाहरु पालन गर्नेछौ " (यहन्ना १४:१५)*

उत्तरः आज्ञाकारी बिश्वासीहरुले एकै पटकमा परमेश्वरको नियमलाई प्रयोग गरेर आफ्नो जीवनलाई सुखमा ल्याउँछन् किनकि उनीहरुले परमेश्वरलाई प्रेम गर्दछन । परमेश्वरले दिनुभएको नियमले उनको जीवनमा खुशियाली र सफलता ल्याउने र सैतानले ल्याउने रोगहरुवाट वचाउँछ भनेर उनीहरुलाई थाहा छ । प्रेरित १०:३८ । परमेश्वरका नियम विधि हाम्रो भलाईको लागि हो जसरी एक कर्तव्यनिष्ट अभिवावकका सल्लाह, सुझाव उनीहरुका बाल बच्चाका लागि लाभदायक हुन्छन्  र एकपटक जव हामी जान्ने हुन्छौं परमेश्वरले हामीलाई पाप देखि टाढा राख्नुहुन्छ "यसकारण जसले मलाई  जानेर पनि गर्दैन त्यसले पाप गर्छ " (याकुब ४:१७)

१५ तर मलाई चिन्ता लागेको छ, किनकि केही मेरा नराम्रा बानीहरुले मलाई बाँधेर राखेका छन् । म के गर्न सक्छु ?

*"तर जसले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो " (यहन्ना १:१२)"जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु । " (फिलिप्पी) ४:१३)*

उत्तर आफ्ना सबै बानी व्यवहारहरु परमेश्वरको पाऊमा राखिदिऊँ । उहाँले तपाईँहरुलाई नयाँ हृदय र नराम्रो बानी सँग लड्ने क्षमता दिनुहुनेछ जसको कारण हामी परमेश्वरका आज्ञाकारी छोरा छोरी बन्न सक्नेछौं । (इजकिएल ११:१८,१९) । "परमेश्वरको निम्ति सबै कुरा सम्भव हुन्छ " भनेर जान्दा कति रमाइलो र अचम्म लाग्छ । ( मर्कूस १०:२७ ) । र परमेश्वर भन्नुहुन्छ "पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन् र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ ।" (यूहन्ना ६:३७) परमेश्वरले हामीलाई पापको दलदलबाट वचाउन सदैव तत्पर रहनुहुन्छ । उहाँले हामीलाई मुक्ति दिनुहुनेछ यदि हामी उहाँमा समर्पित भयौं भने । हाम्रो चिन्ता, नराम्रा बानी, मानसिक असन्तुलन, र भय हामीबाट टाढा रहनेछ यदि हामी परमेश्वरको अगुवाईलाई खोज्यौं भने । उहाँ भन्नुहुन्छ "मैले यी कुरा तिमीहरुलाई यसकारण भनेको छु कि मेरो आनन्द तिमीहरुमा होस्, र तिमीहरुको आनन्द भरिपूर्ण होस् " (यूहन्ना १५ सैतान हत्यारा हो, उ असत्यको राजा हो उसले भन्छ स्वतन्त्रता अन आज्ञाकारी नहुनाले प्राप्त हुन्छ जुन चाहि एकदमै असत्य हो (यूहान्ना ८:४४ )

१६ परमेश्वरको राज्यको वारेमा चाखलाग्दा अरु के प्रतिज्ञाहरु छन् ?
"सियोनमा बस्ने कसैले पनि म बिरामी छु भन्ने छैनन् "(यशैया ३३:२४),"उहाँले तिनीहरुका आँखाको आँसू पूर्ण रुपले पुछिदिनुहुनेछ, र फेरि मृत्यृ नै हुनैछैन, र शोक र पीडा पनि हुनेछैन (उत्पति २१:४),"तर परमप्रभु आशा गर्नेहरुको बल फेरि नयाँ हुनेछ । तिनीहरु गरुडझैँ माथि माथि उड्नेछन् र दगुरेर पनि तिनीहरु थाक्नेछैनन्।" (यशैया ४०:३१)

उत्तर परमेश्वरको राज्यमा हरेक नागरिकले स्वास्थ्यका नियमहरुको पालना गर्नछन् र त्यहाँ केही रोग र समस्या हुनेछैन्। उनीहरु अनन्त आशिषले भरिनेछन् र सबै जना परमेश्वरसँग खुशी र आनन्दले अनन्त जीवन बाच्नेछन् ।

१७ यदि साच्चै स्वास्थ्य जीवन बाईबल धर्मको अंग हो भने, के तपाई परमेश्वरको स्वास्थ्य नियम पालना गर्न इच्छुक हुनुहुन्छ ?
तपाईको उत्तर ..........................................................

# तपाईको विचारमा रहेका प्रश्नहरुको उत्तर

१. १ तिमोथी ४:४ ले भन्छ "परमेश्वरले सृजनुभएको हरेक कुरा असल छन्, र धन्यवाद साथ गहण गरे कुनै थोक पनि इन्कार गरिनुपर्दैन्।" कृपया व्याख्या गरिदिनुहोस् ?

उत्तर यो वचनले विशेष गरि मासु लाई सम्वोधन गर्छ "जसलाई परमेश्वरले धन्यवाद दिएर ग्रहण गर्नु भन्नुभएको छ ।" उहाँका जनहरुलाई छुट्याइएका शुद्ध मासु, जुन लेवि र व्यवस्था १४ पुस्तकमा लेखिएको छ र पद ४ ले परमेश्वरले प्रतिकार गर्नुहुँदैन परमेश्वरले निर्माण गर्नुभएका सबै प्राणी राम्रा हुन् र कसैलाई पनि अस्वीकार गर्नु हुँदैन, परमेश्वरप्रति आभारी भएर तिनीहरुलाई स्वीकार गर्नुपर्छ (शुद्ध प्राणीहरु) भनि भन्दछ ।

पद ५ ले यसो भन्छ, "किन यी प्राणीहरु ग्रहण गर्न योग्य छन् । तिनीहरुलाई परमेश्वरको बचनले पवित्र बनाएको छ । जसले उनको शुद्धताको वर्णन गर्छ र आशिषको "प्रार्थना" जुन चाहिँ भोजन लिनु भन्दा अगाडि गरिन्छ । त्यसैले कृपया सुचित हुनुहोस्, जसले अशुद्ध भोजन खाएर आफूलाई अपवित्र तुल्याउनेछन्, तिनीहरुको बिनास हुनेछ । (यशैया ६६:१७)

२. मत्ती १५:११ ले भन्छ "जे मुखभित्र पस्तछ, त्यसले मानिसलाई अशुद्ध पार्दैन । तर जे मुखबाट वाहिर निस्कन्छ,त्यसैले मानिसलाई अशुद्ध गर्छ ।" यो कसरी वर्णन गर्नुहुन्छ ?

उत्तर खाना खाँदा हात नधुने विषयमा मति १५:१२ ले बताउँछ - पद २) यसको आसय (केन्द्रंविन्दु) खाने होइन सरसफाई हो । कुनै विशेष कार्यक्रममा (भोजभतेरमा) खाना हात नधोइ खायो भने खाना ग्रहण गर्नेको अशुद्धता देखिनेछ । परमेश्वर भन्नुहुन्छ नाम मात्रको सरसफाई बेकार हो । पद १ मा उहाँले केही नराम्रा कुराको वारेमा भन्नुभएको छ, ती हुन् हत्या, व्यभिचार, चोरीहरु इत्यादि अनि उहाँ अन्तिममा भन्नुहुन्छ "यी कुराहरुले चाहिँ मान्छेलाई अशुद्ध पार्छन् । तर हात नधोई खानाले उसलाई अशुद्ध पार्दैन ।" (पढ २०)

३. प्रेरित १० मा भनिए झैँ के परमेश्वरले सबै जनावरलाई पत्रुसको दर्शनमा शुद्ध पार्नु भएन?

उत्तर होइन, अझ दर्शनको विषय जनावर होइन तर हामी मान्छे हौँ । परमेश्वरले पत्रुसलाई देखाउनु भएको कुरा यस्तो थियो, यहूदीहरुले विश्वास गरे झैँ, गैरयहूदीहरु अशुद्ध छैनन् । पत्रुसलाई भेटन् आउनु भनेर परमेश्वरले अविश्वासीहरुलाई सुझाव दिनुभएको थियो । तर पत्रुसले इन्कार गर्थ्यो होला यदि परमेश्वरले उसलाई दर्शन नदिनु

भएको भए अविश्वासीहरुलाई भित्र पस्न यहुदीको नियम अनुसार मनाही थियो (पद २८) तर जब मान्छे त्यहाँ आयो पत्रुसले उसको स्वागत गऱ्यो र त्यस व्यक्ति लाई वर्णन गर्दै भन्यो मैले यो कार्य गर्ने थिइन, तर "परमेश्वरले देखाउनुभयो मैले कसैलाई पनि साधारण र अशुद्ध भन्नु हुँदैन" (पद २८) अर्को पाठमा (प्रेरित ११) चर्चले पत्रुसलाई अविश्वासीहरु सँग कुरा गरेकोमा विरोध गरे । त्यसैले पत्रुसले उनीहरुलाई दर्शनमा देखेका सबै कथा सुनाउँछ र त्यसको अर्थ पनि प्रस्ट पारिदिन्छ र प्रेरित ११:१८ ले भन्छ " तिनीहरु चुप भए र यसो भन्दै तिनीहरुले परमेश्वरको महिमा गरे" अब त परमेश्वरले अन्यजातिहरुलाई पनि जीवनका निम्ति पश्चाताप दिनुभएछ ।"

४. यदि सुंगुरलाई खान निषेधित छ भने परमेश्वरले त्यसको सृष्टि किन गर्नुभयो ?

उत्तर उहाले सुँगुर र बंगुर बनाउनुको कारण एउटै हो जसरी दुइटै जनावरले फोहोर खान्छ र सुंगुरले यो काम एकदमै राम्रो गर्छ ।

५ रोमी १४:३,१४,२० ले भन्छ "खानेले नखाने मानिसलाई तुच्छ नठानोस् र नखानेले खानेलाई दोष नलगाओस् । वास्तवमा सबै कुरा आफै शुद्ध छैनन्" के तपाई यसको ब्याख्या गरिदिनुहुन्छ ?

उत्तर पद ३ देखि ६ सम्म कुन कुरा खाने र कुन कुरा नखाने बारेमा भन्छ । यहाँ कसैलाई पनि सहि ठहऱ्याइएको छैन तर परमेश्वरलाई न्याय गर्न दिउँ भनी सल्लाह दिन्छ । (पद ४,१०,१२) पद २० ले भोजन को बारेमा व्याख्या गर्छ जसलाई पहिले मुर्तिलाई चढाईएको थियो लेवि पाठमा मानिएको शुद्ध र अशुद्ध मासुको बारेमा होइन ( पढनुहोस् कोरिन्थी ८:१,४,१०,१३) यहाँ भोजन अशुद्धताको बारेमा होइन किनकि यो पहिला मुर्तिहरुलाई चढाईएको थियो किनकी "मुर्ति यो संसारमा केही होइन" कोरिन्थी ८:४ तर यदि मान्छेको आत्माले यस्तो भोजन खान खोज्छ भने, उसले एक्लै छाड्नुपर्छ अथवा थोरै चासो देखाएपनि उसले छोड्नै पर्छ । यदि मुर्तिलाई चढाइएको भोजनले कसैलाई मर्का पार्छ भने उसले त्यो खानु हुँदैन ।

६ के सबै खाने र पिउने स्वस्थ्य नियमहरु व्याक्तिगत रुपमा महत्वपूर्ण छ ? मैले परमेश्वरलाई माया गर्दैमा पुग्दैन र?

उत्तर यिनीहरु जीवन र मृत्युका बहस हुन् किनकि यी नियमहरुले आज्ञाकारीतालाई अँगाल्छ । र सिद्ध तुल्याएर उहाँको आज्ञापालन गर्नेहरु सबैका निम्ति उहाँ अनन्त मुक्तिको स्रोत बन्नुभयो" हिबू ५:१ "मलाई प्रभु प्रभु भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको

राज्यमा प्रवेश गर्नेछ" मत्ती ७:२१ परमेश्वरलाई माया गर किनकि उहाँ भन्नुहुन्छ, "तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौं" युहन्ना १४:१५, जब हामी परमेश्वरलाई माया गर्छौं, हामीले परमेश्वरको हामीले खुशीका साथ परमेश्वरको आज्ञा मान्छौं कुनै बहाना नगरी । यो पालन गर्नु हाम्रो निम्ति सबै भन्दा ठूलो परीक्षा हो ।

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पृष्ठ सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढ्नुहोस् । तल दिइएको प्रश्नहरुको उत्तरहरु यस अध्ययन पुस्तिकामा पाउन सक्दछौ । ठीक उत्तर भएको वक्समा टीक लगाउनुहोस् । प्रश्नको पुछारमा दिइएको अङ्कले पूर्णाङ्क बुझाउँछ ॥

१. मानव शरीरको लागि परमेश्वरको स्वास्थ्य नियमलाई पालना गर्नु (१)

- ❑ वच्चाहरुको लागि आवश्यक हो तर वयश्कहरुको लागि त्यति महत्वपूर्ण छैन ।
- ❑ बाइबल धर्मको यो एक महत्वपूर्ण भाग हो ।
- ❑ कुनै व्यक्तिको धर्मसंग यसको केही लेनदेन छैन ।

२. परमेश्वरको स्वास्थ्य नियमहरु .............. वाट दिइएको थियो । (१)

- ❑ प्यारो परमेश्वर जसले हामीलाई आदिमा वनाउनु भयो हाम्रो खुसीका लागि के चाहिन्छ भनी जान्नुहुन्छ ।
- ❑ यहूदीहरुका लागि मात्र र आज यसको केही उपलब्धि छैन ।
- ❑ उहाँ हाम्रो मालिक हुनुहुन्छ र हामीलाई नियन्त्रणमा राख्न सक्नुहुन्छ भनी देखाउन ।

३. एक सच्चा इशाई (१)

- ❑ उसलाई मन लागेको कुरा खान र पिउन सक्छ ।
- ❑ परमेश्वरलाई अति माया गर्छ तर उहाँको स्वास्थ्य नियमलाई मान्दैन किनकि त्यसको समाप्ति क्रुसमै भयो ।
- ❑ शरीर, दिमाग, ब्यवहारलाई दरिलो वनाउने खानेकुरा मात्र खाओ र परमेश्वरलाई सम्मान देओ ।

४. मान्छेको पहिलो आहारा (१)

- ❑ फलफूल, अन्न, काष्ठफल थियो ।
- ❑ मदिरा र मासु थियो ।

- ❑ आदम र हव्वाले चाहेका सवैकुराहरु थिए ।

५. परमेश्वरले यी जीवहरुलाई अशुद्धको सूचीमा राख्नुहुन्छ । (७)

- ❑ गाई
- ❑ सुंगुर
- ❑ कुखरा
- ❑ लोखर्के
- ❑ खरायो
- ❑ माछा
- ❑ हरिण
- ❑ ट्राउट माछा
- ❑ सिपि
- ❑ झिंगेमाछा
- ❑ कालो झिंगे माछा
- ❑ वाखा

६. मदिराहरु (१)

- ❑ ठिक्क गरी प्रयोग गरेमा इशाईहरुका लागि राम्रो हो ।
- ❑ यो प्रयोग गर्नु गलत हो भनी सोच्नेहरु मनिसहरुका लागि मात्र गलत हो ।
- ❑ इशाईहरुद्वारा प्रयोग हुनुहुँदैन ।

७. सूर्तीको प्रयोग (१)

- ❑ मान्छेको व्यक्तिगत कुरा हो र उसको धर्मसंग यसको केही लेनदेन छैन ।
- ❑ पापपूर्ण छ, र एक इशाईले यो कुनै पनि रुपमा प्रयोग गर्नुहुँदैन ।
- ❑ इशाईहरुका लागि फाइदाकारी छ ।

८. तल दिईएका स्वास्थ्य नियमहरुवाट परमेश्वरको स्वास्थ्य नियमहरुको जाँच गर्नुहोस् । (९)

- ❑ धेरै नखानु ।
- ❑ खाना खाइसकेपछि चुरोट खानु ।
- ❑ खुसी र हसिलो होऊँ ।
- ❑ खाना खानुभन्दा पहिले केही तरल पदार्थ खाऊ ।
- ❑ तिम्रो शरीर सफा राख ।
- ❑ धेरै सुंगुरको मासु खाऊ ।

- ❑ धेरै कफि र चिया खाऊ ।
- ❑ सवै कुराहरुमा रिसाऊ ।
- ❑ निश्चित समयको अन्तरालमा खाना खाऊ ।
- ❑ मनमा कुनै असन्तुष्टता नलेऊ ।
- ❑ काम, अभ्यास र आरामलाई मिलाइ राख
- ❑ परमेश्वरमा पूर्ण विश्वास राख ।
- ❑ जनावरको वोसो र रगत नखाऊ ।

९. परमेश्वरको स्वास्थ्य नियमसंग सम्वन्धित एक अत्यन्त महत्वपूर्ण कुरा छ (१)

- ❑ छोरा वा नातिहरुका प्राय कमजोर शरीर हुन्छन् किनकि उनीहरुका आमावुवाले परमेश्वरको स्वास्थ्यको नियमलाई अवहेलना गरेका हुन्छन् ।
- ❑ यी नियमहरु यहूदीहरुका लागि मात्र थिए, आज यसको कुनै मतलब छैन ।
- ❑ यदि हामी साँचै खीष्टलाई माया गर्छौं भने उहाँको स्वास्थ्यको नियमको त्यति महत्वपूर्ण छैन ।

१०. पापपूर्ण स्वभाववाट माथि आउने सवैभन्दा राम्रो उपाय .......... हो (१)

- ❑ मर्नु
- ❑ खीष्टलाई लेऊ जसले सवैकाम गर्न शक्ति दिनुहुन्छ ।
- ❑ उनीहरु हटछन् भनी आशा राख ।

११. परमेश्वरको स्वस्थ्य नियम .............. हो ।(१)

- ❑ एउटा कार चल्ने नियम जस्तै हो : उनीहरु हाम्रो लागि अति राम्रा छन्, र उनीहरुलाई अवहेलना गर्दा हामी ठूलो समस्यमा पर्छौं ।
- ❑ मोशाको नियमको अंश, जुन क्रुशमा समाप्त भयो ।
- ❑ एक राम्रो उपाय तर यसले परमेश्वरसंगको सम्वन्धमा केही फरक पार्दैन ।

१२. एक इमान्दार इशाई (१)

- ❑ धेरै समय प्रार्थना गर्छ र परमेश्वरको स्वास्थ्य नियमलाई अवहेलना गर्छ ।

- ❑ परमेश्वरको नियममा वाधा पुऱ्याउने कुनै पनि वानीलाई तुरुन्छ परिवर्तन गर्छ, किनकि जब हामी ख्रीष्टलाई प्रेम गर्छौं हामी उहाँको नियम र आज्ञालाई मान्छौं ।
- ❑ सूर्तीको प्रयोग गर्न स्वतन्त्र हुन्छौं ।

१३. परमेश्वरको स्वास्थ्य निमयलाई मान्न मेरो योजना छ ।

- ❑ छ
- ❑ छैन

# १४ के आज्ञापालन विधिविधानलाई आध्यात्मिक मान्यता दिनु हो ?

मानिसहरूले सोच्छन्, उनीहरू ट्राफिकको नियमलाई उल्लङ्घन गरेर वा करहरूवाट छलेर उम्कन सक्छन्, तर यी भन्दा निकै फरक छन्, परमेश्वर र उहँको व्यवस्थाका कार्यहरू । हामीले गर्ने हरेक काम परमेश्वरले देख्नुहुन्छ, हामीले बोल्ने हरेक कुरा उहाँले सुन्नुहुन्छ, र हामीले गर्ने व्यवहारप्रति साँच्चै उहाँले विचार गर्नुहुन्छ । परमेश्वरले हाम्रो पापलाई क्षमा गरेपछि, उहाँको व्यवस्थालाई भङ्ग गरे वापत अझ घातक परिणामहरू रहिरन्छन् । आश्चर्यपूर्ण रूपमा भन्नुपर्दा, केही इशाईहरू भन्छन्, परमेश्वरको व्यवस्थालाई पालन गर्ने कुनै पनि विधिहरू ऐन हुन जान्छ । तर पनि येशूले भन्नुहुन्छ यदि तिमीहरू साँच्चै परमेश्वरलाई प्रेम गर्छौ भने उहाँले भन्नुभएको कुरा तिमीहरूले गर्नेछौ । त्यसैले के आज्ञा पालन विधिविधानलाई आध्यात्मिक मान्यता दिनु हो ? यो अध्ययन निर्देशिकालाई ध्यानपूर्वक पढ्नको निम्ति केही समय लिनुहोस् ...अनन्तको परिणामहरू अझ खतरामै छन् ।

१. के परमेश्वरले व्यक्तिगत रूपमा मलाई हेर्नुहुन्छ र म माथि विचार गर्नुहुन्छ ?

*"मलाई देख्ने परमेश्वर तपाई हुनुहन्छ ।" उत्पति १६:१३ ।"हे परमप्रभु तपाईले मेरो पारख गर्नुभएको छ र मलाई चिन्नुभएको छ, तपाँईले मेरो वसाई र उठाई जान्नुहुन्छ, तपाईले मेरो विचार टाढैवाट जान्नुहुन्छ, तपाँई...मेरा आचरणहरू देखि परिचित हुनुहुन्छ । मेरो जिब्रोमा कुनै कुरा आउन अघिनै तपाँई हे परमेश्वर सबै कुरा पूर्णरूपले जान्नुहुन्छ ।" भजनसँग्रह १३९:१-४ । तर तिमीहरूका शिरका रौँहरू पनि गनिएका छन् ।" लूका १२:७*

उत्तर : हो परमेश्वरले हामीलाई (पृथ्वीका हरेक व्यक्तिलाई) आफूले आफैलाई जान्ने भन्दा वढि जान्नुहुन्छ । उहाँले व्यक्तिगत रूपमा हामीमा रूचि राख्नुहुन्छ र हामीले गरेका हरेक कुराहरू ध्यानपूर्वक हेर्नुहुन्छ । तपाँईले सोच्नुभएको वा गर्नुभएको कुनै कुरा पनि परमेश्वरवाट लुकेको छैन् ।

२. बाइबलमा पाइने उहाँको वचन पालन नगरी के म उहाँको राज्यमा प्रवेश गर्न सक्छु ?

*"मलाई प्रभु ! प्रभु ! भन्ने हरेक कोही स्वर्गको राज्यमा प्रवेश गर्ने छैनन् तर स्वर्गमा बस्नुहुने मेरो पिताको इच्छा अनुसार*

*काम गर्नेले मात्र स्वर्गराज्यमा प्रवेश पाउनेछन् ।" मत्ती ७:२१ । "तर तिमीहरूलाई जीवनमा जाने इच्छा छ भने आज्ञाहरूको पालना गर ।" मत्ती १९:१७ । "उहाँको आज्ञा पालन गर्ने हरेकका लागि उहाँ अनन्त उद्धारको स्रोत वन्नुभयो । हिब्रू ५:९*

उत्तर : सक्तैन । यस वारेमा शास्त्र एकदम स्पष्ट छ । मुक्ति र स्वर्गको राज्य तिनीहरूका लागि मात्र छन जसले परमेश्वरको आज्ञालाई पालन गर्छन् । परमेश्वरले अनन्तको जीवनको लागि तिनीहरूसँग वाचा गर्नुहुन्न जसले विश्वासलाई आफ्नो पेशा वनाएका छन्, वा मण्डलीका सदस्य हुन वा वप्तिस्मा लिएका छन् तर तिनीहरूसँग वाचा गनुहुन्छ जसले बाइबलमा दिइएका उहाँको इच्छा अनुसार काम गर्दछन् । अवश्य पनि यो आज्ञाकारीता ख्रीष्टद्वारा मात्र सम्भव छ । -प्रेरित ४:१२

३. परमेश्वरलाई आज्ञाकारीता किन चहिन्छ ? यो किन आवश्यक छ ?

*"किनभने जीवनमा पुर्‍याउने ढोका साँघुरो हुन्छ र कठीन हुन्छ, र त्यो भेट्टाउने थोरै नै हुन्छन् ।"-मत्ती ७:१४ । "तर जसले मलाई भेट्टाउन चुक्छ, त्यसले आफैलाई नोक्सानी पुर्‍याउँछ । मलाई घृणा गर्ने सबैले मृत्युसँग प्रेम गर्छ ।"-हितोपदेश ८:३६ । "परमप्रभुले नै हामीलाई यी सबै विधि पालन गर्ने र परमप्रभु हाम्रो परमेश्वरको भय मान्ने आदेश दिनुभएको हो, ताकि हाम्रो जीवनमा निरन्तर हित होस् र आज पर्यन्त झैँ, हाम्रो जीवनको पनि रक्षा होस् ।" व्यवस्था ६:२४ ।*

उत्तर : किनभने एक मात्र साँघुरो वाटो छ जसले परमेश्वरको प्रेमतर्फ अनि उहँको राज्य तर्फ डोर्‍याँछ । सबै विधिले एकै ठाउँमा पुर्‍याउँदैन । त्यस राज्यमा सुरक्षित कसरी पुग्ने भन्ने कुराको लागि बाइबल सम्पूर्ण निर्देशन, चेतावनी र सूचनाहरू भएको नक्सा र निर्देशन पुस्तिका हो । यसको कुनै भागलाई पनि नकार्नाले परमेश्वर र उहाँको राज्यवाट टाढा पुर्‍याउँछ । परमेश्वरको संसारमा नियम र व्यवस्थित छ । यसमा प्राकृति, नैतिक र आत्मिक व्यवस्थाहरू पनि सामेल छन् । यी मध्ये कुनै पनि नियम भङ्ग गर्नाले त्यसको निश्चित परिणाम हुन्छ । यदि मानिसलाई बाइबल नदिईएको भए पनि बाइबलका महान सिद्धान्तहरू अस्तित्वमा रहेका छन् र ती साँचो हुन् भनी मानिसहरूले ढिलो चाँडो पत्ता लगाईसकेका हुन्थ्ये (प्रयास र गल्ती गरेर) । यी बाइबल सिद्धान्तहरू हाम्रो नशामा, ग्रन्थीमा र हाम्रो मष्तिस्कमा लेखिएका छन् । यसको अवहेलनाले, सबै जातीमा नशा नष्टता, रोगहरू र दु:खको परिणाम ल्याउँदछ । त्यसैले

बाइबलका वचनहरू कुनै परिणाम वास्ता नगरी स्वीकार गर्ने र त्याग गर्ने कुरा होइन । यी परिणामहरू के हुन र यसवाट कसरी वच्ने भनी बाइबलले व्याख्या गर्दछ । एक व्यक्ति आफूले चाहेको जसरी वाँच्न सक्दैन र अझ इश्वर प्रेमी वन्छ जसरी एक निर्माता कुनै समस्यामा नै नपरी नक्साको अवहेलना गर्छ । त्यसैले परमेश्वरले सबैलाई शास्त्रको नक्सा पछ्याउनु भन्नुहुन्छ । उहाँ जस्तो हुने र राज्यमा सामेल हुनको लागि अरू कुनै उपाय छैन र साँचो आनन्द पाउने अरू कुनै वाटो छैन ।

४. किन परमेश्वरले अनाज्ञाकारीहरूलाई निरन्तर छाडिहरहनुहुन्छ ? पाप र पापीलाई किन अहिले नै नष्ट गर्नुहुन्न ?

*"हेर परमप्रभु आफ्नो असंख्य जनहरूसँग आउनुभयो, सबैको इन्साफ गर्न, सबै मानिसलाई दण्ड दिन, जसले अधार्मिक विधिवाट भक्तिहिन कार्य गऱ्यो र ती भक्तिहिन मानिसहरूलाई दण्ड दिन जसले उहाँको विरूद्धमा कठोर कुरा वोलेका छन् ।" यहूदा १४,१५ "जब म जीवित हुनेछु, प्रत्येक घुँडा मेरो अगाडी टेकिनेछ र प्रत्येक जिब्राले परमेश्वरसँग क्षमा माग्ने छ ।" रोमी १४:११ ।*

उत्तर : परमेश्वरले अनाज्ञाकारीहरूलाई पाप गर्न तब सम्म त्यसै छाड्नुहुन्छ जबसम्म प्रत्येक ठाउँका मानिसहरू पूर्ण रूपमा परमेश्वरको न्याय र दयाको वारेमा वुझ्दैनन् । परमेश्वरले हामीवाट आज्ञापालन, उहाँको इच्छालाई हामी माथि थप्न होइन कि हामी आफैले आफैलाई चोट नपुऱ्याऔं वा नष्ट न होऔं, भनी सबैले अन्त्यमा वुझ्नेछन् । पापको समस्या, निन्दा गर्ने तथा कट्टर पापीहरू उहाँ न्यायी हुनुहुन्छ भनी दोष स्वीकार गरेर वा उहाँको मायालाई वुझेर मात्र समाप्त हुँदैन । केही मानिसलाई कुरा वुझाउन यसले सायद एउटा मुख्य प्रकोप वा नराम्रो स्थिति नै पार गर्नु पर्नेहुन्छ, तर पाप पूर्ण जीवनको डरलाग्दो परिणामले , परमेश्वर न्यायी र सत्य हुनुहुन्छ भनी वुझाउनेछ । तब, र तब मात्र परमेश्वरले पाप र अनाज्ञाकारीतालाई सुरक्षित अन्त्यमा ल्यानुहुनेछ ।

५. के परमेश्वरले साँच्चै अनाज्ञाकारीलाई नष्ट गर्नुहुनेछ ?

*"स्वर्गदूतहरूले पाप गर्दछ परमेश्वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई नरकमा फलिदिनुभयो, र न्यायको दिन सम्मको लागि पातालको अन्धकारमा जाकिदिनुभयो ।" २ पत्रुस २:४ "सबै दुष्टहरूलाई उहाँले नष्ट गर्नुहुनेछ " भजनसँग्रह १४५:२० । "हाम्रा परमेश्वरलाई नचिन्नेहरूलाई र हाम्रा प्रभु येशूको*

*सुसमाचार नसुन्नेहरूलाई उहाँले दण्ड दिनुहुनेछ ।" २ थेसलोनिकी १:८ ।*

उत्तर : यस वारे केही प्रश्न छैन । अनाज्ञाकारी, सैतान समेत जसले पाप गरे, नष्ट पारिनेछन् । यो सत्य भएकोले के सही र के गलत भन्ने सम्वन्धमा सबै अपारदर्शिता हटाउने यो ठूलो समय हो । मानिसले उनीहरूलाई उनीहरूको मूर्खता, अहंकारी विचार नियन्त्रण गर्न रोक लगाए र परमेश्वरको महान शास्त्रमा ध्यान पुऱ्याए राम्रो हुन्थ्यो र यो काम उनीहरूले अहिले नै गरे राम्रो हुन्थ्यो किनकि अब समय वाँकी छैन । (पाप र पापीको नष्टको लागि अध्ययन निर्देशिका ११ हेर्नुहोस् र येशूको दोस्रो आगमनको लागि अध्ययन निर्देशिका ८ हेर्नुहोस्)

६. म परमेश्वरको सबै नियमहरू मान्न चाहन्छु । म एउटैलाई विशेष ध्यान दिन्न भनेर कसरी निश्चित हुने ?

*"माग त तिमीले पाउने छौ, खोज त भेट्टाउने छौ ।" मत्ती ७:७ । सर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदार जस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउनु भरमग्दुर प्रयत्न गर ।" २ तिमोथी २:१५ । "यदि कुनै मानिसले मेरो इच्छा पालन गर्न चाहन्छ भने ज्ञान मेरो शिक्षा परमेश्वरको तर्फवाट हो वा आफनै तर्फवाट हो, सो उसले जान्नेछ ।" युहन्ना १७:७ । "अझ अलिवेर ज्योति तिमीहरूसँग छ, ज्योति तिमीहरूसँग छउन्जेल हिँडडुल गर, ताकि अन्धकारले तिमीहरूलाई नछोपोस्, कोही अन्धकारमा हिँडडुल गर्छ भने, त्यसले आफू कहाँ गइरहेको छु भनी थाहा पाउँदैन ।" युहन्ना १२:३५ । "मलाई हेर्ने वित्तिकै तिनीहरूले मेरो आज्ञा पालन गर्नेछन् ।" भजनसँग्रह १८:४४ ।*

उत्तर : परमेश्वरले शंकाको लागि कुनै ठाउँ छाड्नु भएको छैन । उहाँले मलाई गलत कामवाट जोगाउनुहुन्छ र सत्यतामा सुरक्षित पुऱ्याउने वाचा गर्नुहुन्छ यदि म १. इमान्दारी पूर्वक निर्देशनको लागि प्रार्थना गर्छु । २. इमान्दारी पूर्वक परमेश्वरको वचन पढ्छु, र ३. सत्यता देखाउने वित्तिकै म पछ्याउँछु ।

७. मैले नवुझेको बाइबलको सत्यतालाई नमानेको कारण के परमेश्वरले मलाई दोषीको रूपमा गन्नुहुन्छ ?

*"यदि तिमी अन्धो भएको भए, तिमी पापी हुँदैनथ्यौ, तर अब तिमी देख्छौ, त्यसैले तिम्रो पाप रहिरहन्छ " युहन्ना ९:४१। "तिनीहरू जसले असल जान्दछ तर असल गर्दैन भने, उसको लागि*

*त्यो पाप हो ।" याकूब ४:१७ । "मेरो मानिसहरू ज्ञानको कमिले नष्ट भएका छन् किनकि तिमीहरूले मेरो ज्ञानलाई नकार्‍यौं, म पनि तिमीहरूलाई नकार्नेछु ।" होसे ४:६ । "खोज त भेट्टाउने छौ " मत्ती ७:७ ।*

उत्तर : यदि मसँग कुनै निश्चित बाइबलको सत्यता सिक्ने अवसर छैन भने परमेश्वरले मलाई उत्तरदायी (जवाफदेही) मान्नुहुन्न। तर बाइबलले सिकाउँछ, परमेश्वरप्रति सम्पूर्ण ज्ञानको ज्योति जिम्मेवार म हुँ, मसँग छ , म लिन सक्ने छु । धेरै मानिसहरू जसले परमेश्वरको ज्ञानलाई पढ्न, सुन्न, वुझ्न इन्कार गरेकाछन्, तिनीहरू नष्ट गरिनेछन् किनकि तिनीहरूले परमेश्वरको ज्ञानलाई नकारेका छन् । यस्तो गम्भीर मामलामा अस्ट्रिच चरा जसले खतरा आउने बित्तिकै आफ्नो टाउको भुइमा लुकाउँछ चल्नु एकदमै घातक हुन्छ । मिहनेतसाथ सत्यतालाई नियन्त्रण गर्नु मेरो जिम्मेवारी हो ।

८. तर के परमेश्वर हरेक कुरा, र सानोतिनो कुराको आज्ञापालनमा चासो राख्नु हुनुहुन्न के हुन्छ ?

*"साँच्चै नै मिश्र देशवाट आएका मनिसहरू...ले जमीन देख्नेछन्...किनकि तिनीहरूले मलाई पूर्ण रूपमा पछ्याएका छन् : कालेब...यहोसू...तिनीहरूले परमेश्वरलाई पुर्ण रूपमा पछ्याएका छन् ।" गन्तीहरू ३२:११,१२ । "रोटीले मात्र मानिस वाँच्दैन तर हरेक वचनले, जो परमेश्वरको मुखवाट निस्कन्छ" मत्ती ४:४ । "तिमीहरू मेरा मित्र हौ, यदि तिमीहरू हौ भने म जे भन्छु, तिमीहरूले त्यही गर्नेछौ । युहन्ना १४:१५ ।*

उत्तर : साँच्चै परमेश्वरले चासो राख्नु हुन्छ । पुरानो करारको समयमा परमेश्वरका मानिसहरूले यी निकै कठिनाईका साथ वुझेका थिए । मिश्र देश वाट कनानको लागि वाचा गरिएकाहरू ६०३,५५० को संख्यामा थिए । यो झुण्ड मध्येमा दुईजना मात्र (कालेब र यहोसू) परमेश्वरलाई पूर्णरूपमा पछ्याए र उनीहरू मात्र कनान देशमा प्रवेश गरे । वाँकी ६०३,५४८ जना उजाडस्थानमा मरे । येशूले भन्नुहुन्छ हामी बाइबलको प्रत्येकद्वारा जीउनुपर्ने हुन्छ । त्यहाँ एउटा शब्द धेरै पनि छैन र थोरै पनि छैन । तिनीहरू सबै महत्वपूर्ण छन् ।

९. जब म नयाँ सत्यता पत्ता लगाउँछु, सबै संकष्टहरू नटलुन्जेल म यसलाई अङ्गाल्नु भन्दा पहिले पर्खन्छु । यो अति उत्तम हो । होइन र ?

*"अझ अलिवेर ज्योति तिमीहरूसँग छ, ज्योति तिमीहरूसँग छउन्जेल हिँडडुल गर, ताकि अन्धकारले तिमीहरूलाई नछोपोस् कोही अन्धकारमा हिँडडुल गर्छ भने, त्यसले आफू कहाँ गइरहेको छु भनी थाहा पाउँदैन ।" युहन्ना १२:३५ । "म विँयालो गर्दिन तर तपाईको वचन पालन गर्न म शिघ्रता गर्छु ।" भजनसँग्रह ११९:६० । "हेर पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकता, र यो सबै तिमीमा थपिनेछ ।" मत्ती ६:३३ । "मलाई हेर्ने वित्तिकै तिनीहरूले मेरो आज्ञा पालन गर्नेछन् ।" भजनसँग्रह १८:४४ ।*

उत्तर : होइन, यदि एक पटक तपाई बाइबलको सत्यता देखि प्रष्ट हुनुभयो भने देखि विँयालो गर्नु उत्तम होइन । वास्तवमा ढिलाई सैतानको एक खतरनाक पासो हो । पर्खनु अति हानीकारक देखिन्छ । जब सम्म कुनै व्यक्तिले ज्योति तर्फ कुनै क्रिया जनाउँदैन भने चाँड नै त्यो ज्याति अन्धकारमा परिणत हुन्छ भनी बाइबलले सिकाउँदछ । आज्ञाकारीता विरूद्धको अड्चन हामी एक छिन उभिएर वा पर्खेर हट्दैन वरू यसको सट्टा तिनीहरू ठूला हुँदैजान्छन् । मानिसहरू भन्छन्, "ढोका खोलिदिनुहोस् र म अगाडी वढ्छु ।" तर परमेश्वरको वाटो ठिक उल्टो । उहाँ भन्नुहुन्छ, "तिमी अगाडी जाऊ र म वाटो खोलिदिनेछु ।

१०. तर के पूर्णतया आज्ञाकारी हुनु मानिसको लागि असम्भव छैन ?

*"परमेश्वरसँग सबै कुरा सम्भव छ ।" मत्ती १९:२६ ।*

*"म ख्रीष्ट मार्फत सवथोक गर्न सक्छु, जसले मलाई दह्रिलो वनाउनुहुन्छ ।" फिलिप्पी ४:१३ । "अब परमेश्वर प्रति धन्यवादी होओ, जसले हामीलाई ख्रीष्टमा विजय दिलाउनुहुन्छ ।" २ कोरिन्थी २:१४ । "उहाँ जो म मा वाँधिनुभएको छ र म उहाँमा... जुन पछि फलदायी हुनेछ : म विना तिमी केही गर्न सक्दैनौ ।" युहन्ना ५:१५ । "यदि तिमी इच्छा गर्छौ र आज्ञाकारी हुन्छौ भने, तिमीले जमीनको कुरा खानेछौ ।" यशैया १:१९ ।*

उत्तर : हामी मध्ये कोही पनि आफ्नै वलमा आज्ञाकारी हुन सक्दैनौ तर ख्रीष्टवाट हुन सक्छौं र हुनुपर्छ पनि । परमेश्वरको आग्रहलाई वेकम्मा वनाउनको लागि असम्भव भन्ने झुठापनको आविष्कार गऱ्यो ।

११. स्वेच्छाले र जानी-जानी अनाज्ञाकारीतालाई निरन्तरता दिने व्यक्तिलाई के हुनेछ ?

*"किनकी यदि सत्यताको ज्ञान पाएर पनि हामी जानीजानी*

*पाप गर्‍यौं भने पापको निम्ति अब  अरू कुनै वलिदान रहँदैन, तर इन्साफको डरलाग्दो प्रतीक्षा र विरोधीहरूलाई भष्म गर्ने कोधको अग्नि मात्र रहनेछ ।" हिब्रू १०:२६:२७ । "अफ्त अलिवेर ज्योति तिमीहरूसँग छ, ज्योति तिमीहरूसँग छउन्जेल हिँडडुल गर, ताकि अन्धकारले तिमीहरूलाई नछोपोस् , कोही अन्धकारमा हिँडडुल गर्छ भने, त्यसले आफू कहाँ गइरहेको छु भनी थाहा पाउँदैन ।" युहन्ना १२:३५ ।*

उत्तर : बाइबलले यसको लागि कुनै शंका छोडेको छैन । उत्तर अति गम्भीर तथा झस्काउने खालको छ तर सत्य छ । जब कोही व्यक्ति जानी-जानी ज्योति (ज्ञान) लाई नकार्छ र अनाज्ञाकारीतामा हिँड्छ भने ज्योति तुरून्त निभ्दछ र त्यहाँ पूर्ण अँध्यारो हुन्छ । एक व्यक्ति जसले सत्यतालाई नकार्छ भने ऊ झूठलाई पनि साँचो विश्वास गर्ने शक्तिशाली भ्रममा पर्छ । - २ थेसलोनिकि २:११ यसो भएमा ऊ तत्काल नै नष्ट हुन्छ ।

१२. म सोच्थेँ, आज्ञापालन भन्दा प्रेम वढि महत्वपूर्ण छ ? होइन र ?

*"येशूले उत्तर दिनुभयो, ... यदि कोही व्यक्तिले मलाई प्रेम गर्छ भने, मेरो वचनलाई पालन गर्छ, त्यो जसले मलाई प्रेम गर्छ, त्यसले मैले नभनेको कुरा पालन गर्दैन । "युहन्ना १४:२४,२४ । "हामीले उहाँको आज्ञा पालन गर्नु भनेको उहाँलाई प्रेम गर्नु हो र उहाँका आज्ञाहरू मृत छैनन् ।" १ युहन्ना ५:३*

उत्तर : होइन । पटक्कै होइन । वास्तवमा, आज्ञाकारीता विना साँचो प्रेमको अस्तित्व नै छैन भनी बाइबलले सिकाउँदछ ।  कोही व्यक्ति सच्चा आज्ञाकारी प्रेम विना नै हुनसक्छ । कुनै पनि वच्चाले पूर्ण रूपमा आफ्नो अभिभावकलाई मान्दैन जबसम्म उनीहरूले उसलाई माया गर्दैन, र तब सम्म उसले आफ्नो अभिभावकलाई माया गर्दैन जब सम्म उनीहरूले यसको आज्ञालाई मानिदिँन्छन्, साँचो प्रेम र आज्ञापालन जोडेको जुम्ल्याहा जस्तै हुन । जब छुट्टिन्छन् मर्छन ।

१३. तर म सधैँ सोच्थे, ख्रीष्टको साँचो स्वतन्त्रताले मलाई आज्ञापालनवाट टाढा राखेको छ । होइन र ?

*"यदि तिमी मेरो वचनलाई निरन्तरता दिन्छौ भने, ...तिमीले सत्य जान्नेछौ र सत्यताले तिमीलाई स्वतन्त्र वनाउने छ ।"पाप गर्ने जो कोही पनि पापको दास हुन्छ" युहन्ना ८:३१,३२,३४ "भाइ हामी  तिमीहरूलाई आग्रहपूर्वक विन्ती गर्दछु कि तिमीहरूलाई सिकाइएको धर्मसिद्धान्तका विरूद्धमा फुट र वाधा सृष्टि गर्नेहरूलाई नजर राख र तिनीहरूवाट अलग्गै राख" रोमी १६:१७ ।"म तपाईको*

*व्यवस्था सदा- सवर्दा पालन गर्नेछु । म स्वतन्त्र भएर हिँड्ने छु किनकि मैले तपाईका आदेशहरू खोजी निकालेको छु " भजनसँग्रह ११९:४४,४५ ।*

उत्तर : होइन । साँचो स्वतन्त्रता आज्ञाकारितावाट मात्र आउँछ । यसको मतलब "पापवाट छुटकारा" । रोमी ६:१८ । अथवा अनाज्ञाकारिता जसले परमेश्वरको व्यवस्थालाई भङ्ग गरिरहेकोछ । १ युहन्ना ३:४ । व्यवस्था मान्ने नगरिकहरूका लागि स्वतन्त्रता छ । अनाज्ञाकारिहरू सामातिन्छन् र स्वतन्त्रता खोसिन्छन् । आज्ञाकारिता विनाको स्वतन्त्रता भनेको एक झुठो स्वतन्त्रता यो उडिरहेको वेलुन वा चालक विनाको मोटर जस्तै हो । यसले भ्रममा पार्दछ । साँचो इशाईको स्वतन्त्रता भनेको आज्ञाकारिताको स्वतन्त्रता हो । अनाज्ञाकारिताले सँधै मानिसलाई दुःख दिन्छ र सैतानको दास वनाउन तर्फ डोऱ्याउँछ।

१४. जब परमेश्वरलाई कुनै कुरा चाहिएको हुन्छ, के मैले तब पनि त्यो आज्ञा पालन गर्नुपर्छ जब कि मलाई थाहा छैन उहाँलाई यो किन चाहिएको हो ?

*मैले तपाँईलाई भनेका परमेश्वरको वचन याद गर्नुहोस् र तपाँईको भलो हुनेछ र तपाँईको प्राण वच्नेछ । " यर्मिया ३८:२० । "आफैमा भरोसा राख्ने व्यक्ति मूर्ख हो ।" हितोपदेश २८:२६ । "मान्छेमा भरोसा राख्नुभन्दा परमेश्वरमा आस्था राख्नु राम्रो हुन्छ ।"भजनसँग्रह ११८:८ । "यसैले न्याय हामी भन्दा टाढा भएको छ । धार्मिकताले हामीलाई भेट्टाउन सक्दैन । हामीहरू उज्यालो वाटो हिँड्छौं तर सबै अँध्यारो हो । प्रकाशको वाटोमा हिँड्छु भन्छौं तर घोर अँध्यारोमा हिँड्दछौं ।" यशैया ५९:९ । "आहा परमेश्वरको वैभव र वुद्धि र ज्ञान कति गहिरो । उहाँको इन्साफहरू कति अगम र उहाँका मार्ग वुझ्न नसकिने । किनभने प्रभुको मनलाई कसले जानेको छ ? अथवा उहाँको सल्लाहकार को भएको छ ?" रोमी ११:३३,३४ । " म तिमीहरूलाई त्यस वाटोमा हिँडाउने छु, जुन तिनीहरूले देखेका छैनन् ।"यशैया ४१:१६ । "तपाँईले मलाई जीवनको मार्ग वताउनु भएको छ ।" भजनसँग्रह १६:११*

उत्तर : अति विश्वासका साथ भन्नुपर्दा, हामीले नवुझेका कुरा परमेश्वर हामीवाट वुद्धिमानी पूर्वक चाहनुभएकोमा हामीले यो श्रेय उहाँलाई दिनुपर्छ । असल बालबालिका, उनीहरूका अभिभावकले गरेको अपुष्ट आज्ञालाई पनि पालन गर्छन । साधारण आस्था र विश्वासले उहाँलाई

हाम्रा वारेमा के सही के गलत भनी परमेश्वरले जान्नुहुन्छ भनी हामीमा विश्वास ल्याउँछ ।

१५. सबै अनाज्ञाकारिताहरूका पछाडी वास्तवमा को छ र किन ?

*"जसले पाप गर्छ, त्यो दियाबसल हो । किनकि दियावलस त सुरू देखि नै पाप गर्दै आएको छ । दियाबलसका(सैनान) कामहरू नष्ट पार्न नै परमेश्वरका पुत्र प्रकट हुनुभएको छ । सैतान परमेश्वरवाट जन्मेकाहरू कसैले पनि पाप गरिरहँदैनन्, किनकी उहाँको स्वभाव त्यसमा रहिरहन्छ, र त्यसले पाप गरिरहन सक्दैन, किनभने त्यो परमेश्वरवाट जन्मेको हो । परमेश्वरको सन्तान को हो र दियाबलसको सन्तान को हो यसैवाट प्रष्ट हुन्छ, ठीक काम नगर्ने व्यक्ति परमेश्वरको सन्तान होइन र त्यो व्यक्ति पनि होइन जसले आफ्नो दाजुभाईलाई पनि प्रेम गर्दैन ।" १ युहन्ना ३:८-१० । "सैतानले... सम्पूर्ण संसारलाई ठग्नेछ ।" प्रकाश १२:९ ।*

उत्तर : सैतान जिम्मेवार छ । उसलाई थाहा छ, अनाज्ञाकारिता पाप हो र पापले दु:ख, र परमेश्वरसँग विछोड, भिन्नता ल्याउँछ र अन्त्यमा नष्टता ल्याउँछ । रिसले मुरर्मुरिएको हृदय लिएर उसले सबै व्यक्तिलाई अनाज्ञाकारिता तर्फ हिँडाउँछ । तपाँई पनि यसमा सामेल हुनुहुन्छ । तपाँईले तथ्यको सामना गर्नुपर्ने हुन्छ र निर्णय लिनुपर्ने हुन्छ । आज्ञा भङ्ग गर्नुस् र विनास हुनुहोस् वा खीष्टलाई स्वीकार गर्नुहोस् आज्ञा पालन गर्नुहोस्  र जीवन पाउनुहोस् । तपाईको आज्ञाकारितासम्वन्धी निर्णय खीष्ट सम्वन्धित निर्णय हो । उहाँले भन्नुहुन्छ , "म सत्य हुँ.." युहन्ना १४:६ । अझै छान्नुहोस्, तपाँई कसको सेवा गर्नुहुन्छ ।" यहोसू २४:१५

१६. अद्भूत चमत्कारसम्वन्धी कस्तो गरिमामय प्रतिज्ञा बाइबलले परमेश्वरको सन्तानलाई दिँन्छ ?

"उहाँ जसले  तिमीमा असल काम सुरू गर्नुभएको छ, यसलाई खीष्टको अन्तिम दिन सम्म गरिरहनुहुनेछ" फिलिप्पी १:६

उत्तर : परमप्रभुको महिमा गाउनुहोस् । उहाँले जसरी हामीलाई नयाँ जन्म दिने आश्चर्यको काम गर्नुभयो उहाँले हाम्रो जीवनमा आवश्यकता परेको वेला अचम्मकको काम गर्नुहुनेछ तब सम्म जब सम्म हामी उहाँको राज्यमा सुरक्षित पुग्दैनौ ।

१७. के तपाँई अहिले नै येशूको आज्ञालाई पूर्ण रूपमा प्रेमसहित पालन गर्न तयार हुनुहुन्छ ?

उत्तर:.......................................................................................
...............................

## तपाईको विचारमा रहेका प्रश्नहरूको उत्तरहरू :

१. के मुक्ति पाएको छु भनी साँचो रूपमा सोच्ने कोही हराउनेछन् ?

उत्तर हराउँछन् । मत्ती ७:२१-२३ येशूको नाउँमा भूतहरू भगाउने र अचम्मका काम गर्ने धेरै अगमवक्ता भनाउँदाहरू नष्ट हुनेछन् तर आफू वचाइएका छौं भनी सोच्नेछन् । ख्रीष्टले भन्नुभयो, "तिनीहरू नष्ट भए किनकि तिनीहरूले स्वर्गमा वस्नुहुने मेरो पिताको इच्छा अनुसार काम गरेनन् ।" पद २१ । परमप्रभुको इच्छा पालन गर्न नकार्नेहरू त्यो झूठमा विश्वास गरेर नष्ट हुनेछन् ( २ थेसलोनीकि २:११,१२) र यसरी उनीहरूले सोच्नेछन् उनीहरू वचाइए तर यसको सट्टामा उनीहरू नष्ट भइसकेका हुन्छन् ।

२. हामीलाई थाहा छ सत्यवाटो एक मात्र छ, त्यसो भए इमानदारीपूर्वक सही छु भनी सोच्ने तर गलत गर्ने मानिसहरूलाई के हुनेछ ?

उत्तर : उहाँले उनीहरूलाई उहाँको सत्यको वाटोमा ल्याउनुहुने र उहाँको साँचो भेँडाले उहाँलाई सुन्ने र पछि लाग्ने छ भनी येशू भन्नुहुन्छ । युहन्ना १०:१६-२७ ।

३. के उत्साह, जोश र इमानदारिता नै काफी छैन ?

उत्तर : छैन । हामी सही पनि हुनु पर्दछ । प्रेरित पावल पनि उत्साही र इमान्दार थिए जब उनले इशाईको खेदो गर्थे, तर त्यसवेला ऊ गलत थियो । प्रेरित २२:३,४,२६:९-११ ।

४. परमेश्वरले सबैलाई एक पटकमा हेर्नुहुन्छ भन्ने कुरा के वैज्ञानिक रूपमा असम्भव छैन ?

उत्तर : नोआको वाढीको घटना पनि त्यस्तै थियो (यो भन्दा पहिले कहिल्यै पानी परेको थिएन । -उत्पति २:५,६), तर जसरी भएपनि यो भयो । अनाज्ञाकारिताको लागि "वैज्ञानिक कारण" को मन्त्र (छल) रोमी १:२२ मा दिइएको वर्गको मनमोहक समय विताउने कुरा हो, जसले आफूलाई वुद्धिमान भन्ठान्छन, त्यो मूर्ख हो ।

५. यो अन्तर दृष्टि नपाएका मानिसहरूलाई के हुनेछ ?

उत्तर : सबैले अलिकति परमेश्वरवाट ज्योति पाइसके भनी बाइबल भन्दछ । "हरेक मानिसलाई ज्ञान दिने साँचो ज्योति यस पृथ्वीमा आउँदै हुनुहुन्छ" युहन्ना १:९ । प्रत्येकले पाएको ज्ञानको प्रयोगको आधारमा

उसको न्याय गरिनेछ । रोमी २:१४,१५ ले अन्यजातीहरूमा पनि केही ज्ञान रहेको हुन्छ र व्यवस्था अनुसार नै हिँड्छ भनी भन्दछ ।

६. परमेश्वरले मलाई उहाँको आज्ञा पालन गरेको चाहनुहुन्छ भने केही संकेत दिन मैले उहाँसँग माग गरेको छु । यो सुरक्षित तरिका हो, होइन र ?

उत्तर : होइन । यसो होइन । येशूले भन्नुभयो, "एक सैतान र व्यभिचारी सन्ततिले संकेतको खोज गर्नेछ ।" मत्ती १२:३९ । सबै शिक्षाहरूलाई वाइबलले जाँच गर्नुपर्दछ, र यदि परमेश्वरको वचनसँग सहमत भएमा यसलाई स्वीकार गर्नुपर्छ र पछ्याउनु पर्छ । - यशैया ८:२०, २ तिमोथी २:१५) । बाइबलको साधारण शिक्षालाई स्वीकार नगर्ने मानिसहरू आश्चर्य कामबाट पनि परिचित हुन सक्दैन । जसरी येशूले भन्नुभयो, "मोशा र अगमवक्तालाई यदि उनीहरूले सुन्दैनन् भने, मृतकवाट जीवित भए पनि उनीहरू विश्वास गर्दैनन् । - लूका १६:३१ ।

७. हिब्रू १०:१६,१७ अनुसार यदि उनीहरू जाना-जान एउटा भूल गर्छ भने आफू हराएको भनी उसलाई राम्ररी थाहा हुन्छ ।" के यो सत्य हो ?

उत्तर : होइन । पाप स्वीकार गर्ने जो कोहीलाई पनि क्षमा दिइन्छ । बाइबलले यहाँ एउटा पापको रूपका वारेमा भनेको छैन तर थाहा पाएर पनि येशूको सामू हार स्वीकार नगर्ने जस्तो निरन्तर पापको विषयमा भनेको छ । त्यस्तो कृयाकलापले पवित्र आत्मालाई दु:ख पुर्‍याउँछ । एफिसी ४:१९ र नष्ट हुन्छ । बाइबलले भन्छ, "त्यस्तो अहंकारी पापवाट तिम्रो कमारा कमारीलाई टाढा राख, उनीहरूलाई म भन्दा शक्तिशाली नवनाउ, तब म माथि हुन्छु, र म महान् ठूलो दोषवाट दोषमुक्त रहन्छु । - भजनसँग्रह १९:१३

८. बाइबल वुझ्नको लागि के एक व्यक्ति साक्षर हुनुपर्दैन ?

उत्तर : पर्दैन । अति साधारणले पनि यसलाई वुझ्न सक्छ, यदि ऊ परमेश्वरको सामू निहुरिन्छ भने । -भजनसँग्रह १९:७,११९:१३०, मत्ती ११:२५

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पाना सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढनुहोस । तल दिइएको प्रश्नहरूको उत्तरहरू अध्ययन पुस्तिकामा पाउन सक्नुहुन्छ । ठीक उत्तर भएको वक्समा टीक लगाउनुहोस । प्रश्नको पुछारमा इिएको अङ्कले पूर्णाङ्क बुझाउँछ ।

१. ती मानिसहरू वचाइनेछन् जसले । (१)

- ❑ खीष्टको नाउँमा भूत भगाउँछन् ।
- ❑ येशूलाई प्रेम गरेको दावा गर्छन् ।
- ❑ परमेश्वरलाई स्वीकार गर्छ र परमेश्वरको आज्ञा पालन गर्छन् ।

२. तल मध्येको कुन तिन कुराहरूले मलाई सम्पूर्ण सत्यता प्राप्त गर्नको लागि निश्चित गर्दछ । (३)

- ❑ मेरो मनोविज्ञान विद्हरूलाई सोध्नु
- ❑ ज्योतिको प्रार्थना गर्नु
- ❑ मेरो अगुवाले भनेको मान्नु ।
- ❑ मण्डलीमा नियम वमोजिमको भेटी दिनु ।
- ❑ आफैलाई सजाय दिनु ।
- ❑ राम्रो शिक्षा पाउनु
- ❑ परमेश्वरसँग संकेत माग्नु
- ❑ बाइबल अध्ययन गर्नु
- ❑ सत्यलाई पछ्याएर जुन अहिले म वुझ्दछु

३. परमेश्वरले मलाई ..................का लागि उत्तरदायी मान्नुहुन्छ । (१)

- ❑ मेरो अगूवाहरूले सल्लाह दिएको कुरा मान्ने
- ❑ मेरो आमावुवको पछि लागेर ।
- ❑ ज्योति जुन मसँग छ र हुनसक्छ

४. जब म नयाँ सत्यलाई आविष्कार गर्छु (१)

- ❑ त्यसलाई नकार्नुपर्दछ
- ❑ स्वीकार गर्न जरूरी छ भनी अनुभव नगरे सम्म पर्खनुपर्छ ।
- ❑ एकै पटकमा स्वीकार गरेर  पालन गर्नुपर्छ

५. परमेश्वरको आज्ञाको पूर्ण पालन (१)

- ❑ कुनै पनि हालतमा सम्भव छैन ।
- ❑ ऐन र सैतानको हो
- ❑ खीष्ट मार्फत मात्र सम्भव

६. इच्छापूर्ण अनाज्ञाकारिता (१)

- ❑ अन्धकार र अनन्तको नष्टतामा लैजान्छ ।
- ❑ उत्साही मण्डली कार्यकर्ताको लागि ठीकै हो ।
- ❑ मैले अडान लिएको वेलामा परमेश्वरले विशेष ध्यान दिनुहुन्छ

७. परमेश्वरको लागि विशुद्ध प्रेम (१)

- ❑ आज्ञापालन भन्दा उत्तम हो ।
- ❑ आज्ञापालनलाई अनावश्क वनाउँछ ।
- ❑ खुसीसाथ उहाँलाई स्वीकार गर्न लगाउँछ ।

८. इशाईको साँचो स्वतन्त्रता के हो (१)

- ❑ सबै कुरामा म खुसी हुने कुरा गर्ने अधिकार पाएर
- ❑ परमेश्वरको आज्ञा पालन गर्ने अधिकार पाएर ।
- ❑ अनाज्ञाकारि भए देखि सैतानको दासत्वसम्म ।

९. सत्यको एक वुँदा प्रष्ट छैन र म वुझ्न सक्दिनँ तब परमेश्वरले मलाई त्यो पालन गर्न लगाउनुहुन्छ, मैले के गर्ने (१)

- ❑ कारण प्रष्ट नभएसम्म पर्खने ।
- ❑ त्यो सत्यको अस्पष्ट वुँदालाई त्याग गर्ने ।
- ❑ त्यसलाई स्वीकार गर्ने र परमेश्वरको वचन पानल गर्ने ।

१०. सबै अनाज्ञाकारिताको वास्तविक जिम्मेवार को हो ?(१)

- ❑ सरकार
- ❑ मलाई गलत कुरा सिकाउने मेरो अभिभावक
- ❑ सैतान

११. आज्ञापालन किन आवश्यक छ (१)

- ❑ किनकी म भन्दा परमेश्वर महान् हुनुहुन्छ र म उहाँ देखि डराउँछु
- ❑ परमेश्वरमलाई रिसाउनवाट रोक्न
- ❑ किनकि म परमेश्वरलाई प्रेम गर्छु र उहाँको नियमलाई असल इशाइ व्यहोराको लागि पछ्याउँछु ।

१२. अनाज्ञाकारिलाई परमेश्वरले किन अहिले नै नष्ट गर्नुहुन्न ? (१)

- ❑ उहाँ डराउनु हुन्छ
- ❑ पाप वढेको उहाँ देख्न मन पराउनुहुन्छ ।
- ❑ उहाँको प्रेम र न्याय सबैले वुझून भनेर पर्खिरहनुभएको

१३. येशूले नयाँ जीवन मात्र दिनुहुन्न तर उहाँले तिनीहरूको जीवनमा आवश्यक अचम्मको काम उनीहरू उहाँको राज्यमा सुरक्षित रहुन्जेल निरन्तर गर्नुहुन्छ भनी थाहा पाउँदा, के यसले तपाईको जीवनमा आनन्द ल्याउँछ :

- ❑ हो
- ❑ होइन

# १८ ख्रीष्ट विरोधी को हो ?

सारा संसारको शासक को हो ? सैतान को हो ? येशूको दोस्रो आगमन पछि त्यो देखा पर्दैन भनेर कसले भन्दछ ? केही मानिसहरूले भन्छन्, त्यो प्राचिन रोमीहरूको पालामा देखा परिसक्यो र टाढा गइसक्यो । तर बाइबलले भन्दछ संसारको शासक सैतान अझै जीवित छ । संसारको इतिहासको घटनाक्रममा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ । त्यसलाई अन्त्यको दिनका भविष्यवाणीहरूमा पटक-पटक दानियल र प्रकाशको पुस्तकहरूमा देखाइएको छ । के तपाँईलाई थाहा छ त्यो के हो ? के तपाँई विश्वस्त हुनुहुन्छ ? अन्त्यका दिनका भविष्यवाणी वुझ्नु छ भने पहिला हामीले सही रूपमा त्यो संसारको शासकलाई वुझ्नु आवश्यक छ ।

यो अध्ययन निर्देशिका (पुस्तिका) दानियलको ७ अध्यायमा आधारित छ, जहाँ स्पष्ट रूपमा संसारको शासकलाई उजागर गराइएको छ । तर यो केवल परिचय मात्र हो । त्यस पछिका पाठहरूले उसको विषयमा विस्तृत उल्लेख गर्दै उसका क्रियाकलापद्वारा संसारमा पर्ने प्रभावको वारेमा प्रष्ट पारिएको छ । आज जुन तपाँईले थाहा पाउनु भएको छ त्यले तपाँईलाई वेखुसी अथवा दुखीत वनाउँछ तर कृपया गरी दानियल ७ अध्यायमा उल्लेखित भविष्यवाणीलाई सम्झनुहोस् यी तपाँईलाई प्रेम गर्ने येशू खीष्टवाट आएका छन् । यस्तो जरूरी विषयको लागि परमेश्वरको अगुवाईको निम्ति प्रार्थना गर्नुहोस् । यो पुस्तक पढ्नु भन्दा पहिले दानियल ७ अध्याय पढ्नुहोस् ।

१. जब पाठ सुरू हुन्छ, दानियलले ठूला चारवटा जनावरहरू, समुद्रवाट निस्केको देख्छन् । भविष्यवाणीमा जनावरलाई के को प्रतिकको रूपमा लिइन्छ ? समुद्रले के को प्रतिनिधित्व गरेको छ ?

*"चौथो जनावर चाहिँ पृथ्वीमा देखा पर्ने चौथो राज्य हो" ( दानियल ७:२३) । "तिमीले देखेका ती पानी मानिसहरू, भीडहरू, जातिहरू र भाषाहरू हुन्" (प्रकाश १७:१५) ।*

उत्तर : जनावरले राज्य अथवा देशको प्रतिनिधित्व गर्दछ । पानीले मानिसहरू र जातिहरूलाई जनाउँछ ।

२. चौथो जनावर दानियल, ७ मा संसारको चौथो राज्यको प्रतिक हो ( पदहरू १७,१८) । वेविलोनले पहिलो राज्य, (दानियल २:३८,३९) सिंहको प्रतिनिधित्व गर्छ । दानियल ७:४ (हेर्नोस यर्मिया ४:७, ५०:१७,४३:४४) । चीलको पखेटाको अर्थ के हो ? २ पदमा उल्लेखित आकाशका चार वतासले के को प्रतिनिधित्व गर्छन ?

*"परमप्रभुले टाढावाट पृथ्वीको पल्लो छेउ देखि वेगसित गरूडले तल झम्टिए झैं तिमीहरूले नवुझ्ने भाषा वोल्ने एउटा जाती तिमीहरूको विरूद्धमा ल्याउनु हुनेछ ।" (व्यवस्था २८:४९)। "सर्वशक्तिमान् परमप्रभु यसो भन्नु हुन्छ "हेर विपत्ति एक जाति देखि अर्को जाति सम्मै फलिदै जान्छ, पृथ्वीका कुना-कुनावाट एउटा भयानक तुफान चल्दै छ, अनि त्यस दिन परमप्रभुले मार्नु भएकाहरू एकै ठाउँमा पृथ्वीको एक कुना देखि ... तिनीहरू जमीनमा मल जस्तै हुनेछन् ।" (यर्मिया ३२:३३) ।*

उत्तर : चीलका पखेटाहरूले गतिलाई जनाउँछ । (यर्मिया ४:१३, हवकुक १:७-९ पनि हेर्नुहोस) हावाले रिस र नासलाई देखाउँछ । (प्रकाश ७:१-३ पनि हेर्नुहोस्)

३. भालु कुन राज्यको प्रतिक हो ? (दानियल ७:५) त्यसको मुखका दाँतहरूका वीचमा तिन ओटा करङ्गहरू के का प्रतीक हुन् ?

उत्तर : दानियल ८ अध्याय पढनुहोस् । ख्याल गर्नुहोस, दानियल ८ मा उल्लेखित पशुहरू दानियल ७ अध्यायमा उल्लेख गरिएकासँग मिल्छन । दानियल ८:२० मा उल्लेखित नामहरू मादी-फारसी राज्य जुन दुई सिङ्गे भैँडा अथवा ग्रीस (पद २१) हो । यो संसारको दोस्रो राज्य भालु जस्तै शक्तिशाली दानियल ७ मा उल्लेखित भए अनुसार उक्त राज्य दुई समूहका व्यक्तिहरूले मिलाइसकेका थिए । मादी पहिले आयो (दानियल ७:५ मा एक तर्फवाट आएको भालुले प्रतिनिधित्व गरेको) तर पर्सिया अन्त्यमा गएर शक्तिशाली राज्यको रूपमा देखा पऱ्यो (जसलाई दानियल ८:३ मा भैँडाको दोस्रो सिङ्गले प्रतिनिधित्व गरिएको छ ।) । दुई सिङ्ग भएको भैँडा दोस्रो सिङ्ग जो लामो र तिनवटा करङ्गहरूले तिन किसिमका शक्तिहरूलाई पर्सियाले जित्यो र ती थिए : लिडिया, वेविलोन र इजिप्ट ।

४. तेस्रो राज्य ग्रीस (दानियल ८:२१) को प्रतिनिधित्व चितुवा जस्तो पिठ्युँमा चराको जस्तो चारवटा पखेँटा, चारवटा टाउकाहरू भएको पशुले (दानियल ७:६) भएको छ । ती पशुका टाउकाहरूले के देखाउँछन् ?

उत्तर : चारवटा टाउकाले चारवटा राज्यहरू देखाउँछन् जुन अलेक्जेण्डर महान्ले खडा गरेको शक्तिशाली राज्य थिए र उनको मृत्यु पछि चार भागमा विभाजित भयो । चार कमाण्डर जसले यी चार राज्यहरूलाई नेतृत्व गरे क्यासेण्डर, लिसिमासुस्, पोटोलिमी र सेल्युससले गरेको थिए । चारवटा पखेँटाहरू (सट्टा दुई सिंह जस्तो) ले तीब्र गतिको को प्रतिक हो जुन अलेक्जेण्डरको विजयको सत्यता थियो (यर्मिया ४:११-१३) ।

५. रोमी सम्राज्य, चौथो संसारको राज्य, अत्यन्त शक्तिशाली, ठूला-ठूला फलामका दाँत र १० वटा सिङ्ग भएको पशुद्वारा प्रतिनिधित्व गराइएको छ ? सिङ्गहरू के का प्रतिक हुन् ?

उत्तर : दश सिङ्गले दश राजा र राज्यहरूलाई देखाउँदछ जसमा पेगन रोम अन्त्यमा फुटेर अगाडी आउँछ (दानियल ७:२४) । (यी दश राज्यहरू दानियल २:४१-४४ मा उल्लेख गरिएका दश खुट्टाका औँलाहरूसँग मिल्छन्)। घुमन्ते वारवारियन (barbarian) समुदायले रोमन साम्राज्यलाई आफ्नो प्रभावमा पाऱ्यो र त्यहाँका जमीन आफ्नो कब्जामा लिए । दश समुदाय मध्ये सात समुदायद्वारा आधुनिक दक्षिण यूरोपका राज्यहरू वने र वाँकी तिन हराए र नास भए । अर्को भागमा ती नास अथवा हराएका राज्यहरूका विषयमा छलफल गरिनेछ ।

| | |
|---|---|
| भिसिगोथ्स् | - स्पेन |
| एङ्गलो सक्सनस् | - वेलायत |
| फ्रेङ्क्स् | - फ्रान्स |
| एल्मानि | - जर्मनी |
| वर्गण्यिन्स् | - स्वीट्जरल्याण्ड |
| लोम्वारडस् | - इटली |
| स्युभी | - पोर्तुगाल |
| हेरूली | - नष्ट भएको |
| अस्ट्रोगथ्स् | - नष्ट भएको |
| भाण्डल्स् | - नष्ट भएको |

६. दानियल ७ मा उल्लेख भविष्यवाणीमा त्यसपछि के हुन्छ ?

*"जसै म ती सिङ्गहरूको वारेमा विचार गर्दै थिए, मेरो लागि एउटा सानो सिङ्ग थियो जुन चाहिँ तिनीहरू मध्येवाट उम्रेको थियो र पहिलेका सिङ्गहरू मध्ये तिन वटा चाहिँ त्यसको सामु जरै समेत उखेलिए । मानिसका आँखा जस्तै ती त्यस सिङ्गका आँखा थिए र*

*अहङ्कारी कुरा गर्ने त्यसको मुख थियो" (दानियल ७:८) ।*

उत्तर : "सानो सिङ्गको" शक्ति त्यस पछि देखा पर्छ । हामीले यसलाई सावधानी पूर्वक चिन्नु पर्छ किनकि परमेश्वरले यहाँ धेरै समय यसलाई प्रष्ट्याउन लिनुभएको देखिन्छ । अरू चार राज्यहरू संयुक्त रूपमा किन? किनकि बाइबलिय स्वभाव (आचरण चरित्र) वर्णनले यसलाई ख्रीष्ट विरोधी भविष्यवाणी र इतिहासको रूपमा उल्लेख गर्दछ । यसलाई पहिचान गर्न त्यहाँ कुनै गल्ती हुनुहुँदैन ।

७. के त्यहाँ पहिचानका स्पष्ट बुँदाहरू छन् ?

उत्तर : हो । परमेश्वरले दानियल ७ अध्यायमा ख्रीष्ट विरोधीका नौवटा चरित्रहरू दिनु भएको छ । त्यस कारण हामी त्यसको पहिचानमा निश्चित हुन्छौं । यद्यपि केहीले यो सत्यलाई परमेश्वरको वचनवाट दुखित रूपमा आएको हुन्छ तर हामी आफैमा इमान्दार हुनु पर्छ कि यी कुराहरू उहाँका इच्छा अनुसार प्रकट गरिएका हुन् । अब येशूका यी नौवटा बुँदाहरू के-के हुन् हेरौं ।

क. "सानो सिङ्ग" अथवा "राज्य" तिनीहरू मध्येवाट "उम्रेका" १० वटा सिङ्ग जुन पश्चिम यूरोपका देशहरू हुन् (दानियल ७:८) । त्यसकारण यो सानो राज्य पश्चिमी यूरोपको कुनै ठाउँमा हुनेछ ।

ख. मानिसको जस्तो यसको टाउको थियो जो वोल्न सक्थ्यो - दानियल ७:८) ।

ग. त्यसले तिन राज्यहरूलाई जरैसित उखेलेर फाल्नेछ (दानियल ७:८) ।

घ. दश राज्यहरू भन्दा यो भिन्न अथवा फरक हुनेछ (दानियल ७:२४) ।

ङ. त्यसले पवित्र जनहरूको विरूद्धमा लडाँई गर्ने छ अथवा पवित्र जनहरूलाई अत्याचार गर्ने छ । (दानियल ७:२१-२५)

च. यो पेगन रोमी साम्राज्यवाट उदाउँछ । चौथो संसारको राज्य ( दानियल ७:७,८) ।

छ. पवित्र जनहरू (परमेश्वरका जनहरू) "उसको हातमा सुम्पिइनेछन्", "समय, समयहरू र आधा समयसम्म" (दानियल ७:२५) ।

ज. यसले "सर्वोच्चको विरूद्धमा अहङ्कारी कुरा वोल्नेछ" अथवा परमेश्वरको विरूद्धमा (ईश्वर निन्दा) (दानियल ७:२५) । प्रकाश १३:५मा बाइबलले भन्छ त्यही शक्ति जसले ठूला कुरा र ईश्वर निन्दक शब्दहरू उच्चारण गर्नेछ ।

झ. यसले समय र व्यवस्था फेर्न प्रयत्न गर्नेछ ।

नविर्सौं यी सबै पहिचानका पदहरू सिधै पवित्र धर्मशास्त्रवाट आएका हुन । यिनीहरू केही मानिसका विचार अथवा अनुमानका उपज होइनन् । इतिहासकारले झट्टै तपाईंलाई भन्न सक्छन, कुन शक्ति वर्णन गरिएको छ । यी पदहरू केवल एउटै शक्तिसँग मेल खान्छन् त्यो हो पोपतन्त्र वा पोपवाद । तर यसको विषयमा स्पष्ट हुन यी सबै पदहरूलाई एक साथ ध्यान पूर्वक (होसियारी पूर्वक) जाँचौ । त्यस पछि त्यहाँ कुनै शंकाको ठाउँ रहने छैन ।
(बाइबलले भन्छ ख्रीष्ट विरोधीले पवित्रजनहरूलाई अत्याचार गर्छ ।)

८. के यी वुँदाहरू भविष्यवाणीसँग मेल खान्छ ?
उत्तर : हो । मेल खान्छन् । प्रत्येक वुँदाहरू पूर्णरूपमा भविष्यवाणीसँग मेल खान्छन् । तल उल्लेखित १ देखि ९ वुँदाहरू हेर्नुहोस ।

१. यो पश्चिमी यूरोपका १० वटा राज्यहरू "मध्येवाट उर्लिआएको" - भौगालिक वनावट अनुसार पोपको कार्यालय रोममा थियो । इटली पश्चिम यूरोपको मध्यभागमा (मुटु) मा अवस्थित थियो ।

२. यसको प्रमुखको रूपमा एउटा मान्छे रहनेछ जसले यसका निम्ति बोल्नेछ - पोपको संचालन प्रकृया यस चिन्हसँग मिल्दछ किनकि यसमा पोप सर्वशक्तिमान् एक मानिस प्रमुखको रूपमा यसको तर्फवाट वोल्छ ।

३. यसले तिन राज्यहरूलाई जरैसित उखेलेर फाल्नेछ ।
धेरै जसो पश्चिमी यूरोपका शासकहरूले क्याथोलिक उन्नति र अधिकारलाई समर्थन गर्दै रहे । यद्यपि तिन आरियन राज्यहरूले पोपलाई समर्थन गरेनन् - भेण्डाल्स, हेरूली, अस्ट्रोगोथ्स् । त्यसकारण क्याथोलिक सम्राटले यी तिन राज्यहरूलाई दमनगरी आफ्नो वसमा राख्ने अथवा खतम (नष्ट) गर्ने निश्चय गरे । यहाँ यसरी डा. मार्भिन म्यक्सवेल धर्मशास्त्री र इतिहासकारले आफ्नो किताव *गड केयर्स*को खण्ड १ पेज १२९ मा उल्लेख गर्नुभएको छ - क्याथोलिक सम्राट जेनाले (४७४-४९१) ओस्ट्रोगोथ्स् सँग ४८७ मा सम्झौता गरे जसको फलस्वरूप आरियन हेरूलीको राज्य ४९३ मा नष्ट भयो । क्याथोलिक सम्राट जस्टीनियनले (५२७-५६५) आरियन भेण्डाल्स्लाई ५३५ मा नष्ट पारे र महत्वपूर्ण कुरो आरियन अस्ट्रोगोथ्स्को शक्तिलाई ५३८ मा विभक्त गरे । यस कारण दानियलमा उल्लेख गरीएका तिन सिङ्गहरू भेण्डाल्स, हेरूली, अस्ट्रोगोथ्स् जरै सित उखेलिए । यो वुझ्न गाह्रो हुँदैन कि पोपिय पद्दतिको यी कुरासँग तालमेल मिल्छ ।

४. यो अरू राज्यहरू भन्दा “भिन्न” अथवा फरक हुनेछ ।
पोपिय शासन स्पष्ट रूपमा यो भनाइसँग गाँसिन्छ अथवा मिल्छ यो धार्मिक शक्तिको रूपमा आयो र पूर्ण रूपमा धर्मनिरपेक्ष अरू १० राज्यहरू भन्दा फरक थियो ।
५. यसले युद्ध गर्ने छ र पवित्रजनहरू माथि अत्याचार गर्ने छ - चर्चले पनि मानिसहरूलाई सताएको कुरा पूर्ण रूपले सर्वविदित छ । पोपिय शासनले स्पष्ट रूपमा यो कुरा गरेको स्वीकार्छ । यस विषयमा धेरै प्रमाणहरू छन् । पुरातनवादी इतिहासकारहरूले पनि यो स्वीकारेका छन् कि करीब ५ करोड मानिसहरूको संहार धार्मिक आस्थाको कारणले भएको थियो । हामी यहाँ, दुई स्रोतवाट यसलाई उद्धृत गर्छौं :
क. “रोमी चर्चहरूले यति निर्दोष मानिसहरूको रगत बहाएको छ जुन मानवजाति भित्र भएको संस्थाले आज सम्म गरेको छैन्, यसलाई प्रोटेस्टेन्टले कुनै प्रश्न गर्दैन जसलाई इतिहासको पर्याप्त ज्ञान छ ।”

ख. स्पेनको धर्मन्यायधीकरण डा. इभान एन्टोनियो लोरेन्ट यसरी लेख्छन् “केवल अंक स्पेनिस न्यायधीकरण
- ३१९१२ अपराधि ठहऱ्याइयो र आगोको ज्वालामा हाली मारियो ।
- २४१४५० व्यक्तिलाई दोषि ठहऱ्याइयो र जरिवाना अथवा सजाय भोग्नु पऱ्यो ।

देखभाल र रूचीका शब्दहरू

कारणवश यदि केहीले सोचे कि त्यो सानो सिङ्गको शक्तिलाई चिनेर हामीहरू इसाई मित्रलाई आक्रमण अथवा दोषारोपण गरिरहेका छौं भने कृपया यो मनमा राख्नुहोस कि भविष्यको लक्ष्य निश्चित निकाय पोप पद्धती मा छ ताकि यो कुन व्यक्तिमा क्याथोलिक विश्वास लगाए । प्रत्येक मण्डलीहरूमा इमान्दार (सच्चा) समर्पित भक्तहरू नभएका होइनन् । दानियल ७ ले एउटा साधारण निर्णयको जानकारी तथा सुधारको विषयमा ठूलो धार्मिक संस्था दिइएको छ जसले मूर्तिपुजासँग संझौता गरेको छ, त्यस्तै अरू धेरै मण्डलीहरूको उदय त्यसपछि भयो ।
सबै विश्वासहरूका गल्ती-त्रुटिहरूको रहस्य भविष्यवाणीले खोल्छ । अरू भविष्यवाणीहरूले प्रोटेस्टेन्ट र यहुदी विश्वासहरूका गल्ती-त्रुटिलाई देखाउँछ । परमेश्वरका सच्चा अथवा इमान्दार व्यक्तिहरू प्रत्येक धर्ममा छन् । उहाँको समर्पित व्यक्तिहरू (जुनसुकै विश्वासमा हुन सक्छन्) सदा नम्र भएर परमेश्वरको सुधारलाई ग्रहण गर्न तिनीहरूका कानहरू थुनिदिँदैनन् र उहाँको विरूद्धमा आफ्ना

व्यक्तिगत रक्षाका लागि अघि सर्दैनन् । हामी परमेश्वर प्रति आभारी हुनुपर्छ किनकि परमेश्वरको वचनका प्रत्येक विषयमा निश्पक्षता पाइन्छ ।

६. यो पेगन रोमी सम्राज्यवाट उदाउँछ जुन चौथो राज्य फलाम हो ।

यो कुराको सन्दर्भमा हामीहरू दुई आधिकारीक प्रमाण उद्धरण गर्दछौ

क. शक्तिशाली क्याथोलिक चर्च  भन्दा रोमी सम्राज्य  बप्तिस्मा लिएको मात्र थिएन । ... त्यही रोमी साम्राज्यको राजधानी,इसाई साम्राज्यको राजधानी वन्यो । पोन्टिफेस्क म्याक्सीमसको कार्यलयलाई पोपको कार्यलयको रूपमा निरन्तरता दिइयो ।

ख. जो भएपनि रोमन वारवरीयन र आरियन रोमी विषयको संरक्षणत्वमा आए जो सम्राटको अन्तहरू त्यहाँका प्रमुख व्यक्ति थिए ।

७. परमेश्वरका जनहरू (सन्तहरू) उसको हातमा सुम्पिइनेछन्, समय, समयहरू र आधा समयसम्म अथवा एक वर्ष, दुइ वर्ष र आधावर्ष सम्म (दानियल ७:२५) । यो पद सम्वन्धमा धेरै कुराहरूलाई स्पष्ट गर्नु पर्छ ।

क. एक वर्षको समय, दुई वर्षको समय र समय आधा वर्ष सम्म स्तरिय बाइबलले यसरी भन्दछ “तिन एक र आधा वर्ष”

ख. त्यही अवधिलाई दानियल र प्रकाशको पुस्तक सात पटक प्रस्तुत गरिएको छ । (दानियल ७:२५,१२:७, प्रकाश ११:२,३,१२:६,१४,१३:१५) तिन वर्ष एक समय आधा वर्ष एक समय दुइ चोटि, ४२ महिना, दुइपटक १२६० दिन । ३० दिनको यहुदी पात्रोको आधारमा यी समय अवधि सबै उही समान  ३ १/२ वर्षहरू ९ ४२ महिनाहरू १२६० दिनहरू ।

ग. एक भविष्यवाणीमा उल्लेखित अक्षरस एक वर्ष हुन्छ (इजिकिएल ४:६ गन्ती १४:३४) ।

घ. यस प्रकार (सानो सिङ्ग) खीष्ट विरोधीसँग धर्मीजनहरू माथि अधिकार जमाउने शक्ति हुनेछन् - १२६० भविष्यवाणी दिन र अक्षरस १२६० वर्ष ।

पोपको शासनको ५३८ ए.डी. मा सुरू भयो जब अन्तिम तिन विरोधी आरियन राजाहरूका उन्मूलन भइसकेको थियो । यसले १७९८ सम्म निरन्तर रूपमा शासन गरिरहयो, जब सम्म नेपोलियनका जनरल वेरथियरले पोप पियस छैटौं र राजनैतिक र धर्मनिरपेक्ष पोपिय शक्तिलाई नष्ट गर्ने सोच लिएर वन्धक बनाए । यो समय वास्तवमा १२६० वर्षको भविष्यवाणीको पूर्णता हो । पोपिय

| भविष्यसूचक समय | |
|---|---|
| समय | - १ वर्ष |
| समयहरू | - २ वर्षहरू |
| १/२ समय | - १/२ वर्ष |

शासन पद्दतिको लागि यो भयंकर थियो र यो क्रमिक रूपमा निको हुँदै गयो र आज निरन्तर रूपमा निको हुँदैछ । मत्ति २४:२१ मा परेमेश्वरका जनहरूले आजसम्म भोगेको सवभन्दा डरलाग्दो संकटको समयको विषयमा उल्लेख गरिएको छ । पद २२ ले भन्छ यो यति विध्वंशकारी थियो, यदि परमेश्वरले नरोक्नु भएको थियो भने एक पनि आत्मा वाँच्ने थिएन तर परमेश्वरले यसलाई छोटो पार्नु भयो ।

सतावट धेरै पहिले नै सकियो र पोपलाई १७९८ मा वन्धक वनाइयो । यो वुँदा हेर्नलाई सिधा अथवा सुस्पष्ट छ र पोपिय पद्दतिसँग मिल्छ ।

मत्ती २४:२१ मा परमेश्वरका जनहरूले आज सम्म भोगेको सबभन्दा डरलाग्दो संकटको समयको विषयमा उल्लेख गरिएको छ ।पद २२ ले भन्छ यो यति विध्वंशकारी थियो, यदि परमेश्वरले नरोकेको भए एक आत्मा पनि बाँच्ने थिएन । तर परमेश्वरले यसलाई छोटो पार्नुभयो । सतावट पहिले नै सकियो र पोपलाई १७९८ मा बन्धक बनाइयो । यो बुँदा हेर्नलाई सीधा अथवा सुस्पष्ट छ र पोपीय पद्धतिसँग मिल्छ ।

८. यसले ठूला शब्दहरू “ईश्वर निन्दा” अति उच्च (परमेश्वर) को विरोधमा वोल्छ” । धर्मशास्त्रमा ईश्वर निन्दकलाई दुई किसिमले परिभाषित गरिएको छ

क. पाप क्षमाको लागि दावा (लुका ५:२१) ।

ख. ईश्वर भएको दावा गरिएको हुन्छ (युहन्ना १०:३३) ।

के यी वुँदाहरू पोपिय पद्दतिसँग मिल्छन् ? हो । आउनुहोस् यसको पाप क्षमाको दावाको वारेमा प्रमाणहरू हेरौँ “के पुजारीले साँच्चै पाप क्षमा गर्दछ वा उसले  उनीहरूको पाप क्षमा भएको घोषणा मात्र गर्दछ । पुजारीले साँच्चै नै खीष्टद्वारा प्राप्त शक्तिले सत्य रूपमा उनीहरूलाई पाप क्षमा गर्दछ ।” पोपिय पद्दतिले संसारिक पुजारीहरूलाई दोष स्वीकार गर्नुपर्ने व्यवस्था वनाएर खीष्टलाई पुनः दोषी वनाएका छन् जो हाम्रो महान पुजारी अनि एक मात्र मध्यस्त हुनुहुन्छ (हिब्रु ३:१,८:१,२) ।

अब यसले आफूलाई ईश्वर दावी गर्ने सम्वन्धमा प्रमाण हेरौँ ।

"हामी (पोप) यस पृथ्वीमा परमेश्वर समान छौं ।" अर्को पदमा : "पोप येशू ख्रीष्टको प्रतिनिधि मात्र नभएर, मानिसको छाला भित्र रहेको स्वयम् ख्रीष्ट नै हुन ।" यो बुँदा पोपतन्त्रसँग मिल्दछ ।

९. यसले "समयहरू र नियमहरूलाई परिवर्तन गर्न सोच्ने छ" अगाडीको अध्ययन निर्देशिकामा हामी "समयहरू" को सम्वन्धमा हेर्नेछौं । यो मुख्य शिर्षक हो जसलाई भिन्न किसिमले विचार गरिनुपर्छ । विस्तृत गर्न "कानूनहरूको बाइबलको विस्तृत अनुवाद कानून हो ।" यहाँ परमेश्वरको कानून परिवर्तन गर्ने सम्वन्धमा यो कुरो आएको हो । कसैले वास्तविक रूपमा परिवर्तन गर्न सक्दैन तर के पोपिय शासनले यसलाई परिवर्तन गर्न प्रयत्न गऱ्यो ? उत्तर : हो । यसको प्रश्नोत्तरमा पोपतन्त्र आदरको (श्रद्धा) प्रतिबिम्बित (रूप) को विरोधमा दोश्रो आज्ञालाई उपेक्षा गरेको छ र चौथो आज्ञालाई ९४ शब्दहरूलाई छोट्याएर आठ शब्दहरू वनाएको छ, भने इसाईहरूलाई विभाजित गरेर दुई आज्ञाहरू वनाएको छ । (आफ्नै लागि यी जाँचहरू गरि हेर्नुहोस्) । क्याथोलिकको दश आज्ञाहरूलाई प्रश्नोत्तरद्वारा परमेश्वरद्वारा उल्लेख गरिएको आज्ञाहरूका वुँदालाई प्रस्थान २०:३-१७ को आधारमा तुलना गर्नुहोस् । त्यहाँ शंकाको कुनै ठाउँ नै रहनेछैन । दानियल ७ अध्यायमा उल्लेखित सानो सिङ्गको शक्ति भनेको पोप पद्दति हो । संभवतः कुनै अन्य सँगठनहरू यी नौवटा वुँदाहरूसँग मिल्छन् र घटनासँग यहाँ कुनै नयाँ शिक्षा छैन् । प्रत्येक सुधारवादी कुनै अपवाद विना पोपिय पद्दतिलाई ख्रीष्टविरोधी भनेर वोल्छन् ।

९. दानियलले उनको पुस्तकलाई वन्दी गरि "अन्त्यको समयसम्म" (दानियल १२:४) मा भनको हैनन् र ? हाम्रो समझदारीको निम्ति दानियलको भविष्य कथन कहिले खुल्नेछ ?

उत्तर : दानियल १२:४ भविष्यवक्तालाई उक्त पुस्तकका केही भागहरूलाई बन्द गरि मोहर लगाऊ "अन्त्यको समयसम्म" भनिएको छ । ६ पदमा स्वर्गदूतको आवाजले सोध्छ "यी अचम्मका कुराहरू पूरा हुनु अघि कति समय लाग्ला ? " पद ७ ले भन्छ, "समय, समयहरू र आधा समयसम्म" स्वर्गदुतले दानियललाई आस्वस्त वनाए कि यो पुस्तक अन्त्यको भविष्यवाणी सम्वन्ध पोपको आधिपत्यको १८६० वर्षको समयको अन्त्य पछि मात्र खोलिनेछ जुन विषय यस अध्ययन निर्देशिकाको शुरूको भागमा १७९८ हो भनी हामीले जानिसकेका छौं । त्यसकारण अन्त्यको समयको सुरूवात १७९८ मा भयो ।

दानियलको पुस्तकले आज हाम्रो लागि कठिन समाचार वोकेको छ । हामीले यसलाई निश्चित रूपमा वुझ्नुपर्दछ ।

१०. खीष्ट विरोधीको सम्वन्धमा आज धेरै इसाइहरूलाई त्रसित रूपमा गलत जानकारी गराइएको छ । खीष्ट विरोधीको सम्वन्धमा असत्यलाई विश्वास गर्नुले एक व्यक्ति सजिलै धोकामा पर्छ र हराउँछ, जब कुनै व्यक्तिको भेट आकस्मिक रूपमा बाइबलको नयाँ शिक्षाहरूसँग हुन्छ । तब उसले के गर्नुपर्दछ ?

"यहाँका यहूदीहरू थेसोलोनिकाहरू भन्दा वढि दयालु थिए । किनभने यिनीहरूले पूरा उत्सुकतासाथ वचन ग्रहण गरे, र ती कुरा ठीक त्यस्तै हुन कि होइनन् भनी दिनहुँ धर्मशास्त्र छानविन गर्थे " ( प्रेरित १७:११) ।

उत्तर : जब नयाँ बाइबलको शिक्षा जानकारीमा आउँछ तब एक मात्र सुरक्षित उपाय भनेको यसलाई धर्मशास्त्रसँग सावधानी पूर्वक तुलना गरि हेर्नुपर्छ । अथवा यो परमेश्वरको वचनसँग मिल्छ वा मिल्दैन भनि जाँच्नु पर्छ ।

११. तपाईं येशूको नेतृत्वलाई पछ्याउन तयार हुनुहुन्छ यद्यपि यो दुखदायि पनि हुन सक्छ ?

तपाईंको उत्तर ........................................................

## अन्तिम टिप्पणीहरू

दानियल र प्रकाशका पुस्तकमा उल्लेखित धेरै महत्वपूर्ण भविष्वाणीहरू आउने आर्श्चय तथ्यको अध्ययन निर्देशिकामा देखाइने छ जुन परमेश्वरले यी भविष्यवाणी दिनुभएको छ ।

क. पृथ्वीका अन्तिम समयका घटनाहरूलाई प्रकट गर्नु ।

ख. सैतान र परमेश्वर वीचको अन्तिम समयको लडाँईका सहभागीहरूलाई चिन्न ।

ग. न्यायको सुरक्षा र प्रेमको विषयमा प्रकट गर्न : परमेश्वरका जनहरू निर्दोष सिद्ध हुनेछन् ।

घ. येशूलाई माथि उठाउनु - उहाँको मुक्ति, प्रेम, शक्ति, दया र न्याय ।

ङ. हामीहरूलाई जालमा फसाएर नष्ट गर्ने सैतानको योजनालाई स्पष्ट रूपमा प्रकट गर्न ।

मुख्य सहभागीहरू वारम्वार देखा पर्नेछन् ।

सैतान र परमेश्वर वीचको अन्तिम लडाईका मुख्य सहभागीहरू भविष्यवाणीहरूमा वारम्वार देखा पर्नेछन् । यिनीहरू सैतान, येशू, संयुक्तराज्य अमेरिका, पोप, प्रोटेस्टेन्ट धर्मयातना र आध्यात्मवाद । भविष्यवक्ता मार्फत येशूले आफ्नो समाचारहरू दोहोऱ्याउनु हुन्छ र बढाउनुहुन्छ किनकि जुन स्पष्टरूपमा आइपर्नेछ ।

## तपाईंको विचारका प्रश्नहरूका उत्तरहरू

१. येशू विरोध भनेको सँगठन नभएर व्यक्ति हो भनी सोच्दा के म गलत छु ?

उत्तर : खीष्ट विरोधी भनेको एक पोपिय पद्दतिको सँगठन हो । दानियल ७:८ मा उल्लेखित "मानिसका आँखा जस्तै शब्दले आगन्तुकलाई संकेत गर्दछ । प्रकाश १३:१८ ले मानिसको विषयमा वोल्दछ जसमा वुँदाहरू समावेश भएका छन् । दानियल ८ अध्यायमा ग्रीसलाई वोको र यसको अगुवा संकेत गर्दछ । अलेक्जेण्डर महान्लाई सिंहको प्रतीकको रूपमा देखाइएको छ । जस्तै यहि नै येशू विरोधी सत्य हो । सँगठन भनेको पोप पद्दति हो (पोपियशासन) र पोप कार्यालयमा भनेको पोपिय शासनको प्रतिनिधित्व हो । दानियल ७ अध्यायको भविष्यवाणीले पोपहरू र क्याथोलिकहरू इसाई होइनन् भनिएको छैन । संसारमा धेरै कर्मठ क्याथोलिक इसाईहरू छन् । तर जे भएपनि यसको स्वरूपलाई खीष्ट विरोधी भनिन्छ किनकि यसले येशूको अधिकारलाई अनाधिकार ग्रहण गर्ने गऱ्यो र उहाँको नियम परिवर्तन गर्ने प्रयत्न गऱ्यो ।

२. के नियम वनाएर इसाईत्वलाई लागू गर्नु वुद्धिमता हो भनी तपाँईं ठान्नुहुन्छ ?

उत्तर : होइन । बाइबल यो कुरामा स्पष्ट छ कि प्रत्येकलाई सही र गलत विषय रोज्नका निम्ति स्वतन्त्रता दिइएको छ (यहोशू २४:१५) । यद्यपि उनीहरू परमेश्वरलाई चुन्न अस्वीकार गरी नास्तिक भएमा परमेश्वरले आदम र हव्वालाई उहाँको आज्ञालाई भंग गर्ने स्वतन्त्रताको अनुमति दिनुभयो तर यसले आदम, हव्वा तथा परमेश्वरलाई चोट पुऱ्यायो । जवर्जस्तीको आराधना परमेश्वरको लागि स्वीकार्य छैन । जर्वजस्तीको आराधना सैतानको तरिका हो । परमेश्वरको वाटो प्रेम र सहमत हो । इतिहासले देखाउँछ कि वास्तवमा मण्डलीले यसका विश्वासीहरूमा कानून बनाएर जर्वजस्ती लागू गऱ्यो तर त्यसको परिणाम भने सतावट र हत्या भयो । यो पाठ हामी मध्ययुगको इतिहासको सानो सिङ्गवाट जान्दछौं

३. खीष्ट विरोधीको सम्वन्धमा मैले गलत वुझेको हुन सक्छु तर मेरो विचारमा खराब भनेको खुला रूपमा परमेश्वरको विरोध गर्नु हो । के यो धारणा असत्य छ ?

उत्तर : हामी प्राय "एन्टी" को अर्थ "विरूद्ध" भनि सम्झन्छौँ । तर "खीष्ट विरोधी (एन्टी क्राईष्ट) को अर्थ यसको सट्टामा अथवा "सट्टामा" । परमेश्वरको विशेषाधिकारलाई अपराधी अथवा दोषी सम्झनु खीष्ट विरोधी हो ।

यसले दावा गर्छ :

क. यसका पुजारी पाप पाप कर्मलाई क्षमा गर्न सक्छन् - पाप त परमेश्वरले मात्र क्षमा गर्नसक्नु हुन्छ । (लुका २:२१)

ख. दोस्रो आज्ञालाई (मूर्तिपूजा) हटाई दशौँ आज्ञालाई दुईभागमा वाँढेर परमेश्वरको नियमलाई परिवर्तन गरिएको छ । परमेश्वरको नियम अटल छ (मति ५:१८) ।

ग. पोप पृथ्वीको परमेश्वर हो ।

सैतानको प्रारम्भिक योजना

सैतानको प्रारम्भिक योजना (स्वर्गमा), परमेश्वरको पद र अधिकारलाई हत्याउनु थियो । यस्को लक्ष्य परमेश्वरलाई हटाएर उहाँको ठाउँमा शासन गर्नु थियो । (अध्ययन निर्देशिका २ हेर्नुहोस्) । जब सैतान स्वर्गवाट तिरस्कृत भयो, उसको लक्ष्य परिवर्तित हुनको साटो त्यसमा अझ तीव्रता आयो । शताब्दीऔं देखि परमेश्वरलाई अपमान गर्दै उहाँको ठाउँ लिने प्रयास गरिरहयो ।

खीष्ट विरोधी आत्मिक रूपमा देखा पर्दछ ।

सैतानको लक्ष्य भनेको परमेश्वरको ठाउँमा परमेश्वरलाई परिवर्तन गरेर इतिहासको अन्तिम घडीमा रहेका मानिसहरूलाई धोका दिएर आफूलाई आत्मिक र पवित्र देखाउनु हो । दानियल र प्रकाश भविष्यवाणीको मुख्य उद्देश्य सैतानको फन्दा र तौर तरिकालाई उजागर गरी मानिसहरूलाई येशू र उहाँको संसारमा स्थिर रूपमा नेतृत्व प्रदान गर्नु हो ।

खीष्ट विरोधीले धेरैलाई धोका दिन्छन्

धेरै मानिसले खीष्ट विरोधीलाई पछ्याउँनेछन् (प्रकाश १३:३), यो सोचेर कि उनीहरू येशूलाई पछ्याइरहेका छन् । केवल पक्काहरू मात्र वच्नेछन् (मति २४:२३,२४) । तिनीहरू मात्र वचाइनेछन् किनकि उनीहरू प्रत्येक आत्मिकी शिक्षावाट परिक्षित भई धर्मशास्त्र अनुसार अगाडी वढ्छन् (यशैया ८:२०) । आज जहाँ पनि धार्मिक धोका छ । हामी धेरै सचेत पनि हुन सक्दैनौ ।

४. यहाँ धेरै खीष्ट विरोधीहरू छन् भनि के १ युहन्ना २:१८-२२ ले भन्दैन ?

उत्तर : हो । इतिहासको सुरूवात देखिनै धेरै खीष्ट विरोधीहरूले परमेश्वरको राज्य विरूद्ध धेरै कामहरू गरिरहेका छन् । जे भए पनि, खीष्ट विरोधीहरूको चरित्र सम्वन्धी गरिएको भविष्यवाणीलाई विशेष गरी एउटा वस्तुले मात्र पूरा गर्दछ । दानियल अध्याय ७ र ८ र प्रकाश अध्याय १३ मा तपाँईं कमसेकम १० वटा खीष्ट विरोधीका परिचयात्मक चरित्रहरूलाई पुरा गर्ने मात्र एक वस्तु देखाइएको छ । त्यो हो पोपिय शासन ।

५. भविष्यवाणीमा "पशु" को चिन्हले के "पशु भ्रैं" को चरित्र हो ?

उत्तर : कदापि होइन । परमेश्वरले पशुको चिन्हद्वारा राष्ट्र, सरकार अथवा राज्यलाई चिनाउनु हुन्छ । भविष्य सूचनामा सरकारको चित्रण गर्ने यो उहाँको तरिका हो । केही हदसम्म यो हामी आफै गर्छौं : हामीले रसियालाई भालूको रूपमा चित्रण गरेका छौं, संयुक्त राज्यलाई चीलको रूपमा आदि । "पशु" चिन्ह निचता अथवा अनादरणीय वुभ्राउने शब्द होइन । यो "जनावर" अथवा "जीव" को पर्याय हो । यहाँ सम्म कि वप्तिस्मा दिने युहन्नाले पनि येशूलाई पाठो भनी चित्रण गरेका थिए (युहन्ना १:२९) र धर्म प्रचारक युहन्नले (प्रकाश ५:६,९,१२,१३) । "पशु" शब्द परमेश्वरले हामीलाई राष्ट्र र शासकहरू, असल र खरावको वारेमा सूचित गराउन सदुपयोग गर्नुभएको हो ।

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पृष्ठ सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढ्नुहोस् । तल दिइएको प्रश्नहरूको उत्तरहरू अध्ययन पुस्तिकामा पाउन सक्नुहुन्छ । ठीक उत्तर भएको वक्समा टीक लगाउनुहोस । प्रश्नको पुछारमा भएको अङ्कले पूर्णाङ्क जनाउँछ ।

१. दानियलको पुस्तकमा कुन चार राज्यहरूलाई पशुको रूपमा चित्रण गरिएको छ ? (४)

- ❑ स्वीडेन
- ❑ इजिप्ट
- ❑ ग्रीस
- ❑ चीन
- ❑ मादो फरिसी
- ❑ जापान
- ❑ वेविलोन

- ❑ इराक
- ❑ रोम

२. तल उल्लेखित चार वाक्यहरूमा प्रत्येक भविष्यवाणी संकेतको शाब्दिक अर्थ खुल्ने गरी खाली ठाउँ भर्नुहोस् । (४)

वर्वादी वर्ष राष्ट्रहरू मानिसहरू गती

उदाहरण : पशुहरूले राज्यहरूको प्रतिनिधित्व गर्दछ अथवा राष्ट्रहरू ।

- ❑ पानीले .................को भीडको प्रतिनिधित्व गर्दछ ।
- ❑ पखेटाहरूले ..................को प्रतिनिधित्व गर्दछ ।
- ❑ हुरीवतासहरूले संधर्ष, विग्रह र .......................को प्रतिनिधित्व गर्दछ ।
- ❑ एक भविष्यसूचक दिन वरावर एक शाब्दिक ....................... हुन्छ ।

३. त्यस भयानक पशुको दसवटा सिङ्गले ............को प्रतिनिधित्व गर्दछ । (१)

- ❑ दस वर्षहरू
- ❑ दस विशेष सहरहरू
- ❑ स्वर्गदूतहरू
- ❑ धन सम्पति
- ❑ ती राज्यहरू जसमा पोपिय रोम अन्ततः विभाजित भयो

४. कतिवटा जातिहरू अथवा राष्ट्रहरू सानो सिङ्गद्वारा जरा देखि नै उखेलिए ? (१)

- ❑ आठ
- ❑ एक
- ❑ छ
- ❑ तिन

५. सानो सिङ्गको शक्ति अथवा ख्रीष्ट विरोधीले ............ को प्रतिनिधित्व गर्दछ । (१)

- ❑ वेविलोनको कुनै मुख्य शक्ति
- ❑ रोमको पोपिय काल देखि नै शासन गर्दै आएको एक दुष्ट शासक
- ❑ येशूको दोस्रो आगमन पछि उदाउने दुष्ट शक्ति
- ❑ नास्तिकता

❑ पोपिय पद्दति

६. सानो सिङ्ग (खीष्ट विरोधी) को शक्तिको सम्वन्धमा तल उल्लेखित वुँदाहरूवाट सत्यता जाँच्नुहोस् । (३)

❑ ऊ मिश्रवाट आयो ।

❑ उसले परमेश्वरको मानिसलाई खेदो गर्नेछ ।

❑ वेविलोनको पतन हुनासाथ यसको उदय भयो ।

❑ उसले परमेश्वरको विरोधमा ठूला-ठूला कुराहरू वोल्छ ।

❑ उसले परमेश्वरको नियमहरूलाई परिवर्तन गर्ने प्रयत्न गऱ्यो ।

७. भविष्यवाणीमा "समय, समयहरू र आधा समय" ............को संकेत हो । (१)

❑ तिन र आधा शाब्दिक दिनहरू

❑ ४२ वर्षहरू

❑ १२६० शाब्दिक वर्षहरू

८. "अन्त्यको समय" कहिले देखि सुरू भयो ? (१)

❑ ए.डी ३१

❑ ए.डी १९९१

❑ ए.डी ५८८

❑ ए.डी १७९८

९. खीष्ट विरोधी एक व्यक्ति नभएर एक संगठन हो । (१)

❑ हो

❑ होइन

१०. खीष्ट विरोधी आज पनि जिवितै छ । (१)

❑ छ

❑ छैन

११. परमेश्वरले नियमद्वारा सच्चा आराधनामा गरिने जर्वजस्तीमा जोड दिनुहुन्छ । (१)

❑ हो

❑ होइन

१२. जेनरल बर्थियरले पोपलाई कब्जामा लिनाले पोपिय पद्दतिलाई चोट मात्र पुगेको थियो । त्यो चोट निको हुन सुरू भयो र आज सम्म भइरहेको छ । (१)

❑ हो

❑ होइन

१३. तल उल्लेखि कुराहरू मध्ये कुन अत्यावश्यक कुराले अन्त्यको समयमा परमेश्वरको मानिसलाई आत्मिक सुरक्षा दिनेछ । (१)

- ❑ प्रचार गर्न सिक्नु
- ❑ मानिसहरूका वीचमा धेरै प्रार्थना गर्नु
- ❑ प्रत्येक धर्मका शिक्षाहरूलाई बाइबलद्वारा जाँच गरेर

१४. के तपाँईं येशूलाई पछ्याउन चाहनुहुन्छ यद्यपि यो दुखदायी हुन सक्ने छ ?

- ❑ हो
- ❑ होइन

# १६ स्वर्गदुतको सुसमाचार
# वाह्य अन्तरीक्षवाट

प्रायजसोले सोच्ने गर्दछन् किन परमेश्वरले संसारको इतिहासको यी अन्योलपूर्ण अन्त्यको समयमा यी चिन्तित, दुखी, मानिसलाई केही महत्वपूर्ण कुरा भन्नुहुन्न ? तर उहाँले भन्दै हुनुहुन्छ-परमेश्वरको आश्चर्यपूर्ण तर पनि मायालु सुसमाचारहरू अन्तिम दिनका आधुनिक मानिसहरूका लागि प्रकाश पुस्तकको १४ अध्यायमा तिन स्वर्गदुतको सन्देशहरूमा पाउँछौं । यी सुसमाचारहरू यति महत्वपूर्ण र अर्थपूर्ण छन, हामी यिनीहरूको व्याख्याको लागि नौवटा पुरा अध्ययन सहायक पुस्तिकाको प्रयोग गर्नेछौं । यो पहिलो अध्ययन सहायकले यसमा केही प्रकाश पार्नेछ र अरू आठले विस्तारपूर्वक वर्णन गरी विशिष्ट वर्णनसँग सम्वन्ध स्थापित गर्ने छ । यस्तो महत्वपूर्ण कुराको अध्ययन गर्न अरूको लागि यो सम्भव छैन् । परमेश्वरको सुसमाचारहरू (प्रकाश १४) तपाईंको लागि व्यक्तिगत हुन् ।

१. हामी किन प्रकाशको पुस्तक पढिरहेका छौं ? के यो वन्द गरिएको छैन् ?

उत्तर : प्रकाशको पुस्तक अध्ययन गर्नको निम्ति ६ गम्भीर कारणहरू छन्

क. यो कहिल्यै वन्द गरिएको छैन् । (प्रकाश २२:१०) । वर्षौंदेखिको ख्रीष्ट र सैतानवीचको विवाद, छलकपटपूर्ण विचारहरू र अन्तिम दिनको लागि सैतानिक योजनाहरू, प्रकाशमा उदाङ्ग पारिएका छन् । सैतानले ती मानिसहरूलाई सजिलैसँग फसाउन सक्तैन जो यसको छलपूर्ण झूठा मायाजालका वारेमा सचेत हुन्छन् । त्यसैले प्रकाश बन्द गरिसकेको कुरा मानिसले विश्वास गरून भनेर यसले इच्छा गर्दछ।

ख. प्रकाशको ठीक अर्थ "घुम्टो उघार्नु (खोल्नु)" अथवा "प्रकट गर्नु" हो जुन वन्द गर्नुको पूर्णरूपमा विपरित हो । यो सधैं भरि खुल्ला राखिएको छ ।

ग. अद्वितीय रूपमा प्रकाश येशूको पुस्तक हो । यसले "येशू ख्रीष्टको प्रकाश" सुरू गऱ्यो । यसले प्रकाश १:१३-१६ मा उहाँको शब्द दृष्य पनि दिन्छ । बाइबलको अरू कुनै पुस्तकले येशू र उहाँको अन्तिम दिनको उहाँको कामको लागि योजनावाहक र सुसमाचारहरू प्रकाशले जस्तो प्रकट गर्दैन ।

घ. प्रकाशको पुस्तक प्राथमिक रूपमा येशूको आगमनको सन्देश दिन अन्तिम समयमा रहेको हाम्रा लागि हो । (प्रकाश १:१-३,३:११,२२:६,७,१२,२०) ।

ङ. जसले प्रकाश पढ्छ र यसको उपदेश सुनेर मनन् गर्दछ, ऊ माथि महत्वपूर्ण आशिषका प्रतिज्ञा गरिएको छ ।

च. प्रकाशले परमेश्वरको अन्तिम समय मानिसको र पवित्रपूर्ण जीवनमा व्युँझाउने कुराको व्याख्या गर्दछ । यसले बाइबललाई जीवित तुल्याउँदछ । जव तपाँईले प्रकाशमा अंकित अन्तिम दिनको घटनाक्रमहरूले सुरू भएको देख्नुहुन्छ, अन्तिम दिनहरूमा परमेश्वरको मण्डलीले के अवश्य प्रचार गर्नुपर्दछ भनेर यसले तोकेर पनि भन्दछ (प्रकाश १४:६-१४)। यस अध्ययन सहायकले त्यस प्रचारको केही प्रकाश दिनेछ ताकि तपाँईले यो चिन्नुहुनेछ जव तपाँई यो सुन्नुहुन्छ ।

नोट :- अगाडी वढ्नु भन्दा अघि कृपया तपाँईको बाइबल पल्टाउनुहोस र प्रकाश १४:६-१४ पढनुहोस ।

२. परमेश्वरले आफ्नो मण्डलीलाई सुसमाचार लिई सारा प्राणीलाई प्रचार गर्ने आज्ञा दिनु भयो (मर्कूस १६:१५) । कसरी उहाँले यो पवित्र काम प्रकाशको पुस्तकमा उल्लेख गर्नुभएको छ ?

*“अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उडिरहेको मैले देखेँ...घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो ।... अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्रो चाहिँ यसो भन्दै पछि लागे, “...त्यस पछि तेस्रो स्वर्गदूतले चर्को स्वरले यसो भन्दै पछि आए ...” (प्रकाश १४:६-१४)*

उत्तर : “स्वर्गदूत” शब्दको शब्दानुसार अर्थ “दूत” हो त्यसैले यो ठीक सुहाउँदो छ जो परमेश्वरले तिन वटा स्वर्गदूतहरू अन्तिम दिनको लागि प्रचार गर्न उहाँको तिनवटा विषय उपदेश समाचारसँग दाँज्न उपयोग गर्नु भएको छ । परमेश्वरले स्वर्गदूतहरू प्रतिकवादीको रूपमा उपयोग गरी उहाँको सुसमाचारलाई दैवीय शक्तिले अगुवाई गर्नेछ भनेर हामीलाई सम्झाउनु हुन्छ ।

३. कुन दुइवटा प्रमाणिक विषयहरूमा प्रकाश १४:६ ले अन्तिम दिनहरूका परमेश्वरको सुसमाचारवारे प्रकट गर्दछ ?

*“अनि अर्को स्वर्गदुतलाई मध्य आकाशमा उडिरहेको मैले देखेँ । पृथ्वीमा रहने हरेका जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीहरूसँग थियो ।” (प्रकाश १४:६)*

उत्तर : दुइवटा प्रमाणिक विषयहरू :

क. यो अनन्त सुसमाचार हो

ख. यो संसारमा रहेका हरेक व्यक्तिलाई प्रचार गर्नुपर्दछ ।

तिन स्वर्गदुतको सन्देशहरूले सुसमाचारलाई जोड दिन्छ, जसले मानिसहरूलाई विश्वासद्वारा र खीष्ट मात्रको स्वीकारले मोक्ष पाइन्छ (प्रेरित ४:१२, मर्कूस १०:२६,२७) किनभने मुक्ति पाउने अरू कुनै वाटो छैन, मुक्ति पाउने अर्को पनि वाटो छ भनी सैतानले मात्र दावा गर्न सक्दछ । सैतानको वनावटीपनहरू मध्ये एकदम प्रभावकारी भित्र यी दुई पर्दछन्, क.मुक्ति कामद्वारा र ख. मुक्ति पापमा । तिन स्वर्गदूतको सुसमाचारहरूमा यी दुई वनावटीपन नछोपिएको र प्रकट गरिएका छन् । धेरैले यो महसुस नगरी, यी दुई मध्ये एक गलतलाई अपनाएका छन् र यसमाथि आफ्नो मुक्ति वनाउन प्रयास गरिएका छन् । पूर्णरूपले असम्भव काममा हामीले यसमा जोड दिनु पर्छ कि कसैले पनि साँचो रूपमा येशूको सुसमाचार अन्त्यको समयका लागि वाँडेको हुँदैन जसले तिन स्वर्गदूतको सुसमाचारहरू आफ्नो सुसमाचारमा समेटेको हुँदैन ।

४. पहिलो स्वर्गदूतको सुसमाचारले कस्तो चार विशिष्ट लक्षणको विषयहरू समेटेको छ ? “तिनले चर्को स्वरमा भने, “परमेश्वरसँग डराओ र उहाँलाई महिमा देओ । किनकि उहाँको इन्साफको घडी आएको छ । स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू वनाउनु हुनेलाई दण्डवत गर ।” (प्रकाश १४:७)

उत्तर : क. **“परमेश्वरको भय मान”** यसको अर्थ हामीले परमेश्वरलाई मान गर्नुपर्दछ र उहाँमाथि प्रेम, विश्वास र आदरपूर्ण भावले हेर्नुपर्दछ, उहाँको आज्ञा पालन गर्न सधैं उत्साहित हुनुपर्दछ । यसले हामीलाई दुष्ट आत्मादेखि टाढा राख्दछ । “परमप्रभुको भयद्वारा मानिस खराब देखि अलग रहन्छ ।” (हितोपदेश १६:६) सोलोमन, ज्ञानी मानिसले पनि यसो भनेका छन्, “परमप्रभुको भय राख र उहाँका आज्ञाहरू पालन गर किनभने मानिसले गर्नु पर्ने सारा कर्तब्य यही नै हो । ( उपदेशक १२:१३)

ख. **परमेश्वरलाई प्रशंसा देओ** । हामी यो आज्ञा पूर्ण तब गर्दछौ जब हामीले उहाँको हामीमा रहेको निगाहको लागि परमेश्वरको आज्ञा पालन गर्दछौं, प्रशंसा गर्दछौ र धन्यवाद दिन्छौं । अन्त्यका दिनहरूमा हुने एउटा सबैभन्दा ठूलो पाप कृतघ्नता हो । ( २ तिमोथी ३:१,२)

ग. **उहाँको फैसलाको घडी आएको छ** । यसले सबैजना परमेश्वर प्रति उत्तरदायी छन् भनी सूचित गर्दछ र यो प्रष्ट वक्तब्य हो कि फैसलाको समय अहिले कार्यकालमा छ । धेरैजसो अनुवाद भन्छन्

"आउँदै हुनुहुन्छ"को सट्टा "आउनुभयो" फैसलाको पूरा विवरण अध्ययन सहायकहरू १८ र १९ मा जोड दिएका छन्

घ. सृष्टिकर्तालाई पूज । यो आज्ञाले हरेक प्रकारको मूर्तीपूजालाई अस्वीकार गर्दछ साथै आफनै पुजा पूर्णरूपले क्रमित उन्नति अस्वीकार गर्दछ, जसले परमेश्वर सृष्टिकर्ता र मुक्तिदाता भनेर इन्कार गर्दछ (धेरै किताबहरू र रेडियोमा हुने आजका अन्तरवार्ताले मानिसको प्रशंसामा वेसी जोड दिन्छ, जसले आफ्नै पूजा गर्न लगाउँछ । खीष्टियनको आफ्नै पूजा खीष्टमा हुन्छ, जो आफ्नो सन्तान स्वर्गको राजाको छोराहरू र छोरीहरू वनाउनुहुन्छ ।)

स्वर्गका परमेश्वरले सृष्टि गर्नुभएको यस संसार र मुक्तिलाई सुसमाचारले समेटेको छ । सृष्टिकर्ताको आराधनामा उहाँले आफ्नो आराधना गर्नु भनी सृष्टिको स्मरणिय चिन्हको सेवेन्थ डे सावथको रूपमा अलग राखेको दिन समावेश गर्नु हो । प्रकाश १४:७ को प्रसङ्ग शवाथको लागि हो भनी सत्यता प्रष्ट वनाउन यो शब्द "स्वर्ग र पृथ्वी र समुद्रलाई) लाई शवाथ आज्ञा (प्रस्थान २०:११)वाट ठीक वाहिर निकालिएको थियो र यहाँ प्रयोग गरियो । (शवाथको वारेमा विस्तृत रूपमा जान्न अध्ययन सहायक ७ हेर्नुहोस) केवल परमेश्वरमा हामी हाम्रो सत्यजगहरू पाउँछौ जसले हामीलाई प्रारम्भमा नै उहाँको स्वरूपमा वनाउनु भयो । जसले परमेश्वरलाई सृष्टिकर्ता भनी पुज्दैन, तिनीहरूले जेसुकैलाई पुजून तिनीहरूले कहिल्यै पनि सत्य मार्गहरू पता लगाउँने छैनन् ।

५. कस्ता गम्भीर बक्तब्य दोस्रो स्वर्गुतले बेविलोनको वारेमा वतायो ? कस्तो आज्ञा प्रकाश १८ को स्वर्गदूतले परमेश्वरको मानिसलाई दिन्छन् ? ।

"अनि एउटा अर्को स्वर्गदूत, अर्थात दोस्रो चाहिँ यसो भन्दै पछि पछि लागे , "पतन भयो । जाति जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान वेविलोनको पतन भयो ।" (प्रकाश १४:८) "...एउटा स्वर्गदूत स्वर्गवाट तल आइरहेको मैले देखेँ । ...तिनले यसो भनेर शक्तिशाली स्वरले काराए, "महानगरी बेविलोनको पतन भयो, ..." तब मैले स्वर्गवाट यस्तो भनिरहेको आवाज सुने, "हे मेरा मानिस हो , त्यसवाट निस्केर आओ..." (प्रकाश १८:१-४)

उत्तर : दोस्रो स्वर्गदूतले गम्भीरतापूर्वक घोषणा गर्दछन् "बेविलोनको पतन भयो र स्वर्गको आवाजले सबै परमेश्वरका मानिसहरूलाई वेविलोनवाट तुरून्त वाहिर आउन अनुरोध गर्दछ" । जव सम्म

तपाईँलाई बेविलोन के हो भनी थाहा हुँदैन तब तपाँई यसमा सजिलैसँग खत्तम हुनसक्नु हुन्छ । यसको वारेमा सोच्नुहोस । के तपाँईलाई अब वेविलोनमा रहन सम्भव हुन्छ ? (वेविलोनको प्रष्ट प्रस्तुतिकरण अध्ययन सहायक २० ले दिन्छ ।)

६. कसका विरूद्ध तेस्रो स्वर्गदूतको सुसमाचारले गम्भीरतापूर्वक चेतावनी दिन्छ ? "त्यस पछि तेस्रा स्वर्गदुत चर्को स्वरले यसो भन्दै तिनीहरूका पछि आए,"यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, त्यसले पनि उहाँको क्रोधको कचौरामा केहि नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कडा मद्य पिउनेछ र पवित्र स्वर्गदुतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ । ( प्रकाश १४:९,१०)

उत्तर : तेस्रो स्वर्गदूतको सुसमाचारले मानिसलाई त्यो पशु र त्यसको मूर्तिलाई पुज्ने र निधार वा हातमा त्यसको छाप लिने विरूद्धमा चेतावनी दिन्छ । पहिलो स्वर्गदूतले साँचो आराधना गर्न आज्ञा दिन्छन् । तेस्रो स्वर्गदूतले झूठा आराधनासँग जोडिएका डरलाग्दा परिणामहरूको वारेमा भन्नुहुन्छ । निश्चितताको लागि तपाँईलाई पशु के हो भनी थाहा छ ? र त्यसको चिन्ह के हो ? जव सम्म तपाँईलाई सकारात्मक रूपमा पशु के हो र त्यसको चिन्ह के हो भनी थाहा हुँदैन तव सम्म तपाई यो महसुस नगरी त्यसको आराधनामा नै खतम हुनुहुनेछ । (अध्ययन सहायक २१ ले पशु र यसको चिन्ह सम्वन्धित पुरा विवरण उपलब्ध गराउने छ । अध्ययन सहायक २२ ले यसको प्रतिमूर्ति व्याख्या गर्दछ ।)

७. उहाँको मानिसहरू जो तिन स्वर्गदूतको सुसमाचार स्वीकार्छ र पछ्याउँछ उसका वारेमा कस्तो चार विषय वयान परमेश्वरले प्रकाश १४:१२ मा दिनुभएको छ ?

"परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशू माथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ" (प्रस्थान १४:१२)

उत्तर : क. उनीहरू अन्त्य सम्म सहनशीलता, प्रयत्नशील, विश्वसनीय हुन्छन् । "अहिले नै गर" पुस्ताको लागि ठूलो आज्ञा । परमेश्वरका मानिसहरू उहाँलाई आफ्नो सहनशील मायालु व्यवहार प्रकट गर्नेछन् ।

ख. उनीहरू सन्तहरू हुन वा पवित्र जन हुन किनभने तिनीहरू पूर्णरूपमा परमेश्वरको दलमा छन् ।

ग. तिनीहरूले परमेश्वरको आज्ञाहरू पालन गर्दछन् । यी परमेश्वरका मानिस उहाँको दश आज्ञाहरू खुसीसाथ पालन गर्दछन् र अरू सबै आज्ञाहरू जुन उहाँले उनीहरूलाई दिनुभएको छ । उनीहरूको पहिलो लक्ष्य भनेको उहाँलाई प्रसन्न वनाउनु हो जसलाई उनीहरू प्रेम गर्दछन् । (१ युहन्ना ३:२२) (अध्ययन सहायक ६ ले दश आज्ञाहरू सम्वन्धी अझ वढ्ता विवरण दिन्छन् ।)

घ. उनीहरूसँग येशूको विश्वास हुनेछ । यसलाई येशू माथि विश्वास भनेर पनि अनुवाद गर्न सकिन्छ । जस्तो सुकै अवस्थामा पनि परमेश्वरका मानिसहरू पूर्णरूपले येशूलाई पछ्याउँछन् र उहाँ माथि पूर्णरूपले विश्वास गर्दछन् ।

८. तिन स्वर्गदूतको सुसमाचारको अध्यापन गराउन सबै मानिसकोमा पुगिसकेको वेला के आइपर्दछ ?

*एउटा सेतो वादल र त्यस माथि वस्नु भएको मानिसको पुत्र जस्तो एक जनालाई देखेँ जसको शिरमा सुनको मुकुट थियो र हातमा एउटा धारिलो हँसिया थियो ।" (प्रकाश १४:१४)*

उत्तर : जव तिन स्वर्गदूतको सुसमाचारको अध्यापन गराउन हरेक मानिसकोमा पुगिसक्नेछ त्यतिखेरै उहाँको मानिसलाई उनीहरूको स्वर्गीय घरमा लैजान येशू वादलवाट फर्केर आउनु हुनेछ (उहाँको दोस्रो आगमन) । उहाँको आगमनमा प्रस्थान अध्याय २० को १००० वर्ष कालरात्री सुरू हुनेछ । (१००० वर्षको वारेमा अध्ययन सहायक १२ ले भन्छ । येशूको दोस्रो आगमनको व्याख्याहरू अध्ययन सहायक ८ ले दिन्छ ।)

९. २ पत्रुस १:१२ मा धर्मप्रचारकले "वर्तमान सत्यता" को वारेमा भन्छ । यसको मतलब के हो ?

उत्तर : वर्तमान सत्यता स्थायी उपदेशकको भाव हो जसमा निश्चित समयको विश्वासको आवश्यक्ता छ । उदाहारणका लागिः

क. जलप्रलयका वारेमा नोआको सुसमाचार (उत्पति ६ र ७, पत्रुस २:५) । नोआ सत्यताको पुजारी थिए । उहाँले परमेश्वरको प्रेम गर्न सिकाउनु भयो । जव उहाँले संसार नाश गर्न सक्ने जलप्रलयको सम्वन्धमा चेतावनी दिइ रहनुभएको थियो, त्यो समयमा "वर्तमान सत्यता" भनेको जलप्रलयको सुसमाचार थियो । त्यसको जरूरी चिच्याहट "जहाज भित्र पस्नुहोस" र त्यो यति महत्वपूर्ण थियो कि त्यसको प्रचार नगर्नु दुश्चरित्र हुने थियो ।

ख. निववेको लागि योनाको सुसमाचार (योना ३:४) योनाको "वर्तमान सत्यता" भनेको निववे ४० दिनहरूमा नष्ट गरिनेछ, थियो । योनाले मुक्तिदातालाई महिमित स्थानमा उचाले र सहरले पश्चाताप गरे । तर पनि ४० दिनको चेतावनी मेटाउनु अविश्वसनीय र अक्षम्य हुने थियो । त्यो वर्तमान सत्यता थियो । त्यो त्यस समयमा विशेष तरिकाले त्यसका लागि उचित भयो ।
ग. वप्तिष्मा दिने युहन्नाको सुसमाचार (मत्ति ३:१-३, लुका १:१७) युहन्नाको "वर्तमान सत्यता" भनेको येशू मसिहको आगमनको सम्वन्धमा थियो । उनको काम भनेको सुसमाचार प्रचार गर्नु र येशूको पहिलो आगमनका लागि मानिसलाई तयार गर्नु थियो । उनका दिनमा सुसमाचार रहेको पहिलो आगमनलाई भेट्नु भनेको विचार गर्न नसकिने हुने थियो ।
घ. तिन स्वर्गदूतको सुसमाचार (प्रकाश १४:६-१४) परमेश्वरको "वर्तमान सत्यता" आजको युगको लागि तिन स्वर्गदूतहरूको सुसमाचारमा समेटिएको छ । अवश्य यो सुसमाचारको केन्द्रीय भनेको केवल येशू ख्रीष्टद्वारा पापवाट मुक्ति हो । तै पनि तिन स्वर्गदूतहरूको "वर्तमान सत्यता" मानिसहरूलाई येशूको दोस्रो आगमनका लागि तयार पार्न दिइएको छ र उनीहरूका आँखाहरू सैतानको तेजिलो र अति विश्वास दिलाउने मायाजालहरूको वारेमा सचेत पार्न खोलिएको छ । मानिसले यो सुसमाचारहरू नवुझ्रेसम्म सैतानले उनीहरूलाई अवश्य समात्ने छ र नष्ट गरिदिने छ। हामीलाई यी महत्वपूर्ण सुसमाचारहरू आवश्यक पर्दछ भनेर येशूलाई थाहा थियो, त्यसैले प्यारो साहनुभूतिमा उहाँले यो दिनुभयो । यो कहिले पनि मेटिनु हुँदैन । जब तपाईँले यी कुराहरू पालै पालो आगामी आठ अध्ययन सहायकहरूमा जाँच्नुहुनेछ तब कृपया उत्साहित मनले प्रार्थना गर्नु होला । प्राय जसो तपाँईँका आविष्कारहरू झण्डै-झण्डै आघात पर्ने खालका हुनेछन् । र सबै चित्तवुझ्दो हुनेछन् । तपाँईको मुटु डरलाग्दो प्रकारले थर्कमान हुनेछ । तपाईले येशू आफूसँग वोलिरहेको महसुस गर्नुहुनेछ । जे भए पनि ती सबै उहाँका सुसमाचारहरू हुन् ।

१०. परमेश्वरको महत्वपूर्ण दिन आउनुभन्दा अगाडी बाइबलले "वर्तमान सत्यता" को सुसमाचार दिन को आउनेछ भनेर बाइबलले भनेको छ?

*"हेर परमप्रभुको त्यो महान् र डरलाग्दो दिन आउनुअघि म एलिया अगमवक्तालाई पठाउने छु । (मलाकी ४:५)*

उत्तर : एलिया अगमवक्ता । त्यहाँ एलियाको वारेमा प्रभावशाली केही घटना र उहाँको सुसमाचार छन्, जस्तै हामी आगामी धेरै उत्तरहरूमा हेर्नेछौ।

११. एलियाले के काम गरे जसको कारणले परमेश्वरलाई उनमा केन्द्रित गरायो ?

नोट :- कृपया तपाँई बाइबल पल्टाउनुहोस र यो प्रश्नको उत्तर दिनु भन्दा अगाडी १ राजाहरू १८:१७-४० पढ्नुहोस ।

उत्तर : एलियाले मानिसहरूलाई उनीहरूले कसको सेवा गर्न चाहन्छन् भन्ने निर्णय गर्न अनुरोध गरे (पद २१) । त्यो राष्ट्रमा प्राय सबै जसो मूर्तिपूजक थिए । त्यहाँका मानिसहरूले सत्य परमेश्वरलाई र उहाँको आज्ञाहरूलाई इन्कार गरेका थिए । त्यहाँ परमेश्वरको एक जना अगमवक्ता एलिया र वालका ४५० मूर्तिपूजकका अगमवक्ताहरू थिए (पद २२) एलियाले सुझाव दिए कि दुवै उनी र मूर्तीपूजकहरूले वेदीहरू वनाउने र काठ राख्ने र त्यसमाथि साँढे राख्ने । उनले फेरी तिनीहरूलाई सुझव दिए कि उनीहरू आफ्नो भगवान्लाई आफ्नो वेदीमा आगो खसालिदिनुभनी मागभने ।

मुर्तिपूजकको भगवान्ले केही उत्तर दिएनन् तर एलियाको सत्य परमेश्वरले स्वर्गवाट आगो पठाइदिनु भयो र एलियाको थुमा जलेर भष्म भयो ।

सुसमाचारको निर्णयको माग गऱ्यो एलियाको सुसमाचार गहिरो आध्यात्मिक संकट र राष्ट्रिय धर्मत्याग भएको समयमा आइपुग्यो । यी माथि स्वर्गवाट यस्तो शक्तिसाथ आयो जसले “दैनिक व्यवसाय” रोक्यो र राष्ट्रिय ध्यान खिच्यो । त्यसपछि एलियाले मानिसहरूलाई निर्णय गर्न आग्रह गरे र उनीहरू गम्भीरतापूर्वक हृदय देखि नै पूर्णरूपमा विश्वस्त भई परमेश्वरलाई ग्रहण गरे । (पद ३९)

१२. एलियाको सुसमाचारमा दुईवटा लाभहरू छन् । यिनी “वर्तमान सत्यता” को सुसमाचारमा मानिसलाई येशूको पहिलो आगमनको लागि तयार गर्न र “वर्तमान सत्यताको” सुसमाचारमा मानिसलाई येशूको दोस्रो आगमनको लागि तयार गर्न लागू गर्दछन् । कसलाई येशूले उहाँको पहिलो आगमनका लागि मानिसलाई तयार गर्न एलियाको सुसमाचारको सुसमाचार प्रचार गर्नु भन्नुभएको थियो ?

“साँच्चै म तिमीहरूलाई भन्दछु, स्त्रीवाट जन्मेकाहरूमा वप्तिस्मा दिने युहन्ना भन्दा महान् अरू कोहि भएको छैन् तर पनि स्वर्गको राज्यमा जो सबैभन्दा सानो छ, त्यो यिनी भन्दा महान् हो ।

तिमीहरू ग्रहण गर्न राजी हुन्छौ भने आउनु पर्ने एलिया यिनी नै हुन् ।" (मत्ति ११:११,१४)

उत्तर : युहन्नाको उपदेश मानिसलाई येशूको पहिलो आगमनको बारेमा घोषणा गर्ने एलिया अथवा एलियाको सुसमाचार दिने भनीउहाँले भन्नुभयो । युहन्नाको सुसमाचार एलियाको दिनमा झैं सत्यतालाई एकदम प्रष्ट वनायो र त्यसपछि निर्णयमा आग्रह गर्नुभयो । वप्तिस्मा दिने युहन्नाको वारेमा बाइबलले यसो भन्छ "वावुहरूको मन छोराछोरीहरू तिर र अनाज्ञाकारीहरूलाई धर्मीहरूको वुद्धितिर फर्काउन र प्रभुको निम्ति योग्य तुल्याइएको एक जाती तयार पार्न उहाँको अघि तिनी एलियाको आत्मा र शक्तिमा जानेछन् ।" लुका १:१७

१३. येशूको आगमनको ठीक अगाडी हामीले कसरी अगमवाणीमा हाम्रो समयको लागि कसरी लागु हुन्छ भनेर थाहा पाउने ?

*"हेर परमप्रभुको त्यो महान र डरलाग्दो दिन आउनुअघि म एलिया अगमवक्तालाई पठाउने छु ।" मलाकि ४:५ "परमप्रभुको त्यो महान र भयंकर दिन आउनुभन्दा अघि सूर्य अँध्यारोमा र चन्द्र रक्तमा परिवर्तन हुनेछन् ।" योएल २:३१*

उत्तर : योएल २:३१ मा उल्लेख गरेअनुसार "परमेश्वरको महान् र भयंकर दिन" आउनुभन्दा ठीक अगाडी हुने दुई घटनाक्रमहरू कृपया नोट गर्नुहोस् । एक, एलियाको आगमन र दुई आकाशहरूमा देखिने भयंकर चिन्हरू । यसले हामीलाई दुवै घटनाक्रमहरू निर्धारण गर्न मद्दत गर्दछ । अन्धकार युगले मे १९,१७८० मा स्थान जमायो । त्यही राती चन्द्रमा रगत जस्तै देखा पर्‍यो । अर्को एउटा चिन्ह मत्ति २४:२९ मा समावेस छ । ताराहरू झर्ने घटना नोभेम्वर १३, १८३३ मा घट्यो । यसवाट हामी १८३३ को केही समय अगाडी वा पछाडी अन्तिम समय एलियाको सुसमाचार जसरी पनि सुरू गर्नु पर्दछ भनी थाहा पाउँदछौं । परमेश्वरको महान दिन आउनु भन्दा पहिले नै ती घटनाहरू भएका थिए ।

**आकाशमा भएका चिन्हहरू पछि दोस्रो एलिया सुसमाचार**

यो स्पष्ट छ कि युहन्नाको "एलिया सुसमाचार" दोस्रो एलिया सुसमाचारमा लागु हुँदैन किन भने युहन्नाले उहाँको सुसमाचार प्रचार गरेको भण्डै १७०० वर्ष पछि परमेश्वरका महान् चिन्हहरू आकाशमा देखा परे । योएल २:३१ मा रहेको एलिया सुसमाचार १८३३ का ती आकाश चिन्हहरू पछि सुरू हुनुपर्थ्यो र येशूको दोस्रो आगमनको लागि मानिसहरूलाई तयार पार्नुपर्थ्यो । यो

१८४४ वरिपरि शुरू भयो र मानिसलाई संसार भरी येशू दोस्रो आगमनका लागि तयार परिरहेको छ (पद १४) जुन तिन गुना सुसमाचार संसारका हरेक मानिस कहाँ पुगिसकेपछि मात्र हुनेछ । ( मिती १८४४ सम्वन्धीत विवरणहरू अध्ययन सहायक १८ र १८ मा दिइएको छ । सुसमाचारले निर्णयको माग गर्दछ ।

तिनीहरूले पापको सामना गरून् भनेर एलियाले ढिपी गरे र उनीहरू कसको सेवा गर्न चाहन्छन् सबैले निर्णय गरून त्यसैले यसको लागि आज हामीसँग परमेश्वरको तिन गुणा सुसमाचार छ । एउटा निर्णय अवश्य गनुपर्छ । परमेश्वरको तिन गुणा सुसमाचारले सैतान र उसको योजनालाई मुकुण्डो विहिन वनाउँछ । यसले परमेश्वरको प्रेम र उहाँको आवश्यकता प्रष्ट रूपमा प्रकट गर्दछ । आज परमेश्वरले मानिसहरूलाई सत्य आराधनामा फर्किन वोलाइरहनु भएको छ मात्र परमेश्वरको आराधनाको लागि । यस संकटमय दिनमा कुनै व्यक्ति वा कुनै वस्तुको सेवा र आराधनालाई नवुझिकन गर्दा वेइमानि परिणाम निम्त्याउँछ यसको फल अनन्तको मृत्यु हुनेछ । एलिया समयमा परमेश्वर अचम्भित तरिकाले मनहरूमा पुग्नु भयो । (१ राजाहरू १८:३७,३९) र वप्तिस्मा दिने युहन्नाको दिनहरूमा उहाँले अन्तिम समयमा यही गर्नु हुनेछ जब मानिसले तिन स्वर्गदूत सुसमाचारहरूलाई ध्यान दिनेछन् । (प्रकाश १८:१)

१४. अरू कस्तो अचम्मको आशिष एलिया वा तिन स्वर्गदूतहरूको सुसमाचारहरूको उपदेशले ल्याउने छ?

“हेर, परमप्रभुको त्यो महान् र डरलाग्दो दिन आउनु अघि म एलिया अगमवक्तालाई पठाउने छु । त्यसले वावुहरूका हृदय तिनीहरूका छोरातिर र छोराहरूका हृदय तिनीहरूका वाबु तिर फर्काइदिनेछ नत्रता म आएर देशलाई एउटा श्राप दिनेछु ।” मलाकि ४:५,६

उत्तर :परमेश्वरको प्रशंसा गर । एलिया सुसमाचार वा तिन स्वर्गदूतहरूको सुसमाचारहरूले एकैसाथ परिवारको सदस्यहरूलाई मायालु, नजिक, आनन्दित, स्वर्गीय, वन्धुत्वमा ल्याउने छ । कस्तो आशिषित वाचा ।

१५. “सुसमाचार” शब्दको अर्थ “राम्रा समाचारहरू” हो । के प्रकाशको अध्याय १४ मा रहेका तिन स्वर्गदूतहरूको सुसमाचारले राम्रो समाचारहरू उपलब्ध गराउँछ ?

उत्तर : वास्तवमा हो । आउनुहोस् अव हामी तिन स्वर्गदूतहरूको सुसमाचारहरूमा पूर्वदृष्टि गर्दा पाएको राम्रो सुसमाचारहरूमा पूर्नविचार गरौँ ।

क. हरेक व्यक्तिले सुन्ने मौका पाउने छन् र अन्तिम दिनको सुसमाचार वुझ्नेछन् । कोही पनि यसवाट वञ्चित हुने छैनन् ।

ख. हामीलाई शैतानको छलकपट, मानिसलाई फसाउने र खतम पार्ने योजनाहरू प्रकट गरिने छन् ताकि हामी वन्धनमा नपरौँ भनि ।

ग. अन्तिम दिनहरूमा परमेश्वरको सुसमाचारहरूलाई फैलाउन स्वर्गको अलौकिक शक्तिले साथ दिनेछ ।

घ. परमेश्वरका मानिसहरू सहनशील हुनेछन् । उहाँ तिनीहरूलाई सन्त भनी बोलाउनु हुन्छ ।

ङ. परमेश्वरका मानिसहरूसित येशूको विश्वास हुनेछ ।

च. परमेश्वरका मानिस प्रेमसँग उहाँको आज्ञा पालन गर्नेछन् ।

छ. परमेश्वरले हामीलाई यस्तो प्रेम गर्नु हुन्छ कि उहाँले हामीलाई येशूको दोस्रो आगमनको लागि तयार गर्न एकदम महत्वपूर्ण सुसमाचार पठाउनु भएको छ ।

ज. यी अन्तिम दिनहरूका परमेश्वरको सुसमाचारले परिवारका सदस्यलाई प्रेम र एकतामा एकै साथ ल्याउनु हुनेछ ।

झ. तिन स्वर्गदूत सुसमाचारको प्रधान महत्व भनेको येशू ख्रीष्टद्वारा मात्र मुक्ति सबैलाई उपलब्ध गराइएको छ । उहाँले हाम्रो विवाद छोप्न आफ्नो सत्यता दिनुहुनेछ र दैनिक हामीलाई उहाँको सत्यता अचम्भित तरिकाले लागू गर्नुहुन्छ जसले गर्दा हामी उहाँको अनुग्रहमा वाँधिनेछौ र साँच्चिकै उहाँ जस्तो हुनेछौं । उहाँसँग हामी पतन हुँदैनौं । उहाँ विना सफल हुँदैनौ । तिन स्वर्गदूत सुसमाचारहरूका विषयहरू जो आउँदो अध्ययन सहायकहरूमा व्याख्या गरिने अरू यस प्रकार छन् ।

क. परमेश्वरको फैसला गर्ने समय आइपुगेको छ ।

ख. पतन भइ सकेको वेविलोनवाट वाहिर आऊ

ग. पशुको चिन्ह स्वीकार नगर

अझ वढता राम्रो सुसमाचारहरू प्रकट हुनेछन् जब तपाँई आराधनापूर्वक ढंगले आउँदो आठ अध्ययन सहायकहरूमा यसको विषयहरूमा पढ्नुहुनेछ । कुनै चिजहरूमा तपाँई आश्चर्य र आनन्दित र अरूमा त्रासित र दुखीत हुनुहुनेछ । कुनै विषयहरू स्वीकार गर्न साह्रै गाह्रो हुन सक्छ तर यी अन्तिम दिनहरूमा येशू स्वर्गवाट महत्वपूर्ण सुसमाचार व्यक्तिगत रूपमा हामी हरेकलाई मद्दत र अगुवाइ गर्न पठाउनु हुन्छ । अवश्य यसलाई सुन्नु भन्दा

वढ्ता महत्वपूर्ण अरू केही हुँदैन । यसलाई पूर्णरूपमा बुझ्नुपर्दछ र पछ्याउनुपर्छ ।

१६ के तपाँई कृतज्ञता महसुस गर्नुहुन्छ जब पृथ्वीको यी अन्तिम दिनहरूमा येशूको महत्वपूर्ण तिन विषयक सुसमाचार उहाँको मानिसलाई पथ प्रदर्शक र सहायता गर्नेछन् भन्ने थाहा पाउँदा ?

उत्तरः.........................................................................................

## तपाईंको विचारका प्रश्नहरूका उत्तरहरू

१. येशूको आगमन भन्दा अगाडी तिन स्वर्गदूत सुसमाचारहरू पृथ्वीमा रहेका हरेक व्यक्तिहरूमा पुऱ्याइनेछ र अहिले रहेका दश अर्व मानिसमा यो कसरी सम्भव हुन सक्दछ ?

उत्तर : हो । यो आइपर्ने छ किनभने यो प्रतिज्ञा परमेश्वरले गर्नुहुन्छ (मर्कूस १६:१५) । पावलले आफ्नो समयमा त्यो सुसमाचार "स्वर्गको मुनि रहेका हरेक प्राणीमा" पुग्यो भनी भन्दछन् (कलस्सी १:२३) । योना परमेश्वरको अनुग्रहवाट ४० दिनभित्रमा निनवेका सम्पूर्ण सहरहरूमा पुगे (योना ३:४-१०) परमेश्वरले काम सक्नुहुनेछ र त्यो छोटो गर्नुहुनेछ भनेर बाइबलले भन्दछ (रोमी ९:२८) । त्यसमा गन्ती गर्नुहुन्छ । यो हाम्रो समयमा एकदमै छिटो आइपर्ने छ ।

२. रूप परिवर्तनमा मोशा र एलिया साँचै नै देखा परेका थिए (मत्ति १७:३) वा त्यो दर्शन मात्र थिए ?

उत्तर : यो घटना ठीक-ठीक मूल अनुरूपको थियो । युनानी शब्द "हेरामा" पद ९ मा दर्शनको अनुवाद भएको शब्दानुसार अर्थ जुन कुरा देखिएको थियो । हो, मोशालाई मृत्युवाट उठाइएको थियो र स्वर्गमा लगिएको थियो (यहुदा १:९) र एलियालाई मृत्युवरण नगरी मुक्त गरिएको थियो (२ राजाहरू २:१,११,१२) । यी दुई मानिस जो संसारमा रहेका थिए र सैतानको आक्रमणवाट र परमेश्वर मानिसहरूका विरोधवाट डरलाग्दो तरिकाले सताइएका थिए । उनीहरूले येशू कस्तो अवस्थावाट गुज्रिरहनुभएको थियो भन्ने वुझे, ती सबै जो उहाँको राज्यभित्र मृत्युवरण नगरी (एलिया जस्तै) र उहाँको राज्यमा पस्न चिहानवाट जमीनमा उठाइने छ (मोशा जस्तै), हाम्रो पापका लागि उहाँले गर्नुभएको वलिदानको विषयमा सम्झाउन र प्रोत्साहन गर्न उनीहरू आए ।

३. युहन्नाले किन उनी एलिया होइनन् भनेर भने ? (युहन्ना १:१९-२१) जब कि उनी नै एलिया हुन भनेर येशूले भन्नु भयो? (मत्ति ११:१०-१४)

उत्तर : यसको उत्तर लुका १:३-१७ मा पाइन्छ । "तर दूतले तिनलाई भने, "नडराउ जकारिया किनभने तिम्रो प्रार्थनाको सुनाई भएको छ । अव तिम्री पत्नी एलिशिवाले तिम्रो निम्ति एउटा छोरा जन्माउने छिन् र तिमीले तिनको नाउँ युहन्ना राख्नु। तिमीलाई प्रसन्नता र आनन्द हुनेछ, र धेरै जना तिनको जन्ममा रमाउनेछन् । किनभने तिनी परमप्रभुको सामुन्ने महान् हुनेछन् । तिनले दाखमद्य र कुनै मद्य कहिल्यै पिउनेछैनन् र आफ्नो आमाको गर्भ देखि नै तिनी पवित्र आत्माले भरिपूर्ण हुनेछन् । तिनले इजरायलका सन्तानहरूमा धेरैलाई तिनीहरूका परमप्रभु परमेश्वरतिर फर्काउनेछन् । वावुहरूको मन छोराछोरी तिर र अनाज्ञाकारीहरूलाई धर्मीको वुद्धितिर फर्काउन र प्रभुको निम्ति योग्य तुल्याइएको एक जाती तयार पार्न उहाँका लागि तिनी एलियाको आत्मा र शक्तिमा जानेछन्।" पदहरू १३-१७ । जब येशूले युहन्नालाई एलियासँग दाँज्नु भयो उनलाई उनकोको जीवन, आत्मा, शक्ति र काम एलियाको जस्तो छ भन्ने पार्नुभयो । यी अन्तिम दिनहरूको एलियाको सुसमाचारको सत्यता उही हो । सुसमाचारमा जोड छ तर मानिसमा होइन । त्यसैले युहन्ना व्यक्तिमा एलिया थिएनन् तर उनी एलियाको सुसमाचारको प्रतिनिधित्व गर्थे ।("एलिया" युनानी रूप "एलियस" हो ।)

४. येशूको अन्तिम समय सत्यतामा तिन स्वर्गदूतको सुसमाचारहरू समावेश नगरी प्रचार गर्न के यो कसैको लागि सम्भव छ?

उत्तर : छैन । तिन स्वर्गदूत सुसमाचारहरू अवश्य समावेश गरिनुपर्दछ । प्रकाशको पुस्तकमा उहाँको अन्तिम समयका सुसमाचारहरू येशू उहाँ आफै प्रकट वा माग गर्नुहुन्छ (प्रकाश १:१) र उहाँले पुस्तकमा प्रकट गर्नुभएका उहाँको मानिसले अवश्य पछ्याइराख्नुपर्दछ भनी स्पष्ट रूपमा भनिन्छ (प्रकाश १:३,२२:७) । त्यसैले विश्वसनीय रूपमा अन्तिम समयमा धर्मशास्त्रले प्रकाशको पुस्तकवाट येशूको सुसमाचारहरू अवश्य प्रचार गरिरहनु पर्दछ । यसले उहाँका महत्वपूर्ण तिन विषयका सुसमाचार उपदेश समेटेको हुन्छ । यो विचार गर्नुहोस् कि येशूले पद ६ मा यो सुसमाचारलाई अनन्त उपदेश वताउनुहुन्छ । उहाँ यो पनि भन्नु हुन्छ कि उहाँ आफ्नो मानिसलाई लिन आउनु भन्दा अगाडी यिनीहरू पृथ्वीमा रहेका हरेक व्यक्तिकोमा अवश्य पुऱ्याइनु पर्दछ । यहाँ तिन गम्भीर विचारहरूछन् ।

क. कसैले पनि येशू "अनन्त सुसमाचार" साँचो रूपमा प्रचार गर्दैनन् जब सम्म उसले तिन स्वर्गदूत सुसमाचारहरू समावेश गर्दैनन् ।

ख. कसैले पनि आफ्नो सुसमाचारहरूलाई "अनन्त सुसमाचार" बोलाउने अधिकार पाउँदैन, यदि उसले तिन स्वर्गदूत सुसमाचारलाई मेटेको छ भने ।

ग. तिन स्वर्गदूत सुसमाचारहरूले मानिसलाई येशू दोस्रो आगमनको लागि तयार गर्दछ (प्रकाश १४:१२-१४) । जब सम्म तपाँईं येशू तिन विषयमा अन्तिम समय सुसमाचारहरू सुन्नुहुन्न, वुझ्नुहुन्न र स्वीकार्नु हुन्न तवसम्म तपाँईं उहाँको दोस्रो आगमनको लागि तयार हुनुहुने छैन ।

**अन्तिम समयका लागि महत्वपूर्ण सुसमाचारहरू**

येशू, जसलाई हाम्रो आवश्यकता के हो भनी थाहा छ, अन्तिम समयको लागि हामीलाई तिन महत्वपूर्ण सुसमाचारहरू दिनुभएको छ । हामीले उहाँलाई अवश्य वुझ्नुपर्दछ र पछ्याउनु पर्दछ । तपाईंलाई आउँदो आठ अध्ययन सहायकहरूले यी सुसमाचारहरू स्पष्ट पार्नेछ ।

५. लुक १:१७ ले एलियाको सुसमाचार "अनाज्ञाकारीलाई धर्मीको वुद्धि तिर" फर्काउनु थियो भन्दछन् । यसको अर्थ के हो ?

उत्तर : "धर्मी चाहिँ विश्वासद्वारा नै जिउने छन् ।" रोमी १:१७ । धर्मीसँग मुक्तिदातामा विश्वासमाथि उनीहरूको मुक्ति विसाउन वुद्धिमानी हो । "अरू कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२) । युहन्नाको सुसमाचार भनेको सबैलाई यो स्पष्ट पर्नु थियो जुन विश्वास येशू ख्रीष्ट वाहेक अरू कोही व्यक्ति वा केही चिजमा अड्किएको छ भने मानिसलाई पापवाट वचाउन र परिवर्तित जीवनतिर डोऱ्याउन कहिले पनि सकिँदैन । मानिसले यो सत्यताको यो महान् विचार अवश्य सुन्नु र वुझ्नपर्दछ । एलियाको तिन विषयको सन्देश परमेश्वरको वास्तविक सत्यताको मुट्ठु हो । यो सन्देश आजको लागि पनि हो ।

## संक्षिप्त पृष्ठ

यो संक्षिप्त पृष्ठ पुरा गर्नुभन्दा अगाडी कृपया अध्ययन पुस्तिका पढ्नुहोस । तलका प्रश्नहरूको सबै उत्तरहरू अध्ययन पुस्तिका भित्र पाउन सक्नुहुन्छ । ठीक उत्तरमा टीक लगाउनुहोस । प्रश्नको पुछारमा रहेको अङ्कले पूर्णाङ्क जनाउँछ ।

१. प्रकाश १४ को तिन स्वर्गदूतहरू (१)

- ❑ जस्ताको त्यस्तै जोरसँग अवश्य कराउनु पर्दछ र सबै सुन्नु पर्छ।
- ❑ छिटो र शक्तिसाथ चलिरहेको परमेश्वरको अन्तिम दिन सुसमाचारको प्रतिनिधित्व गर्दछ।
- ❑ कसैको कल्पनाको काल्पनिक कुरा हो।

२. तलको कुन विषयहरूले प्रकाशसँग सम्वन्धित सत्यता भन्दछ ? (३)

- ❑ किताव बन्द गरिएको छ।
- ❑ नामको अर्थ "घुम्टो उघार्नु वा प्रकट गर्नु" हो।
- ❑ यसले अन्तिम दिनहरूमा परमेश्वरका मानिसले कस्तो सुसमाचार प्रचार गर्नेछन् भनी भन्दछन्।
- ❑ यसले येशूको शब्द दृष्य समावेश गर्दछ।
- ❑ ती माथि परमेश्वरले सराप दिने निर्णय गर्नु भएकोछ जसले यो पढ्छ।

३. येशूको आगमन अगाडी तिन स्वर्गदूतको सुसमाचार हरेक व्यक्तिहरूमा अवश्य पुग्नु पर्दछ। (१)

- ❑ हो
- ❑ होइन

४. पहिलो स्वर्गदूतको सुमाचारले निम्नि लिखितमा कुराहरूमा जोड दिन्छ। (३)

- ❑ यो प्रस्तुत गरिएको अनन्त सुसमाचार हो।
- ❑ यो वुझ्न सकिँदैन।
- ❑ क्रमिक उन्नति भनेको उत्तम खीष्टियन सिद्धान्त हो।
- ❑ फैसला अहिले कार्यकालमा छ।
- ❑ हामीले परमेश्वरलाई आदर र साँचो विश्वास गर्नुपर्दछ।
- ❑ हरेक व्यक्तिले उसको इच्छा अनुसार आराधना गर्नु पर्दछ।

५. दोस्रो स्वर्गदूतको सुसमाचारले वेविलोनको पतन भयो भन्दछ, र प्रकाश १८ मा स्वर्गदूतले वेविलोनमा रहेका परमेश्वरको मानिसहरूलाई वाहिर आउन अनुरोध गर्दछन्। (१)

- ❑ हो
- ❑ होइन

६. तेस्रो स्वर्गदूतको सुसमाचारले परमेश्वरको सबै जनहरूलाई (मानिस जाति) पशुको छाप लिन अनुरोध गर्नु भएको छ। (२)

- ❑ हो
- ❑ होइन

७. परमेश्वरको मानिसको सम्वन्धमा कसरी प्रकाश १४:१२ वोल्दछ ? (२)
- ❑ उनीहरू सहनशील छन् ।
- ❑ उनीहरू सन्त हुन् ।
- ❑ उनीहरू दश आज्ञाहरूमा विश्वास गर्दैनन् ।
- ❑ उनीहरू सँग थोरै विश्वास हुन्छन् ।

८. हरेक व्यक्तिमा सुसमाचार पुगिसकेपछि उत्तिखेरै के घटना घटने छ ? (१)
- ❑ राष्ट्रहरू सबै परिवर्तित हुनेछन् ।
- ❑ परमेश्वरले न्यू योर्क र लण्डन पूर्ननिर्माण गर्नुहुन्छ ।
- ❑ येशूको दोस्रो आगमनले ठाउँ लिन्छ ।

९. निम्नलिखित कुन चाहिँ आजको लागि वर्तमान सत्यता सुसमाचारहरू हुन ? (१)
- ❑ निनवेको लागि योनाको सुसमाचार ।
- ❑ जलप्रलय अगाडी नोआको सुसमाचार ।
- ❑ प्रकाश १४:६-१४ मा रहेका तिन स्वर्गदूत सुसमाचारहरू ।

१०. तिन स्वर्गदूतहरूको सुसमाचारहरू सम्वन्धमा कुन विषयहरू सत्य छन् । (६)
- ❑ अहिले यो सुसमाचारहरू प्रचार गरिँदैछ ।
- ❑ यी सुसमाचारहरूले, मात्र येशू ख्रीष्टद्वारा मुक्ति पाइन्छ भन्नेमा जोड दिन्छ
- ❑ उनीहरूलाई "एलिया सुसमाचार" भनेर पनि भन्न सकिन्छ ।
- ❑ एलिया उनीहरूलाई प्रस्तुत हुन मद्दत गर्ने व्यक्तिमा देखा पर्नु हुनेछ ।
- ❑ उनीहरू क्रमिक उन्नतिको ख्रीष्टियन मुल्य मान्यताहरूलाई जोड दिन्छन् ।
- ❑ प्राय मानिसहरूले उनीहरूको वारेमा कहिले सुन्नेछैनन् ।
- ❑ उनीहरूले परिवारको सदस्यलाई नजिक, मायालु, वन्धुत्वमा एकै साथ ल्याउनेछन् ।
- ❑ अलौकिक शक्तिले उनीहरूलाई साथ दिनेछ ।
- ❑ उनीहरू येशूको दोस्रो आगमनको लागि मानिसलाई तयार गर्न मद्दत गर्दछन् ।

११. वप्तिस्मा दिने युहन्नालाई उनको समयमा एलिया भनेर वोलाइन्थ्यो किनभने । (१)
- ❑ उहाँलाई स्वर्गवाट तल आगो वाल्न मन पर्थ्यो ।
- ❑ महान पुजारीले त्यो नाम रूचाउने ।
- ❑ उहाँको प्रचार एलियाको आत्मा र शक्तिवाट येशूको पहिले

आगमनको लागि मानिसलाई तयार पारे ।

१२. "सुसमाचार" शब्दको अर्थ "राम्रो समाचार" हो । (१)

- ❑ हो
- ❑ होइन

१३. येशूले यी अन्तिम दिनहरूमा परिवारका सदस्यलाई प्रेम र एकतामा एकैसाथ नजिक ल्याउने वाचाहरू गर्नुहुन्छ । के तपाँईं आफनो परिवारमा यी अनुभवको लागि प्रार्थना गरिरहनु भएको छ ?

- ❑ हो
- ❑ होइन

१४. के तपाईं येशूसँग अन्तिम समयवाट उहाँको मानिसलाई अगुवाई गर्न महत्वपूर्ण सुसमाचार छ भनेर राहतको आभास गरी कृतज्ञ हुनुहुन्छ ?

- ❑ छु
- ❑ छैन

# १७ परमेश्वरले योजना बनाउनुभयो

करीब ३५०० वर्ष अगाडी, इजिप्टको उत्तर पट्टीको उजाड स्थानमा परमेश्वरले मोशालाई पवित्र स्थान वनाउनको निम्ति जुन उहाँको वास स्थान हुने थियो, पुरा गर्न निर्देशन दिनुभयो । त्यो पवित्र स्थान र त्यसको सेवा कर्मले भर्खर मुक्त भएका दुई लाख दासहरूलाई मुक्तिको उपाय देखाउनुथियो । एक हजार वर्ष पछि स्वर्गदूतले दानियललाई स्वर्गमा न्यायको समय सुरू हुन लागेको कुरा त्यही वासस्थान र त्यसको सेवकाईमा प्रष्ट्याइएको छ भनेर भने । प्रकाशको पुस्तकले यो प्रस्ट्याउँछ कि परमेश्वरको अन्तिम समयको मानिसले स्वर्गीय न्याय सुरू भइसकेको छ भनि प्रचार गर्नेछ । यदि तिन स्वर्गदूतले प्रकाश १४:६-१४ मा दिएका सुसमाचार अध्ययन गर्‍यौं भने यी सवै कुराहरू प्रष्ट हुन्छन् । यो नौ पाठको दोस्रो अध्ययनमा तपाँईले पवित्र वासस्थान र यसको मतलबका विषयमा वुझ्न सक्नुहुनेछ

१. मोशालाई परमेश्वरले के वनाउन भन्नुभयो ?

*"म तिमीहरूका मध्यमा वस्नलाई तिमीहरूले मेरो लागि एउटा पवित्र स्थान वनाउनु" (प्रस्थान २५:८)*

उत्तर : परमेश्वरले मोशालाई एउठा पवित्र स्थान वनाउनु भन्नुभयो, एउटा यस्तो भवन जुन स्वर्गको महान् परमेश्वरको निम्ति वासस्थान हुन सकोस् ।

पवित्र स्थानको संक्षिप्त परिचय

*(१५×४५, १८ इन्च क्युविटमा आधारित रहेका) जहाँ परमेश्वरको महिमामय उपस्थिती थियो त्यहाँ विशेष सेवकाई गरिन्थ्यो ।*

त्यसका भित्ता सिधा अकाशिया काठको वोर्ड जसमा यादिका सकेटहरू सुनले मोहरिएको थियो । त्यसको छाना चार तहको ढक्कनवाट वनेको थियो जसमा कपडा, वाख्राको रौं, भेँडाको छाला, वेजारको छाला थियो। त्यसमा दुईवटा कोठाहरू थिए, पवित्र स्थान र महा पवित्र स्थान । एउटा वाक्लो पर्दाले दुई कोठाहरूलाई छुट्याइएको थियो । आँगन र यसको वरिपरिको भाग ७५×१५० थियो (प्रस्थान २७:१८), यसका पर्खालमा राम्रो सुति कपडा थियो जसलाई ६० वटा पित्तलका खामाले अड्याइरहेको थियो ( प्रस्थान २७:९-१६) ।

२. पवित्र स्थानवाट परमेश्वरको जनले के सिकून भनि उहाँले चाहना गर्नु भएको थियो ?

*"हे परमेश्वर, तपाईंका मार्ग पवित्र छन्, हाम्रा परमेश्वर झैँ महान देव अरू को छ ?" (भजनसँग्रह ७७:१३)*

उत्तर : परमेश्वरको मार्ग वा मुक्तिको उपाय संसारिक पवित्र स्थानमा देखिएको थियो । बाइबलले भन्छ कि पवित्र स्थानमा उल्लेखित सवै कुराहरूलाई येशूले हामीलाई मुक्ति दिने क्रममा गरिने कुराहरू हुन । त्यसकारण जब सम्म हामीले पवित्र स्थानका घटना र त्यससँग गाँसिएका चिन्हहरूलाई वुझ्दैनौ । हामीहरू मुक्तिको उपायलाई प्रष्टसँग वुझ्न सक्दैनौ । त्यसकारण यो अध्ययनका कुराहरू अध्ययन योग्य छन् ।

३. मोशाले कुन ठाउँवाट पवित्र वासस्थानको वनावटको नक्सा पाए ? भवन के को नमूनामा थियो ?

*"अब हामीले भन्न चाहेको कुरा यहि हो । हाम्रा यस्ता प्रधान पुजारीहरू हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्वरको सिंहासनको दाहिनेपट्टी विराजमान हुनुहुन्छ । मानिस होइन तर परमप्रभुले खडा गर्नुभएको पवित्र स्थानमा उहाँको सेवा हुन्छ । तिनीहरूले स्वर्गीय पवित्र स्थानको नक्कल र छाँयाको सेवा गर्दछन् । किनकि मोशाले पवित्र वासस्थान वनाउन लाग्दा, परमेश्वरको यस्तो आदेश पाएका थिए "पर्वतमा तिमीलाई देखाएवमोजिम तिमीले सवथोक वनाउनु ।" (हिब्रु ८:१,२,५) ।*

उत्तर : पवित्र स्थान कसरी वनाउनु पर्छ भन्ने सवै नक्सा परमेश्वरले मोशालाई दिनुभएको थियो । तिनीहरू मूख्य स्वर्गीय वासस्थानको ढाँचामा थिए, जुन मोशाको पवित्र वासस्थानमा ढालिएको थियो ।

४. आँगनको फर्निचर कस्तो थियो ?

उत्तर : क. पशुलाई वलि दिने वेदी आँगनमा थियो, त्यो पवित्र स्थान भित्र पस्ने वित्तिकै थियो (प्रस्थान २७:१-८), यो वेदीले प्रभु येशूको क्रुसलाई वुझाउँदछ । थुमा येशू हुनुहुन्छ, जो हाम्रा निम्ति वलि हुनु भयो (युहन्ना १:२९)

ख. हात धुने काँसाको वाटा, वेदी र भित्र पस्ने कोठाको वीचमा राखिएको थियो । यो ठूलो पित्तलको वाटा थियो । पुजारीहरू भित्र पस्नु भन्दा अगाडी, वलि दिनु भन्दा अगाडी त्यसमा हात खुट्टा धुने गर्थे (प्रस्थान ३०:१७-२१,३८:८) पानीले पापवाट मुक्त भएको अथवा नयाँ जन्म भएको वताउँथ्यो (तितस ३:५) ।

५.　पवित्र स्थानमा कस्तो फर्निचर थियो ?

उत्तर : क.रोटी राख्ने टेबुल (प्रस्थान २५:२३-३०) ले येशूको शरीर जीवित रोटीले प्रतिनिधित्व गर्दछ (युहन्ना ६:५१)। ख.सातवटा हाँगा भएको सामदान (प्रस्थान २५:३१-४०) ले येशूको जीवनको प्रतिनिधित्व गर्दछ । येशू संसारको ज्योति हुनुहुन्छ (युहन्ना ९:५,१:९) । तेलले पवित्र आत्माको वोध गराउँदछ (जकारिया ४:१-६,प्रकाश ४:५) ।

ग.सुगन्धित मसलाको धुप (प्रस्थान ३०,७,८) ले परमेश्वरका जनका प्रार्थनाको प्रतिनिधित्व गर्दछ (प्रकाश ५:८)

६.　अति पवित्र स्थानमा कस्तो फर्निचर थियो ?

*अति पवित्र स्थानमा "गवाहीको सन्दुक" भनेर एउटा मात्र फर्निचर थियो (प्रस्थान २५:१०-१२), बबुल काठमा सुनले मोहरेको बाकस थियो । त्यो सन्दुकमाथि दुईवटा स्वर्गदूतहरू उभिएका थिए जुन सुनले वनेका थिए । ती दुई स्वर्गदूतहरूका वीचमा कृपा आसन थियो (प्रस्थान २५:१७-२२) जहाँ परमेश्वरको महिमामय उपस्थिती रहन्थ्यो । यसले परमेश्वरको स्वर्गको सिंहासनको प्रतिनिधित्व गर्दछ, जुन दुई स्वर्गदूतहरू रहेका छन् (भजनसँग्रह ८०:१) ।*

७.　करारको सन्दुकभित्र के थियो ?

उत्तर : परमेश्वरका ढुङ्गामा लेखिएका दस आज्ञाहरू, जसलाई उहाँका जनले पालना गर्थे (प्रकाश १४:१२) । ती करारको वाकस भित्र थिए । ( व्यवस्था १०:४,५) तर दयाको आसन तिनीहरू भन्दा माथि थियो । यसको मतलब यहि हुन्छ, जबसम्म परमेश्वरका सन्तानले आफ्ना पापहरू अंगिकार गर्दछन्, उनीहरूमा पुजारीहरूले छर्किएको थुमाको रगतद्वारा दया उनीहरूका निम्ति रहिरहनेछ (लेवी १६:५,६) । थुमाको रगतले येशूको रगतको प्रतिनिधित्व गर्दछ जुन हाम्रा पापको, क्षमाको प्रतिनिधित्व गर्दछ (मती २६:२८, हिब्रु ९:२२)

८.　पुरानो नियमको पवित्र स्थानको सेवामा किन जनावरहरूको वलि दिइन्थ्यो ?

"वास्तवमा, व्यवस्था अनुसार रगतले प्रायः सव थोक शुद्ध पार्दछ, रगत नवगाईकन पापको क्षमा हुँदैन" (हिब्र ९:२२) ।

*"किनभने यो नयाँ करार मेरो रगत हो, जो धेरैको निम्ति पापको प्रायश्चित्तका लागि बगाइन्छ " (मत्ती २६:२८) ।*

उत्तर : मानिसहरूले येशूको रगत नवगाइकन उनीहरूको पाप क्षमा हुनसक्दैन भन्ने कुरा वुझाउनको निम्ति जनावरहरूको वलि जरूरी थियो । भयभित गर्ने सत्य यो हो कि पापको ज्याला अनन्त मृत्यु हो (रोमी ६:२३) । जस्तो कि हामी सवैले पाप गरेका छौं हामी सवै मर्नु पर्छ । यदि येशूले वीचमा पदार्पण नगर्नु भएको भए, आदम र हब्बा पाप गर्ने वित्तिकै मर्ने थिए । उहाँ स्वयम् अगाडी वढेर मानिसका पापको निम्ति आफ्नो शुद्ध जीवन दान दिएर सवैका पापको दण्ड भोग्नु भयो (प्रकाश १३:८) । मानिसले पाप गरेपछि थुमाको रगत दिन जरूरत थियो (उत्पति ४:३-७) । पापीले आफ्नै हातले जनावरलाई मार्नुपर्थ्यो (लेबी १:४,५) । यो अचम्म तथा दु:खदायी हुने गर्थ्यो । यसले पापीहरूलाई पापको परिणाम अनन्त मृत्युको वारेमा वुझाइदियो र त्राणकर्ताको आवश्यकताको वारेमा पनि वुझायो । मुक्तिदाताको विना त्यहाँ मुक्तिको कुनै आशा थिएन । मारिएको जनावरले यही कुराको जानकारी दियो कि उनीहरूको पापको निम्ति परमेश्वरले उहाँको पुत्र मारिनका निम्ति दिइनेछन, जो उनीहरूको सट्टा मर्नुहुनेछ (हिब्रु ९:२८) । जब वप्तिस्मा दिने युहन्नाले उहाँलाई पहिलो पटक देखे उनले भने, “हेर परमेश्वरको थुमा, जसले संसारको पाप उठाइलानेछन् ” (युहन्ना १:२९) । पुरानो समयमा मानिसहरूले क्रुसलाई मुक्तिको निम्ति वाटो हेरे । हामी पछाडी फर्केर मुक्तिको लागि त्यही क्रुसलाई हेरौं । त्यस वाहेक मुक्तिको अरू कुनै उपाय छैन् (प्रेरित ४:१२) ।

९. पवित्र स्थानमा थुमाहरूको वलि कसरी र के को माध्यमवाट गरिन्थ्यो ?

*“त्यसले होमवलीको टाउको माथि आफ्नो हात राखोस् र त्यो त्यसको प्रायश्चित्तको लागि ग्रहणयोग्य हुनेछ” । त्यसले परमेश्वर प्रभुको सामु वेदीको उत्तर पट्टि त्यो काटेर मारिस र हारूनका छोराहरू अर्थात पुजारीहरूले त्यसको रगत वेदीमा वरिपरि छर्कुन् ” (लेबी १:४,११) ।*

उत्तर : जब कुनै मानिसको वलिदान दिने थुमा आगनको ढोकामा ल्याउँथ्यो, पुजारीहरूले उसलाई वाटा र एउटा छुरा दिन्थे । पापीले जनावरको टाउकोमा आफनो हात राखेर मानिलियो । यसो गर्दा पापीका सवै पापहरू जनावरमा सरेको भन्ने वुझिन्थ्यो । यो समयमा मानिसचाहिँ वेकसुर र जनावर चाहिँ दोषी भनि मानिन्थ्यो । अब जनावर पापी भएको भनिएको कारण उसलाई मारिनु जरूरी थियो, पापको ज्याला मृत्यु उसले पाउनु पर्ने थियो । आफनै हातले त्यो जनावरलाई मारेर

त्यो मानिसले चाहिँ सिक्दथ्यो कि उसको पापले एउटा अन्जान जनावर मर्नुपरेको छ, उसको पाप वेकसुर येशूको मृत्युको कारण वन्ने छ ।

१०. जब सवै मानिसको वदलामा जनावरको वलि दिइन्थ्यो तब पुजारीहरूले रगत के गर्थे ? यसको मतलब के हो ?

*"त्यसपछि अभिषेक भएका पुजारीहरूले त्यस साँढेको रगतवाट केही लिएर भेट हुने पालमा पुजारीहरूले आफ्ना औँला रगतमा चोपेर त्यो रगत पर्दाको अगिल्तिर परम प्रभुको सामु सात पल्ट छर्कुन् " (लेवी ४:१६:१७) ।*

उत्तर : जब सारा मानिसको निम्ति वलिदान गरिन्थ्यो, पुजारीहरूले रगत लिने गर्दथे, जो प्रभु येशूको प्रतिनिधित्व गर्थे (हिब्रु ३:१), पवित्र वासस्थान लैजान्थे र महा पवित्र स्थान र पवित्र स्थान छुट्याउने पर्दामा छर्किन्थे । पर्दा भित्रपट्टी परमेश्वरको उपस्थिति थियो, यसरी मानिसहरूका पापहरू पवित्र वासस्थानमा सारिन्थे । पुजारीको रगतद्वारा गरिने सेवकाइले येशूले स्वर्गमा हाम्रा निम्ति गर्ने सेवकाईलाई वुझायो । जब येशू हाम्रो वलिदानको निम्ति क्रुसमा मर्नुभयो, उहाँ वौरी उठ्नुभयो र हाम्रो प्रधान पुजारी भएर आफ्नो रगतद्वारा स्वर्गीय पवित्र वासस्थानमा सेवकाई गर्दै हुनुहुन्छ (हिब्रु ९:११,१२) संसारिक पुजारीहरूले पूजा गरेर रगत छर्केको भन्ने बुझिन्छ । यसले यहि कुरा वुझाउँछ कि उहाँको नाममा पाप मानिलिनेलाई पाप क्षमा गरिनेछ (१ युहन्ना १:९) ।

११. पवित्र वासस्थानलाई आधार मानेर कुरा गर्दा प्रभु येशू के दुई कुराहरूद्वारा आफ्ना जनको सेवा गर्नुहुन्छ ? उहाँको स्नेही सेवाद्वारा हामी के फाइदा पाउन सक्छौ ?

*"हाम्रो निस्तारको थुमा, ख्रीष्टको वलिदान भइसकेको छ" ( १ कोरिन्थी ५:७) । आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पुजारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराख्यौँ । किनकि हाम्रा प्रधान पुजारी हाम्रो दुर्वलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न । तर हामी जस्तै उहाँ हरेक कुराहरूमा परीक्षित हुनुभयो र पनि पापरहित हुनुहुन्थ्यो । यसकारण साहससँग अनुग्रहको सिंहासन अघि जाऔँ...को समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सक्छौँ" (हिब्रु ४:१४-१६)*

उत्तर : प्रभु येशू हाम्रा पापको वलिदान र हाम्रा स्वर्गीय पुजारीको रूपमा कार्य गर्नुहुन्छ । हाम्रो वदलामा मर्नुभएको थुमा र उहाँको स्वर्गीय वासस्थानमा पुजारीहरूको शक्तिशाली भूमिका उहाँले गर्नु भएको महत्वपूर्ण आश्चर्य हुन् ।

क. पूर्णतः बदलिएको जीवनलाई नयाँ जन्म भनिन्छ, जहाँ विगतका सवै पापहरू क्षमा गरिन्छ (युहन्ना ३:३-६, रोमी ३:२५)

ख. वर्तमान र भविष्यमा ठीकसँग वाँच्ने शक्ति प्राप्त हुनु (तितस २:१४,फिलिप्पी २:१३)

यी दुई अचम्मका कार्यले गर्दा मानिसलाई धर्मात्मा भई वाँच्न मद्दत गर्दछन् । यसको मतलब मानिस र परमेश्वरसँग ठीक प्रकारको सम्वन्ध स्थापित भएको हुन्छ । मानिस आफ्नै शक्ति र सामर्थ्यद्वारा धर्मात्मा वन्न सक्दैन । धार्मिक वन्न अचम्मको कार्य हुनुपर्दछ र येशूले मात्र त्यो गर्न सक्नुहुन्छ । येशूको शक्तिमा भर परेर मानिस धार्मिक व्यक्ति वन्न सक्छ (प्रेरित ४:१२) जुन कुरा ऊ आफै गर्न सक्दैन ।

बाइबलीय भाषामा यसैलाई "विश्वासद्वारा धार्मिकता" भनी वुझिन्छ । म येशूलाई मेरो जीवनको नियन्त्रणकर्ता भनेर मान्दछु, र चाहिएको अचम्मको कामद्वारा ममा उहाँले काम गर्नुहुनेछ भनि विश्वास राख्दछु, उहाँको काममा पूर्ण मद्दत गर्छु । येशूद्वारा मेरा निम्ति ममा गरिएको यस्तो प्रकारको अचम्मको कार्यलाई साँचो धार्मिकता मानिन्छ । अरू सबै गलत हुन् ।

१२. येशूवाट हामीलाई धार्मिकता दिइएको छ भनेर बाइबलले कुन ६ वटा प्रतिज्ञा दिएको छ ?

उत्तर : क. उहाँले हाम्रो विगतका पापहरू क्षमा गर्नुहुनेछ र हामीलाई पाप रहित वनाउनु हुनेछ (यशैया ४४:२२, युहन्ना १:९)

ख. सुरूमा हामी परमेश्वरको प्रतिरूपमा वनाइएका थियौं (उत्पति १:२६,२७) । येशूले हामीलाई परमेश्वरको प्रतिरूपमा पुनर्स्थापना गर्ने प्रतिज्ञा गर्नुहुन्छ (रोमी ८:२९) ।

ग. येशूले ठीकसँग वाँच्ने इच्छा दिनुहुन्छ, साध्य हुने शक्ति पनि उहाँले हामीलाई दिनुहुन्छ (फिलिप्पी २:१३)।

घ. येशूले आफ्नो चमत्कारद्वारा परमेश्वरलाई मनपर्ने कुराहरू खुसीसाथ मात्र गर्न दिनुहुन्छ (हिब्र१३:२०,२१, युहन्ना १५:११)

ङ. उहाँले आफ्नो पाप रहित जीवन दिएर हाम्रो मृत्युदण्ड मेटाउनु भएको छ (२ कोरिन्थी ५:२१) ।

च. येशूले हामीलाई उहाँ फर्केर नआइन्जेलसम्म विश्वासिलो भइराख्न आफ्नो कर्तब्यको निर्वाह गर्नुभएको छ (फिलिप्पी १:६, याकूब १:२४) । येशू यी सवै महिमामय प्रतिज्ञाहरू तपाईंको जीवनमा पूरा गर्न चाहनुहुन्छ । के तपाई तयार हुनुहुन्छ । अहिले नै घुँडा टेकेर आफनो जीवनको नियन्त्रणकर्ता उहाँलाई हाँक्न दिऊँ । उहाँ कहिल्यै असफल वन्नु हुनेछैन ।

१३. विश्वासद्वारा धर्मि ठहर्‍याइने कार्यमा मानिसले गर्नु पर्ने केही छ ?

*"मलाई प्रभु-प्रभु भन्ने हरेक स्वर्गको राज्यमा प्रवेश पाउने छैनन्, तर मेरो स्वर्गमा हुनुहुने पिताको इच्छा पालना गर्ने मानिस स्वर्गीय राज्यमा प्रवेश गर्नेछन् (मत्ती ७:२१) ।*

उत्तर : हो, येशूले आफ्नो इच्छा अनुसार गर्नुपर्छ भनि भन्नु भयो । पुरानो नियममा, एउटा पश्चात्ताप गरेको मानिसले वर्षैनि होमवलीको निम्ति थुमा ल्याइराख्दथ्यो । उसको पापप्रतिको प्रायश्चित्त यसले देखाउँथ्यो ।

आज हामी धार्मिक हुन अचम्मको कार्यलाई गर्न सक्दैनौ, हामीले हाम्रो जीवनलाई दैनिक उहाँमा समर्पण गर्नु पर्दछ (२ कोरिन्थी १५:३१) । उहाँलाई हाम्रो जीवनमा निम्तो दिएर उहाँलाई नियन्त्रण गर्न दिऔँ । आज्ञाकारी हुने इच्छा गर्ने प्रकारका व्यक्ति हामी हुनुपर्दछ र येशूले जहाँ डोर्‍याउनु हुन्छ, त्यहीँ जाने आज्ञाकारी व्यक्ति वन्नु पर्दछ (युहन्न १२:२६,यशैया १:१८-२०) ।

पापले हाम्रो आफ्नै इच्छा पुरा गर्न उक्साउँदछ (यशैया ५३:६) र सुरूमा सैतानले विद्रोह गरे जस्तै विद्रोह गर्छ (यशैया १४:१२-१४) । येशूलाई आफ्नो जीवनको नियन्त्रणकर्ता वनाउनु भनेको कहिलेकाहीँ आँखा निकालेर वा हात काटेर फाले झैँ दु:खदायी पनि हुन सक्छ ( मती ५२९,३०) किनकि पाप नशा जस्तै हो र परमेश्वरको अचम्मको शक्तिले मात्र यसलाई जित्न सकिन्छ (मर्कूस १०:२७) ।

येशूको जीवन पद्धतिलाई लिनुपर्दछ (१ पत्रुस २:२१) । येशूको शक्तिशाली रगतले यो हाम्रा निम्ति गर्न सक्छ (हिब्रु १३:१२) । तर यो सब सम्भव तब मात्र हुन्छ जब हामी उहाँलाई हाम्रो पुरा नियन्त्रक मान्दछौँ, कहिले काहीँ वाटो खराब हुन सक्दछ (मती ७:१३,१४,२१)

१४. प्रायश्चित्तको दिन के हो भनी के तपाँई मलाई वुझ्न मद्दत गर्नसक्नु हुन्छ ?

उत्तर : प्रत्येक वर्ष एक दिन पवित्र प्रायश्चित्तको दिन हुने गर्‍थ्यो (लेबी २३:२७) । त्यस दिनमा सबैले आ-आफना पापलाई मानिलिनु पर्थ्यो ।

ज-जसले इन्कार गर्थे, तिनीहरू क्याम्पवाट वहिष्कृत हुन्थे (लेबी २३:२९) ।

त्यस दिनको निम्ति दुइवटा वाखाहरू चुनिन्थे, एउटा परमेश्वरको निम्ति थुमा र अर्को छाडा छोडिने वोका, जसले सैतानको प्रतिनिधित्व गर्दथ्यो (लेबी १६:८) । परमेश्वरको वोकालाई सारा समुदायको पापका निम्ति वलि दिइन्थ्यो (लेबी १६:९) । यसै दिन रगत लिएर मन्दिरको महा पवित्र स्थानमा लिएर जान्थे र पर्दाको आसन छेउमा लगेर त्यसमा छर्किन्थे (लेबी १६:१४) । यहि विशेष न्यायको दिनमा मुख्य पुजारी, अनुग्रहको अशान्ति, अगाडी, महापवित्र स्थानमा प्रवेश गर्नुहुन्छ ।

छर्किएको रगत जसले येशूको वलिदानको प्रतिनिधित्व गर्दछ, त्यो परमेश्वरद्वारा स्वीकार गरिन्छ । मानिसले मानिलिएका पापहरू पवित्र स्थानवाट पुजारीमा सर्दछन्, उनले त्यसपछि आफूमा सरेका पापहरू छाडा छोडिने वोकामा सारिन्छ जुन जंगलमा छोडिन्छ (लेबी १६:१६,२०-२२) । यस प्रकार मानिसहरूको पापवाट पवित्र स्थान शुद्ध गरिन्थ्यो, जुन रगत पर्दामा छर्किन्थ्यो र एक वर्षसम्म त्यहाँ जम्मा भएर रहन्थ्यो ।

१५. के पश्चात्तापको दिनले पवित्र स्थान अरू कार्यले जस्तै गरेर परमेश्वरको मुक्तिको उपायको प्रतिनिधित्व वा छायाँको काम गर्छ ?

*"यदि स्वर्गीय कुराहरूका नमुनालाई शुद्ध पार्न यी विधिहरू चाहिए भने, स्वर्ग कै कुराहरूलाई शुद्ध पार्नु त अझ उत्तम वलिको आवश्यकता पर्‍यो" (हिब्रु ९:२३) ।*

उत्तर : हो, दैनिक सेवाले स्वर्गीय वासस्थानमा साँचो महा पुजारीले पापलाई निकालेको कुरा वुझाउँछ । जीवनको पुस्तकमा लेखिएको कुराद्वारा खीष्टले आफ्ना जनहरूले उहाँलाई सेवा गर्ने कुराको विश्वासलाई लिनु हुन्छ  या विशेष न्यायको दिन इजरायलको योम किपुरा जस्तै हो । यसले पृथ्वीको अन्त्यको दिनको प्रायश्चित्तका रूपमा काम गर्‍यो । सुरूको वार्षिक प्रायश्चित्तको दिनले गर्दा अहिले सधैं मानव जातिले विश्वास गरेका छन् कि येशूले अहिले पनि स्वर्गमा आफ्ना जनको निम्ति मध्यस्तकर्ता भएर उहाँको रगतमा जो विश्वास गरेर आएका छन् तिनीहरूका पाप मेटाउन तयार भएर रहनुभएको छ । अन्तिम प्रायश्चित्तले अन्तिम न्याय तिर अगुवाई गर्दछ । जसले प्रत्येक मानव जातिको पापको प्रश्नलाई .प्रत्येक मानव जीवन वा मृत्युको निम्ति त्यो जम्मा भएको होस् ।

१६. के तपाईं, तपाईंको निम्ति नयाँ रहेको सत्यतालाई स्वीकार गर्न चाहनुहुन्छ जसो परमेश्वरले त्यस माथि प्रकाश पार्नुहुन्छ ?

उत्तर..........................................................................................

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पृष्ठ सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढनुहोस । तल दिइएको प्रश्नहरूको उत्तरहरू अध्ययन पुस्तिका पाउन सक्नुहुन्छ । ठीक उत्तर भएको वक्समा टीक चिनो लगाउनुहोस । प्रश्नको पुछारमा राखिएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।

१. के थरीको फर्निचर पवित्र स्थानको आँगनमा थियो ? (२)

- ❑ अनुग्रहको आसन
- ❑ हात धुने भाँडो
- ❑ कुर्सीहरू
- ❑ वलिलाई वाल्ने वेदी

२. परमेश्वरको वास दयाको गद्दीमा हुन्छ । (१)

- ❑ हुन्छ
- ❑ हुँदैन

३. तलको शब्दहरू छानेर खाली ठाउँ भर्नुहोस् । (४)

क्रुस येशू शुद्ध प्रार्थनाहरू ज्योति

- ❑ जलेको वलि राख्ने वेदीले क्रुसको प्रतिनिधित्व गर्दछ ।
- ❑ हात धुने भाँडोले पापवाट ...................... गर्ने कुराको प्रतिनिधित्व गर्दछ ।
- ❑ पवित्र रोटी राख्ने टेवुलले ..................को प्रतिनिधित्व गर्दछ, जुन जिवित रोटी हो ।
- ❑ शामदानको सात दीपकहरूले येशू, संसारको .................. को.प्रतिनिधित्व गर्दछ, ।
- ❑ धुप बाल्ने बेदीले परमेश्वरका जनहरूका ....................लाई प्रतिनिधित्व गर्दछ ।

४. पवित्र स्थानको उद्देश्य र यसको सेवा के हो ?

- ❑ मानिसहरूलाई स्वर्गदूतको बारेमा बुझ्न मद्दत गर्छ ।
- ❑ मानिसहरूलाई पशु-भोज्य खाना उपलब्ध गराउँन ।
- ❑ मुक्तिको योजना सूचनाको रूपमा ।

५. कसले पवित्र स्थानको योजना वनायो ?

- ❑ नोआ
- ❑ स्वर्गदूत
- ❑ हारोन
- ❑ परमेश्वर

६. दश आज्ञाहरू पवित्र सन्दुक भित्र थिए । (१)

- ❑ हो
- ❑ होइन

७. निर्दोष पशुको वलिदानले के को प्रतिनिधित्व गर्दछ (१)

- ❑ पवित्रआत्मा
- ❑ युद्धसँग्रह
- ❑ येशू

८. पवित्रस्थानमा कुन दुई हैसियत मार्फत येशूले हाम्रो सेवा गर्नुहुन्छ ? (२)

- ❑ राजा
- ❑ वलि
- ❑ प्रधानपुजारी
- ❑ संसारको शासक

९. तल उल्लेखित मध्ये संसारिक पवित्रस्थानको विषय कुन सत्य हो ? (२)

- ❑ यसमा तिन कोठाहरू थिए ।
- ❑ तम्वु किसिमको यसको वनावट थियो ।
- ❑ यसको आकार ५००×१००० को थियो ।
- ❑ प्राङ्गण पितलका खम्वा र मलमलको कपडाले वनेको थियो ।
- ❑ छाना मिश्रको टायलले छाएको थियो ।
- ❑ हात धुने भाँडो महापवित्र स्थानमा थियो ।

१०. विश्वासद्वारा धर्मपरायणता नै केवल सहि धर्मिता हो । (१)

- ❑ हो
- ❑ होइन

११. विश्वासद्वारा धर्मपरायणता आउँछ ........... (१)

- ❑ मानिसको कामवाट
- ❑ वप्तिस्मा लिएर
- ❑ येशूमा मात्र विश्वास गरेर

१२. कसले वलिको पशुलाई माऱ्यो जसलाई पापीले ल्याएको थियो । (१)

- ❑ परमेश्वर
- ❑ पुजारी
- ❑ पापी

१३. धार्मिकताको सम्वन्धमा प्रस्तुत गरिएका कुन वयानहरू सही छन् ?

- ❑ यसले परमेश्वरको स्वरूपमा हामीलाई फर्काउनेछन् ।
- ❑ यो आश्चर्यपूर्ण छैन ।
- ❑ हाम्रा राम्रा कामहरू यसका ठूला भागहरू ।
- ❑ यसले हाम्रा विगतका पापहरूलाई ढाकिदिन्छ ।
- ❑ यसले हामीलाई साँचो जीवनको इच्छा दिन्छ ।

१४. पश्चात्तापको दिनको सम्वन्धमा तल उल्लेखित कुनकुन कुराहरू सत्य छन् । (४)

- ❑ यो मासिक रूपमा हुन्छ ।
- ❑ यो न्यायको दिन थियो ।
- ❑ यो खेलकुदको र मोजमज्जाको दिन थियो ।
- ❑ यसले अन्तिम न्यायको दिनलाई संकेत गऱ्यो ।
- ❑ थुमाको पाठोले सैतानलाई प्रतिनिधित्व गर्दछ ।
- ❑ रगतलाई पवित्र स्थानमा लगिन्थ्यो ।

१५. धार्मीकता भनेको परमेश्वरसँगको राम्रो सम्वन्ध हो । (१)

- ❑ हो
- ❑ होइन

१६. पापले उनीहरू माथि मृत्युको ज्याला ल्याउँछ, भनी वलि दिनाले मानिसहरू विचार गर्थे । (१)

- ❑ हो
- ❑ होइन

१७. के तपाईं येशूको धार्मिकतालाई स्वीकार गर्न चाहनुहुन्छ जसकारण उनीहरूले क्षमा, पापवाट शुद्धता र जीउनका लागि शक्ति पाउँछन् ?

- ❑ हो
- ❑ होइन

# १८ ठीक समयमा

परमेश्वरसँग एकदम महत्वपूर्ण तिन विषयका सुसमाचारहरू छन् जुन अन्तिम समयको भन्दा ठीक अगाडी पृथ्वीको हरेक मानिसमा अवश्य पुऱ्याइनु पर्दछ भनेर हामीले अध्ययन पुस्तिका १६ मा सिक्यौं । यी तरङ्गी तिन विषय सुसमाचारको उद्देश्य भनेको परमेश्वरको दोस्रो आगमनको लागि मानिसलाई तयार गर्नु हो । सुसमाचारको पहिलो विषयले मानिसलाई परमेश्वरको आराधना गर्न र उहाँको महिमा गर्न गम्भीरतापूर्वक आज्ञा दिन्छ किनभने उहाँको फैसलाको भयङ्कर समय आइपुगेको छ (प्रकाश १४:७) । दानियलको अध्याय ८ र ९ मा परमेश्वरले ठीक मिति र फैसलाको समयको कुरा गर्नुभएको छ र अझै उहाँले येशू उहाँको धर्मोपदेश छोरा, मुक्तिदाता मसिह हो भनेर प्रमाणित गर्नुहुन्छ । परमेश्वरको शब्द भरीमा जस्तो वेसी मर्मस्थान र महत्वपूर्ण अरू भविष्यको सूचनामा छैन र पनि थोरै मात्र मानिस यसका सम्वन्धमा सावधान होलान् । कृपया यो अध्ययन पुस्तिकासँग बढ्नुअघि दानियल अध्याय ८ पढ्नुहोस् र जब तपाई यो तेस्रो पाठमा तिन स्वर्गदूतहरूको सुसमाचारहरूको विषयमा पढ्नु हुन्छ परमेश्वरसँग पथप्रदर्शन गर्न सहायता माग्नुहोस् ।

१. दानियलले आफ्नो दर्शनमा दुई सीङ्ग भएको एउटा भेँडा पश्चिम, उत्तर र दक्षिण तिर हानिरहेको र उसले भेटे जति सबै पशुहरू माथि विजय प्राप्त गरिहेको देखे (दानियल ८:३,४) । त्यो भेँडाले के अंकित गर्दछ ?

*"तिमीहरूले देखेका त्यस दुइ भेँडाले मादो र फारसीका राजाहरूलाई जनाउँछ " (दानियल ८:२०) ।*

उत्तर : भेँडा सांसारिक राज्य, मादी-फारसीको प्रतिक हो जसलाई दानियल ७:५ ले भालूद्वारा पनि संकेत गरिएको थियो । बाइबलमा दानियल र प्रकाशको पुस्तकको भविष्य सूचनाहरूले "दोहोऱ्याउनु र फैलाउनु" को सिद्धान्त पछ्याउँछ जसको अर्थ तिनीहरूले पहिलो किताबको अध्यायहरूमा समेटिएको भविष्य सूचनाहरू दोहोऱ्याउँछ र त्यसमाथि विस्तृत प्रकाश पार्छन् । यसरी निकट पुग्नुले बाइबल भविष्य सुचनाहरूमा स्वच्छपन र निश्चिन्तता ल्याउँछ।

२. दानियलले दोस्रो पटक कस्ता अचम्मको जनावर देखे ?

*"त्यो रौँले ढाकेको बोका चाहिँ ग्रीसको राजा हो, र त्यसका आँखाको वीचमा भएको ठूलो सिङ्ग त्यसको प्रथम राजा हो। त्यस भाँचिएको सिङ्गको सट्टामा उम्रिएका चार सिङ्गहरू चाहिँ त्यसैवाट निस्किएका चार राज्यहरू हुन तर पहिलो राज्य जस्तो ती वलिया हुनेछैनन् ।" (दानियल ८:२१,२२) ।*

उत्तर : दोस्रो पटक दानियलको दर्शनमा अचानक एउटा अजङ्गको सिङ्ग भएको वोका देखा पऱ्यो जो विशाल वेगमा दौडिरहेको थियो । उसले भेँडालाई आक्रमण गऱ्यो र जित्यो । त्यस पछि त्यो विशाल सिङ्ग जरै देखि भाँचियो र त्यसको सट्टा चारवटा सिङ्गहरू उम्रियो । रौँले ढाकिएको भाले भेँडा ग्रीसको तेस्रो सांसारिक राज्यको प्रतिक थियो र विशाल सिङ्गले महान अलेक्जेण्डरको प्रतिक गर्थ्यो । सिङ्गहरू जसले विशाल सिङ्ग हटाए, त्यसले चार राज्यहरूको प्रतिनिधित्व गर्दछ जसमा अलेक्जेण्डरको साम्राज्य वाँडिएको थियो । दानियल ७:६ मा यी चार राज्यहरूलाई चितुवाको चारवटा टाउकोहरूवाट प्रतिनिधित्व गरिन्छ जसलाई ग्रीसको पनि प्रतिक मान्दछन् । यी प्रतिकहरू यति ठीक्क मिल्दो छन् कि इतिहासमा तिनीहरूलाई चिन्न अति सजिलो छ ।

३. दानियल ८:८ को अनुसार अर्को सानो सिङ्ग शक्ति उम्रियो । साना सिङ्गले के को प्रतिनिधित्व गर्दछ ?

उत्तर : सानो सिङ्गले रोमको प्रतिनिधित्व गर्दछ । कसैले यी पनि सुझाव दिएका छन् कि सानो सिङ्गले एन्टीओकस् एपिफनस्को दोस्रो शताब्दी (बि.सी) मा प्यालेटाइनमाथि राज्य गर्ने र यहूदीहरूको आराधना सेवाहरूलाई तितरवितर पार्ने सेल्युसिड राजा को प्रतिनिधित्व गर्दछ । सुधारवादी नेता लगायत अरूहरूले पनि यो विश्वास गरेका छन् कि सानो सिङ्गले पोपिय र मूर्तिपूजक दुवै रूपको प्रतिनिधित्व गर्दछ । आउनुहोस यसको लागि प्रष्ट बाइबल प्रमाण जाँचौ ।

क. भविष्यवक्ताको नियमसँग मधुरो सम्बन्ध राखेर "दोहोऱ्याउनु र फैलाउनु" सँग, यहाँ रोम अवश्य प्रतिनिधित्व गरेको शक्ति हुन सक्छ किनभने दानियलका दुवै अध्यायहरू २ र ७ ले रोमलाई ग्रीस पछ्याउने राज्यको रूपमा तोक्दछ । दानियल ७:२४-२७ ले पनि यथार्थ कुराको जग वसाल्छ कि रोमलाई उसको पोपिय रूपमा खीष्टको राज्यवाट सफलता प्राप्त गर्नेछ । (अध्ययन पुस्तिका १५ हेर्नुहोस) दानियल अध्याय ८ को सानो सिङ्ग यो नमुनामा ठीक तरिकाले मिल्दछ । यसले ग्रीस पछ्याउँछ र अन्तिममा दैवीय

शक्तिले येशूको दोस्रो आगमनमा नष्ट हुन्छ वा "हातको प्रयोग विना भाँचियो" । दानियल २:३४ सँग दानियल ८:२५ दाँज्नुहोस् ।

ख. दानियल अध्याय ८ ले भन्दछ मादी र फारसी "विशाल वन्न सक्दछ (पद ४) ग्रीस "अझ विशाल" (पद ८) र सानो सिङ्गको शक्ति "प्रशस्त विशाल" (पद ९) । इतिहास स्पष्ट छ कि रोम भन्दा अरू ग्रीस पछ्याउने शक्ति "प्रशस्त विशाल" भएन ।

ग. रोमले आफ्नो शक्ति दक्षिण मिश्र पूर्व मेसेडोनिया र रमणीय देश प्यालेस्टाइन तिर उचित रितीले फैलायो जसरी भविष्य सूचनाले तोकेको थियो । (पद ९) रोम वाहेक अरू प्रमूख शक्ति यो विषयसँग ठीकसँग मिल्न सक्दैन् ।

घ. रोम मात्र येशू "समुदायको राजकुमार" (पद ११) को र "राजकुमारहरूको राजकुमार" (पद २५) का विरूद्ध उठ्यो । उहाँलाई मूर्तिपूजक रोमले क्रुसमा झुण्डायो यसले यहूदीको मन्दिरलाई पनि नष्ट गरिदियो र पोपिय रोमले प्रभावशाली रूपमा येशू, हाम्रो महान् पुजारीको महत्वपूर्ण सेवकाईलाई कुल्चिन हटाई त्यसको ठाउँमा पापहरू क्षमा गर्छु भनी दावी गर्ने संसारिक पुरेतको पगडी गुथेर स्वर्गीय पुण्यस्थानलाई "तल दिशामा" (पद ११) र "पैताला मुनि कुल्चिने" (पद १३) अवस्था वनायो । परमेश्वरवाहेक अरू कसैले पाप क्षमा गर्न सक्दैन् । (लुका ५:२१) र मात्र येशू हाम्रो पुजारी र मध्यस्थ हुनुहुन्छ (१ तिमोथी २:५) ।

४. यो सानो सिङ्गको शक्तिले धेरैजसो परमेश्वरका मानिसहरू पनि खतम पार्न सक्छ (पदहरू १०,२४,२५) र सत्यतालाई जमीनमा झुकाउँछ (पद १२) भनेर दानियल ८ ले हामीलाई सुझाव दिन्छ । कहिले सम्म परमेश्वरको मानिस र स्वर्गीय पुण्यस्थानलाई पैताला मुनि कुल्चिन्छ भनेर सन्तले सोध्दा, स्वर्गको जवाफ के थियो ?

*"उनले मलाई भने, "दुइ हजार तिनसय साँझ र विहान लाग्ने छ, तब पवित्र स्थानको पून: अर्पण हुनेछ " (दानियल ८:१४) ।*

उत्तर : स्वर्गको जवाफ यस्तो थियो, स्वर्गको पवित्र स्थान २३,०० भविष्य सूचनाको दिनहरू वा २३०० ठीक-ठीक मूलको अनुरूप वर्षहरू पछाडी शुद्ध गरिनेछ । (अध्ययन सहायक १५ ले इजकियल ४:६ र गन्ती १४:३४ मा पाइने वर्ष सिद्धान्तको लागि भविष्य सूचनाहरूको पुरा व्याख्या दिन्छ ।) हामीले अगाडी नै सिकिसकेका छौं कि संसारिक पवित्र स्थानको सुद्धिकरण प्राचिन इजरायलको प्रायश्चित्तको दिनमा सक्यो ।

त्यस दिनमा परमेश्वरको मानिसलाई स्पष्ट रूपमा उहाँको मानिस जस्तो परिचय दिइयो र उनीहरूको पापको प्रमाण पुरा मेटियो । दुष्टहरू जो पापमा झुण्डीरहने छन् तिनीहरूलाई इस्रायलबाट सँधैको लागि मेटेर फालियो । आखिरमा पापवाट क्याम्पलाई शुद्ध गरियो । स्वर्गले यहाँ दानियललाई सान्त्वना दिँदै थियो कि पाप र सानो सिङ्गको शक्तिले उन्नती गर्न, संसारलाई अधिनमा गर्न र परमेश्वरको मानिसलाई अन्त्यहीन दुःख दिनलाई लगातार रूपमा पाउने छैन् । त्यसको साटोमा २३०० वर्षहरूमा परमेश्वर प्रायश्चित्तको स्वर्गीय दिन वा फैसला साथ स्वर्गमा पाइला टेक्नुहुनेछ जहाँ पाप र पापीहरू छुट्याइने छ र पछि व्रम्हाण्डवाट सधैंका लागि हटाइने छ । आखिरमा व्रम्हाण्ड पापवाट शुद्ध गरिनेछ । परमेश्वरको मानिस विरूद्धको गल्तीहरू अन्तिममा सच्याइने छन् र अदनको शान्ति र मधुरो सम्वन्धले फेरी एकचोटी व्रम्हाण्ड भरिनेछ ।

५. कस्तो जरूरी विषयमा गव्रियल स्वर्गदूतले लगातार रूपम जोड दिइरहेका थिए ?

*"जसै तिमी म उभिएको ठाउँ नजिक आएर म डरले भयभित भएर लम्पसार परेँ । तिनले मलाई भने, "हे मानिसको पुत्र यो वुझ के हुनेछ, म तिमीलाई वताउन लागि रहेको छु, किनभने दर्शनले तोकेको अन्तको समयलाई वताउँछु । तिमीलाई दिइएका साँझहरू र विहानहरू सम्वन्धी दर्शन सत्य छ तर त्यो दर्शनलाई मोहर लगाई वन्द गर किनभने यो धेरै पछिको भविष्यसँग सम्वन्धित छ ।" (दानियल ८:१७,१९,२६)।*

उत्तर : गाव्रियल लगातार रूपमा दृढताका साथ स्वीकार गर्दछन् कि २३०० दिन दर्शनले अन्तिम समयको घटनाहरू समावेश गर्दछ, जुन १७९८ मा शुरू भयो (जस्तै हामीले अध्ययन पुस्तिका १५ मा सिक्यौं) । स्वर्गदूतले हामीले बुझेको चाहन्थे कि त्यो २३०० दिन भविष्य सूचना सुसमाचार हो जुन हामी सबैमा प्राथमिक तवरले लागू हुन्छ जो संसारको इतिहासको अन्तिम समयमा वाँचिरहका छन् । आजको लागि यसको अर्थ महत्वपूर्ण छ ।

## दानियल अध्याय ९ को परिचय

अध्याय ९ वारे, दानियलको दर्शन पछाडी, स्वर्गदूत गाव्रियल आए र उनलाई दर्शन व्याख्या गर्न सुरू गरे । जब गाव्रियल २३०० दिनहरूको विषयमा पुगे तब दानियल शक्तिहीन भए र केही समयको लागि सिथिल भए । उनले आफ्नो वल पुनः

पाए र राजाको कामधन्दा पहिलेझैँ गर्न थाले । तर दर्शनको व्याख्या नगरिएको भागको सम्वन्धमा उनी चिन्तित रहे जुन २३०० दिनहरूको विषयमा थियो । दानियलले आफनो मानिसको लागि यत्नसँग यहुदीहरूको लागि प्रार्थना गरे, जो मादी-फारसीको कब्जामा थिए । उनले आफ्नो पापहरू स्वीकारे र परमेश्वरसँग तात्पर्य प्रार्थना र परमेश्वरसँग पुर्नविचारको प्रार्थनाबाट सुरू हुन्छ । कृपया यो अध्ययन सहायकसँग अगाडी वढ्नभन्दा अगाडी दानियल ९ पढ्न अहिले केही समय लिनु होस् ।

६. जब दानियल प्रार्थना गरिरहेका थिए कसले उहाँलाई अचानक छोयो र कस्तो सुसमाचार उनीसँग थियो (दानियल ९:२१-२३) ?

उत्तर : स्वर्गदुत गाव्रियलले दानियललाई छोए र उनी दानियल अध्याय ८ मा व्याख्या गरिएको दर्शनको वाँकी भाग प्रष्ट पार्न आएका थिए भनी ठोकुवा गरे । (दानियल ९:२३ सँग दानियल ८:२६ दाँज्नुहोस ।)

७. २३०० दिनहरूमा दानियलको मानिसहरूको लागि, यहुदीहरूको लागि र उनीहरूको राजधानी शहर वेथलेहेमको लागि कति अंश दिइएको छ वा काटेर छुट्टाइएको छ (दानियल ९:२४) ?

उत्तर : ७० हप्ता यहुदीहरूको लागि काटेर छुट्ट्याइनु वा "माथि निधो गरिनु" थियो । सत्तरी भविष्य सूचनाको हप्ताहरू ४९० ठीक-ठीक मूलको अनुरूप वर्षहरू (७० × ७ = ४९०) सँग वरावर हुन्छ । परमेश्वरको मानिस मादी-फारसीको कब्जावाट छिटो फर्किन सक्नेछन् र परमेश्वरको २३०० वर्षहरूवाट ४९० वर्षहरू काटेर छुट्ट्याउनु हुनेछ र उहाँको मानिसलाई उहाँको सेवा गर्न र प्रायश्चित्त गर्न अर्को मौकाको रूपमा त्यो सुम्पिदिनेछन् ।

८. कस्तो घटना र मितिले २३०० दिन र ४९० वर्ष भविष्य सुचनाहरूको सुरूवात गर्ने ठाउँको विषयको लागि रेखांक लगाउनु थियो ?(दानियल ९:२५) ?

उत्तर : घटनाको सुरूवात परमेश्वरका मानिस (जोमादी-फारसीको कब्जामा थिए) लाई जेरूशलेममा फर्कन र सहरको पुर्ननिर्माण गर्न प्रमाणित गर्नु फारसीका राजा आटर्ताजेक्सवाट राजआज्ञा थियो । राजआज्ञा जुन एज्रा अध्याय ७ मा पाउनेछ, ४५७ वी.सीमा प्रकाशित गरियो । राजाको सातौ वर्ष (पद ७) र शरदऋतुमा कार्यान्वयन गरियो । आर्ताजरेक्सले उनको शासन ४६४ वी.सी मा सुरू गरे ।

९. स्वर्गदूतले भनेका ६९ भविष्यसुचक, अथवा ४८३ वास्तविक वर्षहरू (६९ × ७ = ४८३), ४५७ वी.सी मा जोड्दा यो मसिहसम्म पुग्न सक्छ (दानियल ९:२५) । यो भयो र ?

उत्तर : हो, अवश्य । गणित सम्वन्धी हिसावले देखाउँछ, ४५७ वी.सी को पतनवाट ४८३ पूरा वर्षहरू अगाडी वढ्दा २७ ए.डी. को पतनमा पुगिन्छ । "मसिह" शब्दको अर्थ "अभिषेक गरिएको" हो (युहन्ना १:४१ किनारा) येशूको वप्तिस्माको दिनमा (लुका ३:२१,२२) उहाँलाई पवित्र आत्माद्वारा अभिषेक गरिएको थियो (प्रेरित १०:३८) । टिवेसियस सिजर को शासनको १५ औं वर्षमा उहाँको अभिषेक गरिएको थियो (लुका ३:१) जुन २७ ए.डी. थियो । त्यस पछाडी येशूले प्रकट गर्न थाल्नु भयो, "समय पुरा भएको छ" (४८३ वर्षहरूसँग सम्वन्ध राखी जुन मसिहकोमा पुग्नु पर्दथ्यो) । उहाँ यसरी प्रष्टसँग भविष्यको सूचना स्थापित गर्नुहुन्छ (मर्कूस १:१४,१५, गलाती ४:४) । त्यसैले येशूले यथार्थ रूपमा आफ्नो कार्यान्वयनलाई २३०० दिन भविष्य सूचनासँग स्पष्ट रूपमा सम्वन्ध राखी त्यसको महत्व र यथार्थतामा जोड दिई सुरू गर्नु भयो । यो डरलाग्दो र रोमाञ्च गराउने प्रमाण को किनकि

क. बाइबल प्रोत्साहित गरिएको छ

ख. येशू मसिह हुनुहुन्छ

ग. २३०० दिन/४९० भविष्य सुचनाका सबै अरू मितिहरू वैधानिक छन् । भविष्यवाणी निर्माण गर्नका निम्ति कस्तो बलियो जग ।

१०. हामीले अव ४९० वर्ष भविष्य सूचनाहरूको ४८३ वर्षहरूलाई विचार गऱ्यौं । त्यहाँ एक भविष्यवक्ता हप्ता वा सात वास्तविक वर्षहरू छोडिएका छन् (दानियल ३:२६,२७) । फेरी के आइपर्छ र कहिले आइपर्छ ?

उत्तर : येशू "हटाइन्छ" वा "हप्ताको वीचमा" झुण्डाइन्छ जुन परमेश्वरको अभिषेक गर्नुभएको तिन र एक आधी पछाडी वर्षहरू हो वा ३१ एडी को वसन्त ऋतु हो । कृपया ध्यान दिनुहोस कसरी सुसमाचार पद २६ मा प्रकट गरिन्छ "६२ साताहरू" पछि ती अभिषिक्त जुन हटाइनेछ जो निष्पाप थिए । शासकका मानिसहरू आएर त्यस पवित्रस्थानलाई विनाश गर्नेछन् । अन्त वाढीझैं आउने छ लडाँइ अन्तसम्म रहनेछ र उजाड अवस्थाहरूको आदेश जारी भएको छ । परमेश्वरको प्रशंसा गर्नु होस, जब येशू छुटाइनु भयो, यो उहाँका लागि थिएन । उहाँ "जसले कुनै पाप गर्नुभएको थिएन" (१ पत्रुस २:२२) हाम्रो पापको लागि झुण्डाइनु भयो (१ कोरिन्थी १५:३, यशैया

५३:५) येशूको अनमोल जीवन हामीलाई पापबाट छुटकारा दिन अर्पण गरियो । हल्लेलुयाह, कस्ता मुक्तिदाता । येशूको अनमोल पूर्ण वलिदाननै दानियल अध्याय ८ र ९ को वास्तविक तत्व हो ।

११. जब येशू तिन र एक आधि वर्षहरू पछाडी पर्नुभयो तब पूरा अन्तिम सात वर्षहरूको लागि कसरी उहाँले "धेरैसँग करार बाँध्न सक्नुभयो" (दानियल ३:२७ को भविष्य सूचनाको आदेशअनुसार) ?

उत्तर : करार भनेको मानिसलाई पापहरूवाट बचाउन दिइएको आशिषित सम्झौता हो (हिब्रु १०:१६,१७) । उहाँको तिन र एक आधि वर्षहरूको सेवकाई सकिएपछि, येशूले उहाँको चेलाहरू मार्फत करार वाँध्नु भयो (हिब्रु २:९) । उहाँले तिनीहरूलाई पहिले यहुदीहरूको राष्ट्रमा पठाउनु भयो (मत्ति १०:५,६) किनभने उहाँको छानिएको मानिससँग अझ तिन र एक आधि वर्षहरू पश्चात्को मौकाको रूपमा तिनीहरूसँग ४९० वर्ष थियो ।

१२. जब यहूदी राष्ट्रको ४९० वर्षे अन्तिम मौका ए.डी. ३४ को पतनसँग अन्त्य भयो तब चेलाहरूले के गरे ?

उत्तर : उनीहरू संसारको अरू मानिस र राष्ट्रहरूलाई सुसमाचार प्रचार गर्न सुरू गरे (प्रेरित १३:४६) । स्तिफनस, धार्मिक सेवक लाई ३४ ए.डी. मा खुलमखुल्ला रूपमा ढुङ्गा हानेर मारियो । त्यस पछि यहूदीहरू परमेश्वरले छानिएका मानिस वा राष्ट्र रहेनन् किनभने तिनीहरूले येशू र परमेश्वरको योजना इन्कार गरे । त्यसको साटो अव परमेश्वरले सबै राष्ट्रहरूको मानिसको गणना गर्नुहुन्छ जो अत्मिक यहुदीहरू जस्तै उहाँलाई स्वीकार्दछन् । उनीहरू उहाँले छानिएका मानिस वनेका छन्, "वाचाको अनुरूप हकदार" आत्मिक यहुदीहरूमा अवश्य यहुदी मानिसहरू जसले येशूको सेवा गर्दछ र वेग्लावेग्लै रूपमा स्वीकार गर्दछ । (गलाती ३:२७-२९, रोमी २:२८,२९)

१३. ३४ ए.डी. पछि २३०० वर्ष भविष्यसुचकको कति वर्ष वाँकी रहे ? भविष्यवाणीको अन्तिम मिति कुन हो? स्वर्गदूतले त्यो मितिमा के आइपर्ने छ भने (दानियल ८:१४)?

उत्तर : त्यहाँ १८१० वर्षहरू वाँकी थिए (२३००-४९० = १८१०) । भविष्य सूचनाको लागि अन्तिम मिति १८४४ हो (ए.डी ३४ + १८१० = १८४४) । स्वर्गदूतले भने स्वर्गीय पुण्यस्थान शुद्ध गरिने छ वा स्वर्गीय फैसला सुरू हुनेछ । (पृथ्वीका पुण्यस्थान ७० ए.डी. मा खतम गरिएको थियो ।) हामीले अध्ययन सहायक १७ मा सिक्यौं,

प्रायश्चित्तको स्वर्गीय दिन वा फैसला अन्तिम समयको लागि छुट्याइएको थियो । हामीलाई अव थाहा छ कि सुरूवात मिति १८४४ हो । परमेश्वरले यो मिती निर्धारण गर्नु भएको हो । येशूलाई मसिह वन्नको लागि २७ ए.डी. निर्धारण गरे झैँ यो मिति पनि निश्चित छ । परमेश्वरको अन्तिम समयको मानिसले यो अवश्य घोषणा गर्नुपर्दछ (प्रकाश १६:६-७) । अध्ययन सहायक १९ मा फैसलाको विवरण सिक्न पाएकोमा तपाँई रोमाञ्चित हुनुहुनेछ र खुसी तुल्याइनुहुनेछ । नोआको दिनमा, परमेश्वरले १२० वर्षहरूमा जलप्रलय आइपर्नेछ भनेर तोक्नुभयो (उत्पति ६:३) र यो आइपर्‍यो । दानियलको दिनमा परमेश्वरले २३०० वर्षहरूमा उहाँको अन्तिम दिनको फैसला सुरू हुने भनेर तोक्नुभयो (दानियल ८:१४) र यो आइपर्‍यो । परमेश्वरको अन्तिम समय फैसला १८४४ देखि कायान्वयनमा रहिरहेको छ ।

प्रायश्चित्तको अर्थ "atonement" अंग्रेजी शब्दको मौलिक रूपले त्यो समझदारीमा भएको वा “मंजुरी”को अवस्था हो । यसले वन्धुत्वको मधुरो सम्वन्धलाई दर्शाउँछ । सारा जगत् भरि पूर्ण मधुरो सम्वन्ध मौलिक रूपले वाँचेको थियो । त्यसपछि लुशिफर, तेजिलो स्वर्गदूतले (हामीले अध्ययन सहायक २ मा सिकेअनुसार) परमेश्वर र उहाँको राज्यको सिद्धान्तलाई हाँक दियो । स्वर्गको तिन भाग स्वर्गदुतहरू लुशिफरको राजद्रोहमा मिले (प्रकाश १२:३,४,७-९) । यो राजद्रोह परमेश्वर र उहाँको सिद्धान्त विपरिततालाई बाइबलमा पाप भनेर भनिएको छ (यशैया ५३:६, १ युहन्ना ३:४) । यसले सबै प्रकारका मानसिक व्यथा, व्याकुलता, विछोड, निराशा, शोक, विश्वासघात र दुष्टता ल्याउँछ ।, यसको जरिवाना सबैभन्दा खराव मृत्यु हो (रोमी ६:२३) जुनवाट पुनरूत्थान छैन् । आगोको तापमा ( प्रकाश २१:८) पाप सिघ्रताका साथ फैलिन्छ र सवभन्दा खतरनाक खालको क्यान्सर भन्दा पनि वेसी घातक हुन्छ । यसले सारा जगत् आफैलाई त्रासमा राखेको छ ।

त्यसैले परमेश्वरले लुशिफर र उसका स्वर्गदूतलाई स्वर्गको वाहिर फ्याँकिदिनु भयो (प्रकाश १२:७-९) र लुशिफरको नयाँ नाम “सैतान” जसको अर्थ “विपक्षि” हो । उसका फ्याँकिएका स्वर्गदूतलाई दानव भनेर वोलाइन्छ । सैतानले आदम र हव्वालाई पाप गर्न प्रवृत्त गरायो र पाप आखिरमा सबै मानवजातिहरू माथि आयो । कस्तो भयानक विछोड । राम्रो र दुष्ट बीचको नाशवान् झगडाको सुरूवात भएको थियो र दुष्टले जितिरेहेको देखिएको थियो । स्थीति आशाहीन देखिन्थ्यो ।

तर होइन, येशू, परमेश्वरको छोरा, उहाँ स्वयं ईश्वर हुनुहुन्थयो जो सबै मानिस भन्दा माथि हुनुहुन्थ्यो जसमा संसारमा वस्न सक्ने आँट थियो, आफ्नो जीवन हरेक पापीको लागि मृत्यु ज्याला तिर्न वलिदान दिन मंजुर हुनुभयो । (१ कोरिन्थी ५:७) उहाँको वलिदान स्वीकार गरी, पापीहरू पापको अपराधवाट आखिरमा छुटकारा पाउनेछन् । (रोमी ३:२५) यो महिमित योजनाले येशू व्यक्तिको जीवनमा निम्त्याएको वेला प्रवेश गर्ने (प्रकाश ३:२०) र उसलाई नयाँ व्यक्तिमा परिवर्तन गर्ने (२ कोरिन्थी ५:१७) पनि समावेश गरिएको थियो । यसले सैतानको विद्रोह गर्न र परमेश्वरको मुहार तिर हेर्न हरेक वदलिएको व्यक्ति जसमा ऊ सृष्टि गरिएको थियो, उसलाई चङ्गाई पार्न येशूवाट शक्ति उपलब्ध गरायो (उत्पति १:२६,२७,रोमी ८:२९) । यो आशिषित प्रायश्चित्त प्रस्तावमा पापलाई एक्लो पार्ने र यसलाई खतम गर्ने योजना समावेश छ । सैतान र उसका खसालिएका स्वर्गदूतहरू समावेश गरी त्यो जो उसको विद्रोहमा भाग लिन्छन् (मत्ति २५:४१, प्रकाश २१:८) । अरू पनि येशू र उहाँको मायालु राज्य, सैतान र उसको सैतानी निरंकुश शासन सम्वन्धित पुरा जानकारी संसारका हरेक व्यक्तिमा पुऱ्याइनेछ जसको कारण सबैले ख्रीष्ट वा सैतान, दुइ मध्ये एकको तर्फ लाग्ने भनेर वुद्धिमानीपूर्वक, सुचित निर्णय वनाउन सकून । (मत्ति २४:१४, प्रकाश १४:६,७) ।

हरेक व्यक्तिको मुद्दा स्वर्गीय न्यायलय कोठामा जाँच गरिनेछ (रामी १४:१०-१२) । र परमेश्वरले ख्रीष्ट वा सैतान मध्ये एकको सेवा गर्न हरेक व्यक्ति-व्यक्तिको रोजाइको सम्मान गर्नुहुनेछ ( प्रकाश २२:११,१२) । अन्तिममा पाप जरै देखि उखालिसके पछि, परमेश्वरको योजना नयाँ स्वर्ग र नयाँ संसार सृष्टि गर्नु हो (२ पत्रुस ३:१३, यशैया ६५:१७) जहाँ पाप फेरी कहिल्यै उठ्नेछैन् (नहूम १:९) र उहाँको मानिसलाई त्यो अनन्तको लागि उनीहरूको घर जस्तै गरी दिनुहुन्छ (प्रकाश २१:१-५) । पिता र पुत्र त्यसपछि आफ्नो मानिससँग सधैँका लागि पूर्ण सुख र मधुर सम्वन्धमा समय विताउनु हुनेछ ।

यो सबै "at-one-ment" मा समावेश गरिएको छ । परमेश्वरले उहाँको शब्दमा यसको वारेमा जानकारी दिनुभएको छ र यो पुरानो करार पुण्यस्थान सेवाहरूमा प्रमाणित गरिएको छ खास गरेर प्रायश्चित्तको दिन । येशू प्रायश्चित्तको लागि साँचो हुनुहुन्छ । उहाँको मायालु वलिदान कलवरीमा हाम्रा लागि यी सबै सम्भव वनाउँदछ । हाम्रो जीवनको र सारा जगत्को पापवाट मुक्ति पाउन

मात्र उहाँद्वारा सम्भव छ (प्रेरित ४:१२) । अचम्म मान्नु पर्दैन कि संसार को लागि स्वर्गको तिन विषयक अन्तिम सुसमाचारले हामी सबै माथि उहाँको आराधनाको लागि वोलाउँदछ । (प्रकाश १४:६,७)

१४. प्राय बाइबल व्याख्याताहरूले किन, यहुदी राष्ट्रको लागि भाग गरिएको ४९० वर्षहरूवाट अन्तिम हप्ता (वा सात वर्षहरू) संसारको इतिहासको अन्तिममा ख्रीष्टविरोधीको काममा लागु गरिनेछ भनी व्याख्या गर्छन् ?

उत्तर : यो प्रश्न राम्रोमा एक हो, "किन कसैले यहुदी राष्ट्रको भाग गरिएको ४९० वर्षहरूवाट अन्तिम सात वर्षहरू हटाइनेछ र के यो संसारको इतिहासको अन्तिममा यो राख्नेछ ?

आउनुहोस हामी यथार्थ कुरामा पूनविचार गरौं :

क. त्यहाँ अधिकार पत्र वा प्रमाण जे भएपनि ४९० वर्ष भविष्य सूचनाको कुनै वर्षहरूको जुनसुकै वीचमा प्वाल पसाउनको लागि छैन् । यो लगातारको छ, जसरी दानियल ९:२ मा परमेश्वरको मानिसका लागि ७० वर्षे निर्वासन उल्लेख गरिएको थियो ।

ख. धर्मशास्त्रमा कहिल्यै समय तालिकाहरू (दिनहरू, हप्ताहरू, महिनाहरू, वर्षहरू) को विशिष्ट अंकले समयको लम्व्याई गर्नुको कुनै अर्थ छैन तर समय तालिकाहरू लगातार वा क्रमैले आउने हो । उनीहरूमा प्रमाणको भार छ जसले कुनै समय भविष्य सूचनाका दुवै भाग पछि अलग्यानु पर्छ र हिसाव गर्नुपर्दछ भनेर दावी गर्दछ ।

ग. भविष्य सूचनाको अन्तिम सात वर्षहरूका लागि सुरूवात मिती २७ ए.डी. (येशू वप्तिस्माको वर्ष) थियो जुन येशूले "समय पुरा भएको छ" भनेर एकै चोटि प्रचार गर्न सुरू गरेर जोड दिनुहुन्थ्यो । (मर्कूस १:१५)

घ. ३१ ए.डी. को वसन्त ऋतुमा क्रुसमा उहाँको मृत्युको क्षणमा येशू कराउनु भयो "अब सिद्धियो" मुक्तिदाताले स्पष्ट रूपमा दानियल अध्याय ९ मा गरिएको उहाँको मृत्युको भविष्यवाणीको प्रसँग वताउँछ जस्तै :-

अ. "मसिह" हटाइनेछ वा झुण्डाइनेछ । (पद २६)

आ. उहाँ परमेश्वरको साँचो थुमा जस्तै सबैका लागि मर्नु भएर "वलिदान र आहुति थाम्ने कारण" हुनुहुनेछ । (पद २७, १ कोरिन्थी ५:७,१५:९)

इ. उहाँले "अधर्मको लागि मेलमिलाप वनाउनु" हुनेछ (पद २४) । यहुदी राष्ट्रको लागि भाग गरिएको ४९० वर्षहरूवाट अन्तिम हप्ता वा सात वर्षहरू अलग राख्न र संसारको इतिहासको अन्तिमको

नजिकमा ख्रीष्ट विरोधीको कामको लागि यो प्रयोग गर्नका लागि त्यहाँ बाइबलमा भएको अधिकार वा प्रमाण छैन् । अझ गम्भीर, ४९० वर्ष भविष्य सूचनावाट अन्तिम सात वर्ष अलग गर्नाले दानियल र प्रकाशको किताबमा धेरै भविष्य सूचनाहरूको सत्य अर्थहरूलाई क्षत- विक्षत पार्दछ त्यसकारण मानिसले तिनीहरू सही रूपमा वुझ्न सक्दैनन् । त्यसकारण परमेश्वरले भविष्य सूचनामा व्यक्तिगत ब्याख्या गर्ने उदाहरणको लागि यो सात वर्षलाई खाली पाना सिद्धान्त जस्तै गर्नेलाई सजाय दिनुहुन्छ । यस्तो व्याख्याले सधैं भ्रष्ट पथमा मानिसलाई डोऱ्याउँछ ।

१५. येशूको प्रायश्चित्त वलिदान तपाँईहरूका लागि वनाइएको थियो । के तपाँई उहाँलाई आफ्नो हृदय भित्र तपाँईलाई पापवाट सफा गर्न र तपाँईलाई नयाँ व्यक्ति वनाउन निम्त्याउनु हुन्छ ?
तपाईको उत्तर ........................................................................

## तपाईंको विचारका प्रश्नहरूको उत्तर

१. सानो सिङ्गको शक्ति दानियल ७ र दानियल अध्याय ८ दुवैमा देखा पर्दछ । के तिनीहरू एउटै शक्ति हुन् ?

उत्तर : दानियल ७ को सानो सिङ्गले पोपतन्त्रलाई अंकित गर्दछ । दानियल ८ को सानो सिङ्ग शक्तिले दुवै मूर्तिपुजक र पोप सम्वन्धी रोमलाई अंकित गर्दछ ।

२. हिब्रु लेखाइ "दुइ हजार तिनसय साँझहरू र विहानहरूवाट मुल-मुल रूप अनुरूपमा अनुवादित दानियल ८:१४ को "दुइ हजार तिनसय दिनहरू" हुन् । के यसको अर्थ ११५० दिनहरू हो, प्राय विरोध गर्नेले जस्तै ?

उत्तर : होइन, बाइबलले स्पष्ट रूपमा उत्पति १:५,८,१३,१९,२३,३१ मा देखाइएको जस्तो कि दिनको बराबर साँझ र विहान हुन्छ । त्यहाँ ११५० दिनहरूको अन्त्यको वेला इतिहासमा महत्वको कुरा थिएन् जसले यो भविष्य सूचना पुरा गर्न सक्थ्यो ।

३. कस्तो भूमिका ख्रीष्टियनको जीवनमा "रोजाई" ले खेल्दछ ?

उत्तर : यो विजयको महत्वपूर्ण साँचो हो । परमेश्वरको वाटो सधैं रोज्नका लागि स्वतन्त्र रहँदै आएको छ (यहोशू २४:१५) । यद्यपि उहाँ हरेक व्यक्तिलाई बचाउन चाहनुहुन्छ (१ तिमोथी २:३,४), उहाँ अझै

स्वतन्त्र रोजाई स्वीकार्नु हुन्छ (व्यवस्था ३०:१९) । परमेश्वरले सैतानलाई उहाँको विरूद्ध विद्रोही हुन छान्न अनुमति पत्र दिनुभयो । उहाँले आदम र हब्बालाई पनि आज्ञाभंग रोज्न अनुमति पत्र दिनुभयो । सच्चापन कहिल्यै वन्द नगरिएको सुनियोजित विधान जसले मलाई स्वर्गमा लान्छ म जस्तो सुकै भएर जिएतापनि र यदी मेरो ज्ञानका लागि इच्छा नभएता पनि । रोजाइको अर्थ म मेरो विचार परिवर्तन गर्न सधैँ स्वतन्त्र हुनु हो । येशू मलाई उहाँलाई रोज्न (मत्ति ११:२८-३०) र मेरो रोजाई सधैँ पुन: स्थिर गर्न (भजनसँग्रह ८६:३) का लागि निम्ता गर्नु हुन्छ । यदि मेरो रोजाइ सधैँ उहाँको लागि छ भने, उहाँले मलाई परिवर्तन गर्नु हुनेछ र मलाई उहाँ जस्तो वनाउनुहुनेछ र अन्त्यमा मलाई उहाँको आशिषित नयाँ राज्यमा लानु हुनेछ । तर कृपया सम्भनुहोस् म फर्कन र कुनै समयमा अर्को दिशामा जानका लागि स्वतन्त्र छु । परमेश्वर मलाई जबर्जस्ती गर्नु हुन्न । उहाँलाई सेवा गर्नका लागि मेरो दैनिक रोजाइ यस किसिमको कर्तब्य विधायक हो ।

४. दानियल ८ को सानो सिङ्ग शक्ति राजा एन्टीओकस् एपिफनस् हो भनेर धेरै विश्वास गर्दछन् । हामी कसरी यो सत्य होइन भनी निश्चित हुन सक्छौ ?

उत्तर : कारण धेरै छन् । तिनीहरू मध्येमा धेरै यस प्रकार छन्

क. भविष्य सूचनाले आदेश गरे जस्तो एन्टीओकस् एपिफनस् “प्रशस्त विशाल” वनेन (दानियल ८:९) ।

ख. उसले अन्त्यको समयसम्म राज्य गरेन अथवा नजिक र अन्त्यको समय जुन भविष्यवाणीले भन्छ (दानियल ८:२३) तर, त्यस भन्दा वीच तिर ।

ग. तिनीहरू जो सिकाउँछन् एन्टीओकस् एपिफनस् सानो सिङ्ग हो जसले भविष्यवसूचक दिनहरूको सट्टामा मुल-मुल अनुरूपको दिनहरू जसरी २३०० दिनहरू गणना हुन्छ, हरेक वर्षसँग प्रत्येक वरावर । ६ वर्षको थोरै अघिर्लतिर यो ठीक-ठीक मुलको अनुरूप समय तालिकाको दानियल अध्याय ८ का लागि अर्थपूर्ण प्रार्थना दरखास्त छैन् । एन्टीओकस् एपिफनस्मा यो ठीक-ठीक मुलको अनुरूप समय तालिका मिलोस् भनी गरिएका सबै प्रयत्नहरू एकै रूपले असफल भएका छन् । जो यसको प्रस्ताव गर्नेको लागि व्याकुलता हो ।

घ. सानो सिङ्ग “अन्तिमको समय” मा भैँ वाँचिरहन्छ । (दानियल ८:१२,१७,१९) जबकी एन्टीओकस् एपिफनस् १६४ वी.सी मा मरे ।

ङ. सानो सिङ्ग दक्षिण पूर्व र प्यालेस्टाइन मा "प्रशस्त विशाल" वन्नुपर्दथ्यो (दानियल ८:९) यद्यपी एन्टीओकस् एपिफनस्ले केही समयका लागि प्यालेस्टाइनमा राज्य गरेका थिए । उनले मिश्र ( दक्षिण) र मेसेडोनिया (पूर्व) मा लगभग कुनै विजय हासिल गरेनन् ।
च. सानो सिङ्गले परमेश्वरको पुण्यस्थानको ठाउँ तल फ्याँकिदियो ( दानियल ८:११) एन्टीओकस् एपिफनस्ले जेरूशलेमको मन्दिर भत्काएका थिए जसरी भविष्य सूचनाले आदेश गर्ने गरेको थियो ( दानियल ९:२६) ।
छ. खीष्टले दानियल ९:२६ र २७ को एक्लोपन, घृणा-दोषहरू, व्यवहार गर्नुभयो, १६७ वी.सी. मा एन्टीओकस् एपिफनस्को वितेको अत्याचारको लागि होइन तर ज्यादै चाँडो भविष्यको लागि जब रोमी आर्मीले जेरूशलेम र ७० ए.डी. मा उसको आफ्नै युगको मन्दिर नष्ट पार्नेछन् (लुका २१:२०-२४) । मत्ति २४:१५ मा येशूले खास तवरमा भविष्यवक्ता दानियल उल्लिखित गर्नुभयो र भन्नुभयो कि उहाँको दानियल ९:२६,२७ को भविष्यवाणी पुरा गरिनेछ जब खीष्टियनले जेरूशलेमको "पवित्र स्थान"मा उभिएको एक्लोपनको घृणा दोषहरू देख्नेछौ (भविष्यमा) यो गल्तीसँग वुझ्नको लागि अति स्पष्ट छ ।
ज. येशूले स्पष्ट रूपमा इस्रायलले उहाँलाई राजा र मुक्तिदाता जसरी स्वीकार्दैन भन्नुभएको थियो । यो येरुसलेमको सर्वनाशसँग सम्बन्धित छ भनी उहाँले भन्नुभएको थियो । (मत्ति २१:३३-४३,२३:३७,३८, लुका १९:४१-४४) । यो सम्वन्धमा मसीह इन्कार गर्नु र सहर र मन्दिरको नष्टको वीचको दानियल ९:२६,२७ को प्रमाणिक सुसमाचार हो । यो इजरायलवाट लगातार मसीहलाई इन्कार गर्नुको परिणामहरूका वारे प्रचार गर्ने सुसमाचार हो । नयाँ अभ्यास कालको लागि थप गरिएको ४९० वर्ष पछाडी पनि दिइसकेकोछ । एन्टीओकस् एपिफनस् जो १६४ वी.सी. मा मरे येशूको जन्म हुनु भन्दा धेरै अघिमा भविष्य सूचना लागू गर्नाले, पूर्ण रूपमा दानियल अध्याय ८ र ९ को अर्थ नष्ट गर्दछ । बाइबलको एकदमै महत्वपूर्ण समय भविष्य सूचनामा आधारित मानिन्छ ।

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पृष्ठ सक्नुभन्दा अगाडी, अध्ययन सहायक पढनुहोस । तल दिइएको प्रश्नहरूको उत्तरहरू अध्ययन सहायकमा पाउन सक्दछौ । ठीक उत्तर भएको वक्समा ठीक लगाउनुहोस । प्रशनको पुछारमा दिइएको अङ्कले पूर्णाङ्क जनाउँछ ।

१. दानियल ८ को भेंडाले के अंकित गर्दछ (१)

- ☐ वेविलोन
- ☐ मादी-फारसी
- ☐ ग्रीस
- ☐ रोम

२. दानियल ८ को भाले भैँडाले के को प्रतिनिधित्व गर्दछ ? (१)
- ☐ मिश्र
- ☐ प्यालेस्टाइन
- ☐ ग्रीस
- ☐ सिरिया (Assyria)

३. दानियल ८ को सानो सिङ्गले के को प्रतिनिधित्व गर्दछ (१)
- ☐ एन्टीओकस् एपिफनस्
- ☐ रोमी र यसको मूर्तिपुजक र पोप सम्वन्धी ढाँचाहरू
- ☐ नास्तिकवाद
- ☐ इराक

४. प्राचीन इजरायलमा प्रायश्चित्तको दिन भनेको फैसलाको दिन थियो ?(१)
- ☐ हो
- ☐ होइन

५. २३०० वर्षहरूको कति सम्म यहूदीका लागि छुट्टाइएको थियो ? (१)
- ☐ ४९० वर्षहरू
- ☐ ७०० वर्षहरू
- ☐ १८१० वर्षहरू
- ☐ १०० वर्षहरू

६. बाइबल भविष्य सूचनाहरूमा, एक वास्तविक वर्षको वरावर एक भविष्यवक्ता दिन हुन्छ (१)
- ☐ हो
- ☐ होइन

७. २३०० वर्ष भविष्य सूचनाहरू भविष्यवाणी गरियो (यो हुनु भन्दा ५०० वर्षहरू अगाडी) कि मसिह २७ ए.डी. मा देखा पर्नुहुनेछ । उहाँ ठीक समयमा देखा पर्नुभयो । यसले प्रमाण दिन्छ कि (३)
- ☐ बाइबल प्रोत्साहन गरिएको छ ।
- ☐ स्वर्गदूत गाब्रियलले भाग्यमानी अनुमान लगाए ।
- ☐ भविष्य सूचनामा सबै अरू मितिहरू सही छन् ।

- ☐ येशू मसीह हुनुहुन्छ ।

८. जब ३४ ए.डी. मा यहूदी राष्ट्रको लागि छुट्याइएको ४९० वर्षको अन्त्य भयो, तब चेलाहरूले के गरे (१)

- ☐ उनीहरू अरू राष्ट्रको मानिसलाई प्रचार गर्न सुरू गरे ।
- ☐ उनीहरूले लामो छुट्टी लिए ।
- ☐ उनीहरू भनेको कुनै यहूदी ३४ ए.डी. पछाडी कहिल्यै वचाउन सकिनेछैन ।

९. दानियल अध्याय ८ र ९ को २३०० वर्ष भविष्य सूचनाको अनुसार १८४४ मा के आइपर्‍यो ? (१)

- ☐ स्वर्गमा फैसला सुरू भयो ।
- ☐ यहुदी राष्ट्रहरूको लागि नयाँ अभ्यास काल दिनको अन्त्य भयो ।
- ☐ येशू स्वर्गमा उक्लनुभयो ।
- ☐ परमेश्वरले सबै मानिसको लागि नयाँ अभ्यासको काल वन्द गरिदिनु भयो ।

१०. प्रायश्चित्तको स्वर्गीय दिन वा "at-one-ment" ले परमेश्वरसँग सबै व्रम्हाण्डलाई पूर्ण मधुर सम्वन्ध भित्र ल्याउने छ । तल मध्ये कुन चाहिँ कथनले प्रायश्चित्तको प्राय तथ्यहरूको वारेमा सत्य वोल्दछ ? (१०)

- ☐ येशू उहाँको जीवन हाम्रो मृत्युको ज्याला तिर्नका लागि वलिदान हुनुभयो
- ☐ येशूले हामीलाई पापको अपराधवाट मुक्त गर्नुभयो ।
- ☐ येशूले हामीलाई परिवर्तन गर्नु हुन्छ र हामीलाई पूर्णरूपमा नयाँ व्यक्ति वनाउनु हुन्छ ।
- ☐ येशूले हामीलाई परमेश्वरको रूपमा पूनर्स्थापित गर्नु हुन्छ ।
- ☐ स्वर्गीय न्यायलय कोठामा परमेश्वरले हरेक व्यक्ति खीष्ट वा सैतान मध्ये एकको सेवा गर्ने रोजाइको सम्मान गर्नुहुन्छ
- ☐ पुरा जानकारी पृथ्वीको हरेक व्यक्तिकोमा जान्छ जसै नष्टको लागि सैतानको योजना र मानिसलाई वचाउनको लगि परमेश्वरको प्रतापी योजना विषयमा
- ☐ पाप, सैतान र पापीहरू एक्लै पारिनेछन् र नष्ट पारिनेछन्
- ☐ परमेश्वरले उहाँका मानिसका लागि नयाँ स्वर्गहरू र नयाँ पृथ्वी सृष्टि गर्नुहुन्छ र उनीहरूसँग समय विताउनु हुनेछ
- ☐ पाप फेरी कहिल्यै उठ्ने छैन

- ☐ कलवरीमा येशूको वलिदानवाट प्रायश्चित्त सम्भव वनाइएको थियो ।
- ☐ सैतान र उसका स्वर्गदूतहरू परिवर्तन गरिने छन् र वचाइनेछन् ।

११. यहुदी राष्ट्रका लागि भाग गरिएको ४९० वर्षहरूवाट अन्तिम हप्ता वा सात वर्षहरू अलग राख्न र संसारको इतिहासको अन्तिम नजिकन ख्रीष्टविरोधिको कामका लागि यो प्रयोग गर्नको लागि त्यहाँ बाइबलमा भएको अधिकार वा प्रमाण छैन् । (१)

- ☐ सत्य
- ☐ गलत

१२. ३४ ए.डी. मा (३)

- ☐ परमेश्वरको छानिएको राष्ट्र जस्तो यहूदीहरूका लागि नयाँ अभ्यास कालको अन्त्य भयो
- ☐ चेलाहरूले अरू मानिस र राष्ट्रहरूलाई प्रचार गर्न थाले
- ☐ स्तिफनस, धार्मिक सेवकलाई ढुङ्गाले हानेर मारियो
- ☐ फैसला स्वर्गमा सुरू भयो

१३. २३०० दिन समय तालिका सुरू भयो (१)

- ☐ ३४ ए.डी
- ☐ १८४४
- ☐ १४९१ वी.सी.
- ☐ ४५७ वी.सी.

१४. दानियल र प्रकाशको भविष्य सूचनाहरू प्राथमिक तवरले हामी र हाम्रो समयमा लागू हुन्छ । (१)

- ☐ हुन्छ
- ☐ हुँदैन

१५. मैले मेरो जीवनका लागि ख्रीष्टको प्रायश्चित्त वलिदान स्वीकार गरेको/की छु र मलाई पापवाट शुद्ध गर्न उहाँलाई निम्तो गरेको/की छु । (१)

- ☐ छु
- ☐ छैन

# १९ मुद्दाको फैसला हुन्छ

न्यायधीश अब निर्णयक अवस्थामा छन्,... फैसला भइसकेको छ । केही मानिसका विचारहरू धेरै गम्भीर हुन सक्छन् । त्यो दिन अति नै तीब्र गतिमा हामीकहाँ आइरहेको छ जब हरेक कुनै पनि युगमा जीवित रहेका सबै मानिसको जीवन परमेश्वरका सर्वदर्शी आँखा अगाडी प्रष्ट हुनेछ । (२ कोरिन्थी ५:२) । तर यसले तपाँईलाई नफ्फस्काओस् तर धीर भएर काम गर्नुहोस् । लाखौं मानिसहरूले यस अध्ययन निर्देशिकामा रहेको न्यायको सन्देशलाई सुसमाचार मानेका छन् । प्रकाशको पुस्तकमा न्यायको विषयमा चार भिन्न भिन्न अवसरहरू उल्लेख गरिएका छन् जसको निम्ति हामीले महिमा धन्यवाद चढाउनु पर्दछ । (प्रकाश ११:१६-१९,१५:२-४,१६:५-७,१९:१-२) । बाइबलका न्यायको विषयमा एक हजार भन्दा वढि  उल्लेख गरिएका कुरा के तपाँईले जान्नुभएको छ । करिब करिब सबै बाइबल लेखकहरूले यस विषयमा वोलेका छन्, त्यसकारण यसको विशेषता माथि धेरै जोड दिएर पनि सकिन्न । यस अपहेलित विषयका वारेमा आँखा खोलिदिने वास्तविक वस्तु तपाँईले अबको केही क्षण पछि पाउनुहुनेछ । (ध्यान दिनुहोस्, न्यायका तिन चरणहरू छन् ... यो अध्ययन निर्देशिका अध्ययन गर्दैजाँदा यी चरणहरूलाई दृष्टिगत गर्नुहोला ।

## अन्तिम न्यायको पहिलो चरण

१. स्वर्गीय न्यायको भविष्यवाणी १८४४ मा गाब्रियल स्वर्गदूतले दानियललाई दिए न्यायको पहिलो चरणलाई पूर्व आगमनको न्याय भनिन्छ किनकि यो येशूको दोस्रो आगमन भन्दा पहिले हुन्छ । कस्ता समूहका मानिसहरू पहिलो चरणको न्यायमा देखिन्छन् ? यसको अन्त्य कहिले हुन्छ ?

*"न्याय परमेश्वरकै परिवारवाट सुरू हुनुपर्दछ" (१ पत्रुस ४:१७) । दुष्ट काम गर्नेले दुष्ट काम गरिरहोस्, अश्लिल काम गर्नेले अश्लिल काम गरिरहोस्, धर्मात्माले धार्मिक काम गरिरहोस् र पवित्र जनहरू पवित्र नै भईरहून् । हेर म चाँडै आउँदै छु । हरेक मानिसलाई उसले गरे अनुसारको प्रतिफल मसंग छ" (प्रकाश २२:११-१२) । (१ तिमोथी ३:१५ पनि हेर्नुहोस्) ।*

उत्तर : यसको अन्त्य ठीक येशूको दोस्रो आगमन पूर्व हुनेछ । ती मानिसहरू (जिवीत र मृत) जसले आफूलाई इसाई भनी दावी गर्दछन् "परमेश्वरको परिवार" भएर तिनीहरू पूर्व आगमनको समयमा

समावेस हुनेछन् । (१८४४ को मिती अध्ययन निर्देशिका १८ मा उल्लेख गरिएको छ ) ।

२. न्यायको अध्यक्षता कसले गर्दछ ? पैरवी गर्ने वकिल को हो ? न्यायधिस को हो, दोष लगाउने को हो र साक्षी बोक्नेहरू को हुन ?

*"जसै मैले हेरे, सिँहासनहरू वसालिए र अति प्राचीन आफ्नो सिँहासनमा बस्नु भयो । उहाँका लुगा हिँउ जस्ता सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेता थिए । उहाँको सिँहासनमा वलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो ।" "न्यायका लागि अदालतको वैठक वसेको थियो र पुस्तकहरू खोलिए ।" (दानियल ७:९-१०) । "पितासंग हाम्रो पक्षमा वोलिदिने कोही हुनुहुथ्यो, येशू ख्रीष्ट जो धर्मात्मा हुनुहुन्छ ।" १ युहन्ना २:१ । "किनकि पिताले कुनै न्याय गर्नुहुन्न तर सवै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ ।" युहन्ना ५:२२। "त्यो ठूलो अजिङ्गर तल फालियो, त्यो प्राचिन सर्प जो संसारलाई वहकाउने सैतान हो । हाम्रा भाईहरूलाई दोष लगाउने तल फलिएका छन् जसले हाम्रा परमेश्वरको सामु तिनीहरूलाई दिन र रात दोष लगाउँछन् ।" प्रकाश १२:९-१० । "यी कुरा आमिन, विश्वासयोग्य र साँचो साक्षी र परमेश्वरको सृष्टिको शासकले भन्दछ ।" प्रकाश ३:१४ । (कलस्सी १:१२-१५ पनि हेर्नुहोस्) ।*

उत्तर : परमेश्वर पिता सनातनले न्यायको सभापतित्व गर्नुहुन्छ । उहाँले तपाईंलाई धेरै माया गर्नुहुन्छ (युहन्ना १६:२०) । सैतान मात्र तपाँईको अभियोक्ता हो । स्वर्गीय न्यायालयमा येशू जसले तपाईंलाई प्रेम गर्नुहुन्छ, उहाँ तपाईंको न्यायधिस र साक्षी हुनुहुन्छ । उहाँले प्रतिज्ञा गर्नु भएको छ कि "न्याय उहाँको सन्तहरूको पक्षमा" दिइनेछ । (दानियल ७:२२) ।

३. पूर्व न्यायको क्रममा प्रमाणका लागि कुन आधारहरूको प्रयोग गरिन्छ ? कुन स्तरको आधारमा न्याय गरिनेछ ? जबकी परमेश्वरलाई प्रत्येक व्यक्तिको विषयमा थाहा छ, तब किन न्यायको आवश्यकता पऱ्यो ?

*"न्यायको लागि अदालतको वैठक वसेको थियो र पुस्तकहरू खोलिए ।" (दानियल ७:१०) ।*

*"मरेकाहरूलाई त्यस आधारमा न्याय गरियो जुन उनीहरूको काम अनुसार किताबमा लेखिएको थियो ।" प्रकाश २०:१२ । "उनीहरू स्वतन्त्रताको व्यवस्थावमोजिम न्याय पाउनेछन्*

*।" याकूब २:१२ । "हामी संसार, स्वर्गदूत, र मानिसहरूका लागि तमासा बनाइएका छौं ।" १ कोरिन्थी ४:९ ।*

उत्तर : व्यक्तिको बारेमा लेखिएका अथवा व्यक्तिले गरेका कामहरूको पुर्ण विवरणहरू लिखित पुस्तकहरूबाट न्यायको लागि प्रमाणहरू जुटाइन्छ । विश्वासीहरूका लागि प्रार्थनाको अभिलेख, पश्चात्ताप र पापको क्षमा सबैले देख्ने गरी हुन्छ । उक्त अभिलेखहरूले परमेश्वरको शक्तिद्वारा इसाईहरू परिवर्तित जीवन बिताउन सक्दछन् भनी देखाउँछन् । परमेश्वर आफ्ना जनहरूदेखी खुसी हुनुहुन्छ र उनीहरूको जीवनका गवाही बाँड्नमा आनन्दित हुनुहुनेछ । उक्त न्यायले यो निश्चित गर्नेछ "यसै कारणले अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन । जो शरीरको अभिलाषा अनुसार हिँडदैनन् तर आत्मा अनुसार चल्छ ।" रोमी ८:१ ।

दस आज्ञाहरू परमेश्वरको न्यायको मापदण्ड हो । (याकूब २:१०-१८) । उहाँको व्यवस्थालाई उलंघन गर्नु पाप हो (१ युहन्ना ३:४) । धर्मपरायणताका कारणलाई येशूद्वारा उहाँका जनहरूमार्फत पूरा गराइनेछ (रोमी ८:३,४) । येशूको शब्द र शक्ति एवं दावालाई शंका गर्नु असम्भव छ । न्याय परमेश्वरलाई जानकारी गराउन होइन । उहाँलाई पूर्ण रूपमा पहिले नै थाहा छ (२ थिमोथी २:१९) । जस्तो भएपनि पापद्वारा उद्दार गरिएका जनहरू स्वर्गमा आउनेछन् । स्वर्गदूतहरू अरू जगत्का धर्मात्मा निवासीहरू निश्चय नै ती व्यक्तिहरूलाई परमेश्वरको राज्य भित्र आउने दिनमा हिच्किचाउनेछन् किनकि तिनीहरू पूनः पाप फैलाउने छन् भनेर शंका गर्नेछन् । त्यसकारण न्याय तिनीहरूका लागि खुला हुनेछ र तिनीहरूले प्रत्येक प्रश्नको उत्तर स्पष्ट गरी दिनुपर्छ । सैतानको वास्तविक उद्देश्य परमेश्वर पश्चात्तापी, निष्ठूर (क्रूर) माया नगर्ने र धोका दिने भनी वदनाम गराउने हो । यो अझ महत्वपूर्ण छ किनकि संसारमा भएका सबै जिवीत प्राणीहरूले प्रत्यक्ष रूपमा पापीहरूप्रति परमेश्वरको कति धैर्यवान (सहनशील) र सदासयिता देखाउनुहुन्छ भनेर प्रमाणित गर्नेछ । परमेश्वर निर्दोष हुनुहुन्छ भनी उजागर गर्नेछ । यो न्यायको पहिलो अभिप्राय हो (प्रकाश ११:१६-१९,१५:२-४,१६:५,७,१९:१, दानियल ४:३६-३७) । स्मरण गर्नुहोस्, जुन रूपमा न्याय सम्पन्न गर्नका लागि परमेश्वरले प्रवन्ध मिलाउनु हुन्छ, त्यसको लागि उहाँलाई महिमा र प्रशंसा दिनुपर्छ।

४. येशूको पूर्व आगमनको न्यायमा व्यक्तिको जीवनको कुन भागलाई लिएर न्याय गरिन्छ ?कुन कुराको अनुमोदन हुनेछ? प्रतिफलहरूको निर्णय कसरी गरिनेछ ? "हामीले गरेको हरेक काम, अशल होस् वा खराब होस्, प्रत्येक गुप्त
कुरा समेत सवैको न्याय परमेश्वरले गर्नुहुनेछ ।" उपदेशक १२:१४ । "फसलको समयसम्म दुवैलाई संगै वढ्न देउ ।""मानिसको पुत्रले आफ्नो दूतहरू पठाउनेछन र पाप गर्न लाउने प्रत्येक थोक र दुष्ट काम गर्नेहरू सवैलाई तिनीहरूले उसको राज्यवाट वटुल्नेछन् ।" मत्ती १३:३०,४१ । "हेर म चाँडै आउँछु र मेरो प्रतिफल मसंग छ जुन प्रत्येक मानिसलाई उनीहरूको काम अनुसार दिइनेछ ।" प्रकाश २२:१२ ।

उत्तर : जीवनका प्रत्येक विवरण गुप्त विचार र कामहरू लगायत सवै पूनरावलोकन गरिनेछ । त्यसैकारण पहिलो चरणको न्यायलाई अनुसन्धानात्मक छानविन न्याय पनि भनिन्छ । यो पक्का र निसन्देह छ, ज-जसको नाममा पूर्व आगमनको फैसलामा न्याय (निणर्य) हुँदैन तिनीहरू नष्ट हुनेछन् । यद्यपि हामीहरू अनुग्रहद्वारा वचाइएका हौँ तर प्रतिफल हाम्रो काम र व्यवहारको आधारमा दिइनेछ जसले चोखो इसाई विश्वासलाई प्रमाणित गर्दछ (याकूब २:२६) । अन्तिम न्याय (निर्णय) को दोस्रो चरण ।

५. प्रकाश २० अध्यायमा उल्लेखित १००० वर्षको स्वर्गीय न्यायमा कुन समूह आवद्ध रहेको छ ? न्यायको दोस्रो चरणको अभिप्राय के हो ?

*"के तिमीहरूलाई थाहा छैन सन्तहरूले संसारको न्याय गर्नेछन् ? ..के तिमीहरूलाई थाहा छैन हामी स्वर्गदूतहरूको न्याय गर्छौं ?" १ कोरिन्थी ६:२,३ । "अनि मैले सिँहासनहरू देखेँ, अनि उहाँहरू त्यस माथि वसे अनि उनीहरूलाई न्याय गर्ने अधिकार दिइयो ।" प्रकाश २०:४ ।*

उत्तर : सवै युगका "सन्तहरू" अथवा धार्मिक जनहरू जसलाई येशूले स्वर्गको वादलमा उहाँको दोस्रो आगमनको समयमा लानुहुनेछ, न्यायको दोस्रो चरणमा भाग लिनेछन् ।

मानौं कि कुनै एउटा परिवारले उसको हत्या गरिएको अति प्यारो छोरा स्वर्ग नपुगेको थाहा पाए, तर हत्या गर्ने व्यक्ति चाहिँ स्वर्गमा पुगेको थियो । निसन्देह उनीहरू यस सम्वन्धमा केही उत्तर खोज्छन् । यो न्यायको दोस्रो चरणले यी सवै धार्मिकताको प्रश्नको उत्तर दिनेछ । हरेक मृत मानिसको जीवन (सैतान र उसका दूतहरूको समेत) ध्यानपूर्वक धार्मिक जनवाट पनरावलोकन गरिन्छ ।

उनीहरूले त्यस पछि पूर्णतया येशूवाट, प्रत्येकले पाउने निर्णायक प्रतिफलमा सहमत हुनेछन् । यस कुरामा ढुक्क हुनेछन कि न्याय अन्दाजी (प्रमाण रहित) गरिने कुरा होइन । बरू यसले मानिसहरूले येशूको पक्षमा सेवा गर्ने वा शैतानको पक्षमा सेवा गर्ने चाहनालाई पक्का गर्दछ । प्रकाश २२:११,१२ । (१००० वर्षको वारेमा पून: जान्नको लागि अध्ययन निर्देशिका १२ हेर्नुहोस् ।) अन्तिम न्याय ( निर्णय) को तेस्रो चरण ।

६. अन्तिम न्याय (निर्णय) को तेस्रो चरण कहाँ र कहिले हुनेछ ? र यस चरणको न्यायमा कुन नयाँ समूहले भाग लिनेछन् ?

*"त्यस दिनमा उहाँको खुट्टाले जेरूशलेम अगाडी रहेको जैतुनको डाँडा माथि टेक्नेछ ।""अनि मेरो परमप्रभु परमेश्वर उहाँका पवित्रजनहरूसंग आउनुहुनेछ ।"" जेरूशलेमको दक्षिणमा रहेको गेवा देखी रिमोन सम्मको सबै भूमी समथल हुनेछ ।" जकारिया १४:४,५,१० । "अनि म युहन्नाले परमेश्वरको स्वर्गवाट पवित्र सहर नयाँ जेरूशलेमलाई तल आइरहेको देखे ।" प्रकाश २१:२ । "र जब १००० वर्ष पुरा हुनेछ सैतान फेरी संसारलाई धोका दिन वाहिर जानेछ, संसारका परमेश्वर विरोधी जनहरूलाई उसको पक्षमा युद्ध गर्न भेला गराउने ।" प्रकाश २०:७,८ ।*

उत्तर : तेस्रो चरणको न्याय प्रकाश अध्याय २० को १००० वर्षको निकटमा पृथ्वीमा हुनेछ जब येशू पवित्र सहर सित पृथ्वीमा फर्कनुहुन्छ । सारा युगका सबै दुष्टहरू, सैतान र उसका दूतहरू सहित त्यहाँ उपस्थित हुनेछन् । १००० वर्षको निकटमा सबै उमेरका मृत दुष्टहरू पूनजीवित हुनेछन् (प्रकाश २०:५) । सैतानले त्यसपछि उनीहरूलाई धोका दिन तुरून्तै एउटा प्रभावकारी योजनालाई अगाडी वढाउनेछ । अचम्म रूपले ऊ संसारका मानिसहरूलाई पवित्र सहरलाई कब्जा गर्नको निम्ति तयार पार्न सफल हुन्छ ।

७. त्यस पछि के हुन्छ ?

*"तिनीहरूले पृथ्वीभरी गएर सन्तहरूको छाउनीको वरिपरि र प्रिय सहरलाई घेरे ।" प्रकाश २०:९*

उत्तर : दुष्टहरू सहरलाई घेर्छन र त्यहाँ आक्रमण गर्न तयार हुन्छन् ।

८. युद्धमा उनीहरूको हस्तक्षेप कस्तो प्रकारको हुनेछ र त्यसको नतीजा कस्तो हुनेछ ?

"अनि मैले ठूला र साना सबै मृतकहरूलाई सिँहासनको सामु उभिरहको देखेँ, पुस्तक खोलिए र अर्को पनि पुस्तक खोलियो

जो जीवनको पुस्तक थियो र मृतकहरू त्यस पुस्तकमा लेखिएको आधारमा इन्साफ गरिए, जुन उनीहरूको काम अनुसार थियो ।" प्रकाश २०:१२ । "हामी सवै ख्रीष्टको न्यायको सिँहासन अगाडी उभिनुपर्छ ।" २ कोरिन्थी ५:१० । "जस्तो म जीवित छु, प्रत्येकले मेरो सामु घुँडा टेक्ने छ र प्रत्येक जिभ्रो परमेश्वर सामु आफ्नो दोष स्वीकार गर्नेछ । यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं । रोमी १४:११,१२ ।

उत्तर : हामीले नचिताएको कुरा, परमेश्वरको चेतावनी विना नै सहर माथि एक अचल प्रकाश सहित प्रकट हुनहुनेछ । प्रकाश १९:११-२१ । सत्यताको क्षण आइसकेको छ । संसारको सुरूवात देखि नास भएका आत्माहरू सैतान र उसका दूतहरूसमेत न्यायको वेलामा परमेश्वरको सामना गर्नेछन् । प्रत्येकको आँखा राजाहरूको राजा माथि अड्नेछ । प्रकाश २०:१२ ।

प्रत्येक मानिसले आफ्नो जीवनलाई पुनरावलोकन गर्छन ।

त्यसपछि प्रत्येक आत्माले आफ्नो जीवनलाई पुनः हेर्ने छ । परमेश्वरको निरन्तर, न्यानो अनुरोध त्यो प्रेम, त्यो सुक्ष्म आवाज, प्रभावशाली विवेक जुन हरेक क्षण आएको थियो, त्यो तिनीहरूले निरन्तर अस्विकार गरेका थिए । ती सवै त्यहीँ हुनेछन् । यसको यथार्थता निर्विवाद छ । यसको सत्यता अखंड छ । दुष्टहरूले पून यो वुझून भनी परमेश्वर चाहनुहुन्छ । सम्पूर्ण कुराहरू प्रष्ट पार्नको निम्ति अवश्यक कुनै पनि विवरण प्रदान गर्न उहाँ तयार हुनुहुन्छ । पुस्तकहरू र अभिलेखहरू उपलब्ध छन ।

केहि पनि छोपिनेछैन ।

परमेश्वर कुनै स्वर्गीय वस्तुको ढाकछोपमा आवद्ध हुनुहुन्न । उहाँले कुनै पनि प्रमाण नष्ट गर्नुभएको छैन, कुनै पनि दृष्य मेटाउनु भएको छैन । त्यहाँ लुकाउनु पर्ने केही कुरा छैन । सवै कुरा प्रष्ट छ (छर्लङ्ग छ) र सवै युगहरूमा वाँचेका मानिस लगायत राम्रा र नराम्राले सवै नाटकहरूको नाटकलाई देखिरहेका हुनेछन् ।

नास भएकाहरू घुँडा टेक्नेछन्

अचानक त्यहाँ केही हलचल हुन्छ । त्यहाँ भएका नास भएका आत्माहरू मध्ये एउटाले घुँडा टेक्छ र आफ्नो पापलाई स्वीकार गर्छ परमेश्वर उसका निम्ति उसले सोचेको भन्दा पनि वढि न्यायी हुनुहुन्थ्यो भनेर उससले दोष स्वीकार गर्नेछ । उसको आफ्नै अभिमानी व्यवहारले उसलाई त्यो पुकारलाई सुन्नबाट रोकेको थियो । र त्यसरी नै सवै मानिसहरू र शैतानका दूतहरू शैतान समेत घुँडा टेकिरहेका थिए । त्यस पछि एउटा ठूलो, प्राय एकै पटकमा

वाँकी रहेका सवै मानिसहरू, सैतानका दूतहरू सैतान समेत परमेश्वरको सामु निहुरिन्छन् (रोमी १४:११) । उनीहरू खुल्ला रूपमा सवै झूठा आरोपहरूवाट परमेश्वरको नामलाई चोख्याउँछन् र उहाँको मायालु, न्यायी र दयापूर्ण व्यवहारको सफई दिनेछन् ।
फैसला न्यायपूर्ण छ भनी सवैले स्वीकार गर्नेछन्

पापलाई सम्हाल्ने एक मात्र सुरक्षित उपायका निम्ति आफूलाई दिइएको मृत्युको सजाय न्यायपूर्ण छ भनी सवैले स्वीकार गर्नेछन । सवै नास भएका जनहरूलाई भन्न सक्नेछन्, "तिमीहरूले आफ्नो विनास आफैले गरेका छौ।" होशे १३:९ । परमेश्वर अब सारा जगत्‌का सामु न्यायसंगत ठहरिनुहुन्छ । सैतानको दोष र दाबी छर्लङ्ग भइसकेको हुन्छ र निष्ठूर पापीहरूलाई विनासतिर लाने उनै जिम्मेवार छ भनी उसको कर्तुसलाई उदाङ्ग पारिनेछ ।

९. कुन अन्तिम चरणले पाप व्रम्हाण्डवाट नै सखाप पार्ने छ र धर्मिहरूलाई एउटा सुरक्षित घर र भविष्य प्रदान गर्नेछ ?

*"उनीहरूले सन्तहरूलाई घेरे र स्वर्गवाट आगो खसालियो र उनीहरू त्यसमा नष्ट भए । अनि त्यो सैतानलाई आगोको तलाउमा फालियो जसले उनीहरूलाई धोका दिएको थियो ।" प्रकाश २०:९,१०। "तब उनीहरू तिम्रो पैताला मुनि खरानी जस्तै हुनेछन् ।" मलाकी ४:३ । "हेर म नयाँ स्वर्ग र एउटा नयाँ पृथ्वी सृजने छु ।" यशैया ६५:१७ । "त्यो नयाँ स्वर्ग र नयाँ पृथ्वीलाई हेर जहाँ धर्मीहरूले वास गर्नेछन् ।" २ पत्रुस ३:१३ । "हेर परमेश्वरको क्रुस मानिसहरूसंगको, ....अनि उनीहरू उहाँको मानिस हुनेछन् र परमेश्वर आफै उहाँसंग हुनुहुनेछ ।" प्रकाश २१:३ ।*

उत्तर : स्वर्गवाट दुष्टहरू माथि आगो खस्यो । आगोले पूर्णतया व्रम्हाण्डवाट पाप र पापीलाई सदाको लागि हटाइदिनेछ । ( नर्कको आगोको विषयमा पुरा जानकारीको लागि अध्ययन निर्देशिका ११ हेर्नुहोस् ।) परमेश्वरका मानिसका निम्ति यो अति नै गहिरो दुखको तथा आघातको क्षण हुनेछ । प्रायः सवैजनाको कोही न कोही प्रियजन वा मित्र आगोमा जलेको देख्नेछ । संभवतः अभिभावक स्वर्गदूतहरूले वर्षौ देखी संरक्षण गरेका तथा माया गरेका मानिसहरूलाई गुमाउँदा आँसु चुहाउनेछन् । निसंदेह येशू पनि आफूले माया गर्नुभएको र पापवाट फर्कन अनुरोध गर्नु भएको धेरै मानिसहरूको निम्ति रूनु हुनेछ । त्यो पिडादायक हाम्रो स्नेही पिताले समयमा परमेश्वरले ल्याउनुहुने पापको त्यो भयानकको वयान माथि रोक लगाउनुहुनेछ । नयाँ स्वर्ग र नयाँ पृथ्वी त्यसपछि परमेश्वरले उहाँको धर्मीजनहरूको

(विश्वासीहरूको) आँखावाट आँसु पुछिदिनुहुनेछ । (प्रकाश २१:४) र नयाँ पृथ्वी र नयाँ स्वर्गको सृजना गर्नु हुनेछ, बयान गरेको भन्दा धेरै मनमोहक रहनेछ । यो उहाँको पवित्रजनहरूका निम्ति हुनेछ। अति उत्तम कुरा के हो भने उहाँ आफ्ना मानिसहरूसंगै अनन्तसम्म यहाँ वस्नुहुनेछ। कुनै पनि समझ भएको मानिसले यो मौका गुमाउँन चाहँदैनन् ।

१०. पुरानो करारमा मन्दीरमा गरिने "पश्चात्तापको दिन" सेवाकार्यको प्रतिकले कसरी परमेश्वरको न्याय र जगत्वाट सदाको लागि पापलाई हटाएर सिद्ध रूपमा पुनः शान्ति र मेलमिलाप स्थापना गर्नुहुनेछ भनेर देखाउँछ ?

उत्तर : अध्ययन निर्देशिका २ मा हामीले अध्ययन गऱ्यौं कसरी सैतानले झूठो रूपमा परमेश्वरलाई आरोपित गऱ्यो र उहाँलाई चुनौती दियो र आफ्नो पापको द्वेष यस व्रम्हाण्डमा ल्यायो । इजरायलमा पश्चातापको सेवाकार्यको विधिको प्रतिक मार्फत यो देखायो कसरी परमेश्वरले पापको समस्यालाई सम्हाल्नु हुनेछ र पश्चात्तापको मद्दतले सद्भाव तथा शान्ति पुनः यस जगत्मा फिर्ता ल्याउनु हुनेछ । ("पश्चात्ताप" भन्नाले सम्पूर्ण कुरालाई पहिले झैं धार्मिकतामा ल्याउनु हो ।)

सांसारिक मन्दीरमा तल उल्लेति सांकेतिक चरणहरू थिए :-

क. मानिसहरूको पापलाई ढाक्न परमेश्वरलाई पशूको वलि दिइन्थ्यो

ख. आशिषित सिँहासनको अगाडी रगत चढाउने काम पुजारीले गर्दथ्यो ।

ग. न्याय तल उल्लेखित व्यवस्थामा हुन्थ्यो :-

अ. धार्मिकतामा पक्का रहेको पाइयो

आ. पश्चात्ताप नगर्नेहरूको लगत राखिन्थ्यो । काटिन्थ्यो ।

इ. पापको विवरण मन्दिरवाट हटाइयो ।

घ. पापहरू बलिको वोको माथि राखिन्थ्यो ।

ङ. बलिको बोको जीवित अवस्थामा नै उजाडस्थानमा पठाइन्थ्यो ।

च. मानिस आफ्नो पापवाट चोख्याइन्थ्यो ।

छ. सवैले नयाँ वर्ष नयाँ स्लेटवाट सुरू गर्थे ।

यी पाँच सांकेतिक चरणहरू अक्षरश पश्चात्तापको घटनालाई जनाउँदछ जुन स्वर्गमा रहेका परमेश्वरको मुख्य कार्यालयमा भएको पवित्र मन्दिरवाट सिकाईको थियो । माथिको पहिलो वुँदा तलको पहिलो वुँदाको अक्षरश (वास्तविक) पश्चात्तापको घटनालाई जनाउँदछ, माथिको दोस्रो वुँदाले तलको दोस्रो वुँदालाई

संकेत गर्दछ आदि । ध्यान दिनुहोस् कसरी प्रष्ट रूपमा परमेश्वरले पश्चात्तापको ठूला घटनालाई प्रतिकद्वारा देखाइएको छ । :-

क. मानिसहरूको सट्टामा येशूको वलिदान (१ कोरिन्थी १५:३,५:७) ।

ख. हाम्रा महान् पुजारीको रूपमा येशूले मानिसहरूलाई परमेश्वरको छविमा फिर्ता, ल्याउनुभयो (हिब्रू ४:१४-१६, रोमी ८:२९) ।

ग. न्यायको दिनले जीवनलाई अनुमोदन गर्नेछ, राम्रा तथा नराम्रा रोष अनि स्वर्गीय मन्दिरवाट पापको प्रमाणहरू हटाइन्छ (प्रकाश २०:१२, प्रेरित ३:१९-२१।)

घ. पापको सुरूवात गर्ने र मानिसहरूलाई पाप गर्न लगाउने कुराको दोष सैतान माथि जान्छ (१ युहन्ना ३:८, प्रकाश २२:१२।)

ङ. सैतान उजाडस्थानमा थुनिनेछ (प्रकाश २० अध्यायको १००० वर्षहरू) ।

च. सैतान, पाप र पापीहरू स्थायी रूपमा हटाएको छ ।(प्रकाश २०:१०,२१:८, भजनसंग्रह ३७:१०,२०, नहूम १:९) ।

च. परमेश्वरका जनहरूका निम्ति नयाँ पृथ्वीको सृजना हुनेछ । पापद्वारा नाश भएका सम्पूर्ण वस्तुहरू परमेश्वरको पवित्र जनहरूले पुनः पाउने छ (२ पत्रुस ३:१३, प्रेरित ३:२०-२१ ।

प्रायश्चित्तको कार्य तबसम्म पूर्ण हुँदैन जबसम्म व्रम्हाण्ड र यसमा रहेका हरेक पाप पूर्वको अवस्थामा आउँछ, फेरी पाप कहिल्यै नउठ्ने पक्का हुन्छ ।

११. यस अध्ययन निर्देशिकामा विश्लेषण गरिएका न्यायको सम्वन्धमा के सुसमाचारहरू रहेकाछन् र उल्लिखित छन् ?

उत्तर : क. परमेश्वर र उहाँको पापको समस्याहरूलाई सम्हाल्ने तरिका सम्पूर्ण व्रम्हाण्डको सामु महिमित रूपमा प्रस्तुत गरिनेछ । यो नै न्यायको दिनको प्रमुख अभिप्राय हो ।

ख. न्याय परमेश्वरको मानिसहरूको पक्षमा हुनेछ ।

ग. पवित्रजनहरू अनन्तको लागि पापवाट सुरक्षित हुनेछन् ।

घ. पाप पूर्णतया समाप्त हुनेछ र पुनः यसको उदय हुनेछैन ।

ङ. आदम र हव्वाले पापद्वारा गुमाएका सम्पूर्ण कुराहरू विश्वासीहरूमा फिर्ता ल्याइनेछ ।

च. दुष्टहरूलाई अनन्तको लागि यातना दिनुको सट्टामा उनीहरूलाई खरानी बनाइनेछ ।

छ. न्यायक्रममा येशू हाम्रो न्यायधिश, वकिल र गवाही हुनुहुनेछ ।

ज. पिता र पुत्र दुवै जनाले हामीलाई माया गर्नुहुन्छ, हामीलाई आरोप लगाउने त सैतान हो ।

झ. स्वर्गमा राखिने हाम्रो जीवनको लेखाजोखा धर्मीजनहरूका निम्ति फइदाकारक हुनेछ किनकि यसले यो देखाउने छ कि कसरी सुसमाचारको अनुग्रहले उनीहरूको जीवनलाई परिवर्तित गराएको थियो ।

ञ. ख्रीष्ट येशूमा हुनेहरू माथि कुनै आरोप छैन । न्यायको दिनले प्रभु येशूमा रहने निर्दोष सावित हुन्छ भनेर प्रमाणित गर्दछ ।

ट. कुनै मानिस वा स्वर्गदूतले यो गुनासो गर्ने छैन कि परमेश्वर न्यायी हुनुहुन्न भनेर । यो सर्वसम्मत हुनेछ कि परमेश्वर सबैको निम्ति मायालु, न्यायी, अनुग्रही र दयालु हुनुहुन्छ ।

१२. परमेश्वरले स्वर्गीय न्यायको वेलामा तपाईंलाई क्षमा गर्ने वाचा गर्नुहुन्छ यदि तपाईं उहाँलाई तपाईंको जीवनमा निम्त्याउनुहुन्छ अनि तपाईंलाई चलाउनका लागि उहाँलाई अनुमति दिनुहुन्छ । के तपाईं आजै उहाँलाई तपाईंको जीवनमा निम्त्याउनुहुन्छ ?

उत्तर : उत्तर तपाईंको ............................................

## तपाईंको विचारमा रहेका प्रश्नहरूको उत्तर

१. येशूलाई मेरो उद्धारकर्ताको रूपमा स्वीकार गर्नु र उहाँलाई मेरो परमेश्वरको रूपमा स्वीकार गर्नुमा के भिन्नता छ?

उत्तर : भिन्नता वास्तवमै छ । जब म उहाँलाई उद्धारकर्ताको रूपमा स्वीकार्छु, उहाँले मलाई मेरो गल्तीहरूवाट र पापको जरिवाना जोगाउनु हुन्छ र मलाई नयाँ जन्म दिनुहुनेछ । उहाँले मलाई पापीवाट सन्त (पवित्र मान्छे) मा वदल्नुहुन्छ । यो परिवर्तन एउटा महिमित चमत्कार हो र मुक्ति (उद्धार) का निम्ति आवश्यक छ। यो विना कसैले पनि उद्दार पाउने छैन । तर पनि येशू मसंग यहीँ सम्म सिमित हुनुहुन्न । म जन्मूँ र फेरी हुर्केर उहाँझैं वनूँ भन्ने उहाँको उद्देश्य छ (एफीसी ४:१३) । जब म उहाँलाई दैनिक प्रभु अथवा परमेश्वरको रूपमा वा मेरो जीवनको रूपमा स्वीकार गर्दछु उहाँले मलाई उहाँको अलौकिक अनुग्रहमा र ख्रीष्टिय व्यवहारमा तब सम्म हुर्काउनु हुन्छ जबसम्म म ख्रीष्टमा परिपक्व हुन्न (२ पत्रुस ३:१८) ।

समस्या - म आफनो वाटो आफै बनाउन चाहन्छु

समस्या यो छ कि म आफ्नो जीवन आफै चलाउन चाहन्छु, आफनो वाटो आफै रोज्छु । बाइबलले यसलाई पाप भनी भन्दछ (यशैया ५३:६) । येशूलाई मेरो परमेश्वर वनाउन यति आवश्यक छ कि नयाँ करारमा उहाँलाई “परमेश्वर” भनी ७६६

भनिएको छ । प्रेरितको पुस्तकमा मात्र, उहाँलाई "परमेश्वर" भनी ११० पटक र "उद्धारकता" भनी मात्र दुईपटक चिनाइएका छन् । यसले यो प्रदर्शन गर्दछ छ कि उहाँलाई परमेश्वर र आफ्नो जीवनको शासनकर्ता भनी जान्नु कति आवश्यक छ ।

अत्यावश्यक तर अवहेलित - उहाँलाई परमेश्वर वनाउनु

येशूले आफू परमेश्वर भएको कुरामा निरन्तर जोड दिइरहनुभयो किनकि उहाँलाई थाहा थियो, उहाँलाई परमेश्वर भनी अभिषेक गरेको कुरा विर्सिनेछ र उहाँको वचनको अवहेलना हुन्छ (२ कोरिन्थी ४:५) । जबसम्म म उहाँलाई आफ्नो जीवनको परमेश्वर वनाउँदिन तबसम्म म ख्रीष्टको धार्मिकतामा ढाकिएको परिपक्व इसाई हुँदिन । बरू म समाप्त हुनेछु, वहिष्कृत, दयनिय, गरिब, अन्धो, नाङ्गो र नराम्रो यो सोचेर कि "मलाई कसैको जरूरी छैन।" प्रकाश ३:१७ ।

२. जब परमेश्वरको मानिसको पापको विवरण छाडिने वलिको प्राथमिकता दिनमा सारियो, के त्यसले उसलाई पनि हाम्रो पापको भागी वनाउँदैन र ? मैले सोचेँ कि येशू एक्लैले हाम्रो पापको भाग वोक्नु भयो ।

उत्तर : छाडिने बलिको वाखा जसले सैतानको प्रतिनिधित्व गर्दछ, उसले कुनै पनि रूपमा हाम्रो पापको भार वोक्दैन अथवा हाम्रो पापको जरिवाना तिर्दैन । परमेश्वरको पाठो जो पश्चात्तापको दिनमा वलि हुनुभयो, यसले येशूको प्रतिनिधित्व गर्दछ जसले हाम्रो पापको क्षतिपूर्ती कलवरीको क्रुसमा तिर्नुभयो । येशू एक्लैले "सम्पूर्ण संसारको पाप लैजानुभयो ।" युहन्ना १:२९ । सैतान दण्डित हुनेछ ( त्यसरी नै सवै पापीहरू पनि) (प्रकाश २०:१२-१५) उसको आफ्नै पापका निम्ति जो यी दोषहरूका भागीदार छन् १. पापको संरक्षणका २. उसको आफ्नै दुष्टकर्महरूका लागि र ३. संसारको सवै मानिसहरूलाई पाप गर्नका निम्ति प्रेरित गर्नु । परमेश्वरले उसलाई स्पष्ट रूपमा पापका लागि उसंग लेखा लिनुहुनेछ । पश्चात्ताप ( सुधारको) दिनमा पापलाई छाडिने (सैतानमा) सारिनुले यही कुरोको प्रतिनिधित्व गर्दछ ।

३. स्वीकार गरिने हरेक पापहरूलाई परमेश्वरले क्षमा गर्नुहुन्छ भनी बाइबल यो कुरामा प्रष्ट छ(१ युहन्ना १:९)। यो यस कुरामा पनि प्रष्ट छ, ती क्षमा भएका पापहरूको विवरण स्वर्गीय पुस्तकमा अन्तिम समयसम्म रहिरहने छ (प्रेरित ३:१९-२१) । पापहरूलाई किन मेटाइँदैन जब तिनीहरू क्षमा भईसकेका हुन्छन् ।

उत्तर : एउटा धेरै राम्रो कारण छ । स्वर्गीय न्याय तब सम्म पुरा हुँदैन जबसम्म दुष्टहरूको न्याय गरिने छैन- संसारको अन्त्यमा, तुरून्त उनीहरूको सर्वनाश हुनु । यदि यो अन्तिम चरणको न्याय भन्दा पहिले परमेश्वरले यो विवरण नाश गर्नुभएको भए, उहाँ माथि ठूलो पाप ढाकछोपको आरोप लाग्न सक्थ्यो । क्रियाकलापको हरेक विवरणलाई अन्तिम न्याय नभएसम्म हेर्नका निम्ति खुल्ला राखिनेछ ।

४. कोहीले भन्छ न्याय क्रुसमै भइसकेको थियो । कोहीले भन्छ यो मृत्युको समयमा भएको छ । के हामी यो कुरामा निश्चिन्त हुन सक्छौं, यस अध्ययन निर्देशिकामा देखाइएको समय ठीक हो भनी ?

उत्तर : हो । न्यायको समय सम्वन्धमा हामी निश्चित होऊँ भनी यसले सम्भव बनाएको छ । परमेश्वरले यो कुरा दानियलको ७ अध्यायमा तिन पटक भन्नु भएको छ । परमेश्वरको समयको निश्चयतालाई विचार गर्नुहोस् । परमेश्वरले अनिश्चितताका लागि अलिकति पनि ठाउँ छोड्नु भएन । पवित्र क्रम तिन पटकसम्म (पद ८-१४,२०-२२,२४-२७) यो एउटा अध्यायमा यसरी उल्लेख गरिएको छ :-

क. सानो सिङ्ग शक्ति - ई.सं ५३८-१७९८ सम्म शासन गरेको । ( अध्ययन निर्देशिका १५ हेर्नुहोस्)

ख. न्याय - इ.सं. १७९८ (१८४४मा) सुरू हुन्छ र येशूको दोस्रो आगमनसम्म चलिरहन्छ ।

ग. परमेश्वरको नयाँ राज्य - न्यायको अन्त्यमा स्थापित हुन्छ ।

त्यसैले परमेश्वरले यो प्रष्ट पार्नुहुन्छ न्याय न त क्रुसमा भयो न त मृत्युसंग भयो तर ई.सं. १७९८ र येशूको दोस्रो आगमनको वीचमा । याद राख्नुहोस् पहिलो स्वर्गदूतको समाचार यस भागमा छ, “न्यायको समय आएको छ ।” प्रकाश १४:६,७ । अब अन्तिम न्याय इजलास (न्याय कक्ष) मा छ भनेर परमेश्वरको अन्त्यको मानिसले यो भनिरहनुपर्ने हुन्छ

५. न्यायको परमेश्वरको इन्साफको अध्ययनवाट हामी के आवश्यक कुरा सिक्न सक्छौं ?

उत्तर : यी पाँच वुँदाहरूलाई ध्यान दिनुहोस् ।

क. यो देखिन सक्छ, परमेश्वरले उहाँको काममा ढिलाई गर्नु हुन्छ तर उहाँको समय ठीक छ । नाश भएको कुनै पनि व्यक्तिले यो भन्न सक्नेछैनन्, “मैले वुझिनँ ” वा “मैले थाहा पाइनँ ।”

ख. सैतान र सवै प्रकारका पापहरूसँग अन्तिममा परमेश्वरद्वारा न्यायमा सोधपुछ गरिनेछ । किनकि न्याय गर्नु परमेश्वरको काम हो

र उहाँसंग सवै सत्य प्रमाणहरू छन् र हामीले अरूको न्याय गर्न त्याग्नुपर्छ र यो काम परमेश्वरमा छाडिदिनुपर्छ । यो हाम्रो निम्ति गम्भीर कुरा हो यदि अरूको न्याय इन्साफ गऱ्यौं भने हामी परमेश्वरको काम गर्न खोज्छौं । यसो गर्नु भनेको उहाँको अधिकार माथि हाबी -आक्रमण वा खोस्ने काम) गर्नु हो।

ग. हामी उहाँसंग कसरी सम्वन्ध राख्ने हामी मध्ये उहाँको सेवा कसले गर्ने, यो कुराको निर्णयको लागि उहाँले हामीलाई स्वतन्त्र छाड्नु हुन्छ । तर पनि हामी उहाँको यो वचनको विपक्षमा निर्णय गर्नु भन्दा पहिले यसले ल्याउने गम्भीर नतिजाको लागि तयार रहनुपर्छ ।

घ. परमेश्वरले हामीलाई यति माया गर्नुहुन्छ भन्ने कुरा उहाँले हामीलाई दानियल र प्रकाशको पुस्तक दिनुभएको छ जसवाट हामी अन्त्यको समयका वारेमा प्रष्ट हुन सक्छौं । हामी उहाँलाई सुन्नु र यी महान भविष्यवाणीको पुस्तकद्वारा उहाँले सचेत गराउन खोज्नुभएको कुरालाई पछ्याउनुमा नै हाम्रो सुरक्षा छ ।

ङ. सैतानले हामीसवैलाई नष्ट वनाउने कुरामा पूर्णतया दृढ भइसकेको छ । उसको झुक्याउने नितीहरू यति प्रभावकारी र आपराधीक छन् केही वाहेक सवै त्यसमा फस्छन् । हाम्रो दैनिक जीवनलाई सैतानको पासोवाट सुरक्षित गर्न येशूको पुनरूत्थानको शक्तिको विकल्प अरू केही छैन ।

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पृष्ठ सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढनुहोस । तल दिइएको प्रश्नहरूको उत्तरहरू अध्ययन पुस्तिकामा पाउन सक्नुहुन्छ । ठीक उत्तर भएको वक्समा टीक चिनो लगाउनुहोस । प्रश्नको पुछारमा दिइएको अङ्कले पूर्णाङ्क जनाउँछ ।

१. न्यायक्रममा कतिवटा चरणहरू छन् ? (१)

- ❑ छ
- ❑ एक
- ❑ तिन

२. न्यायको पहिलो चरणको सम्वन्धमा ठीक वस्तु रोज्नुहोस् । (७)

- ❑ यो पूर्वआगमन न्याय हो ।
- ❑ यो १८४४ मा सुरू भयो ।
- ❑ यो अहिले इजलासमा छ ।
- ❑ गाव्रियल दूत यसको न्यायधीश हुन ।
- ❑ सैतान आरोप लगाउने हो ।

- ❑ परमेश्वर न्याय आसनमा बस्नुहुन्छ ।
- ❑ अगमवक्ता योनाले यस विषयमा भविष्यवाणी गरेका थिए ।
- ❑ परमेश्वरको व्यवस्था मापदण्ड हो ।
- ❑ आफूलाई इसाई भनी दावा गर्नेको जीवनको विचार गरिनेछ ।

३. तल उल्लिखितहरू मध्ये कुनचाहिँले दोस्रो चरणको वारेमा सत्यता जनाउँदछ, जुन १००० वर्षको समयमा हुन्छ ।३

- ❑ सवै उमेरका धार्मिकजनहरू त्यहाँ उपस्थित हुनेछन् ।
- ❑ सैतानले निरन्तर रूपमा न्यायको कार्यमा वाधा पुऱ्याउने छ ।
- ❑ सवैले यो मान्नेछन् कि सैतान दण्डित हुनु पर्ने कुरा न्यायसंगत छ ।
- ❑ सैतानका दूतहरूलाई क्षमा दिइने छ ।
- ❑ दुष्टहरूले आफ्ना अधिकार खोज्नेछन् ।
- ❑ किन उनीहरूले केही साथीहरू गुमाए भनी धर्मीहरूले जान्नेछन् ।

४. येशूले तिनवटा क्षमताहरूले सेवा गर्नुहुनेछ । तिनीहरू के के हुन ? (३)

- ❑ न्यायकर्ता भएर
- ❑ गवाही भएर
- ❑ कारिन्दा भएर
- ❑ न्यायलयको कर्मचारी भएर
- ❑ पैरवीगर्ने वकिल भएर

५. दुष्टहरू मानव रूपमा उपस्थित गराइनेछन् १००० वर्षको निकटमा जब उनीहरू पवित्र सहरलाई घेर्नेछन् ।(१)

- ❑ हो
- ❑ होइन

६. परमेश्वरले हरेक नाश भएका मानिस र दूतहरूलाई उनीहरू किन नाश भए भन्ने कुरा प्रष्ट गर्नुहुनेछ । (१)

- ❑ हो
- ❑ होइन

७. कुनै एक चरणमा प्रत्येक व्यक्ति (राम्रा र नराम्रा) जो कुनै समयमा बाँचेका थिए सैतान र उसका दूतहरूसहित उपस्थित गराइनेछन् । कुन चरणमा ? (१)

- ❑ पहिलो - पूर्वआगमनको न्याय
- ❑ दोस्रो - १००० वर्षको समयको
- ❑ तेस्रो - १००० वर्षको निकटमा ।

८.	स्वर्गीय न्यायमा किन विवरण पुस्तक आवश्यक हुन्छ ? (१)

- ❑ परमेश्वरलाई सत्यातको जानकारी दिनका लागि ।
- ❑ परमेश्वरले के विर्सनुभएको छ, ती सम्भनाको निम्ति ।
- ❑ स्वर्गदूतहरूलाई केही काम दिनका लागि ।
- ❑ परमेश्वरले न्यायीक तरिकावाट पापका समस्याहरूलाई सम्हाल्नु हुन्छ भनेर मानिस, दूत र अरू लोकका मानिसहरूलाई वुझाउनका लागि ।

९.	"पश्चात्ताप" भन्नाले सम्पूर्ण कुरालाई पूर्णरूपमा स्वर्गीय सद्भावमा ल्याउनु भनी वुझिन्छ । तल उल्लिखित मध्ये कुन चाहिँ ठूलो स्वर्गीय पश्चात्तापको भाग हो भनी भन्दछ ? (५)

- ❑ येशू क्रुसमा मर्नु भएको ।
- ❑ न्याय
- ❑ हाम्रो महान् पुजारीको रूपमा येशूको सेवकाई
- ❑ नोआको समयको भयानक वाढी ।
- ❑ दानियल सिंहको खोरमा फालिएको ।
- ❑ पाप र पापीको अन्तिम संहार ।
- ❑ नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृजना ।

१०.	तल उल्लेखितहरू मध्ये कुन सुसमाचार न्यायवाट हो ? (६)

- ❑ न्याय धर्मीहरूको पक्षमा गरिनेछ ।
- ❑ सैतान सदाको लागि नर्कमा जल्ने छ ।
- ❑ पाप फेरी कहिल्यै पनि सुरू हुने छैन ।
- ❑ पछिको भविष्यमा पाप सजिलै सुरू हुन सक्छ ।
- ❑ येशू हाम्रो न्यायकर्ता, वकिल र गवाही हुनुहुन्छ ।
- ❑ परमेश्वरको पापलाई सम्हाल्ने र उद्धार गर्ने तरिका न्यायसंगत छ ।
- ❑ आदम हव्बाले गुमाएका कुराहरू पुनः पाइनेछन् ।

११.	न्यायको थुमाको सम्वन्धमा सैतान सम्वन्धि कुन कुरा सत्य छ ? (३)

- ❑ पापको संरक्षण गरेको ऊ दण्डित हुन्छ ।
- ❑ सवै मानिसहरूलाई पाप गराउनको निम्ति उक्साउने कामका लागि ऊ दण्डित हुन्छ ।
- ❑ हाम्रो पापको जरिवाना तिर्नुवाहेक ऊसंग कुनै उपाय छैन ।
- ❑ सैतान हाम्रा पाप वोक्ने हो
- ❑ सैतान छाडिदिने बलि (बोको) थुमा हुन मान्दैन र भाग्छ ।

१२. न्याय अन्दाजी गरिँदैन । वरू यसले यो पक्का गर्दछ, मानिसले अब कसको सेवा गर्ने निश्चय गरिसकेको छ ।१

- ❑ हो
- ❑ होइन

१३. न्यायको मूख्य अभिप्राय यो हो कि मानिस, सैतान, राम्रा र नराम्रा दूतहरूलाई र अरू लोकका वासीहरूलाई यो प्रष्ट पार्ने कि परमेश्वरले पापलाई वुद्धिमानी, धार्मिकताका साथ यसलाई सम्हाल्नु हुन्छ । (१)

- ❑ हो
- ❑ होइन

१४. यदि तपाँईं उहाँलाई तपाईंको जीवनमा निम्त्याउनुहुन्छ भने परमेश्वरले स्वर्गीय न्यायको वेलामा तपाईंलाई क्षमा गर्ने वाचा गर्नुहुन्छ अनि उहाँलाई तपाईंको वागडोर उहाँको हातमा सुम्पिदिनु भयो भने तपाईंको जीवन उहाँले नै सम्हाल्नु हुनेछ । के तपाईं उहाँलाई तपाईंको जीवनमा आजै निम्त्याउनु हुन्छ ?

- ❑ हो
- ❑ होइन

# २० पाशिवक सैतानको छाप

नमेटिने गरि छालामा खोपिएको कुनै अंक, छाला भित्र राखिएको कुनै कम्प्यूटर यन्त्र वा अन्य कुनै अस्पष्ट छाप हुन्छन् तँ ? कुन होला त पाशिवक सैतानको छाप ? बाइबलमा गरिएका भविष्यवाणीहरूमा यो एक भम पार्ने विषय हो - यद्यपि यो जान्नु पर्ने एक अत्यन्त जरूरी विषय हो । पाशिवक सैतानको चिन्दै जाँदा हामी एकदमै संवेदनशील भागहरू सम्म पुग्दछौँ । हामीले नामहरू दिनु र त्यसको विशिष्टता थाहा पाउनु पर्दछ । आजको समयमा यो कुनै लोकप्रिय विषय त होइन तर पनि यस विषयमा हामी दृढ हुनुपर्दछ किनकि परमेश्वरले आफ्ना मानिसहरूलाई अति प्रेम गर्नुहुन्छ र तिनीहरूले यसको सत्यता जानून् भनेर उहाँ चाहनुहुन्छ । यो सन्देश हाम्रो होइन तर येशूको हो । यो आजकर्लका निम्ति प्रसिद्ध विषय होइन र किनभने हामी मानिसलाई प्रेम गर्दछौं, त्यसैले हामी यसवाट खुम्चन्छौँ । सम्भवतः यस अध्यायमा एक यस किसिमको चेतावनीले सुरू गर्नुपर्ने हो : “तपाँईले यो अध्ययन निर्देशिका पढेको र वुझेको सैतानले चाहँदैन ।” “छाप” स्वीकार गर्नेहरू अनन्त मृत्युसँग सामना गरिरहेका छन्, ती मानिसहरूलाई यो चेतावनी नदिनु अपराधिक कार्य हुनेछ । अघि वढ्नुभन्दा पहिले कृपया प्रकाश १४:९-१२ र प्रकाश १३:१-८, १६-१८ पढनुहोस् र एक इमान्दार र समझशक्ति भएको हृदय पाउनका निम्ति परमेश्वरसँग प्रार्थना गर्नुहोस् ।

### अत्यन्त जरूरी सम्झनु पर्ने कुरा

परमेश्वर र सैतान विचको डरलाग्दा युद्ध वढ्दो क्रममा भएको कुरा हामीले अध्ययन सहायक २ वाट सिक्यौँ । यो शताब्दीयौँ देखि नै प्रचण्ड हुँदै वढिरहेको छ जबदेखि स्वर्गको एक अति शक्तिशाली स्वर्गदूत लुशिफरले परमेश्वरको विरूद्धमा विद्रोह गऱ्यो । उसको दूतहरूसँगको सहयोग लिएर उसले परमेश्वर माथि जाइलाग्न प्रयत्न गऱ्यो र सारा जगत्को अधिकार खोस्न खोज्यो । परमेश्वर र वफादार स्वर्गदूतहरूसँग लुशिफर र उसको स्वर्गदूतहरूलाई स्वर्गवाट निकाल्नुवाहेक अरू कुनै विकल्प थिएन । लुशिफर जो दुष्ट र सैतानको रूपमा चिनिने वन्यो, ऊ क्रुद्ध भयो । परमेश्वरलाई खत्तम गर्ने र सारा जगत् माथि अधिकार गर्ने उसको संकल्प हरेक वितिरहेको वर्षसँगै वढिरहेको छ। अचम्म तरिका, उसले विद्रोहको आफ्नो षड्यन्त्रमा पृथ्वीका धेरै मानिसको सहयोग जितेको छ । परमेश्वरले पनि मानिसलाई उहाँ प्रतिको उसको समर्थन र सहयोगको लागि अनुरोध गर्नुहुन्छ तर उहाँले

सबैलाई रोज्नका लागि छोडिदिनुहुन्छ । चाँडै पृथ्वीका हरेक मानिस कि त सैतान कि परमेश्वरको पक्षमा रहेका हुनेछन् । सैतान र परमेश्वर विचको अन्तिम युद्ध ठीक अघिल्तिर छ र यो प्रकाशको पुस्तक भित्र व्याख्या गरिएको छ । यस पुस्तकले परमेश्वरको मानिसमा उहाँको छाप रहेको र त्यसैले उसलाई चिनाउने कुरालाई अंकित गर्दछ । सैतानको पनि छाप छ जसले तिनीहरूलाई उसको सहयोगी भनि चिनाउने छ । सदा झैँ सैतानले उसको छाप लागू गर्नको लागि संसारिक शक्ति "येशूवाट अंकित गरिएको" (प्रकाश) द्वारा काम गर्नेछ जुन अन्तिम समयको हरेक हराएको व्यक्तिले पाउनेछन् । जबसम्म तपाईलाई उसको "छाप" के हो भनी थाहा हुँदैन तब सम्म कसरी तपाँईले त्यो पाउनेवाट टार्न सक्नुहुन्छ?

१. "छाप" के हो भनी थाहा पाउनको लागि हामीले पहिले पशुलाई चिन्नुपर्दछ । वाइवलले कसरी पशुलाई व्याख्या गर्दछ ।

उत्तर : प्रकाश १३:१-८,१६-१८मा ११ वटा सैतानरुपी पशुलाई चिनाउने गुणहरू निम्न गरि उल्लिखित गरिएको छ ।

क. समुद्रवाट निस्किआएको । (पद १)

ख. दानियल अध्याय ७ को चारवटा पशुहरूको मिश्रित वनावट । ( पद २)

ग. अजिङ्गरले उसलाई शक्ति र अधिकार दिन्छ । (पद २)

घ. घातक चोट पाउँदछ । (पद ३)

ङ. घातक चोट निको पारियो । (पद ३)

च. पराक्रमी राजनीतिक शक्ति । (पदहरू ३,७)

छ. पराक्रमी धार्मिक शक्ति । (पदहरू ३,८)

ज. इश्वर निन्दकको दोषी । (पदहरू १,५,६)

झ. लडाँइ गर्न र सन्तहरूमाथि विजय हुन । (पद ७)

ञ. वयालिस महिनाहरू सम्म राज गर्दछ । (पद ५)

ट. रहस्यमय अंक ६६६ हुन्छ । (पद १८)

के यी विषयहरूले कसैको परिचय दिएको याद दिलाउँछ ? अवश्य । अगाडी हामीले दानियल अध्याय ७ मा खीष्टविरोधीको वारेमा पढ्दा प्राय तिनीहरूको सामना गऱ्यौँ । प्रकाश १३ को "पशु" साधारण तवरले "खीष्टविरोधीको" अर्को नाम हो, जुन हामीले दानियल ७ वाट पोपतन्त्र हो भनी सिक्यौँ । भविष्यको सूचनाहरूले जसरी दानियल प्रकाशमा भविष्यको सूचनाले प्रायजसो एउटै सतह ओगट्छ । तर हरेक समय नयाँ लक्षण थपिन्छ जसले भविष्यको सूचनाहरू निश्चित वनाउन मद्दत गर्दछ । त्यसैले यो अध्ययन सहायकवाट खीष्टविरोधीको वारेमा नयाँ चिज सिक्नको लागि आशा

गर्नुहोस् । आउनुहोस् अब पशुको व्याख्या गर्ने ११ विषयहरूमा पालैपालो विचार गरौं ।

**क. समुद्रवाट निस्कि आएको । (प्रकाश १३:१)**

भविष्यको सूचनामा समुद्र (वा पानी) ले मानिसलाई जनाउँदछ वा जनसंख्याले भरिएको क्षेत्रफल (प्रकाश १७:१५) लाई जनाउँदछ । त्यसैले पशु वा ख्रीष्टविरोधी, त्यसवेला चिनिएको संसारमा स्थापना भएका राज्यहरू मध्येवाट उदाउने छ । हामी सबैले जानेको पोपतन्त्र, पश्चिम यूरोपमा उदायो, त्यसैले यो यस विषयमा ठीक तवरले मिल्दछ ।

स्पष्टीकरणको शब्द

सबै मानिसको आदर गर्ने परमेश्वरको आज्ञासँग मधुरो सम्वन्धमा ( १ पत्रुस २:१७) हामीले उनको धेरै राम्रो क्रियाकलापहरूका लागि पोपतन्त्र चिन्नको लागि यहाँ एकछिन रोक्छौं । उनका अस्पतालहरू, अनाथालयहरू, गरिवको लागि हेरविचार, अविवाहित आमाहरूका लागि घरहरू र वृद्धाको लागि हेरविचार गर्ने स्थानहरूलाई संसारभरि सराहना गरिन्छ । उनलाई धेरै चिजहरूको लागि इमान्दारीसाथ तारीफ गर्न सकिन्छ । तर सबै उक्त संघ-संस्थाहरू झैं उनले केही गल्तीहरू पनि गरेकी छिन् । परमेश्वरले प्रकाशको पुस्तकमा उनका गल्तीहरू प्राय औंल्याउनुभएको छ । परमेश्वर जो आशिष दिनुहुन्छ र सान्त्वना दिनुहुन्छ कहिलेकाहीं सजाय दिने र सच्याउने पनि गर्नुपर्दछ । जसै तपाँई यो महत्वपूर्ण विषय पढनुहुन्छ कृपया त्यसवेला तपाँईसँग वोल्नका लागि उहाँको आत्मा माग्नुहोस् ।

**ख. दानियल अध्याय ७ को चारवटा पशुहरूको मिश्रित वनावट । ( प्रकाश १३:२)**

कसरी यी सबै एकसाथ मिल्छन भनेर हेर्नका लागि तल दिइएको तुलना पढ्नुहोस् :

दानियल अध्याय ७

प्रकाश अध्याय १३

| | |
|---|---|
| वेविलोन सिंह जस्तो पशु | (पद ४) |
| "सिंहको मुख" | (पद २) |
| मिड पर्सिया भालु जस्तो पशु | (पद ५) |
| "भालुका खुट्टाहरू" | (पद २) |
| ग्रीस तुवा जस्तो पशु | (पद ६) |
| "चितुवाजस्तो" | (पद २) |
| रोम दसवटा सीङ्ग भएको | (पद ७) |
| "दसवटा सीङ्गहरू पशु भएको" | (पद २) |

दानियल ७ का चारवटा पशुहरू खीष्टविरोधी वा पशुको भाग भनी वयान गरिएको छ, किनकि पोपतन्त्रले सबै चारवटा साम्राज्यहरूवाट मूर्तीपुजक विश्वासहरू र आचारण गराएझैँ संसारमा तिनीहरूलाई आत्मिक लुगाले ढाकिन् र खीष्टियनको अध्यापन गराए झैँ संसारमा तिनीहरूलाई फैलाइन । इतिहासवाट धेरै समर्थक भनाइहरू मध्ये एक छ : "निश्चित अन्दाजमा, उनले, (पोपतन्त्र) ले आफ्नो संस्थाहरू रोमी साम्राज्यको स्वरूपमा निर्माण गरेकी छिन्, विजान्टीन र वारवारियन दुवैवाट सापट लिएकी सोक्रेट्स, प्लेटो, र एरिस्टोटलका दर्शनशास्त्रलाई फलदायी बनाएकी छिन् । तर सधैँ उनी स्वयं रहन्छिन, वाहिरी स्रोतहरूवाट निक्लिएको सबै तत्वहरू लगातार रूपमा पचाइरहेकी छन् । यो विषय अवश्य पोपतन्त्रमा ठीक तरिकाले मिल्दछ ।

**ग. अजिङ्गरले उसलाई शक्ति र अधिकार दिन्छ । (प्रकाश १३:२)**

अजिङ्गर चिन्नको लागि, हामी प्रकाश अध्याय १२ मा जान्छौ जहाँ परमेश्वरको अन्तिम समयको मण्डलीलाई शुद्ध स्त्री भनी चित्रिता गरिएको छ । भविष्यवाणीमा, शुद्ध आइमाइले परमेश्वरको साँचो मानिसको वा मण्डलीको प्रतिनिधित्व गरेकी छिन् । (यर्मिया ६:२, यशैया ५१:१६) । (अध्ययन सहायक २३ मा हामी प्रकाश अध्याय १२ को परमेश्वरको अन्तिम समय मण्डलीको वारेमा अध्ययन प्रस्तुत गर्नेछौँ । अध्ययन सहायक २२ ले प्रकाश अध्याय १७ र १८ व्याख्या गर्छ , जहाँ पतन भएको मण्डलीहरू, पतन भएको आमा र उनको पतन भएकी छोरीहरूवाट अंकित गरिएको छ ।) शुद्ध आइमाई गर्भवती र वच्चा पाउने अवस्थामा रहेको भनी वर्णन गरिएको छ । अजिङ्गर वालक जन्मनासाथ "निल्ने" आशामा नजिकतिर झुकेर वस्छ । तैपनि जब वच्चा जन्मन्छ, आफ्नो उद्देश्य पुरा गर्दछ र स्वर्गमा उक्लन्छ । स्पष्टरूपमा भन्नु पर्दा त्यो वच्चा येशू हुनुहुन्छ जसलाई हेरोद राजाले वेथलेहमका सबै वालकहरूलाई मार्न लगाएर खतम पार्न कोशिष गऱ्यो । (मत्ति २:१६) त्यसैले अजिङ्गर मूर्तीपुजक रोमको प्रतिनिधित्व गर्दछ जसको राजा हेरोद थियो । हेरोदको षड्यन्त्रको पछाडीको शक्ति अवश्य पनि सैतान थियो । (प्रकाश १२:७-९) । सैतानले आफ्नो घीनलाग्दो काम पूरा गर्नको लागि विभिन्न सरकारहरूसँग सहकार्य गर्दछ, यहाँ मूर्तीपुजक भनेर रोमीलाई संकेत गरेको छ ।

प्रमाणहरू धेरै भएपनि हामी इतिहासवाट मात्र दुइवटा सहयोगी प्रसङ्ग प्रमाण लिन्छौँ : १ रोमी चर्च...रोमी विश्व साम्राज्यको ठाउँ भित्र आफू स्वयंलाई ढकाल्यो जसको यो वास्तविक विस्तार हो ...

पोप ......... केसिजरको उत्तराधिकारी हो ।" (२) "शक्तिशाली क्याथेलिक मण्डलीमा बप्तिसमा लिएका रोमी साम्राज्य भन्दा अलिकति बढी थियो । रोमको आकार वद्लिएको थियो साथसाथै धर्म परिवर्तन गरेका थिए । पुरानो राजधानी खीष्टियन साम्राज्यको राजधानी वन्यो । पन्टीफक्स म्याक्सिमसको कार्यालय पोपको कार्यालयको रूपमा विस्तार गरियो ।" ३ त्यसैले यो विषय पनि पोपतन्त्रमा ठीक तरिकाले मिल्दछ । उनले उनको राजधानी शहर र शक्ति मूर्तीपुजक रोमवाट पाइन् ।

**घ. घातक चोट पाउँद छ । (प्रकाश १३:३)**

घातक चोट प्रहार भयो जब नेपोलियनको सेनापति अलेक्जेण्र वर्थियर रोम प्रवेश गरे र १७९८ को फेव्रुअरीमा पोप पियस चौथोलाई कब्जामा लिए । पोपको मृत्यु पछि नेपोलियनलले पोपतन्त्र अगाडी नवढने उर्दी गरे । पोप १७९९ अगष्ट मा फ्रान्समा मरे । "आधी यूरोपले सोचे .... पोपसँग पोपतन्त्रको मृत्यु भयो ।" ४ त्यसैले यो विषय पनि पोपतन्त्रमा ठीक तरिकाले मिल्छ ।

**ङ. घातक चोट निको पारियो र सारा विश्वले पशुलाई शक्ति दिनेछन् । (प्रकाश १३:३)**

यसको चोट पुरिँदै गएकोले पोपतन्त्रको प्रभाव वढेको थियो, छ र आजसम्म वढेको विश्वको एकदम शक्तिशाली मध्ये यो एक धार्मिक राजनीतिक सँगठनहरूको प्रभावकेन्द्र हो । मलाकी मार्टिनले भ्याकिटनको भेदक र जासुस विद्हरूलाई कब्जा गरे । उसको राम्रो विक्री हुने किताब "The Keys of This Blood" मा तल उल्लेखित कुरा प्रकट गरिएको छ । (कोष्ठकमा रहेको पृष्ठ संख्या हो)

पोपको वारेमा

कन्स्टेन्टाई आफ्नो समयमा भएझै उनी पनि संसारको शासक हुनको लागि अठोट गरेका छन् (४९) । ऊ चारवटा सरकारहरूवाट सुरक्षित छ (१२०) । ऊ वीसौं शताब्दीमा राम्रोसँग चिनिएको व्यक्ति हो (१२३) । ऊ ९१ देशहरूको अगुवाहरूको व्यक्तिगत साथी हो (४९०) । विश्वको मानिसले उसलाई, विश्वव्यापि नैतिक राज्यलाई अधीनमा राख्नको लागि तयार देख्नेछन् (१६०) । सोह्र हजार पत्रकारहरूले उसको अमेरिकन भ्रमणलाई ओगटेका थिए (४९०) ।

पोपतन्त्रको सम्वन्धमा

अमेरिकीन राजदुतले भ्याटिकन "सुन्ने खम्वा" जसरी अतुलनिय छ भनी भन्दछन (१२०)। विश्वको कुनै ठाउँमा सोमवार के हुनेछ भनी भ्याटिकनले शनिवार नै थाहा पाउँछ (५३८)। पोपिय संरचनालाई विश्वशासकको रूपमा तयार पारिएकोछ (१४३)। स्पष्ट रूपले चोट निको पारिएको छ र राष्ट्रहरूको आँखा भ्याटिकनमाथि छन्, त्यसैले यो विषय पनि पोपतन्त्रमा ठीक तरिकाले मिल्दछ।

| | | |
|---|---|---|
| V | = | 5 |
| I | = | 1 |
| C | = | 100 |
| A | = | 0 |
| R | = | 0 |
| I | = | 1 |
| U | = | 5* |
| S | = | 0 |
| | | 112 |
| F | = | 0 |
| I | = | 1 |
| L | = | 50 |
| I | = | 1 |
| I | = | 1 |
| | | 53 |
| D | = | 500 |
| E | = | 0 |
| I | = | 1 |
| | | 501 |
| Total | | |
| | | 112 |
| | | 53 |
| | | 501 |
| | | 666 |

रोमी अंक अनुसार U र V बराबर ५ नै हुन्छ।

**च. यो पराक्रमि राजनिति शक्ति हुनेछ। (प्रकाश १३:३,७)**

माथिको विषय "ङ" मा हेर्नुहोस्।

**छ. यो अति शक्तिशाली धार्मिक सँगठन हुनेछ। (प्रकाश १३:३,८)**

माथिको विषय "ङ" मा हेर्नुहोस्।

**ज. यो इश्वर निन्दकको दोषी हुनेछ। (प्रकाश १३:१,५,६)**

पोपतन्त्र ईश्वर निन्दकको दोषी छ किनभने उनका पुजारीहरूले पापहरूको क्षमा दिन सक्ने भनी दावी गर्दछन् र उनको पोपहरू आफू ख्रीष्ट हुँ भनी दावी गर्दछन्।

**झ. यसले युद्ध चकार्उने छ र सन्तहरूको खेदो गर्नेछ। (प्रकाश १३:७)**

पोपतन्त्रले खेदो गरेको थियो र अन्धकार युगको वेला दशौं लाख सन्तहरू खत्तम गरेको थियो।

**ञ. यसले वयालिस महिनाका लागि शासन गर्नेछ। (प्रकाश १३:५)**

वयालिस महिनाका लागि पोपतन्त्रमा शासन गर्नेछ। जुन ५३८-१७९८ ए.डी. वाट १२६० वर्षहरूसँग वरावर हुन्छ।

विषयहरू "ज" देखि "ञ" पनि पोपतन्त्रमा स्पष्ट रूपमा ठीक तरिकाले मिल्दछ। हामीले यहाँ तिनीहरूलाई मात्र छोटकरीमा छोयौं किनकि तिनीहरू अध्ययन सहायक १५ प्रश्न ८ र विषयहरू "ङ" "छ" र "ज" मा लगातार ढाक्यौं।

**ट. यसमा रहस्यमय अंक ६६६ हुन्छ । (प्रकाश १३:१८)**

यो पदले भन्दछ, "यो मानिसको अंक हो" र प्रकाश १५:२ ले भन्दछ, "यो उसको मानिसको नाउँको अंक हो" । कुन मानिस तपाँई सोच्नुहुन्छ जब तपाई पोपतन्त्रको वारेमा सोच्नुहुन्छ ? सजिलैसँग हामी पोपका वारेमा सोच्दछौं । उसको आधिकारीक नाउँ के हो ? यहाँ क्याथोलिक भनाई छ : रोमको पोपको विषय VICARIOUS FILLI DEI (नेपालीमा "परमेश्वरको छोराको प्रतिनिधि") हो । मलाकी मार्टिनले "The Keys of This Blood" मा पेजहरूमा १४४, १२२ मा पोपको  यही विषय प्रयोग गरेका छन् । वाइवलका केही क्याथोलिक भनाई भित्र प्रकाश १३:१८ को लागि पानाको मुनि छापिएको टिप्पणिले भन्दछ, "उसको नामको संख्या सम्वन्धी अक्षरहरूले यो अंक वनाउने छ ।" दाँयाको नक्सा विचार गर्नुहोस्, जसले, जब हामीले नामको अक्षरहरूको रोमी अंकसम्वन्धी महत्व जम्मा गर्दा के घट्छ भनी देखाउँछ ।

फेरि पोपतन्त्रमा समीकरण विषय ठीक तरिकाले मिल्दछ । "छाप" सँगको पशु पोपतन्त्र हो । इतिहासको कुनै अरू शक्ति कदाचित यो धर्मोपदेश विवरणात्मक विषयहरू ठीक तरिकाले मिल्दछ । अब त्यो पशुलाई हामीले सकारात्क रूपले चिन्यौं, हामी उनको छाप पत्ता लगाउन सक्छौं वा अधिकारको प्रतीक । तर पहिले आउनुहोस परमेश्वरको अधिकारको छाप तिर हेरौं ।


1. Andre Retif, The Catholic Sprit, trans. by Dom Aldhelm Dean, Vol. 88 of the Twentieth Century Encyclopedia of Cathloicism  (New York, Hawthorue Books 1959, p. 85)
2. Adolf Harnac, What is Christianity¿ Trans. by Thomas Builey Sounders (New York Putuamy 2nd ed. rev. 1901) p. 270
3. Alexander Clavence Flock, the rise of the Mediaeval Church (reprint, New York, Burnt Franklin, 1959) pp. 148, 149
4. Joseph Rickaby, "The modern Popacy," lectures on the history of Religion, lecture 24 (Catholic Youth Society, 1910) p.1
5. New York Simon and Schuster, 1990)
6. "Answers to Readers' Questions," Our Sunday Visitor, Nov. 15, 1914

२.	परमेश्वरको अधिकारको छाप वा प्रतीक के हो ?

*"त्यसवेला तिमीहरूलाई पवित्र पार्ने परमप्रभु म नै हुँ भन्ने कुरा तिनीहरूले जानुन भनेर तिनीहरू र मेरो विचमा छापका लागि मैले तिनीहरूलाई शवाथ दिनहरू पनि ठहराई दिएँ ।" इजिकिएल २०:१२ । म र इस्रायलीहरूका विचमा त्यो सदाका निम्ति एउटा छाप हुनेछ, किनभने परमप्रभुले ६ दिनमा आकाश र पृथ्वी वनाउनु भयो तर सातौँ दिनमा उहाँले काम छोडेर विश्राम गर्नुभयो ।" प्रस्थान ३१:१७*

उत्तर : परमेश्वरले माथिको मुल ग्रन्थहरू भित्र भनी रहनुभएको छ उहाँले हामीलाई सृष्टि गर्नका लागि उहाँको महिमित छाप उहाँको शवाथ दिनुभयो र हामीलाई शुद्ध पार्न (परिवर्तन गर्न र वचाउन) का लागि उहाँको शक्ति । वाइवलमा छाप शब्दहरू, संकेत, छाप र लक्षण पर्यायको रूपमा प्रयोग गरिएको छ ।[७] परमेश्वरको संकेत, शवाथ परमेश्वर सृष्टिकर्ता र मुक्तिदाता भएको कुराको प्रतिनिधित्व गर्दछ । प्रकाश ७:१-३ ले भन्दछ, "यो उहाँका मानिसको निधारहरू ( हिब्रु १०:१६) माथि लेखिनेछ । यसले सूचित गर्ने छ कि उनीहरू उहाँका हुन् र उनीहरूमा उहाँको चरित्रहरू छन् । हिब्रु ४:४-१० ले यो भनेर पक्का गर्दछ कि जब हामी उहाँको विश्राम (मुक्ति स्वीकाछौँ) मा प्रवेश गर्छौ, हामीले मुक्तिको प्रतीक वा छापको रूपमा उहाँको सातौँ दिन शवाथ पवित्र राख्नुपर्दछ । सत्य शवाथ राख्नेले सूचित गर्दछ कि त्यो व्यक्तिले येशू ख्रीष्टलाई आफ्नो जीवन समर्पित गरेको छ र येशूले जहाँसुकै डोऱ्याउनु हुन्छ ऊ त्यतै पछ्याउनका लागि इच्छुक छ ।

किनभने परमेश्वरको अधिकार प्रतीक वा छाप र शक्ति उहाँको पवित्र शवाथ दिन हो, यो सायद देखिन्छ कि परमेश्वरको प्रतिश्पर्धीको प्रतीक वा छाप पशु पवित्र दिन अवश्य पनि समावेश हुन्छ । आउनुहोस हेरौँ सायद यसो हुन्छ कि ।

(रोमी ४:११ सँग उत्पति १७:११ र इजिकिएल ९:४ सँग प्रकाश ७:३ दाँज्नुहोस् ।)

३.	उनको अधिकारको प्रतीक वा छाप हो भनी पोपतन्त्रले के भन्दछ ?

क्याथोलिक प्रश्नोत्तरको शिक्षावाट निम्नलिखित भागहरूमा ध्यान दिनुहोस् ।

प्र. उत्सवहरूको नियम गर्नको लागि चर्चसँग शक्ति छ भनी पुष्टि गर्न के तपाँईसँग अरू कुनै उपाय छ ?

उ. उनीहरूसँग त्यस्तो शक्ति नभएको भए उनी त्यसो गर्न सक्ने थिइनन् जसमा उनीसँग सबै आधुनिक धर्मविद्हरू सहमत हुन्छन्, उनीहरूले आइतवार हप्ताको पहिलो दिनको चलन वदली गर्ने थिइनन्, सातौँ दिन शनिवारको व्यवहार वदल्नका लगि, एक परिवर्तन जसको लागि धर्मशास्त्रमा कुनै अधिकार छैन । " त्यसकारण यसले सवाथको दिन आइतबारलाई परिवर्तन गऱ्यो र सबै मण्डलीले यसलाई नयाँ पवित्र दिनको रूपमा स्वीकार गरे भनी यसले भनिरहेको छ । अतः आइतबार पवित्र दिन हुनु नै यसको शक्ति र अधिकारको छाप वा संकेत हो भनी पोपतन्त्रले दावा गर्दछ ।

Stephen Keenan, A Doctrinal Castechism [FRS No. &], (3rd Americal Ed. rev. New York, Edward Dunigan & Bro., 1876, p. 174.

४. के परमेश्वरले त्यस्तो परिवर्तनको वारेमा धर्म पुस्तकमा भविष्यवाणी गर्नुभएको थियो ?

उत्तरः हो । दानियल ७:२५ मा ख्रीष्टविरोधी व्याख्या गर्दा परमेश्वरले भन्नु भयो यसले "समयहरू र नियमहरू परिवर्तनका लागि सोच्नेछ ।"

क. परमेश्वरको नियमहरूको परिवर्तनका लागि कसरी पोपतन्त्रले कोसिस गरेको छ ? तीन विभिन्न वाटोहरूवाट : उनीको प्रश्नोतरद्वाराको शिक्षामा उनले १. मूर्तीको सत्कार विरूद्धको दोस्रो आज्ञा मेटेकी छन् र २. चौथो आज्ञालाई छोट्याएर (शवाथ) आज्ञा ( प्रस्थान २०:८-११) ले स्पष्ट रूपमा हप्ताको सातौँ दिन को रूपमा शवाथ एक एक गरेर वर्णन गरिएको छ । पोपतन्त्रवाट परिवर्तन गरिए अनुसार, आज्ञा यसरी पढ्छ "याद गर कि तिमीहरू शवाथ दिन पवित्र राख्छौ" लेखिएको अनुसार यसले जुन पनि दिन तोक्न सक्छ र आखिरमा उनीहरूले ३. दशौँ आज्ञालाई दुईवटा आज्ञाहरूमा भाग लगाइन् ।

ख. परमेश्वरको समयहरूको परिवर्तनको लागि कसरी पोपतन्त्रले प्रयत्न गरेको छ ? दुइवटा उपायहरूमा : १. उनले शवाथको समय सातौ दिनवाट पहिलो दिनमा परिवर्तन गरेकी छन् । उनीहरूले शवाथको शुरूवात वा अन्तिम घण्टाहरूको लागि परमेश्वरको "समय" पनि परिवर्तन गरेकी छन् । परमेश्वरको आज्ञापत्रहरू (लेबी २३:३२) जसरी शुक्रवार राती घाम अस्ताएपछि देखी शनिवार मध्यरातसम्ममा शवाथ दिन गणना गर्नु पर्नेको सट्टामा, उनी शनिवार मध्यरातदेखी आइतवार मध्यरातसम्ममा दिन गणनाको लागि मूर्तीपुजक रोममा चलन अपनाइन् । परमेश्वरले यी

"परिवर्तनहरू" पशु र ख्रीष्टविरोधीले प्रयत्न गर्ने छ भनी भविष्य बताउनुभयो ।

क्याथोलिक प्रश्नोत्तरद्वाराको शिक्षावाट निम्नलिखित भागमा ध्यान दिनुहोस् ।

प्र. शावथको दिन कुन हो ?

उ. शनिवार शवाथ दिन हो ।

प्र. किन हामी शनिवारको सट्टामा आइतवार शवाथ मान्छौं ?

उ. हामी शनिवारको सट्टामा आइतवार शवाथ मान्छौ किनभने क्याथोलिक चर्चले धार्मिक कार्यहरूलाई शनिवारवाट आइतवारमा परिवर्तन गरेको छ । ९

यहाँ अर्को क्याथोलिक भनाई छ "वाइवलभन्दा माथि चर्च छ, र यो शनिवारवाट आइतवारमा शवाथ विधिको परिवर्तन त्यस यर्थाथ कुराको प्रमाण हो ।" १०

पोपतन्त्रको यो प्रसङ्गहरूले भनिरहेको छ कि यसको आइतवार आराधनामा शवाथ विधिको सफल परिवर्तन प्रमाण हो कि यसको अधिकार महान वा धर्मशास्त्रभन्दा "माथि" छ ।

9. Peter Geiermann, The Convert's Catechism of Catholic Doctrine (St. Louis, B Harder book Co. 1957 ed.) p. 50

10. The Catholic record (London Ontario, Canada, Sept. 1, 1923)

५. परमेश्वरको पवित्र दिन परिवर्तन गर्नको लागि कसरी कुनै व्यक्ति आँट गर्न सक्थ्यो ?

उत्तर : हामीले पोपतन्त्रवादीहरूलाई सोध्यौं, "के तपाईंले साँच्चै शवाथ दिनलाई आइतवारमा परिवर्तन गर्नुभएको हो ?" उनीले जवाफ दिइन "हो । हामीले गऱ्यौं । यो हाम्रो अधिकार र शक्तिको प्रतीक, वा छाप हो ।" हामीले सोध्यौं, "कसरी तपाईले त्यो गर्नको लागि सोच्न सक्नु भयो ?" यो योग्य प्रश्न हो । पोपतन्त्रले आधिकारीक रूपमा सुधारवादीहरूलाई सोध्ने प्रश्न अझ वढि युक्त हुन्छ । कृपया यो होसियारी पूर्वक पढ्नुहोस् ।

"तपाईले मलाई भन्नु हुनेछ कि शनिवार यहूदीको शवाथ थियो, तर त्यो ख्रीष्टियन शवाथ आइतवारमा परिवर्तन गरिएको छ । परिवर्तन गरिएको तर को द्वारा ? सर्वशक्तिमान परमेश्वरको आज्ञा परिवर्तन गर्नको लागि को सँग अधिकार छ ? जब परमेश्वर वोल्नु भएको छ र भन्नु भएको छ, तिमीहरूले सातौ दिन पवित्र राख्नेछौ, भने कसले भन्नको आँट्न सक्नेछ, "होइन", तपाई काम गर्नु हुनेछ र सातौं दिनमा सबै प्रकारको सांसारीक व्यापार गर्नुहुन्छ, तर तपाईले यसको

ठाउँमा पहिलो दिन पवित्र राख्नुहुनेछ ? यो एकदम महत्वपूर्ण प्रश्न हो, जुन मलाइ थाहा छैन तपाई कसरी उत्तर दिन सक्नुहुन्छ। तपाई सुधारवादी हुनुहुन्छ र तपाई वाइवलवाट र मात्र वाइवलवाट जाने प्रतिज्ञा गर्नुहुन्छ र तर पनि पवित्र दिन जसरी सातामा एक दिनको विधि जसरी वस्तु यस्तो महत्वपूर्णमा, तपाई वाइवलको साधारण अक्षर विरूद्ध जानुहुन्छ र त्यो दिन जुन वाइवलले आज्ञा गरेको ठाउँमा अर्को दिन राख्नुहुन्छ। दश आज्ञाहरू मध्ये "सातौ दिन पवित्र राख्नु" को आज्ञा एक हो। तपाई विश्वास गर्नुहुन्छ कि अरू नौवटा आज्ञाहरू अझै वन्धनमा छन्। चौथोसँग दूषित पार्नको लागि तपाईलाई कसले अधिकार दियो ? यदी तपाई आफ्ना सिद्धान्हरूसँग अविरोधि हुनुहुन्छ। यदी तपाई साँच्चै वाइवल र मात्र वाइवल पच्छयाउनुहुन्छ, तपाई नयाँ नियमको केही भाग उत्पादन गर्नको लागि सक्षम हुनुहुन्छ जुनमा यो चौथो आज्ञा प्रष्टसँग परिवर्तित गरिएको छ"

11. Library of Christian Doctrine: Why don't you keep the Holy the Sabbath day¿ (London Burns and Oates Ltd.) p. 3,4

दुःखपूर्ण तवरले परमेश्वरको पवित्र शवाथ उहाँको चिनारीको गोप्य छाप अस्वीकार गरेको हुनाले स्वर्गको फैसला न्यायसभा अगाडी दुवै क्याथोलिकवाद् र सुधारवाद दोषी ठहरिन्छ।

६. कस्तो गम्भीर आज्ञा परमेश्वरले उहाँको नियम र उहाँको संकेत वा छापको सम्वन्धमा दिनुभएको छ ?

क. परमेश्वरको केही आज्ञाहरूले असर गर्दैन भनी मानिसलाई ठेस खुवाउनको मनसाय सृजना गर्ने विरूद्ध धार्मिक अगुवाहरूलाई सचेत पार्नुहुन्छ (मलाकी २:७-९)। उदाहरणको लागि केही प्रचारकहरू सिकाउँछन् "यसले असर गर्दैन के दिन तपाई पवित्र राख्नुहुन्छ।"

ख. परमेश्वरले ती मानिसहरूलाई चेतावनी दिनुहुन्छ जसले उनीहरूको प्रचारकले सत्यता सम्वन्धी उहाँको नियम भन्दा चिप्लो कल्पित कथा प्रचार गर्नको लागि इच्छा गर्दछन्। (यशैया ३०:९,१०)

ग. परमेश्वर उहाँको नियमको सत्यता विरूद्ध उनीहरूको मनहरू कठोर बनाउनको सम्बन्धमा मानिसहरूले सचेत पार्नुहुन्छ। (जकरिया ७:१२)

घ. परमेश्वर ती मानिसहरूलाई सचेत पार्नुहुन्छ जो त्यो परमेश्वरको नियम जस्तै शवाथ, उदाहारणको लागि (होसे ८:१२) राख्नको लागि "अनौठो" देखिन्छ भन्छ।

ङ. परमेश्वरले भन्नुहन्छ पृथ्वीको माटो पल्टाउने काम, बिछोड, समस्याहरू र सरापहरू आउँछ  किनभने मानिसले उहाँको आज्ञा पच्छ्याउन अस्वीकार गर्दछन् र यो परिवर्तन गर्नको लागि कोशिष गरेका छन् । (यशैया २४:४-६)

च. परमेश्वर ती धार्मिक अगुवाहरूलाई चेतावनी दिनु हुन्छ जो अन्तिम समयको भविष्य सुचनाहरू प्रचार गर्नको लागि अस्वीकार गर्दछन् । (यशैया २९:१०,११)

छ. परमेश्वर गम्भीरतापूर्वक सचेत पार्नुहुन्छ कि अगुवाहरू जो सिकाउँछन् कि त्यहाँ गोप्य वस्तुहरू (जसरी परमेश्वरको पवित्र शवाथ जस्तै) र सामान्य वस्तुहरू (जसरी आइतवार जस्तै) विचमा साँच्चिकै भिन्नता छैन उनीहरूले उहाँको रीस सामना गर्नेछन् । ( इजिकिएल २२: २६-३१)

७. प्रकाश १३:१६ ले भन्दछ मानिसले निधारमा वा हातमा पाश्विक शैतानको छाप पाउनेछन् । यसको अर्थ के हो ?

उत्तर : निधारले दिमागको प्रतिनिधित्व गर्दछ (हिब्रु १०:१६) । पवित्र दिन आइतवार मान्ने निर्णय व्यक्तिको दिमागमा यो छाप लगाइने छ । हात कामको प्रतीक हो (उपदेशक ९:१०) परमेश्वरको पवित्र सवाथमा काम गरेर वा प्रयोगात्मक कारणहरू (काम, परिवार आदि) को लागि आइतवार नियमहरू सँग सँगै हिँडेर व्यक्तिको हातमा छाप लगाउनु हुनेछ । परमेश्वरको अथवा पशुको लागि संकेत वा छाप मानिसको लागि अदृष्य हुनेछ । तपाईले सारमा परमेश्वरको संकेत वा छाप शवाथ अथवा पशुको छाप, आइतवार स्वीकार गरेर आफु स्वयंलाई छाप लगाउनु हुनेछ । मानिसको लागि अदृष्य भए पनि परमेश्वरले कोसँग कस्तो छाप छ भनि थाहा पाउनु हुनेछ । (२ तिमोथी २:१९)

८. यशैया ५८:१,१३,१४ को अनुसार कस्तो निश्चित सुसमाचार परमेश्वरले अन्तिम दिनहरूमा उहाँको मानिसलाई प्रदान गर्नुहुन्छ ?

"चर्को गरी कुरा, नथाम् । तुरहीको आवाज जस्तै उच्च स्वरले करा । मेरो प्रजालाई तिनीहरूको वागिपन र याकूबको घरानालाई तिनीहरूका पाप जनाइदे ।" "तिमीहरूले मेरो शवाथ दिन तोड्ने र मेरो पवित्र दिनमा आफूखुसी गरेनौ भने र परमेश्वरको शवाथलाई आदरणीय ठान्यौ र आफ्नो इच्छा अनुसार नगरी व्यर्थका कुरा गरेनौ भने तिमीहरू परमप्रभुका रमाहट पाउने छौ र म तिमीहरूलाई देशका उच्च स्थानहरूमा सवार गर्ने तुल्याउने छु र म तिमीहरूलाई तिमीहरूका पुर्खा याकुबको उत्तराधिकारवाट भोज

खुवाउने तुल्याउने छु।" परमप्रभुको मुखैले यसो भन्नु भएको छ। यशैया ५८:१,१३,१४

उत्तर : उहाँ भन्नुहुन्छ "मेरो मानिस" लाई देखाउ कि तिनीहरू पाप गरिरहेका (सायद साधुताले) छन् किनभने तिनीहरू मेरो पवित्र दिनमा खुट्टा वजार्ने काम गरिरहेका छन् र उनीहरूलाई मेरो शवाथ टुक्राउनको लागि छोड भनी अनुरोध गर जसकारण म तिमीहरूलाई आशिष दिन सक्नेछु। जोरसँग वोल जसकारण तिनीहरूले तिमीलाई सुन्नेछन्।

ध्यान दिनुहोस् प्रकाश १४:९-१२ को तेस्रो स्वर्गदुत जो पाश्विक शैतानको छाप सम्वन्धि सुसमाचार ल्याउनु हुनेछ, ठूलो स्वरसँग वोल्नुहुनेछ पनि। (पद ९) साधारण जसरी व्यवहार गर्नको लागि भन्दा सुसमाचार एकदम महत्वपूर्ण छ। यो जीवन वा मृत्युको विचारणीय विषय हो। येशू भन्नुहुन्छ जब तिनीलाई उहाँ वोलाउनु हुन्छ उहाँको भेँडा वा मानिसले उहाँलाई पच्छ्याउनेछन्। (युहन्ना १०:१६,१७)।

९. के आइतवार आराधना गर्ने (पवित्र दिनको रूपमा) मानिसहरू सँग अहिले पाश्विक शैतानको छाप छ ?

उत्तर : हुँदैन। कसैले पाश्विक शैतानको छाप पाउनेछैनन् जब सम्म आइतवार (पशुको वनावटी पवित्र दिन) मा आराधना गर्नेले पाश्विक शैतानको छाप स्वीकार गर्नेछन्। तिनीहरू जो येशूलाई पच्छ्याउने र उहाँको सत्यता पालन गर्नेले उहाँको शवाथ दिन पवित्र राख्नेछन् र उहाँको छाप स्वीकार गर्नेछन्। भविष्यमा पाश्विक शैतानको छाप अस्वीकार गर्ने आशा राख्नेले अहिले नै येशू शवाथ ध्वजा (पताका) मुनि पाइला चाल्नुपर्दछ। उहाँको शक्ति उहाँलाई मान्ने तिनीहरूको लागि उपलब्ध छ (प्रेरित ५:३२)। उहाँ विना हामी केही गर्न सक्दैनौ (युहन्ना १५:५)। उहाँसँग सबै कुराहरू सम्भव छ (मर्कूस १०:२७)

१०. प्रकाशको पुस्तकको अनुसार युहन्नाले कसलाई परमेश्वरको अनन्त राज्यमा विशेषरूपले देखे ?

उत्तर : उत्तर तीनगुणा र स्पष्ट छ :

क. तिनीहरू जोसँग परमेश्वरको छाप वा संकेत (उहाँको शवाथ छ) उनीहरूको निधारमा छ। (प्रकाश ७:३)

ख. तिनीहरू जो पशु वा उसको प्रतिमूर्तीसँग परिचित हुन अस्वीकार गरे र जसले उनीहरूको निधारमा उसको छाप वा नाम पाउनको लागि अस्वीकार गरे (प्रकाश १५:२)।

ग. मानिसहरू जो आज र अनन्तको लागि पच्छ्याउँछन् जहाँ येशूले डोऱ्यानु हुन्छ, उहाँलाई सबै कुरामा पूर्णरूपले विश्वास गरेर (प्रकाश १४:४) त्यहाँ अरू वाटो छैन् ।

११. आज येशूले मानिसहरूलाई के भनिरहनु भएको छ ?
"येशूले फेरी तिनीहरूलाई भन्नु भयो "म संसारको ज्योति हुँ । मलाई पच्छ्याउने अन्धकारमा हिँड्डुल गर्नेछैनन्, तर त्यसले जीवनको ज्योति पाउने छ ।" युहन्ना ८:१२)

उत्तर : कस्तो असल वाचा । यदि हामी उहाँलाई पच्छ्याउँछौ भने हामी अन्धकारमा विलिन हुनेछैनौ तर त्यसको सट्टामा हामीले महिमित सत्यता पाउनेछौँ । यो भन्दा उत्साहपूर्ण कुरा अरू केही हुनेछैन । अधिकतरले, हाँलाई पच्छ्याउनाले र उहाँको शवाथ पालन गर्नाले हाम्रो निधारहरूमा परमेश्वरको छाप राखिनेछ र अनाज्ञाकारीहरू माथि बर्सिने भयंकर महामारीबाट जोगाउनु हुनेछ । (भजनसँग्रह ९१:१०, प्रकाश १६) । येशूको दोस्रो आगनम मा यसले पनि हाम्रो तयारीको संकेत जनाउने छ । कस्तो आशिषित हेरविचार र विश्वास परमेश्वरले हामीलाई प्रस्ताव गर्नु भएको छ ।

जरूरी चेतावनी
तपाईले केही आश्चर्यपूर्ण जानकारी पत्ता लगाउनु हुनेछ जब तपाईँ नौवटा मध्ये अन्तिम तीवटा अध्ययन सहायकहरू पढनुहुनेछ जसले प्रकाश १४:६-१४ को तीन स्वर्गदुतहरूको सुसमाचारहरूको वारेमा चर्चा गर्दछन् । :
क. पृथ्वीको अन्तिम युद्धमा संयुक्त राज्यको भूमिका ।
ख. कसरी विश्वका चर्चहरू र धर्महरू सामेल गरिने छन् ।
ग.संसारको कुन अवस्थाहरूले पृथ्वीको अन्तिभ लडाई प्रवल गर्नेछ ।
घ. दशौँ खर्वलाई छल्नको लागि सैतानको अचम्म लाग्दो योजना ।
सायद तपाई सोचिरहनु भएको छ होला कि सुधारवादी चर्चहरूले शवाथलाई आइतवारमा परिवर्तन गर्नको लागि पोपसम्वन्धित अधिकार सम्वन्धि के भन्नु पर्दछ ? आगामी पृष्ठमा उल्लेखित भनाईँहरूले तपाईँलाई झस्काउने उत्तरहरू दिनेछन् ।

१२. परमेश्वर तपाईले उहाँको मुक्ति स्वीकार्नु होस् र उहाँलाई पच्छ्याउनुहोस् जहाँसुकै उहाँले डोऱ्यानुहुन्छ भन्ने संकेत जसरी उहाँको पवित्र सातौँ दिन शवाथ राख्नको लागि हामीलाई मागिरहनु भएकोछ । के तपाई अहिले उहाँको शवाथ पवित्र राख्न शुरू गर्नको लागि निर्णय गर्नुहुन्छ ?
उत्तर:........................................................................

## शवाथको सम्वन्धमा चर्चहरू र अरू अधिकारहरूवाट टिप्पणीहरू:

वप्टिष्ट: "त्यहाँ थियो र शवाथ दिन पवित्र मान्नको लागि आज्ञा हो, तर त्यो शवाथ दिन आइतवार थिएन... । यो भनिनेछ, जसरी त्यसरी र विजयको केही प्रदर्शनसँग, कि शवाथ सातौ दिनवाट हप्ताको पहिलो दिनमा सारिएको थियो ... यस्तो प्रवन्ध प्रमाणित गरिएको कहाँ पाउन सक्छौँ ? नयाँ नियममा होइन, शतप्रतिशत होइन । त्यहाँ शवाथ सभा सातौ वाट हप्ताको पहिलो दिनमा परिवर्तन भएको धार्मिक प्रमाण छैन ।" Dr. Edward T. Hiscon, author of "The Baptist Manual" in a paper read before a New York Ministers' conference held Nov. 13, 1893

क्लाथोलिक : "तपाई बाइबल उत्पति देखि प्रकाशसम्म पढ्न सक्नु हुन्छ र तपाई आइतवारको पवित्रकरण अधिकृत गरिएको एउटा पनि धर्सा पाउनुहुने छैन । धर्मशास्त्रहरूले शनिवारको धार्मिक विधि लागु गर्दछ त्यो दिन जुन हामी (क्याथोलिक) कहिल्यै शुद्ध पार्दैनौ ।" James Cardinal Gibbons, The Faith of Our Father 10the edition 1880, p. 111

चर्च अभ् क्राइस्ट : "आखिर हामीसँग यो विषयमा खीष्टको गवाही छ । मर्कूस २:२७ मा उहाँ भन्नुहुन्छ । शवाथ दिन मानिसको लागि वनेको हो, मानिस शवाथ दिनको लागि होइन । यी पुस्तकको अंशवाट यो प्रत्यक्ष हो, शवाथ इस्रायलिहरूका लागि मात्र वनाइएको थिएन जसरी Paley र Hengstenberg ले हामीलाई विश्वास दिलाउने थिए तर मानिसको लागि ... । त्यो हो कुलको लागि । यसैले हामी निष्कर्ष निकाल्छौँ कि शवाथ शुरूवाट चोख्याइएको थियो र जुन त्यो आदमलाई दिइएको थियो अदनमा पनि ती पहिलो सभाहरूको मध्ये एक जसरी जुन परमेश्वरले सबै मानिसको आनन्दको लागि नियुक्त गर्नुभयो ।" Robert Miligam, Sheme of the redemption (St. Louis, The Bethancy Press1961) p.165

कङ्ग्रिगेसनसलस्ट :"खीष्टियन शवाथ (आइतवार) धर्मशास्त्रहरूमा छैन, र प्रचीन चर्चमा यसलाई शवाथ भनिएको थिएन ।" Dwight's Theology. Vo. 4, p. 401

एपिसकोपल:"आइतवार (Dies Solis रोमी पात्रो घामको दिन हो किनभने घामलाई समर्पित गरिएको हो) हप्ताको पहिलो दिन आराधनाको दिन जसरी पहिले खीष्टियनहरूवाट लिइएको थियो ... नयाँ नियममा यस विधिको लागि नियमहरू विच्छ्याइको छैन नत वास्तवमा हो । यसको विधि तैपनि आनन्द मनाईको छ ।"

"Sunday" A Religious Encyclopedia, Vol.5 (New York, Frank and Wagnalls 1885) p.2259

लुथ्रन : “परमेश्वरको दिन (आइतवार) को विधि परमेश्वरको कुनै आज्ञामा पाइएको छैन तर चर्चको अधिकारमा छ ” Augshung Confession of Faith quoted in Catholic Sabbath Maual Paart 2, Chapter 1, Section 10

मेथोडिस्ट : “आइतवारको विषय लिनुहोस् । त्यहाँ नयाँ नियममा लक्षणहरू छन् जस्तै चर्चले कसरी आराधनाको यसको दिन जसरी हप्ताको पहिलो दिनमा राख्नको लागि आयो तर त्यहाँ त्यो दिन राख्नको लागि ख्रीष्टियनलाई भनिएको पुस्तकको अंश छैन वा यहूदी शवाथ त्यो दिनमा सार्नको लागि भनिएको छैन् ।” Harris Franklin Rall Christian Advocate Jul. 2, 1942

मूडी बाइबल अध्ययन संस्थान : “अदनमा शवाथ वन्धन गरिएको थियो र त्यसवेला देखि नै यो प्रचलनमा छ । यो चौथौ आज्ञा “याद गर” शब्दसँग शुरू हुन्छ देखाउँदै कि शवाथ पहिल्यै देखि अस्तित्वमा थियो जब परमेश्वरले ... भएको ढुङ्गाको पाटोहरूमा नियम लेख्नु भयो । मानिसले कसरी दाबी गर्न सक्छ कि यो एउटा आज्ञा अनुपस्थितीसँग गरिएको हो जब तिनीहरूको साँचो स्वीकार गर्नेछन् कि नौवटा अझै वन्धनहरूमा छन् भनी ?” DL Moody weighed and wanting p.47

प्रेस्विटेरियन : “जबसम्म पुरा नैतिक नियम खण्डन गरिएको छ भनेर प्रमाणित गर्दछ तबसम्म, शवाथ खडा हुनेछ....। ख्रीष्टको शिक्षाले शवाथको नित्यतालाई पक्का गर्दछ ।” TC Blake DD Theology Condeused p.474,475

पेन्तिकोस्तल : “हामी किन आइतवार आराधना गर्दछौं ? के बाइबलले हामीलाई सिकाउँदैन कि शनिवार परमेश्वरको दिन हुनुपर्दछ भनेर ?” .......स्पष्टसँग हामीले नयाँ नियमभन्दा केही अरू स्रोतहरूवाट उत्तर खोज्नु पर्नेछ ।” David A Womack "Is Sunday the Lord's Day¿" The Pentecostal Evangel Aug. 9,1959No.2301,p.3

विश्वकोष : आइतवार हप्ताको पहिलो दिनलाई मूर्तिपुजकहरूवाट दिइएको नाम थियो किनभने यो त्यो दिन थियो जुन दिनमा तिनीहरू मूर्तिको आराधना गर्थे....। सातौं दिन धन्य थियो र परमेश्वर उहाँ स्वयंवाट पवित्र गरिनुभएको थियो र उहाँलाई उहाँको लागि त्यो पवित्र राख्नको लागि उहाँको सृष्टिहरूको आवश्यक पर्दछ । यो आज्ञा सर्वव्यापि हो र सनातन देखि नैतिक रूपमा वन्धनमा छ ।” Eadies Bibical Cyclopedia 1872edp.564

# संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पुस्तिका सक्नुभन्दा अगाडी, अध्ययन सहायक पढनुहोस । तल दिइएको प्रश्नहरूको उत्तहरू अध्ययन सहायकमा पाउन सक्दछौ । ठीक उत्तर भएको वक्समा टीक लगाउनुहोस ।

१. धेरै मानिसले पाश्विक शैतानको छाप पहिल्यै पाइसकेका छन् । (१)

- ❑ हो
- ❑ होइन

२. पाश्विक शैतानको छाप हो (१)

- ❑ तपाईको सामाजिक सुरक्षा अंक
- ❑ आइतवार पवित्र दिनको रूपमा
- ❑ किराना मोलको लागि वार कोड

३. पशु सँगठन, जोसँग छाप छ त्यो हो (१)

- ❑ संयुक्त राष्ट्र संघ
- ❑ पोपतन्त्र
- ❑ राष्ट्रहरूको यूरोपियल समुदाय
- ❑ तीनपक्षिय कमिशन

४. छाप शब्द अनुसार हो र सबैवाट देखिन्छ (१)

- ❑ हो
- ❑ होइन

५. परमेश्वरसँग उहाँको शक्ति र अधिकारको छाप वा प्रतिक पनि छ ( १)

- ❑ हो
- ❑ होइन

६. परमेश्वरको अधिकारको छाप हो (१)

- ❑ गोप्य अंक जो हरेक विश्वसनीय ख्रीष्टियनलाई दिइएको छ ।
- ❑ जिब्रोहरूमा वोल्ने
- ❑ सृष्टि र पवित्रीकरणको सम्भनामा शवाथ पालना गर्ने
- ❑ वप्तिष्मा

७. कसरी "पशु" ले परमेश्वरको नियम वदल्न प्रयत्न गऱ्यो ? (२)

- ❑ चौथो आज्ञाको शवाथलाई आइतवारमा परिर्वन गरेर
- ❑ व्यभिचार गर्नु पाप होइन भनेर अध्यापन गराएर
- ❑ मूर्तीहरूको सत्कार विरूद्धको आज्ञा हटाइ

८. बाइबल भविष्य सूचनामा वयालिस महिनाहरू कति लामा छन् ?

- ❑ ४२० ठीक-ठीक मूलको अनुरूप वर्षहरू
- ❑ तीन र एक आदि ठीक-ठीक मूलको अनुरूप वर्षहरू
- ❑ १२६० ठीक-ठीक मूलको अनुरूप दिनहरू
- ❑ १२६० ठीक-ठीक मूलको अनुरूप वर्षहरू

९. पाश्विक शैतानको छाप कहाँ राखिने छ ? (२)

- ❑ हातमा
- ❑ मुखमा
- ❑ गालामा
- ❑ निधारमा

१०. परमेश्वरको छाप कहाँ राखिनेछ ? (१)

- ❑ हातमा
- ❑ निधारमा
- ❑ व्यक्तिको जिब्रोमा

११. तीन स्वर्गदुतहरूका सुसमाचारहरूको मध्ये पशुका छाप विरूद्धको चेतावी कुन हो ? (२)

- ❑ पहिलो स्वर्गदुतको सुसमाचार
- ❑ दोस्रो स्वर्गदुतको सुसमाचार
- ❑ तेस्रो स्वर्गदुतको सुसमाचार

१२. पशुले परमेश्वरको समयहरू परिवर्तन गर्न प्रयत्न गऱ्यो यस प्रकार ( २)

- ❑ जसरी नयाँ वर्षको उत्सव मनाउन विदा दिने
- ❑ परमेश्वरको पवित्र दिन सातैं वाट हप्ताको पहिलो दिनमा परिवर्तन गरेर ।
- ❑ घाम अस्ताए देखि घाम उदाएको सट्टामा मध्यरात देखी मध्यरातसम्मको तालिकामा परमेश्वरको पवित्र दिनको लागि घण्टाहश्र निधो गरेर ।

१३. येशूले हामीलाई पाश्विक शैतानको छाप सम्वन्धि चेतावनी सुसमाचारहरू दिनुभयो । (१)

- ❑ हो
- ❑ होइन

१४. धर्मशास्त्रमा लेनदेन गर्न सकिने गरी संकेत, छाप, छाप र लक्षण प्रयोग गरिएको छ (१)

- ❑ सत्य
- ❑ असत्य

१५. आइतबारलाई पवित्र दिन मान्ने कुनै पनि प्रकारको अधिकार बाइबलमा उल्लेखित छैन । (१)

- ❑ सत्य
- ❑ असत्य

१६. म विश्वास गर्दछु मैलै परमेश्वरको सातौँ दिन शवाथ (शनिवार) पालन गर्न शुरू गर्नुपर्दछ ।

- ❑ पर्छ
- ❑ पर्दैन

# २१ बाइबलिय भविष्यवाणीमा संयुक्त राज्य अमेरिका

बाइबलिय भविष्यको आश्चर्यपूर्ण सन्देशमा अमेरिका पर्दछ भनी थाहा पाउँदा तपाईं अचम्ममा पर्नसक्नुहुन्छ । निसंदेह पृथ्वीको आश्चर्यपूर्ण आन्तिम घटनाहरूमा अमेरिकाले मुख्य भूमिका खेल्नेछ । जब तपाईंले अर्थपूर्ण रूपमा सोँच्नुहुन्छ कसरी एउटा शक्तिशाली देशले यस्तो प्रभावशाली भूमिका खेल्दछ जसको प्रभावले संसारको अन्तिम इतिहासमा निर्णायक घडीमा पुऱ्याउँछ तब तपाईं आश्चर्यमा पर्नुहुन्न । बाइबलमा उल्लिखित अर्गज राज्यहरूको अस्तित्व कसरी भए र किन गए, यी जिज्ञासाहरूले तपाईंलाई अच्चम्भित तुल्याउने छन् । कृपया यो अध्ययन सहायक सुरू गर्नुभन्दा अगाडी प्रकाश १३:११-१८ पढ्नुहोस । यी आठ पदहरू आउँदो दिनहरूमा अमेरिकाको सम्वन्धमा येशूले गर्नुभएका चित्रण हुन् ।

१. प्रकाश अध्याय १३ मा दुई विश्वको शक्तिहरू चित्रण गरिएको छ । पहिलो शक्ति कुन हो ?

उत्तर : सातवटा टाउकोहरू भएको पशु (प्रकाश १३:१-१०) रोमी पोपतन्त्रवाहेक अरू कुनै होइन । (यो विषयमा पूर्ण अध्ययनका लागि अध्ययन सहायक १५ हेर्नुहोस् ।) याद राख्नुहोस् बाइबलिय भविष्यका सूचना भित्र पशुहरू,राष्ट्रहरू वा विश्व शक्तिहरूका प्रतिक हुन् (दानियल ७:१७,२३) ।

२. कुन वर्षमा पोपतन्त्रले आफ्नो विश्व माथिको प्रभाव रशक्ति गुमाउने छ भनि भविष्यवाणी गरिएको थियो?

*"त्यसलाई अहंकारी र ईश्वर निन्दक शब्दहरू उच्चारण गर्ने मुख दिइयो । त्यसलाई बयालिस महिनासम्म अधिकार चलाउने अनुमति दिइयो " (प्रकाश १३:५) ।*

उत्तर : बाइबलले भविष्यवाणी गऱ्यो, पोपतन्त्रले ४२ महिनाको अन्त्यतिर यसको विश्व माथिको प्रभाव र शक्ति गुमाउने छ । यो भविष्यको सूचना सन् १७९८ मा परिपूर्ण गरिएको थियो जब नेपोलियनका जर्नेल बर्थियरले पोपलाई कब्जामा लिए र पोपलाई घातक चोट पुयाऱ्यो । (पुरा व्याख्याको लागि अध्ययन सहायक १५ हेर्नुहोस् । )

३. पोपतन्त्रले घातक चोट पाइरहेको समयमा कुन राष्ट्रको उदय हुनेछ भनि भनी भविष्यवाणी गरिएको थियो?

*"अनि पृथ्वीवाट निस्किरहेको अर्को एउटा पशू मैले देखेँ । त्यसको पनि थुमाको जस्तै दुइवटा सिङ्ग थिए र अजिङ्गर जस्तै त्यो वोल्दथ्यो " (प्रकाश १३:११) ।*

उत्तर : पद १० मा उल्लेख गरिएको पोप माथिको अधिनता सन् १७९८ मा समाप्त भयो र नयाँ शक्तिको उदय (पद११) त्यही समयतिर भएको देखिएको थियो । संयुक्त राज्यले सन् १७७६ मा आफ्नो स्वतन्त्रताको घोषणा गऱ्यो, १७८६ मा संवैधानिक चुनाव गऱ्यो, १७९१ मा अधिकारहरूको प्रस्तावित कानुनहरू लागू गऱ्यो र १७९८ वाट विश्वशक्तिको रूपमा चिनिएको थियो । तालिका स्पष्टरूपले अमेरिकामा ठीक तरिकाले मिल्दछ । यस वाहेक कुनै अरू राष्ट्र पनि यो घटनाक्रमसँग मिल्दैन ।

४. "पृथ्वीवाट वाहिर आइरहेको" पशुको प्रभाव के हो ?

उत्तर : यो राष्ट्र, दानियल र प्रकाश भित्र उल्लेख गरिएको अरू राष्ट्रहरूझैँ पानीवाट नभई "पृथ्वीवाट वाहिर" आउँदछ । हामीले प्रकाशवाट थाहा पाउँदछौ कि पानीले विशाल जनसंख्या भएको संसारको कुनै भागलाई संकेत गर्दछ । ती स्वर्गदूतहरूले मलाई भने, "तिमीले देखेका ती पानीहरू, जहाँ त्यो वेश्या वसेकी छे, ती चाहीँ मानिसहरू, भिडहरू, जातीहरू र भाषाहरू हुन्" (प्रकाश १७:५) । यसकारण पृथ्वीले विपरित प्रतिनिधित्व गर्दछ । यसले अर्थ लगाउँदछ कि यो नयाँ राष्ट्र विश्वको भूभाग भित्र जो सन् १७०० तिर वास्तवमा थोरै जनसंख्या भएकोवाट निस्की आउनेछ । यो पुरानो विश्वको भीड भएको र संघर्ष गरिरहेको राष्ट्रहरू मध्येवाट निस्कि आउनेछैन । यो त्यो महाद्वीपभित्रवाट आउनु पर्दथ्यो जहाँ जनसंख्या पातलो हुन्थयो ।

५. यसका दुइवटा थुमा जस्तो सीङ्गहरू भएको र मुकुटहरूको अनुपस्थितिवाट के प्रतिक गरिएको छ ?

उत्तर : सीङ्गहरूले राजाहरू र राज्यहरू वा सरकारहरूको प्रतिनिधित्व गर्दछ ( दानियल ७:२४,८:२१) । यो विषयमा उनीहरूले अमेरिकाको दुईवटा राज्य चलाउने सिद्धान्तहरू, नागरिक र धार्मिक स्वतन्त्रताको प्रतिनिधित्व गर्दछ। यी दुई राज्य चलाउने सिद्धान्तहरू पनि प्रस्तुत गरिएको छ "गणतन्त्रवाद (राजा विनाको सरकार) र "प्रोटेस्टेन्टवाद" ( पोप विनाको चर्च) । अरू राष्ट्रहरूले प्राचिन समय देखि नै धर्मराज्य

सहयोग गर्नका लागि मानिसलाई कर लगाएका थिए । कोहीले पनि धार्मिक मतभेदहरू दवाएका थिए । तर अमेरिकाले केही कुरा पूर्णरूपमा नयाँ स्थापना गरे : आराधना गर्ने स्वतन्त्रता जस्तै जसमा अमेरिकामा सरकारले हस्तक्षेप गर्दैन र सुरक्षा प्रदान गर्दछ । "मुकुटहरूको अनुपस्थीति"ले सरकारको जनतन्त्रवादी नमूना पस्तुत गर्दछ । राजतन्त्र देशभन्दा थुमा जस्तो सिङ्गहरूले निर्दोष तन्नेरी, निर्दयी नभएको, शान्त प्रेमी र आध्यात्मिक राष्ट्र दर्शाउँछ । येशूलाई प्रकाशमा २८ चोटि थुमाजस्तो भनेर सम्बोधन गरिएको छ । त्यसैले यो नयाँ सरकारले उनको सिद्धान्तहरू समर्थन गर्नका लागि कोसिस गरिरहेको थियो । अमेरिका वाहेक पृथ्वीमा कुनै अरू शक्ति थुमाका सिङ्ग भएको पशु र समयले देखाएको भाग मिल्दैन ।

महत्वपूर्ण टिप्पणी : हामी कति इच्छा गर्दछौ हामी ठीक यहाँ येशूको अमेरिकाको व्याख्यामा रोक्न सक्ने हौँ तर हामी सक्दैनौ, किनभने उहाँले गर्नुभएन । पछि के आउँछ भनेको झाङ्गल-झुङ्गल र व्याकुलता हो। अमेरिका साँच्चै नै विशाल देश हो । यसको अन्तस्करण, प्रचार, वचन र साहसको स्वतन्त्रतासँग रक्षा जुन यसले दिलाउँछ । यसका सुनौलो अवसरहरू । यसको न्याययुक्त खेलको चेतना । यसको न्युन स्तरको मानिसहरूको साहनुभूति र यसको वलियो ख्रीष्टियन पूर्वीय स्थिति । यो पूर्ण छैन तर पनि अझै अरू देशहरूवाट मानिसको समुदाय हरेक वर्ष अमेरिकी वन्नको लागि हतार गर्दछन् । यदि अमेरिकाका ढोकाहरू फराकिलो गरि खोलिएको भए विश्वको ज्यादै ठूलो भागको मानिस एकै पटक संयुक्त राज्यतिर सर्ने थिए । उनीहरू यसलाई "पृथ्वीको स्वर्ग" झैँ नियाल्ने गर्दछन् । शोकका साथ भन्नुपर्दा यो धेरै शक्तिले आशिष दिइएको देश अगाडीका दिनहरूमा तीक्ष्ण रूपमा परिवर्तन हुनेछ, असमान टाउको दुखाइमा र परमेश्वरका मानिसका लागि सरापमा हुत्याएर । हामी यो मौन र गहिरो सरोकारसँग खबर गर्दछौँ ।

६. प्रकाश १३:११ को भविष्यवाणीले के अर्थ लगाउँछ जब यसले भन्दछ कि अमेरिका "अजिङ्गर झैँ वोल्नेछ" ?

उत्तर : जसै हामीले अध्ययन सहायक २० मा सिक्यौँ, अजिङ्गररुपी पशु सैतान हो, जो उसको दुष्ट राज्य स्थापना गर्नका लागि पृथ्वीको विभिन्न सरकारहरूद्वारा काम गर्दछ र परमेश्वरको चर्चलाई, उहाँको मानिसलाई खेदो गरेर र नष्ट गरेर थिचोमिचो गर्दछ । सैतानको लक्ष्य सधैँ परमेश्वरको शक्ति र सिंहासन हरण गर्नु र उसैको आराधना गर्न र मान्नका लागि मानिसलाई जबर्जस्ती गर्नका लागि

रहिआएको छ । (विस्तार पूर्ण वर्णनका लागि अध्ययन सहायक ३ हेर्नुहोस) त्यसैले "अजिङ्गर जस्तै वोल्ने" को अर्थ (सैतानको प्रभावमा) संयुक्त राज्यले अन्त्यको समयमा मानिसलाई अन्तस्करणको विपरित आराधना गर्न वा सजाय भोग्नका लागि जवर्जस्ती गर्दछ ।

७. विशेषरूपले अमेरिकाले के गर्नेछ जसले यसलाई अजिङ्गर झैं वोल्न लगाउने छ ?

उत्तर : चारवटा प्रमाणिक विषयहरूमा ध्यान दिनुहोस् ।

क. "त्यसले पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो ...." (प्रकाश १३:१२) । अमेरिका खेदो गर्ने राष्ट्र वन्नेछ जसले मानिसलाई उनीहरूको अन्तस्करण विरूद्ध जानका लागि जवर्जस्ती गर्नेछ, जसरी पोपिय रोमले गऱ्यो जुन प्रकाश अध्याय १३ को पहिलो आदिमा वर्णन गरिएको छ ।

ख. "र पृथ्वी र त्यसको सम्पूर्ण वासिन्दाहरूलाई पहिलो पशुको पूजा गर्न लगाउँथ्यो जसको घातक चोट निको भएको थियो" (प्रकाश १३:१२) । संयुक्त राज्यले जवर्जस्ती आराधना गर्न र पोपिय ख्रीष्ट विरोधीको राज्यभक्तिमा विश्वको राष्ट्रहरूको अगुवाई गर्नेछ । विषय सधैं आराधना हो । तपाईं कसको आराधना र आज्ञापालन गर्नुहुन्छ ? के त्यो ख्रीष्ट तपाईंको सृष्टिकर्ता र मुक्तिदाता वा ख्रीष्ट विरोधी हुनेछ ? पृथ्वीमा हरेक आत्माले आखिरमा एक वा अर्कोको आराधना गर्नेछन् । सम्पूर्ण पहुँचमा गहिरो आत्मिक देखा पर्नेछ । अतिविश्वसनीय अद्भुत कामहरू गर्नेछ (प्रकाश १३:१४,१५) जसले दर्सौखर्वलाई धोखा दिनेछ (प्रकाश १३:३) । तिनीहरू यो चालमा सहभागी हुनका लागि इन्कार गर्ने ईश्वर विहीन मौलिक विचार गरिएको ठानिनेछ । येशूले अन्तिम समयको सुधारवादी अमेरिकालाई "झुठो भविष्यवक्ता" मा प्रस्तुत गर्नुहुन्छ (प्रकाश १९:२०,२०:१०) किनभने यो आत्मिक र विश्वासयोग्य देखिनेछ तर यसको सट्टामा यसको आचरणमा सैतान हुनेछ । यी सबै असम्भव देखिन सक्दछन् तर येशूको शब्द सधैं पूर्णरूपमा विश्वासयोग्य र सत्य छन् (तीतस १:२) । उहाँले चारवटा विश्व सम्राट्हरू र ख्रीष्ट विरोधीको उदय र पतनको भविष्य वताउनु भयो (दानियल अध्याय २र७) । त्यो समयमा जब त्यस्तो भविष्यवाणी भिन्न देशको जस्तो लाग्ने र अविश्वसनीय देखिन्थ्यो । तर सबै भविष्य वताइएको अनुसार यर्थाथ रूपमा वित्न थाल्यो । आज हामीलाई उहाँको चेतावनी भविष्यको सुचना सम्वन्धी "अब यो हुनु अघि नै मैले तिमीहरूलाई भनिदिएको छु र जब यो हुन आउँछ तिमीहरूले विश्वास गर्न सको ।" (युहन्ना १४:२९) ।

ग. “पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका वासिन्दालाई वहकायो । तरवारले चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ती वनाउने हुकुम त्यसले तिनीहरूलाई दियो” (प्रकाश १३:१४) । संयुक्त राज्यले धार्मिक अभ्यास व्यवस्था गरि पशुको मूर्ती वनाउँनेछ । यसले आराधनामा आवश्यक पर्ने नियमहरू लागु गर्नेछ र मानिसलाई ति नियमहरू पालन गर्न वा मृत्युको समाना गर्न कर गर्नेछन् । यो काम गर्ने रीति चर्चराज्य मिलाईएको प्रतिलिपी वा प्रतिमूर्ती हो जुन पोप तन्त्रले भध्य युगहरूको समयमा उनको शक्तिको पूर्ण उचाइसम्म उपयोग गरिन् जब करोडौं मानिसहरू आफ्ना आस्थाको लागि मारिएका थिए । अमेरिकाले विवाहमा नागरिक सरकार र आफ्नो धर्म छोड्ने व्यक्ति मिलाउने छ जसले पोपतन्त्रलाई सहायता गर्नेछ । यसले उसको उदाहारणलाई पछ्याउनका लागि विश्वका सबै राष्ट्रहरूमा त्यसपछि प्रभाव पर्नेछ । यसरी पोप तन्त्रले विश्वव्यापि सहायता हासिल गर्नेछ।
घ. “त्यस पहिलो पशुको मूर्तीमा सास हालिदिने अनुमती त्यसलाई दिइयो यस हेतुले कि पशुको त्यो मूर्ती वोल्न सकोस् र पशुको मूर्तीलाई नपुज्नेहरू मारिऊन् ”(प्रकाश १३:१५) । संयुक्त राज्य अमेरिका अन्तराष्ट्रिय गतिको मुख्य राष्ट्र हो जसले पशु र उसको प्रतिमूर्तीलाई आराधना इन्कार गर्ने सबैमाथि सार्वलैंकिक मृत्युको सजाय लागु गर्नमा विश्वको राष्ट्रहरूमा दोस्रो पर्नेछ । यो विश्वव्यापि एकताका लागि अर्को नाम “वेविलोन विशाल” हो । (थप जानकारीको लागि अध्ययन सहायक २२ हेर्नुहोस) यो विश्वव्यापि सन्धिले ख्रीष्टको नाममा र पवित्र आत्माले प्रोत्साहन दिएको पुलिसको शक्ति देखाउनेछ मानिसहरूलाई जवर्जस्ती आराधनाको लागि अह्वान गर्नेछ ।

८. कस्तो विशिष्ट विचारणिय विषयहरू माथि बलपूर्वक लागु गर्नेछ छ र मृत्यु नमान्नेलाई दण्डको घोषणा गर्नेछ ?

*“त्यस पहिलो पशुको मूर्तीमा सास हालिदिने अनुमत्ती त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ती वोल्न सकोस् र त्यस पशुको मूर्तीलाई नपुज्नेहरू मारिऊन । अनि त्यसले साना ठूला धनी, गरिब, फुक्का र कमारा सबैलाई तिनीहरूको दाहिने हात वा निधारमा छाप लगाउन लाग्यो । त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो । त्यो छाप चाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो (प्रकाश १३:१५-१७) ।*

उत्तर : विवादको अन्तिम विषयहरू आराधना गर्ने र पशुलाई मान्ने र उसको चिन्ह स्वीकार गर्ने पवित्र दिन जसरी आइतवार विपरित ख्रीष्टलाई आराधना गर्न, मान्ने चिन्ह स्वीकार गर्ने उहाँको पवित्र सातौं दिन "शवाथ" हुनेछ । (विवरणहरूको लागि अध्ययन सहायक २० हेर्नु होस) । जब विचारणीय विषयहरू स्पष्ट वन्दछन् र मानिस आइतवारको दिनमा आराधना गर्न र शवाथ भंग गर्न वा मारिनको लागि जवर्जस्ती गरिनेछ तिनीहरू जो त्यसवेला शवाथ भन्दा आइतवार छान्ने पशुको आराधना गर्ने निष्कर्षमा पुग्नेछन् । तिनीहरूले ख्रीष्ट, उनीहरूको सृष्टिकर्ताको शब्दको सट्टामा, मान्छे, प्राणीको शब्द मान्नको लागि छानेका हुनेछन् । यहाँ पोपतन्त्रको निजी वक्तब्य छ "चर्चले शवाथलाई आइतवारमा परिवर्तन गऱ्यो र सबै विश्व दण्डवत् गर्दछन् र क्याथोलिक चर्चको आज्ञापत्रमा शान्त आज्ञापालन भित्र त्यो दिन माथि आराधना गर्दछन् ।" Hartford Weekly Call, Feb. 22,1884

९. के सरकारले साँच्चै किन्ने र वेच्नेलाई अधीन गर्न सक्थ्यो ?

उत्तर : दोस्रो विश्व युद्धका वेलामा किन्नेलाई कोटा टिकट आवश्यक वनाएर केही वस्तुहरू (जस्तै चिनी, टायरहरू र गाडी इन्धन) का लागि अधीन गरिएको थियो । टिकट विना पैसा मुल्यहीन थियो । यो उच्च कम्प्युटरको युगमा तपाईंको सामाजिक सुरक्षा अङ्कमा आधारित पद्धति सजिलै मिलाउन सकिन्छ । जब तपाईं विश्वव्यापी एकतासँग मिलेर काम गर्नका लागि मञ्जुर गर्नुहँदैन, तब तपाईंको खरिदको नम्वर अगाडीमा प्वाल पारिनेछ । जबसम्म तपाईं विश्वव्यापी सँगठन, तपाईंले केही कुरा किन्नुअगाडी पाउने नम्बरको समर्थनमा हुन्नथ्यो तबसम्म तपाईं अयोग्य ठहरिनुहुन्थ्यो । हामीलाई पूर्ण रूपमा सबैकुरा थाहा छैन । कसरी यो सब यसप्रकार आउने छ । तर हामी सकारात्मक हुन सक्दछौं, यो घट्ने छ किनकी प्रकाश १३:१६,१७ मा परमेश्वर भन्नुहुन्छ यो हुनेछ । दुइवटा निस्किआउने शक्तिहरू प्रकाश अध्याय १३ स्पष्ट छ । दुइवटा महान् शक्तिहरू अन्तिम समयमा निस्किआउनेछन्, अमेरिकाको संयुक्त राज्य र पोपतन्त्र । अमेरिकाको संयुक्त राज्यले पशु (पोपतन्त्र)को आराधना गर्नका लागि विश्वका मानिसलाई जवर्जस्ती गर्न र उसको चिन्ह वा मृत्युको सामना स्वीकार गर्न अगुवाई गरी पोपतन्त्रलाई समर्थन गर्नेछ । अर्को दुइवटा प्रश्नले यी दुई महान् शक्तिहरूको प्रभावहरूको मुल्यांकन गर्नेछ ।

१०. पोपतन्त्र अहिले कति बलियो र प्रभावकारी छ ?

उत्तर : उनी विश्वमा एकदमै वलियो धार्मिक-राजनितिक शक्ति हुन् । वास्तवमा विश्वको हरेक कुराको अगुवाई गर्ने देशले भ्याटिकनमा आधिकारिक राजदूत वा राज्य प्रतिनिधिहरू हुन्छन् । तल उल्लिखित यथार्थ कुराहरू विचार गर्नुहोस् ।

क. पोपतन्त्र यति प्रतिष्ठित र शक्तिशाली छ कि प्रायजसो सबै राष्ट्रहरूले आफ्नो मुख्य नीति वनाउनु भन्दा अगाडी उनीसँग विचार विमर्श गर्दछन् । उनको "कुटनीतिज्ञहरू पठाई १०० भन्दा वढि राष्ट्रहरूसँग सम्वन्धहरू कायम गर्दछन् ।" US News and World Report Oct. 30,1978

ख. उनीहरू साम्यवादको अन्त्यको लागि कीर्ति लिन्छन । उनीहरू यसो भन्छन्, येशूकी आमा मरियमले पोपको योजनामा अगुवाई गर्नुभयो जसले साम्यवादलाई तल ल्यायो । Handmaid in Feminist Time Dec.301991

ग. पोपको लक्ष्य भनेको यो शताब्दीको अन्त्यतिर पोपतन्त्रको नेतृत्व मुनि खीष्टियन विश्व एकरूप वनाउनु हो । उसले यो दौडका लागि आफ्नो जाल विछ्याउनका लागि ४० भन्दा वढि विश्व भ्रमण गरेका थिए । Gene H. Hogberg, The plain truth Nov/Dec. 1989

घ. सारा संसार पोपको अत्याधिक पक्षमा छ । इराकी संकटका वेला पोप र अमेरिकाको राष्ट्रपति फोनवाट हरेक हप्ता विश्वका घटनाक्रमहरूको वारेमा कुराकानी र छलफल गर्थे । US News and World Report Aug. 13,1990

ङ. जुन ७, १९८२ मा पूर्व राष्ट्रपति रोनाल्ड रेगन र पोप जोन पावल दोस्रो भ्याटिकनमा ५० मिनेटको लागि भेटे र साम्यवाद मेटाउनका लागि योजना वनाए । संयुक्त राज्यले अत्याधिक आधुनिक संचार सामग्रीहहरू भीडहरूलाई आवश्यक जानकारी दिन मद्दतका लागि पोल्याण्ड (सुरूवात हुने ठाउँ) मा जहाजद्वारा पठायो । The Holy Alliance Time Feb. 1992

च. गोर्वाचोभ ले भने, "सबैचिज जुनले हालैको वर्षहरू भित्र पूर्वीय यूरोप भित्र घटे ती पोपको प्रयासहरू विना निरर्थक हुनेथियो, यसमा उसले विश्वको रंगभूमिमा असल राजनीतिको पनि भूमिका खेल्यो ।" Miknail Gorbachev, Toronto star Mar.1992

पोपतन्त्र जसले सुधारवादी प्रोटेस्टेन्टहरूलाई धर्मद्रोही भनी सम्बोधन गर्दथे, उनीहरूलाई आज अलग भएका दाजुभाईहरू भनेर वोलाइरहेका छन् र नम्रतासाथ आहवान दिइरहेका छन् कि शान्ति र परमेश्वरको उपस्थितीका लागि सँगै सबै काम र प्रार्थना गरौं । दशौंलाख सुधारवादीहरू उसँग गहिरो रूपमा प्रभावित भएका छन् ।

वस्तुतः अनेक प्रोटेस्टेन्ट सम्प्रदायहरूसँग भिन्नता साम्य पार्न कोसिस गर्नका लागि पोप प्रोटेस्टेन्टहरूसँग आधिकारिक संवाद भइरहेका छन् । पन्ध्रौं सताब्दिमा मार्टिन लुथर जस्ता सुधारवादीहरू पोपसँग छुट्टिएर "प्रोटेस्टेन्ट" धार्मिक सम्प्रदायहरू खडा गरेका थिए । आज तिनीहरूलाई पोपले आफ्नो चर्चमा समावेश गर्न विचार विमर्श गरिरहेका छन् ।

११. संयुक्त राज्य अमेरिका अहिले कति वलियो र प्रभावशाली छ ?

उत्तर : संयुक्त राज्य अमेरिका विश्वको सबैभन्दा ठूलो सैन्य शक्ति भएको र प्रभावको केन्द्रविन्दुको रूपमा जानिन्छ । तल उल्लिखित कुराहरूलाई विचार गर्नुहोस् ।

क. "(अमेरिका नै हो) ग्रहको एक्लो वाँकी रहेको महान् शक्ति" The UN Obsession Time May 9,1994

ख. "त्यहाँ संयुक्त राज्य अमेरिकासँग पतिस्पर्धागर्ने शक्ति भविष्यमा उदय हुने छैन् ।" Charles Krauthammer, "The Lonely Superpower" The New Republic Jul. 29,1992

ग. यासिर अराफातले "नयाँ रोम" भनी अमेरिकालाई नामांकन गरे किनभने जसरी पुरानो रोम उसको युगको निर्विवाद महान् शक्ति थियो, त्यसै गरी अमेरिका अहिले सर्वोच्च शिखरमा छ । News Week Aug. 12,1991

घ. "अमेरिकाको शक्तिले अब सबै मुख्य विश्वव्यापी घटनाहरू निर्धारित गर्नेछ ।" Jim Hoagland, "Of Heros " The Washington Post Aug. 211991

जब साम्यवाद् मार्कस्का समूहले इथोपियाको सरकारलाई पछारे तब अमेरिकालाई वार्ता गर्नका लागि प्रस्ताव गरेको थियो । जब बोरिस येल्तसिनले स्वतन्त्र रसियाको राष्ट्रपतिको रूपमा कार्यभार सम्हाले, उनले सबैभन्दा पहिला अमेरिका भ्रमण गरे । पूर्व रसियाको राष्ट्रपति मिकायल गोर्वाचेभ आफूलाई संकटहरू पर्दा अमेरिकातिर फर्किए । जब कुवेत आक्रमण गरिएको थियो, यसको सरकारले अमेरिकालाई वोलाएको थियो । संयुक्त राज्य अमेरिकाले इराक विरूद्ध लडाँईको अगुवाई गर्न प्राय सम्पूर्ण विश्वको समर्थन जम्मा पार्‍यो । राष्ट्रिय सार्वजनिक रेडियो संवादाताले अमेरिकी राष्ट्रपतिलाई "विश्वको राष्ट्रपति" भनि सम्बोधन गर्‍यो । हामी अहिले "उच्च असाधारण विश्व संरचनामा छौं जहाँ अमेरिका एक्लो शक्तिशाली राष्ट्र भएको छ । यसले अन्तराष्ट्रिय प्रणालीमा शिखर हासिल गरेको छ । संयुक्त राज्य, अन्तराष्ट्रिय पद्धतिको चुचुरो तिर छ ।" Krauthammer, The New Republic

१२. यो स्पष्ट छ कि दुवै संयुक्त राज्य र पोपतन्त्रको प्रभाव र शक्ति शिघ्रतासँग भऱ्याङ्ग चढिरहेका छन् । अभ्र कुन तत्वहरू वा शक्तिहरूको प्रादुर्भाव हुनेछ जसले मानिसहरू आफ्नो स्वविवेकको खिलाफ नजाँदा मृत्युदण्डको विश्वव्यापी ऐनहरू बनाउँछन् ?

उत्तर : हामी निश्चयसँग तिनीहरूको नामाकरण गर्न सक्दैनौ तर सम्भावनाहरू यस प्रकार उल्लेखित छन् ।

क. आतंककारीको क्रियाकलाप
ख. दगांहरू र अत्याधिक अपराध र दुष्टता
ग. लागुपदार्थसँग आवद्ध युद्धहरू
घ. मुख्य आर्थिक संरचनाको पतन भुँइमा खस्नु ।
ङ. एड्स र अरू संक्रमण रोगहरू
च. शक्तिशाली राष्ट्रहरूवाट आणविक धम्कीहरू
छ. राजनितीक भ्रष्टाचार
ज. अदालतहरूले न्याय गर्न असक्षम
झ. सामाजिक सँस्थाहरूको दुरूपयोग ।
ञ. वढ्दो करहरू
ट. छाडा चलचित्र र पिडित व्यभिचार
ठ. व्याकुल पार्ने विश्वव्यापि विपत्तिहरू
ड. मानिसलाई लठ्याउने शक्तिशाली समुहहरू
ढ. गर्भपात संकट

भ्रष्टाचार, ऐन कानुन समाज, व्यभिचार, अटेरी कसैको कुरा नमान्ने स्वतन्त्रताविना, अन्याय, गरिबी, कमजोर र असफल राजनितीक अगुवाहरू यस्ता धेरै पिडाहरूले गर्दा कठोर नियम बनाएर त्यसलाई कडाईका साथ लागू गर्न वाध्यता हुनेछ र त्यस्ता कानुनको खिलाफमा विद्रोह पनि हुनेछ ।

१३. जसरी विश्व स्थितिहरू झन् खराव पारिने छ सैतानले आम जनमानसहरूलाई छल गर्नका लागि के गर्नेछ ?

*"मानिसको आँखाको अघि आकाशवाट पृथ्वीमा आगो झर्नेजस्ता ठूला-ठूला चिन्हरू पनि त्यसले देख्यो । पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका वासिन्दाहरूलाई वहकायो । तरवारले पनि चोट खाएर जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ती वनाउने हुकुम त्यसले तिनीहरूलाई दियो" (प्रकाश १३:१३,१४) ।*

उत्तर : अमेरिकाले वनावटी विश्वव्यापि धार्मिक पुनर्जागरणको पुनर्जीवित अनुभव गर्नेछ र हरेक व्यक्ति सहभागी हुन वाध्य पार्नका लागि

धार्मिक नियमहरू पारित गरियोस् भनी आग्रह गर्नेछ । (यो प्रकाश १३:१४ मा "पशुको प्रतिमूर्ती" ले प्रतिनिधित्व गरिएको छ) मानिसलाई परमेश्वरको पवित्र सातौं दिन शवाथ दिन उपेक्षा गर्नका लागि वाध्य पारिनेछ र सैतानले कार्यान्वयन गरेका आफ्ना दिन आइतबारलाई मान्न बल प्रगोग गर्नेछ । कसैले समाजिक र आर्थिक कारणहरूले गर्दा उसका अगाडी निरीह हुनेछन् । विश्वअवस्थाहरू यति असह्य वन्नेछ कि विश्वव्यापि "परमेश्वर र प्रार्थनामा फर्क" आइतवारमा आराधना र प्रार्थना गर्न नै देखिनेछ । सैतान तिनीहरूलाई बाइबलका सत्यतासँग सम्झौता गर्नुपर्दछ र आइतवार पवित्र राख्नुपर्दछ भनी अभियान चलाई विश्वलाई धोखा दिनेछ । तर यथार्थमा पशुको आराधना र उसको आज्ञापालन गर्नाले परमेश्वरको राज्यवाट बञ्चित हुनेछ । यसैकारण येशूले प्रकाशको पुस्तकमा सैतानको आराधना गर्न र उसको छाप (आइतबार) लगाउनु भयानक छ भनेर सन्देश दिँदा अचम्म मान्नु पर्दैन ।

१४. जब नक्कली धार्मिक पुनर्जागरण अभियानमा मानिसहरूको रूची अत्याधिक रूपमा वढिरहेको हुन्छ । त्यस बेला परमेश्वरका अन्तिम समयमा विश्वासी जनहरूले परमेश्वरतिर फर्काउन विशुद्ध पुनर्जागरण अभियान के हुन्छ होला ?

उत्तर : बाइबलले सम्पूर्ण विश्व "उजागर" हुनेछ भन्दछ (प्रकाश १८:१) । पृथ्वीका हरेक व्यक्तिले प्रकाश १४:६-१४ परमेश्वरको अन्तिम समयको तिन स्वर्गदूतहरूका सुसमाचार प्राप्त गर्नेछ (मर्कूस १६:१५) । परमेश्वरको अन्तिम दिनको चर्च अद्‌भूत गतिसँग वढ्नेछ । दसौं लाख मानिसहरू परमेश्वरको जनसँग मिल्नेछन् र येशू मार्फत अनुग्रह र आस्थालाई ग्रहण गरी मुक्तिको प्रस्ताव स्वीकार गर्नेछन् । यसले उनीहरूलाई उहाँको आज्ञाकारी सेवकहरू हुने परिवर्तन गर्दछ । विश्वका सबै देशहरूवाट धेरै मानिसहरू र अगुवाहरूले पशुको आराधना गर्न र उसको झूठो शिक्षाहरू अंगालो हाल्न अस्वीकार गर्नेछन् । यसको साटोमा उनीहरू येशूलाई मात्रा आराधना र आज्ञापालन गर्नेछन् । तिनीहरूले त्यसपछि उनीहरूको निधारमा उहाँको पवित्र शवाथको संकेत वा चिन्ह पाउनेछन् (प्रकाश ७:२,३) । यसरी अनन्त जीवनका लागि तिनीहरूलाई छाप लगाई दिनेछन् । ( परमेश्वरको छाप सम्वन्धी थप ज्ञानका लागि अध्ययन सहायक २० हेर्नुहोस् ।) परमेश्वरका जनहरू तीब्र गतिमा वढेकाले नक्कली धार्मिक पुनर्जागरण अभियानलाई क्रोधित हुनेछन् । यसका अगुवाहरूले उनीहरूसँग साथमा नलाग्नेले संसारमा भएका सबै विपत्तिहरू

परमेश्वरका जनहरू नै छन् भनी पुर्णरूपमा विश्वस्त हुनेछन् ( दानियल ११:४४) । परमेश्वरका जनहरूलाई किनवेच र व्यापार गर्नवाट वञ्चित गर्नेछन् (प्रकाश १:१६,१९) । तर परमेश्वरले उनीहरूको भोक मेटाउनुहुनेछ (यशैया ३३:१६) र उनीहरूलाई सुरक्षा दिनुहुनेछ (भजनसँग्रह ३४:९) ।

१५. हतासमा संयुक्त राज्य अमरिकाले अगुवाई गरेको संयुक्त दलले यसको शत्रुहरू माथि दण्डको घोषणा गर्नेछ (प्रकाश १३:१५) । यसका अगुवाहरूले उनीहरूसँग परमेश्वर हुनुहुन्छ भनी मानिसलाई विश्वस्त पार्नका लागि के गर्नेछन भनि प्रकाश १३:१३,१४ ले के भन्दछ ?

उत्तर : तिनीहरूले अचम्मको काम गर्नेछन्, अन्तिम समय मानिसको परमेश्वरका मानिस वाहेक सबैजनालाई विश्वस्त पारिनेछन् (मत्ती २४:२४) । सैतानको आत्माहरू (वा पतन भएको स्वर्गदूतहरू उपयोग गरि तिनीहरूले इन्द्रजालद्वारा मानिस प्रिय मृतक जनहरू शरीर धारण गरेर छकाउनेछन् (प्रकाश १८:२३) । र सम्भवत: बाइबलका भविष्यवक्ताहरू र भक्तहरू जस्तै समथर आकृति धारण गर्नेछन् । यी झुठ वोल्ने (युहन्ना ८:४४) पैशाचिक आत्माहरूले निश्चय दावी गर्नेछन् की मिलेर काम गर्न सबैलाई आह्वान गर्नका लागि तिनीहरूलाई परमेश्वरले पठाउनु भएको छ भनी सैतान खीष्ट जस्तै देखा पर्नेछन् ।

उसका स्वर्गदूतहरू खीष्टियन सेवकहरू जस्तै विशेष रूप धारण गर्नेछन् । सैतानका स्वर्गदूत पनि ईश्वरभक्त धर्मशासकहरूजस्तै देखा पर्नेछन् र सैतान उज्यालोको स्वर्गदूत भनेर देखा पर्नेछ (२ कोरिन्थी ११:१३-१५) । छकाउँदै चरमसीमामा पुगि सैतानले येशू हुँ भनी दाबी गर्नेछ (मत्ति २४:२३,२४) । सैतान जब खीष्टको शरीर धारण गरिरहेको वेला सजिलैसँग दावी गर्न सक्दछ कि उसले शवाथ आइतवारमा परिवर्तन गऱ्यो र उनीहरूको विश्वव्यापि पुनर्जागरण अगाडी वढ्नका लागि उसको चेलालाई अनुरोध गर्दछ र उसको “पवित्र” दिन आइतवारलाई वनाउँदछ ।

खर्बौ मानिसहरू छलमा परेका हुन्छन् । दसौ खर्ब सैतान येशू हो भनी विश्वास गरी उसको खुट्टामा ढोग्नेछन् र देखावटी गतिमा मिल्नेछन् । “... अनि सारा पृथ्वी छक्क परेर त्यस पशुको पछि लाग्यो ।”(प्रकाश १३:३, NEB । छल आकुल-व्याकुल तरिकाले प्रभावकारी असर पर्ने हुनेछ । तर परमेश्वरको अन्तिम समयका मानिसहरू उसका छलहरूमा पर्नेछैनन्, किनभने तिनीहरूले बाइबलवाट

सबैथोक जाँच्छन् (यशैया ८:१९,२० र थिमोथी २:१५) । बाइबलले भन्दछ परमेश्वरको नियम परिवर्तन गर्न सकिँदैन (मत्ति ५:१८) । यसले यो पनि भन्दछ जब येशू फर्कनुहुनेछ प्रत्येक आँखाले उनलाई देख्नेछ (प्रकाश १:७) र उहाँले पृथ्वी छुनुहुनेछैन् तर वादलमै रहनुहुनेछ र वायुमा उहाँलाई भेट्नका लागि उहाँको मानिसलाई वोलाउनु हुनेछ ।(१ थेसलोनिकि ४:१६-१७) The New English Bible © 1961,1970 by the Delegates of the Oxford University Press and the Syndics of the Cambridge University Press used by permission.

१६. हामी कसरी अन्तिम समयका शक्तिशाली छलहरूवाट सुरक्षित हुन सक्दछौं ?

क. बाइबलवाट प्रत्येक शिक्षाहरू जाँच गर (२ तिमोथी २:१५, प्रेरित १७:११, यशैया ८:१९,२०)

ख. येशूको त्यो प्रकट सत्यता पछ्याउनुहोस् । उहाँका इच्छाहरूलाई पालन गर्नेहरू कहिल्यै पनि भ्रममा पर्नेछैनन् भनी येशूले वाचा गर्नुहुन्छ । (युहन्ना ७:१७)

ग. हरेक दिन येशूको नजिक वस्नुहोस् । (युहन्ना १५:५)

स्मृतिपत्र : यो तिन स्वर्गदूतहरू सुसमाचारहरूमा नौवटा अध्ययनमा यो श्रेणी भित्र छैठौं अध्ययन सहायक हो। आगामी अध्ययन सहायकले कसरी खीष्टियन चर्चहरू र अरू धर्महरू विश्वव्यापी रूपले अन्तिम समयको घटनाहरूमा सहभागी हुनेछन् भनी वर्णण गरिन छ ।

१७. के तपाईं आराधना गर्न र आज्ञापालन गर्नका लागि उत्सुक हुनुहुन्छ बेइज्जत, हाँसोको पात्र र अन्त्यमा मृत्यु खेप्नु पर्ने ?

तपाईंको उत्तर ..........................................................

## तपाईंको विचारमा रहेका प्रश्नहरूको उत्तर

१. अन्तिम संकटमा परमेश्वरको सत्यता कहिल्यै नसुनेको मानिसले अञ्जानमा झूठा धार्मिक वाटो अपनाउँदा हराउनेछन भन्ने कुरा न्यायसम्मत देखिदैन ।

उत्तर : परमेश्वरले आजको निम्ति पठाउनु भएका तिन स्वर्गदूतका अत्यावश्यक तिन विषयक सुसमाचारहरू (प्रकाश १४:६) नसुनी ( मर्कूस १६:१५) र नवुझी (युहन्ना १:९) कसैले पनि अन्तिम संकटको सामना गर्नेछैन । मानिसहरूले त्यस बेला सैतानको छाप ग्रहण गर्न

खोज्नेछन् किनकि तिनीहरू येशूलाई पछ्याउने कुराको मुल्य तिर्ने इच्छा गर्दैनन् ।

२. प्रकाश १६:१२-१६ मा वोलिएको आरमागेड्डोन युद्ध के हो ? कहिले र कहाँ यो लडाइँ गरिनेछ?

उत्तर : आरमागेड्डोनको युद्ध खीष्ट र सैतान वीचको अन्तिम युद्ध हो । पृथ्वीमा यो लडाइँ गरिनेछ र अन्त्य समयको ठीक अगाडी सुरू हुनेछ । यस युद्धलाई येशू दोस्रो आगमनमा रोकिने छ । यो १००० वर्ष पछाडी फेरि सुरू हुनेछ जब दुष्टले पवित्र सहर कब्जा गर्ने आशासँग पवित्र सहरलाई घेर्दछ । जब परमेश्वरले दुष्ट माथि स्वर्गवाट तल आगो वर्साउनु हुन्छ र उनीहरूलाई खतम गर्नुहुन्छ तब युद्ध वन्द हुनेछ (प्रकाश २०:९) । (अध्ययन सहायक १२ ले विवरणमा १००० वर्षहरू व्याख्या गर्दछ ।)

"आरमागेड्डोन" शब्दले के अर्थ लगाउँदछ ?

आरमागेड्डोन "परमेश्वर सर्वशक्तिमानको त्यो महान् दिनको युद्ध," खीष्ट र सैतान वीच जसमा विश्वको सबै राष्ट्रहरू सम्मिलित हुन्छन् (प्रकाश १६:१२-१६,१९) यो त्यसकै सांकेतिक रूपको नाम हो । "पूव राजाहरू" पिता परमेश्वर र पुत्र परमेश्वर हुनुहुन्छ । बाइबल भित्र "पूर्व" ले परमेश्वरको स्वर्गीय राज्य प्रतिक मान्दछन् (प्रकाश ७:२, इजिकिएल ४३:२, मत्ति २४:२७) । यो अन्तिम युद्धमा येशू थुमा र उहाँको मानिस विरूद्ध लडाइँ गर्नका लागि (प्रकाश १७:१४,१९:१९) वास्तवमा सम्पूर्ण विश्व एकत्रित हुनेछ । (प्रकाश १६:१४) तिनीहरूको लक्ष्य पशुको आराधना गर्न र उसको चिन्ह स्वीकार गर्ने हुनेछ । ( प्रकाश १३:१५-१७)

<u>भ्रमले अस्वीकार गर्ने कामलाई पछयाउँछ</u>

मानिस जसले अन्तिम दिनहरूका लागि परमेश्वरको तिन स्वर्गदूतका सुसमाचार स्वीकार गर्न इन्कार गर्दछ (तैपनि उनीहरूलाई यो सत्य हो भनी थाहा छ) तिनीहरू दृढतापूर्वक असत्यमा मोहित हुनेछन् ।

<u>येशूको दोस्रो आगमनले युद्धलाई थाम्दछ</u>

युद्ध स्वयं विश्वव्यापी हुनेछ । सरकारहरूले परमेश्वरको मानिस खतम गर्नका लागि एकै चरणवद्ध रूपमा कोसिस गर्नेछ तर परमेश्वरले हस्तक्षेप गर्नुहुनेछ (प्रकाश १६:१२) । पानीले मानिसको प्रतिनिधित्व गर्दछ (प्रकाश १७:१५) खोला युफ्रेटिसको सुकेर जानेले यो लगाउँछ कि मानिसका सँगठन जसले पशुलाई सहायता गर्दै आएको थियो त्यो अचानक हट्नेछ । पशुलाई दिइने सहायता

यसरी सुकेर जानेछ कि यसको सहायकहरूको एकता (प्रकाश १६:१३,१४) पतन हुनेछ (प्रकाश १६:१९) । येशूको दोस्रो आगमनले यो युद्ध थाम्नेछ र उहाँका मानिसलाई वचाउनु हुनेछ (प्रकाश ६:१४-१७,१६:१८-२१,१९:११-२०)

<u>१००० वर्ष पछि युद्ध दोहोरिनेछ</u>

१००० वर्षहरू पछि परमेश्वर र उहाँको मानिस विरूद्ध फौजहरूको नेतृत्व सैतानले गर्ने खुल्ला रूपमा वाहिर आउनेछ । उसले परमेश्वर विरूद्ध युद्ध दोहोरिनेछ र उसले पवित्र सहर कब्जा गर्नका लागि कोसिस गर्दछ । त्यस पछि सैतान र उसका अनुयायीहरू स्वर्गको आगोवाट खत्तम गरिनेछ (अध्ययन सहायक ११ र १२ हेर्नुहोस) । सैतानको हरेक अनुयायी नष्ट गरिनेछन् । येशूको हरेक भक्त उहाँको अनन्त राज्यमा प्रवेश गर्नेछन् ।

३. बाइबलले भन्दछ, "…. वास्तवमा यस्तो समय आइरहेछ, जब तिमीहरूको हत्या गर्नेले परमेश्वरको सेवा गर्दैछु भनी ठान्नेछ ।" युहन्ना १६:२ । के तपाईं सोच्नुहुन्छ त्यो हाम्रो समयमा वास्तविक रूपमा पुरा हुनेछ भनी के तपाईं विश्वास गर्नुहुन्छ ?

उत्तर : हो । अन्तिम समयमा एकत्रित भएका संसार र धार्मिक सँगठनहरूले परमेश्वरका जनहरू प्रति साहनुभूति विलाएर जानेछ किनभने यिनीहरूले झूठा धार्मिक पुनर्जागरण वा सैतानको छाप -आइतबारमा आराधना) लाई अस्वीकार गरेका थिए । उनीहरूले ल्याएका आत्मिक जागरणलाई अद्‌भूत कामहरूद्वारा प्रमाणित गरेका छन् भनेर दावि गर्नेछन् । विरामीहरू निको भएका , परमेश्वरका कुख्यात विरोधीहरू अनैतिक सिनेरङ्गकर्मीहरू, लागुपदार्थ ओसार पसार गर्ने नाइकेहरू र अपराधीहरू परिवर्तन भई आध्यात्मिकताको वाटोमा हिँडेको प्रमाणले ती धार्मिक पुनर्जागरण सत्य भएको दावि गर्नेछन् । धार्मिक एकता समूहले उनीहरूको विश्वव्यापी अभियानमा कसैले खलल् नपुऱ्याओस् भनी चेतावनी दिनेछन् । सबैलाई आफ्नो व्यक्तिगत अभिव्यक्तिहरूलाई जस्तै सवाथ पालन गर्नलाई त्यागेर उनीहरूको विश्वव्यापि अभियानमा सामेल भएर शान्ति र भातृत्वको ऐक्यबद्धता प्रकट गरून भनेर उक्साउनेछ । उन्मुख भएर पुनर्जागरण अभियानमा नलाग्ने सबैलाई न्युन ठान्ने छ । यसतो धार्मिक अभियानमा साथ नदिने जो कोहीलाई भक्तिहिन, राजद्रोही, देशद्रोही र आतंकवादीको बिल्ला लगाइनेछ र अन्त्यमा त्यस्तो खतरापूर्ण कट्टर व्यक्ति जसलाई शहनशीलता र सद्‌भावना देखाउनु हुन्न भनेर त्यसको विरोधमा राज्यशक्तिलाई परिचालन गर्नेछ ।

४. जसै म दानियल र प्रकाश भविष्यको सन्देशहरू पढदछु । यो प्रत्यक्ष देखिन्छ कि वास्तविक शत्रु सधैं सैतान नै हुन्छ भनेर देखाउँदछ । के तपाईं यसमा सहमत हुनुहुन्छ ?

उत्तर : पूर्णरूपमा । तपाईं शतप्रतिशत सही हुनुहुन्छ । सैतान सधैं हाम्रो शत्रु हो । सैतान परमेश्वरको मानिसलाई चोट पुऱ्याउनका लागि पृथ्वीको अगुवाहरू र राष्ट्रहरूद्वारा काम गर्दछ । र यसरी येशू र पिताको हृदयलाई व्याकुल बनाउँछ । हामी यति सजिलैसँग विर्सन्छौं कि सैतान शत्रु हो । ऊ सबै खराबका लागि उत्तरदायी हुन्छ । सबै दोष ऊ माथि थुपारौं र अरू जसले परमेश्वरको चर्च र जनहरूलाई वाधा र चोट पुऱ्याउने मानिस वा संस्थाहरूलाई हत्तपत्त दोष नदिउँ र यस्तो निसाफ गर्ने काममा सावधानी अपनाऔं । ती परमेश्वरका जनहरूलाई दुःख दिने मानिस वा संस्थालाई प्रायजसो के गरिरहेको थाहा पनि हुँदैन र उनीहरूलाई जानकारी नदिएको पनि हुन सक्छ । तर सैतानको वारेमा यो सत्य होइन । उसलाई सव कुराको जानकारी हुन्छ र उसले के गरिरहेको छ, त्यसमा ऊ जागरूक छ ।

५. कसरी पोपको मृत्यु वा नयाँ राष्ट्रपतिको चुनावले प्रकाश १३:११-१८ अनुसार अमेरिकाको भविष्यवाणीलाई असर पार्ला ?

उत्तर : पोप वा राष्ट्रपति जे भए पनि अमेरिकाले भविष्यवाणी पुरा गर्ने । नयाँ राष्ट्रपति वा नयाँ पोपले पूर्णता अस्थायी रूपमा भविष्यवाणी पुरा गर्न गतिशिल हुन्छ वा ढिलो हुन सक्छ, तर अन्तिममा परिणाम बाइबल भविष्यवाणी अनुसार हुन्छ भन्ने कुरामा कुनै शंका छैन ।

६. के प्रकाश १३:११-१८ को थुमा सीङ्ग भएको पशु र प्रकाश १६:१३ को "झुठो भविश्यवक्ता झूठा देवदूतहरू" एकै किसिमका शक्ति हुन् ?

उत्तर : हो प्रकाश १९:२० मा, जहाँ परमेश्वरले ख्रीष्ट विरोधी पशुको नाश उल्लेख गर्नुहुन्छ, उहाँले झूठा भविष्यवक्ताको नाशका लागि पनि अपिल गर्नुहुन्छ । यहि आशंकामा झूठा धार्मिक सन्देश दिने शक्तिले पशुका समुन्ने अदभूत कामहरू गराएर देखाउनेछन् पशुको छाप पाउनेहरूलाई उसको प्रतिमूर्तीको आराधना गर्नेछ र मलाई धोका दिनेछन् भनेर । परमेश्वरले पहिचान गर्नुभएर देखाउनुभएको छ । यसले प्रकाश १३:११-१८ मा वर्णन गरिएको पाठोको सिङ्ग भएको पशुको कृयाकलापलाई स्पष्टरूपमा भण्डाफोर गरेको छ । यस अध्यायमा ती पाठोको सिङ्ग भएको पशु अमेरिका नै हो भनेर गरिसकेका छौं ।

# संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पाना सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढ्नुहोस । तल दिइएको प्रश्नहरूको उत्तरहरू अध्ययन पुस्तिकामा पाउन सक्नुहुन्छ । ठीक उत्तर भएको वक्समा टीक चिन्ह लगाउनुहोस । प्रश्नको पुछारमा रहेको अङ्कले पूर्णाङ्क संकेत गर्दछ ।

१. अमेरिकालाई बाइबलले भविष्यवाणीमा तल दिइएको आधार मध्ये कुन प्रतिक मानिएको छ । (१)

- ❑ रातो, सेतो र निलो पोशाकसँगको मानिस
- ❑ त्यसको पछाडी रहेको कम्प्यूटरसँगको चीलद्वारा
- ❑ थुमाको जस्तो सिङ्ग भएको पशु

२. दुइवटा सीङ्गहरूले प्रतिनिधित्व गर्दछन् । (१)

- ❑ वेन्जामेन फ्रेंक्लिन र जर्ज वासिंटन
- ❑ नागरिक र धार्मिक स्वतन्त्रता ।

३. "पृथ्वीको वाहिर माथि आउँदै" गरेको सन्देशले के देखाउँदछ ? ले के सूचित गर्दछन् ? (१)

- ❑ कि अमेरिकीहरूले गाउँले जीवन मन पराउन सक्नेछन् ।
- ❑ कि यो नयाँ देश थोरै जनसंख्या भएको भूभागवाट उठाउन सक्नेछन् ।
- ❑ कि केही प्रातः कालको अमेरिकीहरू ओडार निवासीहरू हुन सक्नेछन् ।

४. यो भविष्यवाणीमा, थुमाको जस्तो सीङ्गहरू भएकोले यो अमेरिकाको बारेमा तल दिइएको अर्थ हुनेछ (१)

- ❑ लजालु र मनाही गरिएको
- ❑ भेँडा हुर्काउने देश
- ❑ शान्ति प्रेमी, आत्मिक राष्ट्र जस्तै उदाउने ।

५. प्रकाश अध्याय १३ को भविष्यवाणीले समयको कुन वेलातिर अमेरिका उदाउन सक्नेछ भन्ने सूचित गर्दछ ?(१)

- ❑ १४९२
- ❑ १७९८
- ❑ १६२०

६. प्रकाश अध्याय १३ ले सूचित गर्दछ कि अमेरिकाले "अजिङ्गर झैं" अन्तमा वोल्नेछ । यसको के अर्थ लगाउँछ ? (१)

- ❑ उनको मानिसलाई बुझ्न कठीन हुन्छ र क्रोधित हुनेछन्।

- [ ] उनले नाश गर्न आगोका हतियारहरू प्रयोग गर्नसक्नेछन् ।
- [ ] उसले विवेकको विरूद्ध आराधना गर्न वा मृत्यु सामना गर्नका लागि जबर्जस्ती गर्ने छ ।

७. परमेश्वरको शक्तिको चिन्ह, संकेत वा पीतक तल दिइएको हो । (१)

- [ ] थुमा
- [ ] दुइ सीङ्ग भएको पशु ।
- [ ] शवाथ, परमेश्वरको पवित्र दिन

८. अमेरिकाले "पशुका लागि प्रतिमूर्ती" कसरी वनाउनेछ ? (१)

- [ ] पशुको धेरै चित्रहरू वनाएर र विक्रि गरेर
- [ ] वासिङ्टन डि.सि.मा प्रदर्शन गर्नका लागि पशुको मूर्ति वनाएर
- [ ] चर्च र राज्य जुटाई (उनको शक्तिको उचाईतिर पोपतन्त्र पछिल्तिर प्रतिमा गरियो)
- [ ] धार्मिक विधि व्यवस्था गरेर ।

९. प्रकाश १३:१५-१७ले कस्तो दण्डहरू पशुको चिन्ह अस्वीकार गर्नेमाथि प्रयोग गरिनेछ भनी भन्दछ ? (२)

- [ ] किन्न र वेच्नका लागि मनाही गर्नेछ ।
- [ ] अन्तरिक्षमा अपिल गर्नेछ ।
- [ ] दण्ड दिनेछ ।
- [ ] पशुलाई व्यक्तिगत रूपमा क्षमा माग्न दवाव दिनेछ ।

१०. कुन दुइवटा सांसारिक शक्तिसँग अन्तिम समयमा सवभन्दा धेरै प्रभावशाली हुनेछ ? (२)

- [ ] यूरोपलाई पुनः शक्ति प्रदान गर्नु
- [ ] जापान
- [ ] चीन
- [ ] संयुक्तराज्य
- [ ] पोपतन्त्र

११. कुन विषयहरूले आरमागेड्डोनको युद्ध सम्वन्धि सत्यता वताउँछ ? (६)

- [ ] यो पृथ्वीको अन्तिम युद्ध हो ।
- [ ] "पूर्वको राजाहरू" जापान र चीन हुन
- [ ] युद्धमा पशुको लक्ष्य भनेको परमेश्वरको मानिस नाश गर्नु हो ।
- [ ] यो विश्वव्यापी हुनेछ ।

- ❑ यो येशूको दास्रो आगमन अगाडी सुरू हुन्छ र १००० वर्षहरूको नजिक तिर दुष्टले पवित्र सहर घेराउ पछि अन्त्य हुन्छ ।
- ❑ आरमागेड्डोन ख्रीष्ट र ख्रीष्टविरोधी सैतानको विचमा आखिरी हुने युद्धको संकेतिक भाषा मात्र हो ।
- ❑ युफ्रेटिस सुकिजानुले अर्थ लगाउँदछ कि पशु वा ख्रीष्टविरोधीले आफ्ना अनुयायीको समर्थन गुमाउने छ ।
- ❑ यो प्यालेस्टाइनमा मात्र युद्ध गरिने छ ।

१२. परमेश्वरको सत्य, अन्तिम पुनर्जीवित अभियान कति सफल हुनेछ ? (२)

- ❑ सम्पूर्ण विश्व वद्लिएको हुनेछ ।
- ❑ पृथ्वीमा रहेका हरेक व्यक्तिले सुसमाचार सुन्ने छ ।
- ❑ दसौं लाखले यो ग्रहण गर्नेछन् ।
- ❑ यो सफल हुनेछैन । सैतानले यो रोक्नेछ ।

१३. नक्कली आध्यात्मिक पुर्न्जागरण कति सफल हुनेछ ? (१)

- ❑ धेरै देशहरूले यसलाई समर्थन गर्नेछैनन् ।
- ❑ यो अमेरिका र यूरोपमा मात्र सफल हुनेछ ।
- ❑ परमेश्वरको अन्तिम समय मानिस वाहेक पृथ्वीमा रहेका हरेक व्यक्ति यसमा मिल्नेछन् र समर्थन गर्नेछैन ।

१४. पुनर्जागरणको नक्कली अभियानका अद्भूत कामहरू कति प्रभावशाली हुनेछ ?

- ❑ धेरै मानिसहरूले यो छल हो भन्ने दृष्टिकोण राख्नेछन् ।
- ❑ सम्पूर्ण विश्वलाई छल गर्न शक्तिशाली हुनेछ ।
- ❑ अनपढ मात्र तिनीहरूका धरापमा पर्नेछन् ।
- ❑ यो यति शक्तिशाली, परमेश्वरले चुन्नुभएका जनहरू मात्र यसवाट उम्कन सक्दछ ।

१५. के तपाईं येशूको आराधना गर्न र आज्ञापालन गर्नका लागि उत्सुक हुनुहुन्छ यद्यपि यसले अपत्यारिला बाधा र पीडक मृत्युदण्ड भोग्नु पर्नेछ ?

- ❑ छु
- ❑ छैन

# २२ अर्की स्त्री

हरेक वैवाहिक जीवन विश्वासमा भर पर्नुपर्दछ । यसै किसिमले येशूसँगको हाम्रो एक्यबद्धतामा पनि उहाँ र उहाँको वचनको विश्वास र भरोसामा आफूलाई सुम्पनुपर्दछ । प्रकाशको पुस्तकले येशूको सत् दुलहीको वारेमा बोल्दछ । तर त्यहाँ अर्की स्त्री पनि छिन् जसले परमेश्वरका जनहरूलाई अनेक किसिमले वहकाउन खोज्छिन् । प्रकाशको पुस्तकले स्तब्ध किसिमले अर्की स्त्रीको वारेमा बोल्दछ । सांकेतिक भाषामा त्यस स्त्रीलाई बेबिलोन भनिन्छ । बेबिलोनको पतन भएको छ । येशू भक्तहरू तिनको मोह वाहिर आउनु पर्दछ नत्र भने तिनीहरू पनि त्यसमा परी नास हुनेछन् । प्रकाशको १४ अध्यायको तिन स्वर्गदूतहरू सन्देशको दोस्रो भाग यसरी सुरू हुन्छ । यहाँ तपाईंले आत्मिक बेबिलोनको वास्तविक परिचय पाउनुहुनेछ र तिनको घातक सुन्दरतामा कसरी मोहित नहुने भनी सिक्नुहुनेछ ... यो भन्दा महत्वपूर्ण कुरा अरू के हुन सक्छ ?

१. येशूले प्रकाशको पुस्तकमा बेबिलोनलाई कसरी चित्रण गर्नुहुन्छ ?

*"ती सात कचौरा लिने सात स्वर्गदूतहरूमध्ये एक जनाले मकहाँ आएर यसो भने, "यता आऊ म तिमीहरूलाई धेरै पानीहरूमा वसेकी त्यस महा वेश्यालाई दिइएको इन्साफ देखाउँनेछु । अनि तिनले मलाई आत्मामा वोकेर एउटा उजाड स्थान भित्र लगे । त्यहाँ सातवटा शिर र सातवटा सिङ्ग भएको ईश्वर-निन्दाका नामले भरिपूर्ण भएको चहकिलो रातो रङ्गको पशुमाथि वसेकी एउटी स्त्रीलाई मैले देखे । त्यस स्त्रीले वैजनी र चहकिलो रातो लुगा लगाएकी थिई, अनि त्यो सुन रत्न र मोतीहरूले सिङ्गारिएकी थिई र घिनलाग्दा कुरा अर्थात् त्यसका व्यभिचारका अशुद्ध कुराहरूले भरिएको एउटा सुनको प्याला हातमा लिइएकी थिई । त्यसको निधारमा एउटा नाउँ लेखिएको थियो : पृथ्वीको रहस्यमा वेश्याहरू र घिनलाग्दा कुराहरूकी माता महान् बेबिलोन" (प्रकाश १७:१,३-५) ।*

उत्तर : प्रकाश १७:१,३-५ मा बेबिलोनलाई चहकिलो रातो र वैजनी पहिरन लगाएकी चरित्रहीन स्त्रीको रूपमा येशूले देखाउनु भएको छ । उक्त स्त्री सातवटा शिर र दशवटा सिङ्ग भएको चहकिलो रातो रङको पशु माथि वसेकी थिई ।

२. प्रकाशको अध्ययन १२ मा चित्रण गरिएको शुद्ध स्त्री को हुन् ?

उत्तर : सूर्य पहिरेकी एक शुद्ध स्त्रीलाई प्रकाश १२:१-६ मा साक्षात् रूपमा देखाइएको छ । अध्ययन निर्देशिका २० मा हामीले

सिक्यौँ कि पवित्र स्त्रीलाई परमेश्वरको पवित्र मण्डलीको प्रतीकको रूपमा लिइन्छ जुन उहाँको (येशू) को प्रेममा प्रतिवद्ध हुन्छिन् । अध्ययन निर्देशिका २३ मा प्रकाश १२ अध्यायलाई गहिरो रूपमा अध्ययन गर्नेछौ ।

३. बाइबल भविष्यवाणीमा चरित्रहीन स्त्रीले केको प्रतिनिधित्व गर्दछ ?

*"हे मानिसको छोरो जेरूशलेमलाई त्यसका घीनलाग्दा व्यवहारहरू जनाइदे ।" "तर तैँले आफ्नो सुन्दरतामा भरोसा राखिस् र तेरो ख्याति फिँजाएर तँ एक वेश्या भइस् । तेरो छेउ भएर जाने जो सुकैलाई पनि तैँले आफ्नो निगाहमा राखिस् र तेरो सौन्दर्य त्यसको भयो " (इजिकिएल १६:२,१५) ।*

उत्तर : पवित्र स्त्री पवित्र मण्डलीको प्रतीक हो जुन येशू प्रति विश्वास योग्य हुन्छ । त्यसै अपवित्र स्त्रीले अपवित्रता अथवा पतन भएको मण्डलीको प्रतिनिधित्व गर्दछ जो येशू प्रति वफादार हुँदैन (याकूब ४:४) ।

४. के हामी चरित्रहिन स्त्री (मण्डली) लाई चिन्न अथवा पत्ता लगाउन सक्छौँ जसलाई पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी माता, महान् बेबिलोन भनी प्रकाश १७ अध्यायमा भनिएको छ ?

उत्तर : हो । व्यापक रूपमा जानिएको कुरा हो कि यहाँ एक मात्र मण्डली छ जसले आफूलाई माता मण्डलीको रूपमा आफूलाई दावा गर्दछ, त्यो हो रोमन क्याथोलिक मण्डली । एक प्रमुख क्याथोलिक पुजारी जोन ए ओ' ब्रियन भन्छन्, "रितीरीवाज (आइतवार मान्ने) माता मण्डलीको स्मरण पत्रको रूपमा कायम रहेको छ, जसवाट क्याथोलिक सम्प्रदाय (मत) छुटेर गए ।"

प्रकाश १७ अध्यायमा प्रयोग गरिएको वुँदाहरूले माता बेबिलोनका वारेमा ब्याख्या गर्दछन् र ऊ वसेकी पशु पोपतन्त्रसँग ठिक्क मिल्दो छ ।

क. उनले सन्तहरूलाई सताइन् (पद ६) । (अध्ययन निर्देशिका १५ र २० हेर्नुहोस्)

ख. उक्त स्त्रीले वैजनी र रातो लुगा लगाएकी थिई (पद ४) : पोपले महत्वपूर्ण कार्यक्रममा प्राय गरी शाही रंगको रूपमा वैजनी रंगको पहिरन लगाउँछन् र क्याथोलिक उच्च धर्म गुरूले रातो वस्त्र लगाउँछन् ।

ग. सातवटा शिरहरू भएको पशु (पद ३) : जस माथि स्त्री वसेकी छे भनेको सातवटा पर्वतहरू (पद ९) । जसलाई रोम भनेर जानिनेछ

। पोपिय शासनको संसारको मुख्य कार्यालय हो जुन सातवटा पहाडहरू अथवा पर्वतहरू माथि वनेको छ ।

घ. ईश्वर निन्दाका दोषि (कसुरवार) भएको पशु । (पद ३) : यो पद स्पष्ट रूपमा पोपतन्त्रसँग मिल्दछ (अध्ययन निर्देशिका १५,२० हेर्नुहोला ) ।

ङ. उनले पृथ्वीका राजाहरू मथि प्रभुत्व (शासन) गरिन । (पद १८) । अलेक्जेण्डर फ्लिकले भनेका थिए १३ औं शताब्दी भित्र संसारको क्षणिक र आत्मिक मामलामा पोपले कमसेकम सिद्धान्त र दाबा मार्फत आफूलाई संसारको शासक वनाउनेछ । यो बुँदा संसारको कुनै राज्यसँग मिल्दैन । शंका निवारणका लागि प्राकाश १७ अध्यायले पोपतन्त्रको विषयमा स्पष्ट रूपमा उल्लेख गरेको छ ।

पूनश्च : धेरै सुधारवादी नेताहरू (हस वाइक्लीफ, लुथर, क्याल्भीन, ज्यूङ्गली, मेलांकथोक, क्रेन्मर, टिन्डल, ल्याटिमर, रिड्ली आदि) ले सिकाएका छन् कि पोपहरू नै शक्ति हुन जो यहाँ सम्मिलित छन्।

५. "बेबिलोन" शब्दको शाब्दिक अर्थ के हो र यसको उत्पत्ति कहाँबाट भएको हो ?

*"तब तिनीहरूले यसो भने, "लौ हामी हाम्रो निम्ति एउटा स्वर्गैसम्म पुग्ने एउटा धरहरा वनाऔँ, अनि आफ्नो नाउँ राखौँ र हामी पृथ्वीभरी जताततै नछरिऔँ ।" अनि परमेश्वर प्रभुले भन्नु भयो, "यदि मैले एउटै भाषा वोल्ने एउटै जातिको स्थानमा अहिले यिनीहरूले यो गरे भने, अब तिनीहरूले योजना गरेको कुनै पनि कुरा असम्भव हुने छैन । आऔं तल ओर्लेर गई तिनीहरूको भाषा खलबल पारिदिऔँ र तिनीहरूले एक अर्काको भाषा नवुझ्न् ।" त्यस कारण त्यसको नाउँ बाबेल राखियो, किनभने त्यही नै परमेश्वर प्रभुले सारा पृथ्वीको भाषा खलबल पारिदिनु भयो । त्यहींदेखी नै परमेश्वरले तिनीहरूलाई तितरवितर पारिदिनु भयो " (उत्पति ११:४,६,७,९) ।*

उत्तर : "बाबेल" र "बेबिलोन" को अर्थ गन्जागोल" हो । बेबिलोनको नाम बाबेलको धरहरावाट उदगम् भएको हो जसको स्थापना जलप्रलय पछि अवज्ञाकारी (निडर) मूर्तिपूजक पेगन जसले यस्तो आशा राखेर (गगनचुम्बी) यति अग्लो धरहरा वनाउने विश्वास गर्‍यो कि जस्तो किसिमको वाढीको पानीले त्यसलाई ढाक्न अथवा छेक्न नसकोस् । ( पद ४)

तर परमेश्वरले तिनीहरूको भाषा गोलमाल गरिदिनु भयो र त्यसैको परिणाम स्वरूप यति सम्म संक्रमित भयो कि उनीहरूले उक्त

धरहराको निर्माण कार्य रोक्न बाध्य भए । तब तिनीहरूले उक्त धरहरा "बाबेल अथवा बेबिलोन" अथवा "गोलमाल" भनेर नाम दिए । पछि गएर पुरानो नियमको समयमा संसार भरी मूर्तिपुजक (पेगन) राज्य बेबिलोनको नामवाट उदायो जुन परमेश्वरको जनहरू ( इजरायली) को शत्रु थियो । यसले विद्रोह, अनाज्ञाकारी र परमेश्वरका जनहरूमा सतावट, घमण्ड, मूर्तिपूजकलाई मूर्तरूप दियो (यर्मिया ३९:६,७,५०:२९,३१,५१:२४,३४,४७ दानियल अध्याय ३,५) वास्तवमा यशैया १४ अध्यायमा परमेश्वरले सैतान स्वयंलाई बेबिलोनको प्रतीकको रूपमा लिनु भएको छ किनभने बेबिलोन परमेश्वरको काम र उहाँका जनहरू प्रति अति शत्रुपूर्ण (विरोधी) अथवा विध्वंशकारी थियो । नयाँ नियमको प्रकाशको पुस्तकमा "बेबिलोन" शब्दको प्रयोग धार्मिक राज्य जसलाई परमेश्वरको आत्मिक इजरायल (उहाँको मण्डली) को शत्रुको रूपमा संकेत गरिएको छ (प्रकाश १४:८,१६:१९) ।

६. प्रकाश १७:५ मा वर्णन गरिएका माता बेबिलोनका वेश्या छोरीहरू को हुन् ?

उत्तर : तिनीहरू ती मण्डलीहरू हुन जो सुरूमा माता बेबिलोनको झुठा शिक्षाहरूको विद्रोहमा लागे(आवाज उठाए) र प्रोटेस्टेन्ट सुधार आन्दोलनको ताका त्यसलाई छेडे । तर पछि गएर तिनीहरूले पून: माताको सिद्धान्त र कार्यहरूलाई अनुसरण गरी आफै पतित भए । कुनै पनि स्त्री वेश्याको रूपमा जन्मन्छन् नत प्रोटेस्टेन्ट छोरी मण्डलीहरू पतित रूपमा जन्मन्छन् । कुनै मण्डली अथवा सँगठन जसले बेबिलोनको झूठा सिद्धान्तहरू र व्यवहारहरूलाई स्वीकार गर्ने शिक्षा दिन्छ भने त्यो पतित मण्डली अथवा छोरी हो । त्यसकारण बेबिलोन भनेको पारिवारिक नाम हो जसले माता मण्डली र उनै छोरीहरूलाई अङ्कमाल गर्दछन् अथवा उनैसँग गला मिलाउँछन् ।

७. प्रकाशको १७ मा किन बेबिलोन कि मातालाई पशुमाथि चढि रहेकी भनेर प्रस्तुत गरिएको छ ? पशुले के को प्रतिनिधित्व गर्दछ ?

उत्तर : प्रकाशको १३:१-१० मा येशूले पोपतन्त्रलाई मण्डली र राज्यको सम्मिलित रूपको चित्रण गर्नु भएको छ । यस सम्बन्धी थप जानकारीका निम्ति अध्ययन निर्देशिका २० पढ्नुहोस् । प्रकाश १० अध्यायमा येशूले मण्डली (वेश्या) र राज्य (पशु) भिन्न भएपनि एक अर्कोमा सम्वन्ध छ भनेर चित्रण गर्नु भएको छ । स्त्री पशुमाथि चढेकि छिन जसको अर्थ हो राज्यद्वारा मण्डलीलाई नियन्त्रण गरेको ।

८. अन्त्यको समयका घटनाक्रमहरूलाई पूरा गर्न कुन अरू शक्तिहरू पोपीय शासनसँग आवद्ध हुन्छन् ?

*"तब मैले अजिङ्गरको मुखवाट, त्यस पशुको मुखवाट र झूठो अगमवक्ताको मुखवाट भ्यागुता जस्ता तिनवटा घृणित आत्माहरू निस्केर आएको देखें । तिनीहरू चमत्कार देखाउने दुष्टआत्माहरू हुन । तिनीहरू समस्त संसारका राजाहरू कहाँ जान्छन् र सर्वशक्तिमान परमेश्वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्दछन् " ( प्रकाश १६:१३-१४) ।*

उत्तर : प्रकाश १२:३,४ मा उल्लेख गरिएको अजिङ्गर प्रकाश १३:११-१४, १९:२० मा उल्लेखित झूठा भविष्यवक्ताको साँठगाँठ प्रकाश १३:१-१० को पशु अथवा पोपतन्त्र हो ।

क. प्रकाश १२ अध्यायमा उल्लेखित अजिङ्गरले सैतान (पेगन) मूर्तिपुजक रोम मार्फत काम गरिएको कुराको संकेत गर्दछ । (थप जानकारीका लागि अध्ययन सहायक २० हेर्नुहोस् ।) यी अन्त्यका दिनहरूमा गैर इसाई धर्महरूद्वारा सैतानले आफ्नो जाल फैलाउँछ ।

ख. झुठा भविष्यवक्ताहरूले धर्मत्यागी अमेरिकी केन्द्रीत प्रोटेस्टेन्ट धर्म या मतको प्रतिनिधित्व गर्दछ जसले नेतृत्वसँग अगाडी वढ्नुका लागि दवाव दिने र संसार भरी पशुलाई आराधना गर्न प्रभाव पार्नेछ (अध्ययन सायहायक २१ हेर्नुहोस् ।)

ग. पशु भनेको पोपतन्त्र हो । (अध्ययन निर्देशिका २० हेर्नुहोस् ।)

घ. यी तिन शक्तिहरू : गैर इसाई धर्मावलम्वीहरू, संस्कारहरू, रोमन क्याथोलिक धर्म (वाड) र मत त्यागि (धर्म-त्यागि) प्रोटेस्टेन्टहरू परमेश्वर उहाँको कारण र उहाँको विश्वासी जनहरूसँगको अन्तिम लडाईंमा एक हुनेछन् । उक्त संघ (सम्मिलित) लाई "बेबिलोन महान्" भनि प्रकाश १८:२ मा येशूले भन्नु भएको छ ।

९. यस्तो किसिमको असमान पृष्ठभूमि भएको सँगठनहरू कसरी प्रभावकारी रूपमा एक हुन सक्छन् ?

*"तिनीहरू एकै मनका छन्, र तिनीहरूले आफ्नो शक्ति र अधिकार त्यस पशुलाई सुम्पने छन्" (प्रकाश १७:१३) ।*

उत्तर : प्रकाश १६:१३,१४ ले भन्छ, "भ्यागुताहरू जस्ता तिन वटा घृणित आत्माहरू जुन दुष्टको आत्माहरूले तिनीहरूलाई आश्चर्यको कामद्वारा एक वनाउने छ, आध्यात्मवाद (प्रेतात्मावाद) ले विश्वास गर्दछन् कि मरेकाहरू जीवित छन् र जिउँदाहरूसँग सम्पर्क गर्न

सक्छन् र नियम (विश्वासमा जोडिन्छन्) सैतान र उसका दूतहरूले मरेका आफन्तहरूका आत्माहरू, पुराना भविष्यवक्ताहरू, स्वर्गीय दूतहरू (२ कोरिन्थी ११:१३,१४) लाई विश्वस्त गर्नेछन् कि तिनीहरूको उद्देश्य स्वर्गवाट स्वयम् निर्देशित छ । (अध्ययन निर्देशिका १० हेर्नुहोस्) ।

तिन शक्तिहरूले विश्वास गर्दछन् कि मरेकाहरू जीवित छन् । ।

क. रोमन क्याथोलिक धर्म (वाद) ले मेरो लगायत अरू मरेका सन्तहरूका लागि प्रार्थना गर्दछन किनकि यसले विश्वास गर्दछ सन्तहरूले उनीहरूको शिष्य (अनुयायी)हरूलाई आश्चर्य कार्य मार्फत आशिष दिन्छन् ।

ख. गैर इसाई धर्महरू : वास्तवमा यी सबैको विश्वासको आधार मरेका आत्माहरूको आराधना गर्नु हो ।

ग. धर्मत्यागी प्रोटेस्टेन्टवाद : विश्वास गर्दछन् कि मरेकाहरू मरेका छैनन् । त्यसको सट्टामा स्वर्गमा वा नर्कमा जीवित छन् । त्यस कारण तिनीहरू पिसाच (मृतआत्मा) को रूप भएर धोका दिन्छन् तिनीहरू मरेको आत्मा भनेर दावी गर्छन् ।

१०. कुन पापको लागि परमेश्वरले बेबिलोनलाई इङ्गित गर्नु भएको छ ?

क. "तिनीहरू शक्तिशाली स्वरले यसो भनेर कराए : "महानगरी बेबिलोनको पतन भयो ।" (प्रकाश १८:२) ।

उत्तर : पतन भनेको बाइबलको सत्य र सत्य परमेश्वरको साँचो आराधनावाट विचलित हुनु हो। (पत्रुस ३:१७) ।

ख. "यो महानगरी भूतहरूको वासस्थान, हरेका अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखडा भएको छ " "तेरा मन्त्रतन्त्रले सबै राष्ट्रहरू ठगिए " (प्रकाश १८:२,२३) ।

यहाँ बेबिलोनको वारेमा परमेश्वरले देखाइरहनु भएको छ :

१. भूतआत्मालाई निमन्त्रण गरेर प्रेतात्मावाद मार्फत सैतानसँग व्यक्तिगत रूपमा परामर्श अथवा वातचित गर्नु ।

२. संसारलाई कृपालु उपदेवताको रूपमा झूठो वोलेर धोका दिनु ।

ग. "त्यससँग पृथ्वीका राजाहरू व्यभिचार गरेका छन्, पृथ्वीका वासिन्दाहरू त्यस व्यभिचारका मद्यवाट मातेका छन् ।" "त्यस स्त्रीले वैजनी र चहकिलो रातो लुगा लगाएकी थिई, अनि त्यो सुन रत्न र मोतीहरूले श्रृङ्गारिएकी थिई र घिनलाग्दा कुरा अर्थात् त्यसका व्यभिचारका अशुद्ध कुराहरूले भरिएको एउटा सुनको प्याला हातमा

लिएकी थिई ।" "किनकि सबै जातिहरूले त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन् । (प्रकाश १७:२,४,१८:३)
घृणाजनक कुरा बाइबलमा झूठोको प्रतीकका रूपमा हेरिन्छ ( हितोपदेश १८:२२) । बेबिलोनको सराब जसमा झूठा शिक्षाहरू समाविष्ट भएका हुन्छन् र जसले यसलाई पिउँछ ऊ संवेदन, शुन्य र विमुख हुन्छ र आत्मिकि रूपमा मातेको हुन्छ
घ. "पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्"(१८:३)

मण्डली येशूको दुलही हो (प्रकाश १९:७,८) र उहाँलाई प्रेम गरौं र उहाँमा मात्र निष्ठावान होऔं भनी येशूले भन्नु भएको अर्थ उहाँको आज्ञाहरूलाई पालना गर्नु (युहन्ना १४:१५) । पोपतन्त्र यहाँ परनिन्दीत भएको छ । उसको पति येशूसँग विचलित भएको छ ( याकुब ४:४)
ङ. "मानिसको आत्मालाई ओसारपसार गर्नु । प्रकाश १८:३
मानिसहरूलाई परमेश्वरका महिमित वालवालिकाहरूको रूपमा व्यवहार गर्नुको सट्टा वाणिज्यवस्तु (मालसामान) को रूपमा व्यवहार गरेकोमा परमेश्वरले बेबिलोनलाई निन्दा गर्नु भएको छ ।

११. बेबिलोनिय सराब (दाखरस) मा के झूठा शिक्षाहरू समावेश भएका छन् जसले मानिसहरूलाई आत्मिकि रूपमा मताउँछ र अस्तव्यस्त बनाउँछ ?

उत्तर : आश्चर्यजनक कुरो यो छ कि आज प्रोटेस्टेन्ट धर्मका प्रमुख सिद्धान्तहरूमा बाइबलको सत्यता पाइन्न। तिनीहरू प्रोटेस्टेन्ट मण्डलीहरूमा आफ्नी माता रोमी मण्डलीवाट हुर्काइएका छन् ( आफ्नो समयका लागि) हुन त जसको मुख्य जरो पेगनवाद हो । केही यी झूठा शिक्षाहरू निम्न छन् ।
क. परमेश्वरको नियमलाई संशोधन अथवा प्रतिस्थापित गरियो : परमेश्वरको नियम कदापी परिवर्तित अथवा वद्लिंदैन (लुका १६:१७) । अध्ययन निर्देशिका ६ ले असंख्य प्रमाणहरू उद्धरण गरेको छ ।
ख. आत्मा अमर (अविस्मरणीय) छ । : बाइबलमा **"Soul"** र **"Sprit"** लाई १७०० पटक उल्लेख (चर्चा) गरिएको छ । तर एक ठाउँमा पनि यो अमर छ भनी भनिएको छैन । मानिसहरू मरणशील छन् (अयुब ४:१७), येशूको दास्रो आगमन भन्दा अगाडीसम्म कसैले पनि अविनासी अथवा अमरत्व प्राप्त गर्दैनन् (१ कोरिन्थी १५:५१-५४) । थप जानकारीका लागि अध्ययन निर्देशिका १० पढनुहोला ।

ग. पापीहरू सदाका लागि नरकमा जल्नेछन् : बाइबलले यो सिकाउँछ कि पापीहरू आत्मा र शरीर दुवैमा पूर्णरूपमा आगोमा नष्ट हुनेछन् (मति १०:२८) । अनन्त संताप (उत्पीडनको) नरक विषयमा बाइबलले सिकाएको छैन । थपजानकारीको लागि अध्ययन निर्देशिका ११ हेर्नहोस् ।

घ. डुबाएर बप्तिस्मा दिनु आवश्यक छैन : पानीमा डुबाएर दिने विधिलाई मात्र बाइबलमा स्वीकार अथवा मान्यता दिइएको छ । थप जानकारीका लागि अध्ययन निर्देशिका ९ हेर्नुहोस् ।

ङ. आइतवार परमेश्वरको दिन हो : कुनै संदेश विना बाइबलले शिक्षा दिन्छ कि परमेश्वरको पवित्र दिन सातौं दिन सावथ हो । थप जानकारीको लागि अध्ययन निर्देशिका ७ हेर्नुहोस् ।

पूनश्च : एक पटक विश्वास गरिएका यी शिक्षाहरूले "अस्तव्यस्तता" को कारण वन्नु पऱ्यो (जसको शाब्दिक अर्थ बेबिलोन हुन्छ) र धर्मशास्त्र बुझ्नका लागि अझ अप्ठेरो वनायो ।

एक मर्यादित (गम्भीर) विचार

यो विचार गर्नु सन्तुलित हुन्छ कि नजानीकन बेबिलोनको दाखरस पिइरहेको छ । सायद यो सव तपाईंको लागि नयाँ छ । यदि त्यसो भए परमेश्वरलाई अनुरोध गर्नुहोस् तपाईंलाई निर्देशित गर्न ( मती ७:७) । तब धर्मशास्त्रमा खोज्नुहोस् । यदि यी कुराहरू त्यसै अनुरूप छन् (प्रेरित १७:११) निश्चय नै येशूले जता लानुहुन्छ तपाईं उहाँलाई त्यतै पछ्याउनु हुन्छ । उहाँले तपाईलाई गल्ती ( अशुद्धमा) फस्न अनुमति दिनुहुन्न ।

१२. धर्म र अधर्मवीचको युद्धमा परमेश्वरको पक्षमा को हुनेछ ?

उत्तर : "यो अन्तिम युद्धमा, स्वर्गका दूतहरू (हिब्रु १:१३,१४, मत्ती १३:४१,४२) र परमेश्वरका जनहरू शेष (प्रकाशं १२:१७) हरू येशूसँग आवद्ध हुन्छन् जसले स्वर्गीय सेनाहरूको अगुवाई सैतान र उसका सहयोगीहरूको विरूद्धमा गर्नुहुनेछ ।" (प्रकाश १९:११-१६) । परमेश्वरको वचेको शेष भाग भन्नाले त्यो वुझिन्छ जसले वेविलोनको कपटपूर्ण झूठलाई अस्वीकार गर्दछ (अध्ययन निर्देशिका २३ हेर्नुहोस्) । तिनीहरू निम्न कुराहरूवाट चिनिन्छन् ।

१. येशू प्रतिको तिनीहरूको प्रेम (युहन्ना ५:२,३) ।

२. उनीहरूको उहाँ प्रतिको विश्वास र समर्पण (प्रकाश १४:१२) ।

३. उहाँको आज्ञा र वचनहरू प्रति उनीहरूको आज्ञाकारिता (प्रकाश १८:१७, युहन्ना ८,३१,३२) ।

१३. परमेश्वरको सत्य र सैतानको झूठ बीचको अन्तिम युद्धमा सैतानको युद्ध नीति (योजना) के हुनेछ ?

उत्तर : यद्यपि सैतानले परमेश्वर र उहाँको पुत्रलाई हेला गर्दछ तर उसले यसलाई खुल्लारूपमा विरलै मात्रामा स्वीकार गर्दछ । वास्तवमा ऊ र उसका पिचास (भूत)हरूले आफूलाई पवित्र स्वर्गदूतहरू र समर्पित इसाई पादरीहरूका रूपमा प्रस्तुत गर्नेछ (२ कोरिन्थी ११:१३-१५) । उसले आफूलाई अध्यात्मिक, धार्मिक, आत्मिकको साथै येशू जस्तै आफ्नै तर्फबाट प्रमाणको रूपमा प्रस्तुत गर्दछ र प्रायःजसो संसारमा भएका सबै धोकामा पार्नेछ र उसलाई पछ्याउनेछन् (मत्ती २४:२४) उसले निश्चिन्त रूपमा बाइबललाई प्रयोग गर्नेछ, जसरी येशूलाई उजाड स्थानमा परिक्षा गर्ने कोशिस गरियो (मत्ती ४:१,११) । सैतानको प्रभावशाली तर्कले एक तिहाई स्वर्गदूतहरूलाई धोकामा पारे । आदम र हब्बा र (जल प्रलयको समयमा) केवल आठ व्यक्ति वाहेक संसारमा भएका सबै धोकामा परे।

१४. परमेश्वरको तर्फबाट प्रतिकारको नीति के छ ?

*“व्यवस्था र गवाहीकहाँ जाओ । यदि तिनीहरू यस वचन अनुसार वेविलोन भने तिनीहरू सित विहानको मिर्मिरे उज्यालो पनि छैन ।” यशैया ८:२० ।*

उत्तर : परमेश्वरले सैतानको झूठहरूलाई बाइबल धर्मशास्त्र मार्फत प्रतिकार गर्नुहुन्छ । जब उजाड स्थानमा सैतानले प्रयत्न गर्दा पनि येशूले वारम्वार धर्मशास्त्रको उदाहरण दिनुभएको छ (मत्ती ४:१-११) । परमेश्वरले आफ्ना अवशेष जनहरू मार्फत वाइबल विरूद्धको वेविलोनीय प्रवृतिलाई प्रस्ट वनाउनुहुन्छ र सत्य देखाउनुहुन्छ । उहाँ वेविलोनले झूठो सुसमाचारलाई प्रस्तुत गरिरहेको छ भन्ने प्रस्ट पार्नुहुन्छ (गलाती १:८-२२) । जसले आफ्नो ढोका फराकिलो रूपमा खुला गरेको छ ताकि करोडौं मानिसहरू धोकामा परून र नष्ट हुन् भनेर । परमेश्वरको जवाफी रणनीति तिन स्वर्गदूतको सुसमाचारमा खुलासा गरिएको छ (प्रकाश १४:६-१४) जसले हामीहरूले हाम्रो २७ अध्ययन निर्देशिकाहरूमध्ये नौवटा भागमा हेरी जाँच्नेछौं । यी तिन स्वर्गदूतका महान सुसमाचारहरूले सैतानको झूठहरूको विरूद्धमा सचेत गराउँदै त्यसको सट्टामा सबै जनहरूलाई परमेश्वरको आराधना गर्न र मान्नु भनी आह्वान गर्दछ, आत्मामा मात्र नभई बाइबलको सत्यतालाई समेत मान्न अह्वान गर्दछ ।

१५. के परमेश्वरको अन्तिम समयको चेतावनी र आशापूर्ण सुसमाचार प्रभावकारी रहला ?

*"यसपछि ठूलो अधिकार भएका अर्को एउटा स्वर्गदूत स्वर्गवाट तल आइरहेको मैले देखें । तिनको वैभवले पृथ्वी उज्लालो भयो ।" (यशैया १८:१)*

उत्तर : धर्मशास्त्रमा स्वर्गदूतलाई समाचारहरू अथवा समाचारवाहकहरूको प्रतीकको रूपमा उल्लेख गरिएको छ । (हिब्रु १:१३,१४) । परमेश्वरको अन्त्यको समयको अनुरोध (अपिल) एक शक्तिशाली स्वर्गदूतवाट हुनेछ जसकारण सारा संसार परमेश्वरको सत्य र महिमाले प्रज्वलित गरेको छ । परमेश्वरले दिनुभएको अन्तिम सुसमाचार सारा संसारका जनहरूमा पुग्नेछ (प्रकाश १४:६, मर्कूश १६:१५, मत्ती २५:१४) ।

१६. वेविलोनमा भएकाहरूका लागि येशूले अन्तिम अत्यावश्यक (अत्यन्त महत्वपूर्ण) अनुरोध के गर्नुहुन्छ?

उत्तर : उहाँले भन्नुहुन्छ "हे मेरा मानिस हो, त्यसवाट निस्केर आओ, नत्रता त्यसको पापहरूसँग तिमीहरू पनि पापमा सहभागी हुनेछौ र त्यसका विपत्तिहरू तिमीहरू भोग्नेछौ । त्यसका पापहरू स्वर्गैसम्म थुप्रो लागेका छन् र परमेश्वरले त्यसका अधर्महरू सम्झनु भएको छ ।" प्रकाश १८:४,५ ।

कृपया ध्यान दिनुहोस्, येशूले वेविलोनका धेरै मानिसहरूलाई "मेरो मानिस" भनि भन्नुभएको छ । त्यहाँ करोडौं समर्पित इसाई वेविलोनमा थिए, जसले अहिलेसम्म यो अत्यन्त महत्वपूर्ण चेतावनीको समाचार सुनेका थिएनन् । ती मानिसहरू जसले सर्वोच्च रूपमा परमेश्वरलाई प्रेम गर्दछन् तिनीहरूलाई येशूले आफ्ना जनहरू (संतान) भन्नु भएको छ ।

१७. येशूका मानिसहरू वेविलोनमा छन् । जब तिनीहरूले अत्यन्त महत्वपूर्ण समाचार त्यहाँवाट निस्केर आओ भनी सुन्छन्, तब तिनीहरूले त्यसलाई कसरी लिन्छन् अथवा उत्तर दिन्छन् ?

उत्तर : येशूले उत्तर दिनुहुन्छ । उहाँ भन्नुहुन्छ "मेरा अरू भेंडाहरू छन् जो यस गोठमा छैनन् । तिनीहरूलाई पनि मैले ल्याउनु परेको छ र तिनीहरूले मेरो स्वर सुन्नेछन् र तिनीहरू एउटै वगाल हुनेछन्, र एउटै गोठालो हुनेछ । मेरो भेंडाहरूले मेरो स्वर सुन्छन् र तिनीहरूलाई म चिन्नेछु र तिनीहरू मेरो पछि आउनेछन् ।" युहन्ना १०:१६,२७ ।

येशूले वेविलोनमा भएका आफ्ना जनहरूलाई चिन्नुहुन्छ । वेविलोनको पतन भन्दा अगाडी तिनीहरूलाई त्यहाँवाट वाहिर निकाल्ने प्रतिज्ञा गर्नुहुन्छ । सबैभन्दा महत्वपूर्ण र महिमित कुरा येशूको प्रतिज्ञा - उहाँका जनहरूका निम्ति जो अहिले सम्म वेविलोनमा छन्, तिनीहरूले सुन्नेछन् र उहाँको स्वरलाई चिन्नेछन् र सुरक्षासाथ वाहिर आउनेछन् ।

१८. यदि तपाईँ वेविलोनमा हुनुहुन्छ, के तपाईँ येशूले गर्नुभएको अन्यन्त महत्वपूर्ण अपिललाई स्वीकार गरी त्यसवाट वाहिर आउन चाहनुहुन्छ ?

उत्तर :..........................................................................)

## तपाईको विचारका प्रश्नहरूका उत्तरहरूहरू

१. वेविलोनवाट वाहिर आउनु भन्दा त्यहाँ रहेर त्यसलाई सुधार गर्ने प्रयत्न गर्न सक्तिन र ?

उत्तर : सकिन्न । येशूले भन्नु भएको छ वेविलोन नष्ट हुनेछ तर सुधारिनेछैन । किनकि वेविलोन निरासाजनक (निकम्मा) रूपले रक्सीले मात्तिनेछ (झुठा सिद्धान्तहरू जुन प्रकाश १८:५,६ मा पाइन्छ)। यसै कारण उहाँ आफ्ना जनहरूलाई निस्केर आउन भन्नुहुन्छ । प्रकाश १८:४ ।

२. प्रकाश १६ :१२ मा उल्लेख गरिएका राजाहरू को हुन ?

उत्तर : पूर्वका राजाहरू भनेका (पिता पुत्र) स्वर्गका राजा हुन् । तिनीहरू पूर्वका राजाको रूपमा वोलाइन्छन् (जानिन्छन्) किनकि स्वर्गका तत्व व्यक्तिहरू पूर्ववाट देखापर्छन ।

तलका उदाहरणहरू हेर्नुहोस् ।

क. येशूको दोस्रो आगमन पूर्ववाट हुनेछ (मत्ती २४:२७) ।

ख. परमेश्वरको महिमा पूर्ववाट आउँछ (इजिकिएल ४३:२) ।

ग. परमेश्वरको मोहोर साथमा लिई स्वर्गदूत पूर्ववाट आउँछ (प्रकाश ७:२) ।

घ. सूर्य येशूको प्रतीक हो जुन पूर्ववाट उदाउँछ (मलाकी ४:२) ।

३. के वेविलोनको पतनको चेतावनीले वेविलोनको पतन भएको छैन भन्ने देखाउँछ ?

उत्तर : हो । यसै हुन्छ । धेरैजसो मण्डलीहरूलाई समाविष्ट गरेर विगतमा वेविलोन दह्रो भएर उभियो, अग्लो र येशू प्रति वफादार थियो । संस्थापकहरू परमेश्वरको विशिष्ट व्यक्तिहरू थिए जो बाइबलको सत्यलाई मेहनतसाथ खोज्थे र सत्यलाई पत्ता लगाएका मण्डलीहरू आज पतन भएका छैनन् । जे भए पनि कुनै मण्डली जसले माता वेविलोनका झुठा शिक्षाहरू सिकाउँछ र उनका भनाइ अनुसार कार्य गर्दछ भने ती मण्डलीहरू उनका पतीत छोराहरू हुन्छन् ।

४. जब वेविलोनवाट निस्केर आओ भनिएको छ भने इसाईहरू कहाँ जाऊन ?

उत्तर : ती जनहरू पत्ता लगाऊ जो परमेश्वरको आज्ञालाई मान्दछन् येशूमा विश्वास गर्दछ र तिन स्वर्गदूतहरूको सुसमाचारहरू संसारभरी प्रचार गर्दछन्, तिनीहरूसँग सामेल हुनु (प्रकाश १४:६-१८) अध्ययन निर्देशिका २३ मा अन्त्यको दिनमा परमेश्वरको मण्डलीको विषयमा चर्चा गरिएको छ ।

५. प्रकाश १७:१२-१६ मा उल्लिखित दस राजाहरूले केको प्रतिनिधित्व गर्दछन् ।

उत्तर : दश राजाहरू संसारका देशहरूका सुचक (प्रतिक हुन) दानियल २ अध्यायमा उल्लेखित १० औंला र अध्याय ७ मा उल्लेखित १० सिङ्गले यूरोपका दश राज्यको प्रतिनिधित्व गर्दछ । जस्तो भएपनि यसलाई फराकिलो रूपमा हेरौं प्रकाश ११ र १८ अध्याय अनुसार “सबै पृथ्वीका राजाहरू अथवा सबै राष्ट्रहरू हुन आउँछ (प्रकाश १६:१४,१८:३ हुर्नुहोस् ) ।

६. प्रकाश १६:१३,१४ मा उल्लेख गरिएको “भ्यागुताहरू” के का प्रतिक हुन् ?

उत्तर : एउटा भ्यागुतोले आफ्नो सिकार जिभ्रोले समात्दछ, जसले जिभ्रोको आजको संसारलाई नै सोर्ने बरदानले नक्कलको संकेत गर्दछ । यो याद राख्नुहोस्, आश्चर्यकर्म लगायत जिभ्रोको वरदानले अलौकिक शक्तिलाई मात्र सावित गर्दछ । तर बाइबलले हामीलाई यो सूचित गर्दछ कि अलौकिक आश्चर्य कामहरू परमेश्वरवाट मात्र नभई सैतानवाट पनि हुन सक्छन् । अझ यसले यो पनि व्याख्या गर्दछ कि सैतान जो स्वर्गको एक चहकिलो स्वर्गदूतको रूपमा थियो (२

कोरिन्थी ११:१३-१५) उसले अलौकिक आश्चर्यहरूलाई यति प्रकावकारी रूपमा उपयोग गर्नेछ कि प्राय सारा संसार धोकामा पारिनेछ र यसको पछि लाग्नेछ । (प्रकाश १३:३) । अहिले यसले जिभ्रोको नक्कली वरदानको प्रयोग गरी सबै मण्डली, धर्म र जातिहरू लगायत पोपतन्त्र र आत्माका पुजारीहरूलाई एकीकृत गर्ने काम गरिएको छ । यी प्रत्येकले यो आभास गरेका छन्, कि यो जिभ्रोको नक्कली वरदान विश्वस्नीयताको प्रमाण हो ।

**हामीले आत्माहरूको जाँच गर्नुपर्दछ ।**

बाइबलले हामीलाई आत्माहरूको परीक्षण (पहिचान) गर्नका निम्ति होसियार गर्दछ (१ युहन्ना ४:१) । यदि तिनीहरू बाइबलसँग सहमत हुँदैनन् भने तिनीहरू झूठा हुन (यशैया ८:१९,२०) । पवित्र आत्माको आशिष (वरदान), जानीजानी परमेश्वरको आज्ञा नकार्नेहरूलाई दिइएको हुँदैन (प्रेरित ५:३२)। वक्ताद्वारा सिक्नु र जान्नु पूर्व अन्यभाषा वोल्नु उसको आश्चर्यजनक क्षमता हो (२:४-१२) । परमेश्वरले यो वरदान तब मात्र प्रयोग गर्नुहुन्छ जब उहाँको अन्त्यको समयको समाचार ति अन्यभाषाहरूलाई दिन आवश्यक पर्दछ । यसको आवश्यकता पेन्तीकोस्तको वेलामा थियो किनकि १७ भाषाहरूका समूहहरू त्यस भीडमा थिए तर उहाँका चेलाहरूलाई सायद एउटा भाषा मात्र आउँथ्यो ।

७. के नयाँ युग (न्यू एज) धर्म शिक्षाको चलनहरूले अन्त्यको समयमा परमेश्वरको र सैतानवीचको युद्धमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ?

उत्तर : यसमा कुनै शंका नै छैन । यो रहस्यमय,मानसिक र आत्मिकतावादसँगै दह्रो रूपमा संलग्न हुनेछ । पृथ्वीको सम्पूर्ण लीलाको अन्त्यको प्रमुख कारक आत्मिकतावाद नै हुनेछ । जिभ्रोको झूठो वरदानसँग संलग्न रहेर र अन्त्यको समयको विश्वव्यापी मण्डलीहरूको सँगठनसँग एकत्रित भएर आत्मिकतावादले सम्पूर्ण पृथ्वीलाई नै सोर्नेछ । आत्मीय संचार र पुनर्जन्ममा विश्वास गर्नु नयाँ युग अन्त्यको समयमा पोपीय शासनको नयाँ पकड मात्र हो । पृथ्वीका मानिसहरूसँग संचार गर्न सक्ने, अमर र कहिल्यै ननासिने आत्मामाथिको यिनीहरूको विश्वास पुरानो समयमा सैतानले हव्वालाई “तिमीहरू अवश्य पनि मर्ने छैनौ” उत्पति ३:४ भन्ने झूठ जस्तै हो । (मृत्यु सम्वन्धमा विस्तृत जानकारीका लागि अध्ययन निर्देशिका १० हेर्नुहोस्।)

८. यो प्रष्ट छ कि परमेश्वरले दानियल ७ र प्रकाश १३,१७,१८ मा खीष्टविरोधी वा पोपीय शासनको क्रियाकलाप वारे प्रकट गर्नुभएको छ । के खीष्टविरोधी भनी धर्मशास्त्रमा अन्य कहीँ उल्लिखित छ ?

उत्तर : हो, पशू वा खीष्टविरोधी शक्ति (यसको क्रियाकलाप) को वारेमा नयाँ र पुरानो करार गरी कमसे कम नौवटा भविष्यवाणीहरूमा प्रस्तुत गरिएकोछ : दानियल ७, दानियल अध्याय ८,९, दानियल ११, प्रकाश १२, प्रकाश १३, प्रकाश १६, प्रकाश १७, प्रकाश १८ र प्रकाश १९ । साँच्चै, जब परमेश्वरले एउटै शक्तिलाई नौवटा भिन्न समयहरूमा जोडदिनुभएको छ, यसको मतलब, हामीले उहाँलाई सुन्नु पर्नेछ भनी उहाँ चाहनुहुन्छ ।

९. के सैतानको राज्य भनाउँदा वेविलोन, वावेलको धरहरावाट सुरू भएको हो ?

उत्तर : होइन, यसको जन्म तब भयो जब सैतानले स्वर्गमा परमेश्वर विरूद्ध विद्रोह गर्‍यो । वास्तवमा यशैया अगमवक्ताले लुशिफरलाई वेविलोनको राज्य पिता भनी चित्रण गरेका छन् जब लुशिफरलाई स्वर्गवाट पतन गरियो (यशैया १४:४, १२-१५) । परमेश्वरले वेविलोनलाई सैतानको राज्यको रूपमा पापको सुरूवात देखिनै विचार गर्नु भएको छ । सैतानले निश्चय गरेको (स्वीकार गरेको) उसको लक्ष्य वेविलोनलाई सारा जगत्मा स्थापना गर्नु हो । येशूले “दुई पक्षहरू” मात्र छन् भनी भन्नु भएको छ (मत्ती ७:१३,१४) । संसारका प्रत्येक आत्मा अन्तिममा कि परमेश्वरको पक्षमा कि त वेविलोनको पक्षमा लाग्नेछ । यो जीवन र मृत्युको मामला हो । जो कोही पनि त्यस समयमा येशूको सेवा गर्नेछ र उहाँको पक्षमा लाग्ने छ, ऊ उहाँको स्वर्गीय राज्यमा वचाइनेछ र जो वेविलोनको पक्षमा लाग्नेछ, ऊचाहीँ आगोद्वारा भस्म पारिनेछ । यो कुरा निश्चय गर्नका निम्ति अब थोरै समय वाँकी छ । तसर्थ वेविलोनको विरूद्धमा येशूको अन्त्यको समयको चेतावनीलाई ध्यानदिनु अति नै संकटमय तर जरूरी छ ।

१०. प्रकाश १६:१२ मा उल्लेखित युफ्रेटिस नदी सुक्नु र पूर्वका राजाहरूको निम्ति वाटो तयार हुनुले के कुरालाई वुझाउँदछ ?

उत्तर : वेविलोन भन्दा पहिलेका राज्यहरू मादीका प्रमुख दारियसद्वारा कब्जा गरिएका थिए, युफ्रेटिस नदीको पानी मानव निर्मित तवावमा मोडियो जुन सहरको पर्खाल मुनीवाट वग्दथ्यो । यो पानीको

मोडाईले पानी आउने पर्खाल मुनीको वाटो खाली भयो र दारियसका सेनाहरूलाई राती सहरलाई कब्जा गर्न अति नै सजिलो भयो । प्रकाशको अगमवाणीमा "पानी"ले मानिसहरूको प्रतिनिधित्व गर्दछ ( प्रकाश १७:१५) । तसर्थ युफ्रेटिस नदीको पानीले "वेविलोन महान्"को पछ्यौटेहरूको प्रतिनिधित्व गर्दछ, वेविलोनको विरूद्धमा उनको पतनका निम्ति अगाडी वढछन् र यसरी उनको शक्ति ( सहयोग) समाप्त हुन्छ । (प्रकाश १७:१६) । यसरी वेविलोन महान्को शक्ति समाप्त हुनु नै पूर्वका राजाहरूको (पिता र पुत्र) जितलाई निश्चय गर्दछ ।

# संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पाना सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढ्नुहोस । तल दिइएको प्रश्नहरूको उत्तरहरू अध्ययन पुस्तिकामा पाउन सक्दछौं । ठीक उत्तर भएको वक्समा टीक चिन्ह लगाउनुहोस । प्रश्नको पुछारमा रहेको अङ्कले पूर्णाङ्क संकेत गर्दछ ।

१. वेविलोन शब्दको अर्थ के हो ?

- ❑ भ्रम
- ❑ विद्रोह
- ❑ धोकेवाज

२. बाइबल अगमवाणीमा माता वेविलोनले के को प्रतिनिधित्व गर्दछ ?

- ❑ संयुक्त राष्ट्र
- ❑ पोपीय सत्ता
- ❑ मरियम, येशूकी माता

३. माता वेविलोनकी छोरीहरू को को हुन् ?

- ❑ नयाँ करारका स्त्रीहरू, प्रसिला, एलिजावेथ र दरकास
- ❑ यूरोपमा रानीहरू
- ❑ ती मण्डलीहरू जो वेविलोनको गलत सिद्धान्तहरूलाई मान्दछन् ।

४. चम्किलो रातो रंगको पशूमाथी माता वेविलोन वस्नुले के को संकेत गर्दछ ?

- ❑ राज्यको मुनीका मण्डलीहरू जसले यसलाई समर्थन गर्दछ ।
- ❑ महिलाहरूले पशुहरूलाई राम्रो तालिम दिन्छन् ।
- ❑ महिलाहरू पशू माथि सवार हुनुपर्छ, हिँड्नु हुँदैन ।

५. वेविलोनको कुन झूठा सिद्धान्तहरूले मानिसलाई आत्मिक रूपमा भ्रममा पार्नेछ ?

- ❑ विवाहको पवित्रता
- ❑ मृत्यु एक निन्द्रा हो
- ❑ पापीहरू नर्कमा अनन्त रूपमा जलिरहने छन् ।
- ❑ परमेश्वरको पवित्र दिन आइतवार हो ।
- ❑ आत्मा अमर हुन्छन् ।
- ❑ पानीमा डुवेर बप्तिस्मा लिनु ।
- ❑ परमेश्वरका नियमहरू परिवर्तन गरिएकोछ ।

६. "वेविलोनको पतन" को अर्थ के हो ?

- ❑ एक स्वर्गदूत स्वर्गवाट खस्यो ।
- ❑ वेविलोनमा भुइँचालो गयो ।
- ❑ माता मण्डलीहरू र अन्य मण्डलीहरू जो वेविलोनको झूठा सिद्धान्तहरू अंगाल्छन्, बाइबलको सत्यता र साँचो परमेश्वरको साँचो उपासनावाट पतन भयो ।

७. जोडा मिलाउनु होस् ,

| <u>संकेत</u> | <u>अर्थहरू</u> |
|---|---|
| महिला | येशू र उनका पिता |
| पानी | मानिसलाई भ्रमित गर्ने झूठा सिद्धान्तहरू |
| पशू | पोपीय शासनद्वारा सैतानको क्रियाकलाप |
| पूर्वका राजाहरू | एक मण्डली |
| झूठा अगमवक्ता | दूत अथवा सुचना (खबर) |
| वेविलोनको मद्य (रक्सी) | राज्यको राजनीतिक शक्तिहरू |
| दश राजाहरू | मानिसहरूराज्यको राजनैतिक शक्तिहरू |
| अजिङ्गर | अमेरिकामा केन्द्रित रहेका स्वधर्म त्याग गर्ने प्रोटेस्टेन्ट मानिसहरू |
| स्वर्गदुत | भ्रम |
| वेविलोन | संसारका राष्ट्रहरू |

८.	युफ्रेटिस नदीको पानी सुक्ने कुरा के को प्रतीक हो ?
- ❑ अन्त्यको समयमा पानीको ठूलो अभाव
- ❑ अन्त्यको समयमा खानेकुराको अभाव
- ❑ वेविलोनले आफ्ना समर्थनहरू गुमाउने छ ।

९.	वेविलोन एउटा परिवारको नाम हो जसले प्रायःजसो सम्पूर्ण धर्म र मण्डलीहरूलाई समेट्दछ ।
- ❑ हो
- ❑ होइन

१०.	वेविलोनवाट मासिहरूलाई वास्तवमा कसले वोलाउँदछ ?
- ❑ स्वर्गदूतहरूले
- ❑ दस राजाहरूले
- ❑ लुशिफरले
- ❑ येशूले

११.	पतन भएको मण्डलीवाट वाहिर आउनु भन्दा पनि यसलाई सुधार्नु के उचित हुँदैन ?
- ❑ हो
- ❑ होइन

१२.	वेविलोनको मद्य पिउनु भन्नाले के वुझिन्छ ?
- ❑ जँड्याह हुनु
- ❑ उनीसँग भोजमा हुनु
- ❑ शारीरिक रूपमा विरामी पर्नु
- ❑ उनका झूठा सिद्धान्तहरूका कारण भ्रममा पर्नु

१३.	कुन तिनवटा शक्तिहरू अन्त्यको समयमा येशू र उनका मानिसहरूका विरूद्ध युद्ध गर्न एकत्रित हुनेछन् ?
- ❑ इसाई वाहेकका धर्महरू
- ❑ संयुक्त राष्ट्रहरू
- ❑ स्वधर्म त्याग गर्ने प्रोटेस्टेन्टहरू
- ❑ अन्तरिक्षका मानिसहरू
- ❑ पोपीय पद्दति वा पोपतन्त्र

१४.	जब येशूले मानिसहरूलाई वेविलोनवाट वाहिर आउन भन्नुहुन्छ, के तब मानिहरू वाहिर आउनेछन् ?
- ❑ हो
- ❑ होइन

१५. धेरै मानिसहरू वेविलोनमा छन् तर यो कुरा उनीहरूलाई थाहा छैन ।

- ❑ हो
- ❑ होइन

१६. यदि तपाइँ वेविलोनमा हुनुहुन्छ भने, येशूको वाहिर आउने अत्यावश्यक अपिललाई तपाईंले त्यहाँवाट वाहिर आउनका निम्ति ध्यान दिनुहुनेछ ?

- ❑ हो
- ❑ होइन

# २३ ख्रीष्टको दुलही

बाइबलले भन्छ केवल एक शरीर अथवा मण्डली हुन्छ जहाँ येशूले अन्त्यका समयका मानिसहरूलाई वोलाइरहनुभएको छ । कसैका लागि यो हतोत्साह अथवा दुर्वलकारी लाग्न सक्छ । यहाँ व्यवस्थित हजारौं विभिन्न मण्डलीहरू र धार्मिक सँगठनहरू आजको विश्वमा छन् । प्रभावशाली रूपमा सबै परमेश्वरको मण्डली भएको दावा गर्छन् । यद्यपि तिनीहरू फराकिलो रूपमा विश्वास र व्यवहार फरक छन् र ती मण्डलीहरूको विश्वासहरूलाई परीक्षण गरी प्रस्तुत गर्न असम्भव छ । यस्तो खिचातानीको धर्मसंकट, एक इमान्दार (सच्चा) पत्ता लगाउनेको लागि हो ? हामी धन्यवादी हुनुपर्छ, येशूले यो धर्मसंकटलाई समाधान गर्न उहाँको अन्त्यको समयमा मण्डलीको विषयमा स्पष्ट पार्नु भएको छ, तसर्थ कसैले पनि सजिलैसँग यसलाई पहिचान गर्न सक्छ । जीवित वर्णन (विवरण) प्रकाश अध्याय १२ र १४ मा पाइन्छ । जब तपाईं यो अध्ययन निर्देशिकालाई सिंहावलोकन गर्नुहुन्छ तब नयाँ उत्तेजक सत्यहरूलाई पत्ता लगाउनका लागि तयार हुनुहोस् । यसलाई अध्ययन गर्नुभन्दा पहिले प्रकाशको पुस्तक अध्याय १२:१-१७ स्मरण गर्नुहोला ।

१. कुन भविष्य सूचनाको संकेत (चिन्ह) द्वारा येशूले आफ्नो साँचो मण्डलीको प्रतिनिधित्व गर्नुहुन्छ ?

*"सुन्दरी र कोमल सियोनकी छोरीलाई म नाश गर्नेछु " यर्मिया ६:२ , "र सियोनलाई तँ मेरो प्रजा होस भनेको छु" यशैया ५१:१६ ।*

उत्तर : हामीले अध्ययन निर्देशिका २२ मा सिक्यौं, उहाँको साँचो, स्वच्छ मण्डलीलाई (सियोन) एक पवित्र स्त्रीको रूपमा चित्रण गर्नु भएको छ भने धर्मत्यागी मण्डलीलाई वेश्याको प्रतीकको रूपमा देखाइएको छ । अरू केही पदहरूले पनि यस विषयका चिन्हहरूको विषयमा प्रस्तुत गरेका छन् । (२ कोरिन्थी ११:२, एफिसी ५:२२,२३ र प्रकाश १९:७,८) ।

२. प्रकाश १२:१ मा येशूले उहाँको मण्डलीलाई एक स्त्री "सूर्य पहिरेकि जसको मुनी चन्द्रमा "शिरमा वाह्रवटा चन्द्रमा" लगाएकी थिई भन्नु भएको छ । यी चिन्हहरूको अर्थ के हुन् ?

उत्तर : क. सूर्यले येशूको सुसमाचार र उहाँको धार्मिकताको प्रतिनिधित्व गर्दछ । "परमप्रभु परमेश्वर सूर्य र ढाल हुनुहुन्छ। " (भजनसँग्रह ८४:११) । (मलाकी ४:२ पनि हेर्नुहोला) । येशू वाहेक अरू कसैमा भक्ति छैन । (प्रेरित ४:१२) । सबै कुरा भन्दा वढि येशू उहाँको मण्डली उहाँको उपस्थिती र महिमा (गौरव) ले भरपुर भएको चाहनुहुन्छ ।

ख. "चन्द्रमा उनको पाउमुनि" पुरानो नियमको वलिदान सम्वन्धी तरिकाको प्रतिनिधित्व गर्दछ । जब चन्द्रमा सूर्यको प्रकाशसँग प्रतिविम्वित हुन्छ, त्यो पुरानो करारमा बलि प्रथालाई प्रतिविम्बित गर्दछ र केवल आत्मिकि रूपमा उपयोगि (सहयोगी) थियो, जब यसको प्रकाश केवल येशू मसीहको अर्थमा मात्र लागू हुन्छ (हिब्र १०:१) ।

ग. "शिरमा वाह्रवटा चन्द्रमा" ले वाह्र चेलाहरूको कामको प्रतिनिधित्व गर्दछ, जो अभिषित्त नयाँ संसारिक वर्षहरूमा नियमको समयमा मण्डली अभिषित्त भए ।

३. (अगाडी) अर्को भविष्यवाणीले भन्छ एक स्त्री वच्चा जन्माउने अवस्थाको पीडामा प्रसववेदनाले चिच्याइरहेकी थिई, जुन वच्चाले एक दिन सारा संसारमा फलामको डण्डाले शासन गर्नेछ, तब उनले एउटा छोरो जन्माइन र पछि त्यस बालकलाई परमेश्वर कहाँ उठाएर उहाँको सिंहासनमा लगियो (प्रकाश १२:१,२,५) । त्यो वालक को थियो ?

उत्तर : त्यो वालक येशू हुनुहुन्थ्यो । उहाँले एकदिन सारा संसारमा फलामको डण्डाले शासन गर्नु हुनेछ (प्रकाश १९:१३-१६, भजनसँग्रह २:७-९) । येशू जो हाम्रो पापका लागि वलि हुनुभयो । मृत्युवाट वौरी उठ्नुभयो र स्वर्गमा उचालिनुभयो (प्रेरित १:९-११) । पुनरूत्थानको शक्ति हाम्रो जीवनमा एक अति आवश्यक वरदान उहाँको जनका लागि हो ( फिलिप्पी ३:१०) ।

४. प्रकाश १२:३,४ प्रस्तुत गर्दछ "रातो ठूलो अजिङ्गर" उसले मानिसको वच्चालाई घृणा गऱ्यो र जन्मनासाथ उसलाई मार्ने कोशिस गऱ्यो । तपाई यो अजिङ्गरलाई अध्ययन निर्देशिका २० को अध्ययनवाट पनि जान्नुहुन्छ । अजिङ्गर को थियो ?

उत्तर : अजिङ्गरले सैतानको प्रतिनिधित्व गर्दछ जो स्वर्गवाट तल फालियो ( प्रकाश १२:७-९), र जसले येशू जन्मनुभएको समय देखि रोमी साम्राज्यवादको समयसम्म काम गरिरहेको थियो । शासक जसले

येशूलाई जन्मनसाथ मार्ने कोसिस गऱ्यो, त्यो हेरोद पेगन रोमी साम्राज्यको एक राजा थियो । उसले वेथलेहेमका सबै वच्चाहरूलाई माऱ्यो, यो संझेर  माऱ्यो कि ती मध्ये एक येशू पनि हुनुहुन्थयो ( मत्ति २:१६) ।

५. "सातवटा सिङ्ग", "दशवटा सिङ्ग भएको अजिङ्गर" र "एक तिहाई स्वर्गका ताराहरू" पृथ्वीमा फलियो भनेको अर्थ के हो?

उत्तर : क. "सात शिर" ले सात पर्वत अथवा पहाडहरूको प्रतिनिधित्व गर्दछन् जसमाथि रोमी साम्राज्य वनेको थियो (प्रकाश १७:९,१०) । अहिले हामी सातवटा शिर र दशवटा सिङ्ग भएको जनावरको विषयमा तिन पटक हाम्रो अध्ययन निर्देशिकामा अध्ययन गरिसकेका छौ (प्रकाश १२:३,१३:१,१७:३) ।

ख."दशवटा सिङ्ग" ले सरकारहरू अथवा राष्ट्रहरूको प्रतिनिधित्व गर्दछन् र ती मूख्य शक्तिशाली राज्यहरू जसले परमेश्वरका जन तथा मण्डलीहरूलाई अत्याचार गर्दछ । मूर्तिपूजक रोमी कार्यकाल ( प्रकाश १२:३,४) ले दस अशिष्ट (गवाँर) जनजातिको प्रतिनिधित्व गर्दछ जसले पोपको शासनलाई सहयोग गऱ्यो र अन्त्यमा रोमी साम्राज्यलाई पतन गरायो (दानियल ७:२३,२४) । यी जनजातिहरू पछि गएर आधुनिक यूरोप भए । अन्त्यको दिनमा तिनीहरूले संसारका सबै देशहरूको प्रतिनिधित्व गर्छन् जसले जो एक आपसमा मिलिजुली गरी अन्त्यको समयको संघ वनाउँछ (प्रकाश १६:१४,१७:१२,१३,१६), जसले "वेविलोन महान्" ले परमेश्वरको जनहरूको विरूद्धको युद्धमा सहयोग गर्नेछ ।

ग. स्वर्गमा सातवटा सिङ्गको तेस्रो भागमा ती स्वर्गदूतहरू जसले लुशिफरलाई साथ दिए र स्वर्गसँगको विद्रोहमा भाग लिए र उनीहरूलाई उसँगै पृथ्वीमा फालियो (प्रकाश १२:९, लुका १०:१८, यशैया १४:१२) ।

६. वालक येशूलाई नष्ट पार्ने (मार्ने) योजनामा असफल भएपछि सैतानले के गऱ्यो ?

### ६ वटा पत्ता लगाउने चिन्हहरू

प्रकाश १२ र १४ अध्यायमा येशूले हामीलाई ६ वटा वर्णनात्मक ( प्रशंसात्मक) चिन्हहरू उहाँका अन्त्यको मण्डलीलाई थाहा पाउनका लागि दिनुभएको छ । जब तपाईं यो अध्ययन निर्देशिकाको वाँकी भागलाई अध्ययन गर्नहुन्छ तिनीहरूलाई गहिरिएर हेर्नहोस् ।

*"जब त्यस अजिङ्गरले आफु पृथ्वीमा फ्याँकिएको देख्यो तब त्यसले छोरा जन्माउने त्यस स्त्रीलाई खेद्यो " प्रकाश १२:१३ ।*

उत्तर : जब व्यक्तिगत रूपमा कुनै पनि किसिमले येशूलाई आक्रमण गर्न नसकेपछि उसले आफ्नो उन्माद पागलपनका साथ परमेश्वरको मण्डली र जनहरूमाथि अत्याचार गर्ने लक्ष्य वनायो ।

७. त्यो स्त्री (मण्डली) आफुलाई वचाउन के गरीन् र "उजाडस्थान" ले के भन्यो ? (प्रकाश १२:६-१४) ।

उत्तर : क. प्रकाश १२:६,१४ ले भन्दछ "त्यो स्त्री चाहिँ उजाड स्थान भित्र भागी" त्यहाँ उनी सुरक्षित रहिन् "समय, समयहरू र आधा समय ( १२६० वास्तविक वर्षहरू) सैतानको क्रोध जो रोमी पोपको मार्फत कार्य गरिरहेको थियो। "दुइ पखेटाहरू" ले परमेश्वरको "उजाड स्थान" को समयमा उहाँको सहयोगी को प्रतीक हो (प्रस्थान १९:४, व्यवस्था ३२:११) । उजाड स्थानमा वितेका समय र पोपको प्रधानता र अत्याचारको १२६० वर्षहरूको समय समान र उस्तै छ जुन येशूले वारम्वार भविष्यवाणीमा उल्लेख गर्नु भएको छ । एक भविष्यसूचक दिन एक वास्तविक वर्ष वरावर हुन्छ ।

ख. शब्द "उजाड" ले संसारका स्थान वा ठाउँहरूलाई मात्र संकेत गर्दछ ( पहाडहरू गुफाहरू, जंगलहरू आदि) जहाँ परमेश्वरका जनहरू एकान्तमा लुक्छन् र यस प्रकारले पूर्णरूपमा सत्यानाश हुनवाट जोगिन्छन् (हिब्रु ११:३७,३८) । वाल्डेनसस्, अल्विगनेसस् र हयुग्नोटहरू लगायत अरू धेरैले यसरी नै आ-आफ्ना जीवन जोगाए । परमेश्वरका जनहरू (उहाँको मण्डली) पोपको विध्वंशकारी सताहवटको समयमा भागेर उजाड स्थानमा नलुकेको भए नष्ट हुने थिए । (४० वर्षको समय भित्र जेसुइटस व्यवस्थाको सुरूवात वर्ष १५४० देखि १५८० भित्र नौसय हजार नष्ट गरिए ।

१२६० दिन प्रकाश १२ : ६ अनुसार १२६० वास्तविक वर्ष पोपीय शासन जुन बाइबल भविष्यवाणीमा वारम्वार उल्लेख गरिएको छ ।



धार्मिक न्यायधिकरण (जाँचपडताल) को क्रममा तीस वर्षमा एक सय पचास हजारलाई नष्ट गरियो । १२६० वर्षको अवधिमा ५० मिलियन (पाँच करोड) मानिसहरू उनीहरूको विश्वासको कारणले मरे । १२६० वर्षको समय अवधिमा परमेश्वरको मण्डली सँगठनिक रूपमा सँगठित थिएनन् । यद्यपि ई.सं ५३८ देखि १७९८ मा यो जिवित थियो तर एक सँगठनको रूपमा परिचित थिएन । जब यो १२६० वर्षको एकान्तवाट वाहिर आयो त्यस वेला यसका सिद्धान्त र चरित्रहरू एपोस्टलीक मण्डलीका जस्तै थिए जुन ई.सं. ५३८ मा उजाड स्थानमा प्रवेश गऱ्यो ।

(पुनश्च : अहिले हामी येशूको अन्त्यको सयमको मण्डलीको विषयमा पहिलो दुई वुँदाहरू पत्ता लगायौं ।

क. आधिकारिक सँगठनको रूपमा ई.सं. ५३८ र १७९८ को वीचमा यसको उपस्थिति थिएन ।

ख. यसको उदय अन्त्यको समयको काम गर्न १७९८ पछि भयो ।)

इ.सं. १७९८ अगाडी सँगठनिक रूपमा स्थापित मण्डलीहरूमा सही विशुद्ध र प्रेमिला इसाईहरू थिए । तर यी मध्ये कुनै मण्डलीहरू परमेश्वरको अन्तिम समयको मण्डली होइन जसमा येशूले उहाँका जनहरूलाई वोलाइरहनु भएको छ । अन्त्यको समयको मण्डलीको उदय १७९८ पछि भयो । यसको मतलब धेरै जसो लोकप्रिय प्रोटेस्टेन्ट मण्डलीहरू परमेश्वरको अन्त्यको समयका मण्डलीहरू होइनन् किनकि तिनीहरू १७९८ भन्दा पहिले नै अस्तित्वमा थिए ।

८. प्रकाश १२:१७ मा परमेश्वरले आफ्नो अन्त्यको समयको मण्डलीलाई "शेष वाँकी" भनी वोलाउनु हुन्छ । यो वाँकी शब्दको अर्थ के हो ?

उत्तर : यसको अर्थ शेष भाग हो अथवा वचेको अन्तिम भाग हो । येशूले संकेतमा मण्डलीको मतलब उहाँको अन्त्यको समयको मण्डली जुन एपोस्टलिक (धर्मप्रचार सम्वन्धी) मण्डलीको सिद्धान्तमा मेल खान्छ ।

९. प्रकाश १२:१७ मा कुन दुई थप कुराहरूको चित्रण (वर्णन) येशूले आफ्नो अन्त्यको समयको मण्डलीको विषयमा दिनुभयो ?

उत्तर : यसले सबै दस आज्ञाहरू, सातौ दिन सावथ चौथो आज्ञाको रूपमा पालन गर्नेछ (युहन्ना १४:१५, प्रकाश २२:१४) । यससँग "येशूको गवाही" हुनेछ जसलाई बाइबलले भविष्यवाणीको आत्मा भनि हामीलाई भन्छ (प्रकाश १९:१०) । (भविष्यवाणीको वरदानको लागि अध्ययन निर्देशिका २४ हेर्नुहोस्)

यसकारण यहाँ येशूको अन्त्यको समयको शेष मण्डलीलाई पत्ता लगाउने वाँकी अर्को दुई वुँदाहरू छन्
ग. यसले चौथो आज्ञा सातौं दिन सावथ लगायत सबै दस आज्ञालाई पालन गर्छ ।
घ. यससँग भविष्यवाणीको वरदान हुनेछ । जब इमान्दार इसाईहरूको झुण्ड जसले सावथलाई पवित्र मान्दैन तर भविष्यवाणीको वरदान हुन्छ, यी कुनै पनि मण्डली अन्त्यको समयको मण्डली मानिदैंनन् किनकि परमेश्वरको मण्डलीले परमेश्वरका आज्ञा मान्छन् र भविष्यवाणीका वरदानले भरिपूर्ण भएका हुन्छन् ।

१०. परमेश्वरको अन्तिम तथा शेषलाई पत्ता लगाउन कुन अन्तिम दुई कुराहरू प्रकाशको पुस्तकले प्रस्तुत गर्दछ ?

उत्तर : ६ वुँदाहरू मध्ये अन्तिम दुई वुँदाहरू (५) यो संसार भरी धर्मप्रचार (मिशिनरी क्रियाकलाप) को मण्डली हुनेछ (प्रकाश १४:६) र (६) यसले तिन स्वर्गदुतहरूको समाचार (प्रकाश १४:६-१४) लाई प्रचार गर्नेछ जुन छोटकरीमा तल उल्लेख गरिएको छ ।

क. "परमेश्वरको न्यायको इजलास सुरू भएको छ उहाँको आराधना गर ।"

परमेश्वरको अन्त्यको समयको मण्डलीले निश्चय नै यो प्रचार गर्नुपर्छ कि न्यायको समयको सुरूवात ई.सं १८४४ (हेर्नुहोस अध्ययन निर्देशिका १८ र १९) देखि भयो । यसले मानिसहरूलाई यसो भन्छ कि “उहाँलाई महिमा देओ जसले स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू वनाउनु भयो” (प्रकाश १४:७) । हामी कसरी परमेश्वरलाई एक सृष्टिकर्ताको रूपमा आराधना गर्दछौं ? परमेश्वरले यसको उत्तर चौथो आज्ञामा दिनुभएको छ । “सवाथ दिन पवित्र मान्नु पर्छ भनी याद राख्नु ।” ६ दिनमा परमप्रभुले आकाश, पृथ्वी, र तिनमा भएका सबै थोक वनाउनु भयो तर सातौं दिनमा चाहिँ विश्राम गर्नु भयो र त्यसलाई पवित्र गर्नुभयो ” (प्रस्थान २०:८,९,११) । त्यसकारण पहिले स्वर्गदुतको सुसमाचारले सबैलाई सावथ दिनलाई पवित्र राखी (मानि) सृष्टिकर्ता परमेश्वरको आराधना गर जुन उहाँले सृष्टिको संझनाको रूपमा हामीलाई दिनुभएको हो भनी भन्छ ।

ख. सैतान वा पतन भएको वेविलियोन मण्डलीहरूवाट निस्केर आऊ ।

ग. पशुलाई पूजा नगर र उसको छाप ग्रहण नगर । "आइतवार एक पवित्र दिन" यस्तो नक्कली अथवा जाली कुराहरूवाट सतर्क रहनुहोस् ।

यहाँ दुई अन्तिम तथ्य वुँदाहरू छन् :
ङ. परमेश्वरको अन्त्यको समयको संसार भरि धर्मप्रचार गर्ने मण्डली हुनेछ ।
च. यसले तिन स्वर्गदुतहरूको सुसमाचार (प्रकाश १४:६-१४) लाई प्रचार गर्नेछ ।

अब येशूले हामीलाई उहाँको अन्तिम समयको वाँकी मण्डलीलाई पत्ता लगाउन दिनुभएको ६ वटा वुँदाहरूमा पूर्नविचार (समीक्षा) गरौं ।

१. यो आधिकारिक सँगठनको रूपमा ई.सं.. ५३८ र १७९८ को उपस्थिति वीचमा हुनेछैन ।
२. यसको प्रादुर्भाव ई.सं. १७९८ पछि हुनेछ र यसले आफ्नो काम गर्छ ।
३. यसले सातौं दिन सावथ मान्ने चौथो आज्ञा लगायत दस आज्ञालाई पालन गर्नेछ ।
४. यससँग भविष्यवाणीको वरदान हुनेछ ।
५. यो सुसमाचार फैलाउने मण्डलीको रूपमा संसार भरि फैलिनेछ ।
६. यसले येशूका तिन वुँदे समाचार प्रकाश १४:६-१४ लाई सिकाउनेछ र प्रचार गर्नेछ ।

११. अहिले हामीले येशूको अन्त्यको समयको वाँकी मण्डली पत्ता लगाउने ६ कुराहरूलाई हेर्‍यौं, यी कुराहरूसँग येशूले हामीलाई के गर्न भन्नुभयो ?उत्तर : "खोज त तिमीले भेट्टाउने छौ" (मत्ति ७:७) । येशूले यी ६ विस्तृत विवरणहरू हामीमा हस्तान्तरण गर्दै भन्नुहुन्छ, "जाउ र मेरा मण्डली पत्ता लगाउ ।" उहाँले प्रतिज्ञा गर्नुभएको छ जसले स्वर्गीय कुराको खोज गर्दछ, उसले भेट्टउनेछ ।

१२. कति मण्डलीहरू यी ६ विस्तृत वुँदाहरू भित्र अँट्छन् ?

उत्तर : यस्तो विशेष सुस्पष्ट र विस्तृत विवरण येशूले दिनु भयो जस अनुसार तिनीहरू मध्ये केवल एउटा मात्र मण्डलीमा अट्नसक्छन् । येशूले अस्पष्ट (अनिश्चित) सामान्यकरण धारणा जस्तै

"त्यहाँ धेरै असल मानिसहरू मेरो मण्डलीमा हुनेछन्" भनी भन्नुभएन र त्यहाँ केही आडम्वरी व्यक्ति पनि हुनेछन् ।" कति मण्डलीहरूमा यी दुईकुराहरू अटाउँछन् ? सबैमा, यी दुइ कुरा कुनाका किराना पसल अथवा नगरको व्यापारिक केन्द्रको नागरिक क्लबमा अट्न सक्छन् । त्यहाँ सबै कुराहरू अटाउँछन् र यसको अर्थ केही पनि छैन । यसको सट्टामा येशूले यस्ता सुस्पष्ट कुराहरू दिनुभयो जुन एउटा मात्र अथवा एक मात्र मण्डलीमा पाइन्छ, त्यो हो "सेवेन्थ डे एडभेन्टिस्ट" मण्डली । आउनुहोस् दोहोऱ्याएर यी कुराहरूलाई जाँच गरौं ।

सेभेन्थ डे एडभेन्टीष्ट मण्डली

क. यो आधिकारिक सँगठनको रूपमा ५३८ ई.सं.. र १७९८ को वीचमा उद्भव भएको थिएन ।

ख. ई.सं. १७९८ पछि यसको उदय भयो । यसको संरचनाको सुरूवात १८४० को सुरूमा भयो ।

ग. परमेश्वरको पवित्र सातौ दिन सावथ लगायत दस आज्ञालाई पालन गर्ने ।

घ. यो संसारभरि फैलिएको सुसमाचार प्रचार गर्ने मण्डलीको रूपमा संसारका २३६ देशहरू मध्ये २०८ देशमा कार्य गरिरहेको छ ।

ङ. यससँग भविष्यवाणीको वरदान छ ।

च. यसले प्रकाश १४:६-१४ मा उल्लेखित येशूका तिन महान् वुँदे समाचारलाई सिकाउँछ र प्रचार गर्छ ।

येशूले तपाईंलाई अनुरोध गर्नु भएकोछ कि यी विषेश ६ कुराहरूलाई आफ्ना लागि सोच्नुहोस् । यो सजिलो छ । तपाईं यसलाई गुमाउन सक्नुहुन्न ।

पुनश्च : कृपया सम्भनुहोस् संसारमा धेरै प्रेमिला इसाईहरू विभिन्न मण्डलीहरूमा छन् जसमा यी वुँदाहरू अटाउन सक्दैनन् तर यस्ता कुनै पनि मण्डली परमेश्वरका अन्त्यका समयको शेष मण्डली हुदैन्न जसमा उहाँले आफना जनहरूलाई वोलाइरहनु भएको छ ।

१३. जब येशूका जनहरू मध्ये एकले वेविलोनवाट निस्केर आउने उहाँको प्रेमिलो चेतावनी लाई ध्यान दिन्छ (ग्रहण गर्छन्) (प्रकाश १८:२४) । त्यस पछि येशूले उसलाई के गर्न भन्नुहुन्छ ?

*"तिमीहरू एउटै शरीरमा वोलाइएका थियौ " (कलस्सी ३:१५) । "उहाँ शरीर अथवा मण्डलीका शिर हुनुहन्छ" (कलस्सी १:१८) ।*

उत्तर : बाइबलले भन्छ परमेश्वरका मानिसहरूलाई एउटै शरीरमा अथवा एउटै मण्डलीमा वोलाइएका थिए अथवा हो । येशू भन्नुहुन्छ तिनीहरू जसले वेविलोन छाड्छन्, अन्तिम मण्डलीमा समावेश हुनेछन् । जसको उहाँ शिर हुनुहुन्छ । येशूले भन्नुभयो "मेरा अरू भेँडा छन् जो यस गोठमा होइनन् (छैनन्)" (युहन्ना १०:१६) । उहाँले तिनीहरूलाई यसो पनि भन्नुहुन्छ, "मेरा जनहरू दुवैमा पुरानो नियमको समयमा (यशैया ५८:१) र नयाँ नियमको समयमा (प्रकाश १८:४) उहाँ भेँडा गोठ (मण्डली) भन्दा वाहिर छन् । यसको विषयमा उहाँ भन्नुहुन्छ, "तिनीहरूलाई पनि मैले ल्याउनु परेको छ र तिनीहरूले मेरो स्वर सुन्नेछन् र तिनीहरू एउटै वगाल हुनेछन् र एउटै गोठालो हुनेछन् । मेरा भेँडाहरू मेरो स्वर सुन्छन् ...तिनीहरू मेरो पछि आउने छन्" (युहन्ना १०:१६,१७) ।

१४. कसरी कोही उक्त शरीर अथवा मण्डलीमा प्रवेश गर्न सक्छन् ?

"किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले एउटै शरीरमा वप्तिस्मा पाएका छौँ । यहुदी वा ग्रीक कमारो वा फुक्का हामी सबैलाई एउटै पवित्र आत्मावाट पिउन दिइयो " (१ कोरिन्थी १२:१३)

उत्तर : हामी येशूको अन्त्यको समयको मण्डलीमा वप्तिस्माद्वारा प्रवेश गर्न सक्छौँ । (वप्तिस्मा विषयमा थप जानकारीका लागि अध्ययन निर्देशिका ९ हेर्नुहोस्)

१५. के बाइबलले अरू कुनै यस्ता प्रमाणहरू दिन्छ जसले, येशू आफ्ना जनहरूलाई आफ्नो अन्तिम शेष मण्डलीमा वोलाइरहनु भएको छ भनेर ?

उत्तर : हो यसले दिन्छ । आउनुहोस समीक्षा गरौँ ।

क. बाइबलले त्यहाँ केवल एउटा मात्र साँचो शरीर अथवा मण्डली छ भनी भन्छ । (एफिसी ४:४, कलस्सी १:१८)

ख. बाइबलले हाम्रो दिन नोआको दिन जस्तै छ भनी भन्छ । (लुका १७:२६, २७) कतिवटा वच्ने उपायहरू नोआको दिनमा थिए ? केवल एक जहाज । एकचोटि पुन: परमेश्वरले हामीलाई केवल एउटै जहाज अथवा मण्डली उपलब्ध गराउनुभएको छ, जसले उहाँका जनहरूलाई सुरक्षा साथ उहाँको स्वर्गीय राज्यमा लानेछन् । निश्चित भएर सही जहाजमा चढ्नुहोस् । बाइबलले भन्छ, "उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुभयो ।" (

प्रेरित २:४८)यो एपोस्टलीक समयमा झै अहिले पनि सहि साँचो छ ।

१६. परमेश्वरको अन्तिम मण्डलीको विषयमा सुसमाचार के छ ?

उत्तर : क. यसको मुख्य भाव "अनन्त सुसमाचार" धार्मिकता केवल येशूमा विश्वासको आधारमा (प्रकाश १४:६) ।

ख. यो येशूमा वसालिएको (वनाइएको) चट्टान हो (१ कोरिन्थी ३:११,१०:४) र "नरकका ढोकाहरू त्यस माथि विजय हुने छैनन् ।" मत्ति १६:१८

ग. येशू आफ्नो मण्डलीको लागि मर्नु भयो (एफिसी ५:२५) ।

घ. येशूले आफ्नो अन्तिमको मण्डलीलाई यसरी स्पष्ट रूपमा व्याख्या गर्नु भएको छ, त्यसैले यसलाई पत्ता लगाउन सजिलो भएको छ । उहाँले पतन भएका मण्डलीहरूको विषयमा पनि स्पष्ट पार्नु भएको छ र उहाँका जनहरूलाई त्यसवाट निस्केर आउ भनी वोलाउनुहुन्छ । सैतानले तिनीहरूलाई मात्र आफ्नो फन्दामा राख्नेछ जसको आँखा र हृदय वन्द भएका छन् ।

ङ. यसका सबै सिद्धान्तहरू सत्य छन् । (१ तिमोथी ३:१५)

१७. परमेश्वरका "अवशेष जनहरू" को विषयमा के सुसमाचार छ ?

उत्तर : तिनीहरू :-

क. उहाँको स्वर्गीय राज्यमा सुरक्षित रहनेछन् । (प्रकाश १५:२)

ख. येशूको "शक्ति" र "रगत" द्वारा सैतान माथि विजयी हुनेछ । ( प्रकाश १२:१०,११)

ग. धैर्यधारण गर्नेछन् । (प्रकाश १४:१२)

घ. येशूमाथि विश्वास गर्नेछन् । (प्रकाश १४:१२)

ङ. गौरवपुर्ण स्वतन्त्रता पाउनेछन् । (युहन्न ८:३१,३२)

१८. पृथ्वीको समय धेरै ढिलो छ । तिन स्वर्गदूतको सुसमाचार पछि तुरून्त येशूको दोस्रो आगमन हुन्छ (प्रकाश १४:१८-१४) । अहिले उहाँका जनहरू माथि येशूको जरूरी निवेदन के छ ?

"तिमी र तिम्रो सबै जहानहरू जहाज भित्र जाओ " (उत्पति ७:१) ।

उत्तर : नोआको समयमा केवल आठ जनाले मात्र (नोआ लगायत) परमेश्वरको निमन्त्रणालाई स्वीकार गरे । येशूले आफ्नो अन्त्य समयको जहाजको ढोकामा तपाईंका लागि उभिरहनुभएको छ । उक्त जहाज भनेको अन्तिम मण्डली हो ।

पुनश्च :- यो हाम्रो आठौँ अध्ययन निर्देशिका हो । जसमा रोमाञ्चकारी तिन स्वर्गदूतको सुसमाचारको श्रृंखलाले भविष्यवाणीका वरदानको विषयमा छलफल गर्नेछ ।

१९. सुरक्षाका निम्ति उहाँको अन्तिम मण्डलीमा आउन भन्ने येशूको वोलाहवटलाई के तपाईँ ख्याल राख्नुहुन्छ ?
उत्तरः.............................................................................

## तपाईको विचारका प्रश्नहरूका उत्तरहरू

१. चीन, संसारको सनसंख्याको १/४ भाग सुसमाचारको लागि खुल्ला भएको प्रत्येक मानिसमा पुग्न यसलाई के लामो समय लाग्दैन र?

उत्तर : “मानिसहरूका निम्ति यो त असम्भव छ तर परमेश्वरका लागि छैन् ।” (मर्कूस १०:२७) । बाइबलले भन्छ परमप्रभु “काम पुरा गर्नु हुन्छ, धार्मिकतामा छोट्याउनु हुन्छ किनकि परमप्रभुले पृथ्वीमा उहाँको दण्डको आज्ञा दृढता र शीघ्रता साथ पूर्ण गर्नु हुनेछ ” (रोमी ९:२८) ।उही प्रभु जसले योनालाई सम्पूर्ण सहरलाई चालिस दिन भित्र पश्चात्तापका लागि नेतृत्व गर्न अधिकृत गर्नुभयो । (योना ३ अध्याय) उहाँले आफ्नो काम अत्यन्त छिटो किसिमले यी अन्त्यका दिनहरूमा पूर्ण गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ उहाँका काम साँस लिन पनि फुर्सद नहुने गतिमा वढने छ । उहाँको गतिलाई समुचित रूपमा व्यवस्थापन गरी अत्याधिक रूपमा समागम आत्मालाई प्रवन्ध गर्न परमेश्वरको मण्डलीलाई करिब-करिब असम्भव छ । (आमोस ९:१३) परमेश्वरले प्रतिज्ञा गर्नु भएको थियो, यो हुनेछ । छिट्टै अचानक यो पूर्ण हुनेछ । परमेश्वरको काममा लामो समयको सोचाई र योजनाले आजको कुरालाई गुमाउँछन् । यो ठूलो संकट हो र संकटले तुरून्त निदानको मार्ग प्रशस्त गर्दछ । हुन सक्छ लामो समयसम्म विचार गर्नु पर्ने विचारकहरू फंदामा (जालमा) पर्न सक्छन् र धेरै ढिलो भएपछि उठ्छन् ।

२. के येशूको दोस्रो आगमनमा इशाई भनाउँदाहरू सामातिने र नष्ट हुने कुनै गम्भीर खतरा छ ?

उत्तर : हो, येशूले यो कुरालाई पारदर्शक रूपमा स्पष्ट गर्नु भएको छ । उहाँले धेरै कुराहरूको विषयमा चेतावनी दिनुभएको छ जसले इसाईहरूलाई जालमा पारी नष्ट गर्नेछन् ।
क. अतिभोजन

ख. मदोन्मत्तता (नशा)
ग. आफ्नो जीवनको देखभाल -पिडा चिन्ता)
घ. निद्रा (लुका २१:३४, मर्कूस १३:३४-३६)

क. अतिभोजन (परितृप्ती) अति गर्नु
यसको अर्थ कुनै पनि कुरा अति गर्नु हो, जस्तै खाने काम गर्नु, पढनु, रचनात्मक कर्म अदि । यसले सन्तुलनलाई अस्तव्यस्त वनाउँछ र स्वच्छ सोचाईलाई नष्ट गर्छ र यसले येशूसँग समय विताउनमा वाधा पुऱ्याउँछ ।
ख. मदोन्मत्तता (नशा)
ती कुरालाई देखाउँछ जसले हामीमा उदासिनता ल्याउँछ र स्वर्गीय कुरामा विस्मय उत्पन्न गराउँछ । उदाहरणहरूमा अश्लील साहित्य, अनुचित यौन सम्वन्ध, खराब साथीभाईहरूको सँगत, बाइबल नपढ्ने, प्रार्थना नगर्ने । यस्ता कुराहरूको कारण मानिसहरू अवास्तविक संसारको सपनामा वाँच्छन् र नष्ट हुन्छन् ।
ग. आफ्नो जीवनको देखभाल (पिडा चिन्ता)
यो जीवनको देखभाल हेरचाहले इसाईलाई नष्ट पार्छ । इसाईहरू जो धेरै व्यस्त हुन्छन् सिद्धरूपमा राम्रो काम गरी येशूकोलागि प्रार्थना वचनको अध्ययन, गवाही, र मण्डलीको सेवामा सहभागी हुन्छ । यसो गर्नाले हामी आफ्ना ध्यान लाई वास्तविक लक्ष्य तिरवाट उठाउँछौ र आफूलाई थरीथरीका कुराहरूमा लोप गरिदिन्छौ ।
घ. निद्रा
निद्राले आत्मिकी रूपमा मृत अवस्थालाई देखाउँछ । यो आजको सवभन्दा ठूलो समस्या हो । अव एक व्यक्ति निद्रामा हुन्छ उसलाई थाहा हुँदैन कि उ निद्रामा छ । येशूसँगको हाम्रो सम्वन्धलाई विनाप्रमाण मानि लिन पवित्र भएकोमा कुनै शक्ति नहुन अरूको धर्मप्रवचनहरूलाई अनुशरण गर्नु (लागू गर्नु) र येशूको काममा पूर्णरूपमा प्रतिवद्ध भई अगाडी वढ्न नकार्नु, यी सबै र अरू कुरालाई जब सम्म चमत्कारीपूर्ण जागृति आउँदैन तिनीहरू वितेको सत्यको क्षणमा सुत्छन् ।

३. म परमेश्वरको अन्तिम मण्डलीमा सम्मिलित भएर यति खुसी भएँ कि मेरो जीवनमा पहिले कहिल्यै भएको थिएन। तर म कहिले यतिको दुष्टको कष्टवाट पिडित पनि भइँन । किन यस्तो ?

उत्तर : किनकि सैतान परमेश्वरको अन्तिम मण्डलीको जनहरूसँग क्रुद्ध छ र उसले उनीहरूलाई ठेस पुऱ्याउन र हतोत्हास गर्न आफ्नो समय

प्रयोग गर्दछ (प्रकाश १८:१७) । येशूले मानिसलाई दु:ख, संकट, शोक सैतानको घातक आक्रमण मुस्किल समय, त्यसको साथै सैतानले गम्भीर चोटवाट भोग्नु पर्दैन भनी प्रतिज्ञा गर्नु भएन । वास्तवमा उहाँले प्रतिज्ञा गर्नु भयो यस्तो कुराहरू वास्तवमा उहाँका जनहरूमा आउँछ (२ तिमोथी ३:१८) । जे भएपनि उहाँले महिमित प्रतिज्ञाहरू गर्नुभयो ।

क. उहाँका जनहरूलाई विजय दिनुहुनेछ । (१ कोरिन्थी १५:५७)

ख. युगको अन्त्यसम्म सधैं हामीहरूको साथमा हुनुहुनेछ । (मत्ति २८:२०)

ग. शान्ति दिनुहुन्छ । (युहन्ना १६:३३, भजनसँग्रह ११९:१६५) र

घ. हामीहरूलाई त्याग्नु हुनेछैन । (हिब्रु १३:५)

अन्त्यमा येशू र उहाँका पिताले प्रतिज्ञा गर्नु भएको छ, आफ्ना वच्चाहरूलाई दह्रोसँग समात्नुहुनेछ र कसैले तिनीहरूलाई उहाँहरूको हातवाट खोसी लानेछैनन् । (युहन्न १०:२८,२९) आमेन् ।

४. चर्च (Church) शब्दको अर्थ के हो ?

मण्डली अथवा चर्च (Church) शब्द ग्रीक भाषाको एकेलेशिया (Ekelesia) वाट अनुवाद गरिएको हो जसको अर्थ "वाहिर निस्केर आउ एकै पटक" । कस्तो मिलेको वास्तवमा येशूका जनहरू संसार र वेविलोनवाट निस्केर उहाँ सुरक्षित घेरामा आउ भनी वोलाइएको छ । मानिसहरू परमेश्वरको अन्त्यको समयको मण्डलीको भाग ( अंश) हुनेछन् । वप्तिस्माद्वारा जब येशू वोलाउनु हुन्छ "मेरा भेँडाहरूले मेरो स्वर सुन्छन् र तिनीहरू म चिन्छु र तिनीहरू मेरो पछि आउँछन्" (युहन्ना १०:२७) ।

## संक्षिप्त पृष्ठ

कृपया यो संक्षिप्त पाना सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढनुहोस । तल दिइएको प्रश्नहरूको उत्तरहरू अध्ययन पीसतकामा पाउन सक्नुहुन्छ । ठीक उत्तर भएको वक्समा टीक चिन्ह लगाउनुहोस । प्रश्नको पुछारमा रहेको अङ्कले पूर्णाङ्क बुझाउँछ ।

१. भविष्यवाणीमा उहाँको साँचो मण्डलीलाई येशूले कसरी प्रस्तुत गर्नुभएको छ ? (१)

- ☐ अग्लो शिखरको रूपमा
- ☐ एक पशु
- ☐ चम्किलो स्वर्गदूतको रूपमा

- ❑ सच्चरित्र भएकी महिला (निष्पाप)
- ❑ रहस्यपूर्ण वादलको रूपमा

२. उजाड के थियो जसमा मण्डली भाग्नु पऱ्यो ? (१)

- ❑ सुन्सान ठाउँ जस्तै गुफा, जंगल आदि
- ❑ सहारा मरूभूमि
- ❑ इराक
- ❑ गोवी मरूभूमी

३. निम्न लिखित सूचीहरू मध्ये कुन चाहिँ तिन स्वर्गदूतका सुसमाचारका हुन् । (३)

- ❑ वेविलोनको अन्त्य भयो त्यसवाट वाहिर निस्केर आउ
- ❑ नर्कमा अनन्त पीडा छ ।
- ❑ परमेश्वरले छिटै न्याय गर्नुहुनेछ । सावथ दिनलाई मानेर उहाँलाई महिमा देओ र सृष्टिकर्ता भनी उहाँको आराधना गर जुन उहाँको छाप हो ।
- ❑ दुःखको अन्त्य भएको छ ।
- ❑ सबैजना वचाइने भएका छन् ।
- ❑ सैतान वा पशुको पूजा नगर वा उसको छाप न लेओ ।

४. येशूले उहाँको अन्तिम शेष मण्डली चिन्नका निम्ति ६ वटा वुँदाहरू दिनुहुन्छ । ती मण्डलीहरू ... हुन्छन् । (६)

- ❑ त्यहाँ धेरै असल इसाईहरू हुनेछन् ।
- ❑ सावथ लगायत दस आज्ञाहरूको पालना गर्नेछन् ।
- ❑ त्यहाँ केही आडम्वरी व्यक्तिहरू पनि हुनेछन् ।
- ❑ इसाई गीतहरू गाउन रमाउने ।
- ❑ प्रार्थनामा धेरै समय विताउने ।
- ❑ सांगठनिक रूपमा ई.सं..५३८ र १७८९ को वीचमा नभएको ।
- ❑ भविष्यवाणीको वरदान भएको ।
- ❑ अन्य भाषा वोल्ने वरदान भएको ।
- ❑ संसार भरि सुमाचार फैलाउने मण्डलीको रूपमा रहेको ।
- ❑ ठूला मण्डली भवनहरू भएको ।
- ❑ ई.सं. १७९८ पछि उद्भव भएर काम सुरू गरेको ।
- ❑ प्रकाश १४:६-१४ मा उल्लेख गरिएको तिन स्वर्गदूतको सुसमाचारको विषयमा प्रचार गर्ने र शिक्षा दिने ।

५. मण्डली उजाड स्थानमा कति वर्षसम्म थियो ?

- ❑ ५ वर्ष
- ❑ १००० वर्ष
- ❑ ६८० वर्ष
- ❑ १२६० वर्ष
- ❑ ३३ वर्ष

६. जोडा मिलाउनु होस् :

| | |
|---|---|
| क. वाह्रवटा ताराहरू भएको मुकुट | शेष भाग |
| ख. स्त्रीको पाउँ मुनि चन्द्रमा | येशू |
| ग. ठूलो रातो अजिङ्गर | वाह्र चेलाहरू |
| घ. अन्तिम | मण्डली |
| ङ. स्त्री | पुरानो नियममा वलिदानको विधि |
| च. सूर्य | पोपिय रोम मार्फत सैतानलेकार्य गरिरहेको |
| छ. स्त्रीले जन्म दिएको वालक | येशू र उहाँको धार्मिकता |

७. के येशूले उहाँका जनहरूलाई पतन भएको वेविलोन र संसारवाट वाहिर आउन र उहाँको अन्तिम मण्डलीमावोलाउनु हुन्छ ? (१)

- ❑ हो
- ❑ होइन

८. एक व्यक्ति कसरी अन्तिम शेष मण्डलीको सदस्य वन्न सक्छ ?

- ❑ प्रचारकसँग हात मिलाएर
- ❑ सदस्यता पत्रमा हस्ताक्षर गरेर
- ❑ वप्तिस्माद्वारा
- ❑ ठूलो चन्दाराशि दिएर

९. प्रत्येक मण्डलीमा धेरै असल इसाईहरू छन्, यहाँसम्म कि कोही कुनै पनि मण्डलीका सदस्य छैनन् । (१)

- ❑ हो
- ❑ होइन

१०. तल उल्लेखित कुन-कुन कुराहरूले इसाईहरू फन्दामा पर्छन र नष्ट हुन्छन् ? (४)

- ❑ अतिभोजन अथवा खानमा लट्ठ

- [ ] आफ्नो जीवनको मात्र सुर्ता
- [ ] आफ्नो धर्मप्रति अति उत्साहित हुनु
- [ ] अत्मिकी मस्ती वा अतिवादी
- [ ] आत्मिकी रूपमा निदाउँनु
- [ ] विश्वासपूर्वक गवाही दिनु
- [ ] पत्रपत्रिका पढ्नु ।

११. सुसमाचारलाई द्रुततर गतिमा हरेक प्राणीमा पुऱ्याएर, परमेश्वरले आफ्नो कामलाई यो संसारमा छोट्याउनु हुन्छ (१)

- [ ] हो
- [ ] होइन

१२. तल उल्लेखित कुन कुराहरू परमेश्वरले आफ्नो जनहरूसँग प्रतिज्ञा गर्नुभएको छ ? (४)

- [ ] शान्ति ।
- [ ] उनीहरूमा कुनै समस्या हुनेछैन् ।
- [ ] विजय ।
- [ ] उनीहरू कहिल्यै विरामी पर्नेछैनन् ।
- [ ] उहाँ र येशूको हातवाट कसैले पनि उनीहरूलाई छुटाउने छैनन् ।
- [ ] उहाँले उनीहरूलाई कहिल्यै छोड्नुहुनेछैन ।
- [ ] उनीहरू धनी हुनेछन् ।

१३. "चर्च" शब्दको वास्तविक अर्थ के हो ? (१)

- [ ] आराधना गर्न व्यवस्थित गरिएको ठाउँ ।
- [ ] विश्वासीहरूको सङ्गति ।
- [ ] एकैचोटि वाहिर वोलाइएको ।
- [ ] मुख्य गिर्जाघर

१४. म परमेश्वरको अन्तिम समयको मण्डलीसँग आवद्ध हुन चाहन्छु ।

- [ ] हो
- [ ] होइन

# २४ के परमेश्वरले ज्योतिषि र तन्त्रमन्त्र गर्नेहरूलाई प्रेरित गर्नुहुन्छ ?

यदि आधुनिक युगका केहि भविष्यवक्ताहरू अचानक उठ्ने हो र मानिसहरूलाई पश्चात्ताप गर भनी भन्ने, विरामीहरूलाई निको पार्ने, मरेकाहरूलाई जिवित पार्ने, आकाशवाट आगो वर्साउने, तपाईंको जीवनका गोप्य कुराहरू भन्ने काम गरे, के तपाईं उनीहरूमा विश्वास गर्नुहुन्छ ? के तपाईंले उनीहरूमाथि विश्वास गर्नै पर्छ । तपाईंको अन्तिम लक्ष्य भनेको सही र गलत छुट्याउन सक्ने एक क्षमतामा बाँधिनु हुनेछ । यस प्रश्नको उत्तरमा जीवन र मृत्यु  तपाईंको हातमा बेरिएको छ । बाइबलले यस विषयमा के भन्छ ?

१. संसारका अन्तिम दिनहरूमा सही भविष्यवक्ताहरू हुन्छन् भनी के बाइबलले सिकाउँछ ?

*"आखिरी दिनहरूमा यस्तो हुन्छ भनी परमेश्वर भन्नुहुन्छ, "म सबै मानिसहरूमाथि मेरो आत्मा खन्याइदिनेछु र तिमीहरूका  छोराहरू र तिमीहरूका छोरीहरूले अगमवाणी वोल्ने छन् "(प्रेरित २:१:७)।*

उत्तर : हो दुवै लोग्ने मानिस र स्वास्नी मानिसहरूले अन्त्यका दिनहरूमा अगमवाणि बोल्छन् । (योएल २:२८-३२)

२. येशुले आफ्नो  स्वर्गमा  उक्लने समयमा "अगमवक्ता" को वरदान आफ्नो मण्डलीमा  राख्नुभयो र  यसका साथै चार अन्य वरदानहरू: प्रेरित, प्रचारक, पास्टर र शास्त्री (एफिसी ४:७-११) राख्नुभयो? परमेश्वरले मण्डलीमा किन यी बरदानहरूलाई स्थान दिनुभयो ?

*"कि ख्रीष्टको शरीर निर्माण होस र सेवाको काम गर्न सन्तहरू सु-सज्जित होउन" (एफिसी ४:१२)*

उत्तर : सन्तहरू दक्ष  होउन् भनि येशूले  यी सबै पाँचवटा वरदानहरू दिनुभयो । यदि यी  पाँच वरदानहरू मध्ये एकको कमी भएमा  अन्त्यका दिनहरूमा  मण्डलीहरू परिपूर्ण अथवा पक्का हुँदैनन् ।

३. बाइबलको समयमा, भविष्यवाणीको वरदान के लोग्ने मानिसहरूमा मात्र सिमित थियो ?

उत्तर : होइन । धेरै लोग्ने मानिसहरूमा भविष्यवाणीको वरदान हुँदा हुँदै पनि, परमेश्वरले आठजना स्त्रीहरूलाई पनि यो वरदान दिनुभयो । आना (लूका २:३६-३८), मरियम (प्रस्थान १५:२०), देवोरा (न्याय ४:४), हुल्दाक (२ राजाहरू २२:१४) फिलिपका चार छोरीहरू, एक प्रचारक (प्रेरित २१:८,९) लाई परमेश्वरले अगमवाणीको वरदान दिनुभएको थियो ।

४. मण्डलीमा यी वरदानहरू कति समय सम्म कायम रहन्छन् ?

*"जब सम्म हामीले विश्वासको र परमेश्वरका युगको ज्ञानको एकता प्राप्त गर्दैनौ र परिपक्व मानिस वनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौ" (एफिसि ४:१३)*

उत्तर : तिनीहरू त्यो समयसम्म रहन्छन् र जवसम्म परमेश्वरका जनहरू एकतामा वाँधिदैनन् र एक परिपक्व इसाई हुँदैनन् । जुन अन्तिमको समयमा हुनेछ ।

५. भविष्यवक्ताहरूले कुन श्रोतवाट सही जानकारी प्राप्त गर्दछन् ?

*"किनकी मानिसको इच्छावाट कुनै अगमवाणी आएन, तर पवित्र प्रमाणित गर्दैन । आत्मावाट प्रेरणा मानिसहरूले परमेश्वरको तर्फवाट वोलेका हुन् ।" (२ पत्रुस १:२१) ।*

उत्तर : भविष्यवक्ताहरू पवित्र आत्मावाट प्रेरित भएर जुनरूपमा छन् तिनीहरू त्यसै रूपमा वोल्दछन् । शब्द "घोस्ट" "घास्ट" (Ghast) शब्दवाट आउँछ जुन पुरानो अंग्रेजीको शब्द "आत्मा" जसलाई आजकल हामी पवित्र "आत्मा" भन्छौ । भविष्यवक्ताहरूले आत्मिकी कुराहरूको विषयमा आपनो व्यक्तिगत धारणा वताउँदैनन् । उनीहरूको विचार पवित्रआत्मा मार्फत येशूवाट आउँछ ।

६. परमेश्वर तिन भिन्न प्रकारवाट भविष्यवक्ताहरूसँग बोल्नुहुन्छ । तिनीहरू के-के हुन् ?

*"जव तिमीहरूको विचमा परमप्रभुको कुनै अगमवक्ता छ, तब म त्यससँग दर्शनमा आफैलाई प्रकट गर्छु, त्यससँग सपनामा कुरा गर्छु । त्यससँग म आमनेसामने प्रस्टसँग कुरा गर्छु ।" (गन्ती १२:७,८)*

उत्तर : दर्शन (दृष्टि), सपना, अथवा आमने-सामने भई ।

७. दर्शनमा रहेका सही भविष्यवक्ताका शारीरिक प्रमाणहरू के के हुन् ?

उत्तर : १. सुरूमा शारीरिक शक्ति कम हुन्छ । (दानियल १०:८)

२. पछि यसै विच दैवीय शक्ति प्राप्त हुन सक्छ । (दानियल १०:१८,१९)

३. शरीरमा दम (सास) हुँदैन । (दानियल १०:१७)

४. बोल्न सक्छ । (दानियल १०:१६)

५. आसपासका संसारिक कुराहरू देखि टाढा । (दानियल १०:५-८ , २ कारिन्थि १२:२-४)

६. आँखा खुल्ने छन् । (गन्ती २४:४)

पुनःश्चः यद्यपि बाइबलमा पूर्णगामी अनुमान अनुसार माथि उल्लेखित ६ शारीरिक सही भविष्यवक्ताहरूका सम्वन्धमा भएपनि, सबै एकै चोटी एउटै व्यक्तिमा देखा नपर्न सक्छ । भविष्यवक्ताको दर्शनहरू माथि उल्लेखित ६ कुराहरूलाई प्रकट नगरी पनि स्वभाविक हुन सक्छन ।

८. के उनीहरूका आश्चर्यपूर्ण कामले यी भविष्यवक्ताहरू परमेश्वरका हुन भनी प्रमाणित गर्दछन् ?

*"तिनीहरू चमत्कार देखाउने दुष्ट आत्माहरू हुन ।" प्रकाश १६:१४) ।*

उत्तर : गर्दैनन् । सैतान र उसका दूतहरूमा पनि आश्चर्य काम गर्ने शक्ति हुन्छ । आश्चर्य कर्मले एक कुरा स्पष्ट गर्दछ, दैवी शक्ति, तर त्यस्तो शक्ति परमेश्वर र सैतान दुवैवाट आउँछ । (व्यवस्था १३:१-५, प्रकाश १३:१३,१४)

९. येशूले अन्त्यको समयमा कस्तो भयावह खतराको चेतावनी हामीलाई दिनुभएको छ ?

*"किनकि झुठा खीष्टहरू, र झुठा अगमवक्ताहरू खडा हुनेछन् र हुन सके चुनिएकाहरूलाई पनि भड्काउनलाई ठूला-ठूला चिन्हहरू र आश्चर्यका कामहरू देखाउनेछन् ।" (मत्ति २४:२४) ।*

उत्तर : परमेश्वरले हामीलाई झुठा खीष्ट र झुठा भविष्यवक्ताहरूको वारेमा सचेत गराउनुभएको छ जस्ले चुनिएका केही वाहेक सबैलाई अत्याधिकरूपमा आफूमा विश्वास दिलाउँछन् र धोका दिन्छन् । कसैले धोका खान्छन् र नष्ट हुन्छन् ।

१०. मैले कसरी निश्चित गर्नु कि भविष्यवक्ता सही अथवा गलत हो भनी ?

*"व्यवस्था र गवाही कहाँ जाओ । यदि तिनीहरू यस वचनअनुसार बोलेनन् भने तिनीहरूसित विहानको मिर्मिरे पनि हुनेछैनन् " (यशैया ८:२०)*

उत्तर : उनीहरूको शिक्षा र आचरणलाई परमेश्वरको वचनमार्फत परीक्षण गनुहोस् । यदी तिनीहरूको शिक्षा र व्यवहार धर्मशास्त्रसँग विरोधाभास हुन्छ, तब तिनीहरू झुठा भविष्यवक्ताहरू हुन र तिनीहरूमा त्यहाँ प्रकाश हुँदैन ।

११. के केही निश्चय किसिमका झुठा भविष्यवक्ताहरूका नाम र तिनीहरूलाई दोष बाइबलमा लगाइएको छ ?

उत्तर : हो, व्यवस्था १८:१०-१२ र प्रकाश २१:८ पदहरूले निम्न किसिमका झुठा भविष्यवक्ताहरूको विषयमा वोल्छन् ।

क. जादुगर : भूत झार्छ, टुना, तन्त्रमन्त्र गर्छ अथवा जादु गर्छ ।

ख. समयको अवलोकन कर्ता : ज्योतिषी ।

ग. जादुटुना गर्नेवाला : जो मरेको मानिसको आत्मासँग सम्वन्ध स्थापित गर्छ ।

घ. घनिष्ट आत्मासँग परामर्श लिनेवाला - माध्यम ।

ङ. भविष्यको ज्ञानको प्रयोग गर्ने : भाग्य वताउने ।

च. मायाकार : (इन्द्रजालीक) जादुगर जस्तै ।

छ. मृतक विषयमा विचार गर्ने : जादुटुना गने जस्तै, झाँक्री

ज. वोक्सी : स्त्री जादुगरनी

झ. जादुगर : कालावाज, पुरूष जादुगर

पुनःश्चय: धेरैजसो यी झुठा भविष्यवक्ताहरू मरेका आत्माहरूसँग सम्पर्क भएको दावा गर्छन । मरेकाहरू जीवनलाई जीवित सम्पर्क गर्न सक्दैनन् भनेर बाइबलले स्पष्ट रूपमा भनेको छ । मरेका आत्माहरू खराब दूतहरू अथवा सैतान हुन । (प्रकाश १६:१३-१४) काँचको बल, हात हेर्ने, पातहरूमा पाठ गर्न, लेख्नु, ज्योतिषी र मरेका आत्माहरूसँग कुरा गर्ने भन्नेहरू परमेश्वरका आफ्ना जनहरूसँग कुराकानी गर्ने तरिका होइनन् । धर्मशास्त्रले यो स्पष्ट रूपमा सिकाउँछ कि यस्ता काम गर्ने व्यक्तिहरू परमेश्वरको अगाडी घृणित हो । (व्यवस्था १८:१८) र जो यी कामहरूमा निरन्तर लागिरहन्छ त्यो अधिक खराब हो र उनीहरू परमेश्वरको राज्यवाट निकालिन्छ । (गलाति ५:१९-२१, प्रकाश २१:८, २२ : १४,१५)

१२ के साँचो भविष्यवक्ताको पहिलो काम मण्डलीको सेवा वा अविश्वासीहरूको सेवा गर्नु हो ?

*"तर अगमवाणी चाहिँ अविश्वासीहरूका निम्ति होइन तर विश्वासीहरूमा निम्ति हो "(१ कोरिन्थी १४:२२)*

उत्तर : बाइबल यस विषयमा स्पष्ट छ। यद्यपि एउटा भविष्यवक्ताको समाचारले कहिलेकाहीँ समाजमा आध्यात्मिक चेतना जगाउँछ तर भविष्यक्ताको मुख्य उद्देश्य मण्डलीको सेवा गर्नु हो।

१३. के परमेश्वरको अन्त्यको समयमा मण्डलीसँग भविष्यवाणीको वरदान हुन्छ ?

उत्तर : येशूले अन्त्यको समयको मण्डलीलाई ६ वटा संख्यामा वरदानहरू दिनुभएको छ भनी अध्ययन निर्देशिका २३ मा हामी पत्ता लगाउँछौ। आउनुहोस् यी ६ वटा बुँदाहरूलाई पून: विचार गरौँ।

क. यो औपचारिक सँगठनको रूपमा ए.डि. ५३५ र १७९८ को वीचमा अस्तित्वमा आउनेछैन्।

ख. यसको उदय १७९८ ए.डी. पछि हुनेछ र काम गर्नेछ।

ग. यसले दश आज्ञालाई मान्छ र चौथो आज्ञाको रूपमा सातौ दिन सावथ पालन गर्छ।

घ. यसमा भविष्यवाणीको वरदान हुन्छ।

ङ. यो संसार भरी सुसमाचार प्रचार गर्ने मण्डली हुनेछ।

च. प्रकाशको तिन स्वर्गदूतको सुसमाचारसहित यसले येशूको वारेमा प्रचार गर्ने र शिक्षा दिने काम गर्नेछ। (प्रकाश १४:६-१४)।

परमेश्वरको अन्त्यको समयमा अविशिष्ट मण्डली, परमेश्वरले उल्लेख गर्नु भएको छ बुँदाहरूसँग मिल्नु पर्छ भनी स्मरण गर्न महत्वपूर्ण छ। यसको मतलब भविष्यवाणीको बरदान त्यसमा समावेस हुनुपर्छ र यो सँग भविष्यवक्ता हुनेछन्।

१४. सबै वरदान हुने परमेश्वरको अन्तिम मण्डलीसँग जव तपाईं समावेश हुनुहुन्छ, तपाईंलाई यसले कसरी प्रभाव पार्छ ?"यसरी हामी छाललले अघि पछि हुत्याइएका, धार्मिक सिद्धान्तको प्रत्येक वतासले जालभेल, धुर्तता र फट्याइँले यता उता उडाइएका वालकहरूजस्ता नहोऔँ"(एफिसि ४:१४)।

उत्तर : यसले तपाईंको आध्यात्मिकतालाई स्थिरता प्रदान गर्छ र तपाईंको विश्वासमा तपाईं कदापि अनिश्चत र अस्थिर हुनुहुनेछैन्।

१५. प्रेरित पावलले १ कोरिन्थी १२:१-८मा सम्वन्धलाई वरदानसँग जोडेर हेरेका छन् जुन येशूले मण्डलीलाई शरीरको भागको रूपमा दिएर जानुभयो । शरीरको कुन भागले असल रूपमा भविश्यवाणीको वरदानको प्रतिनिधित्व गर्छ ?

*"पहिले-पहिले कुनै मानिसले परमेश्वरसित सल्लाह माग्न इच्छा गर्दा इजरायलमा यसो भन्ने चलन थियो 'हामी दर्शीकहाँ जाऔँ ।' किनभने हिजो आजको अगमवक्तालाई त्यसवेला दर्शी भन्दथे । (१ शमुएल ९:९)*

उत्तर : किनकि एक भविष्यवक्तालाई कहिलेकाँही भविष्यको विषयमा देख्ने व्यक्तिको रूपमा लिइन्छ । त्यसकारण उसका आँखाहरूले भविष्यवाणीको वरदानको प्रतिनिधित्व गर्दछ ।

१६. जव भविष्यवाणी मण्डलीको आँखा हो भने भविष्यवाणी वरदान विनाको मण्डलीको अवस्था कस्तो होला ?

उत्तर : यो अन्धा हुनेछ । येशूले यसको विषयमा भन्नु भएको छ "अन्धाले अन्धालाई डोऱ्यायो भने ती दुवै खाल्टोमा पर्नेछन् ।" (मत्ति १५:१४)

१७. के येशूले दिनुभएको सम्पूर्ण वरदानहरू परमेश्वरको अन्तिम - शेषांश) मण्डलीमा हुन जरूरी छ ?

उत्तर : छ । परमेश्वरको अन्तको समयमा वाँकी मण्डली "पछाडीमा कुनै वरदान हुँदैन" जसको अर्थ यससँग अनिवार्य रूपमा सबै वरदान साफमा भविष्यवाणीको वरदान पनि हुनेछ भनी धर्मशास्त्रले सिधा रूपमा शिक्षा दिन्छ । (१ कोरिन्थी १:५-८)

क. धर्मप्रचारक

ख. भविष्यवक्ता

ग. इशाई धर्मोपदेशक प्रचारकहरू

घ. धर्मगुरू (पास्टर)

ङ. शिक्षक

१८. परमेश्वरको अन्तिम समयको बाँकी मण्डलीसँग "येशूको गवाही हुन्छ" भनी प्रकाश १२:१७ ले देखाउँछ । प्रकाश १९:१० ले यसो भन्छ "येशूको गवाही अगमवाणीको आत्मा हो ।" मण्डलीसित भविष्यवक्ता हुन्छन भनी के यस अवस्थामा हामी विश्वस्त हुन सक्छौं ?

उत्तर : हो । एक स्वर्गदूतले यूहन्नालाई प्रकाशको पुस्तक १९:१० मा भन्दछ "सङ्गीदास, उसको एक भाई जससँग येशूको गवाही छ ।" फेरि उही स्वर्गुतले समान समाचार पुनः यूहन्नालाई प्रकाशको २२:९ मा

दोहोऱ्याउँछन् । उसले भन्छ "म त तिम्रो र अगमवाणी वोल्ने तिम्रा भाइहरू र यस पुस्तकका वचन पालन गर्नेहरूका सङ्गीदास मात्र हुँ ।" यहाँ विचार गर्नुहोस् उसले आफैलाई येशूको गवाहीको सट्टामा एक भविष्यवक्ता भनेका छन् । यस प्रकार प्रत्यक्ष रूपमा येशूको गवाही हुनु एक भविष्यवक्ता हुनुको अर्थ एकै हो ।

१९. अरू कस्ता महत्वपूर्ण शब्दहरू "येशूको गवाही" हुन् ?

उत्तर : "येशूको गवाही" को अर्थ भविष्यवक्ताका शब्दहरू येशूवाट आएका हुन् । त्यसकारण हामीहरूले साँचो भविष्यवक्ताका शब्दहरूलाई विशेष समाचार हाम्रा लागि भएकोले आदर गर्नुपर्छ । (प्रकाश १:१, आमोश ३:७) कुनै पनि किसिमले साँचो भविष्यवक्ताको निन्दा अथवा भर्त्सना गर्नु अत्याधिक खतरनाक विषय हो । यो येशूलाई धिर्कानु वा निन्दा गर्नु वरावर हो । जसले उनीहरूलाई पठाउन र मार्ग निर्देशन गराउनु हुन्छ। परमेश्वर सचेत गराउनुहुन्छ "मेरो अगमवक्ताहरूलाई कुनै हानि नगर।" (भजनसँग्रह १०५:१५)

२०. साँचो भविष्यवक्ताका गुणहरूका विषयमा बाइबलले के भन्छ ?

उत्तर : साँचो भविष्यवक्ताको गुणको विषयमा बाइबलको जाँच वुँदाहरू निम्न प्रकार छन् :-

क. पवित्र जीवन जीउनु । (मत्ति ७:१५-२०)
ख. परमेश्वरबाट सेवाका लागि वोलावट भएको (यशैया ६:१-१०, यर्मिया १:५-१०, आमोश ७:१४,१५)
ग. लेखाई र वोलाई बाइबलसँग मिल्दो (यशैया ८:१९,२०)
घ. आउने घरानाको विषयमा भन्ने (व्यवस्था १८:२०-२२)
ङ. दर्शन भएको (गन्ती १२:१६)

२१. के आफ्नो अन्त्यको समयको विशेष मण्डलीका लागि परमेश्वरले भविष्यवक्ता पठाउनुभयो ?

उत्तर : हो । उहाँले गर्नुभयो । यहाँ छोटकरीमा उल्लेख गरिएको छ ।

<u>एक युवतिलाई परमेश्वरको वोलावट</u>

परमेश्वरको अन्त्यको मण्डली सन् १८४० मा सुरू भयो र सुरक्षित अथवा रखवाली गर्न अत्यन्त आवश्यक थियो। आमोश ३:७ मा गरिएको प्रतिज्ञासँग मिल्ने गरी परमेश्वरले एलेन हार्मोन एक जवान महिलालाई उहाँको भविष्यवक्ता हुन वोलाउनु भयो । एलेनले परमेश्वरको वोलावटलाई स्वीकार गरिन् । उनी ९ वर्षको हुँदा एक दुर्घटनामा परी घाइते भएकी थिइन्

र स्कुल जान छोडिन् र उनको औपचारिक शिक्षा ३ वर्ष मात्र थियो । उनको स्वास्थ्य खराब हुँदै गयो जव सम्म परमेश्वरको वोलावट १७ वर्षको उमेरमा भयो, उनको तौल ७० पाउण्ड मात्र थियो र वाँच्ने कुनै आशा थिएन् ।

## उनले ७० वर्ष सम्म सेवा गरिन

परमेश्वरले उनलाई शारीरिक रूपमा स्वस्थ्य राख्नुको साथै उनलाई नम्र राख्नुभएको कारण एलेनले परमेश्वरको वोलावटलाई स्वीकार गरिन् । उनी ७० वर्षभन्दा वढि वाँचिन् र ८७ वर्षको उमेरमा उनको मृत्यु भयो । उनी आफ्नो उद्देश्यप्रति दृढ रहिन् र मण्डली र मण्डलीका सदस्यहरूलाई बाइबल जुन धर्म सिद्धान्त र सित्तैमा पाएको धर्मकर्तालाई वरदानको विषयमा स्पस्ट पारिन् ।

भविष्यवक्ताको विषयमा अध्ययन निर्देशिकामा उल्लेखित सम्पूर्ण परीक्षालाई एलेनले पूरा गरिन ।

## अर्को साहित्यिक उपनाम र पुस्तकहरू

एलेनले जेम्स ह्वाइटसँग विवाह गरिन, उनी एक पादरी थिए । त्यस पछि उनले ऐलेन जी ह्वाइट भनेर नाम लेखिन, उनी संसारको सबैभन्दा ठूलो लेखकहरूमा उर्वर भइन् । उनका पुस्तकहरू संसार भरि पढिन्छ । उनले स्वास्थ्यको वारेमा परामर्श, सल्लाह दिइन्, शिक्षा, इशाई घरमा आत्मासंयम्, मातृ-पितृत्व लेखन र प्रकाशन, असहायलाई सहायता, प्रवन्धक, प्रचारक, इसाई जीवन शैली र उनको शिक्षा पुस्तकलाई आफ्नो क्षेत्रमा आधिकार प्राप्त पुस्तकको रूपमा गनिन्छ । यसलाई दुनियाँवादी (धर्मनिरपेक्ष) विश्वविद्यालयहरूले पनि आफ्नो पाठ्य पुस्तकको रूपमा लिएका छन् । यो यति सुस्पष्ट एवं प्रासंगिक छ । त्यसकारण यसलाई एक पटक एउटा कुनै देशको शिक्षामन्त्रालयले चोरेर आफ्नो नाम राखेर प्रकाशन गर्‍यो । फ्लोरेन्स स्टेटमेयर कोलम्वीया विश्वविद्यालयको भूतपूर्व प्रोफेसर भन्नुहुन्छ, “यस पुस्तकमा यो लेखिएको समयभन्दा पचास वर्ष अगाडीका प्रगतिशिल (उन्नत) हरू समावेश भएका छन् ।” डा. क्लाइव एम.सी क्वे, पौष्टिक आहारा विषयको Cornell University को भूतपूर्व प्रोफेसरले आफ्नो स्वास्थ्यको विषयको लेखहरूमा भन्छन् “आजभोलि यस्ता उत्कृष्ट गाइडहरू पाइँदैनन् ।” समाचार वाचक पावल हार्वे भन्छन “उलने यस्ता अत्याधिक गहिरो जानकारी युक्त रूपमा पौष्टिकताको विषयमा लेखिन् तर धेरै सिद्धान्तहरू वीच हुँदै सिद्धान्तहरूलाई उनले वैज्ञानिक रूपमा स्थापित गरिन् ।” उनको पुस्तक “युगको इच्छा” येशूको जीवनलाई अंग्रेजी सर्वोत्कृष्ट रचनाको रूपमा स्टेशनरीहल लण्डनले नामाकंन गरेको छ । यो हृदयलाई उत्तेजित गर्ने र माथि उठाउने खालको छ जसको वर्णन गर्न सकिन्न । उनले

तीक्षणताको विषयमा भनिन् : “एक व्यक्तिको IQ वढ्न सक्छ ।” जसलाई धेरै पछि मात्र विशेषज्ञहरूले स्वीकारे । उनले १९०५ मा क्यान्सर एक विऊ अथवा अंकूर हो भनेर भनेकी थिईन् जसलाई चिकित्सा विज्ञानले १९५० मा मात्र अनुमोदन गऱ्यो । एलेन ह्वाइट ती चारजना ठूला लेखकहरूमा पर्दछिन् जसका पुस्तकहरू सबै युगमा अनुवाद गरिएका छन् । उनको पुस्तक इसाई जीवनशैली, उज्यालो जीवन (Step to Christ) १५० भन्दा वढी भाषा र वोलीहरूमा अनुवाद भएका छन् । यदि तपाईंहरू यी प्रेरणा दिने पुस्तकहरू निःशुल्क चाहनु हुन्छ भने Amazing Facts को ठेगानामा पत्राचार गर्नुहोला ।

२२. के एलेन ह्वाइट सित दर्शन थियो ?

उत्तर : हो । धेरैमा । तिनीहरू केही मिनेट देखि ६ घण्टासम्म रहे । तिनीहरू दर्शनका लागि बाइबलले निर्धारण गरेको स्तरअनुसार थिए, जुन यही अध्ययन निर्देशिकाको प्रश्न उत्तरको ७ नम्वरमा उल्लेखित छ ।

२३. के एलेनको शब्दहरूलाई बाइबलको एक भाग अथवा थपको रूपमा लिइएको छ ?

उत्तर : छैन । सिद्धान्त वा परमेश्वरवाट दिने दर्शन विद्या बाइबलवाट मात्र आउँछ । एक अन्त्यको दिनका भविष्यवक्ताको रूपमा उनको उद्देश्य येशूको प्रेमलाई उहाँको सन्निकट आगमनलाई जोड दिनु थियो । उनले मानिसलाई उहाँको सेवा गरी उहाँलाई स्वीकार गर्ने र उहाँको सित्तैको धार्मिक वरदानलाई ग्रहण गर्न अनुरोध गर्दछिन् । उनले मानिसको ध्यानलाई बाइबलको अन्त्यको समयको भविष्यवाणी विशेष गरी येशूको तिन वुँदे सुसमाचार संसारका लागि (प्रकाश १४:६-१४) तिर मोड्छिन र यो सुसमाचारलाई छिटै संसार भरी वाँड्न उनीहरूलाई अनुरोध गर्छिन्।

२४. के एलेन ह्वाइटको वोली धर्मशास्त्र सँग मिल्छ ?

उत्तर : मिल्छ । उनका लेख धर्मशास्त्रसँग मिल्छन् । उनका उद्देश्य मानिसहरूलाई बाइबलको विषयमा स्पष्ट बनाउनु हो। उनका शब्दहरू परमेश्वरको शब्दसँग कदापी वाझ्दैनन् ।

२५. म कसरी एलेन ह्वाइटलाई साँचो भविष्यवक्ता भनी स्वीकार गरौं, जव मलाई थाहा छैन उनले के लेखिन् भनी ?

उत्तर : उनको लेख नपढिकन तपाईं भन्न सक्नुहुन्न । जे जस्तो भए पनि तपाई जान्नुहुन्छ :-

क. उनले भविष्यवक्ताको परीक्षा पास गरेकी छिन् ।

ख. उनले भविष्यवक्ताले गर्ने काम गरिन् ।
ग. परमेश्वरको अन्तिम समयको मण्डलीमा भविष्यवक्ता हुनुपर्छ । हामी उहाँका पुस्तकहरूमध्ये एक पढ्नुहोस् भनी अनुरोध गर्दछौं । जब तपाईं आफै पढ्नु हुन्छ तव आफैलाई सोध्नुहोस्, यदि यसले तपाइलाई येशूतिर खिच्छ र पवित्रशास्त्र सँग मिल्छ भने यो तपाइँका लागि लेखिएको हो । हामी विचार गर्छौं कि तपाईंलाई यसले स्वत: मोहित पार्नेछ ।

२६. भविष्यवक्ताको विषयमा पावल प्रेरितले हामीहरूलाई दिएका तिन आज्ञाहरू के के हुन् ?

उत्तर : "अगमवाणीलाई तुच्छ नठान । सबै कुराको जाँच गर । जुन कुरा असल छ त्यसैमा दृढ रहनु ।" (१ थेसलोनिकी ५:२०-२१) । हामीले एक भविष्यवक्तालाई तुच्छ सम्झी उठाएर फल्नुहुन्न भनी प्रेरित पावल भन्छन् । त्यसको सट्टा सावधानी पूर्वक परीक्षण गर्नु पर्छ । बाइबलले के भन्छ र भविष्यवक्ताले के गर्छ । यदि भविष्यवक्ताका शब्दहरू बाइबलसँग मेल खान्छन् तब हामीले तिनीहरूको विषयमा ध्यान दिनुपर्छ । यही कुरा येशूले आजका अन्तिम दिनका मानिसहरूलाई गर्न भन्नुभएको छ ।

२७. एक साँचो भविष्यवक्ताका शब्द र परामर्शलाई अस्वीकार गर्नुलाई येशूले कसरी हेर्नुहुन्छ ?

उत्तर : एक साँचो भविष्यवक्तालाई अस्वीकार गर्नुभएको परमेश्वरको सल्लाहलाई अस्वीकार गर्नु हो भनी येशूले सम्झनुहुनेछ । (लुका ७:२८-३०) । अगाडी स्पष्ट रूपमा उहाँ भन्नुहुन्छ उहाँका अगमवक्ताहरूमाथि विश्वास गर र तिमीहरूको फलिफाप हुनेछ । ( २ इतिहास २०:२०) ।

२८. के अन्त्यका समयका सच्चा भविष्यवक्ताहरूले नयाँ मत अथवा सिद्धान्तको प्रारम्भ गरे वा ती मत अथवा सिद्धान्त पूरा (पक्का) रूपमा बाइबलवाट आउँछन् ?

उत्तर : अन्तिम समयका सच्चा भविष्यवक्ताहरूले मत अथवा सिद्धान्तलाई जन्म दिएनन् । (प्रकाश २२:१८,१९) बाइबल सबै सिद्धान्त अथवा मनहरूको मुहान हो । तथापि साँचो भविष्यवक्ताहरूले गर्छन् ।
क. पुरानो समयका बाइबल सिद्धान्तहरू वा शिक्षा जुन भविष्यवक्ताहरूले देखाउनु भन्दा पहिले सुस्पष्ट भएका थिएनन् । ती नयाँ रूपलाई उत्तेजित अथवा आकर्षित रूपमा प्रकट गर्दछन् । आमोश ३:७)

ख. परमेश्वरका जनहरूलाई येशूसँग नजीक भएर हिँड्न र उहाँका शब्दको गहिरो अध्ययन तिर मार्ग दर्शन गर्छन।
ग. परमेश्वरका जनहरूलाई बाइबलमा कठिन, अस्पष्ट र अलक्षीत कुरा बुझ्नका लागि मद्दत गर्दछन् र ती अचानक हाम्रा लागि हाम्रो जीवनमा आउँछ र तिनीहरूले ठूलो आनन्द ल्याउँछन्।
घ. परमेश्वरका जनहरूलाई हद धार्मिकता (कट्टरपन) वा अतिवादी, धोका र धार्मिक उदासिनता कुराहरूवाट वचाउँछ।
ङ. परमेश्वरका जनहरूलाई अन्तिम समयका भविष्यवाणीहरू वुझ्न मद्दत गर्छन जुन प्रत्येक दिनका खबरहरू, घटनाहरू अचानक नयाँ अर्थमा अपनाइरहन्छ वुझ्नलाई मद्दत गर्दैनन्।
च. परमेश्वरका जनहरूलाई येशूको छिटो आगमन र संसारको अन्त्यको विषयमा निश्चितताको अनुभूति गराउन मद्दत गर्छन्।

अगाध (डुबेका) येशू प्रतिको प्रेमका लागि बाइबलको विषयमा कम्पनपूर्ण नयाँ उद्वेग (आवेश) ताजा रूपमा बाइबल भविष्यवाणीहरूलाई जान्नु अथवा ग्रहण गर्न परमेश्वरका अन्तिम दिनका भविष्यवक्तालाई सुन्नुहोस, तपाइले पत्ता लगाउनुहुन्छ जीवन गौरवपूर्ण नयाँ आयामतिर ढल्किँदै गरेको। स्मरण गर्नुहोस येशूले भन्नु भएको छ, उहाँले आफ्नो अन्त्य समयको मण्डलीलाई अति मद्दत गरी भविष्य सूचक समाचारहरूद्वारा आशिष दिनु हुनेछ। परमेश्वरको प्रशंसा होस। उहाँ सबै कुरा गरिरहनुभएको छ जुन स्वर्ग उहाँका अन्तिम समयमा जनहरूको विषयमा सोच्न सक्छ। उहाँका जनहरूलाई वचाएर महिमित अनन्तको राज्यमा लानु उहाँको अभिप्राय हो। जसले उहाँलाई पच्छ्याउँछ निश्चित रूपमा स्वर्गको भागिदार हुन्छन्। (मति १९:२७-२९) पूनश्च तिन स्वर्गदूतको सुसमाचार प्रकाश १४:६-१४ को विषयमा यो नवौं र अन्तिम अध्ययन निर्देशिका अरू कठिन विषयका बारेमा वाँकी छन्।

२९. यदि एलेन जी. ह्वाइटको लेखहरू बाइबलसँग मिल्न गएमा के तपाईं उनलाई धर्मशास्त्रवाट परीक्षा गर्न र उहाँको सल्लाह (परामर्श) लाई स्वीकार गर्न इच्छुक हुनुहुन्छ ?

तपाईंको उत्तर ..........................................................................
..........................................................................

## तपाइको विचारका प्रश्नहरूका उत्तरहरू

१. एक मण्डलीसँग भविष्यवक्ता नभएमा के हुन्छ ?

उत्तर : जव त्यहाँ दिब्य दर्शन, ईश्वर दर्शन र भविष्यवाणी हुँदैन मानिसहरू नष्ट हुन्छ (मर्छन) । "तर त्यो मानिस धन्य हो जसले व्यवस्था पालन गर्छ ।" (हितोपदेश २९:१८)

जव एक मण्डलीमा सरसल्लाह, निर्देशन (अगुवाई) र येशूलाई पछ्याई बाइबललाई आत्मसातको नेतृत्वमा भविष्यवक्ता हुँदैनन् तव मानिसहरू आफ्नो शैली (आचरण)वाट दिशाभ्रमित भएर लड्खडाउँछन् र नष्ट (नासिने) हुने सम्भावना हुन्छ । ( भजनसँग्रह ७४:९)

२. अहिले र येशूको दोस्रो आगमनको वीचमा केही थप साँचो भविष्यवक्ताहरू देखा पर्न सक्छन् ?

उत्तर : योएलको भविष्यवाणीको आधारमा (योएल २:२८,३२) निश्चित रूपमा देखा पर्ने सम्भावना छ । त्यहाँ झुठा भविष्यवक्ताहरू पनि हुनेछन् । (मति ७:१५,२४:११,२४) । हामी भविष्यवक्ताहरूलाई बाइबलद्वारा परीक्षण गर्न तयार हुनुपर्छ । (यशैया ८:१९,२०, २ तिमोथी २:१५) । यदि तिनीहरू सच्चा हुन भने तिनीहरूको सरसल्लाहलाई ध्यान दिनु पर्छ, यदी नक्कली हुन भने नकार्नु पर्छ । मानिसहरूलाई येशू र उहाँका वचन प्रति जागृत गराउन कहिले आवश्यकता पर्छ भनी परमेश्वर जान्नुहुन्छ । उहाँले आफ्ना जनहरूलाई इजिप्टवाट निकालेर ल्याउन मोशा (भविष्यवक्ता ) लाई पठाउनु भयो । (होसे १२:१३)

उहाँले एक भविष्यवक्ता ( वप्तिसमा दिने युहन्नालाई) पठाउनु भयो ताकि येशूको पहिलो आगमनका लागि मानिसहरूलाई तयार गर्न सकोस् (मर्कूस १:१-८) । उहाँले अन्तिम दिनहरूका लागि भविष्य सूचक समाचारहरू पठाउने प्रतिज्ञा गर्नुभएको छ ।

परमेश्वरले बाइबललाई देखाउँदै अन्त्यका दिनका संकटकालीन भविष्यवाणीहरूका वारेमा जानकारी दिनका साथै हामीलाई शक्ति प्रदान गर्न, उत्साहित गर्न र निश्चयता दिलाउन उनीहरूलाई हाम्रो माझमा पठाउनुहुन्छ । त्यसका साथ साथै येशू जस्तै वनाउन ताकि हामी "वेकसुर" (निस्पाप) हुन सकौं जव हाम्रो मालिक आउनु हुनेछ । भविष्यवक्ताहरूको मद्दत विना धेरै धर्मत्याग गर्छन् (पहिलेको अवस्थामा पुग्नु) । आत्मिक रूपमा सुत्छन् र धेरै व्यस्त हुन्छन् । त्यसकारण भविष्य सूचक समाचारहरूलाई स्वागत

गर्नु र हाम्रो व्यक्तिगत भलाईका लागि उनीहरूलाई पठाइएकोमा परमेश्वरलाई धन्यवाद दिऔं ।

३. आज धेरै मण्डलीहरूमा भविष्यवाणीको वरदान किन छैन?

उत्तर : किनकि साधारण रूपमा परमेश्वरले उहाँका भविष्यवक्ताहरूलाई आफ्ना मण्डलीहरूमा पठाउनु हुन्छ जव यिनीहरूले उहाँका आज्ञाहरू पालना गर्दछन् । हेर्नोस कसरी विलाप २:९ मा भनिएको छ "व्यवस्था रहँदैन् अनि त्यसका अगमवक्ताहरूले पनि परमप्रभुवाट केही दर्शन पाउँदैनन् ।" कृपया तलका पदहरूलाई समीक्षा गर्नुहोस् ।

इजकियल ७:२७, यर्मिया २६:४-६, इजकियल २०:१२-१६ र हितोपदेश २९:१४ । यी पदहरूले यो प्रमाणित गर्छन् कि जव परमेश्वरका जनहरूले उहाँको आज्ञालाई अनादर (अपहेलना) गर्छन तव उहाँले भविष्यवक्ता पठाउनुहुन्न । जव उनीहरू उहाँको आज्ञालाई पालन गर्न थाल्छन् तब उहाँले उनीहरूलाई मद्दत - सहायता), उत्साह र नेतृत्व गर्नको लागि भविष्यवक्ता पठाउनुहुन्छ । जव अन्त्यको दिनको परमेश्वरको मण्डलीले उहाँका आज्ञाहरूलाई पालना गर्दै अगाडी वढे तब यो एक भविष्यवक्ताको लागि समय थियो र परमेश्वरले निर्धारित समयमा एक-एक गरी एकजना भविष्यवक्ता पठाउनु भयो ।

४. मैले भविष्यवाणीको वरदानलाई अर्थपूर्ण वनाउन के गर्न सक्छु ?

उत्तर : भविष्यवाणीको वरदानलाई अर्थपूर्ण वनाउनका लागि आफै अध्ययन गर्नोस । प्रार्थना पूर्वक पछ्याउनुहोस । जसको फलस्वरूप येशूले तपाईंलाई निर्देशित गरी सुरक्षित राख्नुहुनेछ र उहाँको आगमनका लागि तपाईंलाई तयार गर्नु हुन्छ । "ख्रीष्ट येशूमा तिमीहरूलाई किनकि हरप्रकारले..., तिमीहरूले हाम्रा प्रभु येशू ख्रीष्ट प्रकट हुने कुराको प्रतीक्षा गर्दै तिमीहरूमा कुनै आत्मिक वरदानको अभाव छैन् । हाम्रा प्रभु येशू ख्रीष्टको दिलमा तिमीहरूलाई दोष रहित राख्न उहाँले तिमीहरूलाई अन्त्य सम्मै सुदृढ राख्नुहुनेछ ।" (१ कोरिन्थी १:४-८)

५. अन्त्यको दिनको परमेश्वरको बचेका मण्डलीमा कुन दुई कुरामध्ये भविष्यवाणीको वरदान अथवा अन्य भाषा वोल्ने वरदानले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् ?

उत्तर : भविष्यवाणी गर्ने वरदानले नेतृत्वको भूमिका निर्वाह गर्दछ । १ कोरिन्थी १२:२८ मा सबै वरदानहरू भन्दा दोस्रो महत्वपूर्ण

वरदानको रूपमा यसलाई उल्लेख गरिएको छ भने अन्य भाषा वोल्ने वरदानलाई अन्त्यमा उल्लेख गरिएको छ । भविष्यवाणी वरदान विनाको एक मण्डली अन्धो सरह हुन्छ । (हेर्नुहोस १६ नम्वर प्रश्न यो अध्ययन निर्देशिकामा) । येशूले अन्त्यको समयको उहाँको मण्डलीलाई अन्धोपनको खतराको विषयमा गम्भीर चेतावनी दिँदै तिनीहरूलाई उनीहरूका आँखामा स्वर्गीय आँखाको मलम लगाऔं ताकि उनीहरूले हेर्न सकुन भनी उहाँले भन्नुहुन्छ ।(प्रकाश ३:१७,१८) । आँखाको मलमले पवित्रआत्माको प्रतिनिधित्व गर्छ ( १ युहन्ना २:२०,२७, युहन्ना १४:२६) । जसले मण्डलीलाई सबै उपहारहरू दिनु हुन्छ । (१ कोरिन्थी १२:४,७-११) । परमेश्वरको भविष्यवक्ताका शब्दहरूलाई ख्याल राख्नु ( ध्यान दिनु) ले उहाँको अन्त्यको समयका बाँकी जनहरूले स्पष्ट रूपमा बाइबललाई वुझ्ने छन्, जसले अनिश्चितता र अस्तव्यस्तावाट वचाउनेछन् ।

६. दीक्षा तथा सिद्धान्तको उद्गम र इसाई जीवन शैलीको निर्देशनका लागि म “बाइबलमा केवल बाइबलमा” विश्वास गर्दछु, । त्यसकारण म आधुनिक युगका सबै भविष्यवक्ताहरूलाई मान्दिन ।

उत्तर : तपाई बाइबललाई सम्पूर्ण सिद्धान्त वा दीक्षाको मूहानको रूपमा विश्वास गर्नुहुने कुरामा सही हुनुहुन्छ । जे भए पनि कृपया बाइबलले स्पष्ट रूपमा भनेका कुराहरूलाई ध्यान दिनुहोस ।

क. भविष्यवाणीको वरदान परमेश्वरको मण्डलीमा अन्त्यको समयसम्म रहनेछ । (एफिसी ४:११,१३)

ख. येशूको अन्त्यको समयको मण्डलीसँग भविष्यवाणीको वरदान हुन्छ । (प्रकाश १२:१७,१९:१०,२२:९)

ग. भविष्यवक्ताको सरसल्लाहलाई नकार्नु भनेको परमेश्वरको परामर्शलाई नकार्नु हो । (लुका ७:२८-३०)

घ. भविष्यवक्ताहरूलाई चाख र हेर, यदि तिनीहरूको वोली वचन र जीवन शैली बाइबलको अनुसार छ भने उनीहरूका परामर्शलाई ग्रहण गर । (१ थेसोलोनिकी ५:२०,२१)

मानिस जसको विश्वासको आधार “बाइबल मात्र” मान्छन्, तिनीहरूले भविष्यवक्ताहरूको सरसल्लाहलाई आत्मसात गर्नु पर्छ । साँचो भविष्यवक्ताको वोली बाइबलसँग सधैं मिल्छ । भविष्यवक्ताहरू जसको वोली बाइबलसँग वाझिन्छ तिनीहरू झुठा हुन र नकार्नु पर्छ । यदि म भविष्यवक्तालाई सुन्नमा र जाँच्नमा असफल रहें भने म आफनो विश्वासको आधार बाइबललाई वनाइरहेको हुन्न ।

## संक्षिप्त पृष्ठ

यो संक्षिप्त पत्रलाई पुरा गर्नुभन्दा पहिले कृपया गरी निर्देशन पुस्तिका पढनुहोला । सबै प्रश्नहरूका उत्तर तल निर्देशन पुस्तिकामा उल्लेखित गरिएका छन् । कृपया गरी सही उत्तर कोष्टमा हेर्नुहोला । प्रश्न पछाडीको संख्या सही उत्तरको संख्या हो ।

१. कृपया गरी तल उल्लेखित सूचीहरूलाई जाँच्नुहोस जसको अर्थ समान छन् । (४)

- ❑ येशूको गवाही
- ❑ वोलीवचनको वरदान
- ❑ भविष्यवाणीको आत्मा
- ❑ तन्त्रमन्त्र आदिद्वारा भविष्य बताउने
- ❑ भविष्यवाणीको वरदान
- ❑ मरेको आत्मासँग कुराकानी
- ❑ भविष्यवक्ता मण्डलीहरूसँग वोली रहेका

२. के परमेश्वरले भविष्यवाणीको वरदान पुरूष र महिला दुवैलाई दिनुहन्छ ? (१)

- ❑ हो
- ❑ होइन

३. एफिसी ४ अध्यायमा कुन पाँचवटा वरदानहरू येशूले आफु स्वर्गारोहण हुनुभन्दा पहिले मण्डलीलाई छोडेर जानुभयो ? (५)

- ❑ भविष्यवक्ताहरू
- ❑ शिक्षकहरू
- ❑ गायकहरू
- ❑ जरूरी परेकाहरूसँग वाँडचुड गर्ने
- ❑ पास्टरहरू
- ❑ धर्मप्रचारकहरू
- ❑ गवाही
- ❑ प्रचारकहरू

४. भविष्यवक्तालगायत यी पाँचवटा वरदानहरू मण्डलीसँग कति समयसम्म रहिरहनेछ ?

- ❑ जवसम्म नयाँ नियमका भविष्यवक्ताहरू जीवित रहनेछन् ।
- ❑ जव न्यायको काम सुरू हुन्छ
- ❑ जव संसारको अन्त्य हुन्छ ।

५. बाइबल अनुसार तल उल्लेखित कुन कुराहरू भविष्यवक्ताको दर्शन सम्वन्धमा सत्य छन् ? (५)

- ❑ अन्य भाषा वोल्ने
- ❑ दर्शनको वेला कहिले नवोल्ने ।
- ❑ आँखा खुला रहन्छन् ।
- ❑ वारम्वार अति उग्र हुने
- ❑ शरीरमा सास हुँदैन्
- ❑ हुन सक्छ केही वेर वोल्छन् जव दर्शन आउन थाल्छ ।
- ❑ सांसारिक कुराहरूवाट अनभिज्ञ
- ❑ दैवी शक्ति प्राप्त गर्न सक्ने

६. एक भविष्यवक्ता परमेश्वरवाट आएको हो भनी के आश्चर्यको कामले सधैं यो प्रमाणित गर्छ ? (१)

- ❑ हो
- ❑ होइन

७. ऊ अथवा उनी परमेश्वरको भविष्यवक्ताको भनी म निश्चय हुन्छु यदि ऊ वा उनी ... हुन्छ (१)

- ❑ आचरण र व्यवहारमा सौम्य र करूणामय भएको ।
- ❑ कल्पनापूर्ण आश्चर्यको काम गर्ने
- ❑ आश्चर्यचकित तेज भएको
- ❑ बाइबलको पूर्ण ज्ञान भएको जस्तो देखिने ।
- ❑ येशू जस्तै देखिने ।
- ❑ वोली र काम बाइबलसँग मिल्ने ।

८. तल उल्लेखित कुन कुराहरूलाई बाइबलले निन्दा गरेको छैन् ? (१)

- ❑ ज्योतिषी
- ❑ महिला अथवा पुरूष जसले टुनामुना गरेर मानिसलाई लठ्ठ पार्दछ
- ❑ जादुटुना गर्ने व्यक्ति
- ❑ भूत धपाउने, जादुटुना गर्ने, मोहनी लगाउने
- ❑ भविष्यवक्ता जसले बाइबल अनुसार बोल्दछ र त्यस अनुसार चल्दछ

९. भविष्यवक्ताको पहिलो काम मण्डलीको सेवा गर्नु हो । (१)

- ❑ सही
- ❑ गलत

१०. एक मण्डली परमेश्वरको अन्त्यको दिनको साँचो मण्डली ठहरिँदैन जव सम्म उसँग भविष्यवक्ता हुन्छ । (१)

- ❑ सही
- ❑ गलत

११. शरीरको कुन भागले भविष्यवक्ताको प्रतिनिधित्व गर्छ ? (१)

- ☐ मुख
- ☐ हात
- ☐ कान
- ☐ आँखा
- ☐ खुट्टा

१२. येशूको दोस्रो आगमन भन्दा पहिले अन्त्यको समयका साँचो भविष्यवक्ताहरू देखा पर्छन् । (१)

- ❑ हो
- ❑ होइन

१३. "बाइबल र केवल बाइबललाई" पछ्याउनुको अर्थ अनिवार्य रूपमा साँचो भविष्यवक्तालाई स्वीकार्नु हो । (१)

- ❑ हो
- ❑ होइन

१४. भविष्यवाणीको विषयमा कुन तिन कुराहरू बाइबलले १ थेसलोनिकी ५:२०,२१ मा निर्देशन गरेको छ ? (३)

- ❑ भविष्यवक्ता र भविष्यवाणीलाई उपेक्षा (अवज्ञा) नगर्नु
- ❑ भविष्यवक्ताको सरसल्लाहलाई मान्नु ।
- ❑ भविष्यवक्ताको शब्दहरू र कामहरू बाइबल अनुसार परीक्षण अथवा सिद्ध गर्न
- ❑ भविष्यवक्तालाई सोध्नुहोस, उनीहरू सही अथवा गलत के हुन भनेर
- ❑ विश्वास गर्नु र ग्रहण गर्नु जुन असल छ ।
  सबै भविष्यवक्ताहरूलाई अपेक्षा गर्नु

१५. जव हामी साँचो भविष्यवक्ताको सरसल्लाहलाई नकार्छौं हामी परमेश्वरको परामर्शलाई पनि नकार्छौं । (१)

- ❑ हो
- ❑ होइन

१६. साँचो अन्त्यका समयका भविष्यवक्ताहरूले सिद्धन्तहरू सिकाउँछ जुन बाइबलमा पाइन्न । (१)

- ❑ हो
- ❑ होइन

१७. किन धेरैजसो मण्डलीहरूमा साँचो भविष्यवाणी र भविष्यवक्ताहरू हुँदैनन् ? (१)

- ❑ हो
- ❑ होइन

१८. जहाँ दर्शन छैन्, त्यहाँ मानिसहरू नष्ट हुन्छन् । (१)

- ❑ सही
- ❑ गलत

१९. भविष्यवाणीको वरदान विनाको एक मण्डली अन्धो हुन्छ ? (१)

- ❑ हो
- ❑ होइन

२०. म एलेन ह्वाइटका लेखहरू धर्मशास्त्र मार्फत परीक्षण गर्न इच्छुक छु र यदि तिनीहरू धर्मशास्त्रसँग मिल्छ भने म स्वीकार गर्न चाहन्छु । ( १)

- ❑ हो
- ❑ होइन

# २८ विश्वव्यापि रकम हिनामिनाको काण्ड

यो सत्य हो । यसले दसौं खर्व मानिसहरूलाई समावेश गर्दछ । र यति खराब कि परमेश्वरवाट संचयहरू पाएको आफ्नो स्वार्थका लागि धुर्त्याइँपूर्वक प्रयोग भइरहेका छन् । तपाई भन्नु हुन्छ "ह्या छोडनुस्" "कोही पनि परमेश्वरवाट पाएको पैसा आफ्नो स्वर्थका लागि धुर्त्याइँपूर्वक प्रयोग गर्न त्यति धुर्त्याई गर्न सक्नेछैन ।" तर परमेश्वरको वचनवाट एउटा जरूरी समाचार यस्तो छ "तिमीहरूले मलाई लुटेका छौ" (मलाकि ३:८) । हो, आधिकारिक प्रमाणहरूले यो देखाउँछ कि दसौं खर्व संसारका मानिसले लगातार रूपमा परमेश्वरवाट पाएको अर्थ आफ्नो स्वार्थका लागि धुर्त्याइँपूर्वक प्रयोग गरेका छन् । यो देखिनुमा जति आश्चर्यजनक जस्तो देखिन्छ कि तिनीहरू परमेश्वरको पैसा आफ्नो व्यक्तिगत पूँजीलाई सन्तुलित राख्न । ती व्यक्तिहरू, परमेश्वरको पैसाको दुरूपयोग गरिरहेका कुराहरूवाट अनभिज्ञ छन् । आउनुहोस् यो अन्तराष्ट्रियरूपमा आफ्नो स्वार्थका लागि धुर्त्याइँपूर्वक प्रयोग गर्ने आर्थिकनीति सम्वन्धित बाइबलको यथार्थ कुराहरूमा हेरौं ।

१. बाइबलका अनुसार हाम्रो आम्दानीको कति भाग परमेश्वरका लागि समर्पित हुनुपर्छ ?

*"रूखहरूको फल वा जमिनको वीउको होस्, भूमीका उब्जनीको दशांश परमप्रभुकै हो र ति परमप्रभुको निम्ति पवित्र हुन् " (लेबी २७:३०) ।*

उत्तर : दसांश परमेश्वरका लागि समर्पित हुन्छ ।

२. दसांश के हो ?

*"लेवीहरूलाई चाहिँ भेट हुने पालामा सेवा गर्नका निम्ति तिनीहरूको अंश दिएको छु किनकि इजरायलीहरूका निम्ति परमप्रभुलाई चढाएका दसांश नै मैले लेवीहरूलाई अंश अधिकारको रूपमा दिएको छु । यसैले इजरायलिहरूसँग यिनीहरूको कुनै अंश अधिकार हुँदैनन् भनी मैले तिनीहरूका विषयमा भनेको छु " (गन्ती १८:२१-२४) ।*

उत्तर : दसांश व्यक्तिको कमाईको दसभागको एक भाग हो । "दसांश" शब्दको वास्तविक अर्थ "दसौं" हो । दसांश परमेश्वरका लागि समर्पित हुन्छ । यो उहाँकै हो । यो राख्नका लागि मसँग कुनै अधिकार छैन् । जब म दसांश दिन्छु, म उपहार दिरहेकी/को हुँदिन

तर साधारण तवरले परमेश्वरलाई फिर्ता गरिरहेको छु जुन पहिले देखि उहाँकै हो । जबसम्म मैले परमेश्वरलाई आफ्नो आम्दानीको दसको एक भाग फिर्ता गर्दिन तबसम्म मैले दसांश दिएको हुँदैन ।

३. परमेश्वरले अफ्ना मानिसलाई दसांश कहाँ ल्यानु भनी भन्नु हुन्छ ?

*"सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाँचेर हेर" सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ । "म स्वर्गको ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष तिमीहरूमा वर्साउँछु वा वर्साउँदिन" सर्वशक्तिमान् परमेश्वर भन्नुहुन्छ " (मलाकी ३:१०) ।*

उत्तर : उहाँले हामीलाई उहाँको ढुकुठी भित्र दसांश ल्याउनु भन्नु हुन्छ ।

४. परमेश्वरले केको प्रसङ्ग वताउनुहुन्छ जब उहाँ आफ्नो ढुकुटीको बारेमा वोल्नुहुन्छ ?

*"त्यसपछि सबै यहूदी अन्नका आफ्ना दसौं अंश, नयाँ दाखमद्य र तेल भण्डारमा ल्याए" (नेहेम्या १३:१२) (फड्के किनारमा लेखेको प्रसङ्गले "ढुकुटी" लाई प्रशस्तता वोलाउँछ ।)"*

उत्तर : मलाकी ३:१०मा परमेश्वरले ढुकुटीलाई "मेरो घर" भन्नु भएको छ, जसको अर्थ उहाँको मन्दिर वा चर्च हो । अझ विस्तृत रूपमा नहमिया १३:१२ ले अंकित गर्दछ कि दसांश मन्दिरको खजाना राख्ने ठाउँमा ल्याइनुपर्दछ, जुन परमेश्वरको ढुकुटी हो । अरू पदहरू जसले ढुकुटीलाई मन्दिर खजाना राख्ने ठाउँहरू वा खोपीहरू वताउनेमा १ इतिहास ९:२६ (फड्के किनार हेर्नुहोस), २ इतिहास ३१:११,१२ (फड्के किनार हेर्नुहोस) र नहमिया १०:३७ समावेश छन् । पुरानो करारका समयहरूमा परमेश्वरका मानिसले उनीहरूको वढे जतिको सबैको १० प्रतिशत खेतीको उब्जनी र जनावरहरू समावेश गरेरल्याउँथे ।

५. कोहीले यो सोचेका छन् कि दसांश दिने काम मोशाले सुरू गरेको संस्कार र शिष्टाचारी रीतिको भाग थियो जसको अन्त्य क्रुसमा भयो । बाइबलले कसरी हामीलाई यो साँचो होइन भनि वुझ्न कसरी मद्दत गर्दछ ?

*"सर्वोच्च परमेश्वर धन्यका होऊन जसले तिम्रा शत्रुहरूलाई तिम्रा हातमा सुम्पिदिनुभयो ।" अनि अव्राहमले उनलाई सबै कुराको दसांश दिए ।" (उत्पति १४:२० र उत्पति २८:२२ मा) "र मैले खामो वनाएको यो ढुङ्गा चाहिँ परमेश्वरको घर हुनेछ र*

*तपाईंले मलाई दिनुभए जति सबैको दसांश म तपाईंलाई अवश्य चढाउनेछु ।"*

उत्तर : अब्राहम र याकुब दुवै जो मोशाको समयभन्दा अगाडी अस्तित्वमा थिए भनी यी पदहरूले यो प्रष्ट्याउँछ, उनीहरूले आफ्ना आम्दानीवाट दसांश दिए । हामी त्यसकारण तय गर्न सक्दछौं कि परमेश्वरको दसांश दिने योजना मोशाको नियम भन्दा अगाडी नै लागू गरिएको थियो ।

६. तर के येशूले दसांश दिने योजना हटाउनु भएको थिएन ?

*"धिक्कर तिमीहरूलाई, शास्त्री र फरिसि हो, पाखण्डीहरू । किनकि तिमीहरू पुदीना र सूप र जीराको दसांश दिन्छौ तर व्यवस्थाका गहकिला विषयहरू अर्थात् न्याय, दया र विश्वासको अवहेलना गरेका छौ । तिमीहरूले दसांश दिने काम गर्नुपर्‍थ्यो अनि ती गहकिला विषयहरूको अवहेलना नगर्नुपर्ने थियो " (मत्ति २३:२३) ।*

उत्तर : थिएन । वरू यसको विपरितमा, उहाँ यो समर्थन गर्नुभएको थियो । यहूदीहरू वफादार दसांश दिने व्यक्ति भएतापनि नियमको एकदम महत्वपूर्ण वस्तुहरू "फैसला, दया, र विश्वास" मेटाउँदै गएकोले येशूले उनीहरूलाई हप्काउनुभयो । उहाँले त्यसपछि साधारण रूपमा दसांश तिर्नुपर्दछ तर सधैं इमानदार, दयालु र विश्वसनीय पनि हुनुपर्दछ भनी भन्नुभयो।

७. पुरानो करारको समयमा के का लागि दसांश प्रयोग गरिन्थ्यो ?

*"लेवीहरूलाई चाहिँ भेँट हुने पालमा सेवा गर्नका निम्ति तिनीहरूको अंश स्वरूप मैले इजरायलीहरूका सबै दसांश दिएको छु ।" (गन्ती १८:२१) ।*

उत्तर : पुराना करारका दिनहरूमा दसांश पुजारीहरू कमाई रूपमा लिइन्थ्यो । लेवीको जाती (पुजारी)ले बाली उब्जनी गर्न र व्यापार चलाउनका लागि जमिनको भाग पाउँदैन थिए जब कि अरू ११ जातिले पाउँथे । त्यसैले लेवीहरूले पुरानो समयमा मन्दिरको हेरविचार गर्ने र परमेश्वरको सेवकाई गर्थे । त्यसैले परमेश्वरको योजना थियो कि पुजारीहरू र उनीहरूको परिवारहरूलाई धान्ने काम दसांशले गर्नेछ ।

८. के परमेश्वरले नयाँ करारका दिनहरूमा दसांश सम्वन्धी योजनाहरूमा केही परिवर्तन गर्नु भयो ?

*"के तिमीहरूलाई थाहा छैन कि मन्दिरमा सेवा गर्नेहरूले*

*मन्दिरका थोकहरूवाट खान्छन् र वेदीका सेवा गर्नेहरूले वलिवाट हिस्सा लिन्छन ? यसरी नै सुसमाचार प्रचार गर्नेहरूले पनि सुसमाचारवाटै जीविका चलाउन" भनी परमप्रभुले आज्ञा दिनु भयो ।" (१ कोरिन्थी ९:१३-१४) ।*

उत्तर : भएन । उहाँले त्यसैलाई निरन्तरता दिनुभयो । उहाँको आजको योजना दसांश सम्वन्धी यो छ, दसांश उनीहरूलाई मद्दत गर्नका लागि जो उपदेश अगुवाईमा एक्लै काम गर्दछन् । यदि सबै मानिसले दसांश दियो भने र दसांशलाई कामदारको मद्दतका लागि कडाई साथ प्रयोग गरियो भने, त्यहाँ परमेश्वरको अन्तिम समय उपदेश सुसमाचारसँग एकदम छिटो पृथ्वीको सम्पूर्ण भागमा पुग्नका लागि पूरा पैसाभन्दा वढी हुने थियो ।

९. दसांश दिने सम्बन्धमा अनिश्चित हुने मानिसहरूलाई कस्तो किसिमको प्रस्ताव परमेश्वरले बनाउनुहुन्छ ?

*"सम्पूर्ण दसांश ढुकुटीमा ल्याउनु, ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाँचेर हेर," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गको ढोका उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि वर्साउने छु वा वर्साउँदिन,"सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ " (मलाकी ३:१०) ।*

उत्तर : परमेश्वरको प्रतिज्ञा पूर्ण हुँदैछ । उहाँ भन्नुहुन्छ,"यसमा मलाई जाँचेर हेर यदि मैले, "पर्याप्त ठाउँ नहुनेसम्मका आशिष् तिमीहरू माथि वर्साउँछु वा वर्साउँदिन" स्वीकार गर्नका लागि यति विशाल समय हो । बाइबलमा यो मात्र समय हो जुन वेला परमेश्वरले यस्तो कुरा भन्नुहुन्छ । उहाँ भनिरहनुभएको छ, "यसका लागि प्रयास गर । म तिमीहरूलाई वचन दिन्छु । संसारभरी सयौंमा हजारौं दसांश दिनेले परमेश्वरको दसांश सम्वन्धी बाचाको सत्यताको खुसीसाथ साक्षी वसेको पाउँछौ । उनीहरू सबैले शब्दहरूको सत्यता सिकेका थिए कि : "तिमीहरू परमेश्वरलाई जति जे दिएपनि कम हुनेछैन ।"

१०. जब हामीले दसांश दिन्छौं कसले वास्तवमा हाम्रो पैसा पाउँदछ ?

*"एकातिर मरणशील मान्छेका दसांश लिन्छन, अर्कोतिर सदाकाल जीवित रहन्छन् भनी घोषणा गरिएका उनै एकजनाले सो लिन्छन् " (हिब्रू ७:८)*

उत्तर : येशू, हाम्रो स्वर्गीय महान् पुजारीले हाम्रो दसांशहरू लिनुहुन्छ ।

११. कस्तो परीक्षामा आदम र हव्वा असफल भए जुनमा हामी सबै अवश्य सफल हुनुपर्दछ यदि हामी उहाँको स्वर्गीय राज्यको भागिदार हुन चाहन्छौँ भने ?

उत्तर : तिनीहरूले ती वस्तुहरू लिए जुन परमेश्वरले तिनीहरूको होइन भन्नुभएको थियो । परमेश्वरले आदम र हव्वालाई वगैँचामा भएको सबै रूखहरूको फल दिनुभयो एउटा वाहेक "असल र खराबको ज्ञान भएको रूख" (उत्पति २:१६,१७) । त्यो रूखको फल उनीहरूले खानका लागि थिएन । तिनीहरूले त्यसलाई एक्लै छोड्नु पर्ने थियो । हव्वाले, भनेकी थिइन् "हामीले त्यो छुन पनि हुँदैन ।" (उत्पति ३:३) । तर उनीहरूले परमेश्वरमाथि विश्वास गरेनन् । उनीहरूले त्यो फल खाए र पतन भए र पापमा लामो, डरलाग्दो, पिडानै पिडाले भरिएको निष्कासित अस्थाई वसाइ सुरू भयो । आजको मानिसका लागि पनि परमेश्वरले उहाँको धनहरू, ज्ञान, र सबै अरू सम्पति र स्वर्गको आशिष् दिनुहुन्छ । सबै कुरा हाम्रो हो, तर हाम्रो आम्दानिको दशभागमा एक भाग उहाँको हो (लेवी २७:३०) । तर आदम र हव्वालाई जवर्जस्ती नगरेको जस्तै हामीलाई पनि उहाँको वचन पालन गर्न जवर्जस्ती गर्नुहुन्न तर चेतावनी दिनुहुन्छ, "त्यो चाहिँ नलग । यो पवित्र छ । यो मेरो हो ।" जब हामी जानी जानी परमेश्वरको दसांश लिन्छौँ र हाम्रो आफ्नै प्रयोगका लागि यो अपनाउँछौ, हामीले आदम र हव्वाको पाप दोहोऱ्याउँछौ र यस किसिमले हाम्रो मुक्तिदाता माथिको विश्वासको कमीको कारण विछोड प्रदर्शन गर्दछौँ । परमेश्वरलाई हाम्रो पैसाको आवश्यकता छैन् तर उहाँले हाम्रो इमानदारिता र विश्वासको योग्यता चाहनुहुन्छ ।

परमेश्वरलाई तपाईंको साझेदार बनाउनुहोस् ।

जब म परमेश्वरको दसांश फिर्ता गर्छु तब म मैले जिम्मा लिएको सबै कुरामा उहाँलाई साझेदार वनाउँछु । कस्तो तिरङ्गी, आशिषित सुविधा: परमेश्वर र म एकअर्काको साझेदार हुन्छौँ । उहाँलाई मेरो साझेदार बनाउँदा पनि सबैथोक मेरै फाईदाका लागि हो र मैले केही पनि गुमाउनु पर्दैन । यो परमेश्वरको निजी पैसा जुन उहाँले आत्मा वचाउनका लागि प्रयोग गर्न हो र यसलाई हाम्रो व्यक्तिगत पूँजीको रूपमा प्रयोग गर्नु भयंकर बिनाशकारी कदम हुनेछ ।

१२. दसांश वाहेक , जुन परमेश्वरमा समर्पित हुन्छ, अरू के परमेश्वरले उहाँका मानिससँग अरू के माग्नुहुन्छ ?

*"परमप्रभुलाई उहाँको नाउँ अनुसारको महिमा चढाओ, भेटी लिएर उहाँको मन्दिरमा प्रवेश गर " (भजन ९६:८) ।*

उत्तर : परमेश्वरले हामीलाई उहाँको आशिष्का लागि हाम्रो धन्यवाद प्रकट गर्न र उहाँ प्रतिको हाम्रो प्रेम अभिव्यक्त गर्न उहाँले हामीलाई दिन भन्नुहुन्छ ।

१३. मैले परमेश्वरलाई भेटीको रूपमा कति दिनुपर्छ ?

*"अनि हरेक मानिसले आफ्नो मनमा संकल्प गरे वमोजिम दिइयोस, इच्छा नभई होइन, नता करकापमा परेर । किनभने खुसीसाथ दिनेलाई परमेश्वरले प्रेम गर्नुहुन्छ " (२ कोरिन्थी ९:७) ।*

उत्तर : बाइबलले भेटीका लागि यति नै भनेर तोक्दैन । हरेक व्यक्तिले, कति दिने भनेर (परमेश्वरले प्रभाव पार्नुहुन्छ) आफैले निर्णय गर्दछ र त्यसपछि खुसीसाथ त्यो भेटी अर्पण गर्दछ ।

१४. हामीले अर्पण गर्नु पर्ने भेटीका सम्बन्धमा परमेश्वरले बाइबलद्वारा कस्ता दीक्षाहरूहरू दिनु भएको छ ?

उत्तर : क. मैले दिनु पर्ने पहिलो प्राथमिकता भनेको परमेश्वरलाई स्वयं आफूले दिनु पर्दछ । (२ कोरिन्थी ८:५)

ख. मैले मेरो एकदम असल परमेश्वरलाई दिनुपर्दछ । (हितोपदेश ३:९)

ग. परमेश्वरले उदार चरित्रले दिनेलाई आशिष् दिनुहुन्छ । ( हितोपदेश ११:२४,२५)

घ. लिनुभन्दा दिनु त्यो अझ धन्य कहलाइन्छ । (प्रेरित २०:३५)

ङ. परमेश्वरले मैले दिएको भन्दा बढि फर्काउनु हुन्छ । (लुका ६:३८)

च. कसरी परमेश्वरले मलाई सफल हुनु र आशिष्मय वनाउनुभएको छ, त्यसको अनुपातमा मैले दिनुपर्छ । (१ कोरिन्थी १६:२)

छ. जति मैले दिन सक्छु त्यति मैले दिनुपर्दछ (व्यवस्था १६:१७) । हामी परमेश्वरलाई दसांश फर्काउँछौ, जसमा उहाँको अधिकार पहिल्यै देखि छ । हामी भेटी दिन्छौं । दसांशहरू इच्छापूर्वक र खुला हृदयले दिनुपर्दछ ।

ज. जब म कन्जुस हुन्छु तब म परमेश्वरले दिनुभएको आशिष् ठीक तरिकाले प्रयोग गरिरहेको हुँदिन । (लुका १२:१६-२१)

१५. के माथि चाहीँ परमेश्वरको आधिपत्य छ ?

उत्तर : क. पृथ्वीका सबै चाँदी र सुन । (हग्गै २:८) ।

ख. पृथ्वी र त्यसको सबै मानिस । (भजनसँग्रह २४:१)

ग. पृथ्वी र त्यसमा रहेका सबैथोक परमेश्वरको हो (भजनसँग्रह ५०:१०-१२) । तर उहाँले उहाँको विशाल धन प्रयोग गर्नका लागि मानिसलाई अनुमती दिनुहुन्छ । उहाँले असल हुन र सम्पति थुपार्नका लागि उनीहरूलाई बुद्धि र शक्ति पनि दिनु हुन्छ (व्यवस्था ८:१८) । सबैथोक दिएको हुनाले, परमेश्वरले यति माग्नु हुन्छ, हाम्रो व्यापार काम कुराले  उहाँको विशाल लगानीका लागि हाम्रो धन्यवाद जसरी हामीले उहाँलाई १० प्रतिशत फिर्ता गरौँ र हाम्रो माया र कृतज्ञता वर्णन गर्नका लागि भेटी दिने गरौँ ।

१६. उहाँको १० प्रतिशत नफर्काउने र भेटीहरू नदिने मानिसहरूलाई परमेश्वरले कसरी औँल्याउनु हुन्छ ?

"के कुनै मानिसले परमेश्वरलाई लुट्छ र ? तापनि तिमीहरू मलाई लुट्छौ । तर तिमीहरू सोध्छौ, "कसरी हामीले तपाईलाई लुट्यौँ र ?" दसांश र भेटीमा ।" (मलाकी ३:८) ।

उत्तर : उहाँले तिनीहरूलाई डाँकु सरह औँल्याउनुहुन्छ । के तपाई सोच्न सक्नुहुन्छ मानिसले परमेश्वरवाट चोरिरहेका छन् ?

१७. जानी जानी दसांशहरू र भेटीहरूमा उहाँलाई लगातार लुटिरहनेलाईके आइपर्ने छ भनी परमेश्वरले भन्नुहुन्छ ?

"सराप परेर तिमीहरू श्रापित भयौ, किनकि तिमीहरूले मलाई लुटिरहेका छौ, तिमीहरू सम्पूर्ण जातिले" (मलाकी ३:९) । "चोरहरू, लोभीहरू, मतवालाहरू, निन्दा गर्नेहरू, लुटाहाहरू परमेश्वरको राज्यको हकदार हुनेछैनन् " (१कोरिन्थी ६:१०) ।

उत्तर : परमेश्वरको सराप तिनीहरू माथि आइपर्नेछन् । तिनीहरू स्वर्गको राज्यको हकदार हुनेछैनन् ।

१८. परमेश्वरले हामीलाई लालचीपन विरूद्ध चेतावनी दिनुहुन्छ । किन यो यति असाध्यै खतरनाक छ ?

*"किनकि जहाँ तिम्रो धन छ त्यहीँ तिम्रो मन पनि हुनेछ " (लुका १२:३४) ।*

उत्तर : किनभने हाम्रो मनले हाम्रो लगानी पछ्याउँछ । यदि मेरो मन धेरै पैसा थुपार्ने तिर छ भने मेरो मन लोभी, लालची र घमण्डी वन्दछ । तर यदि मेरो ध्यान अरूलाई वाँड्न र मद्दत गर्न र परमेश्वरको काम आशिषित बनाउनमा छ भने त्यसबेला मेरो मन हेर विचार

गर्ने, मायालु, उद्धार र नम्र वन्दछ । लालचीपन अन्तिम दिनहरूको २० वटा भयंकर पापहरू मध्ये एक हो, जसले स्वर्गमा मानिसलाई प्रवेश गर्न दिँदैनन् । (२ तिमोथी ३:१-७) ।

१९. येशूले कस्तो महसुस गर्नुहुन्छ जब हामी उहाँको पवित्र दसांश र प्रेमको भेटीहरूवाट उहाँलाई लुट्दछौ ?

*"यसकारण त्यस पुस्तादेखी म क्रोधित भएँ र भनें, "तिनीहरूका हृदय सधैं वरालिरहन्छ, तिनीहरूले मेरो मार्ग चिनेका छैनन् " (हिब्रु ३:१०)*

उत्तर : जसरी छोराछोरीले पैसा चोर्दा आमाबुवाले अनुभव गर्दछन् ठीक त्यस्तै अनुभव येशूले पनि गर्नुहुन्छ जब हामी उहाँको पैसा लुट्दछौं । पैसा स्वयं आफुमा ठूलो वस्तु होइन । त्यो त त्यस वालकको इमानदारी, माया र भरोसाको कमी हुनु हो जसले अथाह निराशा दिन्छ ।

२०. पावलले मेसेडोनियाका विश्वासीहरूका हेरचाहको सम्वन्धमा कसरी रोमाञ्चक तरिकाले जोड दिन्छन् ?

उत्तर : जेरूसलेममा परमेश्वरको मानिस जो फैलिएको अनिकालवाट भयंकर कष्ट सहिरहेका थिए, तिनीहरूका लागि केही सहायता कृपया छुट्टाएर राख्नुहोला भनी उनीहरूलाई विन्ती गरि पावलले मेसेडोनियाका चर्चहरूलाई लेखेका थिए । उनले तिनीहरूलाई भने उनले ती उपहारहरू लानेछन् जब उनको आगामी भेटमा तिनीहरूको सहरहरूमा उनी आउँथे। मेसेडोनियाका चर्चहरूवाट रोमाञ्चक गराउने जवाफ, २ कोरिन्थी अध्याय ८ मा व्याख्या गरिएको एकदम उत्साहपूर्ण छ।

क. पद ५ : पहिलो कदममा, उनीहरूले येशू ख्रीष्टलाई उनीहरूको जीवनहरू पुनसमर्पण गरे ।

ख. पद २,३ : "गहिरो गरिवी"मा स्वयं आफूहरू भएतापनि उनीहरूले उनीहरूको क्षमता भन्दा वढि दिए ।

ग. पद ४ : उनीहरूले पावललाई आएर उनीहरूको उपहार लैजान अनुरोध गरे ।

घ. पद ९ : उनीहरूको उपहारहरूले येशूको वलिदानको उदाहारण जुन अभिव्यक्त गर्दछ ।

नोट : यदि हामी साँच्चै येशूलाई प्रेम गर्दछौं भने, उहाँको कामका लागि जुन समर्पण गर्दछौं त्यो कहिल्यै पनि वोझ हुने छैन, बरू उहाँलाई दिने अत्यन्त सुअवसर ठान्ने छौं जसले गर्दा हामीमा हर्ष र सन्तुष्टिको प्रत्याभूति हुनेछ ।

२१. दसांश फर्काउने र भेटी दिनमा इमानदार हुनेहरूका लागि के गर्छु भनि परमेश्वरले वाचा गर्नुहुन्छ ?

"सम्पूर्ण दसांश ढुकुटीमा ल्याउनू, ताकि मेरो घरमा भोजन रहोस् । यसमा मलाई जाँचेर हेर," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गको ढोका उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरू माथि वर्साउने छु वा वर्साउँदिन हेर," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।" "म तिमीहरूको अन्नवाली स्वहा पार्ने रोग निको परिदिने छु र तिमीहरूका वारीमा भएका दाखका वोटका फलहरू भर्नेछैनन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । "तब सारा जाति जातिहरूले तिमीहरूलाई धन्य भन्नेछन् किनकि तिमीहरूको देश एक अति खुसी देश हुनेछ" सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ " (मलाकी ३:१०-१२) ।

उत्तर : परमेश्वरले उहाँको इमानदार मानिसहरूलाई परिचालनमा उन्नति गर्ने वाचा गर्नुहुन्छ र उनीहरूको आफन्तहरूलाई आशिषित गर्नुहुन्छ । परमेश्वरले आशिष् दिनुहुने निम्न लिखित उपायहरू माथि विचारगर्नुहोस् ।

क. परमेश्वरले वाचा गर्नुहुन्छ तपाईको पुरा आम्दानी भन्दा पनि दसमा नौ भागले उहाँको आशिष्ले अझ वढि पाउने छ । यदि तपाईंलाई यसमा शंका छ भने, जो सुकै इमानदारीका साथ दसांश दिनेलाई सोध्नुहोस् ।

ख. आशिषहरू सधैं आर्थिक रूपमा हुँदैनन् । तिनीहरूले स्वस्थ, मनको शान्ति, प्रार्थनाको जवाफ, रक्षा, सामर्थ्यता, मायालु परिवार, थपिएको शारीरिक शक्ति, वुद्धिपूर्ण निर्णयहरू गर्नका लागि क्षमता, धन्यवादपूर्णको आत्मा, येशूसँग अझ नजिकको सम्वन्ध, आत्मिक बन्नु, अझ लामो समयसम्मका लागि पुरानो गाडी चलिरहनु आदि समावेश हुन सक्छन् ।

ग. उहाँ सबैथोकमा तपाईंको साझेदार बन्न खोज्नुहुन्छ । परमेश्वर वाहेक अरू कसैले पनि यस्तो अद्भूत योजना बनाएर परिचालन गर्न सक्दैन ।

२२. के तपाई आफ्नो माया र धन्यवाद देखाउनका लागि आफ्नो आम्दानीवाट दसांश र भेटीहरू दिन सुरू गर्न इच्छुक हुनुहुन्छ ?

उत्तर :.................................................................

## तपाईको विचारमा रहेका प्रश्नहरूको उत्तर

१. म दसांश दिन्न किन भने मलाई मेरो चर्चले परमेश्वरको पैसा प्रयोग गरेको तरिका मनपर्दैन ।

उत्तर : दसांश दिनु परमेश्वरको आज्ञा हो । दसांश पवित्र पैसा हो जुन परमेश्वरमा समर्पित हुन्छ (लेवी २७:२०) । जब तपाईं दसांश दिनु हुन्छ तब तपाईं उहाँलाई दसांश दिनुहुन्छ । तपाईंले मण्डलीमा चढाउनु भएको दसांशलाई कसरी परिचालन गर्ने भनी परेश्वरले राम्ररी जान्नुहुन्छ । तपाईंको दायित्व दसांश दिनु हो । जसले उहाँको संचयलाई दुरूपयोग गर्छ उससँगको लेखाजोखाका लागि त्यसलाई परमेश्वरको हातमा त्यो छोडिदिनुस् ।

२. म निराश भएको छु किनभने आर्थिक कठिनाईहरूले मलाई दसांशमा दिनु पर्ने न्युनतम रकम भन्दा वढि दिन असक्षम बनाएको छ । परमेश्वरको कामका लागि धेरै चाहिन्छ । म आफूलाई दोषी भएको महसुस गर्छु ।

उत्तर : यदि तपाईंले तपाईको सक्दो राम्रो गर्नुहुँदैछ भने तपाईंको उपहारको आकार महत्पूर्ण होइन े। (मर्कूस १२:४१-४४) मा एक गरिब विधुवा, जसले सबै “पारिश्रमिक दुई सानो सिक्का” दिइन्, उनले भण्डार भित्र तिनीहरू सबैभन्दा वेसी दिइन किनभने अरूहरूले “तिनीहरूको प्रशस्ततावाट” दिए तर उनीले उनीसँग भएजति सबै अर्पण गरिन।” येशूले भन्नुभयो । परमेश्वरले हाम्रो भेटी हामीले गरेको बलिदान र हामीले दिने आचरण वा आत्माको आधारमा नाप्नुहुन्छ । येशूले तपाईंको उपहार एकदमै महत्वपूर्ण मान्नुहुन्छ । हर्षसँग यो दिनुहोस र थाहा पाउनुहोस् येशू प्रसन्न हुनु भएको छ । हौसलाका लागि २ कोरिन्थी ८:१२ पढनुहोस् ।

३. परमेश्वरले हामीलाई आर्थिक कारोबारमा स्पष्टता र इमानदारी अपनाउन भन्नुभएको छ तर हाम्रो जिम्मेवारी यसमा मात्र सिमित हुनुहुँदैन भनेर के देखाउनुभएको छ ?

उत्तर : हो, जिम्मेवारी वहन गर्नु भनेको हरेक प्रतिभा र आशिष् जो परमेश्वरले मलाई दिनुहुन्छ (प्रेरित १७:२४,२५)। परमेश्वरले विश्वास गर्नुभएर सुम्पनु भएको उत्तरदायित्वमा समयलाई उचित रूपमा प्रयोग गर्नु पनि हो ।

क. परमेश्वरले मलाई दिनु भएको काम गरेर । (मर्कूस १३:३४)

ख. ख्रीष्टका लागि जाँगरिलो भई साक्षी बन्नु । (प्रेरित १:८)
ग. बाइबल अध्ययन गरेर । (२ तिमोथी २:१५)
घ. प्रार्थना गरेर (१ थेसलोनिकी ५:१७)
ङ. खाँचोमा रहेकालाई मद्दत गरेर । (मत्ती २५:३१-४६)
च. हरेक दिन मेरो जीवन नयाँ वनाई येशूमा समर्पण गरेर । (रोमी १२:१२,१ कोरिन्थी १५:३१)

४. कोही प्रचारकहरूलाई एकदम धेरै पैसा तिरिएको भनेर तपाईँ महसुस गर्नुहुँदैन ?

उत्तर : कुनै अहंकारी धर्मप्रचारकहरूले चर्चको सम्पतिलाई जथाभावी चलाइरहेकाले गर्दा अरू इमानदार प्रचारकहरूलाई नराम्रो असर परिरहेको हुन्छ । यसो गर्दा येशूको नाउँको अपमान भइरहेको छ । यसले गर्दा सयौँ मानिसहरू चर्च र यसका पदाधिकारीहरूबाट वाक्क भएर छाड्छन् । यस्ता अगुवाहरूले न्यायको दिनमा हिसावकिताव बुझाउनु पर्ने हुन्छ र त्यो दिन उनीहरूका लागि डरलाग्दो दिन हुनेछ ।

**परमेश्वरको अन्तिम समयको सेवक वा पाष्टरहरू**

परमेश्वरका अन्तिम चर्चका प्रचारकहरू वा धर्मगुरूहरूलाई कहिल्यै पनि आफूले चाहेको भन्दा वढि तलव पाएको हुन्नन् । तालिम पछि सबै पाष्टरहरूले समान रूपमा एकै तलब पाउँछन् (केही मात्रामा घटी वढि होला) । यस प्रावधानमा उनीहरूका दर्जा र चर्चको आकारले केही फरक पार्दैनन् । धेरै जसो पाष्टरका पत्नीहरूले गैर मिशन संस्थाहरूमा काम गरेर आफ्ना पतिको आम्दानीमा टेवा पुऱ्याइरहेका हुन्छन् ।

५. जब म दसांश दिन सक्दिन भने के हुन्छ ?

उत्तर : उहाँको योजना मुताबिक चल्यौँ भने दसांश दिइसकेपछि वचेको पैसाले नै हाम्रो आवश्यकहरूलाई टार्न सकिन्छ जुन उहाँको आशिष् बिना सम्भव छैन । यर्थाथ कुरा भन्ने हो भने, दसांश नदिई हामीलाई फाइदा नै हुँदैन ।

# संक्षिप्त पत्र

कृपया यो संक्षिप्त पाना सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढनुहोस । तल दिइएको प्रश्नहरूको उत्तहरू अध्ययन सहायकमा पाउन सक्दछौ । ठीक उत्तर भएको वक्समा ठीक लगाउनुहोस । प्रश्न पछाडीको संख्या सही उत्तरको संख्या हो ।

१. "दसांश" शब्दको खास अर्थ "दसौँ" हो । (१)

- ❑ हो
- ❑ होइन

२. दसांश पहिले देखि परमेश्वरको भइसकेको छ । (१)

- ❑ सत्य
- ❑ असत्य

३. मैले परमेश्वरलाई मेरो आम्दानीको दसमा एक भाग नफर्काएसम्म मैले दसांश दिएको हुँदैन जबसम्म फर्काउँदिन ।१

- ❑ सत्य
- ❑ असत्य

४. येशूले दसांश फर्काउनेमा समर्थन गर्नुभयो । (१)

- ❑ हो
- ❑ होइन

५. निम्नलिखित कुन चाहिँ स्वच्छा दानका लागि बाइबलका मूल अग्रजका सिद्धान्तहरू हुन ? (५)

- ❑ दिनुहोस यति तपाइँहरूसँग कुनै वस्तु वाँकी छ भने ।
- ❑ प्रशन्नता साथ दिनुहोस
- ❑ उदारतासाथ दिनुहोस
- ❑ असल भएको महसुस गर्न दिनुहोस् ।
- ❑ दिनुहोस जसरी परमेश्वरले तपाईंको उन्नति गर्नुभएको छ ।
- ❑ लिनुभन्दा दिनु वढि आशिष्पूर्ण हुन्छ
- ❑ परमेश्वरले तपाइँले दिनुभएको भन्दा वढ्ता फर्काउनु हुनेछ
- ❑ दिनुहोस यदि तपाइँ दिने जस्तो मन लाग्छ भने ।
- ❑ दिनुहोस, ताकि तपाइँ कञ्जुस हुनुहुन्छ भनेर मानिसले नसोचुन

६. बाइबलको अनुसार, सुसमाचार प्रचार गर्नेहरूका आम्दानीको स्रोत तल दिएको मध्ये हुनुपर्दछ । (१)

- ❑ विङ्गो खेलहरू

- ❑ सेतो हात्ती तस्कर
- ❑ दसांश
- ❑ पकाएको खानेकुराहरू बेची
- ❑ जुवातास वा चिट्ठाहरू

७. पुरानो नियमको अगुवा जसले मोशाको दिनभन्दा अगाडी दसांश फर्काए जो यो अध्ययनमा अंकित गरिएको छ । तिनी ........ हुन् । २

- ❑ आदम
- ❑ याकुब
- ❑ नोआ
- ❑ इसहाक
- ❑ अब्राहम
- ❑ मेथुसेला

८. मलाकी ३:८ को अनुसार जो दसांश दिँदैनन् र भेटी दिँदैनन् ती मानिसहरू कस्तो पापको दोषी हुन्छन् । (१)

- ❑ मूर्तीपुजक
- ❑ शवाथ दिन भङ्ग गर्ने
- ❑ हत्यारा
- ❑ चोरी

९. हिब्रुको पुस्तक अनुसार कसले हाम्रो पैसा पाउँछ जब हामी दसांश दिन्छौं ? (१)

- ❑ पास्टर
- ❑ गरिब दुखीहरू
- ❑ येशू हाम्रो स्वर्गीय महान् पुजारी

१०. २ तिमोथी ३:१-७ को अनुसार अन्तिम दिनहरूको २० वटा पापमध्ये एक जसले मानिसलाई परमेश्वरको राज्य वाहिर वन्द गर्नेछ, त्यो लालच हो । (१)

- ❑ हो
- ❑ होइन

११. परमेश्वरको भण्डार भित्र दसांश ल्याउनुको अर्थ .... । (१)

- ❑ आध्यात्मिक किताबहरू किन्नका लागि यो प्रयोग गर्नु हो ।
- ❑ कुनै धार्मिक कार्यमा यो खर्च गर्नु हो ।
- ❑ परमेश्वरको चर्चका लागि खजाना राख्ने ठाउँका लागि यो दिनु ।

१२. मलाकी ३:१० मा इमानदारीपूर्वक दसांश दिनेसँग परमेश्वरले कस्तो वाचा बाँध्नुहुन्छ ? (१)

- ❑ ऊ कहिल्यै विरामी पर्दैन ।
- ❑ उसले कहिल्यै उसको नाउँ गुमाउने छैन ।
- ❑ उसले आफुले सम्हाल्न सक्नेभन्दा वढि आशिष्हरू पाउनेछ

१३. परमेश्वरले आदम हव्वासँग फलफूल खाने सम्बन्धमा लिनुभयो । यो अध्ययन सहायकको अनुसार कस्तो खालको मिल्दोजुल्दो परीक्षा उहाँले आजका मानिसहरूलाई लिनुहुन्छ ? (१)

- ❑ हरेक दिन बाइबल पढेर
- ❑ गवाही दिएर
- ❑ प्रार्थना गरेर
- ❑ दसांश दिएर

१४. दसांश दिनु मोशाको नियमको भाग थियो, जसको अन्त्य क्रुशमा भयो । (१)

- ❑ हो
- ❑ होइन

१५. कसरी परमेश्वरले उहाँका लागि दिने मेरो उपहारलाई जोख्नुहुन्छ ? (२)

- ❑ कतिसम्म म दिन्छु त्यसवाट
- ❑ कति त्याग गर्न सक्छु भन्ने किमतवाट
- ❑ कस्तो मनस्थीतिवाट म दिन्छु

१६. इमानदार भण्डारीपन भनेको मेरो पैसाको उचित प्रवन्ध गर्नेमा मात्र सिमित हुँदैन, तर समयको पूर्ण किमत पनि पर्दछ साथै जुन प्रार्थनामा गवाही गर्ने, बाइबलको अध्ययन गर्ने । अरूलाई मद्दत गर्ने जस्तो क्रियाकलापहरूमा लाग्नु । (१)

- ❑ हो
- ❑ होइन

१७. म दसांश दिन र भेटीहरू दिन इच्छुक छु । (१)

- ❑ हो
- ❑ होइन

# २८ प्रेम जसले परिवर्तन ल्याउँछ

के प्रेमले साँच्चै तपाईंको दृष्टिकोणमा परिवर्तन ल्याउँछ ?

क्यालिफोर्निया विश्वविद्यालयमा एक युवती अंग्रेजी साहित्य विषयमा विश्वविद्यालयले कोर्समा समावेश गरेको अंग्रेजी किताव अध्ययन गर्दै थिइन । उनले, अध्ययन गर्नुपर्ने पुस्तक निराश (उत्साहहीन) पाइन् । तिनीले एक युवा प्रोफेसरलाई भेटिन् र दुवै वीच प्रेम सम्वन्ध स्थापित भयो । एक दिन तिनले प्रोफेसरलाई एउटा किताव देखाउँदै भनिन्, "के यो विचित्र (आश्चर्यजनक) छैन् र ? यस पुस्तकको लेखकको नाउँ तिम्रो नाउँ सँग मिल्छ ।" "मैले यो पुस्तक लेखेको हुँ।" भनेको जवाफ पाउँदा उनी छक्क परिन र रात भरी नसुती उक्त पुस्तक पढिरहिन् । भोलि पल्ट विहान उनी उल्लासपूर्वक आफ्नो अभिव्यक्ति प्रकट गरिन् "मैले अहिलेसम्म पढेका पुस्तकहरू मध्ये यो पुस्तक सबैभन्दा मनमुग्धकारी छ ।" के ले उनको हेर्ने दृष्टिकोणलाई परिवर्तन गऱ्यो ? प्रेम । उनको प्रोफेसर प्रतिको प्रेमले उनको दृष्टिकोणमा परिवर्तन ल्यायो । धर्मशास्त्र निरस, उत्साहहीन, उत्पीडक (कष्टकर) र अपुनरावेदनिय (अपिल अयोग्य छ) भनी केही आज व्यक्तिहरूले सोच्छन् । तर जव हामी लेखकसँग प्रेमको सुत्रमा वाँधिन्छौं हाम्रा यी सबै कुराहरूमा परिवर्तन आउँछ । आउनुहोस यस विषयमा कुरा गरौं ।

१. धर्मशास्त्रको लेखक को हुनुहुन्छ ?

*"तिमीहरूका निम्ति हुन आउने अनुग्रहको विषयमा अगमवाणी बोल्ने अगमवक्ताले यही मुक्तिको खोजी र तलास गरेका थिए । तिनीहरू भित्र हुनु भएका ख्रीष्टको आत्माले ख्रीष्टका कष्टहरू र त्यसपछि आउने महिमाको भविष्यवाणी गर्नुहुँदा देखाउनु भएको समय र परिस्थितिको वारेमा तिनीहरूले खोजी गरिरहेका थिए ।" १ पत्रुस १:१०-११*

उत्तर : पवित्र धर्मशास्त्र (बाइबल) को परमेश्वर (यहाँसम्म कि पुरानो करारमा पनि) सदा येशू ख्रीष्ट नै हुनुहुन्छ । येशूले समयको सृष्टि गर्नुभयो । (यूहन्ना १:१-३,१४, कल्लसी १:१३-१७) दस आज्ञा लेख्नुभयो । (यर्मिया ९:६,१३) र इस्रायली परमेश्वर हुनुहुन्थ्यो । (१ कोरिन्थी १०:१-४) र लेख्नका लागि भविष्यवक्ताहरूलाई प्रेरित ( अगुवाई) गर्नुभयो । (१ पत्रुस १:१०,११), त्यसकारण येशू ख्रीष्ट नै धर्मशास्त्रका लेखक हुनुहुन्छ ।

२. संसारको मानिसहरू प्रति येशू ख्रीष्टको धारणा कस्तो छ ?

*"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नु भयो कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नास नहोस, तर त्यसले अनन्त जीवन पाओस । (यूहन्ना ३:१६)*

उत्तर : जुन प्रभु येशू ख्रीष्टले हामी सबैलाई अतुलनीय र अवर्णनीय प्रेम गर्नुहुन्छ जुन हाम्रो समझशक्ति भन्दा वाहिर छ ।

३. हामीले किन येशूलाई प्रेम गर्नु पर्छ ?

*"कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नु भयो ।"(१ यूहन्ना ४:१९) "हामी प्रेम गर्दछौँ किनभने पहिला उहाँले हामीलाई प्रेम गर्नु भयो ।" (रोमी ५:८)*

उत्तर : हामीले उहाँलाई प्रेम गर्नुपर्छ किनकि उहाँले हामीलाई यति धेरै प्रेम गर्नु भयो, किनकि हाम्रा लागि उहाँ मर्नुभयो जवकि हामीहरू उहाँको शत्रु थियौँ ।

४. कुन आधारमा एक सफल वैवाहिक जीवन र इसाई जीवनमाहामी समानता पाउँछौ ?

*"हामीले जे माग्छौँ सो उहाँवाट पाउँछौ, किनभने हामी उहाँको आज्ञा पालन गर्छौ र उहाँलाई मन पर्ने काम गर्छौ " (१ यूहन्ना ३:२२)*

उत्तर : असल वैवाहिक जीवनमा निश्चित कुराहरू हुन आवश्यक छ, जस्तै एकअर्का (पती-पत्नी) प्रतिको वफादारी (विश्वासपात्र) हुनुपर्छ । अरू कुराहरू महत्वपूर्ण नदेखिन सक्छ तर यसले तिनीहरू एक अर्कालाई खुसी तुल्याउन मद्दत गर्छ भने त्यो पनि आवश्यक हुन्छ । यदि कुनै कुराले एकआपसमा खिन्न गराउँछ भने त्यसलाई त्याग्नु पर्छ । तिनीहरूले एकअर्कालाई वेखुसी बनाउछन् तब टुट्नु पर्छ । यहि कुरा इसाई जीवनमा पनि लागू हुन्छ । येशूका आज्ञाहरू आधिकारिक ( अनिवार्य) छन् । धर्मशास्त्रमा येशूले कुनै निश्चित सिद्धान्त र व्यवहारहरू हाम्रा लागि निर्धारण गरिदिनुभएको छ जसले उहाँलाई खुसी तुल्याउँछ । राम्रो वैवाहिक जीवनमा जस्तै, एक इसाईले येशूले भन्नु भएको कुराहरू उहाँलाई खुसी पार्न पालन गर्दछ । जसले येशूलाई प्रेम गर्छ उसले ती कुराहरूलाई टाढा राख्दछ जुन कुराले येशूलाई वेखुसी वनाउँछ ।

५. उहाँलाई खुसी वनाउने कामको परिणामवारे येशूले के भन्नुहुन्छ ?

*"यदि मेरा आज्ञाहरू पालन गर्‍यौं भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरो पिताको आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममारहन्छु । मैले यी कुराहरू तिमीहरूलाई यसैकारण भनेको छु, मेरो आनन्द तिमीहरूमा होस् र तिमीहरूको आनन्द भरिपूर्ण होस् ।" (यूहन्ना १५:१०,११)*

उत्तर : इसाई मार्गदर्शन अंगाल्नु भनेको नीच, मूर्ख, हल्का हुनु र वैधता पाउनु हो भनेर सैतानले भन्दछ । तर येशू भन्नुहुन्छ यसले पूर्णरूपमा आनन्द ल्याउँछ । (यूहन्ना १५:१०,११) र अझ जीवनको वाहुल्यतामा प्रचुरता ल्याउँछ । (यूहन्ना १०:१०) । सैतानको झूठो कुराले मनमा दु:ख ल्याउँछ र मानिसलाई वास्तविक जीवनको अनुभववाट वञ्चित गराउँछ ।

६. किन येशूले हामीलाई इसाई जीवनका लागि विशेष मौलिक आधार तत्वहरू दिनुभएको छ ?

उत्तर : क. तिनीहरू सबै हाम्रो निरन्तर हितका लागि हुन् (व्यवस्था ६:२४) । जसरी असल वावुआमाले आफ्ना छोराछोरीलाई असल मौलिक ( व्यवहार) सिकाउँछ । त्यसैगरी येशूले आफ्ना छोराछोरीलाई राम्रो मौलिकको शिक्षा सिकाउनुहुन्छ।

ख. पाप गर्नवाट वचाउँछ । (भजनसँग्रह ११९:११) । येशूको मार्गदर्शनले हामीलाई सैतानको डरलाग्दो क्षेत्रमा पस्न र पाप गर्नबाट सुरक्षित राख्दछ ।

ग. यसले येशूको पाइला (कदम) कसरी पछ्याउने भन्ने कुरा देखाउँछ । (१ पत्रुस २:२१)

घ. हामीमा सही खुसी वा आनन्द ल्याउँछ (यूहन्ना १३:१७)

ङ. उहाँ प्रति हाम्रो प्रेम प्रकट गर्ने अवसर दिन्छ । (यूहन्ना १५:१०)

च. अरूको अगाडी सही उदाहरण वन्नका लागि मद्दत गर्छ । (१ कोरिन्थी १०:३१-३३, मति ५:१७)

७. येशूको भनाइ अनुसार एक इसाईले संसारको खराब र दुनियाँदारी कुराहरूसँग कस्तो व्यवहार गर्नुपर्छ ?

उत्तर : उहाँका आज्ञा र परामर्श (सल्लाह)हरू स्पष्ट र निर्दिष्ट छन् ।

क. संसार अथवा संसारका कुराहरूलाई प्रेम नगर । संसारका कुराहरू जो परमेश्वरका छैनन्, जस्तो १.शारीरिक कामुकता, २. आँखाको अभिलाषा, ३. जीवनको अहंकारिता (१ यूहन्ना २:१६) । सबै

पापहरू एक अथवा वढीमा तिन समुह भित्र पर्दछन् । सैतानले यी तिन भागहरू माया गर्ने जालको रूपमा प्रयोग गर्छन । जव म संसारलाई प्रेम गर्न सुरू गर्छु तव म परमेश्वरको शत्रु हुन्छु । (१ यूहन्ना २:१५,१६, याकुब ४:४)
ख. मैले आफुलाई संसारवाट निष्कलंक राख्नु पर्छ । (याकुब १:२७)

८. परमेश्वरले संसारको विषयमा के अत्यन्त जरूरी चेतावनी दिनुहुन्छ ?

उत्तर : येशूले इसाईहरूलाई सचेत गराउनुहुन्छ । "यस संसारको ढाँचामा नचल ।" (रोमी १२:२) । फिलिप्पी संस्करणमा यसरी लेखिएको छ, "तपाइँ वरिपरिको संसारले तपाईँलाई आफ्नै भुमरीमा ननिचोडोस् ।" सैतान तटस्थ छैन, यसले प्रत्येक इसाईलाई निरन्तर रूपमा कर गर्दछ अथवा जवरजस्ती आफूतिर लगाउँछ । येशूद्वारा (फिलिप्पी ४:१३) अटल रूपमा सैतानको सुझावलाई प्रतिरोध (विरोध) गर्नु पर्छ र ऊ हामीवाट भाग्छ । (याकुब ४:७) म एक मिनेटमात्र ममाथि दवाव अथवा विवश गर्न अनुमति दिन्छु तब म अप्रत्यक्ष रूपले नास्तिकता तिर खस्कँदै जान्छु । इसाई जीवनको स्वभाव, अनुभव र वहुमतको व्यवहारद्वारा निर्धारण गर्न सकिन्न तर धर्मशास्त्रमा उल्लिखित येशूको वचनद्वारा हाम्रो चरित्र निर्धारण गर्न सक्छ ।

९. हाम्रो विचारहरूलाई नियन्त्रण गर्न किन आवश्यक छ ?

*"जसरी उसले आफ्नो हृदयमा सोच्छ ऊ त्यही हो ।" ( हितोपदेश २३:७)*

उत्तर : हामीले आफ्ना विचारहरूलाई सुरक्षित राख्नुपर्छ, (पहरा दिनु पर्छ) किनकि विचारहरूले वानीलाई निर्देशित गदर्छ । हरेक विचारलाई ख्रीष्टको आज्ञा पालन गर्नलाई वसमा पार्नु पर्छ (२ कोरिन्थी १०:५) । परमेश्वरले हामीलाई मद्दत गर्न चाहनुहुन्छ । तर सैतानले हतास रूपमा संसारलाई हाम्रो विचारमा ल्याउन चाहन्छ । उसले यी कुराहरू हाम्रा पाँच ज्ञानेन्द्रीयद्वारा गर्न सक्छ विशेष गरी हेराई र देखाइद्वारा उसले आफ्नो नजर (दृष्टि) र आवाज निरन्तर रूपमा हामी माथि लाद्न चाहन्छ । जवसम्म हामीहरूले निरन्तर रूपमा उसको प्रस्तावलाई दृष्टि गर्न अथवा सुन्न इन्कार गर्छौं तब सम्म उसले हामीलाई विनाशको वाटोतिर अगाडी वढाउन सक्तैन । बाइबल स्पष्ट छ । हामी त्यस्तै हुन्छौं जुनकुरा हामी वारम्वार देख्छौं र सुन्छौं । (२ कोरिन्थी ३:१८)

१०. इसाई जीवनका मार्गहरू के-के हुन् ?

*"अन्त्यमा भाई हो, जे कुरा सत्य छ, जे कुरा आदरणीय छ, जे कुरा न्यायसँगत छ, जे कुरा शुद्ध छ, जे कुरा प्रेम योग्य छ, जे कुरा कृपामय छ, यदि केही श्रेष्ठता, प्रंससायोग्य केही छ भने यिनै कुराको विचार गर ।" (फिलिप्पी ४:८)*

उत्तर : इसाईहरू निश्चय नै ती कुराहरूवाट टाढै रहुन् जुन कुराहरूमा सत्यता, इमानदारिता, यथोचितता (ठीक-ठाक), शुद्धता, प्रेम र सही विवरण हुँदैनन् । तिनीहरू निम्न लिखित आवाञ्छनीय कुराहरूबाट टाढै रहन्छन् :-

क. सबै किसिमका वेइमानी, धोखेवाजी, कपटी, असत्य कुरा, चोरी, पक्षपात, धोकाको नियत, वदनामी गर्ने र विश्वासघात गर्ने ।

ख. सबै किसिमका अशुद्धताहरू : यसमा व्यभिचार, समलिंगी, छाडा नाताकरणी आदि पर्दछन्, त्यस वाहेक अश्लील लेखन साहित्य, अपवित्रता, अश्लील कुराकानी, घटिया मजाकहरू, सामाजिक नाचगान, भ्रष्ट गर्ने किसिमका गीत तथा सँगीत, टेलिभिजन र सिनेमा हलमा देखाइने कुराहरू ।

ग. रात्रीक्लब, वहकाउने किसिमका कुरा गर्ने ठाउँ, तासजुवा खेल्ने ठाउँ, आदिमा जहाँ हामीले येशूलाई आफ्नो साथमा निमन्त्रणा गर्न सक्तैनौ ।

आउनुहोस केही समय लिउँ र सोचौं, टेलिभिजन, खतरनाक लोकप्रिय सँगीत, नृत्य, भिडियो र सिनेमाहरूका वारेमा कुरा गरौं ।

## संगीत एवं गीत

धेरै किसिमका सांसारिक संगीतहरू (खट्खट थक्थक (rap) स्थानिय शैली पाश्चात्य शैली युवाहरूको समकालिन पप र नृत्य सँगीत) लाई ठूलो रूपमा सैतानले आफ्नो वन्धनमा राखेको छ । गीतका भाषा वा छन्दहरूले उच्छृङ्खलतालाई निम्त्याउँछ र आत्मिक चाहनालाई प्राय नष्ट पार्दछ । सोधकर्ताहरू सँगीतको शक्तिको विषयमा केही दिलचस्पी कुरा (चाख लाग्दा) पत्ता लगाएका छन् ।

क. यो दिमाग भित्र आवेगको रूपमा प्रवेश गर्छ र सोच्ने शक्तिलाई वाहिर्याउँछ ।

ख. यसले शरीरको कार्य संचालनलाई प्रभावित गर्छ ।

ग. यसले नाडीको गति (संवेदन कंपन), श्वास गतिलाई वदल्छ र आफूले महसुसै नगरी दिमागलाई लट्ठ बनाउँछ शिथिल हुन्छ ।

घ. मनमा चञ्चलता ल्याउने ताल र नाचले मनस्थितिमा परिवर्तन गर्दछ र मानिसको मनोभावमा प्रभाव पारी मस्तसँग लट्ठ पार्दछ। व्यक्तिको विचार र भावनालाई सम्मोहित रूपमा प्रस्तुत गर्ने गीति भाषामा यस्तो शक्ति हुन्छ जसले व्यक्तिको अनुभव, इच्छा र विचार दूषित अथवा हीन वनाउँछ। संसारिक उत्तेजित सँगीतका प्रवर्धक (rock musicians) सँगीतकारहरूले यसलाई खुला रूपमा स्वीकार्दैनन्। "रोलिङ्ग स्टोन" का नेता मिक ज्यागर भन्छन्, "तपाईँ महसुस गर्न सक्नुहुन्न कि अधिवृक्क (adrenal gland) तपाईँको शरीर भएर गइरहेको हुन्छ। यो एक किसिमको यौन भावना (कामवासना) हो।" "हल एण्ड वोवेट" का जोन वोवेट भन्छन् "रक एण्ड रोल" भनेको ९९% कामवासना हो।" के यस्तो किसिमको सँगीतले येशूलाई खुसी पार्छन ? मूर्तिपुजकवाट परिवर्तन भएर येशूलाई ग्रहण गर्ने एकजनाको भनाईमा, अहिलेको संसारिक सँगीत समूहको प्रस्तुति र सैतानको आराधना गर्न प्रयोग गरिने जादु-टुनाजस्तै छ। तपाईँ आफैलाई सोध्नुहोस्, "यदि येशू मलाई भेट्न आउनु हुन्छ भने कस्तो सँगीत उहाँसँग सुन्न रूचाउँछु।" यदि कुनै सँगीतका वारेमा तपाईँ विश्वस्त हुनुहुन्न भने त्यसलाई परित्याग गर्नुहोस्। (पतनोन्मुख, संसारिक सँगीतको विषयमा गहन विश्लेषण गर्ने हामी लुइस जोर्सद्वारा लिखित नोट्स अन म्यूजिक को पुस्तक हेर्ने सल्लाह दिन्छौ जुन Amazing Facts संस्था मार्फत किन्न सकिन्छ।) जव हामी येशूसँग प्रेममा छौं भन्ने महसुस गर्छौं, उहाँले हाम्रो सांगीतिक इच्छालाई परिवर्तन गरिदिनुहुन्छ। "उहाँले मेरो ओठमा एउटा नयाँ गीत राखिदिनु भयो, हाम्रा परमेश्वरका प्रशंसाको एउटा गीत। धेरैले यो देख्नेछन् र डराउने छन् र परमप्रभुमा भरोसा राख्नेछन्।" (भजनसँग्रह ४०:३)। परमेश्वरले उहाँका जनहरूलाई पर्याप्त (भरपुर) मात्रामा असल सँगीत दिनुभएको छ जसले नयाँशक्ति (स्फूर्ति) प्रदान गर्नुको साथै इसाई अनुभवको शक्ति प्रदान गर्दछ। जसले सैतानको तल्लो स्तरको सँगीतलाई परमेश्वरको सङ्गीतको सट्टा स्वीकार गर्छन्, तिनीहरूले जीवनको उत्तम वरदानलाई गुमाइरहेका हुन्छन्।

## नृत्य

कामवासनालाई उत्तजेजित गर्ने नृत्यले त असीमित किसिमले प्रभु येशू साथै आत्मिकी रूपमा टाढा गराउन निम्त्याउँछ। जव इस्रायलीहरू सुनको वाछो वरिपरि नाचे तव परमेश्वरलाई विर्से। (प्रस्थान ३२:१७-२५) जव दुष्ट (पापी हेरोदियासको छोरी) हेरोद

राजाको अगाडि नाचिरहेकी थिइन, यूहन्ना (वप्तिस्मा दिने)को शिर काटियो । (मत्ति १४:२-१८) । यस्ता विभत्स (चकित पार्ने) घटनाहरूको वारेमा जानकारी राख्नुपर्छ : एक क्याथलिक पुरोहित यसो भन्छन् "चार भागमा तिन भाग केटीहरू जो व्यभिचारमा फसेका छन् र त्यसको दोष नृत्य हो भनी स्वीकार गर्दछन् । अरू पुरोहित (पादरी) हरूको विचारमा चार भागमा तिन भाग अति कम हो, यो दसमा नौ भाग भनी अनुमान गर्दछन् । स्मरण गर्नुहोस यदि ख्रीष्ट तपाइँको कुनै काममा सहभागी हुन सक्नुहुन्छ, भने त्यहाँ तपाइँ सुरक्षित हुनुहुन्छ । यदि होइन भने त्यसवाट टाढै रहनुहोस् ।

टिभी, भिडियो र सिनेमा हल

के टिभी र भिडियो अथवा सिनेमाघरमा देखाइने दृष्यले तपाइँको नीच स्वभाव वा उच्च कोटीको स्वभावलाई प्रभावित गर्दछ ? के तिनीहरूले तपाइँलाई परमेश्वरको महत्व र प्रेम तिर निर्देशित गर्दछ वा संसार तिर ? के तिनीहरूले येशूको महिमा गर्छन् अथवा सैतानको पासोमा पार्दछन् ? आजको जमानामा संसारिक वा गैर इसाईहरू पनि धेरै किसिमका टिभी र सिनेमा निर्माणका विषयमा नराम्रो धारणा राख्छन् । सैतानले करोडौं मानिसहरूको आँखा र कानलाई आफ्नो वसमा पारेको कारण नै संसार तिब्र गतिमा अपराध, आतंक र निरासजनक मलकुण्डमा परिवर्तन भइरहेको छ । एक अध्ययन प्रतिवेदनले यो देखाएको छ संयूक्त राज्य अमेरिकामा यदि टिभी नहेर्ने हो भने प्रति वर्ष हत्याको संख्या १०,००० ले घट्ने छ, ७०,००० को संख्यामा वलात्कार र ७,००,००० को संख्यामा आक्रमण (हमला) कम हुनेछन् । येशूले तपाइँलाई प्रेम गर्नु हुन्छ तपाइँका आँखाहरूलाई सैतानवाट फर्कनु होस र तपाइँको विचारलाई येशू वसमा राख्नुहोस् र आफ्नो आँखा उहाँ माथि लगाउनु होस् । उहाँ भन्नु हुन्छ "म तिर फर्क र उद्धार पाओ" ( यशैया ४५:२२)

११. कस्तो स्पष्ट सूची येशूले दिनुभएको छ, जुन टेलिभिजन हेर्ने मार्गनिर्देशनको रूपमा हामी प्रयोग गर्न सक्छौं ?

*"पाप-स्वभावका कामहरू प्रत्यक्ष छन् जो यी नै हुन् - व्यभिचार,अपवित्रता, लम्पटपना, मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैझगडा,ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटवन्दी, डाह, पियक्कडपन, मोजमज्जा, र अरू यस्तै जसका विषयमा म तिमीहरूलाई चेतावनी*

*दिन्छु र अघि पनि दिएकै हुँ । ज-जसले यस्ता कामहरू गर्छन, परमेश्वरको राज्यको हकदार बन्ने छैनन् । (गलाति ५:१९-२१)*

उत्तर : उक्त सम्वन्धमा धर्मशास्त्र स्पष्ट छ । यदि एक परिवारले टिभीका सबै कार्यक्रमहरूमा प्रतिवन्ध लगाउँछ जुन हेर्न अनुपयुक्त छैन् तब केवल अलिकति मात्र हेर्न बाँकी रहनेछ जुन हेर्न उपयुक्त हुन्छ । यदि येशू तपाईंलाई भेट्न आउनु हुँदा के तपाईं उहाँलाई आफूसँग वसेर टि.भी. हेर्नका लागि निम्त्याउन सक्नुहुन्छ ? सबै किसिमका अरू देखाइने कार्यक्रम सायद इसाई दृष्टिकोणमा अनुपयुक्त छन् ।

१२. आजको समयमा धेरै व्यक्तिहरूले यो महसुस गर्दछन् उनीहरू आफ्नै व्यक्तिगत सोचाईमा आत्मिक निर्णय गर्न सक्षम छन् र त्यसमा येशू लगायत कसैको पनि सहयोगको आवश्यकता छैन् ? यस्ता मानिसहरूका बारेमा येशूले के भन्नुहुन्छ?

उत्तर : बाइबलको स्पष्ट र साफ-साफ भनाइलाई सुन्नुहोस, “आज हामी प्रत्येकले आफ्नो दृष्टिमा ठीक ठहरिएका कुरा नगर्नु।” (व्यवस्था १२:८), “कुनै वाटो मानिसको नजरमा ठीक ठहरिएला तर अन्त्यमा त्यसले मृत्युमा पुऱ्याउँछ ।” (हितोपदेश १६:२५), “मूर्खको वाटो आफ्नो नजरमा ठीकै देखिन्छ तर समझदार मानिसले अरूको सल्लाह सुन्छ ।” (हितोपदेश १२:१५) “आफैमा भरोसा राख्ने व्यक्ति मूर्ख हो तर वुद्धिमा हिँडने सुरक्षित रहन्छ ।” (हितोपदेश २८:२६)

१३. प्रभु येशू कस्तो विधिवत (गम्भीर) चेतावनी प्रभु येशूले हाम्रो आफ्नै जीवनलाई प्रभाव पार्ने र उदाहरणद्वारा सचेत गराउनुहुन्छ ?

“तर जसले ममाथि विश्वास गर्ने यी सानाहरू मध्ये एकजनालाई पाप गर्न लगाउँछ, बरू त्यसको गलामा ठूलो जाँतोको ढुङ्गा वाँधेर त्यसलाई गहिरो समूद्रमा डुवाई दिन असल हुन्छ ।” ( मत्ति १८:६), “बरू आफ्नो भाईको बाटोमा ठेस लाग्ने कुरो अथवा वाधा पार्ने कुरो कहिल्यै नराख्ने अठोट गरौं ।” (रोमी १४:१३) “हामी कोही पनि आफ्ना निम्ति वाँच्दैनौ र कोही पनि आफ्नो निम्ति मर्दैनौ ।”(रामी १४:७) ।

उत्तर : नेताहरू, अगुवाहरू, प्रभावशाली व्यक्तिहरू, प्रख्यात खेलाडीहरू र अन्य नामुद मानिसहरू हाम्रा लागि उदाहरण होस् भनि हामी अपेक्षा गर्दछौं जसले गर्दा उनीहरूको देखासिकी गरेर र समाजको ऋण चुकाउन अग्रसर गराउँदछ । तर आज संसारका प्रमुख अथवा विशिष्ट व्यक्तिहरूको गैर जिम्मेवारीपन अथवा उनीहरूद्वारा गरिएका लापरवाहीपूर्ण कार्यले गर्दा हामी अक्सर तिनीहरूप्रतिको मोह भङ्ग

हुन्छ । येशूले स्पष्ट रूपमा रोमी १:१४ मा भन्नु भएको छ "इसाई जसले उहाँको राज्यको प्रतिनिधित्व गर्छन, वास्तवमा अरूहरूको ऋणी अथवा आभारी हुन्छन्, उहाँले औपचारिक (गम्भीर) रूपमा ती मानिसहरूलाई चेतावनी दिनुहुन्छ जो आफ्नो प्रभाव र अनुभवलाई उपेक्षा अथवा अवहेलना गर्दछन् । त्यस पछि मानिसहरू पथभ्रष्टतातिर वढाउँछ र परमेश्वरको राज्यमा प्रवेश गर्न दिँदैन ।

१४. पहिरन र गरहहनाको विषयमा, येशूको (व्यवहारको सारत्व अथवा मूलस्रोत) के कस्तो भनाइ छ ?

उत्तर : क. सुहाउँदो भेषभूषा :-

१ तिमोथी २:९ हेर्नोस । संसारमा भएको सबैथोक अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको सेखी संसारवाट भएका हुन (१ यूहन्ना २:१६) । अमर्यादित भेषभूषाका तिनै कुरा इसाई जीवनमा सीमित हुन्छन् ।

ख. आभूषण र गहना अलग राख, "जीवनको सेखी" ठूलो समस्या छ यहाँ । येशूका अनुयायीहरू अरूभन्दा फरक देखिन्छन् । तिनीहरूको आभास् र गवाही अरूका लागि प्रकाशमय हुन् (मत्ति ५:१६) गरगहनाले आफ्नै प्रशंसाका लागि ध्यानाकर्षण गर्दछ । बाइबलमा यसलाई धर्मत्याग अथवा पथभ्रष्टताको प्रतीकको रूपमा स्पष्ट्याएको छ । जव याकुब र उनका परिवारले आफ्नो जीवनलाई परमेश्वरमा पूर्ण समर्पित गरे तिनीहरूले आफ्ना गरगहनाहरू जमिनमा वालेर नष्ट पारे । (उत्पति ३५:१) जव इस्रायलीहरू प्रतिज्ञा गरिएको देशमा प्रवेश गर्न आँटेका थिए, परमेश्वरले तिनीहरूलाई उनीहरूसँग भएका गहनाहरू फुकाल भनी आज्ञा गर्नुभयो (प्रस्थान ३३:५,६) । यशैयाको ३ अध्यायमा परमेश्वरले स्पष्ट रूपमा गहना, आभूषण लगाउँदा (औँठी, स्त्री वा पुरूषले कानमा लगाउने, आदि जुन यशैया ३:१९:२३) उहाँको जनहरू पाप गरिरहेका थिए, पद ९ । होशे २:१३ मा जव इस्रायलीहरूले परमेश्वरलाई विर्से, तिनीहरूले गहना लगाउन थाले । तिमोथी २:९ र १ पत्रुस ३:३ मा परमेश्वरका जनहरू वहुमुल्य पहिरन, तथा मोतीहरूले सुसज्जित हुनुहुँदैन भनी पावल र पत्रुस दुवैले भन्छन् । कृपया गरि ध्यान दिनुहोस, पत्रुस र पावलले गहनाको सम्वन्धमा वोले जुन परमेश्वरले इच्छा गर्नुहुन्छ आफ्ना जनहरूले लगाउन "तिमीहरूका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनासी रत्नले सजाओ (१ पत्रुस ३:४), र असल कामले सुनिश्चित होओ ।"(१ तिमोथी२:१०) ।

येशूले आफ्नो सही मण्डलीको प्रतीकको रूपमा प्रकाश १२:१ मा यसो भन्नुभएको छ, "सूर्य पहिरेकी एउटी स्त्री (येशूको प्रकाश र धार्मिकता) र धर्मत्यागी मण्डलीलाई एक चरित्रहीन स्त्री -(दुराचारी) सुन, रत्न र मोतीहरूले सिँगारिएकी (प्रकाश १७:३,४), परमेश्वरले आफना जनहरूलाई पतित वेविलोनवाट भिन्न हुन भन्नुहुन्छ ।" ( प्रकाश १८:२-४) र यी सबै कुरालगायत गहना जसले येशूको धार्मिकताको गहनाको सट्टामा आफुप्रति आकर्षित गर्दछ, त्यस्तालाई त्याग्नु पर्दछ । जव हामी येशूसँग प्रेममा वाँधिन्छौँ तब उहाँको जीवन पद्धतिअनुसार जीउनु हाम्रो लागि आनन्द र सुअवसरको हुन आउँछ ।

१५. अनुकरणीय आचरण र आज्ञापालनको मुक्तिसँग के सम्वन्ध छ ?

उत्तर : अनुकरणीय आचरण र आज्ञाकारिताले, मलाई येशूले मुक्ति दिनु भएको छ भन्ने कुरालाई प्रमाणित गर्दछन् अर्थात् गवाहि दिँदछन् । ( याकूब २:२०:२६) । प्रभुलाई ग्रहण गरिसकेर पनि जीवन शैलीमा) परिवर्तन आएन भने, त्यसको इशाई जीवनको परिवर्तनलाई बिशुद्ध मानिदैँन । जो मानिस हृदय देखिनै परिवर्तन भएर येशूलाई अंगाल्छ उसले जीवनको हरेक क्षेत्रमा येशूको आनन्द भेट्टाउँदा अद्भूत आनन्दको अनुभव गर्दछ र उहाँको अगुवाईलाई खुसी पूर्वक अंगाल्छ ।

मुर्तीपूजा देखि चेतावनी

पहिलो यूहन्नामा इसाई आचरणको वारेमा वर्णन गरिएको हामी पाउँछौँ । येशूकै अनुशरण गरेर यूहन्नाले मूर्तीहरूबाट अलग रहन भनेर निर्देशन दिँन्छन् (१ यहुन्ना ५:१९) । मुर्ती भन्नाले केवल हातले कुँदिएका देवीदेवता मात्र नभएर कुनै यस्ता अवरोधहरू हुन जसले परमेश्वर र हामी बीचको प्रेम सम्वन्धमा खलल् ल्याउँछ जस्तै उत्तेजना जगाउने सङ्गीत, पहिरन वा फेसन, भौतिक वस्तुको मायामोहमा फस्नु, शारीरिक सजावट, भावना, दिमाग र शरीरलाई प्रदुषित गर्ने खालका मनोरञ्जन आदि । येशूलाई आनन्दसाथ पछ्याउनु र उहाँको उदाहरणलाई आफ्नो जीवनशैलीमा ढाल्नदिनु नै सच्चा परिवर्तित इसाईको स्वभाव हो ।

१६. के सबैले इसाई जीवनशैलीलाई सराहना गरोस् भन्ने अपेक्षा हामी गर्न सक्छौँ ?

उत्तर : सक्दैनौ । प्रभु येशूले आफ्ना वचनहरूद्वारा यसो भन्नुभयो, "संसारिक स्वभाव भएका मानिसहरूका लागि परमेश्वरका कुराहरू

मुर्खता देखिन्छन् किनभने तिनीहरूको आत्मिक चक्षु बन्दछ्न जसले गर्दा तिनीहरू आत्मिक कुराहरूमा ध्यान दिन सक्दैनन् ।" १ कोरिन्थी २:१४ । जब येशूले आचारणको वारेमा भन्नुभयो, "जो मानिस आत्माबाट अगुवाइ गरिन चाहन्छ ऊ कस्तो हुनुपर्दछ भन्ने कुरा सैद्धान्तिक आधारहरू उहाँले प्रस्तुत गर्नु भएको थियो ।" उहाँका जनहरू उहाँ प्रति आभारी हुनेछन् र उहाँको अर्ती उपदेशलाई हृदयगंम गर्नेछन् । अरूलाई यो कुरा बुझ्न कठिन हुन्छ र उनीहरूले इसाई जीवनको सराहना गर्दछन् भन्न कर छैन ।

१७. येशूको स्तर र इसाई व्यवहारलाई अस्वीकार गर्ने व्यक्ति स्वर्गीय दृष्टिकोणमा कसरी हेरिन्छन्?

उत्तर : "यस्ता मानिसको अवस्था स्वर्गमा दयनीय हुन्छ । उसले सिकायत गर्नेछ, त्यहाँ रात्री क्लबहरू छैनन्, रक्सी छैन, उत्तेजित वनाउने वस्तुहरू छैन्, वेश्यावृती छैन्, कामुक वनाउने किसिमका सँगीत, खराब पुस्तकहरू, अपवित्रता र तासजुवा छैनन् । स्वर्ग उनीहरूका लागि "नर्क" हुन्छ जसले सच्चा प्रेमको सम्वन्ध येशूमा स्थापित गरेनन्। त्यसकारण इसाई स्तरको उनीहरूका लागि कुनै अर्थ रहँदैनन् । (२ कोरिन्थी ६:१४-१७)

१८. मैले कसरी बाइबलका निर्देशन मार्गदर्शनहरूलाई फारसीहरूको देखावटी पाखण्डीपन विना अरूलाई आलोचना नगरी अथवा विधि अतिबादी नभई आफ्नो जीवनमा समावेश गर्न सक्छौं ?

उत्तर : हामीले गर्ने प्रत्येक कुरा मनमा एक विचारवाट आउँछ त्यो त येशूका लागि प्रेम र सम्मान देखाउन (१ यूहन्ना ३:२२)। जव येशू उचालिनु हुन्छ सबै मानिसहरूले देख्नेछन् (यूहन्ना १२:३२) । तिनीहरू उहाँतिर खिचिनेछन्, हाम्रा यी प्रश्नहरू सधैंका लागि मार्गदशर्नका रूपमा लिनु पर्छ "के यसले येशूलाई महिमा दिन्छ ? के म यसलाई सुन्छु, गाउँछु, गर्छु, हेर्छु, पिउँछु, किन्छु, पढ्छु, भन्छु अथवा जान्छु यदि येशू त्याहाँ एक व्यक्ति भएर मसँग हुनुहुन्थ्यो ? येशू तपाईंसँग र मसँग (मत्ति २८:२०) हामीले गरेका प्रत्येक क्रियाकलापमा समावेश गराउन सक्छौं । जव म अर्न्तआत्मादेखि येशूसँग समय विताउँछु तब म उहाँ जस्तै हुन्छु । (२ कोरिन्थी ३:१८), जव-जव मानिसहरू म सँग हुन्छन् तिनीहरूले जवाफ दिनेछन्, जसरी तिनीहरूले पुरानो युगका चेलाहरूको वारेमा अभिव्यक्त गरे । "जव तिनीहरूले पत्रुस र यूहन्नाको साहस देखे र यिनीहरू अशिक्षित र साधारण मानिसहरू रहनेछन् भनी थाहा पाए,

तब तिनीहरू छक्क परे र यिनीहरू येशूको साथमा रहन्थे भन्ने तिनीहरूले थाहा पाए ” (प्रेरित ४:१३) । इसाई जो त्यस अनुसार रहन्छन् कदापि, फारसी जस्तो पाखण्डी, आफ्नै विधि वनाउने र निर्णय गर्ने हुँदैनन् । पुरानो नियमको समयमा परमेश्वरका मानिसहरू करिब करिव पूर्णरूपमा निरन्तर तवरले तन्त्रमन्त्र र मूर्तिपूजातिर थिए, किनकि तिनीहरू परमेश्वरले दिनुभएको मार्गलाई पछ्याउनुको सट्टा गैर इसाई (मूर्तिपूजक) छिमेकीहरूसँग जीउन र रमाउन भनी उनीहरूले उपयुक्त ठाने (व्यवस्था ३१:१६, न्याय २:१७, इजिकिएल २३:३०, १ इतिहास ५:२५) । यो आजसम्म पनि सत्य छ, कसैले दुइ मालिकको सेवा गर्न सक्दैन (मत्ति ६:२४) । जो संसारतिर टाँसिन्छ, तिनीहरूको जीवन चर्या विस्तारै विस्तारै सैतानको इच्छाअनुसार निर्देशित हुन्छ र उनीहरूले सैतानको अनुभव इच्छालाई ग्रहण गर्छन् र अन्त्यमा हराउँछन् । जसले येशूलाई अंगिकार गर्छन, इसाई व्यवहारको सिद्धान्तले आफ्नो स्वरूपलाई परिवर्तित गर्छन र स्वर्ग आफ्ना लागि तयार पार्छन् । यसमा कुनै वीच वाटो अथवा ठाउँ छैन् ।

१९. उहाँको मार्गदर्शनलाई पछ्याई के तपाईं येशूलाई अत्याधिक प्रेम गर्न चाहनुहुन्छ जसको कारण तपाईंको इसाई जीवन सुखी र आनन्दित हुन्छ ?
तपाईंको उत्तर :- ........................................................

## तपाईंका विचारका प्रश्नका उत्तरहरू

१. मलाई थाहा छ परमेश्वरले मैले के गरेको चाहनुहुन्छ, तर म महसुस गर्छु कि अहिले म त्यो गर्न तयार छैन् के सल्लाह दिनुहुन्छ ?

उत्तर : अहिले नै यो सुरू गर्नुहोस् तर आफ्नो भावना अथवा संवेदनशीलतामा भर नपर्नुहोस् । परमेश्वरले धर्मशास्त्रको वचनहरूद्वारा निर्देशित गर्नुहुन्छ (यशैया ८:२०) । भावनाले सदा पथभ्रष्टता तिर धकेल्दछ । यहुदी नेताहरूले यो सम्झेकी, तिनीहरूले येशूलाई क्रुसमा टांगनुपर्छ, तर तिनीहरू गलत थिए । येशूको दोस्रो आगमनमा उनीहरू वचाइनेछन भनेर धेरैले यो महसुस गर्छन् तर त्यसको सट्टा तिनीहरूको नास हुनेछ (मत्ति ७:२१-२३) । सैतानले भावनामा प्रभाव पार्छ । यदि म आफ्नो भावनामा भर पर्दछु भने त्यसले मलाई नासतिर धकेल्छ ।

२. म समस्यामा छु । म केही कुराहरू गर्न अत्यन्तै उत्सुक छु । त्यसो गर्नाले मानिसहरूले म पाप गरिरहेको छु भनेर मानिसहरूले सोच्लान कि भनेर चिन्ता पनि गर्छु । मैले के गर्ने ?

उत्तर : बाइबल स्पष्ट छ । यसले भन्छ, “सबै किसिमका खरावीवाट अलग वस” (१ थेसलोनिकि ५:२२) । यसकारण यदि मासु खानाले मेरो भाइकै पतनको कारण वन्छ भने म कहिले पनि मासु खाने छैन्, नत्रता मैले मेरो भाइको पतन गराउनेछु” (१ कोरिन्थी ८:१३) । उनले यसो पनि भनेका छन्, “यदि मैले व्यक्तिको भावनालाई अप्रसन्न गरेँ र निरन्तर रूपमा मासु खाएँ भने मैले पाप गरिरहेको हुनेछु ।”

३. ममा एउटा बिचार आउँछ कि मण्डलीहरूले मलाई मैले फिक्री गर्नुपर्ने र नगर्नुपर्ने धेरै कुराहरूलाई तोक्दछन् । यसले मलाई पर्खाल जस्तै खडा हुन संचालन गर्दछ । के येशूलाई पछ्याउनु नै वास्तविक कुरा होइन र ?

उत्तर : हो । येशूलाई पछ्याउनु वास्तविक कुरा हो । तर पनि येशूलाई पछ्याउन एक व्यक्तिका लागि कुनै एउटा कुरो र अर्को व्यक्तिका लागि उसको भन्दा निकै फरक अर्को कुनै कुरो हुन सक्छ । येशूलाई पछ्याउनु भनेको के हो भनी बुझ्नको निम्ति एउटा मात्र सुरक्षित उपाय भनेको बाइबलमा येशूले असल कार्यको सम्बन्धमा दिनु भएको जुनसुकै प्रश्नको उत्तरको खोज गर्नु हो । जसले उहाँको प्रेममपूर्वक येशूको आज्ञाहरूलाई पछ्याउँछ ऊ आवश्यक एक दिन उहाँको राज्य भित्र प्रवेश गर्नेछ (प्रकाश २२:१४) । जसले मानिसले वनाएका नियमलाई पलना गर्नेछ तिनीहरू पथभ्रष्ट हुन्छन् र उहाँको राज्यवाट टाढा जान्छन् (मत्ति १५:३-९) ।

४. परमेश्वरका केही सर्तहरू तर्कहीन छन् मेरा लागि निरर्थक र अनावश्यक देखिन्छन् । किन तिनीहरू महत्वपूर्ण छन् भनी म वुझ्न सक्तिन । तपाईं के सल्लाह दिनुहुन्छ ?

उत्तर : हो । धरैजसो समय वच्चाहरू उनीहरूका आमावुवाका सर्तहरू जस्तै सडकमा नखेल भन्ने आज्ञाहरू अनावश्यक भएको महसुस अथवा अनुभव गर्दछन् । तर पछि ठूलो हुँदै गएपछि छोराछोरीहरूले आमावुवाको सर्तहरूका वारेमा सोच्दछन् । जव परमेश्वरको सन्दर्भमा कुनै कुरा गरिन्छ तव हामीहरू वच्चा हुन्छौ किनकि उहाँका विचार र कामहरू यति माथि छन् जसरी स्वर्गहरू पृथ्वी भन्दा माथि छन् (यशैया ५५:८,९) । हामीले आफ्नो प्रेमिलो स्वर्गीय पितालाई विश्वास गर्नुपर्छ, यद्यपि, केही क्षेत्रहरूमा हामीहरू बुझ्न

सक्दैनौ र यदि सडकमा नखेल्नु भन्छ भने हामी खेल्दैनौ उहाँले हामीलाई केही भलो थोकवाट वञ्चित राख्नुहुन्न (भजनसँग्रह ८४:११) । जब म पूर्ण रूपले येशूको प्रेममा छु तब म उहाँलाई विश्वास गर्छु र उहाँको इच्छा अनुसार चल्छु । यद्यपि म सधैं वुझ्न सक्तिन । किन? नयाँ जन्म साँचो (Key) हो । वाइबलले भन्छ, जब म साँचो रूपमा पुनः जन्मन्छु, संसार माथि विजय प्राप्त गर्ने कुरामा समस्या आउँदैन किनकि परिवर्तित व्यक्तिले, विश्वास र भरोसा पूर्णरूपमा खुसीसाथ प्रत्येक कुरामा येशूलाई पछ्याउँछन् (१ यूहन्ना ५:४) । उहाँ माथि अविश्वास गरी उहाँलाई पछ्याउन अस्वीकार गर्नु भनेको उहाँ माथि भरोस नराख्नु हो ।

५. के येशूका प्रेमभाव  सिद्धान्त कामहरू र आज्ञाहरूवाट म लाभान्वित हुन्छु ?

उत्तर : निश्चय । येशूको प्रत्येक सिद्धान्त, कानुन, मार्ग, नियम र आज्ञाहरूद्वारा विश्वास गर्न सक्नेले उत्कृष्ट आशिष्हरू प्राप्त हुन्छन् । इतिहासको ठूलो चिठ्ठा जिते तापनि उहाँका आज्ञाकारी जनहरूका लागि महिमित आशिष्को अगाडी निरर्थक र फिका हुन्छ । यहाँ केही फाइदा छन् जुन येशूका नियमहरूलाई आत्मसात् गर्दा पाइन्छ ।

क. येशू आफ्नो व्यक्तिगत साथी
ख. येशू व्यापारमा एक सँगी (साझेदार)
ग. दिमागमा शान्ति
घ. भयवाट मुक्त
ङ. वर्णन गर्न नसकिने खुसी
च. दीर्घायु
छ. दोषवाट मुक्त
ज. स्वर्गीय घरको निश्चितता
झ. राम्रो स्वास्थ्य
ञ.बिसञ्चो जीवन

धनीको विषयमा कुरा गरौं र साँचो इसाईले त्यो लाभ अथवा फइदा भएको उसले स्वर्गीय पितावाट पाउँछ जुन संसारको धनी व्यक्तिले पनि किन्न सक्दैन ।

६. जीवन शैली र स्तरलाई ध्यानमा राख्दै अरू मानिसहरूलाई ती वारे पाठ पढ्ाउने दायित्व के ममाथि छ ?

उत्तर : हाम्रा लागि सबैभन्दा राम्रो नियम अंगिकार गर्नु भनेको आफ्नै जीवनशैलीप्रति रूचि लिनु अथवा सरोकार राख्नु हो । "आफैलाई जाँच" ( २ कोरिन्थी १३:५) । जब हाम्रो जीवन शैली हुनु पर्ने जस्तो भयो भने,

हाम्रो उदाहरणले नै मौन गवाही दिन्छ तब हामीले अरू कसैलाई व्याख्या गर्नु पर्दैन ।

७. आजको युगमा इसाईहरूका लागि सवभन्दा ठूलो खतराहरू के-के हुन ?

उत्तर : सबैभन्दा ठूला अप्ठ्याराहरू एक आपसको वीचमा निष्ठा विभाजित भएको हुन्छ । धेरै इसाईहरूमा दुइ किसिमको प्रेम हुन्छ त्यसले हृदयलाई विभाजित गर्छ । येशू प्रति प्रेम र पापपूर्ण आचरण मार्फत सुखका लागि संसार प्रतिको प्रेम । धेरै इसाईहरू पापपूर्ण जीवनलाई पनि यापन गर्न चाहन्छन् र आफूलाई इसाई पनि कहलाउन चाहन्छन् । यसले काम गर्दैन । येशूले स्पष्ट रूपमा चेतावनी दिनुभएको छ "कसैले दुई मालिकको सेवा गर्न सक्दैन ।" (मत्ति ६:२४) ।

८. इसाई आचरणको नियमलाई आत्मसात गर्न के वैधता अथवा कर्मकाण्डवाद हैन र ?

उत्तर : हैन । जब सम्म एक व्यक्ति कुनै काम आफू वच्नका लागि गर्छ । मुक्ति केवल येशूवाट सित्तैमा अद्भुत वरदानको रूपमा पाइन्छ । कामद्वारा मुक्ति प्राप्त गर्नु, यो मुक्ति हुँदै होइन । जस्तो भए पनि म उद्धार पाएको कारण "येशूलाई आचरणको मापदण्ड अनुसार पछ्याउनु उहाँलाई प्रेम गर्नु हो कर्मकाण्डवाद कदापि होइन । यदि आफ्नो कामद्वारा मुक्तिका लागि प्रयत्न गर्छ भने ।

९. के इसाईको आदर्श चरित्रले अरूको अगाडी येशूको उज्यालोपनलाई चम्काउँछ ?

उत्तर : निश्चय । "येशूले भन्नुभएको छ, एक साँचो इसाई ज्योति हो ।" (मत्ति ५:१४) । उहाँले यसो पनि भन्नु भएको छ "तिमीहरूका ज्योति मानिसहरूको सामुन्ने चम्कियोस र तिनीहरूले तिमीहरूका सुकर्म देखुन् र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून् " (मत्ति ५:१६) । तपाईंले प्रकाशलाई सुन्नुहुन्न तर देख्नुहुन्छ । मानिसहरूले इसाईलाई उसको आचरण लगाई, खानपीन, कुराकानी, धारणा, साहनुभूति, शुद्धता, दयावन्द र इमानदारितामार्फत चिन्छन्, तिनीहरूले उसको जीवनशैलीको विषयमा खोजविन गर्छन् र अन्त्यमा त्यसले तिनीहरूलाई येशूतिर धकेल्दछ ।

१०. इसाईको जीवनस्तर भनेको संस्कृति वा सँस्कार होइन ? के तिनीहरू समय अनुसार परिवर्तित हुँदैनन् र ?

उत्तर : प्रथाहरू परिवर्तन हुन सक्छन् तर बाइबलको वचन सदा टिकिरहन्छ । "परमेश्वरको वचन सदा अटल रहन्छ" (यशैया ४०:८) । मण्डलीले नेतृत्व गर्नुपर्छ तर पछ्याउने होइन । मानववादी संस्कृति अथवा आजको युगबाट उन्मुख भएर यो अगाडि बढ्ने होइन । हामी मण्डलीलाई

भड्किएको मानव जीवन स्तर खसाल्नुको सट्टा येशूको स्तरमा ल्याउनु पर्छ। जब एक मण्डली जिउँछ, वोल्छ, हेर्छ र संसार जस्तै व्यवहार गर्छन् यसको मद्दतका लागि तयार हुन्छ ? येशूले एक तुरहीको स्वर मार्फत उहाँका जनहरू र मण्डलीलाई यसो भन्दै वोलाउनुभएको छ । । "यस कारण तिनीहरूका वीचवाट निस्किएर आओ र तिनीहरूवाट तिमी अलग हाऊ, परमप्रभु भन्नु हुन्छ, "अशुद्ध कुरा केही नछोओ र म तिमीहरूलाई ग्रहण गर्नेछु ।" (२ कोरिन्थी ६:१७) । येशूको मण्डली संसारको नक्कल गर्न होइन तर यसको पापी चालचलनलाई नाश गर्न हो । संसारले खरबौंपतिलाई वर्वाद गरेको छ । मण्डलीले यस्तो खतरनाक सँस्कारसँग सम्वन्ध कायम गर्नुहुन्न । निश्चय नै मण्डली अग्लो भएर उभिनुपर्छ । एक अनुग्रही दृढ स्वरमा मानिसलाई येशूलाई सुन र उहाँको स्तरमा आओ भनी आह्वान गर्नु पर्छ । जव सुन्नेवाला येशूको प्रेममा पर्छ र उसको जीवनमाथि अधिकार गर्नुहोस भनि अनुरोध गर्छ तब मुक्तिदातले आश्चर्यपूर्ण रूपले उसको जीवनमा परिवर्तन ल्याउँनु हुन्छ र ऊ सुरक्षासाथ परमेश्वरको राज्य तिर वढ्छ । त्यो वाहेक स्वर्ग जाने कुनै वाटो छैन् ।

११. निश्चय नै सबै नृत्य वा गान खराब हैनन् ? के दाउद परमेश्वरको अगाडि नाचेनन् ?

उत्तर : हो । सबै नृत्य खराब होइनन् । परमेश्वरको आशिषको लागि राजा दाउद प्रशंसाको अभिव्यक्तिका साथ उहाँको अगाडि उफ्रिए र नाचे (शमुएल ६:१४-१६) । यस प्रकार उनी आफै पनि नाचिरहेका थिए। जसरी लंगडो मानिस येशूवाट निको भएपछि खुसीले उफ्रिदैं थियो, त्यसरी नै दाउद राजाको नृत्य पनि त्यस्तै थियो (प्रेरित ३:८-१०) । मानिसहरू पीडामा परेका थिए र उद्धार पाएपछि नाचे । तिनीहरूका येशूले सराहना गर्नुभएको थियो (लुका ६:२२,२३) । तर विपरीत लिङ्गसँगको नृत्य (जसले अनैतिकता तिर खिच्छ र घरहरू विगार्छ) कामवासनालाई प्रेरित गर्ने नृत्यलाई र आलोचना गर्नेलाई बाइबलले निन्दा गरेको छ ।

१२. मानिसहरूले अरूलाई दोषी अथवा अपराधी ठहऱ्याउने र न्याय गर्ने सम्वन्धमा बाइबलले के भन्छ ?

उत्तर : "अरूलाई दोषी नठहऱ्याउ र तिमीहरू पनि दोषी ठहऱ्याइने छैनौ" (मत्ति ७:१,२), "यसकारण आर्कोलाई दोष लगाउने ए मानिस, तिमी जो सुकै भएता पनि केही बहाना छैन् । किनकि जेमा तिमी अरूलाई दोष लगाउँछौ, त्यसैमा आफु पनि दोषी ठहरिनेछौ, किनभने तिमीलाई दोष लगाउनेले पनि त्यही काम गर्छ" (रोमी २:१) । यो स्पष्ट कसरी हुन्छ ? आफैलाई वाहेक अरूको आलोचना गर्ने, न्याय गर्ने अर्थात उनीहरूलाई औंल्याउने उचित वा न्यायसम्मत छैन । येशू न्यायधीश हुनुहुन्छ (यहन्ना ५:२२) । जव म अरू माथि आफ्नो न्याय थुपार्छु, म येशूको न्याय गर्ने

पदलाई कब्जा गर्न खोज्छु तव म ख्रीष्ट विरोधीमा गनिन्छु । (१ यूहन्ना २:१८) ।

## संक्षिप्त पृष्ठ

यो संक्षिप्त पत्रलाई पुरा गर्नु भन्दा पहिले निर्देशन पुस्तिका पढ्नुहोला । सबै प्रश्नहरूको उत्तर तल निर्देशन पुस्तिकामा उल्लेख छन् । कृपया गरी सहि उत्तर कोष्ठमा हेर्नुहोला । प्रश्न पछाडीको संख्या सही उत्तरको संख्या हो ।

१. आचारण व्यवहारमा येशूको प्रेमिलो सिद्धान्त मलाई अत्यन्तै आनन्द लाग्छ जव म प्रभुमा लागेँ । (१)

- ❑ हो
- ❑ होइन

२. म वचाईएको कारण र उहाँलाई प्रेम गरेको कारण येशूको जीवन स्तरको आचरणलाई पछ्याउनु औपचारिकता हो ।१)

- ❑ हो
- ❑ होइन

३. बाइबलको वास्तविक लेखक येशू हुनुहुन्छ । (१)

- ❑ हो
- ❑ होइन

४. "संसारलाई प्रेम नगर" को अर्थ हामी कसलाई प्रेम गर्नु हुन्न ? (१)

- ❑ हाम्रो देश नेपाल
- ❑ संसार हाम्रो ग्रह
- ❑ पापपूर्ण कमजोर, अधर्मि वाटो र संसारका कुराहरू

५. येशूले हामीलाई किन विशेष आज्ञाहरू, नियमहरू र कानूनहरू दिनुभयो ? (५)

- ❑ हाम्रो सदा भलाईका लागि
- ❑ त्यसकारण हामी कि अरूका लागि कसरी राम्रो उदाहरण बन्न सक्छौ ।
- ❑ हाम्रो स्वतन्त्रता हरण गर्न
- ❑ किनकि हामी येशूको पाइला पछ्याउँछौं
- ❑ पापवाट हामीलाई वचाउन ।
- ❑ उहाँको मुट्ठीमा हामीलाई राख्न
- ❑ हामीमा सही खुसी ल्याउन ।

६. इसाई आचरण व्यहोराको सम्वन्धमा निर्णय गर्ने असल गुणहरू के-के हुन् ? (१)

- ❑ बाइबलको भनाइलाई पत्ता लगाउनु
- ❑ मण्डलीका सदस्यहरू के गर्छन् हेर्नु
- ❑ ज्यातिष शास्त्रीहरूसँग परामर्श लिनु
- ❑ आफ्नो भावनामा वग्नु अथवा भावना अनुसार निर्णय गर्नु
- ❑ आफूले सोध्नु यस्तो परिस्थितमा येशूले के गर्नु हुन्छ

७. हाम्रा पाँच इन्द्रिय मार्फत मात्र सैतानको पहुँच हामीमा हुन्छ ? (१)

- ❑ हो
- ❑ होइन

८. इसाईहरूको आचरण व्यवहारका सम्वन्धमा तल उल्लेखित कुन-कुन पक्षका विषयमा येशूले विशेष सल्लाह र निर्देशन दिनुभएको छ ? (८)

- ❑ हामी कसरी लुगा लगाउँछौ
- ❑ स्वस्थ जीवनशैली
- ❑ गरगहनाले शरीर सजाउनु
- ❑ संसारमा आफूलाई दवाउनु
- ❑ खानु, पिउनु, मोजमज्जा गर्नु
- ❑ हवाइजहाज चलाउनु (उडाउनु)
- ❑ घर किन्नु
- ❑ उदाहरण र प्रभाव

९ आचरण व्यवहार र आज्ञाकारिताको मुक्तिसँग कसरी सम्वन्ध स्थापित हुन्छ ? (१)

- ❑ हामी हाम्रा आचरण आज्ञाकारिताद्वारा वचाइएका छौं कामद्वारा मुक्ति पाउँदा ।
- ❑ वचाइएका व्यक्तिहरूले आचरण र आज्ञाकारितालाई उपेक्षा गर्न सक्छ तर पनि उ स्वर्गका लागि तयार हुन्छ ।
- ❑ आचरण र आज्ञाकारिता परिवर्तित अथवा पूनः जन्मेको व्यक्तिका लागि प्रमाण हुन

१०. यदि मैले येशूले त्यागिदिनु भनेको कुरालाई त्याग्न इन्कार गरे जस्तै गरगहना, रक सँगीत अथवा खराब किसिमका टिभी कार्यक्रम हेर्ने, परमेश्वरले त्यस्ता नत्यागिएका कुराहरूलाई मूर्तिको रूपमा हेर्नु हुन्छ । (१)

- ❑ हो
- ❑ होइन

११. इसाई जीवन एक असल वैवाहिक जीवन जस्तै हो, जसको सफलता तब आउँछ जब हाम्रो उद्देश्य हुन्छ जसलाई हामी प्रेम गर्छौं उसलाई खुसी वनाउनु हो । (१)

- ❑ हो
- ❑ होइन

१२ सैतानले तल उल्लेखित मार्गहरू मध्ये कुन तिन मार्गद्वारा मानिसलाई पापमा फसाउँछ । (३)

- ❑ उनीहरूवाट तिनीहरूको बाइबल लुकाएर
- ❑ जीवनको घमण्ड, सेखी
- ❑ आकाशमा सुसमाचर लेखेर
- ❑ शरीरको अभिलाषामा डुबेर
- ❑ आँखाको अभिलाषामा परेर

१३. हाम्रो विचारलाई संवेदनशील पूर्वक सुरक्षित अथवा नियन्त्रित गर्नु पर्छ किनकि विचारहरू नै कर्म अथवा व्यवहारमा परिणत हुन्छ । (१)

- ❑ हो
- ❑ होइन

१४. येशूलाई निष्ठापूर्वक पछ्याउनेलाई केही फाइदाजनक प्रतिज्ञा गरिएका छन् जुन यस प्रकार छन् । (७)

- ❑ तपाईंले भविष्यवाणीको वरदान पाउनुहुनेछ ।
- ❑ तपाईंमा लामो आयु हुन्छ
- ❑ वर्णन गर्न नसकिने खुसीको अनुभव तपाईंले गर्नुहुनेछ
- ❑ तपाईंको स्वास्थ राम्रो हुनेछ
- ❑ तपाईंको कपाल फुल्ने छैन्
- ❑ तपाईं खरवपति हुनुहुनेछ
- ❑ तपाईंमा स्वर्गीय घरको निश्चितता हुनेछ
- ❑ तपाईं डरवाट मुक्त हुनुहुनेछ ।
- ❑ येशू तपाईंको व्यक्तिगत साथी हुनुहुनेछ ।
- ❑ तपाईं शान्ति र आनन्दको प्रत्याभूति प्राप्त गर्नुहुनेछ ।

१५. यदि मेरो आचरणले एक इसाई भाई को भावनामा ठेस पुऱ्याउँछ भने म के गर्न सक्छु ? (१)

- ❑ यसको वास्ता नगर । कसैले सबैलाई खुसी तुल्याउन सक्तैन
- ❑ लडदै गर एक-एक गरी
- ❑ भाईलाई वहिष्कृत गर्न कोसिस गर

❑ सबैलाई भन्नुहोस ताकि मण्डलीका सदस्यहरूले कसतिर लाग्ने भनी निर्णय गरून्

❑ कसैको मन दुखाउने काम गर्न छोडिदेउ

१६. बाइबलको सरसल्लाहलाई पछ्याउनेको सट्टामा आफ्नै वाटोमा हिँडने मानिसलाई येशूले के भनेर वोलाउनु हुन्छ ।१

❑ एक स्वतन्त्र विचारक

❑ एक वुद्धिमान मानिस

❑ एक मूर्ख

१७. एक व्यक्ति जो इसाई जीवनशैलीमा येशूको स्तरलाई नकार्छ भने उसलाई (१)

❑ अचानक आत्मिक कुराहरूमा मोह जब उ स्वर्गमा प्रवेश गर्छ

❑ आफ्नो हृदयको कठोरताको कारण पवित्र सहरमा प्रवेश गरेको केही दिन पछि पश्चात्ताप गर्छ

❑ स्वर्गमा दुखित अवस्थामा रहनु

१८. म येशूलाई धेरै प्रेम गर्न चाहन्छु किनकि उहाँको सिद्धान्त वा दीक्षाले इसाई जीवनशैलीलाई आनन्ददायक र खुसी बनाउँछ ।

❑ हो

❑ होइन

# २८ पछाडी फर्किने छैन

दोस्रो विश्वयुद्धको समयमा एक बमवर्षक सैनिक दलहरु नै कुनै पनि हालतमा नफर्किने शब्दले भयभित भएका थिए । यस्तो संकटको परिस्थितिवाट अगाडि वढ्नका लागि उनीहरुको जहाजमा पर्याप्त मात्रामा इन्धन थिएन । उनीहरु धेरै टाढा पुगिसकेका थिए । त्यहाँ पछाडि फर्किने अवस्था थिएन । कस्तो त्रासद अथवा विपत्ति । त्यहाँ केही थियो भने मात्र ती व्यक्तिहरू माथि आइलागेको ठूलो संकट । यसै गरी धेरै टाढा आइपुगेको मानिस परमेश्वरको सम्वन्धमा पुनः फर्किने अवस्था देखिँदैन । फेरि पनि दसौं लाख व्यक्तिहरु यो आशाहीन अवस्थालाई महसुसै नगरी शीघ्र रुपमा अगाडि वढिरहेकाछन् । ती मध्ये के तपाईँ पनि एक हुनुहुन्छ ? यो कस्तो जघन्य पाप जसले यस दुर्भाग्यमा मानिसलाई फसाउँछन् ? किन परमेश्वरले क्षमा दिन सक्नुहुन्न ? स्पष्ट र मर्मज्ञ उत्तरको लागि कृपया केही मिनेट प्रार्थना पूर्वक यो अध्ययन पुस्तिका आशावान् भएर पढ्नुहोस् ।

१. कुन त्यस्तो पाप छ जसलाई परमेश्वरले क्षमा गर्नुहुन्न ?

*"हरेक पाप र ईश्वर निन्दा क्षमा हुनेछ तर पवित्र आत्माको विरुद्धमा गरिएको निन्दा क्षमा हुनेछैन" (मति १२:३१) ।*

उत्तर : त्यो पाप क्षमा हुनेछैन जुन पवित्र आत्माको विरुद्धमा गरिएको छ । तर "पवित्र आत्मा"को विरूद्ध बोलिएका पाप के हो ? मानिसहरुमा पापको विषयमा विभिन्न धारणाहरु छन् । कसले विश्वास गर्छ त्यो हत्या गर्नु, कोही पवित्र आत्मालाई सराप्नु, कोही आत्महत्या गर्नु, कोही भ्रुण हत्या गर्नु (गर्भमा मार्नु), कोही येशूलाई तिरस्कार गर्नु, कोही एक घृणित-जघन्य, भयंकर अपराध गर्नु, उग्र दुष्ट काम र अरु छुटै मानवरचित देवताहरुको आराधना गर्नु । अर्को प्रश्नले यस कठिन विषयमा प्रकाश पार्नेछ ।

२. ईश्वर निन्दाको सम्वन्धमा (पवित्रशास्त्र) बाइबलले के भन्छ ?

*"मानिसले गरेको हरेक पाप र ईश्वर निन्दा क्षमा हुनेछ" ( मति १२:३१) ।*

उत्तर : बाइबलले स्पष्ट रुपमा भनेको छ, सबै किसिमका पाप र ईश्वरनिन्दा क्षमा गरिनेछ । तसर्थ माथि उल्लिखित कुनै पनि पाप जसलाई परमेश्वरले क्षमा दिन सक्नुहुन्छ । कुनै सानो पाप क्षमा गर्न नसकिने होइन ।

झट्ट हेर्दा विरोधाभास लाग्दछ

हो, यो एक अर्कोमा विरोधाभास जस्तै देखिन्छ तर तल उल्लिखित दुवै भनाइहरु सत्य हुन ।

क. कुनै किसिमको पाप र ईश्वरनिन्दा क्षमा हुनेछ ।

ख. तर पवित्र आत्माको विरुद्धमा बोलेको वा उहाँको निन्दा भने क्षमा हुने छैन ।

दुवै भनाइहरु येशूले भन्नुभएको हो ।

मति १२:३१ मा येशूले यी दुवै भनाइहरु भन्नु भएको छ त्यसकारण यहाँ यस विषयमा कुनै गल्ती छैन । यो भनाइलाई स्थापित गर्न हामीले पवित्र आत्माको कार्यलाई खोज्नु अथवा स्पष्ट गर्नु आवश्यक छ । तर यो थाहा पाउन जरूरी छ Ghost (घोस्ट) शब्द Ghast घास्टवाट आएको हो जुन पुरानो अंग्रेजी शब्द Spirit आत्मा हो अर्थात् परमेश्वरको शक्ति ।

३. पवित्र आत्मा अथवा घोस्टको काम के हो ?

*"उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ ।" "उहाँले तिनीहरु सबैलाई सत्यतामा डोर्याउनुहुनेछ " (युहन्ना १६:८,१३) ।*

उत्तर : पवित्र आत्माको काम मेरो पाप औँल्याउनु हो र सबै सत्यतामा मलाई अगाडि वढाउनु हो । पवित्र आत्मा परमेश्वरको प्रतिनिधि परिवर्तनको माध्यम हो । पवित्र आत्मा विना कसैले पनि आफूले गरेको पापको वारेमा दु:खी हुँदैनन् र कोही पनि कहिल्यै परिवर्तन हुँदैन ।

४. जब पवित्र आत्माले मलाई मेरो पापको विषयमा विश्वास दिलाउनु हुन्छ क्षमा त्यस बेला पाउनका लागि मैलै के गर्नैपर्छ ?

*"यदि हामीले आफ्नो पाप स्वीकार गर्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै धर्मवाट हामीलाई शुद्ध पार्नु हुन्छ किनकि उहाँ विश्वास योग्य हुन्छ ।" (१ युहन्ना १:९)*

उत्तर : जब पवित्र आत्माद्वरा आफ्नो पाप यकिन गराउँछ तब क्षमा पाउनका लागि मैले आफ्नो पापलाई स्वीकार्नु पर्छ । जब तिनीहरुलाई म स्वीकार गर्छु तब परमेश्वरले मलाई क्षमा मात्र गरिनुहुन्न तर उहाँले अचम्म किसिमले ममा भएका अपराधहरुवाट मलाई शुद्ध पार्नुहुन्छ । सबै र प्रत्येक किसिमको पापहरु जुन मैले गरेको छु त्यसलाई क्षमा गर्न परमेश्वर पर्खिरहनु भएको छ, (

भजनसंग्रह ८६:५) । यदि मैले तिनीहरुलाई स्वीकार गर्नुपर्छ र पाप छोड्न राजी हुनुपर्छ ।

५. पवित्र आत्माद्वारा ठहऱ्याइएका वा देखाइएका पापहरुलाई मैले स्वीकार गरिनँ भने के हुन्छ ?

*"आफ्ना पापहरु लुकाउनुमा उन्नति हुँदैन, तर जसले ती स्वीकार गर्छ र त्याग्छ त्यसले कृपा पाउँछ " (हितोपदेश २८:१३)*

उत्तर : यदि म आफ्नो पाप स्वीकार गर्दिनँ भने येशूले मेरो पापवाट मलाई क्षमा गर्नुहुन्न । त्यसकारण स्वीकार नगरिएको कुनै पाप क्षमा योग्य हुँदैन जब सम्म म आफ्नो पाप स्वीकार गर्दिनँ किनकि क्षमा, पाप स्वीकार गरे पछि मात्र आउँछ । याद गर्नुहोस् पहिला पापलाई स्वीकार नगरी पाप कहिल्यै क्षमा हुँदैन ।

आत्माको विरोध (प्रतिरोध) गर्दा भयंकर संकट (खतरा)

पवित्र आत्माको प्रतिरोध गर्नु (मुकाविला) भयानक खतरा हो । यस प्रकृया सजिलैसँग पवित्र आत्मालाई नकार्न तिर अगाडी वढाउँछ त्यसको क्षमा हुँदैन । यो यस्तो दिशा तिर जान्छ जहाँवाट पुनः फर्कने सम्भावना हुँदैन । जब पवित्र आत्मा मात्र एक यस्तो माध्यम हो जसले मलाई दोषी भएको यकिन गर्नुहुन्छ र यदि मैले सदाका लागि उहाँलाई अस्वीकार गरेँ भने त्यस पछि मेरो मुद्दा वेकम्मा अथवा निराशाजनक हुन्छ । यो विषय अति महत्वपूर्ण छ । यसलाई धर्मशास्त्रमा परमेश्वरले विविध किसिमले प्रकाश अथवा व्याख्या गर्नुभएको छ । जब तपाईं यो अध्ययन निर्देशिकामा डुब्नु हुन्छ तब यसमा भएको विभिन्न फरक-फरक उदाहरणहरुलाई हेर्नुहोस

६. जब पवित्र आत्माले मलाई मेरो पापलाई देखाउनु हुन्छ अथवा नयाँ सत्यता तिर डोऱ्याउनु हुन्छ, कहिले देखी म काम गर्न सुरु गरुँ ?

उत्तर : बाइबलले भन्छ

क."मेरो आदेश सुन्ने वित्तिकै तिनीहरुले सोको पालना गर्नेछन् ।" भजन १८:४४

ख. "म वियाँलो गर्दिनँ तर तपाईंको आदेश पालना गर्न म शीघ्रता गर्नेछु ।" भजन ११९:६०

ग. "हेर, ग्रहण योग्य दिन अहिले नै हो, मुक्तिको दिन नै अहिले हो ।" २ कोरिन्थी ६:२

घ. "अब किन पर्खनुहुन्छ ? उठ्नुहोस् र वप्तिस्मा लिनुहोस् अनि उहाँको नाउँको पुकारा गरेर आफ्नो पाप धुनुहोस् ।" प्रेरित २२:१६

बाइबलले वारम्वार भनेको छ जब मैले पाप गरेको छु भनेर महसुस गर्छु तुरून्त त्यो स्वीकार गर्नु पर्छ जब म नयाँ सत्यको वारेमा जानकारी हुन्छ मैले कुनै अविलम्ब त्यसलाई स्वीकार गर्नुपर्छ ।

७. परमेश्वरले उहाँको पवित्र आत्माको अनुनय-विनय (पैरवी) लिनुभएर कस्तो गम्भीर चेतावनी दिनुभएको छ?

*"मेरो आत्माले सधैँ मानिससँग संघर्ष गर्नेछैन " (उत्पति ६:३)*

उत्तर : परमेश्वरले गम्भीर रुपमा चेतावनी दिनुभएको छ, पवित्र आत्माले अनिश्चित तवरले वा निरन्तर रुपमा कुनै व्यक्तिलाई पापवाट फर्कन र परमेश्वरलाई मान्न भनी अनुनय-विनय गरिरहँदैन ।

८. कुन अवस्थामा पवित्र आत्माले कुनै व्यक्तिलाई अनुनय-विनय गरिरहँदैन ?

*"त्यसकारण म तिमीहरुसँग दृष्टान्तमा वोल्दछु, किनकि तिनीहरु हेर्न त हेर्छन् तर देख्दैनन्, सुन्न त सुन्छन् तर सुनेर वुभ्मन सक्दैनन्" (मति १३:१३)*

उत्तर : जब कुनै ब्यक्ति उहाँको आवाज सुन्नलाई निरन्तर अस्वीकार गर्छ भने पवित्र आत्मा त्यससँग वोल्नु हुन्न । बाइबलले यसो भन्छ, "सुन्न त सुन्छ तर सुनेर वुभ्मदैन ।" एक वहिरो मानिसको कोठामा अलार्म घडी राख्नुको अर्थ रहँदैन । उसले सुन्दैन । त्यसैले एक व्यक्तिले आफूलाई यस्तो वनाउँछ कि अलार्म घडीको निरन्तर आवाजलाई वेवास्ता गरी ऊ सुतिनैरहन्छ अथवा उठ्दैन । अन्त्यमा यस्तो दिन आउँछ जब अलार्म वज्दैन र उसले सुन्ने छैन ।

पवित्र आत्माको आवाजलाई वन्द नगर्नुहोस् ।

यो पवित्र आत्माको नियम हो । यदि म उहाँवाट टाढा रहेँ भने अथवा उहाँलाई नसुने भ्मै गरेँ भने जब उहाँ मसँग बोल्नुहुन्छ तर म उहाँलाई सुन्ने छैन । तब त्यो दिन आउँछ, पवित्र आत्मा दुखी भएर म देखी टाढा हुनुहुनेछ किनकि म उहाँको पुकारप्रति वहिरो भइसकेको हुन्छु । म कहिल्यै उहाँमा नफर्किने गरी टाढिसकेको हुन्छु । पवित्र आत्माको आवाजको प्रतिरोधमा कस्तो गम्भिर र बेचैन बनाउने चेतावनी ।

९. परमेश्वरले पवित्र आत्माद्वारा ज्योति ल्याउनुहुन्छ (युहन्ना १:९) र संसारलाई विश्वस्त गराउनु हुन्छ । जब म त्यो ज्योति पवित्र आत्मावाट पाउँछु तब मैले के गर्नु पर्छ ?

*"धर्मीको चाल प्रभातको प्रथम चमक जस्तै हो, त्यो मध्य दिन नभइन्जेल झन्-झ्न चहकिलो हुँदै जान्छ । तर दुष्टको चाल घोर अँध्यारो जस्तो हो, केले आफ्नो पतन हुँदैछ सो तिनीहरु जान्दैनन्" (हितोपदेश ४:१८,१९) । "अझ अलिवेरसम्म ज्याति तिमीहरुसँग छ । ज्योति तिमीहरुसँग होउन्जेल हिँडडुल गर ताकि अन्धकारले तिमीहरुलाई नढाकोस्" (युहन्ना १२:३५)।*

उत्तर : बाइबलको नियम हो कि जब पवित्र आत्माले मलाई नवज्योति ल्याउनुहुन्छ अथवा पाप स्वीकार गराउनु हुन्छ तब मैले पवित्र आत्मालाई अविलम्व मान्नुपर्छ । यदि मैले आज्ञा पालन गरेँ र पाएको ज्योतिमा हिडेँ भने परमेश्वरले मलाई निरन्तर रुपमा ज्योति दिइरहनुहुन्छ । यदि मैले नकारेँ अथवा अस्वीकार गरेँ भने जुन ज्योति मसँग छ त्यो पनि मवाट टाढिनेछ र म त्यो अनन्त अँध्यारोमा छोडिनेछु (फालिनेछु) । ज्योतिलाई नपछ्याउनुको परिणाम पवित्र आत्माको त्याग गर्नु हो, अनि उहाँले मलाई निराशामा छोडिदिनुहुनेछ ।

१०. के कुनै पाप पवित्र आत्माको विरुद्धको पाप हुन सक्छ ?

उत्तर : हो । यदि मैले आफ्नो पाप अस्वीकार गरिरहेँ र त्यसैमा अडिग रहेँ भने म अन्ततः पवित्र आत्माको अनुनयलाई नसुन्ने वहिरो हुन्छु र पछाडि नफर्कने अवस्थावाट अगाडि बढ्छु । बाइबलका तल उल्लिखित केही उदाहरणहरुलाई ख्याल गर्नुहोस् :

क. यहूदाको क्षमा गर्न नसकिने पाप उसको धनलोलुपता थियो ( युहन्ना १८:६) । किन ? के यो यस्तो थिएन, त्यसलाई परमेश्वरले क्षमा गर्न सक्नुहुन्थ्यो ? होइन । यो अक्षम्य पाप भयो किनकि यहूदाले पवित्र आत्माको आवाजलाई सुन्न अस्विकार गर्‍यो र आफ्नो लोभप्रति पछुतो मानेन । अन्ततः उ पवित्र आत्माको आवाजलाई सुन्न नसक्ने भयो ।

ख. लुशिफरको अक्षम्य पापहरु : घमण्ड, आफैलाई परमेश्वर भन्दा उत्कृष्टतामा पुर्‍याउन खोजेको थियो(यशैया १४:१२-१४) । परमेश्वरले यी पापहरुलाई क्षमा गर्न सक्नुहुन्छ । लुशिफरले क्षमा मागेर आफूलाई शुद्ध पारेको भए, क्षमा पाउन सक्थ्यो तर तबसम्म उसले सुन्नलाई अस्वीकार गर्‍यो जबसम्म उसले पवित्र आत्माको आवाज सुन्न नसक्ने भयो ।

ग. फरिसीहरुको अक्षम्य पाप भनेको येशूलाई मसिहको रुपमा स्वीकार नगर्नु नै थियो (मर्कूस ३:२२-३०) । निरन्तर रुपमा येशू नै मसिह हुन् भनेर अथवा स्वर्गको जीवित परमेश्वरको पुत्र हुनुहुन्थ्यो भनी हृदय देखि विश्वस्त थिए । तर उनीहरुले आफ्ना हृदयलाई कठोर वनाए, दुराग्रही अथवा हठधर्मी भई उहाँलाई उद्धारकर्ता अथवा परमेश्वर मान्न अस्वीकार गरे । अन्ततः उनीहरु पवित्र आत्माको आवाज सुन्नवाट वहिरा भए । तब एक पछि अर्को येशूको चमत्कारपूर्ण काम देखेर फारिसीहरुले भीडहरुलाई भने "येशूले आफ्नो शक्ति सैतानवाट पाउनुभएको हो ।"
येशूले एकै पटक भन्नुभयो कि उहाँको आश्चर्यका कामको शक्तिलाई सैतानको शक्ति भन्नुले उनीहरु पुनः नफर्किने अवस्थावाट अगाडि वढिसकेका छन् र पवित्र आत्माको निन्दा गरे । परमेश्वरले खुसीपूर्वक उनीहरुलाई क्षमा दिन सक्नुहुन्थ्यो तर उनीहरुले अस्वीकार गरिरहे र पवित्र आत्मा उनीहरुसँग कहिले नपुग्ने गरी वाहिर हुनुभयो ।

**म परिणामहरु चुन्न सक्दिन**

जब पवित्र आत्माले उहाँको अपिल (आग्रह) गर्नुहुन्छ तब म उहाँलाई जवाफ दिने वा नदिने कुरालाई रोज्न त सक्छु तर म परिणामलाई भने रोज्न सक्तिनँ । तिनीहरू निर्धारित भइसकेका हुन्छन् । यदि मैले लगातार रुपमा जवाफदेही भएर उहाँको निर्देशन अनुसारको काम गरेँ भने, म येशू जस्तै हुन्छु । पवित्र आत्माले मोहर लगाउनु हुन्छ अथवा मेरो निधारमा परमेश्वरको छोरा/छोरी को रुपमा मोहर लगाउनु हुन्छ (प्रकाश ७:२३) त्यसले मलाई परमेश्वरको स्वर्गीय राज्यमा आफ्नो स्थान सुरक्षित भएको महसुस गराउने छ । यदि मैले अटल (जिद्दी) पूर्वक जवाफ दिनवाट अस्वीकार गर्दछु भने, मैले पवित्र आत्मालाई दुखित तुल्याएको हुन्छु र उहाँले मलाई सदाकालागि छोड्नुहुनेछ । यसरी म मेरो दुर्भाग्यलाई निम्त्याउँछु । पवित्र आत्माको वेवास्ता प्रति कस्तो गम्भीर चेतावनी ।

११. राजा दाउदले व्यभिचार र हत्या जस्ता दुई भयानक पापहरु गरेपछि कस्तो किसिमको संतापपूर्ण प्रार्थना गरे?

*"मबाट तपाईंको पवित्र आत्मा नलैजानुहोस् " (भजनसंग्रह ५१:११) ।*

उत्तर : उनले परमेश्वरसँग पवित्र आत्मा नलैजानुहोस् भनी विन्ती गरे । किन ? किनकि दाउद राजालाई यो थाहा थियो, यदि पवित्र आत्माले उनलाई छोड्यो भने उनी त्यस समय देखि दण्डको भागी हुन्थे । उनलाई यो थाहा थियो, केवल पवित्र आत्माले उनलाई पश्चात्ताप र पुनरुद्धारको वाटोमा डोऱ्याउन सक्नुहुन्छ, नत्र परमेश्वरको आवाजप्रति वहिरो हुन्छु भन्ने धारणाले उनी कम्पमान भएका थिए । बाइबलले अर्को ठाउँमा यसो भन्छ, परमेश्वरले अन्ततः एफ्राइमलाई एक्लै छोड्नुभयो किनकि ऊ पुनः मूर्तिपूजामा लाग्यो (होसे ४:१७) अनि पवित्र आत्माको आवाजलाई वेवास्ता गऱ्यो । ऊ आत्मिकी रुपमा वहिरो भइसकेको थियो । सबैभन्दा दुःखको कुरा, यो कुनै पनि व्यक्तिको जीवनमा घट्न सक्छ । जब यसो हुन्छ परमेश्वर ऊ वाट फर्कनुहुन्छ र उसलाई एक्लै छोडिदिनुहुन्छ । तपाइँ यसो हुन नदिनुहोस् ।

१२. कस्तो गम्भीर र प्रभावशाली आज्ञा पावलले थोसोनिकी मण्डलीलाई दिए ?

*"पवित्र आत्मालाई ननिभाओ " (१ थेसलोनिकी ५:१९)*

उत्तर : पवित्र आत्माको अनुनयविनय आगो समान हो जो मानिसको मनमस्तिस्कमा वलिरहन्छ । आगो माथि पानीको असर झैँ पापको प्रभाव पवित्र आत्मा माथि हुन्छ । जब म पवित्र आत्मालाई वेवास्ता गरेर आफ्नो पापलाई निरन्तरतामा लाग्छु भने म पवित्र आत्माको आगो माथि पानी खन्याइरहेको हुन्छु । पावलले थेसलोनिकी मण्डलीलाई भनेको विस्मयाकुल शब्दहरु अहिले हामीमा पनि लागू हुन्छ । पवित्र आत्माको आवाजलाई पटक-पटक नकारेर पवित्र आत्मालाई ननिभाउनुहोस् । यदि त्यो आगो निभ्यो भने म कहिल्यै नफर्किने अवस्थामा गुज्रिसकेको हुन्छु ।

## कुनै पनि पापले पवित्र आत्मालाई निभाउन सक्छ

कुनै पनि पाप अस्वीकार वा पाप नत्यागनाले पवित्र आत्माको आगोलाई निभाउन सक्छ । यो सावथ भंग गरेर हुनसक्छ । यो सूर्तीजन्य पदार्थको सेवन गरेर हुन सक्छ । आफू प्रति गरिएको कुनै आक्रमण अथवा धोखाको पाप क्षमा नगरेर हुन सक्छ । यो अनैतिकता भएपनि हुन सक्छ । यो परमेश्वरको दशांश नदिएर हुनसक्छ । कुनै पनि क्षेत्रमा पवित्र आत्माको आवाजलाई अस्वीकार

गर्नाले पवित्र आत्माको आगोमाथि पानी खन्याउँछ । यो आगोलाई ननिभाउनुहोस् । यो भन्दा ठूलो दुःखद घटना अरु केही हुन सक्दैन ।

१३. अरु के यस्ता झट्का दिने खालका अकल्पनिय (कथन) कुराहरु थेसलोनिकी मण्डलीलाई पावलले भनेका थिए ?

*"र नाश हुनेहरुलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरुले उद्धार पाउन सत्यलाई प्रेम गर्न इन्कार गरे । यसै कारण तिनीहरुले झूठा कुरामा विश्वास गरुन भनेर परमेश्वरले तिनीहरुमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ ताकि सत्य माथि विश्वास नगर्ने तर अधार्मिकतामा आनन्द मनाउने सबैजना दोषी ठहरिऊन् " (२ थेसलोनिकि २ : १०-१२) ।*

उत्तर : कस्तो स्तब्ध शब्दहरु ! परमेश्वरले भन्नुहुन्छ ज-जसले सत्यतालाई र पवित्र आत्माद्वारा ल्याइएको दोष स्वीकार गर्न इन्कार गर्छन (जब पवित्र आत्मा तिनीहरुलाई छोड्नुहुन्छ), ऊ एकदम भ्रामक वाटोमा लाग्छ पथभ्रष्टता नै सत्य हो भनी विश्वास गर्छ । यो कस्तो गम्भिर र चुनौतीपूर्ण छ, यस माथि विचार गरौं ।

१४. न्यायको दिनमा यस्ता भ्रममा पर्नेहरूले कस्ता झड्का अनुभव गर्नेछन् ?

*"त्यो दिन धेरैले मलाई भन्नेछन् "प्रभु, प्रभु, के हामीले तपाईंको नाउँमा अगमवाणी वोलेनौ ? तपाईंको नाउँमा भूतहरु भगाएनौं र तपाईंको नाउँमा अनेकौं शक्तिशाली काम गरेनौं र ?" अनि तिनीहरुलाई म भन्नेछु, "मैले तिमीहरुलाई कहिल्यै चिनेको छैन । ए अधर्म काम गर्नेहरु मवाट दूर होओ ।" (मति ७:२२-२३)*

उत्तर : जो-जो "प्रभु, प्रभु, भनेर कराईरहेका छन्, तिनीहरूलाई ठूलो धक्का अथवा आघात पर्नेछ र वेहोस हुनेछन् किनकि तिनीहरू मुक्तिवाट वर्जित भएका हुन्छन् । उनीहरुमा यो विश्वास थियो, "हामी मुक्ति पाउँछौं ।" येशूले उनीहरुलाई नयाँ सत्यता र सिद्धतामा ल्यायो भनी स्मरण गराउनुहुन्छ । उहाँको कुरामा स्पष्टता र सत्यता थियो । यसले उनीहरूलाई कयौं रातसम्म सुत्न दिएको थिएन, व्याकुल बनाएको थियो र आफू रहेको भ्रमसँग संघर्ष गराएको थियो । उनीहरुको हृदय उनीहरु भित्र जलेको थियो । अन्त्यमा तिनीहरुले भने, "हैन ।" र पवित्र आत्मालाई त्यसभन्दा अगाडि सुन्न इन्कार गरे । तब उनीहरू प्रवल भ्रममा परे जसले आफ्नो मुक्ति सुरक्षित छ भनेर महसुस गरे तिनीहरु नाश भए, मानव जातिको यो भन्दा भयानक विगोगान्त अरू के हुन सक्छ ?

१५. जब हामी पापमा हराएका छौँ तर मुक्ति पाएका छैनौँ भनी विश्वस्त हुन्छौँ । त्यो अवस्थामा कुन विशेष चेतावनीका शब्दहरु येशूले हाम्रो मद्दतका लागि दिनुहुन्छ ?

*"मलाई प्रभु, प्रभु भन्ने सबैले स्वर्गको राज्यमा प्रवेश पाउने छैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछन् " (मति ७:२१) ।*

उत्तर : येशूले यसरी उसलाई गम्भीरतापूर्वक सचेत गराउनु भयो, परमेश्वरको राज्यमा प्रवेश गर्छु भनी जो निश्चित हुन्छ उसले उहाँको आज्ञा पालन गर्नुपर्छ । हामी प्रत्येकको इच्छा मूक्तिको निश्चितता हो । यो दैविय आदेश हो । यद्यपि आज इसाई जगतमा यस्ता मिथ्या र भ्रमपूर्ण आश्वासनहरूको जालो फैलिरहेको छ, पापैमा रहेर र जीवन पद्दतिलाई परिवर्तन नगरे पनि मानिसले मुक्ति पाउँछ । अर्थात येशूको मुक्तिको योजनामा पर्न आफ्नो जीवनशैलीलाई परिवर्तन गर्नु आवश्यक छैन ।

अगुवाहरूको मनमा खतराको संकेत पस्टर चेतावनी

धेरै प्रमुख मण्डलीका अगुवाहरुले चेतावनी दिइरहेका छन्, धेरै मण्डलीहरु उद्धारको निश्चितताको भावात्मक अनुभवको आधारमा धेरै मानिसहरुले खचाखच भरिएका छन्, तर वास्तविक रुपमा येशूद्वारा परिवर्तित भएर अथवा उहाँका आज्ञापालन गरेर होइन ।

<u>येशूले प्रदुषित आत्मिक हावालाई शुद्ध पार्नुहुन्छ</u>

येशु भन्नुहुन्छ उद्धारको साँचो निश्चितता उनीहरुका लागि मात्र छ जो उहाँको पिताको इच्छाअनुसार चल्दछ । जब म येशूलाई आफ्नो परमेश्वर र मेरो जीवनको मालिक भनी स्वीकार्दछु मेरो जीवन द्रुतगतिमा परिवर्तित हुन्छ । म पूर्ण रुपमा नयाँ  हुनेछु (२ कोरिन्थी ५:१७) । म खुसीसाथ उहाँको आज्ञाहरुलाई पालना गर्नेछु, उहाँको इच्छाअनुसार चल्ने छु (युहन्ना १४:१५) अनि आनन्दसाथ उहाँको नेतृत्वमा हिँड्ने छु (१ पत्रुस २:२१) । उहाँको अकल्पनिय पुनरुत्थानको शक्ति (फिलिप्पि ३:१०), उहाँको स्वरुप मलाई परिवर्तन गर्ने (२ कोरिन्थी ३:१८) । उहाँको महिमित शान्ति मेरो जीवनमा वग्छ (युहन्ना १४:२७) । येशू उहाँको आत्माद्वारा ममा वस्नु हुन्छ ( एफिसी ३:१६,१७), "म सबै कुरा गर्न सक्छु" (फिलिप्पी ४:१३) "असम्भव केही हुने छैन" (मति १७:२०) ।

अचम्मको सत्य विश्वास विरुद्ध झूठा आस्था

जब म मुक्तिदाताको नेतृत्व पछ्याउँछु, उहाँले यो वाचा गर्नु हुन्छ, उहाँको हातवाट मलाई कसैले खोसी लानेछैन (युहन्ना १०:२८) र जीवनको मुकुट मलाई पर्खिरहेको छ (प्रकाश २:१०) । येशूले आफ्नो विश्वासीहरुलाई कस्तो अद्भुत र महिमित विशुद्ध सुरक्षा दिनुहुन्छ । यी वाहेक अरु कुनै अवस्था (शर्त) मा वाचा गरिएको निश्चितता झूठा (नक्कली) हुन् । यसले मानिसलाई स्वर्गीय न्यायघरको कठ्घरामा उभ्याउँछ, जब उनीहरु निश्चित हुन्छन् कि उनीहरु वचाइए तर उनीहरु वास्तवमा नष्ट भइसकेका हुन्छन् (हितोपदेश १६:२५) ।

१६. परमेश्वरको आशिषित् प्रतिज्ञा उहाँको विश्वासी जनहरुका लागि के हो जसले उहाँलाई आफ्ना जीवनको मुकुट ठान्छन् ?

*"जसले तिमीहरुमा एउटा असल काम सुरु गर्नुभयो, उहाँले नै येशूको दिनमा त्यो पूरा गर्नुहुनेछ । किनकि तिमीहरुलाई उहाँको असल अभिप्राय अनुसार इच्छा गर्ने र काम गर्ने दुवै तुल्याउनलाई परमेश्वर तिमीहरुमा काम गर्नुहुन्छ" (फिलिप्पी १:६, २:१३) ।*

उत्तर : परमेश्वरको महिमा उच्च होस् । जसले येशूलाई परमेश्वर र जीवनको शिर मान्दछ, येशूको दैविय चमत्कारले उनीहरु उहाँको अनन्त राज्यद्वारा सुरक्षितपूर्वक पस्नेछ भनी येशूले उनीहरुलाई प्रतिज्ञा गर्नुभएको छ । यो भन्दा उत्तम अझ केही हुन सक्दैन ।

१७. के थप महिमित कबुल येशूले हामीसबै सित गर्नु हुन्छ ?

*"हेर, म ढोकामा उभिएर ढकढक्याउँछु, जो मान्छेले मेरा आवाज सुनेर ढोका खोल्छ म उसँग भित्र पस्नेछु, र उसले मसँग खानेछ " ( प्रकाश ३:२०) ।*

उत्तर : येशूले प्रतिज्ञा गर्नुभएको छ कि यदि हामीले ढोका खोल्यौं भने उहाँ हाम्रो जीवनमा प्रवेश गर्नुहुनेछ । येशू त्यो हुनुहुन्छ जसले तपाईंको हृदय र दिमागमा उहाँको पवित्र आत्माद्वारा ढक्ढक्याउनु हुन्छ । उहाँ जो राजाहरुको राजा हुनुहुन्छ, सम्पूर्ण विश्वको उद्धारकर्ता हुनुहुन्छ, उहाँले संसारको रेखदेख गर्ने समयवाट केही समय लिएर तपाईं र मसँग निरन्तर प्रेमपूर्वक, मित्रवत हेरबिचार र दिर्घकालिन येशूसँगको मित्रतालाई ग्रहण गर्न इच्छा गर्दैनौ किनकि यो कस्तो मूर्खता ( वेवकुफीको कुरा) कस्तो विश्वास गर्न नसकिने संकट (विपत्ति) कुरो हो । येशूको नजीकको मित्रलाई न्यायको दिनमा अस्वीकार हुने कुनै डर हुँदैन । येशूले व्यक्तिगत रुपमा उनीहरुलाई उहाँको राज्यमा स्वागत गर्नुहुन्छ (मति २५:३४) ।

१८. के तपाइँ अहिले निर्णय गर्नुहुन्छ, येशूले ढकढक्याउँदा तपाइँको हृदयरुपी ढोका सधैँ खुला राख्नुहुन्छ र उहाँको निर्देशनलाई पछ्याउन तयार हुनुहुन्छ ?

उत्तर :.....................................................................................

अन्तिम सुझाव

यो २७ वटा अध्ययन निर्देशिकाको अन्तिम अध्ययन निर्देशिका हो । हाम्रो हार्दिक इच्छा यो हो कि तपाइँ येशूको उपस्थितिमा डोऱ्याइनुभएको छ र उहाँसँगको नयाँ सम्वन्धको अनुभव गर्नुभएको छ । हामी आशा गर्दछौं तपाइँ येशूसँग नजिक भएर प्रत्येक दिन हिँड्नु हुनेछ र छिट्टै स्वतन्त्र समूहमा सहभागी हुनुहुनेछ जुन उहाँको आगमनमा आशिषित् राज्यमा जानेछ । यदि संसारमा हाम्रो भेट भएन भने आउनुहोस् त्यो महान् दिनमा बाइबलमा भेट्ने वाचा गरौँ । यदि स्वर्गीय यात्राको वाटोमा तपाइँलाई कुनै सहयोग परेमा हामीलाई हाम्रो सम्पर्क नम्वरमा फोन गर्नुहोस् अथवा पत्राचार गर्नुहोस् ।

## तपाईको विचारका प्रश्नहरुका र उत्तरहरु

१. बाइबलले भन्छ परमेश्वरले फारोको हृदय कठोर वनाउनुभयो ( प्रस्थान ९:१२) । यो न्यायसम्मत देखिँदैन । यसको अर्थ के हो ?

उत्तर : पवित्र आत्मा सबै व्यक्तिसित अनुनय विनय गर्नुहुन्छ (युहन्ना १:९), जसरी सूर्य  व्यक्ति र सबैथोक माथि उदाउँछ । जुन सूर्यले माटोलाई कठोर वनाउँछ त्यही माटोले मैनलाई पनि पगाल्छ । उहाँको अनुनय विनयसँगको सम्वन्ध अनुसार पवित्र आत्माले पनि हाम्रो हृदयमा भिन्न प्रभाव पार्छ । यदि मैले उत्तर दिएँ भने मेरा हृदय नरम हुन्छ र म पूर्णतया परिवर्तित हुन्छु (१ शमुएल १०:६) । जब पवित्र आत्मालाई प्रतिरोध गर्छु मेरा हृदय कठोर हुन जान्छ (जकरिया ७:१२) ।

**फारोको प्रतिक्रिया**

पवित्र आत्माको विरोध (प्रतिरोध) को कारणले फारोले आफ्नो हृदयलाई कठोर वनायो (प्रस्थान ८:१५,३२,९:३४) तर बाइबलले यो पनि भन्छ, परमेश्वरले उसको हृदय कठोर वनाइदिनुभयो किनभने परमेश्वरको पवित्र आत्माले फारोसँग अनुनय विनय गरिरहनुभयो । जब फारोले नकारिनैरहयो, उसको

हृदय जसरी सूर्यले माटोलाई साह्रो वनाउँछ, त्यसै गरी कठोर भयो । यदि फारोले परमेश्वरलाई सुनेको भए जसरी सूर्यले मैनलाई पगाल्छ वा नरम वनाउँछ त्यसै गरी उसको हृदय नरम हुने थियो ।

यहुदा र पत्रुस

येशूका चेला यहुदा र पत्रुसले यहि सिद्धान्तलाई प्रदर्शन गरे । दुवैले भारी मात्रामा पाप गरेका थिए । एउटाले धोका दियो भने अर्कोले येशूलाई नकार्‍यो । यी दुइमध्ये को अधिक खराब रहेछ ? कसले यो प्रश्नको जवाफ दिन सक्छ ?

पवित्र आत्माले यी दुवैसित अनुनय विनय गर्नु भयो । यहुदाले आफूलाई कठोर वनायो र उसको हृदय ढुङ्गा जस्तै कठोर भयो । पत्रुस अर्कोतिर ग्रहणशील भयो र उसको हृदय पग्लियो । उसले पूर्णरुपले पश्चात्ताप गर्‍यो र पछि गएर प्रारम्भिक मण्डलीको ठूलो प्रचारक भयो । आफ्नो हृदयलाई कठोर वनाई उहाँको आत्माको अनुनय विनयलाई सुन्ने र त्यसलाई मान्नवाट दूर रहने सम्वन्धमा परमेश्वरको गम्भीर चेतावनी कृपा गरी जकरिया ७:१२,१३ पढ्नुहोस् ।

२. परमेश्वरसँग "चिन्ह" माग्ने सम्वन्धमा तपाईं के सोच्नुहुन्छ ?

उत्तर : नयाँ नियममा येशू यसको विरोध गरी बोल्नुभएको थियो । उहाँले भन्नु भयो "दुष्ट र व्यभिचारी पुस्ताले चिन्ह खोज्दछ " (मति १२:३९) । उहाँ सत्यलाई सिकाउँदै हुनुहुन्थ्यो र पूरानो नियमवाट त्यसलाई पुष्टि गर्दै हुनुहुन्थ्यो । तिनीहरुले सबै स्पष्ट रुपमा उनीहरुले भनेको कुरा वुझे । उनीहरुले उहाँको आश्चर्य कर्म पनि देखे तर पनि उनीहरुले उहाँलाई अस्वीकार गरे । पछि गएर उहाँले भन्नु भयो "उनले उसलाई भने, मोशा र अगमवक्ताहरुका कुरा तिनीहरुले सुन्दैनन् भने मृतकहरुवाट कोही जीवित भएपनि तिनीहरुले विश्वास गर्नेछैनन् " (लुका १९:३१) । बाइबलले सबै कुराको परीक्षण धर्मशास्त्रमार्फत गर्नुपर्छ भनेको छ (यशैया ८:१९,२०) । यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने उसले उहाँलाई पछ्याउँछ, जहाँ उहाँले लैजानु हुन्छ र उहाँको प्रतिज्ञा छ कि उहाँ सत्यलाई पहिचान गर्न मद्दत गर्नुहुन्छ ( युहन्ना ७:१७)

३. के त्यस्तो कुनै समय छ जब प्रार्थना मद्दतगार भएको छैन ?

उत्तर : हो । यदि कुनै व्यक्तिले जानी जानी परमेश्वरलाई नमान्ने ( भजनसँग्रह ६६:१८) र तर परमेश्वरसँग आशिष् माग्ने (तर उसको

परिवर्तन हुने कुनै योजना छैन) त्यस व्यक्तिको प्रार्थना निकम्मा मात्र नभई त्यो घृणाजनक हुन्छ (हितोपदेश २८:९)

४. म गहन रुपमा चिन्तित छु, कि मैले पवित्र आत्मालाई नकारेको हुन सक्छु र त्यसवाट क्षमा पाउन सक्तिनँ । के तपाईं मेरो मद्दत गर्न सक्नुहुन्छ ?

उत्तर : तपाईंले पवित्र आत्मालाई नकार्नुभएको छैन । तपाईं जान्नु हुन्छ किनकि तपाईं चिन्तित र दोषी भएको महसुस गर्नुहुन्छ । यो चिन्तन र दोष स्वीकार केवल पवित्र आत्मावाट थाहा पाइन्छ (युहन्ना १६:८-१३) । यदि पवित्र आत्माले तपाईंलाई छोडेको भए तपाईंको हृदयमा चिन्ता, दोषी भएको महसुस हुँदैनथ्यो । खुसी हुनुहोस् र परमेश्वरको महिमा गर्नुहोस् । तपाईंको जीवन उहाँलाई अहिले नै दिनुहोस् र शान्ति पूर्वक र उहाँलाई आउने दिनहरुमा प्रार्थनापूर्वक अगुवाईको लागि वरदान माग्नुहोस् र उहाँलाई पछ्याउनुहोस् । उहाँले तपाईंलाई विजयी वनाउनु हुनेछ (१ कोरिन्थी १५:५७) संभाल्नुहुन्छ ( फिलिप्पी २:१३) र उहाँको आगमनसम्म सुरक्षित राख्नुहुन्छ ( फिलिप्पी १:६)।

५. बीउ छर्ने दृष्टान्तमा वाटोको छेउमा परेको पँक्षीले खाएको विऊको अर्थ के हो ?

उत्तर : बाइबलले भन्छ "बीऊ चाहिँ परमेश्वरको वचन हो । वाटोको छेउमा खसेको विऊ तिनीहरु हुन जसले सुन्छन् तर वचन सुनेर विश्वास नगरुन् र नवाँचुन् भनेर दियावलस वा सैतानले आएर तिनीहरुका हृदयवाट वचन लगिहाल्छन् (लुका ८:११,१२) । येशूले देखाउनु हुन्छ कि जब हामी पवित्र आत्माले धर्मशास्त्रबाट के नयाँ सत्यता देखाइरहेका हुन्छन् तब त्यसअनुसार चल्न हामीले तुरुन्त निधो गर्नु पर्छ । त्यसो नभएमा सैतानले हाम्रो दिमागवाट सत्यलाई निकाल्ने अवसर पाउँछ ।

६. कसरी प्रभुले भन्नुहुन्छ "मैले तिमीहरुलाई कहिल्यै चिनेको छैन" ( मति ७:२१-२३) मा मानिसहरुलाई भनीरहनुभएको छ ? मैले सोचेको थिएँ परमेश्वर प्रत्येक कुरालाई जान्नुहुन्थ्यो ?

उत्तर : उहाँ परमेश्वरले कसैलाई चिन्नलाई व्यक्तिगत साथीको रुपमा लिनुभएको छ । जब हामी प्रत्येक दिन वातचित (आध्यात्मिक चर्चा गर्नु) गर्छौं तब उहाँलाई एक मित्रको रुपमा पाउँछौ र उहाँलाई खुसी पूर्वक पछ्याउँछौ, निशंकोच आफ्ना खुसी र दु:खहरु सांसारिक रुपमा वाँड्दछौं । येशूले भन्नु भएको छ "म तिमीहरुलाई जे आज्ञा

गर्दछु, ती तिमीहरुले गऱ्यौ भने, तिमी मेरा मित्र हौ" (युहन्ना १५:१४) । मति ७ अध्यायमा संवोधन गरिएका व्यक्तिहरुले उहाँको पवित्र आत्मालाई नकारेका छन् ।

७. के तपाईँ एफिसी ४:३० लाई व्याख्या गरिदिन सक्नुहुन्छ ?

उत्तर : उपरोक्त पदले यसो भन्छ, "अनि परमेश्वरका पवित्र आत्मालाई दुखित नतुल्याओ, जसमा उद्धारको दिनका निम्ति तिमीहरूमा छाप लगाइएको छ ।" पावलले स्पष्ट रूपमा यहाँ भन्दछ, पवित्र आत्मा व्यक्ति विशेष हुनुहुन्छ किनकि जीवले मात्र चित्त दुखाउन सक्छ । अझ महत्वपूर्ण कुरा हामीले यो महसुस गर्नुपर्छ, परमेश्वरको स्नेहपूर्ण अनुरोधलाई हामीले अस्वीकार गऱ्यौँ भने येशूको आत्माको हृदयमा चोट पुग्छ । जसरी दूई समूह वीचको सम्झौता वा मिलन त्यसबेला सदाको निम्ति अन्त हुन्छ जब एउटा समूहले विश्वासघात गर्दछ वा अर्कोको अनुरोधलाई वेवास्ता गर्दछ । ठीक त्यसरी नै, हाम्रो सम्बन्ध पनि पवित्र आत्मासँग तब अन्त हुन्छ जब हामी उहाँको प्रेमिलो वचन वा आवाजलाई निरन्तर रूपमा अस्वीकार गर्छौं ।

## संक्षिप्त पाना

कृपया यो संक्षिप्त पाना सक्नुभन्दा अगाडी, अध्ययन पुस्तिका पढनुहोस । तल दिइएको प्रश्नहरुको उत्तरहरु अध्ययन पुस्तिकामा पाउन सक्नुहुन्छ । ठीक उत्तर भएको वक्समा टीक चिन्ह लगाउनुहोस । प्रश्नको पुछारमा रहेको अङ्कले पूर्णाङ्क जनाउँछ ।

१. त्यस्तो कुनै पाप छ जुन परमेश्वरले क्षमा गर्न सक्नुहुन्न । (१)
- ❑ सक्नुहुन्छ
- ❑ सक्नुहुन्न

२. पवित्र आत्मा विरुद्धको पाप के हो । (१)
- ❑ हत्या
- ❑ परमेश्वरलाई सराप्नु
- ❑ पवित्र आत्मालाई इन्कार गर्नु

३. किन पवित्र आत्मा कुनै वेला एक पापीलाई त्याग गर्नु हुन्छ ? (१)
- ❑ पवित्र आत्माले अरू नै केही काम गर्नु पर्ने हुन्छ
- ❑ पवित्र आत्मालाई पापीको दुर्व्यहार देखि रिस उठेको हुनाले
- ❑ परमेश्वरले अरू नै केही गर्न लागाउनु भएकाले
- ❑ पापीहरु उहाँको अनुनयविनय प्रति बहिरा भइसकेका हुन्छन्

४.	के जानी जानी पापलाई निरन्तरता दिनुले पवित्र आत्मालाई "निभाउन" सक्छ ? (१)

- ❑ हो
- ❑ होइन

५.	कुनै पनि पाप अथवा दोष क्षमा हुन सक्छ जब म (१)

- ❑ यसको सम्वन्धमा धेरै प्रार्थना गर्छु
- ❑ आज्ञाकारी भएर येशू सामु यसलाई स्वीकार गर्छु
- ❑ इमानदार भएर गवाही दिन्छु

६.	पवित्र आत्मा बिना कोही पनि आफ्नो पाप अनुभव गर्दैन र परिवर्तन पनि हुँदैन (१)

- ❑ हो
- ❑ होइन

७.	मुक्तिको निश्चितता कुनै वेला धोका पनि हुन सक्छ । कोही व्यक्ति आफू वचाइएको भनी निश्चित हुन्छन तर वास्तवमा ऊ नष्ट भइसकेको हुन्छ ? (१)

- ❑ हो
- ❑ होइन

८.	युहन्ना १६:८,१३:२ अनुसार पवित्र आत्माको काम तल उल्लिखितहरु मध्ये के-के हुन् जाँच गर्नुहोस् । (२)

- ❑ मलाई गीत गाउन सिकाउने
- ❑ मलाई भविष्यवाणीको वरदान दिने
- ❑ मलाई खुसी राख्ने
- ❑ मलाई दोष स्वीकार गराउने
- ❑ मलाई सत्यतामा डोऱ्याउने

९.	जब पवित्र आत्माले मलाई सत्यतामा डोऱ्याउनु हुन्छ वा मेरो पापलाई देखाउनु हुन्छ, मैले ....(१)

- ❑ पास्टरसँग यस विषयमा सोध्नु पर्छ
- ❑ मनोवैज्ञानिकलाई भेट्नु पर्छ
- ❑ परमेश्वरसँग छाप माग्नु पर्छ
- ❑ कुनै पनि संकोचबिना पवित्र आत्माको नेतृत्वलाई पछ्याउनु पर्छ
- ❑ सिक्का उफारेर दुई मध्ये एक चुन्नु पर्छ

१०. राजा दाउदले किन परमेश्वरसँग पवित्र आत्मा नहटाउनका निम्ति अनुनयविनय गऱ्यो ? (१)

- ❑ किनकि पवित्र आत्माले उसलाई वाजा वजाउन मद्दत गर्नुहुन्थ्यो
- ❑ किनकि पवित्र आत्माले उसको ज्यान लिन्छ भनी उनी डराए
- ❑ किनकि उसलाई थाहा थियो कि पवित्र आत्मा बिना उनी एक नष्ट भएको व्यक्ति हुने थिए

११. मति ७:२१-२३ अनुसार आश्चर्य काम गर्नु, भूत भगाउनु, येशूको नाउँमा भविष्वाणी गर्नु र येशूलाई परमेश्वर भन्दैमा मात्र न्यायको दिनमा स्वर्ग प्रवेश गर्न पाइँदैन । अरु के अत्यावश्यक कुराहरु थिए भनी येशूले भन्नुभएको छ ? (१)

- ❑ अध्यात्मिक मात्रामा गवाही दिनुपर्ने
- ❑ जनमानसको वीचमा प्राय प्रार्थना गर्नु पर्ने
- ❑ प्राय ब्रत राख्नु पर्ने
- ❑ सधैँ मण्डलीमा जानु पर्ने
- ❑ परमपिता परमेश्वरको इच्छाअनुसार चल्नु पर्ने

१२. २ थेसलोनिकी २:१०-१२ अनुसार सत्यतालाई ग्रहण गर्न अस्वीकार गर्नेलाई के हुनेछ ? (१)

- ❑ उनीहरु जसोतसो वचाइनेछन्
- ❑ परमेश्वरले उनीहरुलाई पुनःविचार गर्नै लगाउनुहुनेछ
- ❑ परमेश्वरले उनीहरुलाई ठूलो भ्रममा पठाउनुहुनेछ र उनीहरुले झूठलाई नै सत्य भनी विश्वास गर्नेछन ।

१३. जब न्यायको वेलामा परमेश्वरले "मैले तिमीहरुलाई कहिल्यै चिनेको छैन" भन्दा यसको अर्थ के हुन्छ ? (१)

- ❑ त्यो व्यक्ति को हो भनी उहाँले चिन्नु हुन्न
- ❑ अनुहार चिनेपनि, उहाँले नाम विर्सिसक्नुभएको भनी
- ❑ त्यो व्यक्तिले कहिल्यै पनि उहाँलाई आफ्नो व्यक्तिगत मित्र भनेर स्वीकार गरेन ।

१४. के येशूले नयाँ करारमा "चिन्ह माग्नु" को विरुद्धमा शिक्षा दिनुभयो । (१)

- ❑ हो
- ❑ होइन

१५. के तपाईंले निश्चय गर्नुभयो कि तपाईं जव सधैं येशूको आवाजलाई सुन्न र ध्यान दिनुहुन्छ तब येशूले नै पवित्र आत्माद्वारा वोल्नु हुन्छ ? (१)

- ❑ हो
- ❑ होइन